अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सातौं वार्षिक प्रतिवेदन

२०५३/५४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सातौं वार्षिक प्रतिवेदन

२०५३/५४



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५४

२२८९९०
२२२८४२
☎ २२९४१५
२२३०७८
२२१४६३
फ्याक्स नं. २४५९३०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र संख्या–
प्राप्त पत्र संख्या र मितिः-

मिति २०५४।४।२७।२

विषयः–

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५३/०५४ (२०५३ श्रावण १ गतेदेखि २०५४ आषाढ मसान्तसम्म को) सातौं वार्षिक प्रतिवेदन चढाएको छु ।
सरकार, जो हुकुम ।

सेवक,

(रामप्रसाद श्रेष्ठ)
प्रमुख आयुक्त

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
सातौं वार्षिक प्रतिवेदन
आ.व. २०५३ / ५४

अनुक्रमणिका

क्र.सं.		विषय	पृष्ठ
१.		प्रस्तावना	१
२.		अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
३.		आयोगको कार्य व्यवस्था :	१
	३.१	आयोगको काम, कर्तव्य र अधिकार	१
	३.२	आयोगको क्षेत्राधिकार	२
	३.३	आयोगको कार्य प्रणाली	३
	३.४	आयोगको प्रशासनिक संगठन	३
	३.५	आयोगको बजेट व्यवस्था	४
	३.६	आयोगको कार्य संचालन र बैठक	४
	३.७	आयोग र महाशाखाबिच को सम्पर्क	५
४.		अनुसन्धान भइरहेका विषयहरुको विवरण :	६
	४.१	प्रारम्भिक अनुसन्धान भइरहेको विवरण	६
	४.२	अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण	९
५.		अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१४
	५.१	पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१४
	५.२	सर्वोच्च अदालत समक्ष पुनरावेदन दर्ता गरिएको विवरण	६१
६.		फछ्यौंट भएका उजूरी निवेदनको विवरण :	६२
	६.१	प्रारम्भिक अनुसन्धानबाटै फछ्यौंट	६२
	६.२	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट	६३
७.		प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव / ध्यानाकर्षण को संक्षिप्त विवरण	११८
८.		विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण	१२३
	८.१	विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय	१२३
	८.२	सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय	१२४
९.		उपसंहार	१२४
१०		अनुसूचीहरु	

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

सातौं वार्षिक प्रतिवेदन

आ.व. २०५३/०५४

१. प्रस्तावना :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तरगत व्यवस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग भएको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन संविधानको धारा ९८(६) बमोजिम प्रस्तुत गरेको छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम यस आयोगको गठन विधि यसप्रकार रहेको छः

आयोग

श्री राधारमण उपाध्याय प्रमुख आयुक्त,	२०४७।१०।२८ मा आयुक्त पदमा नियुक्त भई २०५१।१०।५ देखि २०५३।१०।२७ सम्म प्रमुख आयुक्त ।
श्री रामप्रसाद श्रेष्ठ प्रमुख आयुक्त,	२०४८।१२।१४ मा आयुक्त पदमा नियुक्त भई २०५३।१०।२९ देखि प्रमुख आयुक्त ।

सचिव

श्री जीतबहादुर कार्की	२०५२।७।२२ देखि कार्यरत रही २०५३।११।१२ मा सरुवा ।
श्री पुरुषोत्तम भट्टराई	२०५३।११।१३ देखि कार्यरत ।

३. आयोगको कार्य व्यवस्था :

३.१ आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ मा भएको छ । संविधानको धारा ९८ को उपधारा (४) बमोजिम बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र त्यसको नियमावलीमा भएका

प्रावधानहरु बमोजिम कार्य सम्पादन हुने यस आयोगबाट मूलतः निम्न प्रकृतिका काम कारवाईहरु गरिन्छन् :

(क) सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

(ख) यसरी अनुसन्धान र तहकिकात गर्दा अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवालासमक्ष लेखी पठाउने ।

(ग) अनुसन्धान र तहकिकातको क्रममा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कार्य भएको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

३.२ आयोगको क्षेत्राधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको प्रशासन एवं अन्य संयन्त्रमा सार्वजनिक पदधारण गरेका व्यक्तिबाट हुन सक्ने अख्तियारीको दुरुपयोगका सम्बन्धमा यथासमय उपयुक्त कारवाई गरी सचेत गराउने लगायतको प्रयोजनको लागि संवैधानिक निकायको रुपमा आयोगको स्थापना गरी त्यसको अधिकार र कर्तव्यको व्यवस्था गरेको छ । संविधानद्वारा व्यवस्थित एवं वर्णित कर्तव्यहरुको कानूनद्वारा निर्देशित प्रकृया बमोजिम कार्यान्वयन गर्दा आयोगले आफ्नो अख्तियारीको पालना र प्रयोग गर्ने कार्य कानूनद्वारा निर्देशित व्यवस्थाकै अधिनमा रही सम्पन्न गर्नु पर्ने हुन्छ । यस अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (पहिलो संशोधन) को दफा २(घ)ले सोही ऐनको दफा (४) को उपदफा (१) मा उल्लेखित व्यक्तिहरुमा मात्र आयोगको क्षेत्राधिकार सीमित गरेको हुंदा आयोगले आफ्नो अधिकारको प्रयोग गरी कर्तव्य पालना गर्दा सो कानूनी परिधिभित्र रहनु पर्ने बाध्यता विगतमा थियो । तर २०५३ साल असोज ८ गतेका दिन सर्वोच्च अदालतको विशेष इजलासबाट २०५१ सालको रीट नं. २५५० का.जि. का.म.पा. वडा नं. ३२ बस्ने अधिवक्ता बालकृष्ण न्यौपाने बिरुद्ध श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय समेतको मुद्दामा भएको महत्वपूर्ण फैसलाले यस आयोगको क्षेत्राधिकारका सम्बन्धमा स्पष्ट निर्णय हुन पुग्यो । यस फैसलाबाट ऐनले संकुचित गरेको यस आयोगको क्षेत्राधिकारमा व्यापकता आएको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को प्रथम संशोधनको दफा २ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (५), दफा १२ का प्रतिबन्धात्मक वाक्यांश एवं दफा १९ को उपदफा (१२) समेत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ को उपधारा (१) (२) (३) संग स्पष्टतः बाझिएको हुंदा नेपाल अधिराज्यको संविधान, २०४७को धारा १ को उपधारा (१) बमोजिम सो दफाहरु २०५३।६।८ देखि अमान्य र बदर हुने ठहर भएको छ । यस फैसलाको पूर्ण विवरण अनुसूची ७ मा समाहित गरिएको छ ।

यस व्यवस्था अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिलाई परिभाषित गर्दा संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालना गर्नु पर्ने पदमा रहेको व्यक्ति सम्झिनु पर्ने भयो । विगतमा जस्तो कुनै निश्चित तह वा श्रेणीको पदाधिकारीलाई मात्र नसमेटी सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई व्यापक अर्थमा परिभाषित गर्दा आयोगको क्षेत्राधिकारले पनि त्यसै अनुरुपको व्यापकता ग्रहण गर्नु पर्ने हुन आयो ।

त्यसै गरी अनुचित कार्य सम्बन्धी व्यवस्थामा प्रतिबन्धात्मक रुपमा रहेको ".. तर मन्त्री उपरको उजुरीको हकमा उचित कारबाईको लागि प्रधान मन्त्रीलाई लेखी पठाउनु पर्नेछ .." भन्ने व्यवस्था तथा भ्रष्टाचार सम्बन्धी अनुसन्धान तथा तहकिकात अन्तरगत "राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्ति वा संसदको सदस्य उपर कसैको उजूरी परेमा त्यस्तो उजूरीको सम्बन्धमा आयोगले गोप्य तरिकाबाट छानवीन गर्नु पर्नेछ । त्यसरी छानवीन गर्दा उजूरीमा लेखिएका कुराहरु प्रमाणित हुने आधारहरु देखिन आएमा त्यस्तो उजूरीको सम्बन्धमा यस ऐन बमोजिम कारबाई चलाउनु अघि आयोगले राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीलाई र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षलाई छानवीनको विवरण सहित सूचना गर्नु पर्नेछ ।" भन्ने व्यवस्था एवं कारबाई गर्न लेखी आएमा मात्र ऐन बमोजिम कारबाई गर्न पाउने जस्ता व्यवस्थाहरु समेत सर्वोच्च अदालतको सो फैसलाबाट खारेज भएका छन् ।

यस प्रकार अख्तियारको दुरुपयोगका सम्बन्धमा संविधानले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धी कार्यको अनुसन्धान तहकिकात गरी आवश्यक कारबाही गर्ने एउटै मात्र निकायको रुपमा यस आयोगलाई स्थापित गरिएको हुंदा विगतमा भन्दा यस आयोगको क्षेत्राधिकारको व्यापक रुपमा विस्तार हुन पुगेको

छ । तर आयोगको संगठनात्मक संरचना विगतको क्षेत्राधिकारलाई दृष्टिगत गरी केन्द्रमा मात्र व्यवस्था गरिएकोमा वर्तमान व्यवस्थाले अधिराज्यव्यापी रुपमा यसको संगठनलाई पनि विस्तार गर्नु पर्ने अपरिहार्यता उत्पन्न भए ता पनि तत्काल संगठनात्मक विस्तारको कार्य विभिन्न व्यवहारिक कारणहरुले गर्दा सम्पन्न गर्न नसकिने भएकोले हाललाई विशेष प्रहरी विभाग तथा जिल्ला प्रशासन कार्यालयहरुलाई आयोगको केही निश्चित अधिकारहरु तोकिएको शर्तमा प्रयोग गर्न पाउने गरी सौंपिएको छ ।

३.३ आयोगको कार्य प्रणाली :

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर कानूनव्दारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरु गरिन्छ । प्रारम्भिक अनुसन्धानको क्रममा परेका उजूरीउपर छानविन, अनुसन्धान र तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन,त्यसमा निहित प्रामाणिक तथ्य र सो तथ्यलाई खम्वीर गर्ने आधार तथा प्रमाणको संकलन गरिन्छ। प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनको आरोप तथ्यपूर्ण भएको भन्न सकिने आधार देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान, तहकिकात गर्ने गरिन्छ ।

अनुसन्धान अधिकृत नियुक्त भएको विवादमा निज अधिकृतले प्रचलित कानून बमोजिम विवादसंग सम्बद्ध थप प्रमाण संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिसंग बयान लिने लगायतको कार्यविधि पूरा गरी आयोगसमक्ष अनुसन्धान प्रतिवेदन पेश गर्दछ । त्यस्तो प्रतिवेदनमा आयोगले छलफल गरी भएको अनुसन्धान कार्यबाट आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण, थप अनुसन्धान वा अर्के अनुसन्धान अधिकृत नियुक्त गरी प्रतिवेदन पेश गर्न लगाउने लगायतको आदेश दिने गरिन्छ । प्राप्त प्रतिवेदन उपर आयोगले आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी आयोगबाटै तामेलीमा राख्ने वा अन्य निकाय वा पदाधिकारीसमक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने वा गराउने निर्णय गर्दछ । तामेलीमा राख्ने, अन्य निकायमा कारवाईको लागि लेखी पठाउने वा मुद्दा दायर गर्ने वा गराउने समेतका कार्यहरु आयोगको संवैधानिक दायित्व भित्र पर्दछ ।

आयोगमा परेको उजूरीका सम्बन्धमा प्रारम्भिक अनुसन्धान भई आयोगसमक्ष पेश हुन आएका देहाय बमोजिमका उजूरीमा आयोगले कुनै कारवाई नगरी तामेलीमा राख्ने आदेश दिन सकिने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ मा भएको छ :

क) अनुचित कार्य सम्बन्धी नियमावलीमा तोकिएको ढांचामा नभएको उजुरी,
ख) सनाखत हुन नसकेको वा सनाखत गराउन सकिने अवस्था नभएको अनुचित कार्य सम्बन्धी उजुरी,
ग) सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र वाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित कार्य सम्बन्धी उजूरी ,
घ) ऐन बमोजिम उजूरी दिन पाउने वाहेक अन्य व्यक्तिले दिएको उजूरी,
ङ) ऐनको हदम्याद नाघेको उजूरी,
च) आयोगको अधिकार र कार्य क्षेत्रभित्र को विषय नभएको उजूरी,
छ) अदालतमा मुद्दा परिरहेको विषयको उजूरी,
ज) तथ्ययुक्त आधार नभएको उजूरी,
झ) खिचोला वा टण्टा दिने मनसायको उजूरी, र
ञ) मामूली कुरासम्बन्धी उजूरी ।

३.४ आयोगको प्रशासनिक संगठन :

संविधान एवं कानूनव्दारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारव्दारा नियुक्त सचिव सचिवालयको प्रमुखको रुपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारव्दारा स्वीकृत अनुसूची १ मा तोकिए बमोजिमको दरबन्दी रहने व्यवस्था छ । आयोगको गठन र कार्य प्रकृतिको आधारमा

सचिवालयमा रहने जनशक्तिको आपूर्तिको व्यवस्था पनि पृथक प्रकृतिको छ । अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा विशेष गरी तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्रविधि एवं प्रहरी आदि विषयमा अनुभवी तथा उच्च मनोबल भएका दक्ष व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने व्यवस्था छ । आयोगको कार्य प्रकृति अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था भएकोले तदनुरुप पनि जनशक्तिको आपूर्ति हुने गरेको छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी परिपूर्ति हुनमा कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव हुंदा त्यस्ता पदहरुमा अस्थायी रुपमा कर्मचारी नियुक्त गरी कार्य सम्पादन गर्ने पनि गरिएको छ ।

भ्रष्टाचार निवारणको काममा संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरबन्दीको कर्मचारीका अतिरिक्त श्री ५ को सरकारका कर्मचारीलाई पनि आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार सुम्पन सक्ने व्यवस्था भएकोले आयोगको प्रशासनिक संगठनको व्यवस्था केन्द्रमा मात्र गरिएको छ । तर आयोगको क्षेत्राधिकारको हालै परिवर्तित सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्नु पर्ने आवश्यकता रहेको र तत्कालको लागि यस प्रयोजनार्थ काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभागलाई तथा अन्य जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने अधिकार सौंपने गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगको तर्फबाट मुद्दा चलाउने अधिकार सौंपिएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (५) बमोजिम यसरी अधिकार सौंपदा उल्लेखित निकायहरुले निम्न पदाधिकारीहरुबाट भएको अख्तियारको दुरुपयोगका सम्बन्धमा कारबाई चलाउन पाउने गरी तोकिएको छ :-

१) जिल्लास्थित कार्यालयमा कार्यरत श्री ५ को सरकारको कुनै सेवामा राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा तल्लो दर्जामा बहाल रहेका कर्मचारीहरु ,

२) जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु बाहेक जिल्ला स्थित स्थानीय निकायका पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरु तथा सो निकायको कुनै लाभको पद धारण गर्ने व्यक्तिहरु,

३) जिल्लास्थित शैक्षिक संस्थाहरुमा कार्यरत विश्व विद्यालयको रीडर वा सो सरहको पदभन्दा तल्लो पदमा बहाल रहेका पदाधिकारीहरु, शिक्षकहरु र कर्मचारीहरु,

४) जिल्लास्थित बैंक, संस्थान वा निगममा बहाल रहेको १० औं तहभन्दा तल्लो तहमा कार्यरत कर्मचारीहरु,

५) प्रचलित कानून बमोजिम संगठित जिल्लास्थित उपरोक्त निकाय बाहेकका अन्य निकाय, कार्यालय वा संस्थाका पदाधिकारीहरु, सदस्यहरु र कर्मचारीहरु,

६) उपरोक्त उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियार दुरुपयोगको अपराधमा संलग्न अन्य व्यक्तिहरु ।

आयोगको अधिकार सौंपिएको सम्बन्धी पूर्ण विवरण यस प्रतिवेदनको अनुसूची ५ मा समावेश गरिएको छ ।

३.५ आयोगको बजेट व्यवस्था :

आ.व. २०५३/५४ मा आयोगको कूल बजेट रु. ७०,९२,७८९।५३ मध्ये रु. ६७,२२,८२५।२० निकासा भई रु.६७,२२,७०२।५० खर्च भएको छ । आयोगको विनियोजन, निकासा, खर्च, राजश्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

३.६ आयोगको कार्य संचालन र बैठक :

आयोगले सम्पादन गर्नु पर्ने कार्य सरल र विकेन्द्रित प्रकृयाबाट सम्पादन गर्न तथा त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोध समेत गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त लगायत आयुक्तमा आयोगको अधिकार विभाजन गरिएको छ । आयुक्तहरुमा तोकिएका मन्त्रालय वा निकायहरुमा कार्यरत पदाधिकारीउपर परेका उजूरीहरु सम्बन्धित आयुक्तको सामान्य रेखदेख तथा नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने

गरिन्छ । आयुक्तहरुविच कार्य विभाजनको अतिरिक्त आयोगभित्र कानून, प्रशासन, लेखा, प्राविधिक र जनसम्पर्क तथा आयोगको हालै विस्तारित क्षेत्राधिकारका कारणले बढेको कार्यभारलाई दृष्टिगत गरी नयां एक समेत ६ वटा महाशाखाहरु रहेका छन् । ती महाशाखाहरुमा राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुखहरु रहने र महाशाखा प्रमुखहरुलाई पनि निजहरुको कार्यानुभवको आधारमा मन्त्रालय तथा निकायहरु आपसमा बांडिएको हुंदा निजहरुबाट आफ्नो जिम्मेवारीमा परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको निर्देशनमा रही प्रारम्भिक अनुसन्धान हुने गरेको छ ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बांडफांड गर्दा यथाशक्य सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने व्यवस्था मिलाइएको छ । आयोगभित्र महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारम्भिक अनुसन्धान गर्ने जिम्मेवारी दिइएकोले परेको उजूरीमा प्रारम्भिक छानविन गर्न आयोगसमक्ष पेशगर्ने गरिएको छैन । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा महाशाखा प्रमुखमाथि सचिवको प्रशासकीय नियन्त्रण रहने हुंदा सचिवसमेतको संलग्नतामा समस्याको समाधान गराइन्छ । कारवाईको क्रममा प्रारम्भिक अनुसन्धान तहकिकातबाट अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्ने देखिएको विषयमा वा सो कारवाईबाट उजूरी तामेलीमा राख्नु पर्ने देखिएको विषयमा सम्बन्धित आयुक्तबाटै अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तामेलीमा राख्ने आदेश हुने गरेको छ । प्रारम्भिक अनुसन्धानपश्चात् सम्बन्धित आयुक्तसमक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने आदेश दिएमा सचिवमार्फत आयोगमा पेश हुने गरेको छ । सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भई निजद्वारा सचिव मार्फत आयुक्तसमक्ष पेश भएको अनुसन्धान प्रतिवेदन आयोगबाट छलफल भई मुद्दा दायर गर्ने गरिएको छ । आयोगसमक्ष प्रतिवेदन पेश भएकोमा आयोगबाट छलफल भई मुद्दा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृत वा अन्य श्री ५ को सरकारको अधिकृतलाई तोकिएको अदालतसमक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ तथा अन्य कारवाई गर्नु पर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगको निर्णय कार्यान्वयन गर्ने प्रयोजनकोलागि श्री ५ को सरकारद्वारा नियुक्त सचिव आयोगको सचिव रहने व्यवस्था छ । आयोगका महाशाखाहरुबाट तोकिएको कार्य सम्पादन पश्चात् सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेश हुंदा आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरुको कार्यक्रम सामान्यतया आयोगको बैठक बस्नु भन्दा एकदिन अगावै सचिवद्वारा आयुक्तहरुमा वितरण गर्ने गरिन्छ । अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा कुनै पनि समयमा आयोगको बैठक बस्न सक्ने अवस्था वाहेक प्रत्येक हप्ताको एकदिन सामान्यतया मंगलवार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयहरुमा नियमद्वारा आयोग समक्ष पुऱ्याई रहनु नपर्ने गरी तय गरिएको विषय र प्रशासनिक विषय वाहेक अन्य सबै अनुचित कार्य वा भ्रष्टाचारसम्बन्धी अनुसन्धान तहकिकात भएका विषयहरु पर्दछन् । आ.ब. २०५३/५४को अवधिमा आयोगको बैठक जम्मा ४१ दिन बसेको थियो । यी बैठकहरुबाट कूल ११२ वटा निर्णयहरु भएका थिए ।

३.७ आयोग र महाशाखाबिच को सम्पर्क :

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा तिनीहरुउपर अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रुपमा महाशाखा संलग्न रहनुका साथै आयुक्तहरुको रेखदेख तथा नियन्त्रणमा महाशाखा प्रमुखले अथवा आयोग वा आयुक्तले तोकेको अन्य अधिकृतले अनुसन्धान अधिकृत भई कार्य सम्पादन गर्नु पर्ने हुंदा अनुसन्धानको विषयमा संलग्न रहने महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोगविचको सम्पर्कलाई निकटतम राखी कार्य संचालन गरिन्छ । कुनैपनि महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतबाट विवादका सम्बन्धमा आयुक्त समक्ष पेश गरेको प्रतिवेदनमा आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएमा सो पेश हुने दिन सचिव मार्फत महाशाखा प्रमुख वा अनुसन्धान अधिकृत र आवश्यकता अनुरुप सम्बन्धित विषयको जानकारी राख्ने अन्य अधिकृतलाई आयोगमा उपस्थित हुन सूचित गरिन्छ । आयोगसमक्ष त्यसरी उपस्थित हुने महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतले आफूले अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य विवरण पेश गरेपछि आयुक्तहरुद्वारा सो विवादमा कुनै कुरा स्पष्ट गराउन चाहेमा महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतबाट स्पष्ट गराइन्छ ।

४. अनुसन्धान भइरहेका विषयहरुको विवरण :

४.१ प्रारम्भिक अनुसन्धान भइरहेको विवरण :

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर तथ्य निरुपणको निमित्त प्रारम्भिक अनुसन्धान शुरु गर्ने कानूनी व्यवस्था अनुरुप अनुसन्धान तहकिकातको पूर्व प्रारुपको तवरमा प्रारम्भिक अनुसन्धानबाटै उजूरीको औचित्य र आयोगबाट सो विषयमा कारवाई गर्नुपर्ने नपर्ने निक्यौंल गरिने हुंदा प्रारम्भिक छानविनको क्रममा मूलतः निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको प्रकृति के कस्तो छ ?
ख) उजूरी आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उजूरीमा उल्लेखित विषयका सम्बन्धमा के कसो भएको हो ?
घ) उजूरीको आरोप तथ्यपूर्ण देखिन आएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) उजूर गर्ने व्यक्ति सरोकारवाला हो, होइन ?
च) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
छ) विवादित कार्यबारे कुनै अड्डाअदालतमा मुद्दामामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?
ज) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानविनको कारवाई गर्ने अधिकृतले अनुसन्धान तहकिकात गर्दा आयोगले प्रयोग गर्ने अख्तियारी नै प्रयोग गर्ने भएता पनि छानविन प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरिने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ।
विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय, संस्थान एवं अन्य निकायहरुमा समेत गरी अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा परेका उजूरीहरुउपर वर्तमान अवस्थामा आयोगबाट प्रारम्भिक अनुसन्धान कार्य भइरहेको उजूरीको विषयगत संख्या तालिका नं .१ मा प्रस्तुत गरिएको छ।

एउटै विषयमा विभिन्न निकायमा उजूरी दिने र ती निकायहरुबाट समेत पुनः आयोगमै सो निवेदनहरु प्राप्त हुन आउने हुंदा दर्ता भएको उजूरी संख्या र कारवाई भएको उजूरी संख्या फरक रहने गरेको छ।

तालिका १

प्रारम्भिक अनुसन्धानको विवरण

क्र.सं.	सम्बन्धित मन्त्रालय / निकाय	प्रारम्भिक अनुसन्धान भइरहेको संक्षिप्त विषय	उजूरी संख्या
१	अर्थ मन्त्रालय र अन्तरगत :-		
	क) अर्थ मन्त्रालय	आर्थिक तथा प्रशासनिक अनियमितता	१
	ख) कर विभाग	राजस्व चुहावट, आर्थिक अनियमितता	८
	ग) नेपाल बैङ्क लिमिटेड	प्रशासनिक अनियमितता	१
	घ) नेपाल राष्ट्र बैङ्क	नोट छपाई	१
	ङ) भंसार विभाग	मूल्याङ्कन, पैठारी, राजस्व चुहावट	१३
	च) मूल्य अभिवृद्धि कर विभाग	सामान खरीद	१
	छ) राजस्व अनुसन्धान विभाग	विदेशी मुद्रा अपचलन	१
	ज) राष्ट्रिय वाणिज्य बैङ्क	कर्जा प्रवाह, धितो, सामान खरीद, मूल्याङ्कन	४
	झ) राष्ट्रिय वीमा संस्थान	सुविधाको दुरुपयोग	१
			जम्मा :-३१
२	आपूर्ति मन्त्रालय र अन्तरगत :-		
	क) आपूर्ति मन्त्रालय	चिनी आयात, आर्थिक अनियमितता	५
	ख) दि टिम्बर कर्पोरेशन अफ नेपाल	प्रशासनिक तथा आर्थिक अनियमितता	७
	ग) नेपाल आयल निगम	गाडी खरीद, ग्यास विक्री, प्रशासनिक अनियमितता	१२
	घ) नेपाल कोल लिमिटेड	आर्थिक अनियमितता	८

ङ)	नेपाल खाद्य संस्थान	चामल खरीद, आर्थिक अनियमितता	७
च)	नेशनल ट्रेडिङ्ग लिमिटेड	प्रशासनिक तथा आर्थिक अनियमितता	४
छ)	साल्ट ट्रेडिङ्ग लिमिटेड	आर्थिक अनियमितता	६
ज)	सिमेन्ट कारखानाहरु	आर्थिक अनियमितता	१
			जम्मा:- ५०
३	आवास तथा भौतिक योजना मन्त्रालय र अन्तरगत :-		
क)	आवास तथा भौतिक योजना मन्त्रालय	निर्माण, मुआब्जा, जग्गा हस्तान्तरण	३
ख)	आवास तथा शहरी विकास विभाग	आवास योजना, गाडी दुरुपयोग	३
ग)	खानेपानी तथा ढल निकास विभाग	योजना सर्भे, परामर्श सेवा	२
घ)	ग्रामीण आवास कम्पनी	कम्प्यूटर खरीद, निर्माण	१
ङ)	जिल्ला खानेपानी योजनाहरु	आर्थिक अनियमितता	३
च)	नगर विकास योजनाहरु	टेण्डर, आर्थिक अनियमितता	६
छ)	नेपाल खानेपानी संस्थान	निर्माण, सामान खरीद, टेण्डर, पेश्की	५
ज)	नेपाल पुनर्वास कम्पनी	जग्गा सम्बन्धी	२
झ)	भवन विभाग	निर्माण सम्बन्धी	१
ञ)	वन सुदृढीकरण आयोग	जग्गा सम्बन्धी	१
			जम्मा:- २७
४	उद्योग मन्त्रालय र अन्तरगत :-		
क)	उद्योग मन्त्रालय	इलेक्ट्रोनिक मीटर	२
ख)	उद्योग विभाग	इजाजत, सामान खरीद, प्रशासनिक अनियमितता	५
ग)	राष्ट्रिय उत्पादन तथा आर्थिक विकास केन्द्र लि.	मनोनयन, टेण्डर	२
घ)	शाही औषधी लिमिटेड	औषधी हिनामिना	२
ङ)	सिमेन्ट कारखानाहरु	मनोनयन, टेण्डर, खरीद, निर्माण,अन्य अनियमितता	२७
च)	सूर्ति विकास कम्पनी	सम्पत्ति विक्री, प्रशासनिक अनियमितता	४
			जम्मा :- ४२
५	कानुन तथा न्याय मन्त्रालय र अन्तरगत :-		
क)	जिल्ला अदालतहरु	आर्थिक अनियमितता	१
ख)	जिल्ला सरकारी वकील कार्यालयहरु	मुद्दामा उदासीनता	१
ग)	श्रम अदालत	घर भाडा	१
			जम्मा :- ३
६	कृषि मन्त्रालय र अन्तरगत :-		
क)	कृषि मन्त्रालय	खाद्य निकासी	१
ख)	कृषि चून उद्योग	ओभर बीलिंग तथा अन्य आर्थिक अनियमितता	५
ग)	कृषि विभाग	मनोनयन, प्रशासनिक तथा आर्थिक अनियमितता	३
घ)	कृषि सामाग्री संस्थान	ढुवानी, टेण्डर, खरीद, निर्माण, भाडा आदि	७
ङ)	दुध विकास संस्थान	लिलाम, खरीद, विक्री तथा अन्य आर्थिक अनियमितता	८
च)	नेपाल चिया विकास निगम	प्रशासनिक तथा आर्थिक अनियमितता	४
छ)	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	प्रशासनिक अनियमितता	१
ज)	सहकारी विभाग	औषधी हिनामिना, जग्गा विक्री, आर्थिक अनियमितता	६
			जम्मा :- ३५
७	गृह मन्त्रालय र अन्तरगत :-		
क)	अध्यागमन विभाग	प्रवेशाज्ञा, महसूल आदि	३
ख)	गृह मन्त्रालय	सुराकी, कमिशन, राजस्व हिनामिना	४
ग)	जिल्ला प्रशासन कार्यालयहरु	नागरिकता, राशन ठेक्का, निर्माण, मतदाता नामावली	६१
			जम्मा :- ६८
८	जलस्रोत मन्त्रालय र अन्तरगत :-		
क)	जल तथा शक्ति आयोग	कम्प्यूटर खरीद	१
ख)	जलस्रोत मन्त्रालय	प्रशासनिक अनियमितता	१
ग)	जिल्ला प्रशासन कार्यालयहरु	मुआब्जा वितरण, नक्कली बील	२
घ)	नेपाल विद्युत प्राधिकरण	निर्माण, सामान खरीद, विद्युत चुहावट	१
ङ)	पावर कम्पनीहरु	प्रशासनिक अनियमितता	१
च)	भूमिगत जलस्रोत आयोजनाहरु	सामान खरीद	५
छ)	विविध विद्युत आयोजनाहरु	मुआब्जा, टेण्डर, घर भाडा	५
ज)	सिंचाई आयोजनाहरु	नक्कली प्रमाण पत्र, ओभर बिलिंग, निर्माण, मर्मत	५
			जम्मा :- २१
९	निर्माण तथा यातायात मन्त्रालय र अन्तरगत :-		
क)	डिभिजन सडक कार्यालयहरु	टेण्डर , निर्माण	४

	ख) निर्माण तथा यातायात मनत्रालय	निर्माण, प्रशासनिक तथा आर्थिक अनियमितता	६
	ग) नेपाल यातायात संस्थान	आर्थिक अनियमितता	१
	घ) सडक विभाग	निर्माण सम्बन्धी	१
	ङ) सडक सुधार आयोजनाहरु	नक्कली कागजात, निर्माण	५
	च) साझा यातायात	प्रशासनिक अनियमितता	१
			जम्मा :- १८
१०	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत :-		
	क) पर्यटन मन्त्रालय		
	ख) शाही नेपाल वायुसेवा निगम	विमान खरीद, कमिशन, मिलापत्र	३
	ग) हवाई विभाग	विमान मर्मत, भाडा, कमिशन	१७
	घ) होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र	टेण्डर, प्रशासनिक तथा आर्थिक अनियमितता	११
		आर्थिक अनियमितता	१
			जम्मा :- ३२
११	परराष्ट्र मन्त्रालय र अन्तरगत :-		
	क) परराष्ट्र मन्त्रालय	विदेशी नियोगमा नियुक्ति	जम्मा :- १
१२	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगत :-		
	क) गुठी संस्थान	जग्गा सम्बन्धी, गुठी लोप, प्रशासनिक तथा आर्थिक अनियमितता	२४
	ख) नापी गोश्वाराहरु	प्रशासनिक तथा आर्थिक अनियमितता	३
	ग) पशुपति विकास कोष	आर्थिक अनियमितता	२
	घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय	प्रशासनिक अनियमितता	२
	ङ) मालपोत कार्यालयहरु	जग्गा खरीद बिक्री, नापी, दर्ता र अधिग्रहण	१८
	च) सुकुम्बासी समस्या समाधान आयोग	जग्गा वितरण	२
			जम्मा :- ५१
१३	मन्त्री परिषद् सचिवालय र अन्तरगत :-		
	क) मन्त्री परिषद् सचिवालय	प्रशासनिक तथा आर्थिक अनियमितता	२
	ख) राष्ट्रिय योजना आयोग सचिवालय	इन्धन, मेशिनरी हिनामिना	२
			जम्मा :- ४
१४	महिला तथा समाज कल्याण मन्त्रालय र अन्तरगत :-		
	क) महिला तथा समाज कल्याण मन्त्रालय	पसल भाडा, छात्रवृत्ति	जम्मा :- २
१५	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय र अन्तरगत :-		
	क) युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	उद्धार कोषमा हिनामिना, पदपूर्ति	जम्मा :- २
१६	रक्षा मन्त्रालय र अन्तरगत :-		
	क) रक्षा मन्त्रालय	प्रशासनिक अनियमितता	जम्मा :- १
१७	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तरगत :-		
	क) जिल्ला वन कार्यालयहरु	वन फडानी,जीव जन्तु एवं वन पैदावार हिनामिना आदि	४
	ख) वन विभाग	प्रशासनिक तथा आर्थिक अनियमितता	५
	ग) वन तथा भू-संरक्षण मन्त्रालय	राष्ट्रिय सम्पदाको अपचलन	२
			जम्मा :- ११
१८	वाणिज्य मन्त्रालय र अन्तरगत :-		
	क) वाणिज्य मन्त्रालय	आपूर्ति ,ढुवानी	जम्मा :- ३
१९	विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तरगत :-		
	क) विज्ञान तथा प्रविधि मन्त्रालय	अनुदानको दुरुपयोग	जम्मा :- १
२०	शिक्षा मन्त्रालय र अन्तरगत :-		
	क) उच्च माध्यमिक शिक्षा परिषद्	अनुदान रकम आदिमा अनियमितता	२
	ख) जिल्ला प्रशासन कार्यालयहरु	प्रशासनिक अवहेलना	१
	ग) प्राथमिक शिक्षक तालीम केन्द्र	निर्माण सम्बन्धी	१
	घ) प्राथमिक शिक्षा विकास परियोजना	टेण्डर सम्बन्धी	१
	ङ) प्राविधिक शिक्षालयहरु	निर्माण सम्बन्धी	१
	च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्	प्रशासनिक तथा आर्थिक अनियमितता	२
	छ) विभिन्न विद्यालयहरु	आर्थिक अनियमितता	२
	ज) क्षेत्रीय शिक्षा निर्देशनालयहरु	शिक्षक छनौट, आर्थिक अनियमितता	४
	झ) त्रिभुवन विश्व विद्यालय र अन्तरगत	प्रशासनिक तथा आर्थिक अनियमितता	५
			जम्मा :- १९

२१	श्रम मन्त्रालय र अन्तरगत :-		
	क) रोजगार कम्पनीहरु	आर्थिक अनियमितता	३
	ख) श्रम मन्त्रालय	रोजगारी, विदेशी मुद्रा अपचलन, प्रशासनिक तथा आर्थिक अनियमितता	९
			जम्मा :- १२
२२	सामान्य प्रशासन मन्त्रालय र अन्तरगत :-		
	क) लोक सेवा आयोग	परीक्षा सञ्चालनमा अनियमितता	४
	ख) सामान्य प्रशासन मन्त्रालय	व्यवस्थापकीय असक्षमता	२
			जम्मा :- ६
२३	सूचना तथा सञ्चार मन्त्रालय र अन्तरगत :-		
	क) नेपाल टेलिभीजन	टेण्डर सम्बन्धी	१
	ख) नेपाल दूर सञ्चार संस्थान	टेलिफोन वितरण, प्रशासनिक तथा आर्थिक अनियमितता	४
	ग) राष्ट्रिय समाचार समिति	कम्प्यूटर खरीद, जिन्सी हिनामिना	२
	घ) रेडियो प्रसार सेवा विकास समिति	प्रशासनिक अनियमितता	३
	ङ) हुलाक सेवा विभाग	अभिलेख हेरफेर, सामान हिनामिना, हुलाक पत्र, नक्कली प्रमाणपत्र	४
			जम्मा :- १४
२४	संसदीय व्यवस्था मन्त्रालय र अन्तरगत :-		
	क) संसद सचिवालय	सुविधाको दुरुपयोग	२
	ख) संसदीय व्यवस्था मन्त्रालय	प्रशासनिक अनियमितता	२
			जम्मा :- ४
२५	स्थानीय विकास मन्त्रालय र अन्तरगत :-		
	क) गाउं विकास समितिहरु	आर्थिक अनियमितता	९
	ख) गुम्बा व्यवस्थापन समिति	रकम वितरण	१
	ग) ग्रामीण विकास प्रशिक्षण केन्द्र	रकम हिनामिना	२
	घ) जिल्ला विकास समितिहरु	सामान खरीद, बालुवा हिनामिना, निर्माण, ठेक्का पट्टा	२५
	ङ) दुर्गम क्षेत्र विकास समिति	निर्माण, आर्थिक अनियमितता	५
	च) नगरपालिकाहरु	कर चुहावट, आर्थिक अनियमितता	११
	छ) स्थानीय विकास निर्माण आयोजना	ठेक्का पट्टामा अनियमितता	३
	ज) स्थानीय विकास मन्त्रालय	नक्कली प्रमाणपत्र, बजेट दुरुपयोग	३
			जम्मा :- ५९
२६	स्वास्थ्य मन्त्रालय र अन्तरगत :-		
	क) जिल्ला जन स्वास्थ्य कार्यालयहरु	पदपूर्ति सम्बन्धी	२
	ख) विभिन्न अस्पतालहरु	निर्माण, मर्मत, पदपूर्ति तथा आर्थिक अनियमितता	७
	ग) स्वास्थ्य सेवा विभाग	पदपूर्ति, निर्माण, सामान खरीद, तालीम, सवारी साधन	१६
	घ) क्षेत्रीय स्वास्थ्य निर्देशनालयहरु	मनोनयन, आर्थिक अनियमितता	२
			जम्मा :- २७
		प्रारम्भिक अनुसन्धान भइरहेको कूल विषयगत संख्या :-	५४४

(पांचशय चवालीस)

४.२ अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण :

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लेखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने भएबाट विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त गर्ने कानूनी व्यवस्था अनुरुप अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् । संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लेखित विषयगत संख्यामा पृथकता देखिने गरेको छ ।

१. राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन महाप्रवन्धकले विभिन्न कर्जा मागको निवेदनमा ठाडो तोक आदेश लगाई करोडौं रुपैयाको ओभरड्राफट र हाइपोथिकेशन इत्यादि सुविधा प्रदान गर्दा अनियमित कार्यका साथै गैर कानूनी काम कारवाई गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२. नेपाल दूर संचार संस्थानले ओ. वाई. टी. बाट वितरण हुने टेलिफोन लाइन ठाडो तोक आदेशले वितरण गरी संस्थानलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३. नेपाल टेलिभीजनद्वारा कोहलपुरस्थित नवनिर्मित. स्टुडियोको निमित्त स्टुडियो उपकरण सप्लाईको लागि गरिएको टेण्डरमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४. अर्थ मन्त्रालय र उद्योग मन्त्रालयको मिलोमतोमा रघुपति जूट मिल्स लि. निजीकरण गर्दा न्यून मूल्यमा निजीकरण गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५. वीरगञ्ज चिनी कारखानाले कारखानाको लागि आवश्यक पर्ने सुगर ब्याग कन्भेयर खरीद गर्दा टेण्डरदातासंग रकम खाई खरीद गरेको र खरीद भएपछि कुनै पनि काममा प्रयोग नगरी त्यसै फ्यांकी रहेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६. कपिलवस्तु जिल्लाको पुरुषोत्तमपुर गा.वि.स. वा.नं. ६ सिसनियामा ०४९ साल बैशाख महिनामा ८ घर मात्र जलेकोमा ४९ घर जलेको भनी जिल्ला वन कार्यालयबाट लगत तयार गरी ४९ घरकै लागि काठ निकासी गरी अन्यत्र लगी बिक्री वितरण गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७. उदयपुर सिमेन्ट उद्योगले गत वर्ष ९ रुपैयां प्रति गोटाका दरले खरीद गरेको बोरा यस वर्ष प्रति बोरा १५ रुपैयांका दरले टेण्डर नगरी खरीद गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८. नेपाल दूर सञ्चार संस्थानका पदाधिकारीहरुले ६० हजार टेलिफोन एक्सचेन्ज लाइन खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९. श्री इण्डष्ट्रीज प्रा.लि.को नाममा रहेको विराटनगर जूट मिल्स लि.को शेयर श्री ५ को सरकारले खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०. गोरखापत्र संस्थानले संस्थानलाई आवश्यक पर्ने न्यूज प्रिन्ट कागज विदेशी कम्पनीबाट खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले फ्याक्स मेशिन, फोटोकपी मेशिन, कम्प्यूटर र एसेसरीज सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२. गोरखापत्र संस्थानले संस्थानलाई आवश्यक पर्ने न्यूज प्रिन्ट कागज स्वदेशी कम्पनीबाट खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३. जनकपुर चुरोट कारखाना लि. ले समुद्रपारिको पार्टीबाट सेलोफेन पेपर कम दरमा खरीद गर्ने निर्णय गरेकोमा समय लम्ब्याई पछि प्रोफर्मा सच्याई खरीद गर्दा कारखानालाई आर्थिक भार पारी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१४. जब्दा गा.वि.स., नवलपरासीका भू. पू. अध्यक्ष बाबुराम पौडेल समेतले अनियमित तरिकाले जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१५. सुकुमबासी समस्या समाधान आयोग, रुपन्देहीका अध्यक्ष एकनाथ भाट समेत भई काल्पनिक व्यक्तिका नाममा जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१६. जानकी मन्दिर, जनकपुरका महन्तसमेत ले जग्गामा ठेक्का बन्दोबस्त र डोला सम्बन्धमा छानवीन गरिपाउं भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१७. गुठी तहसिल कार्यालयका प्रमुखसमेत ले पदको बर्खिलाफ गरी गुठी कायम गरी निर्णय गरेको जग्गा नापी गोश्वारासमेतको मिलोमतोबाट व्यक्तिको नाममा दर्ता गराए भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१८. रेडियो नेपालका कार्यकारी निर्देशकसमेत ले गाडी खरीद तथा मर्मतमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१९. गुठी प्रशासकसमेत ले मर्चेन्ट बैंकमा रकम जम्मा गर्दा तथा महन्त नियुक्ति गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२०. जनकपुर चुरोट कारखाना लि. का महाप्रवन्धकसमेत ले टेण्डर प्रकृयामा समय बिताई अभाव पूर्ति गर्ने क्रममा थप दायित्व सृजना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२१. तत्कालीन गृहमन्त्रीसमेत ले नक्कली सुराकी खडा गरी कमिशन खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२२. दुग्ध विकास संस्थानका महाप्रवन्धकसमेत ले धूलो दूध खरीद गर्दा मिसावटयुक्त दूध खरीद गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२३. जिल्ला प्रशासन कार्यालय, बाग्लुङका प्रमुख जिल्ला अधिकारीले रकम खाई कीर्ते सिफारीशका आधारमा कोर्ट म्यारीज गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२४. जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारीले भारतीय नागरिकलाई झुठ्ठा विवरण पेश गरी नागरिकता दिएको भन्न विषयमा अनुसन्धान भइरहेको ।

२५. हुलाक सेवा विभागका महानिर्देशकसमेत ले गाडी खरीद गर्दा कमिशन खाई भ्रष्टाचार गरेको भन्न विषयमा अनुसन्धान भइरहको ।

२६. वीरगञ्ज नगर पालिकाका प्रमुख र सदस्यहरुले अनियमित तरिकाले भ्रमण भत्ता खाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२७. जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारीसमेत भई विदेशी नागरकिलाई वंशजको नागरिकता दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२८. जिल्ला वन कार्यालय, कैलालीका जिल्ला वन अधिकृतसमेत ले अनियमित तरिकाले स–मिल स्थापना गर्न दिएको भन्न विषयमा अनुसन्धान भइरहेको ।

२९. गुठी संस्थानका वरिष्ठ कर्मचारीहरुले भीममुक्तेश्वर गुठीको जग्गा व्यक्तिका नाममा दर्ता गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३०. जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्रमुख जिल्ला अधिकारीसमेत ले रेशम खेतीको लागि उपयुक्त जग्गा खरीद गर्दा विभिन्न किसिमको भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३१. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागबाट पोशाक खरीदमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२. जिल्ला विकास समिति, ओखलढुंगाबाट भएको घोडेटो बाटो निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३३. निर्माण तथा यातायात मन्त्रालयबाट विभिन्न निर्माण कार्यको लागि कन्सल्टेन्ट तथा ठेकेदार नियुक्ति गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३४. जिल्ला विकास समिति, सर्लाहीबाट भएको बाटो तथा कज–वे निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३५. वन विभागबाट ठेकेदारलाई अवैध रुपमा काठ दिई लाखौं रुपैयां भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३६. जलस्रोत मन्त्रालयसमेत ले परवानीपुरको सस्तो मल्टिफ्यूल प्लान्ट नलिई दुहबीको महंगो प्लान्टको क्षमता बृद्धि गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३७. जिल्ला विकास समिति, रुपन्देहीबाट कबाड ठेक्का स्वीकृत गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८. पूर्वाञ्चल डिभिजन सडक कार्यालय, लहानमा विभिन्न निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३९. जिल्ला विकास समिति, पांचथरबाट कर्कट पाता लगायतको सामान खरीदमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०. गुठी संस्थान, केन्द्रीय कार्यालयको घर जग्गा लीजमा दिंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१. वीरगञ्ज नगर पालिकाबाट भएको विभिन्न निर्माण कार्यहरुमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४२. नेपाल विद्युत प्राधिकरण, सातौं विद्युत आयोजनाबाट A.C.S.R. तार खरीदमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४३. नेपाल राष्ट्र बैंकबाट कम्प्यूटर खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४४. साना जलविद्युत विभागबाट ग्रामीण विद्युतीकरण आयोजनाको लागि निर्माण सामाग्रीको आपूर्ति गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४५. वीरगञ्ज नगर पालिकाको चुंगीकर असूलीमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४६. ग्रामीण आवास कम्पनीबाट जग्गा खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४७. कृषि विकास योजना, नकटाझीजका योजना प्रमुखले विभिन्न बजेट शीर्षकमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४८. कृषि औजार कारखाना, वीरगञ्जका महाप्रवन्धकसमेत ले भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४९. नेपाल खाद्य संस्थानबाट हयूम पाईपको टेण्डर स्वीकृत गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५०. डिभिजन सडक कार्यालय, लहानबाट विदेशी तथा निजी गाडीमा सरकारी इन्धन प्रयोग गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५१. स्वास्थ्य सेवा विभागले नेपाल अधिराज्यभर औषधी ढुवानी गर्ने कार्य गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५२. शाही औषधी लिमिटेडमा नियम बिपरित छैटौं तहमा नियुक्ति गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५३. उदयपुर सिमेन्ट उद्योगमा तार चोरी भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५४. हिमाल सिमेन्ट उद्योगबाट गाडी लिलाम गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५५. साझा स्वास्थ्य सेवाका महाप्रवन्धकले नियम बिपरित भर्ना, छनौट र घर भाडा निर्धारण गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५६. नियम बिपरित लोट्टो चन्दा कार्यक्रम संचालन गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५७. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. मा नियम बिपरित विकास समितिको कर्मचारीलाई संस्थानमा सरुवा बढुवा गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५८. परीक्षा नियन्त्रक कार्यालय, सानोठिमीमा प्रश्न पत्र छपाईमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५९. श्री वी.पी. कोइराला क्याम्पसमा आर्थिक तथा शैक्षिक अनियमितता भई भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६०. स्वास्थ्य सेवा विभागमा स्टेशनरी तथा विद्युत सामान खरीदमा एवं छपाई सामाग्रीहरु तयार गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६१. प्राविधिक शिक्षा तथा व्यायसायिक तालीम परिषद्, सानो ठिमीबाट विभिन्न पदहरुको विज्ञापन गरी नियम बिपरित परीक्षा सञ्चालन गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६२. कान्ति बाल अस्पताल, महाराजगञ्जमा ट्वाइलेट ब्लक मर्मत कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६३. जिल्ला प्रशासन कार्यालय, मुस्ताङ्गका प्रमुख जिल्ला अधिकारीसमेत ले अनियमित तरिकाले धर्म पुत्री दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६४. हवाई विभागका महानिर्देशकसमेत ले नियम बिपरित हेलिकप्टर उडान अनुमति दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६५. शाही नेपाल वायु सेवा निगमका निर्देशकले विदेश भ्रमणको नक्कली बील भर्पाई पेश गरी अनियमित सुविधाको उपभोग गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६६. हिमाल सिमेन्ट कम्पनीमा विभिन्न आर्थिक अनियमितताहरु भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६७. कृषि चून उद्योगमा अनधिकृत रुपमा चन्दा दिएको तथा टेण्डर स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६८. शाही नेपाल वायु सेवा निगमको सेल्स एजेन्ट तथा कर्मचारीहरुको मिलोमतोमा नक्कली कागजातहरु पेश गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६९. राष्ट्रिय वाणिज्य बैङ्क, मैतीदेवी शाखाबाट धितो जग्गाको लिलाम बिक्री गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७०. वीरगञ्ज भंसार कार्यालयबाट प्रवेश भएको आयातित स्कच ह्विस्कीको मूल्याङ्कन गर्दा भंसार विभागमा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७१. भैरहवा भंसार कार्यालयबाट प्रवेश भएको आयातित स्कच ह्विस्कीको मूल्याङ्कन गर्दा भंसार विभागमा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७२. हेटौंडा पशु आहार उत्पादन समितिले खरीद लगायतको कार्य गर्दा आर्थिक अनियमित गरी भ्रष्टाचार गरेकोमा कारबाही नभएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७३. प्रतीत पत्र जांचबूझ आयोगको प्रतिवेदनमा उल्लेखित भ्रष्टाचार सम्बन्धी विषयहरुमा अनुसन्धान भइरहेको ।

७४. कृषि विकास बैङ्कसमेत मा अनियमित तवरले लगानी भई रकम असूल हुन नसकेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७५. दुग्ध विकास संस्थानबाट धूलो पाउडर दूधको आपूर्तिमा अनियमित गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७६. कृषि विकास योजना, नकटाभ्कीजबाट ड्रिलिङ्ग बीट्स खरीदमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७७. मूल्य अभिवृद्धि कर विभागबाट निम्न कोटीको मदिरा ठेक्काको शर्त बिपरित रकम फिर्ता गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७८. नेपाल कोल लि. ले कोइला आपूर्ति गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७९. तत्कालीन कृषि मन्त्रीले आफ्नो घरको टेलिफोन महसूल कृषि अनुसन्धान परिषद्बाट तिर्न लगाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८०. गोरखापत्र संस्थानका महाप्रवन्धकसमेत ले सञ्चालक समितिबाट निर्णय नगराई कन्सल्टेन्टलाई २ लाख ६२ हजार भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८१. कृषि सामाग्री संस्थानको राजविराज तथा उदयपुर शाखामा नक्कली मल सप्लाई गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८२. कृषि सामाग्री संस्थान, केन्द्रीय कार्यालयबाट मल खरीदमा ४ करोड घोटाला भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८३. राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशाल बजारमा विदेशी कम्पनीको मिलोमतोमा प्रतीत पत्र खोल्दाको शर्त संशोधन गरी भुक्तानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८४. कृषि चून उद्योगमा सांस्कृतिक कार्यक्रम तथा काज आदिमा आर्थिक घोटाला भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८५. राष्ट्रिय वाणिज्य बैङ्क, विशाल बजारमा प्रतीत पत्र खोलेको सामान नआउँदै भुक्तानी गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८६. कृषि सामाग्री संस्थान, बीऊ बीजन महाशाखाको बीऊ विकास कार्यक्रम अन्तरगतको योजनामा कन्सल्टेन्ट नियुक्त गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८७. महिला तथा समाज कल्याण मन्त्रालय अन्तरगतका गैर सरकारी संस्थाहरुमा तत्कालीन सचिवले आफ्ना मानिसको हकमा अनियमित निर्णय गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८८. कृषि मन्त्रालय अन्तरगत सहकारी संस्थाले रोक्का राखेको जग्गा मालपोत कार्यालय, सिरहाले अनियमित तवरले फुकुवा गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८९. त्रिभुवन विश्व विद्यालय, वनस्पति केन्द्रीय शिक्षण विभागका सह प्राध्यापकले विभिन्न निकायबाट सेमिनार सञ्चालनको लागि आएको रकममा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९०. तत्कालीन स्वास्थ्य मन्त्रीले आफ्ना भाइलाई विदेशमा अध्ययन गर्न पठाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९१. नेपाल राष्ट्र बैङ्कका गभर्नर तथा सञ्चालक समितिले नियम बिपरित पदपूर्ति तथा घरभाडा निर्धारण गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९२. साझा स्वास्थ्य सेवामा औषधी विक्री वितरणमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५. अदालत समक्ष मुद्दा दायर भएको विवरण :-

५.१ पुनरावेदन अदालत समक्ष मुद्दा दायर भएको विवरण :-

५.१.१ जिल्ला प्रशासन कार्यालय, मोरंगको सिफारीशमा पूर्वान्चल अनाथाश्रम, विराटनगरका वर्ष ४ का अनिल नेपालीलाई स्पेनीश दम्पत्ति श्री फ्रान्सिसको अलमरेज रुविलोला तथा श्रीमती मर्सिडेज भिडाल फरेरलाई धर्मपुत्रको रुपमा लै जान गृह मन्त्रालयको मिति २०५२।११।२५ को निर्णय विरुद्ध अनियमित किसिमबाट धर्मपुत्र दिने निर्णय गरेको भनी २०५३ बैशाख २६ गते घटना र विचार साप्ताहिकमा प्रकाशित समाचार आयोगमा उजुरी सरह दर्ता भई सो सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

अनुसन्धानबाट संकलित सबूत प्रमाणहरुलाई हेर्दा स्पेनीश नागरिक फ्रान्सिस्को अल्मरेज तथा निजकी श्रीमती मर्सिडेज भिडाल फरेरले पूर्वाञ्चल अनाथाश्रम, विराटनगरबाट अनिल नेपाली नाम गरेको बच्चालाई धर्मपुत्र राख्न स्वीकृति माग गरे बमोजिम उक्त अनाथालयकी अध्यक्ष एवं संरक्षिका श्रीमती सीता पोखरेलबाट स्वीकृति लिएको र सोही स्वीकृतिको आधारमा जिल्ला प्रशासन कार्यालय, मोरंगका प्रमुख जिल्ला अधिकारीबाट धर्मपुत्र राख्न दिन हुने भनी मिति ०५२।१०।२४ मा गृह मन्त्रालयमा सिफारिश गरी पठाएको र गृह मन्त्रालयबाट पनि कानून अधिकृतद्वारा टिप्पणी उठाउन लगाई उक्त टिप्पणी मिति २०५२।११।२५ मा सचिव पदमप्रसाद पोखरेलबाट सदर गराई धर्मपुत्र बनाउने स्वीकृति प्रदान गरी सोही आधारमा अनिल नेपालीलाई दोश्रो धर्मपुत्रको रुपमा स्पेनीश दम्पतिले स्वीकारी आफ्नो देशमा लगेको देखिएको छ ।

मिति २०५१।६।५ (२९ डि.१९९४) मा उल्लेखित यीनै स्पेनीश दम्पतिले सोही पूर्वाञ्चल अनाथालयको स्वीकृति तथा जिल्ला प्रशासन कार्यालय, मोरंगको सिफारिशको आधारमा गृह मन्त्रालयबाट सुनिल नेपालीलाई धर्मपुत्र बनाई उनीहरुको देश स्पेन लैजान पाउने गरी भएको निर्णय बमोजिम सुनिल नेपालीलाई धर्मपुत्र बनाई आफ्नो देश स्पेन लगिसकेको पनि देखिएको छ ।

मुलुकी ऐन, धर्मपुत्रको महलको २ नं. तथा ३ नं. लाई हेर्दा कसले र कस्तो अवस्थामा धर्मपुत्र वा धर्मपुत्री राख्न हुने वारे उल्लेख भएको छ । जस्तो, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न नपाउने राखे पनि बदर हुने स्पष्ट कानूनी प्रावधान रहेको छ । श्री ५ को सरकारले विदेशीहरुलाई धर्मपुत्र तथा धर्मपुत्री राख्न दिने सम्बन्धमा बनाएको शर्त तथा प्रकृयाको २ नं. तथा ३ नं. ले पनि छोरा र छोरी हुने विदेशीलाई धर्मपुत्र तथा धर्मपुत्री राख्न नदिने, छोरा भएकालाई धर्मपुत्र ग्रहण गर्न नदिने तथा छोरी हुनेलाई छोरी धर्मपुत्री राख्न नदिइने स्पष्ट उल्लेख भएबाट र कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(म) ले छोरा भन्नाले धर्मपुत्र समेतलाई जनाउंछ भन्ने उल्लेख भएकोले २०५१।६।५ (२९ डिसेम्बर १९९४) मा सुनिल नेपालीलाई धर्मपुत्र राख्न दिने गरी निर्णय भै धर्मपुत्र बनाई लगेकोमा पुनः २०५२।११।२५ (१० मार्च १९९६) मा सोही स्पेनीश दम्पतिलाई सुनिलको दाजु अनिल नेपालीलाई धर्मपुत्र राख्न दिने गरी गृह मन्त्रालयका सचिवबाट भएको निर्णय कानून विपरित गरेको स्वतः सिद्ध छ ।

जिल्ला प्रशासन कार्यालय, मोरंगका प्रशासकीय अधिकृत शम्भु प्रसाद मरासिनीले च.नं.३५६३ मिति ०५२।१०।२३ मा गृह मन्त्रालय, ऐन नियम परामर्श शाखा, सिंहदरवारलाई लेखेको पत्रमा ०५१।६।५ मा सुनिल नेपाली नाम गरेको नेपाली अनाथ बच्चालाई स्पेनीश नागरिक दम्पतिले धर्मपुत्र राखी सकेको अवस्थामा पुनः सोही दम्पतिले अनिल नेपालीलाई धर्मपुत्र राख्न माग गरेको र गृहको च.नं. २८१ मिति ०५२।८।४ परिपत्रको दफा ३ को "ख" बमोजिम छोरा भएका व्यक्तिलाई छोरा धर्मपुत्र राख्न स्वीकृति नदिइने भन्ने उल्लेख भएको हुंदा धर्मपुत्र राख्न दिने सिफारिश गर्न हुन्छ, हुंदैन निर्देशन पाउं भनी अघिल्लो दिन पत्र लेखी पठाउंदा पठाउंदै सोको जवाफ नपर्खी का.मु. प्र.जि.अ. रामप्रसाद खतिवडाले भोली पल्टै च.नं. ३५९० मिति ०५२।१०।२४ को पत्र गृहमा पठाई अनिल नेपालीलाई धर्मपुत्र बनाई स्पेनमा लैजान सिफारिश साथ कागजात गृह मन्त्रालयमा पठाएको देखिन्छ । किन प्रशासकीय अधिकृतको पत्रको जवाफ नपर्खी हतारका साथ कानूनले नमिल्ने सिफारिश गर्नु भयो भनी आयोगबाट बोलाई बयान

समेत गराउंदा सीता पोखरेल तथा स्पेनीश दम्पति समेत कार्यालयमा आई चांडो गर्न भनेको कारणबाट आफूले सिफारिश गरेको कुरा उल्लेख गर्नुबाट प्रमुख जिल्ला अधिकारीको जिम्मेवार पद सम्हाली बस्ने व्यक्तिले कुनै लिनु खानु गरेको भन्ने कुरा प्रमाणित नभए पनि अर्काको भनाई र कामको भीडभाड देखाई पदीय आचरण विपरित गई जानी जानी नेपाल कानूनको अवज्ञा गरी अनुचित कार्य गरेको प्रमाणित हुन्छ ।

०५२।१०।२५ मा गृह मन्त्रालयका शाखा अधिकृत वेणीमाधवबाट जिल्ला प्रशासन कार्यालय, मोरंगका प्रशासकीय अधिकृतले एकपटक सुनिल नेपालीलाई धर्मपुत्र बनाई स्पेन लग्ने स्पेनीश फ्रान्सिसको तथा श्रीमती मर्सिडेजले पुनः सुनिलको दाजु अनिल नेपालीलाई धर्मपुत्र बनाई स्पेन लग्न पाउने, नपाउने भनी निर्देशन माग भई आएको पत्रको कुरा समेत उल्लेख गरी विदेशीले धर्मपुत्र तथा धर्मपुत्री बनाई लग्ने सम्बन्धी शर्तको २ नं. मा छोरा भएकालाई छोरी धर्मपुत्री र छोरी मात्र भएकालाई छोरा धर्मपुत्र ग्रहण गर्न दिन सकिने व्यवस्था भएको ३ नं. मा छोराछोरी दुवै भएका, छोरा भएकालाई छोरा र छोरी भएकालाई छोरी धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न स्वीकृति नदिने प्रावधान रहेको र मुलुकी ऐन, धर्मपुत्रको महलको २ नं. र ३ नं. बमोजिम अर्को छोरा धर्मपुत्रको रुपमा ग्रहण गर्न सक्ने देखिदैन र शर्तको १२ नं. को व्यवस्था दाजु बहिनी वा दिदी भाईको हकमा मात्र लागू हुने हो भन्ने कुरा उल्लेख गरी पेश गरेको टिप्पणीलाई सह सचिव पुरुषोत्तम ढकालले उपयुक्त राय ठीकै देखि पेश गरेको छु भनी सही गरी सकेको अवस्थामा कानून अधिकृत कोष कुमार नेवाङ्गले शर्तको १२ नं. बमोजिम दुई जना अनाथ भन्ने उल्लेख भएकोले अनिल नेपालीलाई पनि उक्त स्पेनीश दम्पत्तिले धर्मपुत्र ग्रहण गरी आफ्नो देशमा लग्ने आशयले आफूभन्दा माथिल्लो दर्जाको अधिकृतबाट भएको टिप्पणीमा आफ्नो छुट्टै राय मसिना अक्षरले थपी सह सचिवले आफ्नो रायलाई समर्थन गरेको देखाउन सह सचिवले सही गरेपछि टिप्पणीमा थप गरेको सो कुरा निजले यस आयोगसमक्ष गरेको बयान तथा सह सचिव पुरुषोत्तम ढकालले आयोग समक्ष गरेको बयान समेतले पुष्टि गरेको । यसरी उठ्दै गएको टिप्पणी माननीय गृहमन्त्री खुमबहादुर खड्कासमक्ष पेश हुंदा "कानूनको राय लिने" भनी मिति ०५२।११।१० मा निर्णय भए बमोजिम च.नं. ५६४ मिति ०५२।११।१३ मा कानुन तथा न्याय मन्त्रालयसंग " एकै दम्पत्तिले एकै परिवारका दुई जना बच्चालाई धर्मपुत्र राख्न सक्ने नसक्ने के हो?" भनी माग भएको रायमा " धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरी सरह हुने कानूनी व्यवस्था अनुसार एकपटक कसैलाई धर्मपुत्र वा धर्मपुत्री राखी सकेको व्यक्तिले पुनः अर्को व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्न मिल्ने नदेखिएको" भनी उक्त कानून तथा न्याय मन्त्रालयबाट गृह मन्त्रालयलाई च.नं. १३४ मिति ०५२।११।२३ मा पत्र सहितको राय पठाएको देखिन्छ ।

यसरी कानून तथा न्याय मन्त्रालयबाट पुनः धर्मपुत्र ग्रहण गर्न दिन नमिल्ने गरी राय प्राप्त भएपछि सो राय र राय सहितको धर्मपुत्र सम्बन्धी माननीय गृहमन्त्री खुमबहादुर खड्काबाट "कानूनको राय लिने" भनी लेखिएको टिप्पणी सहितको फायल लुकाई धर्मपुत्र ग्रहण गर्न नपाउने स्पेनीश दम्पत्तिलाई कानून विपरित गई धर्मपुत्र ग्रहण गर्न दिने उद्देश्यले मुलुकी ऐन धर्मपुत्रको महलको २ र ३ नं. मा भएका व्यवस्था तथा विदेशीलाई धर्मपुत्र ग्रहण गर्न दिने शर्त तथा प्रकृयाको २ तथा ३ नं. मा भएका स्पष्ट कानूनी व्यवस्था विपरित उक्त शर्त तथा प्रकृयाको दफा १२ नं. को गलत अर्थ, व्याख्या गरी पुनः धर्मपुत्र ग्रहण गर्न दिन नमिल्ने स्पष्ट कानूनलाई अवज्ञा गरी धर्मपुत्र ग्रहण गर्न मिल्ने गरी टिप्पणी उठाउने आपसी सरसल्लाह गरी मातहत रहेको कानून अधिकृतलाई प्रभावमा लिई आफ्नो अनुकूलको टिप्पणी उठाउन लगाउने, सो टिप्पणीलाई सह सचिवको पदमा रहेका गणेश प्रसाद भट्टराईले कानून विपरित टिप्पणी समर्थन जनाउने र देशको मन्त्रालय चलाउन जिम्मा लिएर बसेको सचिव जस्तो गरिमामय पदमा आसिन व्यक्तिले नेपाल कानून जानिन त्यसैले टिप्पणी सदर गरें भनी कानून विपरित टिप्पणी सदर गरी यस्तो गहन विषयमा माननीय मन्त्रीज्यू समक्ष पुनः फायल पेश नगरी विदेशीलाई पुनः धर्मपुत्र ग्रहण गर्न दिने गरी मिति ०५२।११।२५ मा भएको टिप्पणीबाट नेपाल कानून जानी जानी अवज्ञा गरेको कुरा स्पष्ट हुन्छ ।

प्रस्तुत मुद्दाका सम्बन्धमा मौकामा घटना साप्ताहिकमा प्रकाशित समाचार, कानून अधिकृत कोष कुमार नेवाङ्गले आयोगसमक्ष सचिव तथा सह सचिव समेतले आफूलाई दवाव दिई टिप्पणी उठाउन लगाएको हो भनी गरेको साबित बयान, मिति ०५२।११।१० मा माननीय गृहमन्त्रीबाट भएको टिप्पणी आदेश र कानून मन्त्रालयको राय सहितको फायल लुकाइएको स्थिति तथा सह सचिव पुरुषोत्तम ढकालले यस आयोगसमक्ष गरेको बयान समेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा विदेशीलाई पुनः धर्मपुत्र ग्रहण गर्न दिने निर्णय गर्दा नेपाल कानून जानी जानी पालन नगरी सो विपरित गई रिसवत समेत लिनु खानु गरी आफूहरुलाई गैर कानूनी फाइदा तथा विदेशी स्पेनीश दम्पत्ति फ्रान्सिसको अलमेरज रुविटोला, श्रीमती मर्सिडेज भिडाल फेरेरलाई समेत गैर कानूनी फाइदा हुने बदनियतपूर्वक कार्य गरेको कुरा पुष्टि हुन्छ ।

कानून अधिकृत कोष कुमार नेवाङ्गले यस आयोगसमक्ष उपस्थित भई गरेको बयानमा २०५२।११।२५ मा

सचिवबाट सदर भएको टिप्पणी भन्दा माननीय गृहमन्त्री खुमबहादुर खड्काबाट एकपटक धर्मपुत्र लिई सकेपछि पुनः धर्मपुत्र माग भएमा दिन मिल्ने नमिल्ने सम्बन्धमा कानूनको राय लिने भनी मिति ०५२।११।१० मा आदेश दिएपछि सो बमोजिम कानून मन्त्रालयसंग राय माग गर्दा धर्मपुत्र राख्न दिन नमिल्ने गरी कानून मन्त्रालयबाट लेखी आएको समेतका कुरा उल्लेख गरी टिप्पणी उठाई सह सचिव तथा सचिव समक्ष प्रस्तुत गर्दा उक्त टिप्पणी फेरेर धर्मपुत्र राख्न दिन मिल्ने गरी टिप्पणी उठाई सह सचिव तथा सचिव समक्ष प्रस्तुत गर्दा उक्त टिप्पणी फेरेर धर्मपुत्र राख्न दिन मिल्ने गरी टिप्पणी पेश गर्नु भनी अघिल्लो उक्त टिप्पणी सह सचिवले आफैले लिनु भएकोले आफूले कानूनमा भएको व्यवस्था तथा कानून मन्त्रालयले दिएको राय विपरित टिप्पणी उठाएको हुं भनी बयान दिएको देखिन्छ । यी पदाधिकारीहरुले गृह मन्त्रालयमा दर्ता भएको जिल्ला प्रशासन कार्यालय, मोरंगका प्रशासकीय अधिकृतले माग गरेको निर्देशन सहितको, माननीय मन्त्रीबाट भएको आदेशका आधारमा कानून मन्त्रालयबाट आएको राय सहितको पत्र र टिप्पणी जानकारी भएन भनी आयोगसमक्ष बयान गरेको भए पनि आफ्नो अधिनस्थ कानून अधिकृतले आयोगसमक्ष यो यसरी झुठा कुरा बकेको हो भनी प्रमाणित गर्न सकेको नदेखिंदा एकपटक धर्मपुत्र ग्रहण गरी सकेका विदेशीलाई पुनः धर्मपुत्र ग्रहण गराउन मातहतको कानून अधिकृतलाई दवाव दिई पहिलेको टिप्पणीसमेत आफूहरुले आफ्नो कब्जामा लिई छुट्टै फायल समेत खडा गर्न लगाई कानूनको गलत अर्थ लगाई धर्मपुत्र ग्रहण गर्न दिएको कुरा पुष्टि हुन्छ । यसरी टिप्पणी फेर्ने, च्यात्ने र गैर कानूनी कुराको टिप्पणी उठाउनु पर्ने कारण के पऱ्यो भन्ने सम्बन्धमा मिति ०५३।१२।६।४ मा प्रकाशित घटना र विचार पत्रिकामा प्रकाशित समाचारमा आर्थिक १० हजार डलर लिनु खानु गरेको कुरा प्रकाशित भएबाट र कानून अधिकृत कोष कुमार नेवाङ्गको बयान समेतका आधारमा उक्त कार्य जानी जानी नेपाल कानून पालन नगरी बदनियतपूर्वक अधिकारको दुरुपयोग गरेको प्रष्ट हुन्छ ।

यसरी १० हजार डलर स्पेनीश दम्पति फ्रान्सिसको तथा निजकी श्रीमती मर्सिडेजसंग लिई दिई, दिलाई एक आपसमा मिलोमतो गरी नेपाल कानूनमा भएको कानूनी व्यवस्थाको प्रतिकूल काम गरी अधिकारको दुरुपयोग गरी भ्रष्टाचारपूर्ण कार्य गरेको कुरा पुष्टि हुन आएको हुंदा यसरी अधिकारको दुरुपयोग गरी नेपाल कानून जानी जानी पालन नगरी रिसवत समेत लिनु खानु गर्ने सचिव पदमप्रसाद पोखरेल, सह सचिव गणेश प्रसाद भट्टराई, कानून अधिकृत कोष कुमार नेवाङ्गले गरेको उपरोक्त कार्य भ्र.नि.ऐन, २०१७ को परिच्छेद २ दफा ३७ (१) को प्रतिकूल देखिंदा सोही दफा बमोजिम र दफा २९ बमोजिम हदैसम्म सजायको दावी लिई पुनरावेदन अदालतमा मुद्दा चलाइएको ।

स्पेनीश दम्पति फ्रान्सिसको अलमरेज तथा निजकी श्रीमती मर्सिडेजको हकमा विचार गर्दा ०५१।६।५ मा अनिलको भाई सुनिल नेपालीलाई धर्मपुत्रको रुपमा ग्रहण गरी स्पेन लग्ने निजहरुले पुनः नेपाल आई अनिल नेपालीलाई धर्मपुत्रको रुपमा स्वीकारी स्पेन लग्ने सम्बन्धमा कानूनले मिल्ने भए सोही अवस्थामा लग्ने थिए । सो नमिलेको कारण पुनः एक वर्षपछि नेपाल आई अनिललाई लग्न अनेक प्रयत्न गरेको र सो गर्दा पनि नमिलेपछि पीकअप भ्यान दिने तथा १० हजार डलरसमेत खर्च गरी पहिले उठाइएको टिप्पणीबाट धर्मपुत्र लग्न नमिल्ने भएपछि सो लुकाई छुट्टै टिप्पणी उठाई मन्त्रीसमक्ष नपुऱ्याई सचिवबाटै टिप्पणी सदर गर्न लगाई कानूनले ग्रहण हुन नसक्ने नेपाली नाबालकलाई धर्मपुत्रको रुपमा ग्रहण गरी स्पेन लगेको र सो भन्दा अघि लगेका निज अनिलका भाई सुनिलका सम्बन्धमा समेत कुनै कुरा उल्लेख नगरिएबाट निज स्पेनीश नागरिक फ्रान्सिसको तथा निजकी श्रीमती मर्सिडिजले श्री ५ को सरकारका राष्ट्र सेवकहरुलाई भ्रष्ट एवं गैर कानूनी तरिकाबाट आफ्नो प्रभावमा पारी नेपाल कानून जानी जानी पालन नगरी अनिल नेपालीलाई धर्मपुत्र बनाई आफ्नो देश लगेको मुलुकी ऐन, धर्मपुत्रको महलको २ नं. समेतको प्रतिकूल हुंदा उक्त धर्मपुत्र स्वतः बदर हुने हुंदा माथि उल्लेखित व्यक्ति र पदाधिकारीहरुलाई भ्र.नि.ऐन, २०१७ को दफा ५ तथा दफा ८ बमाजिम सजाय गरी दफा २९ बमोजिम जरिवाना समेत गरि पाउन अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १८ र ३० अनुसार पुनरावेदन अदालत, ललितपुरमा अभियोग पत्र दायर गरिएको ।

का.मु. प्र.जि.अ. रामप्रसाद खतिवडाको हकमा निजको कार्यालयको प्रशासकीय अधिकृतले ०५२।१०।२३ मा गृह मन्त्रालयमा पत्र लेख्दा "निज स्पेनीश दम्पतिले यसभन्दा अघि पनि ०५१।६।५ मा सुनिल नेपाली नाम गरेको सोही अनाथाश्रमकै अर्को केटा हाल माग गरिएको अनिल नेपालीको सहोदर भाई पर्दो रहेछ, सो केटोलाई धर्मपुत्र बनाई लगेको देखिंदा अब पुनः सिफारिश गर्न मिल्छ कि मिल्दैन?" भनी गृह मन्त्रालयमा निर्देशन माग गरेकोमा सो सम्बन्धमा गृह मन्त्रालयबाट के निर्देशन हुने हो सो कुरालाई नपर्खी गृह मन्त्रालयमा पत्र पठाइएको भोली पल्ट मिति ०५२।१०।२४ मा निज प्र.जि.अ. रामप्रसाद खतिवडाले अनिल नाम गरेको बालकलाई स्पेनमा धर्मपुत्र बनाई लैजान सिफारिश कागज पाना ६ पठाएको देखिंदा आफ्नो कार्यालयले एकपल्ट एउटा छोरा धर्मपुत्रको सिफारिश गरी सकेपछि दोश्रोलाई धर्मपुत्र दिन मिल्ने नमिल्ने भनी दुविधा भई निर्देशन माग भएकोमा निजले के कुन कारणले कुन

कानूनले दोश्रो भाईलाई धर्मपुत्र दिन मिल्ने सिफारिश गरेको हो सोको औचित्य नदेखाई कानूनको बदनियतपूर्ण उल्लंघन गरी नेपाल कानून मिची दिन नहुने धर्मपुत्र दिन मिल्ने गरी सिफारिश गरेको हुंदा निजलाई विभागीय कारवाई हुन सम्बन्धित मन्त्रालयमा लेखिएको ।

सीता पोखरेलको हकमा निज सामाजिक संस्थाको अध्यक्ष तथा संरक्षिका भई अनाथाश्रम चलाई त्यहां रहेका बच्चाहरुको सुखद भविष्यको लागि धर्मपुत्र दिने र बाबुआमा नभएको बच्चा पाल्ने जस्तो पुनीत काम गर्दा गर्दै पनि एकपटक धर्मपुत्र ग्रहण गरी सकेको विदेशीलाई त्यस बच्चा सम्बन्धमा कुनै कुरा नबुझी पुनः त्यसै आश्रमको अर्को अनाथ बच्चालाई कानूनले दिन नहुने भनी बन्देज गरेको अवस्थामा पनि निजले तिनै विदेशी स्पेनीश दम्पतिलाई पुनः अघिल्लो बच्चा सुनिलको भाई अनिललाई धर्मपुत्र दिन स्वीकृति दिएको देखिन्छ । निजले उक्त स्पेनीश दम्पतिबाट पूर्वान्चल अनाथाश्रमको लागि पहिलो पल्ट रु. ५१ हजार र हाल एक पिकअप भ्यान प्राप्त गरेको कुरा उक्त अनाथाश्रमको मिति २०५३।५।३ को पत्रबाट पुष्टी हुन आएको छ । सामान्यतः नेपालमा भएका गैर सरकारी सामाजिक संस्थाहरुले आफ्नो संस्थाको परिचालनको लागि विदेशी दातृ संस्थाहरुबाट चन्दा अनुदान सहयोग प्राप्त गरि रहेकै देखिन्छ । तथापि कुनै विदेशी संस्थालाई कुनै काम गरि दिए वापत यस प्रकार नगदी जिन्सी प्राप्त गर्दा जस्तो बच्चा दिएर गाडी प्राप्त गर्नुबाट नकारात्मक प्रभाव देखिन गएकोले यस प्रकारको कार्यले देश कै इज्जत मर्यादामा धक्का पर्ने हुंदा यस प्रकार त्यही संस्थाबाट एकपल्ट एउटा दम्पतिलाई धर्मपुत्र दिएपछि कानून विपरित पुनः अर्को बच्चा धर्मपुत्र दिई चन्दा प्राप्त गरेको देखिंदा निजलाई आवश्यक कारवाई गर्न समाज कल्याण मन्त्रालयलाई लेखिएको ।

५.१.२ केदारेश्वर गुठी तैनाथी जग्गामा महन्त क्षेत्रबहादुर पुरीसंग मिलोमतो गरी महन्तका परिवार नातेदार र आफ्नो नातेदार समेतको नाउंमा मोही कायम गरी सचिव बिष्णु प्रसाद खत्रीले पद र अख्तियार दुरुपयोग गरेको, सरुवा गर्दा घूस लिने गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :-

पेश भएका तथ्य प्रमाण र प्रचलित कानूनको अधिनमा रही तत्कालीन भूमिसुधार अधिकारी बिष्णु प्रसाद खत्री, महन्त क्षेत्र बहादुर पुरी, मोहियानी पाउने निजहरुको परिवारका सदस्यहरु र नातेदारहरुको कारवाई हेर्दा निम्न बमोजिम नेपाल कानून विरुद्ध भएको देखिन्छ :

(क) सर्वप्रथम साविक काठमाडौं नगरपालिका र बानेश्वर महादेवस्थानको १०६ रोपनी जग्गा केदारेश्वर गुठीको नाउंमा मिति २०३५।९।२ मा दर्ता हुंदा जग्गा धनीमा केदारेश्वर गुठी, खोला बगर पर्ति आदि जनाई सो जग्गामा कुनै मोही नभएको दर्ता श्रेस्ताबाट देखिन आएको र भूमि सुधार कार्यक्रम लागू हुंदा उपरोक्त जग्गा कसैले पनि मोही दावी गरेको देखिन आएन । यसरी मोही दावी नभएपछि भूमि सम्बन्धी ऐन, नियम बमोजिम २ नम्बर अनुसूची प्रकाशन नभएको हुंदा यी जग्गाहरुमा मोही नभएको कुरा प्रष्ट देखिन आयो ।

(ख) अब यो जग्गाको प्रकृति हेर्दा गुठी संस्थान ऐन बमोजिम रैतानी नम्बरी, गुठी नम्बरी नभएको हुंदा गुठी अधिनस्थ वा गुठी तैनाथी कुन प्रकृतिको रहेछ भन्नेतर्फ विचार गर्दा गुठी अधिनस्थ जग्गामा मोही हुने र मोहीको नाम गुठीको लगतमा दर्ता भएको हुनु पर्ने कानूनी प्रावधान छ । गुठीमा मोहीमा दर्ता नभए त्यस्तो जग्गा गुठी अधिनस्थ नहुने भई तैनाथी गुठी जग्गा हुने गुठी संस्थान ऐन, २०३३ को दफा २(ग) मा प्रावधान रहेको छ । गुठी अधिनस्थ जग्गामा गुठी लगतमा दर्ता भएको दर्तावाल मोहीले जग्गा नकमाई अर्कै व्यक्तिलाई जग्गा कमाउन दिएको भए गुठी संस्थान ऐन बमोजिम जोताहा मोहीलाई मोहियानी हक प्राप्त हुने व्यवस्था गरेको हुंदा यो जग्गामा दर्तावाला मोही नै नदेखिए पछि गुठी अधिनस्थ जग्गा हो भन्ने देखिन नआएको हुंदा गुठी तैनाथी जग्गा हो भन्ने कुरा निर्विवाद रुपमा प्रमाणित हुन आएको छ ।

गुठी संस्थान ऐन, २०३३ को दफा २ (ग) को परिभाषा अनुसार गुठी तैनाथी जग्गा भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा सम्झनु पर्छ भन्ने उल्लेख भएको हुंदा उपरोक्त जग्गा गुठी संस्थानको हक अधिकार रहेको मोहीमा दर्ता नभएको जग्गा भएकोले गुठी तैनाथी जग्गा हो भन्ने पुष्टि हुन आएको छ ।

(ग) केदारेश्वर गुठी छूट गुठी भएको र गुठी संस्थान ऐन, २०३३ को दफा १९ बमोजिम यो छूट गुठी राजगुठीमा परिणत भई छूट गुठीको भइरहेको सबै अधिकार संस्थानमा सर्ने र त्यस्तो छूट गुठीको गुठियार खान्गीदारको सबै अधिकार समाप्त हुनेछ भन्ने व्यवस्था भए बमोजिम गुठी संस्थान ऐन, २०३३ लागू भएको मिति २०३३।७।४ देखि महन्त गुठियारको हक कानून बमोजिम समाप्त भै सकेको हुंदा यो गुठी जग्गामा गुठीको सम्पूर्ण अधिकार गुठी संस्थानमा सरी गुठियारको हक समाप्त भई सकेको देखिन आएको छ । झन त्यस माथि गुठी संस्थानको २०३५।६।१५

को निर्णयबाट निज क्षेत्र बहादुर महन्तमा नियुक्ति भएको हुंदा यस अघि निजलाई महन्तको कुनै पनि अधिकार नभएको पुष्टि हुन आयो । यस प्रकार ऐन बमोजिम हक अधिकार नभएको व्यक्तिले गुठी संस्थानको एकलौटी हक अधिकार हुन आएको जग्गामा मोही बन्दोवस्त गर्न पाउन अधिकारै नभएकोमा महन्त क्षेत्र बहादुर पुरीले गैर कानूनी रुपमा आफ्नो एकाघरको पत्नी, छोरा, छोरी र अन्य नातेदारको नाउंमा मोही कायम गराउन २०२८ को घरायसी कबुलियत तथा २०३५ सालको भरपाई खडा गरी आफू र परिवार नातेदारको मोहियानी प्रमाण पत्र पाउं भनी निवेदन गर्न गराउन लगाएको देखिन आएको छ ।

(घ) गुठी संस्थान ऐन बमोजिम गुठी अधिनस्थ जग्गाको मोहीले मोहियानी हक अचल सम्पत्ति सरह खरीद बिक्री गर्न पाउने हुंदा मोही नै नभएको तथा मोही नै नलाग्ने गुठी तैनाथी जग्गामा मोहियानी कायम गराएपछि मोही लागेको जग्गाको प्रकृति गुठी अधिनस्थ हुने हुंदा त्यस्तो जग्गाको मोहीले मोहियानी हक अचल सम्पत्ति सरह बेचविखन गर्न पाउने हुंदा आफ्नो हक नलाग्ने गुठी तैनाथी जग्गाको सम्पत्ति बेचविखन गरी आफूलाई आर्थिक लाभ प्राप्त गर्ने बदनियतले आफ्नो परिवार र नातेदारको नाउंमा मोही कायम गराउने उद्देश्यले बदनियतसाथ गैर कानूनी कार्य गरी भरपाई एवं कबुलियत आफ्नो परिवार र नातेदारलाई घरसारमा गरी दिएको देखिन आएको छ ।

(ङ) महन्तकी पत्नी कृष्णकुमारी पुरी समेतको २०३५ साल चैत्र २७ गतेमा मोही कायम गरी पाउं भनी भू.सु. कार्यालयमा निवेदन परिरहेकोमा तत्कालिन भूमिसुधार अधिकारी बिष्णुप्रसाद खत्रीकी बहिनी नातेदार जय लक्ष्मी खत्री (कठायत) को मिति २०३६।१।६ मा मोही कायम गरी पाउं भनी निवेदन पारी निवेदन परेको ७ दिन पछि निज भूमिसुधार अधिकारीले आफ्नी बहिनी नातेदार जयलक्ष्मी कठायतसहित आफ्नो परिवार तथा नातेदारलाई मोही बनाउन कबुलियत र भरपाई गरी दिने महन्त क्षेत्रबहादुरको स्वास्नी छोराछोरी कृष्ण कुमारी, गोमा, जयराम र नातेदारहरु बासुदेव पुरी, केशर बहादुर, राजकुमारलाई २०३६।१।१३ मा मिलोमतो गरी मोही कायम गर्ने निर्णय गरेको देखिएकोले आफ्नो नातेदार बहिनी जयलक्ष्मी समेतलाई मोही कायम गराई उक्त अचल सम्पत्ति बेचविखन गर्ने उद्देश्यले महन्त क्षेत्र बहादुरको परिवारलाई र नातेदारलाई मोही कायम गरेको कुरा जयलक्ष्मी कठायतको निवेदन परेपछि मोही कायम गरेको निर्णय मितिले पुष्टि गरेको हुंदा आ-आफ्नो नातेदारलाई फाइदा हुने गरी भूमिसुधार अधिकारी र महन्तले मोही नलाग्ने गुठी जग्गामा मोही कायम गरेको प्रमाणित हुन आएको छ ।

(च) त्यसमाथी पनि गुठी संस्थान ऐन, २०३३ को दफा १९ बमोजिम गुठी तैनाथी जग्गामा गुठीयारको सम्पूर्ण अधिकार गुठी संस्थानमा सरेपछि त्यस्तो गुठी तैनाथी जग्गाको बन्दोवस्त उक्त गुठी संस्थान ऐन, २०३३ को दफा २५ बमोजिम गुठी संस्थानले मात्र गर्न सक्नेमा निज भूमिसुधार अधिकारीले गुठी संस्थानलाई बुझ्दै नबुझी २०३५ सालमा महन्त भएको क्षेत्र बहादुर पुरीको हक अधिकार नभएको अवस्थामा बनाएको घरायसी भरपाई र कबुलियतलाई मान्यता दिई आफ्नो नातेदार र महन्तको परिवार र नातेदार समेतको नाउंमा गुठी जग्गाको मोही गराउने उद्देश्यले बदनियतपूर्वक निर्णय गरेको पुष्टि हुन आयो ।

(छ) यसको अतिरिक्त गुठी संस्थान ऐन, २०३३ को दफा ३७ बमोजिम उपत्यकामा रोपनी १० (दश) सम्म मात्र मोहीमा कायम हुने व्यवस्था रहे भएको मा कानूनी बन्देज भएको हद भन्दा बढी जग्गामा केसर बहादुर पुरी लाई रोपनी ११-८-०, बासुदेव पुरीलाई १२-०-०, कृष्णकुमारी पुरीलाई ११-५-०, गोमा पुरीलाई ११-११-२, रोपनी जग्गा मोही कायम गरेको भूमि सम्बन्धी ऐन, २०२१ को दफा ८ विपरित भएको पनि पुष्टि हुन आएको छ ।

(ज) यसप्रकार तत्कालीन भूमिसुधार अधिकारी बिष्णु प्रसाद खत्रीको काम कारवाईतर्फ हेर्दा गुठी संस्थान ऐन, २०३३ को दफा ४७ बमोजिम गुठी अधिनस्थ जग्गामा भू.सु.का. ले जोताहाको अस्थाई निस्सा मात्र दिन सक्ने कानूनी प्रावधान रहेकोमा उक्त ऐनको वर्खिलाप गरी मोही नभएको मोही नलाग्ने गुठी तैनाथी जग्गा देखिंदा देखिदै पनि जोताहाको स्थाई प्रमाण पत्र दिन नमिल्नेमा निजले मोही कायम गरी जोताहाको स्थायी प्रमाण पत्र दिने निर्णय गरी आफ्नो नातेदार बहिनी जयलक्ष्मी खत्री (कठायत) को नाममा मुलुकी ऐन अदालती बन्दोवस्तको ३० नं. विपरित मोही कायम गरी जोताहाको स्थायी प्रमाण पत्र दिई निज बिष्णु प्रसाद खत्रीले गुठी संस्थान ऐन, २०३३ को दफा ४७ बर्खिलाप समेत काम कारवाई गरेको पुष्टि हुन आएको छ ।

(झ) अब उपरोक्त तथ्यहरुको आधारमा केदारेश्वर गुठीको नाममा दर्ता भएको गुठी संस्थान ऐन, २०३३ को दफा १९ अनुसार छूट गुठीबाट राज गुठीमा परिणत भई सकेको उक्त गुठी जग्गामा गुठी संस्थानले मात्र मोही बन्दोवस्त गर्न पाउनेमा उक्त तैनाथी गुठी जग्गामा महन्त क्षेत्र बहादुर पुरीसंग मिलोमतो गरी निजकी पत्नी छोरा छोरी लगायतका परिवारको र नातेदार बासुदेव समेतको २०३५।१२।२७ मा परेको निवेदनमा आफ्नो बहिनी नातेदार जयलक्ष्मी कठायतलाई निज महन्त क्षेत्रबहादुरबाट रोपनी ७-८-१ जग्गा मोहीयानी प्राप्त गर्न मोही कबुलियत भरपाई कागज घरायसी रुपमा खडा गरी गर्न लगाई निजबाट २०३६।१।६ मा निवेदन पार्न लगाई निजले उक्त सबै

निवेदनहरुमा कारवाई गरी एकातिर मोही लाग्दै नलाग्ने गुठी तैनाथी जग्गामा हकै नभएको महन्तले अरु महन्त नभएको समयमा २०२८ सालको कबुलियत कागज र २०३५ सालको भरपाई खडा गरेको घरायसी कागजलाई मान्यता दिई गुठी संस्थानलाई हानी पुऱ्याउने र आफ्नो नातेदार बहिनी जयलक्ष्मी खत्री (कठायत) को नाममा मोहियानी लिई पछि बिक्री गर्ने उद्देश्यले आफ्नो नातेदार बहिनी मार्फत आर्थिक लाभ प्राप्त गर्न गराउन बदनियतपूर्वक मोहियानी कायम गराएको देखिंदा निजले आफ्नो नातेदार बहिनी जयलक्ष्मीको नाममा जिन्सी जग्गा मोहियानी जग्गाको रुपमा प्राप्त गर्नुको साथै महन्तका पत्नी छोरा छोरी र नातेदार व्यक्तिहरुलाई पनि गुठी संस्थानको सार्वजनिक जग्गा बेचविखन हुने किसिमले अधिनस्थ कायम गरी मोहियानीको स्थायी प्रमाण पत्र दिई गुठी संस्थान जस्तो सार्वजनिक संस्थालाई नोक्सान पारी उक्त सार्वजनिक जग्गा आफ्नो नातेदार बहिनी जयलक्ष्मीको नाममा प्राप्त गरेको हुंदा निज बिष्णु प्रसाद खत्रीले भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), १३ को बर्खिलाप कसूर गरेकोले उपरोक्त दफामा तोकिएको कैद र जरिवानाको दावी लिई मुद्दा दायर गरिएको ।

(ज) महन्त क्षेत्रबहादुर पुरीले २०३६ सालसम्म फत्तेबहादुर पुरी महन्त रहेको समयमा आफू महन्त नभएको साथै २०३५।६।१५ को निर्णयले केदारेश्वर महादेव गुठीको दरबन्दीमा नियुक्त भएको व्यक्तिले २०२८ सालमा जग्गा कमाउने गरी आफ्नै स्वास्नी छोरा छोरीलाई मोही कायम गर्ने उद्देश्यले जालसाजी कबुलियत खडा गरी २०३५ सालमा निजको श्रीमती कृष्णकुमारी पुरी, छोरा दयाराम, छोरी गोमा पुरी र नातेदारलाई जालसाजी भरपाई दिई आफ्नो अधिकार नै नभएको जग्गामा जग्गा कमाउने भनी कबूलियत र भरपाई गरी आफ्नो परिवार नातेदारहरुलाई मोहीयानी दिलाउन मोहियानी नलाग्ने जग्गाको विना अधिकार भूमिसुधार अधिकारी बिष्णुप्रसाद खत्रीको बहिनी नातेदार जयलक्ष्मी कठायतको नाउंमा मोहियानी दिलाई निज मार्फत् निज भूमिसुधार अधिकारीलाई जग्गा दिए दिलाएको देखिंदा सो कार्यले गुठी संस्थानको एकलौटी हक लाग्ने सार्वजनिक जग्गामा मोही कायम गर्दा गुठी अधिनस्थ हुन गई मोहीले जग्गा किनबेच गर्न पाउने हुंदा मोही कायम गराई सो सम्पत्ति खाने उद्देश्यले गुठीको हक बञ्चित हुन गई गुठी संस्थानलाई नोक्सान परेको हुंदा निजलाई भ्र.नि.ऐन, २०१७ को दफा ४ र ८, १३ बमोजिम कसुर गरेकोले सोही दफा बमोजिम हदैसम्मको सजायको दावी गरी मुद्दा चलाइएको ।

(ट) महन्त क्षेत्रबहादुरका नातेदारहरु बासुदेव पुरी, केशर बहादुर, राजकुमार समेतले मोही नै नलाग्ने गुठी तैनाथी जग्गामा गुठीको बन्दोवस्ती गर्न अधिकारै नभएको २०३५।६।१५ को निर्णयबाट गुठी संस्थानले केदारेश्वर गुठीको महन्त नियुक्ति गरेको व्यक्तिबाट २०२८ सालमा कबुलियत गरेको कागज बनाई गैर कानूनी कबुलियत खडा गरी २०३५ सालको बाली बुझेको भरपाई बनाई झूठो कार्य गरी मोही बनी उक्त जग्गामा बेचविखन गर्ने अधिकार प्राप्त गरी गुठी अधीनस्थ जग्गाको मोही सरह बेखविखन गर्ने अधिकार प्राप्त गर्न आफू मोही बनी महन्त क्षेत्रबहादुर र भू.सु.अ. बिष्णु प्रसाद खत्रीसंग मिली आफूले लिने खाने नियत गरी मोही कायम गराई भ्र.नि.ऐन, २०१७ को दफा ४ र ८, १३ को कसूर गरेकोले निजहरुलाई सोही बमोजिम सजायको माग दावी गरी मुद्दा दायर गरिएको ।

(ठ) महन्त क्षेत्रबहादुरकी पत्नी कृष्णकुमारी पुरी, छोरी गोमा पुरी, छोरा जयराम र भू.सु.अ. बिष्णुप्रसाद खत्रीका नातेदार जयलक्ष्मी खत्री (कठायत) ले आफ्नो पति पिता र नातेदारको हैसियतमा उक्त मिलोमतोमा परी गुठी संस्थानलाई नोक्सानी र आफूलाई फाइदा हुने बदनियत गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिनाले भ्र.नि.ऐन, २०१७ को दफा १६(क) को कसूर गरेकोले सोही बमोजिम सजायको दावी लिई मुद्दा चलाइएको ।

(ड) विगोको हकमा मालपोत कार्यालयले तोकेको मूल्यको आधारमा जग्गाको मूल्य कायम गरी गुठी संस्थान कार्य व्यवस्था विनियम २०४९ को २७(६) बमोजिम तीन भागको एक भाग विगो दावी गरी निम्न अनुसार विगो भराउने निर्णय गरिएको ।

सि.नं.	नाम	रोपनी	दर	कूल मूल्य	दावी गरेको मूल्य
१.	बिष्णुप्रसाद खत्री	७–८–१	२,२५,०००।–	१६,९१,०१५।–	५,६३,६७१।६६
२.	जयलक्ष्मी कठायत	ऐ ऐ	ऐ ऐ	ऐ ऐ	ऐ ऐ
३.	केशर बहादुर	११–८–०	ऐ ऐ	२५,८७,५००।–	८,६२,५००।–
४.	बासुदेव पुरी	१२–०–०	ऐ ऐ	२७,००,०००।–	९,००,०००।–
५.	राजकुमार	१०–०–०	ऐ ऐ	२२,५०,०००।–	७,५०,०००।–
६.	कृष्णकुमारी पुरी	११–५–०	ऐ ऐ	२४,४५,३१२।–	८,४८,४३७।०३
७.	गोमा पुरी	११–११–२	ऐ ऐ	२६,३६,७१८।७५	८,७८,९०६।२५
८.	जयराम	१०–०–०	ऐ ऐ	२२,५०,०००।–	७,५०,०००।–
९.	क्षेत्रबहादुर पुरी				

(श्रीमती, छोरा छोरी) ३३–०–२ ऐ ऐ ७४,३२,०३०।७५ २४,७७,३४३।५८

उपरोक्त दूषित मोहीयानी दर्ता गरेको सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम कारवाई गर्न र यो गुठीको जग्गा सुरक्षित गरी पुनः नापी बमोजिम यथावत कायम गरी गुठी सम्पत्ति सुरक्षित गर्ने कारवाई गरी आयोगलाई जानकारी दिन गुठी संस्थानलाई लेखिएको ।

५.१.३ शिवालय गुठीको बिष्णु गा.वि.स. वडा नं. ३ (क) कि.नं. १३३ को जग्गा खड्ग बहादुरले रैकरमा दर्ता गरी विभिन्न व्यक्तिहरुलाई हक हस्तान्तरण गरेकोमा सो कि.नं. १३३ मध्ये कित्ता काट गरी कायम भएको कि.नं. १६४,१६५,१६७,१७५ को जग्गा ४–१४–१ मनोज मानन्धरले लिखत पारित गरी लिएकोमा गुठी जग्गा रैकरमा दर्ता गरेको विषयमा कारवाई भई गुठी संस्थानबाट मिति २०४८।१२।२६ मा रैकरको लगत कट्टा गरी गुठी कायम गर्ने गरेको गुठी संस्थानको निर्णय सदर हुने गरी मिति २०५०।१२।२७ मा फैसला भएपछि सो कि.नं. १६४, १६५,१६७,१७५ मा मोही कायम गरी पाउं भन्ने गुठी संस्थानमा निवेदन परेकोमा गुठी जग्गालाई रैकर बनाई जाना जान हक हस्तान्तरण गराई लिने मनोज मानन्धर समेतलाई गैर कानूनी लाभ पुऱ्याउने गुठी संस्थानका प्रशासक बिष्णुप्रसाद सिग्देलले बदनियत लिई भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा निम्नानुसार गरिएको :–

बिष्णु गा.वि.स. वडा नं. ३ कि.नं. ११३ को गुठी जग्गा रैकरमा दर्ता गरेको विषयमा उजुरी परी गुठी संस्थानबाट मिति २०४८ चैत्र २६ मा रैकरको लगत कट्टा गरी गुठी कायम हुने ठहर भएको गुठी संस्थानका प्रशासकको निर्णय विरुद्ध रैकर भनी जग्गाको लिखत गरी लिने मनोज मानन्धरको पुनरावेदन पर्दा रैकर लगत कट्टा गरी गुठी कायम हुने गुठी संस्थानको निर्णय सदर हुने फैसला भई सो फैसला अन्तिम भइरहेको छ ।

गुठी संस्थानको निर्णय विरुद्ध मनोज मानन्धरको पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट फैसला हुंदा बलराम कार्की मोही भएकोमा विवाद देखिएन भन्ने उल्लेख भै अदालतको फैसलाले समेत मोही कायम हुने ठहर भई सकेकोले मेरो नाममा मोही कायम हुनु पर्छ भन्ने बलराम कार्कीको दावी रहेको र गुठी रैकर विवादमा फैसला भएको हो मोही विषयमा फैसला भएको होइन मेरो नाममा मोही कायम हुनु पर्छ भन्ने मनोज मानन्धरको दावी भएकोमा गुठी रैकर विवादमा गुठी संस्थानको निर्णय विरुद्ध पुनरावेदन परी पुनरावेदन अदालतबाट फैसला भएको छ । गुठी रैकर विवादमा अदालतको फैसलामा उल्लेखित बलराम कार्की मोही भएको विवाद देखिएन भन्ने उल्लेख भएको असंगत कथनका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार असंगत कथनलाई निर्णयको स्थान दिन मिल्दैन । विषयवस्तु वाहेकको अनावश्यक कुरा बोलेकोलाई निर्णयाधारको स्थान दिन कानून संगत हुँदैन भन्ने राम विलास विरुद्ध जनकपुर अंचल अदालत भएको मुद्दामा सिद्धान्त प्रतिपादित भएको छ ।

मनोज मानन्धरले मोही घनश्यामबाट जग्गा लिएको हुंदा गुठी संस्थान ऐन, २०३१ को दफा २६(७), २७ र ३.५(२) बमोजिम मेरो नाममा मोहीयानी कायम हुनु पर्छ भन्ने दावी लिएकोमा यिनै मनोज मानन्धरले यसै जग्गाको विषयलाई लिएर निषेधाज्ञा जारी गरी पाउं भनी दिएको मुद्दा पुनरावेदन अदालतबाट मिति २०५०।१२।१७ मा खारेज भएको छ भने यिनै मनोज मानन्धरले गुठी संस्थानसमेत विरुद्ध यसै जग्गाको विषयलाई लिएर दायर गरेको निषेधाज्ञा जारी गरी पाउं भनी दिएको निवेदन खारेज हुने र चित्त नबुझे सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी पुनरावेदन अदालतबाट मिति ०५२।९।१९ मा फैसला भएकोमा सो फैसला अनुसार पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिएको छ ।

विवादित जग्गा कस्तो किसिमको जग्गा हो भन्नेतर्फ हेर्दा यो कि.नं. ११३ को जग्गा ३ शिवालय गुठीको कृष्ण विक्रम राणालाई कुत बुझाई आएको भन्ने देखिंदा यो जग्गा सादिकमा गुठी अधिनस्थ जग्गा रहेको देखिन्छ । यही जग्गा मध्ये ३–९–३–१ बलरामले पासाङ्ग लेम्बा लामालाई लिखत गरी दिएको जग्गा समेत पूरै जग्गा खड्ग बहादुरले रैकरमा दर्ता गरी २ नं. अनुसूचीमा देखिएको मोही घनश्याम कार्की समेतलाई लिखत गरी घनश्यामले सोही जग्गा अरु व्यक्तिलाई लिखत गरी तह तह हुँदै मनोज मानन्धरले लिएको र रैकरमा दर्ता गरी खड्ग बहादुरले घनश्याम मोही भएको जग्गा भनी विभिन्न व्यक्तिलाई लिखित गरी दिएकोमा सो लिखतहरु बदर गराउन बलरामले कारवाई चलाएको कि.नं. ११३ बदर भई कायम भएको कि.नं. १६४, १६५, १६७, १७५ को ४–१४–१ जग्गा मोही नभएको भनी मनोज मानन्धरले रैकर जग्गा भनी लिखत गरी लिएको, निजको पुनरावेदनमा रैकर जग्गाको लगत कट्टा गर्ने गुठी संस्थानको निर्णय सदर गरी पुनरावेदन अदालतले फैसला गरेपछि सो जग्गामा निजको हक नरहेको हुंदा भूमि सम्बन्धी ऐन, २०२१ को दफा २(ख) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त निर्णय नं. ४४७० मिति ०४९।७।१५,

निर्णय ३०१९ मिति ०४४।३।४, रीट नं. १४७८ फैसला मिति ०४६।१०।८ बमोजिम सो जग्गाको मोही मनोज मानन्धर हुन नसक्ने प्रष्ट छ ।

पुनरावेदन अदालतको फैसलामा बलराम कार्की मोही भएको विषयमा विवाद देखिएन भन्ने जुन वाक्यांश उल्लेख भएको छ सो सम्बन्धमा अदालतमा मुद्दा पर्दा गुठी रैकर विवादमा मात्र मुद्दा परेकोले अदालतको फैसलामा उल्लेखित उक्त असंगत कथन सम्बन्धमा विषयवस्तु बाहेकको अनावश्यक कुरा बोलेको कुरालाई निर्णयाधारको स्थान दिन कानून संगत हुदैन भन्ने सिद्धान्तसमेत प्रतिपादित भएको हुंदा बलराम कार्की मोही कायम भएको भन्न मिल्ने नदेखिएको, पुनरावेदन अदालतको मिति २०५२।९।१९ को फैसलामा विवादित जग्गाको मोही विवाद सम्बन्धमा अधिकार प्राप्त निकाय गुठी संस्थानबाट कारवाई भइरहेको सो निकायबाट प्रमाणको मूल्यांकन गरी निर्णय हुने नै हुंदा भन्ने वाक्यांश उल्लेख भएको हुंदा सो फैसलाबाट समेत बलराम कार्की मोही कायम भएको भन्ने देखिदैन । मनोज मानन्धर समेतका नाउंको मोही नभएको रैकरको दर्ता बदर भई गुठी कायम भएपछि सो जग्गाको सम्पूर्ण हक गुठीको कायम भएको हुंदा यो जग्गा गुठी तैनाथी कायम हुन आएको छ । गुठी तैनाथी जग्गाको बन्दोवस्त गुठी संस्थान ऐनको दफा २५ बमोजिम गर्नु पर्ने व्यवस्था छ भने दफा ३(२) ले ऐन प्रारम्भ हुंदा गुठीको स्वीकृति नलिई घर बनाएकोमा संस्थानले तोकेको दस्तुर लिई मोहीयानीमा दर्ता गरी दिन सक्ने व्यवस्था गरेको र दफा ५५ मा रैकरमा दर्ता भएको जग्गा गुठीमा दर्ता गरी त्यस्तो जग्गामा घर बनाएको रहेछ भने सो जग्गामा भू बहाल लाग्ने व्यवस्था रहेको छ ।

गुठी संस्थान ऐन, २०३३ बमोजिम गुठी जग्गामा मोही कायम गर्ने विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा १७(१२) दफा २६(१,७), २७, ३५ मा उल्लेख भएको छ । गुठी तैनाथी जग्गाको बन्दोवस्त दफा २५ को अधिनमा रही संचालक समितिले गर्न सक्ने १७ (१२), ३५ को प्रयोग समितिले गर्न सक्ने व्यवस्था छ भने दफा २६, २७ बमोजिमको कारवाई गुठी संस्थान, कार्य व्यवस्था विनियमको दफा १२ बमोजिम गुठी कार्यालयले गर्न सक्ने व्यवस्था छ ।

प्रशासकको अधिकार गुठी संस्थान, कार्य व्यवस्था विनियमको नियम ७ मा उल्लेख गरिएको छ । सो नियममा समेत मोहीको विषयमा निर्णय गर्ने अधिकार प्रशासकलाई प्रदान गरेको छैन । विनियमको नियम १२ ले अधिनस्थ जग्गामा मोही कायम गर्ने विषयमा कारवाई गर्ने अधिकार गुठी कार्यालयलाई दिएको छ । गुठी संस्थानका प्रशासकले विनियमको नियम ७ मा उल्लेख भए वाहेकको विषयमा निर्णय गर्न सक्ने देखिदैन भने यो विषयको कारवाई संचालक समितिमा पेश भई संचालक समितिको विचाराधीन रहेको अवस्था विद्यमान छंदा छदै संचालक समितिको विचाराधीन रहेको विषय संचालक समितिले अधिकार प्रत्यायोजन नै नगरेको अवस्थामा प्रशासक बिष्णु प्रसाद सिग्देलले गैर कानूनी निर्णय गरेको प्रष्ट छ । गुठी संस्थानका प्रशासकलाई निर्णय गर्ने अधिकार नभएको मात्र होइन मनोज मानन्धरले गुठी संस्थान, संचालक समितिसमेत विरुद्ध निषेधाज्ञा जारी गरी पाउं भनी दायर गरेको मुद्दामा गुठी संस्थान, संचालक समिति र गुठी संस्थानका प्रशासक समेतको तर्फबाट अदालतमा पेश भएको जवाफमा यो विवादित जग्गामा गुठी संस्थान ऐन, २०३३ को दफा ५५ आकर्षित हुने भन्ने उल्लेख गरेको र सो लिखित जवाफबाट आफू विवादित हुंदा हुंदै सम्पूर्ण हक अधिकार कायम भएको जग्गामा गुठी संस्थानलाई हानी मनोज मानन्धरलाई लाभ हुने गरी अनाधिकार बदनियत गरी मनोज मानन्धरलाई मोही कायम गर्ने गरी गैर कानूनी निर्णय गरेको पुष्टि हुन आएको छ ।

माथि उल्लेखित तथ्यबाट विवादित जग्गा गुठी तैनाथीका रुपमा कायम भई सकेको हुंदा हुंदै मोही कायम हुनै नसक्ने मनोज मानन्धरलाई आफूलाई अधिकारै नभएको संचालक समितिको विचाराधीन रहेको अवस्थाको संचालक समितिको अधिकार भित्रको र संचालक समितिले अधिकार प्रत्यायोजन नै नगरेको विषयमा आफूलाई हुंदै नभएको अधिकार प्रयोग गरी मनोज मानन्धरलाई लाभ गुठी संस्थानलाई हानी हुन जाने गरी मोही कायम गर्ने बिष्णु प्रसाद सिग्देलको निर्णय सरासर बदनियतपूर्ण छ ।

निज बिष्णु प्रसाद सिग्देलको गैर कानूनी निर्णयबाट सम्पूर्ण हक गुठीको कायम भई सकेको सम्पत्ति जग्गा रोपनी ४-१४-१ जानी जानी गुठीलाई हानी नोक्सानी पुऱ्याई मनोज मानन्धरलाई लाभ पुऱ्याउने गरी बदनियतपूर्वक नेपाल कानूनको जानी जानी पालना नगरी भ्र.नि.ऐन, २०१७ को दफा ७(१) को कसूर गरेको र मनोज मानन्धरले प्रचलित कानून तथा प्रतिपादित सिद्धान्त बमोजिम मोही कायम हुन नसक्नेमा जाना जान गुठीलाई हानी आफूलाई लाभ पुऱ्याउने बदनियत गरी मोही कायम गराई मनोज मानन्धरले भ्र.नि.ऐन, २०१७ को दफा ८ र २९ अन्तर्गतको कसूर गरेकोले मनोज मानन्धरबाट उक्त ४-१४-१ जग्गाको हुने विगो प्रति रोपनी रु. २४ लाखले हुने जम्मा रु. १,१७,३७,५००।- को गुठी संस्थान, कार्य व्यवस्था विनियम २०४९ को नियम २७(६) बमोजिम ३ खण्डको १ खण्डले हुने रु. ३९,१२,५००।- र सो बमोजिम जरिवाना समेत असूल गर्न दावी लिई बिष्णुप्रसाद सिग्देल र मनोज मानन्धर

विरुद्ध अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ४, १८, ३० बमोजिम पुनरावेदन अदालतमा मुद्दा दायर गरिएको ।

५.१.४ मिति २०५।९।५ मा हङ्गकङ्गबाट काठमाडौं आएका सुदीप थकालीले ल्याएको करिव १४ किलो सुन पुलिसलाई दिई तस्करी गर्दा कै अवस्थामा सुदीप थकाली र पुलीसलाई भन्सारका कर्मचारीले पक्राउ गरी कारवाई चलाएकोमा प्रमुख भन्सार प्रशासक डम्बर बहादुर पन्त, केशव आचार्य, गोविन्द बहादुर थापा, नूतन राज श्रेष्ठ समेतले भ्रष्टाचार गरी १० किलो सुन तस्कर सुदीप थकालीलाई फिर्ता दिए भन्ने उजुरी सम्बन्धमा निम्न बमोजिम गरिएको :–

(१) मिति २०५१९।५ मा सुदीप थकालीले ३ किलो ७२० ग्राम सुन प्रहरी जितेन्द्र कार्कीलाई दिई चोरी पैठारी गर्दा गर्दैका अवस्थामा पक्राउ गरी निज सुदीप थकालीको झोला खानतलासी गर्दा ९ किलो ८५८ ग्राम सुन फेला परेको र निजको साथबाट कमल कुमार लिम्बुको नामको आयश्रोत कागज फेला परेको, ३ किलो ७२० ग्राम लिनु दिनु गरेकोमा सुदीप थकाली र जितेन्द्र कार्की सावित भएका देखिन्छन् भने बरामदी मुचुल्कामा सुदीप थकालीले आफ्नै आयश्रोतबाट ल्याएको सुन ९ किलो ८५८ ग्राम हो भन्ने उल्लेख गरे तापनि निजकै आयश्रोतबाट ल्याएको हो भन्ने आधार प्रमाण निजले तत्काल मौका मुचुल्का हुंदा देखाउन, दाखिल गर्न सकेको छैन । निजले कानून नियम अनुसार सुन ल्याएको भए जितेन्द्र कार्कीलाई ३ किलो ७२० ग्राम सुन गैर कानूनी तरिकाले दिनुपर्ने कानूनी तथा तर्क संगत आधार प्रमाण देखिदैन । भन्सार कार्यालयमा बयान गर्दा ९ किलो ८५८ ग्राम सुन घोषणा गरी लैजाने विचार थियो भन्ने उल्लेख गरेका छन् । रीतपूर्वक घोषणा गरी लैजाने नियत भएको भए जितेन्द्र कार्कीलाई दिनु पर्ने कारण र औचित्य नदेखिनुका साथै विदेशबाट आउने यात्रुले अध्यागमन कार्यालयमा गई नाम दर्ता गरेपछि भन्सार क्षेत्रमा प्रवेश गरी ल्याएको सुन घोषणा गर्ने प्रयोजनको लागि लामो फाराम भर्नु पर्नेमा सो बमोजिम नगरी अध्यागमन क्षेत्रमा नै सुन चोरी पैठारी कार्यमा संलग्न रहेको प्रमाणित भएकोले निजले कानून सम्मत तरिकाले रीतपूर्वक घोषणा गरेको भन्ने देखिन आएन ।

(२) निज सुदीप थकालीले रीतपूर्वक सुन घोषणा गर्ने प्रयोजनको लागि लामो फाराम नभरेको, निजले भन्सार कार्यालयमा गरेको बयानमा घोषणा गरी लैजाने विचार थियो भन्नेसम्म उल्लेख गरेको तर लामो फाराम भरेको छ भन्ने दावी लिन नसकेको वा लामो फाराम भर्न पाउनु पर्छ भन्ने दावी लिई कारवाई गरेको समेत नदेखिएको, मिति २०५१९।५ को मौका मुचुल्कामा अभियुक्त सुदीप थकालीको व्याग खोली हेर्दा निजको व्यागमा ९ किलो ८५८ ग्राम सुन भएको र व्यागबाट कमल कुमार लिम्बुको आयश्रोतको कागज फेला परेको भन्ने स्पष्ट उल्लेख भएको हुंदा त्यस अवस्थामा सुदीप थकालीले रीतपूर्वक घोषणा नगरेको सुन निजको व्यागमा पाइएको भन्ने हुंदा निजले सो सुन रीतपूर्वक घोषणा नगरेको र त्यस बखत निजको नाउंमा आयश्रोतको प्रमाण नभएको पुष्टि हुन आएको छ । निजको आयश्रोत कागज भए तत्काल निजले देखाउन खुलाउन सक्नु पर्नेमा मौका मुचुल्का तथा भन्सार कार्यालयमा गरेको मिति ०५१९।५ को बयानमा समेत सो कुराको जिकिर र पुष्टि हुने प्रमाण पेश गर्न नसकेको ०५१९।६ मा आयश्रोतको प्रमाण पेश गरेको उल्लेख गरे पनि ०५१९।५ मा पेश गरेको आधार नदेखिएको निजले उक्त ९ किलो ८५८ ग्राम सुन कानून बमोजिम महसुल तिर्ने उद्देश्यले ल्याएको भन्ने कुरा देखिएन, प्रमाणित हुन आएन ।

(३) निज सुदीप थकालीले ३ किलो ७२० ग्राम चोरी पैठारी गर्दाकै अवस्थामा पक्राउ परेपछि निजको साथमा रहेको ९ किलो ८५८ ग्राम सुन गैह्र कानूनी किसिमले चोरी पैठारी गर्ने प्रयास गरेको कुरा तत्काल भएको मौका मुचुल्काले पुष्टि गर्दछ । निजले असल नियतले कानून सम्मत तरिकाले उक्त सुन ल्याएको भन्न मिल्दैन । प्रमाण ऐनको दफा १० बमोजिम तत्काल मौका मुचुल्काबाट समेत यो कुरा पुष्टि हुन्छ ।

(४) सुदीप थकालीले आफ्नै आयश्रोतको सुन भन्ने उल्लेख गरेको भए पनि निजले तत्काल मौका मुचुल्का हुंदा श्रोतको प्रमाण देखाउन सकेको छैन । जफत हुने सुन लिने प्रयास गर्न निजको नामको आयश्रोतको प्रमाण पछि पेश भएको र सो कागज डोजेन्द्र गौचनले पेश गरेको भन्सार कार्यालय तथा भन्सार विभागको पत्रबाट देखिएको हुंदा मौकामा मुचुल्का हुंदा पेश नगरी पछि पेश गरेको र सो कागज तोकिएको निकायबाट प्रमाणित भएको नभई जुनसुकै बखत आफैले तयार गर्न सकिने हुंदा त्यस्तो मौकामा पेश नभएपछि पेश गरेको कागजलाई आधार मान्न मिल्ने देखिदैन ।

(५) निज सुदीप थकालीले ३ किलो ७२० ग्राम सुन जितेन्द्र कार्कीलाई दिंदा दिंदैका अवस्थामा पक्राउ गरेको कुरा संलग्न कागजात र निजहरुको बयानले सिद्ध भएपछि निजले ल्याएको केही सुन चोरी पैठारी गर्ने नियतले ल्याएको, केही सुन कानून सम्मत तरीकाले ल्याएको हो भन्ने तर्क हास्यास्पद हुन्छ । निजले चोरी पैठारी गरेको हुंदा निजको नियत असल थिएन भन्ने कुरा स्वतः पुष्टि भएको हुंदा प्रमाण ऐनको दफा ७(ग) बमोजिम निजको झोलाबाट बरामद

भएका ९ किलो ८५८ ग्राम सुन निजले गैर कानूनी तरिकाले चोरी पैठारी गर्न ल्याएको हो भन्ने कुरा स्वतः अनुमान गर्न सकिने प्रष्ट छ ।

(६) प्रमुख भन्सार प्रशासक डम्बर बहादुर पन्तले आफ्नो निर्णयमा सुदीप थकालीलाई पक्राउ गरी भन्सार कक्षमा ल्याई सोधपूछ गर्ने क्रममा निजले आफूसंग ९ किलो ८७८ ग्राम सुन भएको जानकारी गराएको, तत्काल निजले उक्त सुनको आयश्रोत आफैले पेश गरेको भन्ने उल्लेख गरेको छ जबकि मौका मुचुल्का हुंदा निजले रीतपूर्वक घोषणा गरेको भन्ने उल्लेख छैन, निजलाई पक्राउ गरी निजको झोला जांच गर्दा उक्त सुन भेटिएको भन्ने उल्लेख छ । मौकामुचुल्काबाट निजले यो सुन घोषणा गरेको थियो भन्ने कुराको पुष्टि गर्ने कुनै प्रमाण छैन निजले मुचुल्कामा आफ्नै श्रोतबाट ल्याएको भन्नेसम्म उल्लेख गरेको तर सो कुरालाई पुष्टि गर्ने प्रमाण देखाउन नसकेको र मौका मुचुल्कामा निजको आयश्रोत नपाएको, तत्काल निजले श्रोतको प्रमाण पेश गरेको खुलाएको नदेखिएको, निज सुदीप थकाली चोरी पैठारी कार्यमा संलग्न रहेको प्रष्ट छंदाछंदै सो कुरालाई वेवास्ता गरी भन्सार प्रशासकले निर्णयमा उल्लेख गरेको उपरोक्त कुरा मन गढन्ते तथा आधारहीन देखिन्छ ।

(७) डम्बर बहादुर पन्तले आफ्नो निर्णयमा सुदिप थकालीले ल्याएको सुन निजले लुकाई छिपाई ल्याएको नभई निजले जानकारी गराए अनुसार निजको आयश्रोतको सुन भएकोले चोरी पैठारी गरेको वा गर्न लागेको भन्न मिल्दैन, भन्सार ऐनको दफा २(ठ) अनुसारको अपराध होइन भन्ने व्याख्या गर्न खोजेको देखिन्छ तर निर्णयकर्ताले भन्सार ऐनको दफा ६,१९, ३४ प्रमाण ऐन, दफा ७(ग), १०, २९ को प्रत्यक्ष वेवास्ता र उल्लंघन गरेको छ । सुदीप थकालीबाट बरामद भएको उल्लेखित सुन चोरी पैठारी गरेको भन्ने प्रमाण ऐनको दफा ७(ग) बमोजिम कारवाई गरी राखेकोमा निज सुदीप थकालीले प्रमाण ऐनको दफा २९ बमोजिम खण्डन गरेको वा प्रमाण पुऱ्याएको छैन । यस्तो स्थितिमा निर्णयकर्ताले ऐन तथा मौका मुचुल्काको वेवास्ता गरी जफत नगरेको र सुदीप थकालीलाई लाभ र श्री ५ को सरकारलाई हानी पुऱ्याउने बदनियतपूर्ण निर्णय गरेको छ ।

(८) निर्णयकर्ता डम्बर बहादुर पन्तले स्वयम ९ किलो ८५८ ग्राम सुन २०५२।३।२० को पत्रसाथ सुदीप थकाली, जितेन्द्र कार्कीको नामबाट राष्ट्र बैंकमा पठाएको छ । जफत हुने अवस्थाको नभए जितेन्द्र कार्की समेतको नाम उल्लेख गर्नु पर्ने कारण नै नभएकोमा त्यस तर्फ निर्णयकर्ताले कुनै कुरा उल्लेख गर्न सकेको छैन । भन्सार ऐनको दफा १६ बमोजिम सुदीप थकालीसमेत लाई पक्राउ गरिएको हो भन्ने कुरा तत्काल खडा गरिएको बरामदी मुचुल्काले प्रष्ट गरेको देखिन्छ भने भन्सार ऐनको दफा १९ बमोजिम सुदीप थकालीको झोलामा रहेको सुन कब्जामा लिएपछि सो सुन भन्सार ऐनको दफा ३४ बमोजिम जफत गर्नु पर्नेमा भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासकको महसूल लिई राष्ट्र बैंकलाई बिक्री गरी प्राप्त भएको रकम फिर्ता दिने मिति २०५२।५।४ को निर्णय नियम कानून विपरित भएको देखियो । निर्णयकर्ताले उही दिन उही समयमा भएको वारदातमा एउटै व्यक्तिबाट समातिएको ३ किलो ७२० ग्राम र ९ किलो ८५८ ग्राम सुनको अलग अलग निर्णय गरेकोमा एक मान्छेको विषयमा अलग अलग निर्णय दिनु पर्ने प्रयोजन नभएको र ९ किलो ८५८ ग्राम सुन फिर्ता दिने मिति २०५२।५।४ र ३ किलो ७२० ग्राम जफत गर्ने मिति ०५२।५।२६ मा निर्णय गरेकोमा सबै १३ किलो ५७८ ग्राम सुन जफत गर्नु पर्नेमा सो नगरी ९ किलो ८५८ ग्राम सुन फिर्ता दिने निर्णय दुराशययुक्त छ ।

(९) डम्बर बहादुर पन्तले बयानमा " सो सुन सम्बन्धमा पूर्व भन्सार प्रमुखले भन्सार विभागमा निर्णयार्थ पेश गर्दा सम्बन्धित विषय भन्सार प्रमुखको अधिकार क्षेत्रभित्र परेकोले मौका परिस्थिति हेरी निर्णय गर्नू भन्ने भएकोले सो सुन जफत गर्नु पर्ने थियो भने विभागबाट स्पष्ट निर्णय हुनु पर्ने थियो, सुदीप थकालीले ल्याएको सुन मध्ये ३ किलो ७२० ग्राम सुन सम्बन्धमा कसूर गरेको देखिने ९ किलो ८५८ ग्रामको हकमा तत्काल कसूर हुने नठहरेको मनसाय पूर्व भन्सार प्रमुखको आदेशले जनाएको र भन्सार ऐनको दफा ३४(ख) बमोजिम जफत गर्न नमिल्ने देखिएकोले सबैसंग राय सल्लाह लिएर निर्णय गरेको हुं, मैले गरेको निर्णय भन्सार विभाग अर्थ मन्त्रालयले फायल अध्ययन गरी सकेको र मलाई कुनै आक्षेप नलागेको हुंदा मैले गरेको निर्णय कानून सम्मत छ " भनी जिकिर लिएकोमा भन्सार विभागबाट मिति २०५१।११।१४ मा भन्सार प्रमुखले नै कानून बमोजिम निर्णय दिनू भन्ने आदेश भएको देखिंदा भन्सार विभागको उक्त आदेश कानून सम्मत देखिन्छ । पूर्व प्रमुखले ९ किलो ८५८ ग्राम सुनको हकमा कसूर नगरेको मनसाय पूर्व प्रमुखको आदेशबाट देखिन्छ भन्ने जिकिरका सम्बन्धमा पूर्व प्रमुखले निर्णय गर्न बांकी राखेकोमा निर्णय दिने अधिकारीले कानूनसम्मत तरिकाले सबै तथ्यको आधारमा निर्णय दिनु पर्ने हुंदा पूर्व प्रमुखको मन्तव्य पनि यस्तो रहेको भन्ने डम्बर बहादुर पन्तको जिकिर मुनासिव देखिएन । सबैसंग सरसल्लाह लिएको भन्ने निजको भनाईको हकमा को को संग राय लिएको छ निजले खुलाउन नसकेको र राय लिएको भन्ने फाइलबाट समेत पुष्टि हुदैन । राय लिएको वा नलिएको जे भए पनि न्यायिक निर्णय गर्नु पर्ने कुरामा निर्णयकर्ताले कानून बमोजिम सबूद प्रमाण, वस्तुगत

आधारको मूल्यांकन गरी निर्णय दिनु पर्ने हुन्छ । उपरोक्त तथ्यहरुको आधारमा डम्बर बहादुर पन्तले व्यक्तिलाई लाभ पुऱ्याउने अभिप्रायले प्रेरित भई कानून विपरित निर्णय गरेको प्रष्ट छ ।

(१०) जफत गरी श्री ५ को सरकारको कोषमा दाखिला गर्नु पर्ने उक्त ९ किलो ८५८ ग्राम सुन छोड्ने छोडाउने कार्यमा क–कसको संलग्नता छ भन्नेतर्फ अध्ययन गर्दा उजूरीमा मन्त्रीका सल्लाहकार केशव आचार्य, गोविन्द बहादुर थापा, भन्सार कार्यालयका समेत ३ जना कर्मचारीको मिलोमतोमा सो कार्य भएको उल्लेख भएकोमा प्राप्त कागजात, डम्बर बहादुर पन्तको बयानबाट निजहरुको संलग्नता रहेको भन्ने कतैबाट देखिन आएन ।

(११) भन्सार महानिर्देशक नूतन राज श्रेष्ठको समेत संलग्नता रहेको भन्ने उजूरीको हकमा तत्कालीन प्रमुख भगवती कुमार काफ्लेले निर्देशनको लागि पेश गरेकोमा सुदीप थकालीले ल्याएको सुन छाड्न मिल्ने नमिल्ने सम्बन्धमा भन्सार ऐन बमोजिम भन्सार कार्यालयका प्रमुखको अधिकार भएको हुंदा नूतनराज श्रेष्ठले कानून बमोजिम गर्न भन्सार कार्यालयलाई निर्देशन दिएको कार्य कानून सम्मत भएको देखिंदा यसमा निजको समेत संलग्नता रहेको भन्ने कुरा निराधार देखियो ।

तत्कालीन भन्सार कार्यालय प्रमुख भगवती कुमार काफ्लेले उक्त ९ किलो ८५८ ग्राम सुन महसूल लिई छाड्न मिल्ने नमिल्ने सम्बन्धमा विभागमा निर्देशन माग गर्दा विभागबाट २०५१।११।१४ मा भन्सार ऐन बमोजिम चोरी निकासी पैठारी सम्बन्धमा निर्णय ठहर गर्ने सम्पूर्ण अधिकार भन्सार कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र पर्ने हुंदा मौका मुचुल्का एवं प्रमाणको आधारमा भन्सार कार्यालय प्रमुखले कानून बमोजिम गर्नू भन्ने निर्देशन दिएको देखिएको, सुन छाड्ने निर्णय निज भगवती काफ्लेबाट भएको नदेखिंदा निजको संलग्नता रहेको देखिएन ।

माथि उल्लेखित प्रकरण १ देखि ९ सम्मका आधारहरुबाट जफत गर्नु पर्ने ९ किलो ८५८ सुनको महसूल लिई सो सुन सुदीप थकालीलाई फिर्ता दिन मिति २०५२।५।४ मा प्रमुख भन्सार प्रशासक डम्बर बहादुर पन्तले निर्णय गरेको देखिएकोले श्री ५ को सरकारलाई हानी सुदिप थकालीलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियत गरी निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिम कसूर गरेको देखिंदा निजलाई भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) बमोजिम र सुदीप थकालीले भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिम कसूर गरेकोले निज उपर ९ किलो ८५८ ग्राम सुनको मूल्य रु. ६४,१४,६००।६० को विगो र सोही ऐनको दफा ८, २९ को सजाय दावी गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(ख) र दफा ३० बमोजिम पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

५.१.५ भूमिसुधार सचिव बिष्णु प्रसाद खत्री र निजका दाहिने हात भनेर चिनिने उप सचिव मुकुन्दप्रसाद आचार्यको मिलोमतोमा भूमिसुधार मन्त्रालयमा लाखौं लाखको भ्रष्टाचार भएको जस मध्ये कम्प्यूटर सफ्टवेयरको खरीद, गाडी खरीद र अन्य विभिन्न सामाग्रीको आर्थिक ऐन नियम विपरित व्यक्तिलाई फाइदा र मन्त्रालयलाई नोक्सानी गरेको सम्बन्धमा २०५३ साल श्रावण १३ गते छलफल साप्ताहिकमा प्रकाशित उजूरीका सम्बन्धमा देहाय अनुसार गरिएको :–

भूमिसुधार मन्त्रालयमा विना टेण्डर सामान खरीद गरी व्यापक भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा भूमि सुधार मन्त्रालयबाट सवारी साधन एवं कम्प्यूटर सफ्टवेयर खरीद सम्बन्धी उठेको टिप्पणी सहितको सक्कल फायल सम्बन्धित पदाधिकारीहरुको बयान, अग्नी इनकर्पोरेटेडका मेनेजर (सम्बन्धित व्यक्ति) बाट कमाण्डर महेन्द्रा गाडी सम्बन्धमा र वर्ड डिष्ट्रीव्यूशन नेपालका बिमल ताम्राकारसंग ओरेकल सफ्टवेयर बिक्री सम्बन्धमा लिइएको जानकारी तथा श्री ५ को सरकारको आर्थिक प्रशासन सम्बन्धी मौजुदा नियम कानूनहरु अध्ययन, विश्लेषण गर्दा गाडी एवं सफट्वेयरको खरीदमा निम्नानुसारको आर्थिक प्रशासन नियमावली, २०४२ को विरुद्ध खरीद गरी अख्तियारको दुरुपयोग भएको देखिन आयो ।

भू.सु. तथा व्य. मन्त्रालयको गाडी खरीद सम्बन्धमा लेखा अधिकृत कृष्णप्रसाद वास्कोटाले मिति २०५३।१।५ मा उठाएको टिप्पणीलाई सह सचिव हेममेयर श्रेष्ठ, र प्रेम बहादुर प्रधानले सहमति जनाई २०५३।१।५ मा पेश गरेको र सचिव श्री बिष्णुप्रसाद खत्रीले सदर गरेको टिप्पणीमा आ.व. ०५२।५३ को लागि निकासा बजेट मध्ये ९,५०,०००।– गाडीको लागि रकम निकासा भएको र सो विनियोजित रकमले भ्याउने महिन्द्रा कमाण्डर ७५० डि.पि. जीप खरीद गर्न उपयुक्त देखिन्छ र यस सम्बन्धमा अग्नी इनकर्पोरेटड प्रा.लि. बाट रु. ९,३०,०००।– को कोटेशन प्राप्त भएको साथै आ.प्र. सम्बन्धी नियम, २०४२ सशोधन सहितको नियम १९ को उपनियम २(घ) बमोजिम कुनै पनि प्रोप्राइटरी सामान अथवा एक निर्माता वाहेक अर्को निर्माताबाट उत्पादन हुन नसक्ने विशेष सामान निर्धारित मूल्यमा खरीद वा निर्माता वा अधिकृत प्रतिनिधिबाट सोझै खरीद गर्न सकिने व्यवस्था भएकोले सम्बन्धित कोटेशनदाता अग्नी

इनकर्पोरेटेड प्रा.लि. एक मात्र एजेण्ट भएकोले उक्त एजेण्ट मार्फत निर्धारित मूल्यमा सवारी साधन खरीद गर्न मिल्ने देखिन्छ भनी पेश भएको टिप्पणीमा सचिवबाट २०५३।१।५ मा सदर भै २०५३।३।१४ अर्थात २८ मे जून १९९६ मा गाडी बुझी रु. ९,३०,०००।- बिक्रेता प्रा.लि.लाई भुक्तानी गएको देखिन्छ ।

सोही ऐन नियम उल्लेख गरी मालपोत, भूमिसुधार तथा नापी समेतका ल्याण्ड डाटालाई एकिकृत सफ्टवेयरमा कम्प्यूटराइज्ड गर्ने कार्यको लागि भौतिक तथा प्राविधिक पूर्वाधारहरु तयार भै नसकेकोले सफ्टवेयर निर्माण तथा विकासका लागि छुट्याइएको रकम सोही प्रयोजनको निम्ति खर्च गर्न सकिने स्थिति नभएको हुंदा उक्त रकम उपत्यका स्थित मालपोत, नापी तथा भू.सु. कार्यालयका जग्गाका अभिलेखहरु व्यवस्थित, अद्यावधिक तथा सुरक्षित गर्ने र उपयुक्त कोठाहरु सुधार एवं फर्निसिङ्ग कार्यमा खर्च गर्न भनी २०५३।१।३ मा चन्द्रकान्त आचार्य र रघुवर शाहले पेश गरेको टिप्पणीमा ओरेकल सफ्टवेयर किन्ने भनी सहसचिव प्रेम बहादुर प्रधानले लेखी पेश गरेकोमा सचिवले २०५१।१।२३ मा सदर गरेको छ ।

श्री ५ को सरकारद्वारा निर्मित आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ को परिच्छेद ५ मा खरीद तथा सरकारी काम गर्ने गराउने व्यवस्था भएको छ ।

उक्त नियमावलीको उप नियम (१) अनुसार अधिकार प्राप्त अधिकारीको लिखित आदेश प्राप्त गरेपछि कार्यालयले देहाय बमोजिमको रकम मालसामान खरीद वा ढुवानी गर्दा देहाय बमोजिम गरी गर्नु पर्छ र दर भाउ पत्र छल्ने उद्देश्यले कोषको अवस्था अनुसार एक पटक खरीद गरी हुनेमा पटक पटक गरी खरीद गर्न हुंदैन ।

(क) एक पटकमा रु. ५०००।- सम्म बजारबाट ।

(ख) एक पटकमा रु. ५०००।- भन्दा माथि निर्माण सामाग्रीको हकमा रु. १,५०,०००।- र अन्य सामानको हकमा रु. ५०,०००।- सम्म दर भाउ पत्रबाट ।

(ग) खण्ड (ख) मा लेखिएको अंक देखि माथि जति सुकै रुपैयाको भए पनि बोलपत्रमा घटाघटद्वारा ।

उप नियम (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दर भाउ पत्र वा बोलपत्र आवश्यक हुने छैन भनी (क) देखि (घ) सम्मको व्यवस्था गरेको पाइन्छ, जस मध्ये भूमिसुधार मन्त्रालयले उप नियम २(घ) अन्तर्गत रही खरीद गरेको छ ।

उप नियम (२) (घ) अनुसार :

(घ) कुनै योजनाको निमित्त चाहिने भनी विभागीय प्रमुखबाट स्वीकृत भएको प्रोप्राइटरी मालसामान निर्धारित मोलमा सो मालको निर्माता वा अधिकृत प्रतिनिधिबाट खरीद गर्दा ।

स्पष्टीकरण :- "प्रोप्राइटरी मालसामान भन्नाले एक निर्माता वाहेक अरु निर्माताबाट उत्पादन हुन नसक्ने विशेष मालसामान संझनु पर्छ ।"

यस प्रकारबाट मौजुदा ऐन नियमको मनसाय सबै विक्रेताहरुले खरीद कर्ताले किन्न चाहेको कुरामा आफूले कति सम्मको मोलमा दिन सकिन्छ भनी प्रतिस्पर्धामा भाग लिन पाउन् भन्ने मनसायबाटै रु. ५०,०००।- भन्दा माथिको माल सामानमा बोलपत्र वा घटाघटद्वारा किन्न सकिने व्यवस्था गरेको पाइन्छ । श्री ५ को सरकारबाट बनाइएको ऐन नियम श्री ५ को सरकारकै अंगहरुले उल्लंघन गरी गलत व्याख्या गरी प्रोप्राइटरी सामान भनी आर्थिक वर्षको अन्तमा अर्थात आषाढ १४ गते भारतीय गाडी र २३ गते (कम्प्यूटरको सामान) खरीद गरेकोलाई आ.प्र. नियमावलीको व्यवस्था अनुकूल भन्न सकिने स्थिति देखिन आएन ।

प्रोप्राइटरी सामानको सम्बन्धमा आ.प्र. नियमावली, २०४२ को उप नियम २(घ) मा प्रोप्राइटरी माल सामान भन्नाले एक निर्माता वाहेक अरु निर्माताबाट उत्पादन हुन नसक्ने विशेष माल सामानलाई जनाएको देखिन्छ ।

भारतीय महेन्द्रा गाडी प्रोप्राइटरी भित्र पर्छ पर्दैन भनी आयोगबाट मिति २०५३।२।२४ मा महालेखा नियन्त्रक कार्यालयमा जानकारी माग गरिएकोमा महालेखा नियन्त्रक कार्यालयको च. नं. २०६ मिति २०५३।२।३० को पत्रमा "टिम्बर कर्पोरेशनबाट खरीद भएको महेन्द्रा एण्ड महेन्द्रा भारतीय गाडी जस्तै उस्तै स्पेशिफिकेशन, उस्तै गुण तौल क्षमता भएको गाडीहरु अन्य निर्माता कम्पनीहरुबाट समेत उत्पादन हुन सक्ने भएकोले आ.प्र. सम्बन्धी नियमावली, २०४२ को उल्लेखित दफा अनुसार भारतीय गाडी महेन्द्रा एण्ड महेन्द्रालाई प्रोप्राइटरी सामान भनी टेण्डर आव्हान नगरी खरीद गर्न मिल्ने देखिदैन" भनी जानकारी प्राप्त भएको देखिन्छ ।

त्यस्तै भू.सु. मन्त्रालयबाट मिति २०५३।२।३ को टिप्पणी अनुसार प्रोप्राइटरी सामान भनी कम्प्यूटर हार्डवेयर नै नभएको अवस्थामा सफ्टवेयर ओरेकललाई प्रोप्राइटरी सामान भनी लेखा अधिकृतले गलत व्याख्या गरी पेश गरेको टिप्पणीको आधारमा र कम्प्यूटर नभएकोले खरीद गरिएको सफ्टवेयर टेष्ट समेत नहुने मौजूदा अवस्थामा प्रोप्राइटरी सामान भनी आर्थिक वर्षको अन्तमा अर्थात् असार २४ गते रु. ५,९८,६९५।- को सामान खरीद गरेको

आ.प्र. नियमावली प्रतिकूल भएको देखिन आयो । त्यस्तै भुक्तानी सम्बन्धमा पनि ओरेकल सफ्टवेयर टेष्ट नभएको कारणबाट सट्टे वा बिग्रेको के कस्तो अवस्थामा छ, मन्त्रालयलाई जानकारी नै नभएको अवस्थामा कम्पनीको " बिग्रेको रहेछ भने १० % ले सांवा व्याज समेत फिर्ता गर्ने " कम्प्यूटरमा भुक्तानी गरेको आ.प्र. नियमावली अनुकूल भए गरेको भन्न मिल्दैन ।

पुनः "यस आ.व. को लागि सफ्टवेयर निर्माण तथा विकासको लागि छुट्याइएको रकम सोही प्रयोजनको निम्ति खर्च गर्न सकिने स्थिति नभएको हुंदा उक्त रकम उपत्यका स्थित मालपोत, नापी तथा भूमिसुधार कार्यालयहरुका जग्गाका अभिलेखहरु व्यवस्थित, अध्यावधिक तथा सुरक्षित गर्ने र उपयुक्त कोठाहरु सुधार एवं फर्निसिङ्ग कार्यमा खर्च गर्ने गरी स्वीकृत हुन " भनी रघु शाहबाट ०५३।१।३ मा पेश भएको टिप्पणी सह सचिव प्रेम बहादुर प्रधानले "सफ्टवेयर ओरेकल २००० फर वर्क ग्रुप करीव १० Users खरीद गर्ने र बांकी रकम रकमान्तर गर्ने" भनी २०५३।१।३ मा लेखिएको टिप्पणी सचिव बिष्णुप्रसाद खत्रीबाट २०५३।१।३ मा कम्प्यूटर सफ्टवेयर किन्ने भनी सदर भएको र सोही अवस्थामा कम्प्यूटर हार्डवेयर नभएको अवस्थामा सफ्टवेयरलाई प्रोप्राइटरी सामान भनी लेखा अधिकृतले पेश गरेको र हेममेयर श्रेष्ठ र प्रेम बहादुर प्रधानले सहमति जनाई सचिवबाट सदर भई खरीद गरिएको देखिन आएको छ , जो आ.प्र. नियम १९ को प्रतिकूल भए गरेको देखिन आउंछ ।

प्रस्तुत भारतीय कमाण्डर गाडी र कम्प्यूटरको सामानका अनियमित खरीदमा रकम लिनु खानु गरेको कतैबाट पुष्टि हुन आएन । तर विक्रेता कम्पनी एजेण्टहरुमध्ये वर्ड डिष्ट्रीव्यूसन नेपालका प्रतिनिधि बिमल ताम्राकारलाई आयोगबाट बोलाई सोधपूछ गर्दा निजले यो कम्पनी ओरेकल सफ्टवेयर इण्डिया प्रा.लि., न्यू दिल्ली, भारतको कम्पनीको एजेण्ट हो र कम्पनीको प्राइसमा १५ % कमिशन लिई बिक्री गरिएको भनी मिति २०५३।५।१७ मा बयान गरेबाट प्रस्तुत सफ्टवेयर बिक्रीमा बिक्री मोल रु. ५,९८,६९५।- मा १५ % ले हुने रु. ८९,८०४।२५ ले कम्पनीलाई फाइदा भएको देखिन्छ ।

त्यस्तै, महेन्द्रा कमाण्डर भारतीय गाडीमा कम्पनीको तर्फबाट मैनेजर सन्दीप भौमिकले प्रति गाडी भा.रु. ५०००।- अर्थात् ने.रु. ८००७।५० कम्पनीको तर्फबाट कमिशन लिने गरेको र भू.सु.का. लाई गाडी बिक्री गर्दा रु. २८,०००।- मुनाफा लिइएको भनी एल.सी. रकम लगायत विभिन्न खर्चको ११ थान पाना भएको शीट पेश गरेको कागजातबाट देखिन आएको छ । पेश भएको ओभरहेड खर्च रु. २३,५४५।- को डकुमेण्टमा चाहिने रकम भन्दा करिव ५० % अनावश्यक रकमको खर्च देखिन्छ ।

यस प्रकार भू.सु.व्य.मन्त्रालयले खरीद गरेको कमाण्डर गाडीमा कम्पनीलाई करीव रु. ५०,०००।- (कमिशन रु. ८०००।-, मुनाफा २८,०००।- र अन्य १५,०००।-)जतिको फाइदा भएको देखिन्छ ।

भु.सु. मन्त्रालयलाई आ.व.२०५२/०५३ को लागि निकाशा भएको रु.५०,००,०००।- को बजेट समयमा प्राप्त नभएबाट टेण्डर आव्हान गर्न नपाएको हो कि भन्ने सम्बन्धमा अनुसन्धान गर्दा बजेट रकम मध्ये रु.८,३३,०००।-, मिति २०५३।३।२४मा रु.१७,२०,०००।- निकाशा भएको देखिन्छ ।

निकाशा भएको रकमको मितिलाई विचार गर्दा भू.सु. मन्त्रालयलाई चाहिने गाडी र कम्प्युटर सामान तुरुन्त असार महिनामा नै किन्नुपर्छ भन्ने नभई वार्षिक कार्यक्रममै कुन कुन कार्यालयमा कहां कहां गाडी चाहिन्छ सो को २।४ महिना अगावैको विस्तृत छलफलवाट तय हुनु पर्ने कुरा हो र रु.१७,२०,०००।- वाहेक अरु रकम अगावै प्राप्त भैसकेको र बांकी पनि आर्थिक वर्ष समाप्त हुनुपूर्व माग भै गएमा निश्चित नै प्राप्त हुने रकम भू.सु. मन्त्रालयलाई अग्रिम थाहा भएकै हुनुपर्छ । सोही अनुसार १।१ महिना अगावै टेण्डर आव्हान गरी किन्न नै नसकिने स्थिति सृजना भएको पाइदैन । यसमा जानी जानी रकम फ्रीजमा नजाओस् भनी खर्च गर्ने दूषित एवं कमिशन खाने मनसायबाट पहिले किन्न पर्ने कुरा नकिनी आर्थिक बर्षको समाप्तितिर प्रचलित ऐन कानून नियमको गलत व्याख्या गर्न लगाई टेण्डर बोल कबोल वा घटाघट नगराई जवरजस्ती विद्यमान नेपालको कानून जानी जानी पालना नगरेबाट प्राइवेट एजेन्सी अग्नी इनकर्पोरेटेड प्रा.लि. र किन्नै नपर्ने कुरा आ.व.का अन्तमा खरीद गरी वर्ड डिष्ट्रीव्यूसन नेपाल प्रा.लि. लाई उपरोक्त उल्लेखित रकम फाइदा पुग्न गएकोबाट अख्तियारको दुरुपयोग गरेको देखिन आएको हुंदा निर्णयकर्ता सचिव बिष्णु प्रसाद खत्री र श्री ५ को सरकारले बनाएको आर्थिक प्रशासन नियमावलीलाई गलत व्याख्या गर्ने लेखा अधिकृत कृष्णप्रसाद वास्कोटाले प्रचलित ऐन नियममा भएको व्यवस्था विपरित कार्य गरेको प्रमाणित हुन आएको छ ।

श्री ५ को सरकारले बनाएको आर्थिक प्रशासन नियमावली, २०४२ (संशोधन सहित) मा रु. ५०,०००।- भन्दा बढीको जति सुकै सामानको हकमा दर भाउ पत्र शील्ड टेण्डर गरी खरीद गर्नु पर्ने व्यवस्था गरेको छ, जसको मनसाय विक्रेताहरुले खरीदकर्तालि किन्न चाहेको मालसामान आफूले कतिसम्मको मोलमा दिन सकिन्छ भनी

प्रतिस्पर्धामा भाग लिन पाउन् भन्ने हो र त्यस अनुसार शील्ड टेण्डर आह्वान गरिएमा सम्बन्धित निकायलाई फाइदा पुग्न जाने कुरामा दुइमत हुन सक्तैन । तर भूमिसुधार सचिव समेतले श्री ५ को सरकार, भूमिसुधार मन्त्रालयलाई फाइदा पुग्ने कुरामा टेण्डर नगरी भारतीय गाडी र कम्प्यूटर नै नभएको अवस्थामा कम्प्यूटरको सामान सफ्टवेयर प्रोप्राइटरी सामान हो भनी आर्थिक वर्षको अन्तमा अर्थात् २०५३ असार १४ र २३ गते खरीद गरेकोबाट नेपाल कानून जानी जानी पालना नगरेको देखिन आयो ।

यस प्रकार मन्त्रालयमा कम्प्यूटर हार्डवेयरनै नभएको अवस्थामा आ.व.२०५२।०५३ को लागि कम्प्यूटर कार्यक्रमको निर्माण तथा विकासको लागि छुट्याइएको रकम भौतिक तथा प्राविधिक पूर्वाधारहरु नभएको अवस्थामा खर्च गर्न सकिने स्थिति नभएकाले मालपोत, नापी, तथा भू.सु कार्यालयहरुका जग्गाको अभिलेखहरु व्यवस्थीत अध्यावधिक तथा सुरक्षित गर्ने कार्यमा खर्च गर्ने भनी मिति २०५३।१।३ मा उठेको टिप्पणीमा कम्प्यूटर विशेषज्ञ नभएको जोग्राफर सह सचिव प्रेम वहादुर प्रधानले सफ्टवेयर ओरेकल २००० फर वर्क ग्रुप करीव १० (Users) को सामान खरीद गर्ने भनी टिप्पणी पेश गरेको र सचिव विष्णु प्रसाद खत्रीले सदर गरेको देखियो । खरीद सम्बन्धी प्रकृयामा सह सचिव समेतको दायित्व हुने हुन्छ तर प्रस्तुत भू.सु तथा व्यवस्था मन्त्रालयमा महेन्द्रा भारतीय गाडी र कम्प्यूटरको खरीद प्रकृया सम्बन्धमा आ.प्र.का लेखा अधिकृत आर्थिक कारोवार संचालन गर्नेहरुले कस्तो कार्यविधि अपनाउनु पर्ने हो रीत पुऱ्याउने जिम्मेवारी सम्वन्धित अधिकारी लेखा अधिकृत कृष्ण प्रसाद वास्कोटाको हो भनी सहसचिव प्रेम वहादुर प्रधानले भने ता पनि आर्थिक नियममा भएको व्यवस्था अनुरुप प्रकृया पुऱ्याउने दायित्ववाट सह सचिव जस्तो व्यक्तिले पन्छिएको नियम संगत देखिन आउँदैन र प्रस्तुत गाडी र कम्प्यूटरको सामानको अनियमित खरीदमा निजहरुको समेत छलफलवाट भएको र निर्णय टिप्पणीमा समेत दस्तखत भएवाट निजहरुको समेत मिलोमतो भएको देखिन्छ ।

यस प्रकार भू.सु. सचिव विष्णु प्रसाद खत्रीको विगतमा केन्द्रीय सेवा विभागको का.मु.महानिर्देशक र सामान्य प्रशासन मन्त्रालयको सह सचिवको पदमा रहंदा कर्मचारीको सरुवामा रकम लिनु खानु गरेको, करोडौंको सामान खरीद एवं मर्मत गर्दा कमिसन लिने खाने गरेको र यस्तै किसिमवाट अन्य अनुचित कार्य गर्दै आएको भनी निजको हकमा अख्तियार दुरुपयोग निवारण आयोगको मिति २०४७।५।१८ मा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष दिएको परामर्श हुंदा हुंदै आर्थिक वर्षको अन्तमा विना टेण्डर भारतीय गाडी र कम्प्यूटर सामान खरीद गरेको, आर्थिक नियमको जानी जानी पालना नगरी श्री ५ को सरकार, भू.सु.मन्त्रालयलाई हानी पुऱ्याउने दूषित मनसायवाट कार्य गरे गराएवाट आर्थिक ऐन नियमको गलत व्याख्या गरी टिप्पणी पेश गर्ने लेखा अधिकृत कृष्ण प्रसाद वास्कोटा, छलफल गरी खरीद गर्ने निर्णयमा सहमति जनाएको तर खरीद सम्बन्धी गर्नु पर्ने टेण्डर नगरी पदीय दायित्व निर्वाह नगरी भ्रष्टाचार गरेकोले सह सचिव प्रेम वहादुर प्रधान र सह सचिव हेम मेहर श्रेष्ठ, निर्णयमा मुख्य भूमिका खेल्ने, कानूनको जानी जानी पालन नगराउने, दूषित एवं कमिशन खाने मनसायवाट प्रोप्राराइटरी सामान नभएको सामानलाई गलत व्याख्या गरी, गर्न लगाई प्रोप्राराइटरी सामान भनी महेन्द्रा एण्ड महेन्द्रा भारतीय गाडी र कम्प्यूटरको सामान व्यक्ति विशेषवाट सोझै खरीद गर्ने निर्णय गरी व्यक्ति विशेषलाई फाइदा पुऱ्याएको हुंदा उपरोक्त चारै व्यक्तिले भ्र.नि.ऐन, २०१७ अनुसारको कसूर गरेकोले सचिव विष्णु प्रसाद खत्री र लेखा अधिकृतलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र मतियारको रुपमा रहेका सह सचिव प्रेम वहादुर प्रधान र हेममेहर श्रेष्ठलाई भ्र.नि.ऐन, २०१७ को दफा १६ (क) अनुसारको सजाय को माग दावी लिई अ.दु.अ. आयोग ऐन २०४८ को दफा १८ अनुसार पुनरावेदन अदालत, ललितपुरमा अभियोग पत्र दायर गरिएको ।

५.१.६ कृषि सामाग्री संस्थानबाट ठेक्का नं. के.पी. १९३, १९४, १९५, १९६ र १४६ बाट मल खरीद गर्दा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा निम्नानुसार गरिएको :-

क) <u>सेमी कण्डक्टर मेटेरियल इण्डष्ट्रीजका सम्बन्धमा</u> :-

तत्कालीन माननीय कृषि मन्त्रीबाट सेमी कण्डक्टर मेटेरियल इण्डष्ट्रीजका गोविन्द प्रसादले १२ मार्च १९९६ अर्थात् २०५२।११।२९ का दिन प्रति मे.टन अमेरिकी डलर २२५ का दरले ५० हजार मे.टन युरिया मल आपूर्ति गर्न कृषि सामाग्री संस्थानमा अफर दिएकोले एल.ओ.आई. दिनू भन्ने निर्देशन गरिपाउं भनी दिएको निवेदनमा एल.ओ.आई.दिन भनी कृषि सामाग्री संस्थानको नाउंमा सोही दिन आदेश गरेको देखियो । मन्त्रीज्यूले दिएको आदेश सहितको उक्त निवेदन २०५२।१२।४ का दिन माननीय मन्त्रीज्यूको निजी सचिवालयले कृषि सामाग्री संस्थानका

महाप्रवन्धकलाई पठाएको र सोको बोधार्थ सेमी कण्डक्टर मेटेरियल इन्क, न्यूयोर्कलाई दिएको देखिन्छ । साथै सोही दिन अर्थात् २०५२।१२।४ गतेका दिनमा नै कृषि सामाग्री संस्थानका महाप्रवन्धकले सेमी कण्डक्टर मेटेरियल्स इन्कसित नेगोसिएशनका आधारमा युरिया मल खरीद गर्ने सम्बन्धमा कृषि मन्त्रालयका सचिवलाई सम्बोधन गरी पत्र लेखेको देखिन्छ । सो पत्रमा मन्त्रीज्यूको तोक आदेशानुसार मिति २०५२।१२।४ मा यस संस्थानबाट लेटर अफ इनटेण्ट दिएको भन्ने, एल.ओ.आई.मा उल्लेख गरिए बमोजिम सि.आई.एफ. कलकत्ता लाइनर टर्म र स्टेभ डोरिङ समेत कलकत्ता पोर्टमा गर्न अतिरिक्त १० अमेरिकी डलर प्रति मे.टन लाग्छ भनी २०५२।१२।४ मा नै सो कम्पनीले पत्र लेखेको भन्ने प्रथम सिपमेण्टको लागि १० हजार मे.टन युरिया सप्लाई गर्न रु. ६२,१५,६२५।– को पि.वण्ड सहितको अन्य कागज सो कम्पनीले पेश गरेको भन्ने, हालै १२ मार्चमा खोलिएको टेण्डरमा प्राप्त भएको मूल्य भन्दा धेरै सस्तो देखिएको भन्ने, ५० हजार मे.टन युरिया मल प्रति मे.टन २३५ का दरले संस्थानको नियम ८ शर्त बमोजिम संझौता गरी खरीद गर्न स्वीकृति हुन र संझौता गर्न अधिकार प्रत्यायोजन हुन पर्ने भन्ने र पार्टिले बुझाएको १० हजार मे.टनको पि.वण्डको आधारमा हाललाई १० हजार मे.टनको प्रतित पत्र खोली प्रथम खेप कलकत्ता पुगेपछि दोश्रो खेप चलानी हुने शर्तमा संझौता हुनु पर्ने भन्ने समेत उल्लेख भएको पाइयो । यो पत्र उही दिन अर्थात् २०५२।१२।४ का दिनमा नै कृषि मन्त्रालयका सचिवसमक्ष पेश भएको र सोही दिन सोही पत्रको पुछारमा माननीय मन्त्रीज्यूलाई सम्बोधन गरी "श्री कृषि सामाग्री संस्थानको वोर्डबाट समर्थन गराई उपरोक्त बमोजिम संझौता कार्यान्वयन गर्न पर्ने गरी निर्णयार्थ सदर हुन पेश गरेको छु " भन्ने व्यहोरा लेखी माननीय मन्त्रीज्यूका समक्ष पेश गरेको देखिन्छ । माननीय मन्त्रीज्यूले सोही दिनमा "तुरुन्त एल.सी. खोली पछि वोर्डबाट समर्थन गराउने गरी सदर" भनी निर्णय गरेको देखियो ।

सो निर्णय भएपछि कृषि सामाग्री संस्थानका महाप्रवन्धक मिङ्गमा छिरिङ्ग शेर्पा र सेमी कण्डक्टर मेटेरियल इन्कका तर्फबाट गोविन्द प्रसादबिच प्रति मे.टन २३५ यू.एस.डलर का दरले ५० हजार मे.टन मल आपूर्ति गर्ने गरी १८ मार्च १९९६ मा संझौता भएको र २०५२।१२।७ मा बसेको सञ्चालक समितिको बैठकले "श्री सेमी कण्डक्टर मेटेरियल इन्क न्यूयोर्क र संस्थान बीच १८ मार्च १९९६ मा भएको संझौता समर्थन गरियो " भन्ने समेतको निर्णय गरेको देखियो । साथै संचालक समितिको निर्णय भएपछि ११ अप्रिल १९९६ मा १२,५०० मे.टनको लागि २९ लाख ३७ हजार ५०० अमेरिकी डलर बराबरको एल.सी. संस्थानले खोलेको र हालसम्म मल प्राप्त भई नसकेको देखिन आयो ।

उक्त उल्लेखित कार्यहरु गर्ने पदाधिकारीहरुबाट अख्तियारको दुरुपयोग भएको छ छैन भन्ने निस्कर्षमा पुग्न सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था छ ? कानूनद्वारा अधिकार प्राप्त व्यक्तिबाट सो कार्य भएको छ छैन ? अधिकार प्रयोग गर्दा कानूनले तोकेको प्रकृया अनुसार गरेको छ छैन भन्ने कुरा हेर्नु पर्ने र सो कार्य के कस्तो नियतबाट भएको रहेछ भन्ने कुरामा विचार गर्नु पर्ने देखियो ।

कृषि सामाग्री संस्थान, संस्थान ऐन, २०२१ बमोजिम स्थापना र गठन भएको संस्था हो । संस्थान अविछिन्न उत्तराधिकारीवाला संगठित संस्था हुने, संस्थानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्न र दिन लिन सक्ने, संस्थानको सबै अधिकारको प्रयोग र कर्तव्यको पालना सञ्चालक समितिले गर्नु पर्ने, संस्थानले ऐनको उद्देश्य पूर्ति गर्न र आफ्नो सबै काम कारवाई व्यवस्थित गर्न विनियमावली बनाउन सक्ने समेतका व्यवस्था संस्थान ऐनले गरेको पाइन्छ । ऐनले दिएको उक्त अधिकार अनुसार कृषि सामाग्री संस्थान (कर्मचारीको सेवा शर्त) विनियम, २०४७ र कृषि सामाग्री संस्थान (कार्य व्यवस्था) विनियम, २०४७ बनाएको र श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी लागू भएको देखिन्छ ।

उक्त कृषि सामाग्री संस्थान (कार्य व्यवस्था) विनियमले प्रशासकीय कार्यविधि र आर्थिक कार्यविधिको व्यवस्था गरेको छ । प्रशासकीय कार्यविधिमा संस्थानको सबै अधिकार सञ्चालक समितिको हुने र सञ्चालक समितिले आफ्नो अधिकार समितिको कुनै सदस्य, सदस्यहरुको समिति र महाप्रवन्धकलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेको छ । त्यस्तै, आर्थिक कार्यविधिमा संस्थानको लागि ५० हजार भन्दा बढी मोलको जिन्सी माल सामान खरीद गर्दा बोलपत्र आव्हान गर्नु पर्ने वा घटाघटव्दारा गर्नु पर्ने र ५ लाख भन्दा बढी मोलको सामान खरीद गर्दा संचालक समितिको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको देखिन्छ ।

उक्त संस्थान ऐन र विनियमको कानूनी व्यवस्था सबैले पालन गर्नु पर्दछ । ऐन र विनियमको कानूनी व्यवस्था उल्लंघन गरी अधिकारको प्रयोग गर्न सक्ने वा सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरी कानून विपरित गई जिन्सी माल सामान खरीद गर्न आदेश दिन सक्ने अधिकार कुनै पनि ऐन नियमले श्री ५ को सरकारलाई प्रदान गरेको छैन ।

संस्थान ऐनले संचालक समितिलाई दिएको अधिकार देशको विद्यमान परिस्थितिमा श्री ५ को सरकार आफैले प्रयोग गर्नु पर्ने अवस्था परेमा विधेयक वा अध्यादेशबाट ऐनमा संशोधन ल्याई गर्नु पर्दछ । कुनै पदाधिकारीले

विशेष परिस्थिति परेको भनी ऐनको व्यवस्था विपरित गै आदेश दिन पाउने हो भने कानूनको शासन भन्ने कुरा नै रहँदैन । विधायिकाले ऐन बनाउनुको कुनै प्रयोजन रहँदैन ।

त्यस्तै, कानूनले तोकेको प्रक्रिया अनुसार कुनै कार्य गर्न सम्भव नभएमा पहिले कानूनमा सुधार गर्नु पर्दछ । कानूनमा सुधार नगरी जस्तोसुकै विशेष कारण देखाई सो कार्य गरेमा कानून विपरित हुन्छ र यस्तो कार्य गर्ने व्यक्ति जतिसुकै उच्च पदको भए पनि सजाय भागी बन्नु पर्दछ । अन्यथा कानूनको शासन भन्ने कुरा दुर्बल, निरीह र निम्न दर्जाको लागि मात्र हो भन्नु पर्दछ ।

संस्थान ऐन, २०२१ को दफा १० मा संस्थानको उचित प्रबन्ध सुसञ्चालनका लागि श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्ने र सो निर्देशनहरु संस्थानले पालना गर्नु पर्ने व्यवस्था छ । यो कानूनी व्यवस्था अनुसार श्री ५ को सरकारले मन्त्रीपरिषद्बाट निर्णय गरी उक्त नीतिगत कुरामा संस्थानलाई निर्देशन दिन सक्दछ । तर यस्तो निर्देशन दिंदा श्री ५ को सरकारले पनि विधायिकाले बनाएको ऐन र आफैले स्वीकृत गरेको विनियम पालना गर्नु पर्दछ । ऐन र विनियमावलीको व्यवस्था विपरित हुने गरी निर्देशन दिन मिल्दैन । साथै यो यति जिन्सी माल खरीद गर्नू भनी मन्त्रीले दिएको तोक आदेशलाई संस्थान ऐन, २०२१ को दफा १० बमोजिम श्री ५ को सरकारले दिएको निर्देशन हो भनी अर्थ गर्न पनि हास्यास्पद मात्र हुन्छ ।

कृषि मन्त्रालयबाट प्राप्त म.प.को निर्णयको प्रतिलिपी, पत्रको जवाफ र सम्बद्ध पदाधिकारीको जवाफमा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम ५६ (ख) को विशेष अधिकार अनुसार म.प. मा प्रस्ताव पेश गरी मल खरीद गर्न सकिने व्यहोरा उल्लेख गरेको पाइयो । उक्त नियम ५६ (ख) मा "श्री ५ को सरकारको विशेष अधिकार : यी नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विशेष कारणले चांडो र गुणस्तरयुक्त ढङ्गबाट कुनै निर्माण वा खरीद कार्य गर्न गराउनु परेमा वा प्राविधिक वा परामर्श सेवा लिनु परेमा त्यसरी गरिने कार्य वा लिइने सेवाको गुणस्तर, कार्य सम्पन्न गर्न लाग्ने समय र अन्य सम्बद्ध कुरालाई समेत विचार गरी श्री ५ को सरकार (मन्त्रिपरिषद्) को निर्णयद्वारा तोकिएको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ ।" भन्ने समेतको व्यवस्था देखिन्छ । यो नियम श्री ५ को सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ ले दिएको अधिकार प्रयोग गरी बनाएको छ । श्री ५ को सरकारको सबै काम सुचारु रुपले सम्पादन गर्न नियम बनाउने भन्ने कुरा, र यस अनुसार बन्ने नियमहरु श्री ५ को सरकारका कार्यालयका लागि हो भन्ने कुरा उक्त ऐन, नियमबाट स्वतः प्रष्ट छ ।

कृषि सामाग्री संस्थान संस्थान ऐन अनुसार स्थापना र गठन भएको हो भन्ने कुरा माथि उल्लेख भएको छ । यो ऐनले संस्थान वा सञ्चालक समितिलाई दिएको अधिकार अन्य ऐन बमोजिमको नियमले खण्डित वा संकुचित गर्न सक्दैन । सम्बन्धित ऐन र नियम अनुसार नै गर्नु पर्ने हुन्छ ।

साथै कृषि मन्त्रालयबाट जवाफ साथ प्राप्त भएको म.प.को निर्णय हेर्दा एक पटकको लागि निर्णय भएको देखिएको सो प्रक्रिया गलत भए पनि हाल सो अनुसार निर्णय भएको पनि नदेखिनाले कानून अनुरुप कार्य भएको भन्न मिलेन ।

अतः माननीय कृषि मन्त्री पदमसुन्दर लावतीले ५० हजार मे.टन युरिया मल आपूर्ति गर्ने सम्बन्धमा सेमीकण्डक्टर मेटेरियल इण्डष्ट्रीजले दिएको निवेदनमा एल.ओ.आई. दिनु भनी कृषि सामाग्री संस्थानका नाउंमा २०५२।११।२९ मा दिएको आदेश, र २०५२।१२।४ मा कृषि सचिवलाई सम्बोधन गरी लेखेको पत्र, सो पत्रमा सचिवले लेखेको राय र त्यसमा तुरुन्त एल.सी. खोली पछि बोर्डबाट समर्थन गराउने गरी सदर " भनी गरेको माथि उल्लेखित आदेश र सो आदेश अनुसार गरेको संझौता समेत गैर कानूनी देखिनुका साथै संस्थान ऐनले सञ्चालक समितिलाई प्रदान गरेको अधिकारलाई माननीय कृषिमन्त्री पदमसुन्दर लावती, कृषि सचिव दानबहादुर शाही र महाप्रबन्धक मिङ्गमा छिरिङ शेर्पाले ठाडै हस्तक्षेप गरी नेपाल कानूनको जानी जानी पालना नगरेको प्रष्ट देखिन आयो ।

कम्पनीका प्रतिनिधिले कृषि सामाग्री संस्थानमा १ लाख मे.टन युरिया मल आपूर्ति गर्ने भनी अफर दिएको देखिन्छ । त्यसमा केही कारवाई नहुँदै तुरुन्तै अर्थात् ५ दिन भित्रै कृषिमन्त्रीलाई सम्बोधन गरी निवेदन दिएको देखिन्छ । निवेदनमा ५० हजार मे.टन युरिया मल खरीद गर्न एल.ओ.आई. दिनू भन्ने निर्देशन गरी पाउं भन्ने उल्लेख छ । १ लाख मे.टन आपुर्ति गर्ने इच्छा व्यक्त गरी पत्र लेखेको ५ दिन भित्रै ५० हजार मे.टन मात्र मल खरीद गर्न एल.ओ.आई. दिनू भन्ने निर्देशन माग गरेको देखियो । जुन दिन निर्देशन गरी पाउं भनी निवेदन दिएको हो त्यही दिन एल.ओ.आई. दिनू भनी माननीय मन्त्रीज्यूबाट आदेश भएको देखियो । आदेश दिनुअघि संस्थानलाई मल आवश्यक भए नभएको र भएको भए के कतिको आवश्यकता भएको हो सो बुझ्ने कुनै प्रयासै भएको नदेखिनु, निवेदन दिने पार्टि के कस्तो हो भन्ने बारेमा सोधखोजै गरेको नदेखिनु र निवेदनमा उल्लेख भए अनुसार संस्थानमा अफर दिएको छ छैन र

दिएको भए त्यस्मा कुनै कारवाई भएको छ छैन भन्नेसमेत केही नबुझेको देखिनुले ५० हजार मे.टन मल आपूर्ति गर्न एल.ओ.आई दिने भन्ने कुरामा माननीय मन्त्रीज्यू र प्रतिनिधिका बीच कुराकानी भई पहिलेनै तय भएको रहेछ भन्ने देखिन आउंछ ।

साथै केमिकल बैंक यू.एस.ए.ले उक्त सप्लायरको नाउंमा पि.वण्ड खोलिदिनू भनी स्टाण्डर्ड बैंकलाई ११ मार्च १९९६ अर्थात् २०५२।११।२८ गते पत्र लेख्नु, सो पत्रमा सेमी कण्डक्टरले दिएको अफर स्वीकृत भै संझौता गर्न आव्हान भएको भन्ने उल्लेख हुनु, सप्लायरले अफरमा उल्लेख गरेको मोलको दरले १० हजार मे.टन मलको लागि पि.वण्ड राख्नु, ५० हजार मे.टनका लागि संझौता भए पनि १० हजार मे.टनको मात्र पि.वण्ड माग्नु पर्ने भनी महाप्रवन्धकले सिफारिश गर्नु, त्यस बमोजिम नै संझौता गर्न सचिवले सिफारीश गर्नु, मन्त्रीले सदर गर्नु र मन्त्रीबाट सदर हुनासाथ केही नहेरी महाप्रवन्धकले संझौता गरेको देखिएकोले एल.ओ.आई. दिनू भन्ने निर्देशन गरिपाउं भनी मन्त्रीसमक्ष निवेदन दिनु पूर्व नै सम्बद्ध पदाधिकारी र कम्पनीका प्रतिनिधिका बीच के कसरी कुन दरमा के कस्तो प्रकृयाले मल खरीद गर्ने संझौता गर्ने भनी गैर कानूनी रुपमा मिलोमतो गरी पछि त्यही मिलोमतो बमोजिम कागजी कारवाई मात्र पूरा गरे गराएको देखिन्छ ।

सेमी कण्डक्टर इन्कले दिएको अफरको व्यहोरा हेर्दा प्रति मे.टन २२५ यू.एस. डलरका दरले युरिया मल आपूर्ति गर्ने भन्ने उल्लेख भएको र सोही हिसावले १०,००० मे.टनको हुने कूल रकमको ५% का दरले बैंकमा पि.वण्ड राखेको पनि देखिनाले सो मूल्यमा नै युरिया मल आपूर्ति गर्न कम्पनी तयार रहेको प्रमाणित हुन्छ । महाप्रवन्धकले एल.ओ.आई. दिएको पत्र हेर्दा "Price will be negotiated" भन्ने समेत उल्लेख भएको देखिंदा सो मूल्य पनि बढी भएको महसूस गरी वार्ताद्वारा तय गरी मूल्य घटाउन पर्ने भन्ने व्यहोरा इंगित गरेको प्रष्ट हुन्छ । तर पछि मूल्यको सम्बन्धमा कुनै पनि वार्ता भएको देखिदैन । कम्पनीले पहिले आफैले राखेको उच्चतम मूल्यमा पनि तुरुन्त त्यही दिन १० अमेरिकी डलर प्रति मे.टनका दरले बृद्धि हुने भनी पत्र लेखेको र त्यससम्बन्धमा कुनै विचारै नगरी सीधै निर्णय गरेको देखिनाले आफू र कम्पनीलाई फाइदा र संस्थानलाई हानी पुऱ्याउने उद्देश्यले १० डलर प्रति मे.टन थप्ने पूर्व नियोजित बदनियतपूर्ण कार्य गरेको र सोही कार्य समर्थन गराउन मिलेमतोमा विभिन्न गलत लिखत तयार गरी मन्त्रीबाट समर्थन गर्नु गराउनु गरेको रहेछ भन्ने कुरा प्रमाणित गर्दछ ।

यसै गरी मन्त्रीसमक्ष ठाडो निवेदन लेखी नियमित टेण्डर प्रक्रियामा सामेल नभएको कम्पनीले अफर गरेको, मन्त्रीबाट भएको तोक आदेश कार्यान्वयनको लागि लेखिएकै दिन अफर स्वीकृतिको जानकारी कम्पनीको अमेरिकाको ठेगानामा दिएको, सोही दिन अमेरिकाकै ठेगानाबाट जानकारीको Response गरेको, त्यसै दिन नै मल खरीद गर्ने संझौता गर्न स्वीकृति माग गरेको, स्वीकृति माग गरेको पत्रमा छाप, चलानी समेत नभएको र संस्थानको पत्रमा नै टिप्पणी उठी स्वीकृत गरेको देखिएकोले पहिले नै भित्री रुपमा गैर कानूनी सांठगांठ गरी सबै कुरा मिलाई औपचारिकता पूरा गर्न सो कागज तयार गरी फाइल संलग्न गरेको रहेछ भन्ने हुन आउंछ । संझौता गर्ने निर्णय गरिंदा पनि बोर्डको कुनै कुरा उल्लेख नै नगरी बोर्ड नै नभएको, नरहेको जस्तो देखाई महाप्रवन्धकले मल खरीद गर्न संझौता गर्ने अधिकार माग्ने, त्यस पूर्व नै संझौता भए जस्तो देखाई संस्थानको बोर्डबाट समर्थन गराई संझौता कार्यान्वयन गर्नु पर्ने राय सचिवले व्यक्त गर्ने र ती सबै कुरामा मौन रही संझौताको कुनै कुरा उल्लेख नै नगरी तुरुन्त एल.सी. खोल्न मन्त्रीले आदेश दिने कुराहरु जति कानून प्रतिकूल छन् त्यति नै बदनियतपूर्ण पनि छन् । त्यस्मा पनि सचिवबाट पेश भएको रायलाई "सदर" गरिसकेपछि बोर्डबाट समर्थन नहुन सक्ने वा समर्थन भए पनि ढीलो हुने र एल.सी. तुरुन्त नखोलिने आशंकाले तुरुन्त एल.सी. खोली पछि बोर्डबाट समर्थन गराउने गरी सदर भनी पुनः आफूले लेखेको सदर भन्दा माथि अर्कै व्यक्तिबाट व्यहोरा लेखाई त्यहां पनि अर्को "सदर" शव्द राखिएको र "पछि" भन्ने शव्द थपिएको देखिएकाले जे जति सक्यो चांडो संझौता गरी एल.सी. खोल्न लगाउने र संस्थानलाई जतिसुकै नोक्सान भए पनि सेमी कण्डक्टर मेटेरियल इन्कलाई फाइदा पुऱ्याई आफूलाई आर्थिक लाभ लिने बदनियतले निर्णय भएको प्रष्ट देखिन आउंछ ।

अतः उपरोक्त प्रमाण परिबन्दमा मा.कृषिमन्त्री पदमसुन्दर लावतीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(१) को कसूर गरेकोले सोही दफा र दफा १४ (क) बमोजिम थप सजाय समेत गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

कृषि सामाग्री संस्थानमा महाप्रवन्धकले एल.ओ.आई दिनू भन्ने आदेश प्राप्त भएपछि सिधै एल.ओ.आई दिन नमिल्ने कानूनी व्यवस्था, मल आपूर्तिका लागि कानून अनुरुप टेण्डर आव्हान गरेको व्यहोरा र टेण्डरबाट न्यूनतम वर २२८ प्रति मे.टन परेको व्यहोरा देखाई सञ्चालक समितिसमक्ष प्रस्ताव पेश गर्नु पर्नेमा सो नगरी प्रति मे.टन १० डलर बढाउने पत्र सोही दिन दिन लगाई, लिई भाउ बृद्धि गरी टेण्डरबांट २७१ डलरप्रति मे.टन पर्ने हुंदा प्रति मे.टन २३५

सस्तो भन्ने झुठा व्यहोरा उल्लेख गरी संझौता गर्ने अधिकार माग गरेको देखिएकाले महाप्रवन्धक मिङ्गमा छिरिङ शेर्पाले गैर कानूनी आर्थिक लाभ प्राप्त गरी संस्थानलाई हानी र कम्पनीलाई फाइदा पुऱ्याउने बदनियतले उक्त कार्य गरेको प्रष्ट हुन आएको छ ।

अतः उपरोक्त प्रमाण परिबन्दमा कृषि सामाग्री संस्थानका महाप्रवन्धक मिङ्गमा छिरिङ शर्पाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(२) को कसूर गरेकोले सोही दफा र दफा १४(क) बमोजिम थप सजाय समेत गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

त्यस्तै, कृषि सचिव दानबहादुर शाहीले महाप्रवन्धकले यस्तो गैर कानूनी कार्य गर्ने अधिकार माग गरी पत्र पठाएको देखेपछि आफू सञ्चालक समितिको अध्यक्ष समेत भएकोले तुरुन्त सञ्चालक समितिको बैठक बोलाई गैर कानूनी कार्य गर्न रोक लगाउनुका साथै नियमित रुपमा भएको टेण्डर अनुसार मल खरीद गर्नु पर्नेमा सो केही नगरी महाप्रवन्धकले नै लेखेको पत्रमा खरीद गर्ने संझौता गर्न मिल्ने किसिमले मन्त्रीज्यूसमक्ष राय पेश गरेकोले र पछि आफ्नै अध्यक्षतामा बसेको संचालक समितिबाट आफ्नो राय भन्दा फरक गरी मन्त्रीज्यूले दिएको आदेश अनुसार यस्तो कार्यलाई समर्थन गरे गराएको देखिएकोले आर्थिक लाभ प्राप्त गरी संस्थानलाई गैर कानूनी हानी र कम्पनीलाई गैर कानूनी फाइदा पुऱ्याउने बदनियतले उक्त कार्य गरेको प्रष्ट हुन आउंछ ।

अतः उपरोक्त प्रमाण परिबन्दमा कृषि सचिव दानबहादुर शाहीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(१) को कसूर गरेकोले सोही दफा र दफा १४(क) बमोजिम थप सजाय समेत गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

संस्थान ऐन, २०२१ र कृषि सामाग्री संस्थान (कार्य व्यवस्था) विनियमले संस्थानको सबै अधिकार सञ्चालक समितिलाई सुम्पेको छ । ५ लाख भन्दा बढी मूल्यको जिन्सी सामान सञ्चालक समितिको स्वीकृति विना खरीद गर्न नसकिने र खरीद गर्दा बोलपत्रद्वारा वा घटाघटद्वारा मात्र गर्न सकिने व्यवस्था छ । उक्त कानूनी व्यवस्था विपरित भएको संझौता बैठकमा पेश भएपछि संचालक समितिले त्यस्तो गैर कानूनी संझौता तुरुन्त बदर गरी सञ्चालक समितिलाई उपेक्षा गरी संझौता गर्ने महाप्रवन्धकलाई आवश्यक कानूनी कारवाई गर्नु पर्नेमा सो केही नगरी गैर कानूनी र बदनियतपूर्ण भएको संझौतालाई समर्थन गर्नुका साथै महाप्रवन्धकले प्रस्ताव गरे अनुसार ५० हजार मे.टनको लागि संझौता गर्दा १० हजार मे.टनका लागि आवश्यक पर्ने परफरमेन्स वण्ड मात्र पहिले लिई त्यसैबाट ५ पटक रिभल्वीङ हुने गरी १० हजार मे.टनको लागि एल.सी. खोल्न स्वीकृति दिने भन्ने निर्णय गरेको देखिनाले संचालक समितिको मिति २०५२।१२।७ मा बसेको ६३२ औं बैठकमा उपस्थित सदस्यहरु पनि संस्थानलाई हानी र कम्पनीलाई गैर कानूनी फाइदा पुऱ्याउने उक्त कार्यमा संलग्न रहेको प्रमाणित भएको छ ।

अतः उपरोक्त प्रमाण परिबन्दमा संचालक समितिका निम्न सदस्यहरुले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र (२) र १६(क) को कसूर गरेकोले सोही दफा ८ र १४(क) बमोजिम थप सजाय समेत गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको :–

१. भूपालमान शाक्य, सह सचिव, अर्थ मन्त्रालय ।
२. भरत बहादुर कार्की, महाप्रवन्धक, कृषि विकास बैंक ।
३. बिमलनाथ रिमाल, गभर्नरका सल्लाहकार, नेपाल राष्ट्र बैंक ।
४. नरबहादुर हिराचन, कृषक प्रतिनिधि ।

संझौता गर्दा कृषि सामाग्री संस्थानका खरीद शाखाका जे.एन.दुलालसमेत साक्षी बसेको देखिन्छ । संस्थानको खरीद गर्ने सबै कुरा निजको जिम्मेवारी भित्र पर्दछ । संस्थानको ऐन नियम अनुसार संझौता गर्न नमिल्ने देखेपछि सोही कुरा उल्लेख गरी संझौता गर्न नमिल्ने राय प्रकट गरी आफ्नो जिम्मेवारी पूरा गर्नु पर्नेमा सो केही नगरी संझौता गरी साक्षी बसेको देखिनाले संस्थानलाई हानी र कम्पनीलाई फाइदा पुऱ्याउने कार्यमा निजको समेत संलग्नता र मिलोमतो रहेको देखियो ।

अतः खरीद शाखा प्रमुख जे.एन.दुलाललाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२) र १६(क) समेतको सजाय गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

कृषि सामाग्री संस्थानले कानून अनुसार माग गरेको बोलपत्र भर्दा संस्थानले तोके अनुसारको बोलपत्र फर्म भर्नु पर्ने, बैंकमा कानूनले तोकेको विड वण्ड राख्नु पर्ने, प्रतिस्पर्धामा उत्रन न्यूनतम मोल राख्नु पर्ने, बोलपत्र माग गर्ने सूचनामा उल्लेख भए अनुसारको सबै विवरण अर्थात् मलमा रहेको केमिकल्सहरुको विवरण, उत्पादन सर्टिफिकेट लगायतका विवरण दिनु पर्ने भएकोले सो केही नदिई सम्बन्धित पदाधिकारीहरुलाई गैर कानूनी आर्थिक प्रलोभन र प्रभावमा पारी कानून विपरितका आदेश गराउने केही विवरण नदिई पि. वण्ड नराखी मलको मोल आफू खुशी

उच्चतम राखी संस्थानसंग संझौता गर्ने मनसाय र यस कार्यबाट आफूले गैर कानूनी लाभ प्राप्त गर्ने र संस्थानलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले बोलपत्र नभरी संस्थानका जि.एम.लाई र कृषिमन्त्रीज्यूलाई मल आपूर्ति गर्ने इच्छा व्यक्त गरी पत्र लेखेको र निवेदन दिएको प्रष्ट हुन्छ ।

सेमी कण्डक्टर मेटेरियल (कम्पनी) ले ७ मार्च १९९६ मा कृषि सामाग्री संस्थानलाई मल आपूर्ति गर्ने इच्छा व्यक्त गरी जि.एम.लाई सम्बोधन गरी पत्र लेखेको देखिन्छ । पत्रमा अन्य कुराको अलावा संस्थानलाई युरिया मल आवश्यक भएको कुरा कम्पनीलाई थाहा भएको कुरा प्रष्ट उल्लेख छ । त्यो समयमा कृषि सामाग्री संस्थान ले सार्वजनिक सूचना प्रकाशित गरेर युरिया मल आपूर्ति गर्न चाहने व्यक्ति तथा कम्पनीहरुसंग बोलपत्र भर्न आव्हान गरेको छ । यो कम्पनीले कानूनले निर्दिष्ट गरेको बाटोबाट असल नियतले युरिया मल आपुर्ति गर्न चाहेको भए बोलपत्र भरी प्रतिस्पर्धामा भाग लिनु पर्ने थियो । बोलपत्र आव्हान गरेको जानकारी भएर पनि भाग लिएको देखिदैन । अतः कम्पनीका प्रतिनिधिको (गोविन्द प्रसाद) उक्त कार्य मल आपूर्ति गर्न बोलपत्र नदिने तर इच्छा व्यक्त गरी पत्र लेख्ने कार्य असल नियतबाट भएको भन्न सकिएन ।

यसै गरी हार्डलाईन इन्टरनेशनल कम्पनीका सीताराम नेपाललाई सेमी कण्डक्टर मेटेरियल इन्कले ४ मार्च १९९६ मा नेपालमा गर्नु पर्ने सबै काम गर्न स्थानीय प्रतिनिधि नियुक्त गरेको । त्यसपछि उक्त निवेदन दिने लगायतका सम्पूर्ण कार्यहरु चांडो चांडो भएको र संझौता गर्दा साक्षीसमेत बसेको देखिनाले निजले उक्त पदाधिकारीहरुसंग निजी सम्पर्क गरी आर्थिक प्रलोभन समेत दिई कम्पनीलाई फाइदा र संस्थानलाई हानी हुने गैर कानूनी कार्य गरेको देखियो ।

अतः उपरोक्त प्रमाण परिबन्दले सेमी कण्डक्टर मेटेरियलका प्रेसिडेण्ट (प्रतिनिधि) गोविन्द प्रसाद र स्थानीय प्रतिनिधि सीताराम नेपालले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र ८ को कसूर गरेकोले सोही दफा बमोजिम सजाय गरी पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

सेमी कण्डक्टरसंग भएको गैर कानूनी संझौताबाट हुन गएको आर्थिक हानी नोक्सानी तर्फ विचार गर्दा सेमी कण्डक्टरले ७ मार्ग १९९६ मा अफर दिंदा २२५ अमेरिकी डलर प्रति मे.टन सि.एण्ड एफ. हल्दिया भनी प्रस्ताव गरेको र संझौता गर्दा सि.आई.एफ. हल्दिया/कलकत्ता भनी प्रति मे.टन २३५ अमेरिकी डलरमा संझौता भएको गरी विना कुनै आधार र औचित्य १० डलर प्रति मे.टन भाउ बढाई कृषि सामाग्री संस्थानलाई ५०,००० x १० = ५,००,००० डलर व्यय भार बढाई ५,००,००० डलर बराबर नेपाली रुपैया २,८६,५०,०००।– नोक्सानी हुन पुगेको प्रमाणित हुन आयो ।

त्यसरी नै सेमी कण्डक्टरले ५० हजार मे.टन मल आपूर्ति गर्ने ठेक्का पाउंदा २३५ डलर प्रति मे.टनको हिसावले ५०,००० x २३५ = १,१७,५०,००० डलरको ५% ले ५,८७,५०० डलर पि.वण्ड राख्नु पर्नेमा निज सेमी कण्डक्टरले १२,५०० x २३५ = २,९३,७५,००० को ५% ले १,४६,८७५ डलर मात्र राखिंदा न्यून ४,४०,६२५ अमेरिकी डलर कम देखिन आयो । कम्पनीले संझौता बमोजिम काम नगरेमा पि.वण्ड वापत जफत गर्नु पर्दा धरौटी राखेको पि.वण्ड मात्र जफत गर्न सक्ने भएकोले पि.वण्ड राख्दा नपुग भएको ४,४०,६२५ डलर संस्थानलाई हानी हुने र त्यति नै रकम कम्पनीलाई फाइदा हुने देखियो । अतः उक्त गैर कानूनी संझौता गर्दा कृषि सामाग्री संस्थानलाई ५,००,००० + ४,४०,६२५ गर्दा ९,४०,६२५ डलर विगो नोक्सान भएको हुंदा सो बराबरको नेपाली रुपैया ५,३८,९७,८१२।५० उपरोक्त व्यक्तिहरुबाट दामासाहीले भराई पाउन भ्र.नि.ऐन, २०१७ को दफा २९ बमोजिम भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

ख) <u>पियरलेस कम्पनीका सम्बन्धमा</u> :–

मिति ६ डिसेम्बर १९९५ मा कृषि सचिवलाई सम्बोधन गरी पियरलेस कम्पनीले प्रति मे.टन ३२० डलरमा सप्लाई गर्न सक्छौं भनी अफर गरी दिएको निवेदनमा कृषि सचिव दानबहादुर शाहीले उक्त अफरको विषयमा विचार गर्न सकिने जानकारी दिने भनी ०५२।८।२२ मा तोक लगाएकोमा २७ डिसेम्बरमा पुनः पियरलेस कम्पनीले कृषि सचिवलाई अर्को पत्र लेखेको र सो पत्रमा सचिव शाहीले महाप्रवन्धक मिंगमा छिरिंग शेर्पालाई "प्रचलित चलन अनुसार सप्लाई गर्न सक्ने भए तुरुन्त एल.ओ.आई. दिने " भनेर आदेश दिएको र सोही अनुरुप कृषि सामाग्री संस्थानले २७ डिसेम्बर मै उक्त कम्पनीलाई एल.ओ.आई. पत्र पठाएको र ३१ डिसेम्बरमा अर्थात ०५२।९।१६ मा कृषि सामाग्री संस्थाले पियरलेस कम्पनीसंग ३२० डलर प्रति मे.टनको दरले ९००० मे.टन डि.ए.पी. मल खरीद गर्ने संझौता गरेको देखिन्छ ।

मिति ०५२।९।१६ मा कृषि सामाग्री संस्थानको तर्फबाट मिंगमा छिरिंग शेर्पाले पियरलेस कम्पनीसंग गरेको संझौता निजले ऐजन १७ गते सञ्चालक समितिमा पेश गर्दा सञ्चालक समितिले आफ्नो निर्णयमा "आगामी बालीको लागि आवश्यक भएको र अफर गरिएको मूल्य समेत मनासिव देखिएकोले मल प्राप्त भएपछि भुक्तानी दिने गरी ९००० मे.टन डि.ए.पी. मल खरीद गर्न श्री ५ को सरकारको स्वीकृति लिने गरी संस्थान र पियरलेस डेभलपर्स लि. कलकत्तासंग ३१ डिसेम्बर १९९५ मा संझौता भएको व्यहोरा अवगत गरियो "भनी उल्लेख गरेकोमा ०५२।९।१८ मा महाप्रवन्धक शेर्पाले कृषि मन्त्रालयलाई डि.ए.पी. मल खरीद सम्बन्धी स्वीकृति वारे भन्ने विषय राखी पत्र लेख्दा "तहांको निर्देशानुसार ३१ डिसेम्बर १९९५मा सम्पन्न संझौताको प्रतिलिपी पठाएको र उक्त संझौताको सम्बन्धमा यस संस्थानको मिति ०५२।९।१७ मा बसेको संचालक समितिको बैठकमा छलफल हुंदा सो संझौता अनुसार उक्त पियरलेस कम्पनीसंग मल खरीद गर्न श्री ५ को सरकारको कृषि मन्त्रालयको स्वीकृतिको लागि पत्र पठाउने निर्णय भए अनुसार आवश्यक कारवाईको लागि पठाइको छ " भनी संचालक समितिको निर्णय भन्दा फरक कुरा लेखी पठाएको र उक्त पत्रमा कृषि सचिव दान बहादुर शाहीले "उपरोक्त बमोजिम गर्न श्री कृषि सामाग्री संस्थानलाई स्वीकृति दिने र टिप्पणी पेश गर्ने " भनी योजना शाखालाई आदेश गरी ०५२।२।२३ मा तोक लगाएको र उक्त तोक अनुसार टिप्पणी उठाउंदा ०५२।९।२४ मा योजना शाखाको शाखा अधिकृतले "कृषि सामाग्री संस्थानले सामान्यतया टेण्डर प्रक्रियाव्दारा रासायनिक मल खरीद व्यवस्था मिलाउने गरेकोमा विगत केही महिनादेखि सीधै वार्ताव्दारा मल खरीद गर्ने प्रयास गरेको छ। तर यसरी सीधै वार्ता गर्दा श्री ५ को सरकारको स्वीकृति आवश्यक पर्ने देखिन्छ। यसपटक सो संस्थानले खरीद गर्न लागेको ९००० मे.टन डि.ए.पी. मलको सम्बन्धमा पनि श्री ५ को सरकारको स्वीकृति आवश्यक हुने देखिएकोले संलग्न पत्रमा अनुरोध भए अनुसार स्वीकृत प्रदान गर्न निर्णयको लागि पेश गरेको छु " भनी टिप्पणी उठाएकोमा सचिव दान बहादुर शाहीले "श्री माननीय मन्त्रीज्यूमा संलग्न अफर अनुसार हालसम्मको सबै भन्दा सस्तो एवं सहूलियतपूर्ण हुंदा स्वीकृतिको लागि पेश गरेको छु " भन्ने राय लेखी मन्त्रीज्यूसमक्ष पेश गरी ०५२।९।२६ मा मा.कृषिमन्त्री पदमसुन्दर लावतीबाट सदर भएको र उक्त मितिमै मन्त्रालयले श्री ५ को सरकार (विभागीय मन्त्रीस्तरबाट) खरीद गर्ने स्वीकृति दिने निर्णय भएकोले कृषि सामाग्री संस्थानलाई जानकारी पठाएको भन्ने देखिन्छ।

तत्पश्चात् मिति ०५२।१०।१७ मा मात्र सञ्चालक समितिको ६२५ औं बैठक बसी "उपरोक्त बमोजिम संस्थान र पियरलेस डेभलपर्स लि. बीच भएको संझौता र एल.सी. खुलेको समर्थन तथा सो मालको आन्तरिक ढुवानीको व्यवस्था व्यवस्थापनबाट गर्ने " भनी निर्णय गरेको देखिन आएको छ।

यस प्रकार एकातिर कृषि सामाग्री संस्थानले संस्थानको नियम कानूनको अधीन रहेर नियम बमोजिम टेण्डर आव्हान गरी टेण्डरमा भाग लिने विभिन्न कम्पनीहरुको टेण्डर खोली सबैभन्दा कम मूल्यको इमिरेट्स ट्रेडिंग एजेन्सीको प्रति मे.टन ३१६.५ डलर मूल्यमा आपुर्ति गर्ने ०५२।९।२६ मा खोलिएको टेण्डर मुचुल्काबाट देखिन आएको छ। पछि सोही अनुरुप ३१६.५ अमेरिकी डलर मूल्यमा संझौता भई मल आपुर्ति पनि भै सकेको छ भने अर्को तिर सोही दिन नै पियरलेस कम्पनीलाई उपरोक्त बमोजिम विना टेण्डर सञ्चालक समितिको स्वीकृत नै नभई अनाधिकृत रुपमा ३२० डलर प्रति मे.टनमा खरीद गर्ने ठेक्का दिइएको फाइलबाट देखिन आएको छ।

कृषि सामाग्री संस्थान (कार्यव्यवस्था) विनियम अनुरुप आर्थिक कार्यविधि अन्तर्गत संस्थानको लागि रु. ५,००,०००।– भन्दा बढी मोलको जिन्सी माल सामान खरीद गर्नु परेमा बोलपत्र आव्हान गर्नु पर्ने वा घटाघट गरी खरीद गर्नु पर्ने विनियम १३(१)(ग)) र ५ लाख भन्दा बढी मोलको सामान खरीद गर्नु परे संचालक समितिको स्वीकृति लिनु पर्ने विनियम ११(१)(क) अनिवार्य व्यवस्था गरेको देखिन्छ।

उक्त संस्थान ऐन र विनियमको व्यवस्था सम्बद्ध सबैले पालना गर्नु पर्छ। अझ विनियम १३ अनुसार उक्त नियमहरु प्रारम्भ भएपछि अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना मालसामान खरीद, बिक्री र लिलाम गर्न वा कुनै काम गर्न गराउन हुंदैन भनेर स्पष्ट बन्देज भएपछि ऐन र विनियमको कानूनी व्यवस्थालाई उल्लंघन गरी अधिकारको प्रयोग गर्न सक्ने वा सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरी कानून विपरित गर्न जिन्सी मालसामान खरीद गर्न आदेश दिन सक्ने अधिकार कुनै पनि ऐन नियम वा नेपाल कानूनले श्री ५ को सरकारलाई प्रदान गरेको देखिंदैन।

तर स्वयं कृषि मन्त्रालयले आफ्नै कारवाईलाई वैधता दिन प्रयास गरेको सन्दर्भमा विचार गर्दा कृषि मन्त्रालयमा संलग्न पदाधिकारीहरुले विशेष परिस्थिति देखाउन खोजेपनि उही दिन र समयमा उही परिस्थितिमा कृषि सामाग्री संस्थानको कार्य व्यवस्था विनियम, २०४७ अन्तर्गत कारवाई भई टेण्डर आव्हान गरी पेश भएको टेण्डर खोली सबैभन्दा कम मूल्यवाला इमिरेट ट्रेडिङ एजेन्सीको टेण्डर परी मल खरीद गर्ने निर्णय गरी पछिबाट सोही अनुसार कारवाई भई संझौता भई इमिरेट ट्रेडिङ एजेन्सीले त ९००० मे.टन मल आपूर्ति पनि गरिसकेको हुंदा उक्त

समयमा विशेष परिस्थिति परेको जिकिर समेत झूठो भई यसरी वार्ताद्वारा मल खरीद गर्ने निर्णय गरेकोबाट आफ्नो स्वार्थ परिपूर्ण गर्ने चालवाजी मात्र देखिन आएको छ ।

कृषि सामाग्री संस्थान विनियमको ५ नंबरले संस्थानको उद्देश्य पूर्ति गर्न वा आर्थिक समुन्नतिको निमित्त खास व्यवस्था गर्नु पर्ने भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ भनी व्यवस्था गरेकोले यो संझौता गर्दाको स्थिति हेर्दा सञ्चालक समितिसमक्ष कुनै खास विशेष परिस्थिति परी सञ्चालक समितिले उक्त विशेष परिस्थितिको सामना गर्न पियरलेस कम्पनीसंग संझौता गर्न कुनै विशेष निर्णय गरेको हो कि ? भन्दा यस्तो विशेष निर्णय सञ्चालक समितिले गरेको देखिएन बरु सञ्चालक समितिको नोटिसमा आउन अघि नै ०५२।९।१६ मा महाप्रवन्धकले संझौता गरि सकेपछि ०५२।९।१७ गते मात्र सञ्चालक समितिसमक्ष उक्त संझौता अवगतार्थ पुगेको देखिन आएको छ । तत्पश्चात् सञ्चालक समितिले उक्त संझौता सम्बन्धमा कुनै निर्णय नै नगरेकोमा माननीय कृषिमन्त्रीले ०५२।९।२६ मा उक्त संझौता सदर गरी सकेपछि कृषि मन्त्रालयले संस्थानलाई जानकारीको लागि पत्र लेखेपछि ०५२।१०।१७ मा मात्रै झण्डै एक महिना पछि मात्र संझौता स्वीकृतिको लागि पेश गरेको देखिंदा यो संझौता वा निर्णय नियम ११ विपरित अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना विभागीय मन्त्री, सचिव र महाप्रवन्धकको अनधिकृत कारवाईबाट भएको देखिन आएको छ ।

जहांतक कृषि मन्त्रालयको जिकिर अनुरुप मुलुकमा मलको संकट भएर कृषि मन्त्रालयले आफूकहां आएको प्रस्तावलाई स्वीकृत गरी कृषि सामाग्री संस्थानमा पठाएको हो कि भन्नलाई यदि मलको हाहाकारै परे कृषि सामाग्री संस्थानले विनियमको ५ नं.प्रयोग गरी सो सम्बन्धमा व्यवस्था गर्न गराउन सम्बन्धित निकायलाई सम्पर्क गर्न सक्छ र यस प्रकार मन्त्रालय र संस्थानबिच अन्तरक्रिया भई कृषि सामाग्री संस्थानले कुनै नीतिगत निर्णय लिई मल आपूर्ति गर्न सक्छ । तर स्वयं कृषि मन्त्रालयले आफैले अफर लिने, आफैले संझौता गर्ने जस्तो काम गर्न निजलाई कुनै नेपाल कानूनले अधिकार दिएको पनि छैन र समस्त मिसिल प्रमाणबाट कानूनले कृषि मन्त्रालयलाई यो अख्तियारी दिएको छ भनी उपरोक्त पदाधिकारीहरुले युक्तियुक्त जवाफ पनि दिन सकेको छैन । श्री ५ को सरकारले आर्थिक प्रशासन नियम, २०४२ को अन्य व्यवस्था लागू गर्न अप्ठ्यारो भए त्यस नियममा जुनसुकै कुरा लेखिएको भए पनि विशेष कारणले चांडो र गुणस्तरयुक्त ढंगबाट कुनै निर्माण वा खरीद गर्न गराउनु पर्नेमा त्यसरी गरिने कार्य वा लिइने सेवाको गुणस्तर, कार्य सम्पन्न गर्न लाग्ने समय र अन्य सम्बद्ध कुरालाई विचार गरी श्री ५ को सरकार मन्त्रीपरिषद्को निर्णयद्वारा त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने छ भन्ने नियम ५६(ख) मा लेखिएको देखिंदा यस प्रसंगमा कृषि सामाग्री संस्थानको सञ्चालक समितिको निर्णय गर्ने कानून बमोजिम अधिकार भएकोले श्री ५ को सरकारको अधिकारको कुनै प्रासंगिकता देखिन आउदैन । तथापि योभन्दा अघि पनि यही नियम अवलम्बन गरी मल खरीद गरेको, मन्त्रिपरिषद्को निर्णय देखिंदा यस संझौतामा चलन अनुसार पनि र नियम अनुसार पनि मन्त्रिपरिषद्को मात्र अधिकार भएकोमा माननीय मन्त्रीलाई यस प्रकार संझौता स्वीकृत गर्ने र अनुमोदनको लागि सञ्चालक समितिमा पठाउने अधिकार कतैबाट प्राप्त भएको देखिन आउंदैन ।

अझ माननीय कृषिमन्त्रीज्यूसमक्ष पेश भएको टिप्पणीमा नै "नेगोसिएशनबाट मल खरीद गर्न कानूनतः नमिल्ने हुंदा श्री ५ को सरकार समक्ष पेश गर्ने" भनी शाखा अधिकृत समेतले टिप्पणीमा लेखेको र सो टिप्पणीमा सतर्क गरिएको हुंदा हुंदै पनि सचिव, मन्त्री समेतले उक्त कुरालाई अवहेलना गरी आफूखुशी गरी गैर कानूनी रुपमा आफैले मल खरीद गर्ने निर्णय गरी विभागीय मन्त्रीले समेत त्यस प्रकार निर्देशन दिने वा निर्णय गरी आदेश दिएको संस्थान ऐन, २०२१ को दफा १० र कृषि सामाग्री संस्थान कार्य व्यवस्था नियम ११(१)(क), १३(१)(ग) कै विपरित हुंदा संचालक समितिको अधिकार माथि हस्तक्षेप भएको देखिन आएको छ ।

अ) अब यो गैर कानूनी रुपमा भएको संझौता गर्नु गराउनु एवं यसलाई स्वीकृत गरी संझौता कार्यान्वयन गर्न गराउन कुन कुन पदाधिकारीहरुको कुन प्रकारको संलग्नता एवं जिम्मेवारी छ भन्नेतर्फ विचार गर्दा कृषि सामाग्री संस्थान विनियम, २०४७ को आर्थिक नियम विरुद्ध पियरलेस कम्पनीले सोझै कृषि मन्त्रालयको सचिवसमक्ष प्रति मे.टन ३२० डलर मूल्य राखी ९००० मे.टन डि.ए.पी. मल आपूर्ति गर्ने प्रस्ताव राखेको र सोही प्रस्ताव निवेदनमै सचिव दान बहादुर शाहीले २०५२।९।१२ मा तुरुन्त एल.ओ.आई. दिने भनी तोक आदेश गरेपश्चात् ३१ डिसेम्बर १९९५ मा महाप्रवन्धकले उक्त पियरलेस कम्पनीसंग निज कम्पनीले तोकेको भाउमा ९००० मे.टन डि.ए.पी. मल खरीद गर्ने संझौता गरेकोमा, मिति २०५२।९।१८ मा "तहांको निर्देशानुसार ३१ डिसेम्बर १९९५ मा संझौताको प्रतिलिपी पठाएको" र उक्त संझौता अनुसार मल खरीद गर्न मन्त्रालयमा स्वीकृति माग गरेकोमा सचिव शाहीले "उपरोक्त बमोजिम गर्न श्री कृषि सामाग्री संस्थानलाई स्वीकृत दिने र टिप्पणी पेश गर्ने भनी २०५२।९।२३ मा तोक आदेश भएको देखिन्छ भने सोही आदेश अनुसार टिप्पणी उठ्दा शाखा अधिकृतले "कृषि सामाग्री संस्थानले सामान्यतया टेण्डर प्रक्रियाद्वारा

रासायनिक मल खरीद व्यवस्था मिलाउने गरेकोमा विगत केही महिनादेखि सिधै वार्ता गरी मल खरीद गर्ने प्रयास गरेको छ । तर यसरी सिधै वार्ता गर्दा श्री ५ को सरकारको स्वीकृति आवश्यक पर्ने देखिन्छ । यसपटक सो संस्थानले खरीद गर्न लागेको ९००० मे.टन डि.ए.पी. मलको सम्बन्धमा पनि श्री ५ को सरकारको स्वीकृति आवश्यक हुने देखिएकोले संलग्न पत्रमा अनुरोध भए अनुसार स्वीकृति प्रदान गर्न निर्णयको लागि पेश गरेको छु भनी टिप्पणी पेश गरेकोमा सचिव शाहीले "संलग्न अफर अनुसार हालसम्मको सबैभन्दा सस्तो एवं सहुलियतपूर्ण हुंदा स्वीकृतिको लागि पेश गरेको छु " भनी टिप्पणी राय लेखेकोतर्फ विचार गर्दा सचिव दान बहादुर शाही स्वयं कृषि सामाग्री संस्थानको सञ्चालक समितिको अध्यक्ष भई कृषि सामाग्री संस्थान विनियम २०४७ को नियम ११, १३ को विपरित सञ्चालक समितिको लिखित स्वीकृतिबाट मात्र टेण्डर प्रक्रियाद्वारा मल खरीद गर्न पाउनेमा उक्त नियम मिची सोझै अनियमित रुपमा आफैले संझौता गर्न एल.ओ.आई दिने आदेश गरी सो बमोजिम भएको उक्त गैर कानूनी संझौतालाई स्वीकृत गर्ने निर्णय टिप्पणी लेखेको देखिंदा निजले उक्त विनियमको नियम ११, १३ बर्खिलाफ काम गरेको प्रमाणित हुन्छ । त्यसमाथि निजकै अध्यक्षतामा बसेको सञ्चालक समितिले २०५२।९।२६ मा बोलपत्रबाट कम मूल्यको बोलपत्र पेश गर्ने इमिरेट्स ट्रेडिङ एजेन्सीको ३१६.५ डलर प्रति मे.टन मलको बोलपत्र स्वीकृत गरेको हुंदा विना कारण र औचित्य ३२० डलर प्रति मे.टन मूल्य पेश गर्ने पियरलेसलाई बदनियतपूर्वक "सबैभन्दा सस्तो र सहुलियतपूर्ण" भनी स्वीकृत गराई निजले आफ्नो अधिकारलाई दुरुपयोग गरी संस्थानलाई ३.५ डलर प्रति मे.टन नोक्सान गराई ९००० x ३.५ = ३१,५०० डलर रकम नोक्सान पारेको प्रमाणित हुन आउंछ । त्यसमा पनि निजकै पालोमा निजै सचिव शाहीले अघिल्लो पटक वार्ताद्वारा मल खरीद गर्दा आर्थिक प्रशासन नियम, २०४२ को नियम ५६(ख) अन्तर्गत श्री ५ को सरकार, मन्त्रीपरिषद्को स्वीकृति चाहिने भनी ०५२।२।५ मा कृषि मन्त्रालयको तर्फबाट प्रस्ताव पेश गरी स्वीकृत गराएको देखिंदा र यो मल किन्दा उठेको टिप्पणीमै पनि शाखा अधिकृत र सह सचिवले सो कुरा खुलाउंदा खुलाउँदै पनि त्यसको अवहेलना गरी निजले उक्त वार्ताबाट गरेको संझौतालाई आफूखुशी मूल्य दिई आर्थिक नियम विपरित स्वीकृति गरी गराई पियरलेस कम्पनीलाई फाइदा दिने कार्य गरेको देखिन आएको छ ।

यस प्रकार कृषि सचिव दानबहादुर शाहीले आफू अध्यक्ष रहेको कृषि सामाग्री संस्थानको मल खरीद गर्ने आदेश दिने अधिकार र संझौता स्वीकृति गर्ने अधिकार छैन भनी जानकारी राखेर तथा कृषि सामाग्री आपूर्ति गर्दा कृषि सामाग्री संस्थानको विनियम २०४७ को नियम १३(१(ग) र ११(१(क) बमोजिम सञ्चालक समितिको लिखित स्वीकृति भएपछि मात्र कृषि मल नियम बमोजिम टेण्डर गरेर मात्र खरीद गर्न मिल्छ भन्ने थाहा पाई पाइकन पनि आफूले आर्थिक लाभ लिई उक्त पियरलेस कम्पनीसंग सांठगांठ गरी निजले दिएको व्यक्तिगत निवेदनमा एल.ओ.आई दिने र पछि संझौता गर्ने खालको आदेश निर्देशन दिई महाप्रवन्धकको पत्रमा लेखिए बमोजिम संझौता गरिएको र निजले बदनियतसाथ दिएको आदेश अनुरुप संझौता भएकोमा कानून बमोजिम ३.५ डलर प्रति मे.टन कम दाम भएको इमिरेट्स ट्रेडिङ एजेन्सीको टेण्डर मूल्य देख्दा देख्दै यस पियरलेस कम्पनीलाई कम दामको सहुलियतपूर्ण भनी टिप्पणीमा राय लेखेकोबाट निजले पियरलेस कम्पनीसंग मिलेमतो गरी संस्थानको नियम मिची गैर कानूनी ढंगले बदनियतपूर्वक संस्थानलाई ३१,५०० डलर बराबरको नेपाली रुपैया १८,०४,९५०।– नोक्सान पारेको कार्यबाट निजले भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१) को कसूर गरेको देखिनाले सो दफा र दफा १४ (क) बमोजिम थप सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

आ) महाप्रवन्धक मिङ्गमा छिरिङ शेर्पाको काम कारवाईतर्फ हेर्दा निज कृषि सामाग्री संस्थानको महाप्रवन्धक पदमा रहेको पदाधिकारी भई संस्थान विनियम २०४७ को नियम ८ बमोजिम निजको काम कर्तव्य संस्थानको सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्नु पर्ने भएकोमा सञ्चालक समितिको लिखित निर्णय विना सचिवको निर्देशानुसार भनी महाप्रवन्धकले सचिवसंग मिलेमतो गरी पियरलेस कम्पनीसंग ३२० डलर प्रति मे.टन तिर्ने गरी संझौता गरेकोतर्फ विचार गर्दा महाप्रवन्धक स्वयं सीधै कृषि सामाग्री संस्थानको मुख्य प्रशासक रहेको र निजको काम कर्तव्य समेत संस्थानकै विनियमले तोकेको व्यक्ति हुंदा संस्थानको नियम बमोजिम टेण्डर नभएको, सञ्चालक समितिको निर्णय आदेश नभएकोमा पनि निजले बदनियतपूर्वक पियरलेस कम्पनीलाई मोलाहिजा गरी संस्थानको कानून मिची खरीद ठेक्का मिलाई संझौता गरेको प्रमाणित हुन आयो ।

त्यसमाथि पनि निज महाप्रवन्धकले १६ गतेको संझौता १७ गते सञ्चालक समितिमा पेश गरी सञ्चालक समितिले उक्त संझौता अवगत गरेको भनेर निर्णयमा लेखेको कुरालाई मन्त्रालयसमक्ष पेश गर्दा श्री ५ को सरकारको स्वीकृति लिने भनी सञ्चालक समितिको १७ गते निर्णय भएको भनी झूठो कुरा उल्लेख गरी संझौता स्वीकृत गराएबाट निजको कसूर झन बढी गम्भीर बनाएको देखिन आउंछ ।

संस्थानको कर्मचारी भई संस्थानलाई ३१,५०० डलर सोझै नोक्सान पारी संस्थानको विनियम ११, १३

बर्खिलाफ सञ्चालक समितिको स्वीकृति नलिई टेण्डर पनि नगरी पियरलेस कम्पनीसंग सांठगांठ गरी निजलाई लाभ पुऱ्याउने बदनियत राखी निजले नेपाल कानून बर्खिलाफ कार्य गरेको प्रमाणित हुन आउंछ ।

यसप्रकार निज मिङ्मा छिरिङ शेर्पाले स्वयं संस्थानको महाप्रवन्धक भई संस्थानको कार्य व्यवस्था विनियम, २०४७ को नियम ११ र १३ अन्तर्गत नियम बमोजिम टेण्डर गरी गराई मल खरीद गर्नु पर्नेमा महाप्रवन्धक स्वयंले संस्थानको ऐन नियम मिची पियरलेस डेभलपर्स कम्पनीसंग मिलोमतो गरी संस्थानलाई इमिरेट्स ट्रेडिङ एजेन्सीको ३१६.५ डलर प्रति मे.टन मल प्राप्त भएकै अवस्थामा संस्थानलाई ३.५ डलर प्रति मे.टन नोक्सान पारी उक्त आफ्नो मिलोमतोको कम्पनीलाई लाभ पुऱ्याई अनधिकृत संभौता गरेको साथै निजले ०५२।९।१७ मा बसेको सञ्चालक समितिको बैठकले आफूले गरेको संभौता स्वीकृत गरी श्री ५ को सरकारको अनुमोदन गर्ने निर्णय गरेको भनी झूठा कुरा लेखी आफूले बदनियतसाथ गरेको संभौतालाई समर्थन हुने गरी झूठो व्यहोरा पारी कृषि मन्त्रालयमा पत्र समेत पठाएकोबाट निजले आफूले आर्थिक लाभ लिई उक्त पियरलेस कम्पनीसंग भित्र भित्रै मत सल्लाह गरी उक्त कम्पनीलाई फाइदा दिने बदनियत गरी कृषि सामाग्री संस्थानलाई ३१,५०० डलर बराबरको ने.रु.१८,०४,९५०।– नोक्सान पुऱ्याएको देखिंदा निजले भ्र.नि.ऐन, २०१७ को दफा ३, र ७(२) को कसूर गरेको देखिनाले सोही दफा बमोजिम र दफा १४(क) बमोजिम थप सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

कृषि सामाग्री संस्थानका खरीद महाशाखाका प्रमुख अमृतमान ताम्राकारले उपरोक्त आर्थिक नियम कानून बुझेर पनि सो कुरा नदेखाई पियरलेस कम्पनीलाई गैर कानूनी लाभ पुऱ्याउने हिसावले मिलोमतोमा परी महाप्रवन्धकले गरेको गैर कानूनी संभौतामा आफू समेत साक्षी बसी उक्त गैर कानूनी संभौता गरे गराएको देखिंदा निजलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२) र १६(क) बमोजिम सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

इ) अब उक्त संभौता गर्दा माननीय कृषि मन्त्री पदमसुन्दर लावतीको संलग्नता र जिम्मेवारी तर्फ विचार गर्दा निजले यस आयोगलाई दिएको जानकारीको प्रकरण १ मा "संस्थान ऐन २०२१ को दफा ४ ले संस्थानमा सञ्चालक समिति गठन गर्ने व्यवस्था गरेको र त्यसमा मन्त्री संलग्न हुनु पर्ने व्यवस्था छैन, सञ्चालक समितिबाट हुने गरिएको काममा मन्त्रीको अनिवार्यता छैन " भन्ने र प्रकरण २ मा "ऐनको दफा ६ ले संस्थानको सबै अधिकार र कर्तव्यको पालना सञ्चालक समितिले गर्ने र दफा १० बमोजिम संस्थानलाई निर्देशन दिने श्री ५ को सरकारको अधिकार भएको र दफा ११ ले सम्बन्धित विभागीय मन्त्रीले निर्देशन दिनु पर्ने भएबाट यस्तो निर्देशन आवश्यकतानुसार हुने" भन्ने व्यहोरा उल्लेख भएको देखिंदा संस्थान ऐनको दफा १० अनुसार मन्त्रीको आदेशले यस्तो संभौता गर्न सकिन्छ कि भनी हेर्दा संस्थान ऐन २०२१ को दफा १० ले श्री ५ को सरकारलाई मात्र संस्थानलाई निर्देशन दिने अधिकार दिएको देखिन्छ । तर विभागीय मन्त्रीलाई सो अधिकार दिएको देखिंदैन । अझ यो निर्देशन दिनुको अर्थ मन्त्री आफैले संस्थानको कानून विपरित गैर कानूनी रुपमा सञ्चालक समितिको अधिकार प्रयोग गर्न पाउने हुन सक्दैन । निर्देशन दिनुको अर्थ कुनै मन्त्री विशेषले संस्थानको कानून नियम ११, १३ विपरित वा संस्थानले वाध्यात्मक रुपले मान्नु पर्ने प्रकृयालाई नमान्नु पर्ने गरी आदेश निर्देशन दिन मिल्छ भन्ने व्याख्या वा अर्थ पनि गर्न मिल्दैन ।

कृषि सामाग्री संस्थान नियम, २०४७ को नियम १३ ले यी नियमहरु प्रारम्भ भएपछि अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना मालसामान खरीद बिक्री र लिलाम गर्ने कुनै काम गर्न गराउन हुंदैन भन्ने व्यवस्था भएबाट यो नियम लागू भएपछि अनिवार्य रुपमा मन्त्री समेतले यसैको व्यवस्था मान्नु पर्ने वाध्यता छ । अतः यो नियमको प्रावधान लागू गर्नु पर्ने ठाउंमा कुनै पनि मन्त्री वा पदाधिकारीले कानून विपरित हुने गरी मल खरीद गर्ने संभौता गरी उक्त संभौता अनुमोदन गर्न भनी आदेश दिन सक्ने अधिकार नहुंदा माननीय कृषिमन्त्रीबाट संस्थानको कार्य व्यवस्था नियम विपरित आफूखुशी संभौता गरी त्यस्तो संभौता अनुमोदन गर्ने निर्देशन दिन सकिने कुरा संस्थान ऐन, २०२१ को दफा १० भित्रको अख्तियारी सम्झिन मिल्ने देखिंदैन ।

यसरी माननीय कृषिमन्त्री पदमसुन्दर लावतीले कृषि सामाग्री संस्थान कार्य व्यवस्था नियम, २०४७ बमोजिम उक्त नियमावली प्रारम्भ भएपछि सोही नियम अनुसार मलको आपूर्ति गर्नु पर्नेमा अख्तियारको दुरुपयोग गरी आफूले महाप्रवन्धकले गरेको संभौतामा विना कुनै कानूनी अधिकार स्वीकृत गरी कृषि सामाग्री संस्थानको सञ्चालक समितिको अधिकारलाई निस्तेज पारी कानून बमोजिम टेण्डरबाट मल आपूर्ति गरिनु पर्नेमा कम्पनीलाई मोलाहिजा गरी अनियमित रुपमा सदर गरी सोझै वार्ताद्वारा गरिएको नेगोसिएशनलाई स्वीकृत गरी टेण्डर रेट ३१६.५ प्रति

मे.टन भन्दा बढी ३.५ डलर तिर्नु पर्ने गरी पियरलेस कम्पनीलाई फाइदा पुऱ्याई कृषि सामाग्री संस्थानलाई ३१,५०० डलर बढी व्यय भार पुऱ्याउने बदनियतले कार्य गरेको देखिन आएको छ ।

यसप्रकार कृषि सामाग्री संस्थानको सञ्चालक समितिको अधिकार आफैले लिई पियरलेस कम्पनीसंग मिलोमतो गरी निजसंग भएको गैर कानूनी संझौतालाई स्वीकृती दिई उक्त कम्पनीलाई नियमित प्रक्रिया अन्तर्गत टेण्डर अनुसार प्राप्त मूल्य भन्दा ३.५ डलर बढी प्रति मे.टन दिई खरीद गर्ने संझौता अनुमोदन गरेको साथै निजले संचालक समितिको निर्णय गर्ने अधिकारलाई निस्तेज पारी समितिको स्वीकृति निर्णय हुन अगाडी नै आफैले स्वीकृति दिई अनुमोदनको लागि पठाई, यो भन्दा अघि पनि मल खरीद गर्ने सम्बन्धमा कृषि मन्त्रालयको प्रचलन समेतलाई अवहेलना गरी कुनै पनि कानूनले संझौता सदर गर्ने अधिकारै नभएकोमा आर्थिक लाभ लिई आफैले उक्त अधिकार प्रयोग गरी पियरलेस कम्पनीलाई सोझै नाफा हुने र कृषि सामाग्री संस्थानलाई ३१,५०० डलर बराबरको ने.रु. १८,०४,९५०।– नोक्सानी हुने गरी अधिकारको बदनियतपूर्वक दुरुपयोग गरेको हुंदा निजले भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१) को कसूर गरेको देखिंदा निजलाई सोही दफा बमोजिम र दफा १४(क) समेत थप सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

ई) अब सञ्चालक समितिको कारवाई सम्बन्धमा विचार गर्दा सञ्चालक समितिको २०५२।९।१७ को ६२१ औं बैठकले ३१ डिसेम्बर १९९५ मा भएको संझौता अवगत गरेको भनेको र २०५२।१०।१७ को ६२५ औं बैठकले उपरोक्त संझौता र एल.सी. खुलेकोलाई समर्थन गरेको तथ्यबाट देखिएको छ । संस्थान स्वयंले टेण्डर नं. के.पी. १५४ बाट टेण्डर आव्हान गरी २०५२।९।२६ मा टेण्डर खोली इमिरेट्स ट्रेडिङ एजेन्सीको सबैभन्दा कम दर ३१६.५ डलर प्रति मे.टन मूल्यको डि.ए.पी. मललाई स्वीकृत गरी २०५२।१०।१७ मा उक्त मल खरीद गर्ने निर्णय समेत गरेको देखिंदा एकातिर संस्थानले मल खरीद गर्दा अवलम्बन गर्नु पर्ने नियमित टेण्डर प्रक्रिया विपरित आफूखुशी गरिएको संझौतालाई नियम ११, १३ अनुसार बदर गर्नु पर्नेमा सो नगरेको र आफैले ३१६.५ डलर प्रति मे.टनमा सोही अवस्थामा मल खरीद गर्ने निर्णय गरेकोमा गैर कानूनी रुपमा भएको वार्ताद्वारा संस्थानलाई ३.५ डलर प्रति मे.टन बढी व्यय भार पर्ने गरी पियरलेससंगको संझौता स्वीकार गरेको देखिंदा सञ्चालक समिति आफैले आफूलाई अधिकार दिने कृषि सामाग्री संस्थान कार्य व्यवस्था नियम २०४७ को नियम ५, ११, १३ मात्र मिचेको नभई पियरलेस कम्पनीलाई नाफा दिने बदनियतले कृषिमन्त्री, कृषि सचिव, एवं महाप्रवन्धकसंग मिलोमतो गरी संस्थानलाई घाटा पुग्ने गरी निर्णय गरेको प्रमाणित हुन आएको छ ।

यसप्रकार पियरलेस कम्पनीको संझौता अनुमोदन गर्न पेश भएको समयमै नियमित प्रक्रियाद्वारा समिति स्वयंले टेण्डर आव्हान गरेकोमा ३१६.५ डलर प्रति मे.टन मूल्य आई संझौता समेत भइसकेकोमा सो समेतलाई वेवास्ता गरी ३.५ डलर महंगो प्रति मे.टन मूल्य बढी दिएको संझौता सदर गरेबाट संस्थानलाई ३१,५०० डलर नोक्सान पारेको हुंदा सञ्चालक समितिका सदस्यहरु रामवदन प्रधान, विमलनाथ रिमाल, भूपालमान शाक्य समेतले भ्र.नि. ऐन, २०१७ को दफा ७(१)(२) र १६(क) बमोजिमका कसूर गरेकोले निजहरुलाई सोही दफा बमोजिम सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

उ) अब पियरलेस कम्पनी लिमिटेडको कारवाईतर्फ विचार गर्दा सामान्यत: नेपाल कानून अन्तर्गत खास गरेर कृषि सामाग्री संस्थान कार्य व्यवस्था विनियम, २०४७ अन्तर्गत मल आपूर्ति गर्दा उक्त नियमावलीको नियम ११ (१) (क) अन्तर्गत समितिको स्वीकृतिमा मात्र ५ लाख भन्दा बढी सामान खरीद गर्न सकिने र नियम १३(१)(ग) अनुसार रु.५०,०००।– भन्दा बढी रकमको सामान खरीद गर्दा बोलपत्र वा घटाघटद्वारा खरीद गर्न सकिनेमा निजले गैर कानूनी अनियमित प्रक्रिया अपनाई मन्त्री, सचिव, महाप्रवन्धकलाई उक्त कार्य गर्न प्रोत्साहित गरी सामान्यत: प्राप्त गर्न सकिने कमिशनको रकम सरकारलाई उपलब्ध नगराई सो विषयमा गुपचुप राखी अनियमित रुपमा नियमित टेण्डरबाट कायम भएको दर रेट भन्दा बढी दर राखी कृषि सामाग्री संस्थानलाई घाटा पारी निजले कृषि सामाग्री संस्थान ऐनको नियम ११, १३ को उल्लंघन गरी गराई संझौता गरेको र कृषि सामाग्री संस्थानलाई सोझै ३१,५०० अमेरिकी डलर बराबरको ने.रु. १८,०४,९५०।– नोक्सानी पारेको देखिन आएको छ ।

यसप्रकार पियरलेस कम्पनीका प्रतिनिधिहरु निखिलेस मित्र र यू.राय चौधरीले संस्थानको ऐन नियमलाई मिच्ने हिसाबले संस्थानको नियम विपरित गरी नियमित प्रक्रिया अन्तर्गत तोकिन आएको टेण्डर मूल्यभन्दा ३.५ डलर बढी दर राखी कृषि मन्त्रालयका माननीय मन्त्री, सचिव तथा महाप्रवन्धक समेतसित मिलोमतो गरी बदनियतपूर्ण कार्यगरी ऐन विपरित मल आपूर्ति गर्ने ठेक्का हडपी कृषि सामाग्री संस्थानलाई रु. १८,०४,९५०।– नोक्सानी पुऱ्याई निजहरुले भ्र.नि.ऐन, २०१७ को दफा ४ र ८ बमोजिमको कसूर गरेको देखिनाले निजहरुलाई सोही बमोजिम सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउनका साथै सेनफर्ट इन्टरनेशनलका सिनेट श्रेष्ठलाई पियरलेस कम्पनीले २८

डिसेम्बर १९९५ मा अख्तियार प्राप्त एजेण्ट नियुक्त गरेको र त्यसपछि ३१ डिसेम्बरमा संझौता गर्दा निज साक्षी समेत बसेको देखिन आएको र उपरोक्त सम्पूर्ण कार्य पियरलेस कम्पनीको तर्फबाट निजले गरे गराएको देखिन आएकोले निज सिनेट श्रेष्ठलाई भ्र.नि.ऐन, २०१७ को दफा ४ र ८ बमोजिम सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

ग) <u>जी.प्रेमजी ट्रेडिङ प्रा.लि.का सम्बन्धमा</u> :–

प्रस्तुत उजुरीमा बुझिएको सबूद प्रमाणहरुबाट कृषि सामाग्री संस्थानले मल आपूर्तिको लागि टेण्डर आव्हान नं. के.पी. १४६ बाट मिति २१ अप्रिल १९९५ तद्नुसार ०५२।१।८ मा २०, ००० मे.टन युरिया मलको टेण्डर आव्हान गरेको र सो अनुसार पर्न आएको टेण्डरमा जी.प्रेमजी ट्रेडिङ प्रा.लि.को प्रति मे.टनको लागि यू.एस.डलर २२९.४६ दरलाई संस्थानको सञ्चालक समितिले स्वीकृत गरी ११ मे १९९५ मा संझौता समेत भएको र सम्झौता अनुरुप १० हजार मे.टन सप्लाई गर्नु पर्नेमा ६,३०० मे.टन सप्लाई गरी ३,७०० मे.टन सप्लाई नगरी आवश्यक साइजको भेसल प्राप्त हुन नसकेकोले अरु थप परिमाणको मात्र पटक पटक गरी अन्तमा जी. प्रेमजीको स्थानीय एजेण्टको कथित मा.मन्त्रीज्यूलाई सम्बोधन गरी लेखिएको पत्रमा थप परिमाण प्राप्त हुन नसकेको र इण्डोनेशियामा इम्बार्गो लागेकोले धरौटी रकम फिर्ता पाउन भनी माग गरेको त्यसैको आधारमा कृषि सामाग्री संस्थान, सञ्चालक समितिले ०५२।१०।२७ (३१ जनवरी १९९६) को बैठकलै निजको पि.वण्ड पूरै फुकुवा गर्ने निर्णय गरेको देखियो ।

त्यसरी सञ्चालक समितिले पि.वण्ड फुकुवा गर्ने निर्णय गरी यू.एस. डलर २,२९,४६० सम्बन्धित पार्टीलाई फुकुवा गरी फिर्ता दिएको नियम कानून संगत हो होइन ? भन्ने तर्फ हेर्दा फिर्ता दिएको निम्न आधार संचालक समितिले लिएको देखिन्छ :

१. इण्डोनेशियामा निकासी प्रतिबन्ध लागेको ।

२. ६,३०० मे.टन पठाएको सो लटको उपलब्ध मलबाट तत्कालीन आपूर्तिमा पुगेको राहतलाई दृष्टिगत गरेको ।

उपरोक्त दुई आधार लिई पि.वण्ड फुकुवा गरेकोमा पहिलो आधार तर्फ हेर्दा जि. प्रेमजी ट्रेडिङ प्रा.लि. र कृषि सामाग्री संस्थान बिच भएको ११ भई १९९५ को संझौता नं. ६ मा Country of Origin - Indonesia/Egypt at Seller's option भन्ने उल्लेख भएबाट एक ठाउंमा इम्बार्गो लागेको कारणबाट मात्र आधार मनासिव भन्न मिल्ने देखिदैन । त्यसमा पनि इण्डोनेशियामा इम्बार्गो लागेको भन्ने कुराको औपचारिक जानकारी लिएको नभई २२ जुन १९९५ को एफ.एम.वी. टेलेक्सको खवरलाई उल्लेख गरेको र सोबाट पनि २२ जून देखि २० जुलाईसम्म प्रतिबन्ध लागेको भनी भन्ने तर सो प्रतिबन्ध फुकुवा भएको झण्डै ६ महिनापछि गरेको निर्णयले पहिलो आधार पुष्टि हुन सकेन ।

इम्बार्गो लागेकै मान्ने हो भने पनि संझौताको दफा १२ मा Terms of Force Measure को अवस्थामा म्याद थप गर्ने सम्मको प्रावधान राखेको र त्यसको दफा १३ संझौतामा उल्लेख गरेको मुलुक (Country of Origin) मा त्यस्तो अवस्था परेमा संस्थानले मञ्जुर गरेको अर्को मुलुकबाट पूरा गर्नु पर्ने पनि उल्लेख भएकोबाट इजिप्ट ओरिजीन संझौतामा नै भएपछि सोबाट पूर्ति गर्नु पर्ने हुंदा एक मुलुकमा इम्बार्गो लागेको कारणले मात्र पहिलो आधार नियम संगत भएन ।

अब दोश्रो आधार हेर्दा ६,३०० मे.टन आपूर्ति गरेको कारणले नै राहत पुग्याएको भनी भन्नलाई २० हजार मे.टनको आवश्यकता देखाई टेण्डर आव्हान गर्नु १० हजारको टेण्डर स्वीकृत गर्नु र सप्लायरले ६,३०० मात्र सप्लाई गर्दैमा राहत पुगेको भन्ने हो भने टेण्डर गर्नुको कुनै औचित्य नै नरहने हुन्छ ।

संस्थानले पि.वण्ड रिलिज गर्न लिएको आधार एकातर्फ औचित्यहीन देखिन्छ भने बोलपत्रको व्यवस्थामा कृषि सामाग्री संस्थान, कार्य व्यवस्था विनियम, २०४७ को नियम २२ मा कबूलियत बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बिचैमा छाडेमा वा कबूलियत बमोजिमको प्रगति नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्न पाउने छ । यसरी बिचमा ठेक्का तोकिएमा ठेकेदारले जमानत वा अन्य कुनै काम वापत राखेको रकम जफत हुनेछ र अर्को ठेकेदार खडा गरी बिचमा ठेक्का तोडी अपूरो काम पूरा गर्न ठेक्का अंकभन्दा जे जति बढी खर्च पर्छ त्यति नोक्सानी भएको रकम प्रचलित कानून बमोजिम ठेकेदारबाट असूल गरिनेछ भन्ने प्रष्ट उल्लेख गरेको र त्यसैको नियम २३ मा दैवी वा कुनै कारणवस कबूलियत भए बमोजिमको अवधिभित्र ठेक्का पूरा हुन नसकी म्याद थप गर्न आवश्यक देखेमा म्याद थप गर्न सक्नेसम्मको कानूनी व्यवस्थालाई पि.वण्ड रिलिज गर्ने संस्थानको सञ्चालक समितिको उक्त निर्णय गैर कानूनी देखिन्छ ।

३,७०० मे.टन मल आपूर्ति नगरेमा जि. प्रेमजी ट्रेडिङ प्रा.लि. ले ३१ मई देखि ८ जूनसम्म ठेक्का शर्त अनुसार नै काम गर्न वचतवद्धता व्यक्त गरी भेसेलको व्यवस्था गर्न समय माग गरेको र २७ जूनमा परिमाण बढाउन अनुरोध गरेको । ९ अगष्ट १९९५ सम्म पनि के.पी. १४९ को प्रस्ताव गरी सो साथ पठाउन माग गरेकोमा त्यस तर्फ कुनै विचारसम्म पनि नगर्नु र माननीय मन्त्रीज्यूलाई दिएको निवेदनको बोधार्थकै आधारमा निर्णयमा पुगनु र जी. प्रेमजी प्रा.लि. को अधिकार प्राप्त स्थानीय एजेण्ट सिनेट श्रेष्ठको हस्ताक्षर प्रमाणित भएको अधिकार पत्र बमोजिमको हस्ताक्षर नभएको कुरा जानी बुझी नै वेवारिसी हस्ताक्षरको निवेदनलाई वोर्डमा राखी निर्णय गर्नु समेतबाट बदनियत थिएन भन्न मिलेन । अतः त्यसरी निर्णय गर्न संचालक समितिका अध्यक्ष दानबहादुर शाही, जि.एम. मिङ्गमा छिरिङ शेर्पा र निर्णयमा संलग्न रहेका सदस्यहरु रामवदन प्रधान, भूपालमान शाक्य र बिमलनाथ रिमाल समेतले २,२९,४६० यू.एस. डलरको हुने रु. १,२९,४८,०५८।– कृषि सामाग्री संस्थानलाई बदनियतपूर्वक हानी नोक्सानी पुऱ्याई आफू र सप्लायरलाई आर्थिक लाभ पुऱ्याएको हुंदा निजहरुले भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१) र ७(२) बमोजिम कसूर गरेकोले निजहरुलाई सोही दफा बमोजिम र दफा १४(क) बमोजिमको थप सजाय भई दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

माननीय मन्त्री पदमसुन्दर लावतीका हकमा हेर्दा धरौटी रकम फिर्ता दिन भनी कृषि सामाग्री संस्थानका नाममा तोक आदेश गरी पाउं भनी माननीय मन्त्रीज्यू, कृषि मन्त्रालयलाई सम्बोधन गरी नेपाल कोमेक्सीमले निवेदन दिएकोमा सोही निवेदन खरीद महाशाखाका प्रमुख अमृतमान ताम्राकारले बोर्डमा राख्न एजेण्डा तयार गर्ने भनी तोक लगाएको देखिएबाट मन्त्रीको आदेश वेगर निवेदन कार्यान्वयन हुने स्थिति नै नपर्ने हुंदा माननीय मन्त्री पदमसुन्दर लावतीसंगको मिलोमतोबाट सो निवेदन निज अमृतमान ताम्राकारले बोर्डमा राखी धरौटी फिर्ता दिने दिलाउने निर्णय गराएको भन्ने देखिन आउंछ । नियम र संझौताले पनि फिर्ता दिन नमिल्ने रकम १ करोड २९ लाख ४८ हजारको ठूलो धनराशीलाई फिर्ता दिने निर्णय गर्न उल्लेखित संचालक समितिका पदाधिकारीले मात्र दुस्साहस गरेको होला भन्न पनि नसकिने हुंदा आफूसमक्ष दिएको निवेदनलाई विना आदेश नै सञ्चालक समितिले धरौट फिर्ता गर्ने निर्णय गर्न नसक्ने हुंदा माननीय मन्त्री पदमसुन्दर लावतीले आफूलाई गैर कानूनी आर्थिक लाभ पुऱ्याई संस्थानलाई हानी नोक्सानी पुऱ्याएकोमा निज उपर समेत भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), १४(क) र १६(क) बमोजिम हदैसम्म सजाय गरी ऐजनको २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

नेपाल कोमोक्सीमले धरौटी रकम फिर्ता दिनू भनी कृषि सामाग्री संस्थानका नाउंमा आदेश गरी पाउं भनी दिएको निवेदनलाई कृषि सामाग्री संस्थान, कार्य व्यवस्था विनियम, २०४७ को नियम २२ र सप्लायरसंग भएको संझौताले पनि फिर्ता दिन नमिल्ने कुरा जानी बुझी निवेदनको जानकारीसम्म गराएको आधारमा समितिमा राखी निर्णय गराई संस्थानलाई हानी नोक्सानी पुऱ्याई सप्लायर र आफूलाई समेत फाइदा पुऱ्याउन संस्थानका खरीद महाशाखा प्रमुख अमृतमान ताम्राकारले माननीय मन्त्री पदमसुन्दर लावतीसंग मिलोमतो गरेको देखिन आएकोले निज अमृतमान ताम्राकारलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२) र १६(क) बमोजिम सजाय गरी ऐजनको दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

त्यसै गरी जि.प्रेमजी ट्रेडिङ प्रा.लि.का स्थानीय एजेन्ट कोमेक्सीमका सिनेट श्रेष्ठले संस्थानका अध्यक्ष र महाप्रवन्धकहरु समेतसंग मिलोमतो गरी आफ्नो शर्त अनुसार मल आपूर्ति नगरी सो नगरेमा जफत हुने पि.वण्डलाई बदनियतपूर्वक धरौटी फिर्ता माग गरी संस्थानका सञ्चालक समितिका पदाधिकारीहरु र माननीय मन्त्री पदमसुन्दर लावतीसमेत लाई प्रलोभनमा पारी सप्लायर र आफूलाई फाइदा पुऱ्याई संस्थानलाई गैर कानूनी हानी नोक्सानी पुऱ्याएकोमा निज सिनेट श्रेष्ठ उपर भ्र.नि.ऐन, २०१७ को दफा ४ र ८ बमोजिम हदैसम्म सजाय र दफा २९ बमोजिम विगो समेत भराई पाउन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

५.१.७ राष्ट्रिय वाणिज्य बैंकमा एल.सी. घोटाला, बैंकको ८ करोड रुपैया डुव्यो भन्ने शीर्षकमा उल्लेखित तथा बैंकको अध्यक्ष तथा महाप्रवन्धकको कार्यालयको यस आयोगलाई सम्बोधन गरी पेश गरेको उजुरीमा तोकिएको सीमा भन्दा धेरै बढी कारोवार गरे गराएको देखिन आएको, प्रतित पत्र खोल्ने फर्महरुको अख्तियार प्राप्त अधिकारीको दस्तखत प्रमाणित गरी पछिबाट केरमेट गरेको र करिव ८ करोड घाटा नोक्सान हुने कार्य गरेको देखिंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ (छ), २ (ज) एवं ३ (क) संग सम्बन्धित देखिनाले र ऐ कै दफा ४(१)(घ) बमोजिम छानविन, अनुसन्धान तहकिकात लगायत आवश्यक कार्य गर्न लेखि आएको सन्दर्भमा प्रतित पत्रहरु खोल्दा वेभरपर्दो तरिकाले अनियमित कार्य गरी प्रतित पत्र खोली भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :–

(१) दीपक ट्रेड कन्सर्नको रामकुमार भद्रपुरीया ग्यारेण्टी बसी खोलेको आयात प्रतित पत्रहरु नं. ३०/१७३० मिति ०५१।१०।१७ का डि.डि. इम्पेक्सको नामको अ.ड. १,६५,०००।-, नं. ३०/२३५५ मिति ०५२।११५ को डि.डि. इम्पेक्सको नामको अ.ड. १,४०,१६०।-, नं. ३०/२३५६ मिति ०५२।११५ डि.डि. इमपेक्सको अ.ड. १,५१,२००।-, नं. ३०/२७१५ मिति ०५२।२।१९ को जे. मनोज ट्रेडिङ्गको अ.ड. १,८०,९५५।५५, नं. ३०/२८२९ मिति ०५२।३।४ को जुनियर सापकोटा ट्रेडिङ्गको अ.ड. १,८९,७४०।-, नं. ३०/२८३० मिति ०५२।३।४ न्यू गौरिशंकर इन्टरनेशनलको अ.ड. २,०९,३००।-, नं. ३०/२८३१ मिति ०५२।३।४ को न्यू तार्किक कन्सर्नको अ.ड. २,१०,७५०।- नं. ३०/२८३२ मिति ०५२।३।४ को जे मनोज ट्रेडिङ्गको अ.ड. १,९३,८३०।-, नं. ३०/२८३३ मिति ०५२।३।४ को आर. पर्वत ट्रेडिङ्ग को अ.ड. २,१५,६००।- समेत जम्मा अ.ड. १६,५६,५३५।५५ को आयात प्रतित पत्र अनियमित तरिकाले खोली सम्बन्धित पार्टीले भुक्तानी लिई सकेको र बैंकको रकम भुक्तानी गरी डकुमेण्ट छुटाई नलगी रा.वा.बैंकलाई अ.ड. १६,५६,५३५।५५ हानी पुग्न गएको हुंदा प्रत्येक प्रतित पत्रको निम्न अनुसार भ्र.नि. ऐन अन्तर्गत मुद्दा दायर गरिएको ।

(क) आयात प्रतित पत्र नं. ३०/१७३० मिति २०५१।१०।१७ मा खोलिएको अमेरिकी डलर १,५६,०००।- को प्रतित पत्रमा पार्टी डि.डि. इम्पेक्सका प्रोप्राइटर ध्रुव दहाल र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएकोमा दीप्पक ट्रेड कन्सर्नको नाममा रु. १ करोडको आयात प्रतित पत्र खोल्ने सिमा केन्द्रबाट स्वीकृत भएको तथा सोही परिधि भित्र रही खोलिएको भए तापनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियम अनुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस नदिई एल.सी. खोल्नका लागि दिनु पर्ने छुट्टै निवेदनमा निवेदकको सही हुनु पर्नेमा सही नै नगरी ग्यारेण्टी बस्नेले भर्नु पर्ने फाराममा ग्यारेन्टी बस्नेले रीतपूर्वक सही नगरी प्रतित पत्र खोल्ने अंग्रेजी लिपिको फाराममा निवेदकले रीतपूर्वकको सही गर्नु पर्नेमा सो नगरी निवेदकले आफ्नो खाता नम्बर उल्लेख गर्नु पर्नेमा सो नगरी बदनियत चिताई प्रतित पत्र खोली उक्त आयात प्रतित पत्रको डकुमेण्ट रा.वा. बैंक विशाल बजारमा प्राप्त भएपछि सबै पैसा दाखिला गरी डकुमेण्ट छुटाई लानु पर्नेमा सो नगरेको देखिनाले डि.डि. इम्पेक्सका प्रो. ध्रुव दाहाल र निजको ग्यारेण्टी बस्ने रामकुमार अग्रवालले मिलोमतो गरी बैंकलाई अमेरिकी डलर १,६५,०००।- गैर कानूनी तरिकाले नोकसानी पारी आफूहरुलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि.ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त नम्बरको आयात प्रतित पत्र खोल्न स्वीकृती दिने एकाउण्टेण्ट सुदर्शनकृष्ण श्रेष्ठ, र एल.सी. इन्चार्ज रामभक्त देवकोटाले उक्त प्रतित पत्र खोल्नका लागि पेश गरेको प्रोफर्म इन्भ्वाइसमा ठीक छ छैन एल.सी. खोल्न दिएको निवेदनमा निवेदकको सही छ छैन एल.सी. खोल्ने निवेदक भरपर्दो हो होइन ग्यारेण्टी बस्नेले ग्यारेन्टी बस्दा बैंकको नियम अनुसार भर्ने फाराममा सही गरेको छ छैन एल.सी. खोल्न स्वीकृती दिने फाराममा निवेदकको सही र खाता नम्बर प्रमाणित छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित निवेदकको सही र खातामा उल्लेखित निवेदकको सही भिड्छ भिड्दैन सो सम्पूर्ण जांची बुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोली बदनियत चिताई आफ्नो जिम्माको अमेरिकी डलर १,६५,०००।- बैंकलाई गैर कानूनी तरिकाले हानी तथा पार्टीलाई गैर कानूनी तरिकाले लाभ पुऱ्याएको देखिनाले भ्र.नि. ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

(ख) आयात प्रतित पत्र नं. ३०/२३५५ मिति २०५२।११५ को डि.डि. इम्पेक्सको प्रो. ध्रुव दाहाल र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दिपक ट्रेड कन्सर्नको प्रो.रामकुमार अग्रवाल भएकोमा दीपक ट्रेड कन्सर्नको नाममा प्रतित पत्र खोल्ने केन्द्रबाट स्वीकृत भएको सीमा नपुग भएता पनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियम अनुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरी एल.सी. खोल्नका लागि दिनु पर्ने फाराम रितपूर्वक नभरी प्रतित पत्र खोल्ने फाराममा (अंग्रेजी लिपिको) पार्टीले रीतपूर्वकको सही गर्नु पर्नेमा सो नगरी पार्टिले आफ्नो खाता नम्बर उल्लेख गर्नु पर्नेमा सो उल्लेख नगरी ग्यारेन्टी बस्नु पर्नेले भर्नु पर्ने रितपूर्वकको फाराम नै नभरी बदनियत चिताई प्रतित पत्र खोली उक्त आयात प्रतित पत्रको डकुमेण्ट रा.वा. बैंक विशाल बजारमा प्राप्त भएपछि सबै पैसा दाखिला गरी डकुमेण्ट छुटाई लानु पर्नेमा सो नगरेको देखिनाले डि.डि. इम्पेक्सका प्रो. ध्रुव दाहाल र निजको ग्यारेण्टी बस्ने रामकुमार अग्रवालले मिलोमतो गरी बैंकलाई १, ४०,१६०।- अमेरिकी डलर नोक्सान पारी आफूहरुलाई गैर कानूनी फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त नं.को आयात प्रतित पत्र खोल्न स्वीकृति दिने प्रबन्धक बालकृष्ण अधिकारी तथा एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले पार्टी तथा ग्यारेण्टी बस्नेको एल.सी. लिमिट छ छैन उक्त प्रतित पत्र खोल्नका लागि पेश गरेको प्रोफर्म इन्भ्वाइस नियमित छ छैन एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी दस्तखत गरी पेश भएको छ छैन, एल.सी. खोल्ने पार्टी भरपर्दो हो होइन ग्यारेण्टी बस्नेले ग्यारेण्टी बस्दा बैंकको नियम अनुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन एल.सी. खोल्न स्वीकृति दिने फाराममा पार्टीको सही र खाता नं. छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेखित पार्टीको सही मिल्छ मिल्दैन सो जांची बुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नगरी लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई पैसा दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको १,४०,१६० अमेरिकी डलर बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि. ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिमको दावी लिई मुद्दा चलाइएको ।

(ग) आयात प्रतित पत्र नं. ३०/२३५६ मिति ०५२।११५ को डि.डि. इम्पेक्सको प्रो. ध्रुव दाहालको नाममा अ.ड. १,५१,२०० को प्रतित पत्र खोलिएकोमा ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएको र रा.वा. बैंक केन्द्रीय कार्यालयबाट स्वीकृत सीमा समाप्त भै सकेको भए पनि आयात प्रतित पत्र खोल्नको लागि बैंकमा ग्यारेण्टी बसेको तर ग्यारेण्टी बस्नेले भर्नु पर्ने छुट्टै फाराम नभरेको एल.सी. खोल्न निवेदन गर्ने निवेदकले रीतपूर्वकको प्रोफर्म इन्भ्वाईस पेश नगरेको एल.सी. खोल्न पेश गरेको छुट्टै निवेदन रीतपूर्वक सही नभएको एल.सी. खोल्न भर्नु पर्ने अंग्रेजी लिपिको फर्ममा रीतपूर्वक सही नगरी खाता नं उल्लेख नगरी पेश गरेको यसरी बदनियत चिताई प्रतित पत्र खोले पछि डकुमेण्ट बैंकमा आएपछि सबै पैसा तिरी डकुमेण्ट छुटाई लग्नु पर्नेमा सो नगरी डि.डि. इम्पेक्सका प्रो. ध्रुव दाहाल र निजको ग्यारेण्टी बस्ने रामकुमार अग्रवालले मिलोमतो गरी बैंकलाई १,५१,२०० अ.ड. गैर कानूनी नोक्सानी पारी आफूहरुलाई गैर कानूनी फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतित पत्र खोल्न स्वीकृत दिने प्रबन्धक बालकृष्ण अधिकारी र एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले एल.सी. लिमीट नै नभएकोमा उक्त प्रतित पत्र खोल्नका लागि पेश गरेको प्रोफर्म इन्भ्वाईस रीतपूर्वकको छ छैन, एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी दस्तखत गरी पेश भएको छ छैन एल.सी. खोल्ने पाटी भरपर्दो हो होइन, ग्यारेण्टी बस्नेले ग्यारेण्टी बस्दा बैंकको नियम अनुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन, एल.सी. खोल्न स्वीकृती दिने फाराममा पार्टीको सही र खाता नं. ठीक छ छैन, आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेखित पार्टीको सही मिल्छ मिल्दैन सो जांचीबुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी रा.वा.बैंक केन्द्रीय कार्यालयको परिपत्र अनुसारको लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई पैसा जम्मा गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको १,५१,२०० अमेरिकी डलर बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि.ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिमको दावी लिई मुद्दा चलाइउको ।

(घ) आयात प्रतित पत्र नं. ३०/२७१५ मिति २०५२।२।१९ मा खोलिएको अमेरिकी डलर १,८४,२७५ को प्रतित पत्र पछि भुक्तानी हुंदा अ.ड. १,८०,९५५।५५ भएको जे.मनोज ट्रेडिङ्गको प्रो. मनोज खड्का र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नका प्रो. रामकुमार अग्रवाल भएकोमा दिपक ट्रेड कन्सर्नको आयात प्रतित पत्र सीमा स्वीकृत रकम बांकी नरहेको भए तापनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियमानुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरेको, एल.सी. खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको, ग्यारेण्टी बस्नु पर्नेले भर्नु पर्ने फाराम पेश नभएको, प्रतित पत्र खोल्न अंग्रेजी लिपिको फर्ममा निवेदकको रीतपूर्वकको दस्तखत र खाता नं. नभएको, यसरी बदनियत चिताई प्रतित पत्र खोली उक्त प्रतित पत्रको डकुमेण्ट बैंकमा आएपछि बैंकको पैसा तिरी छुटाई नलगी जे.मनोज ट्रेडिङ्गका प्रो. मनोज खड्का र निजको ग्यारेण्टी बस्ने रामकुमार अग्रवालले बैंकलाई बिल बमोजिमको अमेरिकी डलर १,८०,९५५।५५ गैर कानूनी तरिकाले नोकसानी पारी मिलोमतो गरी आफूलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतित पत्र खोल्न स्वीकृत दिने एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले उक्त प्रतित पत्र खोल्नका लागि पेश भएको प्रोफर्म इन्भ्वाईस रीतपूर्वकको छ छैन, एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी दस्तखत गरी पेश भएको छ छैन, एल.सी. खोल्ने पार्टी भरपर्दो छ छैन ग्यारेण्टी बस्नेको लिमीट छ छैन, ग्यारेण्टी बस्नेले नियमानुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन, एल.सी. खोल्ने स्वीकृती दिने फाराममा पाटीको सही र खाता नं. रीतपूर्वकको छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेखित पार्टीको सही मिल्छ मिल्दैन सो जांचीबुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी परिपत्र अनुसारको लिनु पर्ने मार्जिक १५ % भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको १,८०,९५५।५५ अमेरिकी डलर बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि. ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिमको दावी लिई मुद्दा चलाइएको ।

(ङ) आयात प्रतित पत्र नं. ३०/२८२९ मिति ०५२।३।४ मा खोलिएको अ.ड. १,८९,७४० को प्रतित पत्रमा पार्टी जुनियर सापकोटा ट्रेडिङ्गको प्रो. नेत्रबहादुर सापकोटा र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएकोमा दीपक ट्रेड कन्सर्नको नाममा रा.वा.बैंक के.का.बाट स्वीकृत भएको एल.सी. सीमा बांकी नरहेको भए तापनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियमानुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरेको एल.सी. खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको ग्यारेण्टी बस्नेले भर्नु पर्ने फाराम पेश नभएको प्रतित पत्र खोल्न अंग्रेजी लिपिको दस्तखतमा रीतपूर्वक सही नगरी खाता नं. उल्लेख नगरी पेश गरेको र यसरी बदनियत चिताई प्रतित पत्र खोलेपछि डकुमेण्ट बैंकमा आएपछि बैंकको रकम तिरी डकुमेण्ट छुटाई लग्नु पर्नेमा सो नगरी जुनियर सापकोटा ट्रेडिङ्गको प्रो. नेत्रबहादुर सापकोटा र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवालले बैंकलाई १,८९,७४० अमेरिकी डलर नोक्सानी पारी पार्टी मिलोमतो गरी आफूलाई गैर कानूनी फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतित पत्र खोल्न स्वीकृति दिने प्रबन्धक बालकृष्ण अधिकारी र एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले एल.सी. लिमीट नै नभएकोमा उक्त प्रतित पत्र खोल्नका लागि पेश गरेको प्रोफर्म इन्भ्वाईस रीतपूर्वकको छ छैन एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक हेरी खाता नं. उल्लेख गरी पेश भएको छ छैन, एल.सी. खोल्ने पार्टी भरपर्दो हो होइन ग्यारेण्टी बस्नेले ग्यारेण्टी बस्दा बैंकको नियमानुसार भर्नु पर्ने फारम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन, एल.सी. खोल्न स्वीकृती दिने फाराममा पार्टीको सही र खाता नं. ठीक छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेखित पार्टीको सही मिल्छ मिल्दैन सो जांचीबुझी प्रतित पत्र स्वीकृत गर्नु पनेमा सो नहेरी परिपत्र अनुसारको लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको १,८९,७४० अ.ड. बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि. ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिमको दावी लिई मुद्दा चलाइएको ।

(च) आयात प्रतित पत्र नं. ३०/२८३० मिति ०५२।३।४ मा खोलिएको अ.ड. २,०७,००० को प्रतित पत्रमा पछि थप भई हुन आएको अ.ड. २,०९,३०० भुक्तानी भएको उक्त प्रतित पत्रको न्यू गौरीशंकर इन्टरनेशनलको प्रो. वुमबहादुर तामाङ्ग र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएकोमा दीपक ट्रेड कन्सर्नको लागि स्वीकृत सीमा बांकी नरहेको भए पनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियमानुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरेको एल.सी. खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको ग्यारेण्टी बस्नेले भर्नु पर्ने फाराम पेश नभएको प्रतित पत्र खोल्न अंग्रेजी लिपीको फाराममा निवेदकको रीतपूर्वकको दस्तखत र खाता नं. नभएको यसरी बदनियत चिताई प्रतित पत्र खोली उक्त प्रतित पत्रको डकुमेण्ट बैंकमा आएपछि बैंकको पैसा तिरी छुटाई नलगी न्यू गौरीशंकर इन्टरनेशनलको प्रो.वुम बहादुर तामाङ्ग र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्ननको प्रो. रामकुमार अग्रवालले बैंकलाई २,०९,३०० अ.ड. गैर कानूनी तरिकाले नोक्सानी पारी मिलोमतो गरी

आफूलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतितपत्र खोल्न स्वीकृती दिने प्रवन्धक वालकृष्ण अधिकारी र एकाउण्टेण्ट सुरेन्द्र लाल राजभण्डारीले उक्त प्रतितपत्र खोल्नको लागि पेश भएको प्रोफर्मा ईनभ्वाइस रीतपूर्वकको छ छैन एल.सी. खोल्न दिएको निवेदन रितपूर्वक भरी खाता नं उल्लेख गरी दस्तखत गरी पेश भएको छ छैन एल.सी. खोल्ने पार्टि भरपर्दो छ छैन ग्यारेण्टी वस्नेको लिमिट छ छैन ग्यारेण्टी वस्नेले नियमानुसार भर्नुपर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन यल.सि.खोल्न स्वीकृती दिने फाराममा पार्टिको सहि र खाता नं रीतपूर्वकको छ छैन, आयकर दर्ता प्रमाणपत्रमा उल्लेखित पार्टिको सहि र खातामा उल्लेखित पार्टिको सहि मिल्छ मिल्दैन सो जांची बुझी प्रतितपत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी परिपत्र अनुसारको लिनुपर्ने मार्जिन भन्दा कम मार्जिन लिइ लिमिट नै नभएको एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टिलाई बुझाइ रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केहि प्रयास नै नगरी वदनियत चिताई आफ्नो जिम्माको २०९३०० अ.ड.मध्ये २३०० वालकृष्ण अधिकारीले मात्र र अ.ड. २०७००० दुवैले बैकलाइ गैह्र कानूनी हानी तथा पार्टिलाइ गैह्र कानूनी लाभ पुऱ्याएको देखिएकाले भ्र.नि.ऐन २०१७ को दफा ७.२,१३ र २९ बमोजिमको दावी लिइ मुद्दा चलाइएको ।

(छ) आयात प्रतितपत्र नं.३०।२८३१ मिति २०५२।३।४ मा खोलिएको अ.ड.२१०७५० को प्रतितपत्रमा पार्टि न्यू तार्किक ट्रेड कन्सर्नको प्रो.नवराज खत्री र सो प्र.प.को ग्यारेन्टी वस्ने दीपक ट्रेड कन्सर्नको लागि स्वीकृत सीमा वांकी नरहेको भए ता पनि आयात प्रतितपत्र खोल्नका लागि बैंकको नियम अनुसार दिनुपर्ने प्रोफर्मा ईन्भ्वाइस पेश नगरेको एल.सी खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको ग्यारण्टी वस्नुपर्नेले भर्नुपर्ने फाराम पेश नभएको प्रतितपत्र खोल्न अंग्रेजी लिपिको फाराममा निवेदकको रितपूर्वकको दस्तखत र खाता नं. नभएको । यसरी वदनियत चिताइ प्रतितपत्र खोली उक्त प्रतितपत्रको डकुमेण्ट बैंकको पैसा तिरी छुटाई नलगी न्यू तार्किक ट्रेड कन्सर्नको प्रो.नवराज खत्री र सो प्र.प.को ग्यारेण्टी वस्ने दीपक ट्रेड कन्सर्नको प्रो.राम कुमार अग्रवाल भएकोमा दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवालले बैंकलाइ अ.ड. २,१०,७५० गैह्र कानूनी तरिकाले नोक्सानी पारी मिलोमतो गरी आफूलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाइ भ्र.नि.ऐन २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतितपत्र खोल्न स्वीकृती दिने प्रवन्धक वालकृष्ण अधिकारी र एकाउण्टेण्ट सुरेन्द्रलाल राज भण्डारीले एल.सी.लिमिटनै नभएकोमा उक्त प्रतितपत्र खोल्नाका लागि पेश गरेको प्रोफर्मा इन्भ्वाइस रीतपूर्वकको छ छैन एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी पेश भएको छ छैन एल.सी खोल्ने पार्टि भरपर्दो हो होइन ग्यारेण्टी वस्नेले ग्यारेण्टी वस्दा बैंकको नियमानुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन, एल.सी खोल्न स्वीकृत दिने फाराममा पार्टिको सही र खाता नं. ठीक छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टिको सही र खातामा उल्लेखित पार्टिको सही मिल्छ मिल्दैन सो जांची बुझी प्रतितपत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी परिपत्र अनुसारको लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिइ एल.सी खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टिलाई बुझाई रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी वदनियत चिताई आफ्नो जिम्माको अ.ड. २,१०,७५० बैकलाइ गैह्र कानूनी हानी तथा पार्टिलाई गैह्र कानूनी लाभ पुऱ्याएको देखिएकाले भ्र.नि.ऐन २०१७ को ७.२, १३ र २९ बमोजिम दावी लिइ मुद्दा चलाइएको ।

(ज) आयात प्रतित पत्र नं. ३०/२८३२ मिति २०५२।३।४ मा खोलिएको अ.ड. १,९३,८३० को प्रतित पत्रमा पार्टि मनोज ट्रेडिङ्गको प्रो. मनोज खड्का र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएकोमा दिपक ट्रेड कन्सर्नको लागि स्वीकृत सीमा बांकी नरहेको भए तापनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियमानुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरेको एल.सी. खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको ग्यारेण्टी बस्नेले भर्नु पर्ने फाराम पेश नभएको प्रतित पत्र खोल्न अंग्रेजी लिपिको फाराममा निवेदकको रीतपूर्वकको दस्तखत र खाता नं .नभएको यसरी बदनियत चिताई प्रतित पत्र खोली उक्त प्रतित पत्रको डकुमेण्ट बैंकको पैसा तिरी छुटाई नलगी मनोज ट्रेडिङ्गको प्रो. मनोज खड्का र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवाल भएकोमा दिपक ट्रेड कन्सर्नको प्रो. रामकुमार अग्रवालले बैंकलाई अ.ड. १,९३,८३० गैर कानूनी तरिकाले नोक्सानी पारी मिलोमतो गरी आफूलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ र २९

बमोजिम दावी लिई मुद्दा चलाइएको ।

उक्त आयात प्रतित पत्र खोल्न स्वीकृती दिने एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले एल.सी. लिमीट नै नभएकोमा उक्त प्रतित पत्र खोल्नका लागि पेश गरेको प्रोफर्म इन्भ्वाईस रीतपूर्वकको छ छैन एल.सी. खोल्न दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी पेश भएको छ छैन एल.सी. खोल्ने पार्टी भरपर्दो हो होइन ग्यारेण्टी बस्नेले ग्यारेण्टी बस्दा बैंकको नियमानुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन एल.सी. खोल्न स्वीकृती दिने फाराममा पार्टीको सही र खाता नं. ठिक छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेख पार्टीको सही मिल्छ मिल्दैन सो जांचीबुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी परिपत्र अनुसारको लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको अ.ड. १,९३,८३० बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि. ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिमको दावी लिई मुद्दा चलाइउको ।

(झ) आयात प्रतित पत्र नं. ३०/२८३३ मिति ०५२।३।४ मा खोलिएको अ.ड. १,९१,७०० को प्रतित पत्रमा पछी थप भई हुन आएको अ.ड. २,१५,६०० भुक्तानी भएको उक्त प्रतित पत्रको आर. पर्वत ट्रेडिङ्गको प्रो. रामकुमार खड्का र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नका प्रो. रामकुमार अग्रवाल भएकोमा दिपक ट्रेड कन्सर्नको लागि स्वीकृत सीमा बांकी नरहेको भए तापनि आयात प्रतित पत्र खोल्नका लागि बैंकको नियम अनुसार दिनु पर्ने प्रोफर्म इन्भ्वाईस पेश नगरेको एल.सी. खोल्नका लागि दिनु पर्ने निवेदन रीतपूर्वक नभएको ग्यारेण्टी बस्नु पर्नेले भर्नु पर्ने फाराम पेश नभएको प्रतित पत्र खोल्न अंग्रेजी लिपीको फाराममा निवेदकको रीतपूर्वकको दस्तखत र खाता नं. नभएको यसरी बदनियत चिताई प्रतित पत्र खोली उक्त प्रतित पत्रको डकुमेण्ट बैकंमा आएपछि बैंकको पैसा तिरी छुटाई नलगी आर. पर्वत ट्रेडिङ्गको प्रो.रामकुमार खड्का र सो प्रतित पत्रको ग्यारेण्टी बस्ने दीपक ट्रेड कन्सर्नको प्रो.रामकुमार अग्रवालले बैंकलाई २,१५,६०० अमेरिकी डलर गैर कानूनी तरिकाले नोक्सानी पारी मिलोमतो गरी आफूलाई फाइदा पुऱ्याएको देखिनाले निजहरुलाई भ्र.नि.ऐन, २०१७ को दफा ८ र २९ बमोजिम दावी लिई मुद्दा चलाइउको ।

उक्त आयात प्रतित पत्र खोल्न स्वीकृति दिने प्रवन्धक बालकृष्ण अधिकारी र एकाउन्टेण्ट सुरेन्द्रलाल राजभण्डारीले उक्त प्रतित पत्र खोल्नका लागि पेश भएको प्रोफर्म इन्भ्वाईस रीतपूर्वकको छ छैन एल.सी. खोलन दिएको निवेदन रीतपूर्वक भरी खाता नं. उल्लेख गरी दस्तखत गरी पेश भएको छ छैन एल.सी. खोल्ने पार्टी भरपर्दो छ छैन ग्यारेण्टी बस्नेको लिमीट छ छैन ग्यारेण्टी बस्नेले नियमानुसार भर्नु पर्ने फाराम रीतपूर्वक भरी दस्तखत गरी पेश गरेको छ छैन एल.सी. खोल्न स्वीकृति दिने फाराममा पार्टीको सही र खाता नं. रीतपूर्वकको छ छैन आयकर दर्ता प्रमाण पत्रमा उल्लेखित पार्टीको सही र खातामा उल्लेखित पार्टीको सही मिल्छ मिल्दैन सो जांची बुझी प्रतित पत्र स्वीकृत गर्नु पर्नेमा सो नहेरी परिपत्र अनुसारको लिनु पर्ने मार्जिन भन्दा कम मार्जिन लिई एल.सी. खोलेको र डकुमेण्ट प्राप्त भएपछि पार्टीलाई बुझाई रकम दाखिला गराउनु पर्नेमा सो तर्फ केही प्रयास नगरी बदनियत चिताई आफ्नो जिम्माको रु. २,१५,६०० अमेरिकी डलर मध्ये १,९१,७०० सुरेन्द्रलाल राजभण्डारी र २३,९०० बालकृष्ण अधिकारीले बैंकलाई गैर कानूनी हानी तथा पार्टीलाई गैर कानूनी लाभ पुऱ्याएको देखिनाले भ्र.नि.ऐन, २०१७ को दफा ७.२, १३ र २९ बमोजिम दावी लिई मुद्दा चलाइएको ।

(ञ) तत्कालीन अध्यक्ष तथा महाप्रवन्धक गुरुप्रसाद न्यौपाने आफू अध्यक्ष तथा महाप्रवन्धक भएको रा.वा. बैंक, मुख्य शाखा काठमाडौं जसलाई केन्द्रले नै प्रत्यक्ष नियन्त्रण गर्ने व्यवस्था छ, यस्तो मुख्य शाखाको काम कारवाई प्रत्येक महिना निरीक्षण गरी त्रुटिहरु निज समक्ष पेश भएकोमा उक्त त्रुटिहरु तत्काले हटाई हानी नोक्सानी हुन नदिने व्यवस्था गरी सम्वन्धित कर्मचारीहरुलाई कानून बमोजिम कारवाई गर्नु पर्नेमा सो नगरेको लिमीट नै नभई खोलिएको आयात प्रतित पत्र रकम भुक्तानी हुनुभन्दा अगावै रद्द गर्न सक्ने प्रशस्त स्थान हुंदा हुंदै पनि सो नगरेको २०५२ साल आषाढमा ग्यारेण्टी बस्ने रामकुमार अग्रवाल बैंकको सम्पर्कमा रहेको र सो अवधिमा नेपाल छाडी भागेको भन्ने पनि नदेखिएको हुंदा केन्द्रबाट समेत पूर्व आयात प्रतित पत्रको रकम रा.वा. बैंकलाई भुक्तानी गराउन केन्द्रलाई कुनै बाधा अड्चन पर्ने कानूनी अवस्था पनि देखा नपरेको र केन्द्रको निर्देशन अनुसार एल.सी. खोलेको भन्ने भनाई समेत मुख्य शाखा कार्यालयका प्रवन्धकको भएकोमा पत्र पत्रिकामा प्रकाशित समाचार आएपछि मात्र जांचबुझ टोली गठन गरी उक्त

टोलीको रिपोर्ट सञ्चालक समितिमा राखी यस आयोगमा सञ्चालक समितिको निर्णय अनुसार कारवाईको लागि लेखी पठाएको देखिंदा निज पनि मतियारमा पसेकोले एल.सि.नं. ३०/१७३०, ३०/२३५५, ३०/२३५६, ३०/२७१५, ३०/२८२९, ३०/२८३०, ३०/२८३१, ३०/२८३२, र ३०/२८३३ मा भ्र.नि. ऐन, २०१७ को दफा १६(क) बमोजिम मतियारमा दावी लिई मुद्दा चलाइएको ।

(ट) उक्त आयात प्रतित पत्र खोल्दा निवेदकको दस्तखत प्रमाणित नगरी ग्यारेण्टी बस्नेको मात्र दस्तखत प्रमाणित गर्ने कार्यमा उर्मिला प्रधान तथा ग्यारेण्टी बस्नेको दस्तखत प्रमाणित गरी केरमेट गर्ने मोहनराज महत लिमीट छ छैन भनी हेर्ने कार्यमा सम्पूर्ण डकुमेण्ट चेक नगरेका महेन्द्र प्रधानाङ्ग तथा नन्दकिशोर श्रेष्ठ र मार्जिन लेख्ने कार्यमा निर्मला बस्नेत र श्रद्धा पन्थी संलग्न रहेको देखिएको हुंदा बैंकको नियम अनुसार रीत पुऱ्याउन लगाई पेश गर्नु पर्नेमा लापरवाही गरी सो पदीय कर्तव्य पालन नगरेकोसम्म देखिएकोले निजहरुलाई सम्बन्धित संस्थाको नियम अनुसार आवश्यक विभागीय कारवाई गर्न संस्था प्रमुखलाई लेखी पठाइएको ।

(ठ) अन्य कर्मचारीहरुमा वीरेन्द्र नाथ लोहनी, सुमनलक्ष्मी प्रधानाङ्ग, रामबाबु पाण्डे र उद्धव प्रसाद गौतमलाई निजहरुको गल्ती नदेखिएको हुंदा केही गरी रहन नपरेको ।

(ड) खगेन्द्र चुडाल (शा.अ. वाणिज्य विभाग) ले रामबहादुर तामाङ्ग र गौतम मिश्र क्षेत्रीसंग मिली वुम बहादुरको नामबाट रामबहादुरलाई सही गराई प्रमाण पत्र दस्तखत गरी दिएको देखिंदा निजलाई विभागीय कारवाईको लागि लेखी पठाइएको ।

अर्को एक जना शा.अ. जीवराज कोइरालालाई आयोगमा उपस्थित गराउन वाणिज्य मन्त्रालयमा समेत लेखी पठाउंदा उपस्थित हुन नआएकोले निजको हकमा पनि विभागीय कारवाईको लागि वाणिज्य मन्त्रालयमा लेखी पठाइएको ।

(२) रा.वा. बैंकबाट खोलिने आयात प्रतित पत्रमा बैंकको सम्पत्तिमा हानी नोक्सानी पुग्न नसक्ने गरी नीति निर्देशन तथा प्रभावकारी सुपरीवेक्षण र नियन्त्रण गर्नु पर्ने देखिन आएको हुंदा यस सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई आवश्यक व्यवस्था गर्न लेखिपठाएको ।

(३) यसरी एल.सी. खोली विदेशी मुद्रा अपचलन भएको देखिंदा विदेशी विनियम ऐन अनुसार कारवाई गर्न राजश्व अनुसन्धानलाई सम्पूर्ण एल.सी. वारे लेखी पठाएको ।

५.१.८ नक्साल नन्दीकेशर गुठी तैनाथी जग्गामा हिरण्यकान्त लगायतका व्यक्तिहरुलाई मोही कायम गरी व्यक्तिलाई लाभ र गुठी संस्थानलाई हानी पुऱ्याउने गरी भएको काम कारवाईका सम्बन्धमा देहाय अनुसार गरिएको :-

गुठी संस्थान अन्तर्गत नन्दीकेशर गुठीको का.न.पा. १ कि.नं. ४७९ को २१-३-०-३ जग्गामा भूमिसुधार कार्यालय, काठमाडौंले हिरण्यकान्त नेउपाने, गीता थापा, गायत्री राउतलाई मिति २०५०।५।१४ को मोही कायम गरी जोताहाको स्थायी प्रमाण पत्र दिएको सम्बन्धमा आयोगको मिति २०५१।३।९ को आदेश र भूमिसुधार कार्यालय, काठमाडौंले अनधिकृत तरिकाबाट मोही कायम गरी गुठी संस्थानलाई हानी नोकसानी पुऱ्याएको विषयमा कारवाई हुन विशेष प्रहरी विभागबाट मिति २०५१।६।६ मा लेखिआएको सन्दर्भमा निम्न तथ्य देखिन आएको छ :

गीता थापा, गायत्री शाह, देवी प्रसाद निरौला, प्रेम कुमार राई, हरिप्रसाद न्यौपाने प्रत्येकलाई ३/३ रोपनी र हिरण्यकान्त न्यौपानेलाई ५ रोपनी गरि जम्मा २० रोपनीको कबूलियत भरपाई खडा गरी भरपाईमा तपाईका नाउंमा वर्ता रहेको जग्गाको वाली बुझेको भनी भरपाई दिएको आधारमा मोही कायम गर्न भू.सु.का.,काठमाडौंमा सबै व्यक्तिले एकै दिन अर्थात् २०४८।४।१४ मा निवेदन दिएकोमा देवी प्रसाद निरौला, प्रेम कुमार राई र हरिप्रसाद न्यौपानेको निवेदन २०४९।४।६ मा भू.सु.का., काठमाडौंले तामेलीमा राखेको र हिरण्यकान्त, गीता थापा, गायत्री राउतको सम्बन्धमा निजहरुलाई मोही कायम गरी मिति २०५०।५।१४ मा जोताहाको स्थायी निस्सा समेत दिएको देखियो ।

यही कि.नं. ४७९ को जग्गा मध्ये गायत्री राउतलाई ३-८-०, हिमा ओलीलाई ०-४-०, हिरण्यकान्त न्यौपानेलाई १-०-० जग्गाको मोही भनी कल्याण जंग पराक्रम शाहले मिति २०४९।१।१ मा कबूलियत भरपाई खडा गरी मोही कायम गरी पाउं भनी मिति २०५०।११।२९ मा पुनः भू.सु.का. काठमाडौंमा निवेदन दिएको र हिरण्यकान्त न्यौपानेले आफ्नो निवेदन आफैले र गायत्री राउत, हिमा ओलीको वारेस भई आफैले निवेदन लेखेको र गुठीयार भनी कल्याण जंग पराक्रम शाहले मोही कायम गर्न मञ्जुर गरी गायत्री शाह, हिरण्यकान्त, हिमा ओलीलाई गुठी

संस्थान ऐन, २०३३ को दफा ४८, ४९ बमोजिम मोही कायम गरी पाउं भनि दिएको निवेदन भू.सु.का. काठमाडौंको मिति २०५१।११।४ मा तामेलीमा राखी दिने आदेश गरी तामेलीमा रहेको छ ।

हिरण्यकान्त, गायत्री, गीता थापा समेतको मोही कायम गर्ने कारवाईमा भू.सु.का.ले मिति २०४८।६।१ मा मालपोत कार्यालय, काठमाठौंसंग जग्गा दर्ताको विवरण माग गर्दा मालपोत कार्यालय, काठमाडौंले मिति २०४८।६।१ मा कि.नं. ४७९ को २१३०३ जग्गा गुठी तैनाथी नन्दीकेश्वरको फूलवारी बगैंचाको नाममा दर्ता रहेको भनी स्पष्ट उल्लेख गरेको छ भने हिरण्यकान्त, कल्याण जंग शाह समेतले मोही कायम गर्न निवेदन साथ पेश गरेको प्रमाणमा निज कल्याण जंगले नन्दीकेश्वर छूट गुठीका गुठियार भनी बाली बुझेको भरपाई २०१५ साल मार्ग ४ गतेको श्री ५ को सरकारको गुठी बन्दोवस्त अड्डाको नन्दीकेश्वर गुठी छूट गुठी भन्ने फैसलाको नक्कल तथा श्री ५ महाराजाधिराज सरकारबाट २०२६।११।२७ मा नन्दीकेश्वर गुठीको १ प्रति लगत गुठी संस्थानमा राखी निवेदन समेतका हकदारहरुले गुठी चलाई शेष बांकी खान पाउने छूट गुठी गरी हालसम्म गुठी संस्थानले धरौट लिएको बाली गुठीवालालाई बुझाई दिनू भन्ने हुकुम प्रमाङ्गी भएको व्यहोरा उल्लेख गरी गुठी संस्थानले लेखेको पत्रको प्रतिलिपी मिसिल रहेकोमा हु.प्र.बाटै छूट गुठी हो भन्ने प्रष्ट हुंदा हुंदै दर्तावाला नै नभएको कल्याण जंग पराक्रम शाहका रसीद भरपाईको आड लिई मिसिल संलग्न लगतमा नन्दीकेश्वर फूलवारी भन्ने प्रष्ट हुंदा हुंदै सो लगतलाई वेवास्ता गरी मालपोत कार्यालयको जवाफलाई वास्तै नगरी नन्दीकेश्वर छूट गुठीको तैनाथी फूलवारी जग्गालाई निजी गुठी भनी कपोलकल्पित अर्थ लगाई गुठी संस्थान ऐनको दफा २५, २७, ४८ तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको विपरित जानाजान गुठीलाई हानी तथा व्यक्तिलाई लाभ पुऱ्याउने बदनियतपूर्ण तरिकाले ऐन नियममा भएको व्यवस्था, प्रतिपादित सिद्धान्त तथा निम्न तथ्यहरुलाई नकारी मोही कायम गरेको प्रष्ट देखिन्छ ।

ऐन नियममा भएको व्यवस्था :

- गुठी संस्थान ऐन, २०३३ को दफा २(ङ) मा छुट गुठीको र ऐ दफा (च) मा निजी गुठीलाई निम्न बमोजिम परिभाषित गरिएको छ ।

" छूट गुठी ":- (ङ) "छूट गुठी" भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दान पत्र लिखत बमोजिम काम चलाई बांकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठीको जग्गाको श्री ५ को सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट्याएको गुठीलाई संझनु पर्छ ।

" निजी गुठी ":- (च) निजी गुठी भन्नाले राजगुठी र छुट गुठी वाहेकको दुनियाको निजी गुठी सम्झनु पर्छ ।

ऐनको परिभाषा तथा तल १ नं. देखि १७ सम्म उल्लेख गरिएका प्रमाणबाट नन्दीकेश्वर गुठी ऐनको दफा २ (ङ) बमोजिम छुट गुठी भएको प्रष्ट छ ।

- गुठी संस्थान ऐन, २०३३ को दफा १९ बमोमिज छुट गुठीको हक दायित्व संस्थानमा सरी नन्दीकेश्वर गुठी राजगुठीमा परिणत भई छुट गुठीको भइरहेको अधिकार संस्थानमा सरी गुठियारको हक अधिकार समाप्त भई सकेको छ ।
- कि.नं. ४७९ को जग्गा गुठी तैनाथी हो भन्ने जग्गा धनी प्रमाण पूर्जा सावित दर्ता लगत लगायतका कागजातबाट प्रष्ट भएको छ । गुठी संस्थान ऐन, २०३३ को दफा २५ ले गुठी तैनाथी जग्गाको बन्दोवस्त गर्ने प्रकृयाको उल्लेख भएको छ उक्त दफा २५ मा तैनाथी जग्गामा मोही कायम गर्न सकिने व्यवस्था छैन ।
- यो जग्गा गुठी तैनाथी फूलवारी भएको हुंदा ऐनको दफा २७ ले बाग बगैंचा भएको वा तोकिएको शहर बजारको पर्ति जग्गामा मोही कायम गर्न नपाउने गरी बन्देज गरेको छ ।
- ऐनको दफा ४८ ले गुठी जग्गामा जोताहा अस्थाई निस्सा दिने कार्य रैकर जग्गाको पुर्जा दिने कार्यालयले गर्ने भन्ने उल्लेख छ सो दफाले मोहीयानी हकको स्थायी निस्सा दिन सक्ने व्यवस्था गरेको छैन ।

गुठी जग्गामा मोही कायम गर्ने विषयमा प्रतिपादित सिद्धान्तहरु :-

- निवेदक गुठी संस्थान विपक्षी भू.सु.का., काठमाडौं भएको २०३९ को रिट नं. ८१७ उत्प्रेषण सम्बन्धीको फैसलामा कर्मचारी रकमी महन्तले दिएको भरपाईको आधारमा गुठी संस्थान नबुझी गरेको निर्णय बदर हुने ।
- निवेदक लाल बहादुर खड्का विपक्षी शंकर दत्त भट्ट भएको दे.वि.नं. ६४०।०४९।३।३१ मितिको फैसलामा ऐनको दफा ४८ मा जोताहाको अस्थायी निस्सा दिने उल्लेख भएकोले भू.सु.का. ले जोताहा स्थायी निस्सा दिन नमिल्ने र गुठी जग्गामा भूमिसुधार कार्यालयले मोही कायम गर्न नपाउने भनि सिद्धान्त प्रतिपादित भएको छ ।

काठमाडौं भूमिसुधार कार्यालयका भूमि सुधार अधिकारी शान्तप्रसाद पौडेलले गुठी तैनाथी जग्गा हो भन्ने मालपोत कार्यालयको जवाफ नन्दीकेश्वर गुठी छुट गुठी हो भन्ने २०१५ सालको गुठी बन्दोवस्त अड्डाको फैसला । नन्दीकेश्वर गुठीको आम्दानी खर्चको लगत राखी गुठीयारले काम चलाई शेष बांकी खान पाउने गरी छुट गुठी गरी दिनू भन्ने श्री ५ महाराजाधिराजबाट भएको हु.प्र. बमोजिम गर्न गुठी संस्थानले गुठी लगत जांच कार्यालयलाई लेखेको पत्रको प्रतिलिपी मिसिल सामेल हुंदा हुँदै गुठी संस्थान समेत नबुझी निजी गुठी भनी मनगढन्ते अर्थ लगाई मोही कायम गर्ने निर्णय गरी जोताहाको स्थायी प्रमाण पत्र दिएको कारवाई ऐन कानून तथा प्रतिपादित सिद्धान्त तथा गुठीको हीत विरुद्ध भए गरेको देखियो ।

संकलन गरिएका मिसिल कागजातबाट देखिएको तथ्य :-

१) हिरण्यकान्त, गायत्री शाह, गीता थापा, प्रेमकुमार राई, देवीप्रसाद निरौला, हरिप्रसाद न्यौपानेले मोही कायम गरी पाउं भनी मिति २०४८।४।१४ मा भू.सु.का.काठमाडौंमा छुट्टा छुट्टै निवेदन दिएकोमा भू.सु.का. काठमाडौंबाट प्रेम कुमार राई, देवी प्रसाद निरौला र हरिप्रसाद न्यौपानेको निवेदन मिति २०४९।६।४ मा तामेलीमा राखिएको ।

२) नन्दीकेश्वर गुठीको फूलवारी बगैंचा (गुठी तैनाथी) को नाममा दर्ता रहेको का.न.पा. १ कि.नं.४७९ को २१-३-०-३ मध्ये ५ रोपनी हिरण्यकान्त न्यौपाने, ३ रोपनी गीता थापा, ३ रोपनी गायत्री शाहका नाउंमा मोही कायम गर्ने गरी भू.सु.अ. शान्तप्रसाद पौडेलले मिति २०५०।५।१४ मा निर्णय गरेको ।

मालपोत कार्यालयले गुठी तैनाथी फूलवारी बगैंचा भनि प्रष्ट उल्लेख गर्दा गर्दै गुठी संस्थान समेत नबुझी निर्णय गरेको ।

३) भू.सु.का., काठमाडौंले हिरण्यकान्तलाई ५ रोपनी, गीता थापालाई ३ रोपनी, गायत्री शाहलाई ३ रोपनीको मोहीहरुको स्थायी प्रमाण पत्र मिति २०५०।५।१४ मा दिएको ।

४) भू.सु.का., काठमाडौंले मिति २०४८।६।१ मा मालपोत कार्यालय काठमाडौंसंग कि .नं .४७९ को जग्गाको विवरण माग गर्दा कि.नं. ४७९ को २१-३-०-३ ज.ध. नन्दीकेश्वर गुठीको फुलवारी बगैंचा (गुठी तैनाथी) मा दर्ता कायम छ भन्ने उल्लेख गरेको ।

५) हरिप्रसाद न्यौपाने, देवी प्रसाद निरौला, प्रेम कुमार राईको उक्त कि.नं. ४७९ को जग्गामध्ये बाट मोही कायम गरी पाउं भनी दिएको निवेदन तामेलीमा राख्ने भू.सु.का., काठमाडौंले मिति २०४९।६।४ मा आदेश गरेको ।

६) हिरण्यकान्तले सोही कि.नं.मध्ये पुनः आफ्नो नाममा १-४-०, गायत्री शाहलाई ३-८-० र हिमा ओलीलाई ०-४-० जग्गा मोही कायम गरी पाउं भनी २०५०।११।२९ मा दिएको निवेदन तामेलीमा राख्ने २०५१।५।१ मा भू.सु.का.बाट आदेश भएको ।

७) हिरण्यकान्त समेत ६ जनालाई कबुलियत भरपाई भनी बनाइएको कागजातमा नन्दीकेश्वर छुट गुठीका गुठीयार भनी कल्याण जंग पराक्रम शाहले सहीछाप गरेको । २०४९ सालमा हिमा ओली, गायत्री र हिरण्यकान्तलाई कबुलियत भरपाई भनी खडा गरेको कागजात नन्दीकेश्वर छुट निजी गुठीका गुठीयार कल्याण जंग पराक्रम शाह भनी पहिले पहिलेको कागजमा छुट गुठी भन्ने उल्लेख गरेको विपरित छुट निजी गुठी भन्ने उल्लेख गरेको ।

८) नन्दीकेश्वर गुठी जग्गाको बाली नदिएको भनी कारवाई हुंदा डोरजंग पराक्रमले सर्वोच्च अदालतमा धरौटी रहेको रुपैया दिलाई पाउं भन्ने कारवाईमा श्री ५ को सरकार गुठी बन्दोवस्त अड्डाबाट मिति २०१५ मार्ग ४ गते नन्दीकेश्वर छुट गुठीका गुठीयारलाई बाली बुझाई दिनू भनि फैसला भएको । सो फैसलाबाट नन्दीकेश्वर गुठी छुट गुठी देखिने ।

९) सम्मानीत सर्वोच्च अदालतबाट २०२२ कार्तिक ६ गते नन्दीकेश्वर गुठी राजगुठी नै रहेछ भन्ने सिद्ध हुन आएको भन्ने फैसला ।

१०) मिति १८६५ आषाढ ११ को लालमोहरले नन्दीकेश्वर गुठी राजगुठी देखिने ।

११) नन्दीकेश्वर गुठीको लगत १ प्रति गुठी संस्थानमा राखी निवेदक समेतका हकदारहरुले गुठी जग्गाको बाली असूल गरी पालो पालो संग लगत दरबन्दी बमोजिम काम चलाई कोष बांकी खान पाउने छुट गुठी गरी दिनु हालसम्म गुठी संस्थानले धरौटी लिएको बाली गुठी पालोवालालाई बुझाई दिनु भन्ने श्री ५ महाराजाधिराजबाट गुठी संस्थानलाई मिति २०२६।११।२७ मा हुकुम प्रमाङ्गी भएको हुंदा सो प्रमाङ्गीबाट नन्दीकेश्वर गुठी छुट गुठी देखिने ।

१२) श्री ५ महाराजाधिराज सरकारको मिति २०२७।११।१४ को हु.प्र. बमोजिम नन्दीकेश्वर गुठी छुट गुठीमा दर्ता गरी आलोपालो गरी चलाउन पाउं भनी गुठीको सम्पत्तिको विवरण खुलाई कल्याण जंग पराक्रम शाहले मिति २०३०।८।१४ मा गुठी संस्थानमा निवेदन दिएको ।

१३) वादी गुठी संस्थान प्रतिवादी अष्टमाया महर्जन भएको फैसला बदर मुद्दामा कि.नं. ४७९ को जग्गा गुठी संस्थानकै

स्वामित्वको भएकोले यसमा वादी गुठी संस्थानको हक कायम हुने ठहर्छ भन्ने बागमती अंचल अदालतको ०४५ आषाढ २८ गतेको फैसला ।

१४) कि.नं. ४७९ को जग्गा गुठी तैनाथी नन्दीकेश्वर गुठीको फूलवारीका नाउंमा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा गुठी संस्थानमा प्राप्त भएको ।

१५) ३ नं. नापी गोश्वाराको मिति २०३४।१०।१७ को निर्णयमा नन्दीकेश्वर फूलवारीमा मोहियानी दावी जिकिर पुग्न नसक्ने हुंदा नन्दीकेश्वरको फूलवारी नै कायम राख्ने भन्ने निर्णय कायम रहेको ।

१६) गुठीको जग्गा गुठीलाई नबुझी मोही कायम गर्ने गरेको निर्णय बदर हुने भनी सम्मानीत सर्वोच्च अदालतबाट वादी गुठी संस्थान प्रतिवादी भूमिसुधार कार्यालय समेत भएको रीट नं.१२९१ को मुद्दामा नजिर स्थापित भएको छ ।

१७) गुठी संस्थानलाई २०३०।८।१२ मा लेखेको पत्रमा नन्दीकेश्वर छुट गुठी कार्यालय उल्लेख गरी विवरण पेश गरेको कागजबाट नन्दीकेश्वर राजगुठी (छुट गुठी) देखिने ।

कल्याण पराक्रम शाह हिरण्यकान्तले निजी छुट गुठी भनी अनुसन्धानको क्रममा जिकिर गरेकोमा छुट गुठी र निजी गुठी अलग अलग हो भन्ने कुरा गुठी संस्थान ऐनको दफा २(ङ) ले छुट गुठी र २ (च) ले निजी गुठीको परिभाषा गरेको छ । छुट गुठी २(ङ) अन्तर्गत गुठी भएको छुट गुठीमा निजी गुठी नपर्ने र निजी गुठी व्यक्तिगत वा पारिवारिक हुने, निजी गुठी भित्र छुट गुठी नपर्ने कुरा स्पष्ट भएको र कल्याण जंगले ४७९ मध्ये १-१२-० जयबागेश्वरी गुठीको मोही भनि दावी गरेको अवस्थामा बांकी जग्गा निजी गुठी दावी लिएको छैन भने २०३४।१०।७ को नापी गोश्वाराको निर्णय उपर कारवाई चलाउन सकेको छैन । कल्याण जङ्गले सालको गुठी बन्दोवस्त अड्डाको फैसला र सर्वोच्च अदालत फूलबेन्चको फैसला कायमै छ भनी बयानमा समेत स्वीकार गरी माथी दफा १ देखि १७ सम्म उल्लेखित बुंदाहरुबाट नन्दीकेश्वर गुठी छुट गुठी हो भन्ने कुरा प्रमाणित भई रहेको छ ।

अनुसन्धानको सिलसिलामा बुझिएकी कल्याणजंगकी छोरी गीता थापाले कि.नं. ४७९ को जग्गा फूलवारी हो सो जग्गा बांझै छ । निजी गुठी छुट गुठी एकै जस्तो लाग्छ । गुठी तैनाथी जग्गामा मोही लाग्ने नलाग्ने थाहा छैन भनी बयान गरेको र कल्याणजंगकै छोरी गायत्री राउतले आफ्नो बयानमा मेरो विवाह २०४७ सालमा भएको हो । २०३५ सालमा बुबाले ३ रोपनी मोहीयानीमा दिनु भएको हो । कल्याण जंग शाहले छुट गुठी भनिएको भए छुट गुठी नै हुनु पर्छ । त्यो जग्गा सार्क सम्मेलनमा बाटो बनाउंदा पर्खाल भत्केपछि बांझै छ । मोही पुर्जा पाएपछि खेती गरेकी हुं । मैले पाएको जग्गाको ४ किल्ला भन्न सक्तिन भन्ने व्यहोरा उल्लेख गरेकीले गीता थापाको बयानबाट सो जग्गा बांझै रही निजले नकमाएको, गायत्री शाहको विवाह २०४६ सालमा मात्र भएपछि २०३५ सालमा एकाघरकी छोरीलाई मोही बयान कबुलियत गरेको भन्ने कुरा पत्यार लाग्दो नभएको । हक अधिकार भएको अवस्थामा पनि एकाघरकी छोरीलाई मोही बनाउन नमिल्ने र गायत्री शाहले मोही पुर्जा पाएपछि कमाएको हुं भने पछि निजको नाममा २०५०।६।१४ मा मात्र मोहीको पुर्जा तयार भएको र निजले सार्क सम्मेलनमा बाटो बनाउंदा पर्खाल भत्किएपछि जग्गा बांझै छ भन्ने कुरा उल्लेख गरेकीले निज समेतले सो जग्गामा जोत भोग नगरेको प्रमाणित भएको छ । मोही दर्ता हुंदै नभएको जग्गालाई दर्ता रहेको भनी भरपाई खडा गरी हिरण्यकान्त र कल्याण जंग समेतको मिलोमतो क्रियाकलापबाट भू.सु.अ. समेतको सहभागीतामा निजहरुलाई मोही कायम गरी गुठीको सम्पत्ति हडप्ने कृयाकलाप गरेको प्रष्ट हुन आएको छ ।

कल्याण पराक्रम शाह हिरण्यकान्तसमेत ले पछि आएर भू.सु.का. मा मोही कायम गर्न निवेदन दिंदा मात्र निजी गुठी भनेकोमा श्री ५ महाराजाधिराज रणबहादुर शाहले १८५८ भाद्र ५ को लालमोहर गरी नन्दीकेश्वर गुठी राखी बक्सेको र राजारानीले राखेको गुठी राजगुठी हुने सम्मानित सर्वोच्च अदालतबाट नजिर स्थापित भइसकेको छ ।

माथि उल्लेखित प्रमाणहरुबाट नन्दीकेश्वर गुठी छुट गुठी (राजगुठी) हो भन्ने प्रमाणित भई सकेकोले निजहरुले निजी गुठी भनी कपोलकल्पित दावी लिई गुठीको सम्पत्ति हिनामिना गरी व्यक्तिगत लाभ उठाउने काम कारवाई गरेको देखिन आएको छ ।

हिरण्यकान्त न्यौपानेले वयानमा काठमाडौमा स्थायी वसोवास भएकोमा सावित भएका छन् भने "सो जग्गाको श्रेस्तामा फूलवारी वगैचा देखिन्छ । सो जग्गा बांझै छ । २०४६ सालको म.क्षे.अ. को फैसला बमोजिम गुठीले तैनाथीमा दर्ता गराएको हो । गुठी संस्थान ऐनको दफा २७ मलाई थाहा छैन । गुठी संस्थानमा दर्ता भै सकेपछि वदर नभएसम्म स्वामित्व गुठीको नै हो ।" भन्ने उल्लेख गरेकोले निज कानून व्यवसायी भएकोले निजले कानून थाहा छैन भन्न मिल्दैन । निजैले गुठी संस्थानमा दर्ता भै सकेको र सो दर्ता वदर नभएसम्म स्वामित्व गुठीकै हुन्छ भन्ने जान्दा जान्दै २०४८ सालमा हक अधिकार नभएको कल्याणजंगले गरिदिएको कवुलियत भनी कल्याणजंगसित मिली कागज

गरेको गरी सोही दावी गरी मोहीको प्रमाणपत्र लिएको र निज हिरण्यकान्तले गायत्री, गीता थापाको वारेश र कल्याणजंगको निवेदनहरु निजैले लेखी गुठी तैनाथी जग्गा हडप गर्ने कार्यमा निजको प्रमुख हात रहेको प्रष्ट छ । अदालतको फैसलाले गुठी संस्थानको हक भएको गुठी संस्थानमा दर्ता रहेको सवै कुरा निजलाई थाहा भएको र निजैले गायत्री शाह, हिमा ओली र निजको आफ्नो हकमा समेत र कल्याणजंग ले कि .नं.४७९ को जग्गामध्येवाट मोही कायम गर्न निवेदन दिंदा सम्पूर्ण निवेदनहरु हिरण्यकान्त आफैले लेखेको र कल्याणजंगको हिरण्यकान्तद्वारा लिखत निवेदनमा गुठी संस्थान ऐन, २०३३ को दफा ४८ बमोजिम मोही निस्सा पाउं भन्ने उल्लेख गरेको हुंदा राजगुठीको जग्गा नभए निवेदनमा गुठी संस्थान ऐन, २०३३ को दफा ४८ उल्लेखै गर्नु नपर्ने राजगुठी भएकोले नै सो कि.नं. ४७९ मा मोही कायम गर्न गुठी संस्थान ऐनको दफा ४८ उल्लेख गरेवाट निज कल्याणजंग हिरण्यकान्त समेतले नन्दिकेश्वर गुठी छुट (राजगुठी) हो भनी स्वीकारेको । कल्याणजंग पराक्रमशाहले वयानमा "नन्दिकेश्वर गुठी गुठी संस्थानवाट अधीनस्थ गरी चलाएको कि.नं. ४७९ को जग्गा बांझो रहेको सो जग्गाको ज.ध.पूर्जा गुठी संस्थानले लिएको, गुठी वन्दोवस्त अड्डाकै फैसला र सर्वोच्च अदालतको फैसला सदर होला, नापी गोश्वारा २०३४।१।२ मा निर्णय गर्दाका वखत निजी गुठीमा दावी नगरेको हो हिरण्यकान्त हिमा ओली गायत्री शाहलाइ कि.नं. ४७९ को जग्गामा कसैले खेती नगरेको ज.ध.पूर्जा गुठी संस्थान ऐन,२०३३ को दफा ४८ बमोजिम मोही कायम गर्न निवेदन दिएको हुं "भनी उल्लेख गरेवाट नन्दिकेश्वर गुठीको कि.नं. ४७९ को जग्गामा कसैले खेती नगरेको ज.ध.पूर्जा गुठी संस्थानमा नै रहेको र नन्दिकेश्वर गुठी छुट गुठी हो भन्ने सर्वोच्च अदालतवाट गुठी वन्दोवस्तको फैसला सदर भएको कुरा स्वीकार गरेको हुंदा निजले जानाजान आफ्ना छोरीहरु र उक्त व्यक्तिलाई समेत छुट गुठीको मोही कायम गर्ने नहुने नमिल्ने जग्गामा मोही खडा गरी गुठीलाई हानी नोक्सानी पुऱ्याई व्यक्तिलाइ लाभ पुऱ्याउने काम कारवाही गरेको निजको काम कारवाही र वयानले पुष्टि गर्दछ ।

अनुसन्धानको सिलसिलामा झिकाइएका तत्कालीन गुठी प्रशासक दामोदर ढकालले कि.नं.४७९ को जग्गा मोही नलाग्ने गुठी तैनाथी जग्गा हुंदा वदयितपूर्ण कारवाही भएकोमा वि.प्र.वि.मा कारवाही चलाएको, मोही कायम गर्ने निर्णय विरुद्ध पुनरावेदन अदालतमा पुनरावेदन गरेको,भू.सु.का.मा निर्णय वदर गर्न फिराद गरी मोही कायम गर्ने निर्णय वदर गराएको भनी उल्लेख गरेको र भू.सु. सचिव शरद भट्टराई, काठमाडौं भू.सु.का.का तत्कालीन भूमिसुधार अधिकारी, हाल भू.सु. विभागका महानिर्देशकले सो जग्गा गुठी तैनाथी जग्गा हुंदा भू.सु.का.ले मोही कायम गर्न नमिल्ने भनी उल्लेख गरेको ।

माथि वर्णित तथ्यहरुको आधारमा नन्दीकेश्वर गुठी छुट गुठी (राजगुठी) भएको र कि.नं. ४७९ को जग्गा गुठी तैनाथी फूलवारी बगैंचा देखिएकोले यस्तो जग्गामा प्रचलित कानून तथा प्रतिपादित सिद्धान्त बमोजिम भू.सु. कार्यालयले मोही कायम गरी जोताहाको स्थायी निस्सा दिन नमिल्नेमा हिरण्यकान्त नेउपाने, कल्याण जङ्ग समेतका व्यक्तिले गैर कानूनी तरिकाले गुठीलाई हानी, व्यक्तिलाई लाभ पुऱ्याउने काममा सरिक भै भू.सु.का., काठमाडौंका भू.सु. अधिकारी शान्तप्रसाद पौड्याल र ख. लेखनाथ निरौलाले मोही कायम गरी जोताहा निस्सा दिएको मिति २०५०।५।१४ को निर्णय तथा जोताहाको स्थायी निस्सा दिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) अन्तर्गतको अपराध भएको र जानी जानी गुठी तैनाथी जग्गामा मोही दिने लिने कार्यमा संलग्न हिरण्यकान्त नेउपाने, गीता थापा, गायत्री शाह, कल्याण पराक्रम शाहले ऐ ऐनको दफा ८ अनुसारको कसूर गरेकोले कारवाई चलाउनु पर्ने देखिन आएको छ ।

भू.सु. कार्यालय, काठमाडौंका भू.सु. अधिकारी शान्तप्रसाद पौड्यालले २०५०।५।१० मा मोही कायम गरेको विषयमा भू.सु. तथा व्यवस्था मन्त्रालयलाई मिति २०५१।२।१७ मा जानकारी दिए पछि मिति २०५१।३।१३ मा कारवाई गर्ने गुठी संस्थानलाई लेखी पठाएको । भू.सु.अ. शान्तप्रसाद पौड्यालले सचिवसमेतको निर्देशन र दवावमा मोही कायम गरेको हुं भनी निवेदन तथा २०५३।५।१४ र १६ गते आयोगमा गरेको बयानमा उल्लेख गरेको छ । तापनि सो कुरालाई पुष्टी गर्ने आधार पेश गर्न सकेको देखिंदैन । विना आधार वा सबूद प्रमाण मन्त्री, सचिव र महानिर्देशकले दवाव वा निर्देशन दिएको भन्न न्यायोचित हुन आउंदैन । आफूभन्दा माथिल्लो पदाधिकारीहरुले कार्यालय प्रमुखको मिटिङ्गमा वा अन्य कुनै परिवेशमा काम छिटो गर्नू फलानो फायल किन निर्णय नगरेको तु. कार्य फछ्यौंट गर्नू भन्ने शव्दहरु सामान्य निर्देशनको रुपमा नै लिइनु पर्दछ । नन्दीकेश्वर गुठीको जग्गामा हिरण्यकान्त, गीता थापा, गायत्री राउतको नाममा मोही दर्ता गर भनी किटानी साथ निर्देशन वा दवाव दिएको भनी शान्तप्रसाद पौड्यालले तथ्य, प्रमाणसहित भन्न नसकेको । नन्दीकेश्वर गुठीको फाइल किन निर्णय गर्नु नभएको भन्ने शव्दमा मोही कायम गर भन्ने नै अर्थ आउंदैन, नमिल्ने भए तामेली गर भन्ने अर्थ पनि आउंछ । साथै भूमि सम्बन्धी ऐनले मोही कायम गर्ने सम्बन्धमा भू.सु. अधिकारीलाई अख्तियारी दिएको देखिन्छ । यस परिच्छेदमा भू.सु.अ. शान्तप्रसाद पौड्यालले दवावमा परी निर्णय

गरेको हुं भनी कानूनी दायित्वबाट पन्छिन मिल्दैन साथै खरिदार लेखनाथ निरौला निर्णयको तहमा नभए पनि लाए अहाएको काम गर्ने व्यक्ति भए पनि नमिल्ने कुरामा आफ्नो राय उल्लेख गर्नु पर्ने निजको समेत दायित्व रहन्छ सो नगरी नमिल्ने कुरामा आफ्नो विचार उल्लेख गर्नु पर्ने विचार उल्लेख गर्न नसकेपनि व्यहोरा मात्र लेखी पेश गर्नु पर्नेमा मोही कायम गर्ने राय समेतको टिप्पणी पेश गरेको र सोही टिप्पणीमा भू.सु.अ. ले सदर गरेको देखिन आएको हुंदा भू.सु.अ.ले भने बमोजिम मैले लेखी टिप्पणी पेश गरेको हुं भनी ख.निरौलाले आयोग समक्ष बयान गरेको देखिन आए तापनि निजको भनाईमा सत्यता देखिन आएन । अतः प्रस्तुत नन्दीकेश्वर गुठीको तैनाथी जग्गामा मोही कायम गराउन मिल्ने किसिमबाट राय सहितको टिप्पणी पेश गरेकोले अनियमित निर्णय गराउनमा निजको समेत मिलोमतो देखिन आयो । प्रस्तुत निर्णयमा सरकारी कर्मचारीको स्तरबाट भू.सु.अ. शान्तप्रसाद पौडेल र ख. निरौला वाहेक अरु कसैको संलग्नतामा मोही कायम गर्ने निर्णय भै गरेको संकलित कागजात सहितको फाइल तथा बयान आदिबाट पुष्टि हुन आएन ।

भू.सु.अ. शान्तप्रसाद पौड्याल तथा खरीदार निरौलाले प्रस्तुत निर्णयमा गुठी संस्थान नबुझी र आफ्नो क्षेत्राधिकार समेत नहेरी प्रचलित ऐन नियम तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरित निर्णय गरी जोताहाको स्थायी निस्सा दिई गुठीलाई हानी व्यक्तिलाई लाभ पुऱ्याउने कार्य गरी भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम कसूर गरेको र मुख्य अभियुक्त देखिएका हिरण्यकान्त नेउपाने, कल्याण जङ्ग पराक्रम शाह, गीता थापा र गायत्री शाह राउतले नन्दीकेश्वर फूलवारी बगैंचा गुठी तैनाथी जग्गामा मोही कायम गरी गराई गुठीलाई हानी आफू समेतलाई लाभ पुऱ्याउने काम कारवाई गरी निजहरुले भ्र.नि. ऐन, २०१७ को दफा ८ अन्तर्गतको कसूर गरेकोले भू.सु.अ. शान्तप्रसाद पौड्याल र ख. लेखनाथ निरौलालाई भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम सजाय दावी गरी अ.दु.अ.आ. ऐन, २०४८ को दफा १८ बमोजिम र हिरण्यकान्त नेउपाने, कल्याण जङ्ग पराक्रम शाह, गीता थापा र गायत्री राउतलाई भ्र.नि.ऐन, २०१७ को दफा ८ अन्तर्गत कसूर गरेकोले निम्न विगो कायम गरी भ्र.नि. ऐनको दफा २९ बमोजिम माग दावी लिई अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १८ र ३० बमोजिम पुनरावेदन अदालतमा अभियोग पत्र दायर गरिएको :-

विगो कायम गर्ने सम्बन्धमा का.न.पा. १ वडा समिति, नक्सालको पत्रमा उल्लेखित प्रति आना १५ लाख मोलिने जग्गा गुठी संस्थान कार्य व्यवस्था विनियम २०४९ को नियम २७(६) बमोजिम ३ खण्डको १ खण्डले हुने ११ रोपनीको विगो ८ करोड ८० लाख मध्ये देहायका व्यक्तिलाई देहाय बमोजिमको विगो कायम गर्ने ।

- हिरण्यकान्त नेउपानेलाई ५ रोपनीको विगो रु. ४ करोड ।
- गीता थापा, गायत्री शाहलाई ६ रोपनीको विगो रु. ४ करोड ८० लाख मध्ये आधा २ करोड ४० लाख आधी जनही १ करोड २० लाख ।
- कल्याण जङ्ग पराक्रम शाहले छोरीहरु गीता थापा, गायत्रीलाई मोही कायम गरे गराएकोले ६ रोपनीको ४ करोड ८० लाखको आधा २ करोड ४० लाख ।

अब आयोगको अधिकार क्षेत्र सम्बन्धमा हेर्दा अ.दु.अ.आ. ऐन, २०४८ को दफा ४(ख), ४(घ) बमोजिम श्री ५ को सरकारको कुनै सेवामा प्रथम श्रेणी वा सोभन्दा माथिल्लो दर्जामा वा संविधान वा प्रचलित कानूनमा व्यवस्थित कुनै कार्यालयको प्रशासकीय प्रमुखको पदमा बहाल रहेका व्यक्तिबाट भएको अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कार्यवाही आयोगले गर्ने छ भन्ने भएको साथै प्रस्तुत ऐनकै दफा ३० अनुसार "सार्वजनिक पद धारण गरेको वहालवाला वा अवकास प्राप्त कुनै व्यक्तिउपर भ्रष्टाचारको आरोपमा यस ऐन बमोजिम अनुसन्धान र तहकिकात भएको वा मुद्दा चलेकोमा सो अपराधमा संलग्न देखिएको अन्य व्यक्तिउपर समेत आयोगले कारवाई चलाउन सक्नेछ " भन्ने प्रावधान रहेको हुंदा प्रस्तुत मुद्दामा भू.सु. मन्त्रालयका सचिव, गुठी प्रशासक, भू.सु. विभागका महानिर्देशक समेत प्रथम श्रेणी र सोभन्दा माथिका अधिकृतसमेतका उपर छानविन गरी अनुसन्धान एवं तहकिकात भएको र सचिव गुठी प्रशासक र महानिर्देशकको प्रस्तुत अनियमित मोही दर्तामा कुनै किसिमको संलग्नता देखिन नआएको हुंदा निजहरुको सम्बन्धमा दोष मुक्त गरी उल्लेखित पदाधिकारी उपर अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ४(घ) अनुरुप आयोगबाटै अ.दु.अ.आ. नियमावली, २०४८ को दफा १६(२०) अनुसार पुनरावेदन अदालत, ललितपुरमा अभियोग पत्र दायर गरेको ।

५.१.९ नेपाल आयल निगमको झापामा डिपो कार्यालय निर्माण गर्न आव्हान गरिएको जमिनको टेण्डरमा धांधली गरी जमिन खरीद गर्दा व्यापक भ्रष्टाचार गरेको भनी ०५३।३।९ मा छापिएको कान्तिपुर दैनिकको समाचारसम्बन्धमा निम्नानुसार गरिएको :-

नेपाल आयल निगमको झापाको डिपो निर्माणको लागि जग्गा खरीद गर्न ०५२।५।२२ को गोरखापत्रमा राजमार्गबाट ३०० मिटर भित्र खोल्सा भीर पाखा र खोलाको किनार समेत नभएको, समतल लम्बाई चौडाई मिलेको खानेपानी तथा टेलिफोनको सुविधा भएको ट्रक चल्न सक्ने बाटो भएको जग्गा जग्गाधनी, जग्गा खरीद बिक्री गर्ने रजिष्टर्ड कम्पनी, फर्म तथा संघ संस्थाले मात्र टेण्डरमा भाग लिन पाउने शर्त सहितको सूचना प्रकाशित भएको । टेण्डर स्वीकृति गर्दा मञ्जुरनामाको आधारमा टेण्डरदाता भीष्म विमलीको रु. ९ लाख १० हजारको जग्गा लिने भनी मिति २०५३।२।२५ मा संचालक समितिबाट गठित बोलपत्र उप समितिले निर्णय गरेको ।

जग्गाको क्राइटेरिया, मूल्य समेत यकीन गरी प्रतिवेदन पेश गर्न दिलिप कुमार सिंहको संयोजकत्वमा उप समिति गठन भएको । उक्त समितिले दिएको प्रतिवेदनमा "पटक पटक स्थलगत निरीक्षण गरिएको, स्थानीय व्यक्ति बुझिएको, जग्गाको नापजांच समेत गर्दा भीष्म विमलीद्वारा टेण्डरमा दिइएको जग्गा टेण्डर आव्हान बमोजिमको र महंगो पनि नदेखिंदा खरीद गर्न उपयुक्त छ" भनी मिति ०५२।१२।१० मा प्रतिवेदन दिए पनि उक्त प्रतिवेदन कपटपूर्ण र निगमलाई हानी नोक्सानी पुऱ्याउने बदनियतपूर्वक दिइएको थियो भन्ने कुरा इन्जिनियर सुरेश कुमार अग्रवाल, टेण्डर कमिटीका सदस्यहरु वेनु विक्रम पन्त, बच्चु कुमार काफ्ले, इन्जिनियर रुद्र बहादुर खड्का लगायत व्यक्तिहरुको प्रतिवेदन र आयोगका तर्फबाट स्थलगत निरीक्षणको प्रतिवेदन समेतले सिद्ध गरेको छ ।

यस्तो महंगो क्राइटेरिया भन्दा बाहिरको र टेण्डर दिन सक्ने हकदैया नभएको व्यक्तिबाट दिइएको टेण्डर त्यसमा पनि कम मूल्यको जग्गालाई छाडी महंगो किन स्वीकारियो भन्ने सम्बन्धमा प्रस्तुत जग्गाका जग्गाधनी जगत बहादुर कार्की र श्रीमती लोकमाया कार्कीलाई रु. ३०,००,०००।- (तीस लाख) मात्र दिए पुग्ने र अरु बढी नाफा आफू तथा मामा बिष्णु भेटवालले लिने गरी मामासंग आफ्नो साझेदारी भएको कुरा भीष्म बिमलीले आयोगसमक्ष गरेको बयानले पुष्टि गरेको छ । जग्गा धनी जगत बहादुर कार्की र श्रीमती लोकमाया कार्कीलाई आयोगसमक्ष उपस्थित गराई बयान गराउंदा उक्त जग्गा वापत आफूहरुले जग्गा बिक्री गरे वापत रु. ३० लाख मात्र लिएको अरु रकम बिष्णु भेटवालले लिई गएको भनी बयान गरेको छ । यस कुराको पुष्टि मालपोत कार्यालय झापामा श्री कटेलले जग्गा पास गर्ने अवस्थामा रकम भुक्तानी गर्दा विराटनगर ने.बैं.लि., सिटी अफिसमा भीष्म बिमली तथा बिष्णु भेटवाल समेत संगै थिए । जग्गा बिक्री गर्ने सम्बन्धमा बिष्णु भेटवाल र भीष्म बिमली मिलेर काम गरेका हुन्, जग्गा धनीले ३० लाख लिई बांकी रकम भीष्म बिमलीले लिएको थियो भनी बयान गरेको र सो जग्गा लिने सम्बन्धमा बिष्णु भेटवालले दिलिप सिंह समेतलाई खर्च गरेको कुरा आफूलाई भनेको भनी ने.आ.नि. का शाखा प्रमुख शिवप्रसाद भट्टराईले यस आयोग समक्ष उपस्थित भई बयान गरेको देखिन्छ ।

बिष्णु भेटवालको नाउंमा रहेको नेपाल बैंक लिमिटेड, विर्तामोडको खातामा रु. १३,३०,०००।- (तेह्र लाख तीस हजार) रुपैया मिति ०५३।४।८ मा विराटनगर ने.बैं.लि. सिटी अफिसबाट ड्राफ्ट बनाई ०५३।४।९ मा ने.बैं.लि. विर्तामोडमा रकम जम्मा भएको देखिन्छ । उक्त मिति तथा जग्गा धनीको बयान समेतलाई हेर्दा उक्त रुपैया सोही टेण्डर परे वापतको रुपैया हो भन्ने कुराको पुष्टि हुन आएको छ । यो रुपैयाको सम्बन्धमा अन्य कुनै श्रोत छ कि भनी आयोगबाट निज बिष्णु भेटवाललाई सोधिएकोमा पहिले थाहा छैन, चेक भुक्तानी गर्दाका दिन म विराटनगर गएको छैन, ने.आ.नि. कर्मचारी श्री कटेललाई चिन्दिन भनी जवाफ दिएपछि पुनः सो रकम दाजु होमप्रसादले जम्मा गरेको भनी बयान गरेका छन् भने ने.आ.नि. का कर्मचारी श्री कटेलले निज बिष्णु भेटवाल नै हुन्, विराटनगर संगै गएको, होटलमा संगै बसेको र चेक भुक्तानी हुंदाका बखत निजसमेत ने.बै.लि. विराटनगरमा रहेको भनी बयान गरेबाट देखिन आएको छ । यस प्रकार निजले सो कुरा समेत ढांटी आयोगमा बयान दिएको कुरा ने.बैं.लि., विराटनगर र विर्तामोड बुझ्दा उक्त रकम बिष्णु भेटवाल आफैले ड्राफ्ट बनाई जम्मा गरेको भनी मिति ०५३।९।२९ तथा ०५३।११।३ मा ने.बैं.लि, विर्तामोडबाट लेखी आएबाट बिष्णु भेटवालले त्यतिका रकम जम्मा गर्ने निजसंग अन्य श्रोत समेत नहुंदा उक्त रकम सोही जग्गा बिक्री कै रकम भएको कुरा जग्गा धनी जगत बहादुर कार्की, ने.आ.नि. कर्मचारी श्री कटेल, शाखा इन्चार्ज शिवप्रसाद भट्टराई र टेण्डरदाता भीष्म विमलीको बयान समेतबाट निर्विवाद रुपमा पुष्टि हुन्छ ।

उक्त रकम जगत बहादुरलाई ०५३।४।८ गते ने.बै.लि., विराटनगर सिटी अफिसमा भीष्म बिमलीको नाममा काटिएको चेक, जगत बहादुरको खातामा रु. ४६,३९,८६२।५० जम्मा भई सोही दिन मिति २०५३।४।८ मा रु. ४६,३९,८००।- झिकिएको र जगत बहादुरलाई रु. ३०,००,०००।- दिई बांकी रकम १६,३९,८६२।५० बिष्णु भेटवाल र भीष्म बिमली मिली लिएको र सोही रकममध्ये सोही दिन ०५३।४।८ मा बिष्णु भेटवालले आफ्नो फर्म नवदुर्गा निर्माण सेवाको नाममा ने.बै.लि., विर्तामोड झापामा जम्मा हुने गरी रु. १३,३०,०००।- को ड्राफ्ट बनाई लगेको र मिति २०५३।४।९ मा बिष्णु भेटवालले सो रकम ने.बै.लि., विर्तामोडमा जम्मा गरी सोही दिन अर्थात मिति ०५३।४।९

मा रु. ११,३०,०००।- मिति ०५३।४।१३ मा रु. २४,०००।-, ०५३।४।१४ मा रु. ६९,०००।-, ०५३।४।२० मा रु. २६,०००।-, ०५३।४।२४ मा रु. ७२,०००।- आफ्नै नाउंमा चेक काटी र रु. ९०००।- भूपाल भेटवालको नाउंमा चेक काटेको ने.बैं.लि., वित्तामोडको पत्रबाट जानकारी हुन आएबाट जगत बहादुर कार्की र श्रीमती लोकमाया कार्कीले रु. ३०,००,०००।- मात्र पाएको र बांकी रकम बिष्णु भेटवालले लगेको कुरा र भीष्म बिमली आफू जग्गा धनी नभएको र आफूले जग्गा धनी जगत बहादुर कार्की र श्रीमती लोकमाया कार्कीको मञ्जुरनामा लिएर टेण्डर राखेको हुं। यो जग्गाको सम्पूर्ण काम मामा बिष्णु भेटवालले गर्नु भएको हो। यसमा हामी मामा भान्जाको साझेदारीमा काम भएकोले मैले मामा संग हर हिसाव गर्नु छ। नाफा नोक्सानको कुरा गर्दा केही रकम बांच्यो ड्राफ्ट बनाएको छु पछि हिसाव गरौंला भनि मामाले भनेको र मेरो भाग नदिए अदालत जान्छु भनी यस आयोग समक्ष उपस्थित भई बयान गरेकोबाट ने.आ.नि. लाई क्राइटेरियाभन्दा बाहिरको अनियमित टेण्डर स्वीकृत गरी रु. १६ लाख ३९ हजार ८ साय ६२ रुपैया र ५० पैसा हानी नोक्सानी पुऱ्याउने बदनियतपूर्वक काम भएको रहेछ भन्ने कुरा पुष्टि हुन आउंछ।

नेपाल आयल निगमलाई हानी नोक्सानी र आफूहरुलाई फाइदा पुऱ्याउने बदनियतपूर्वक टेण्डर स्वीकृतसमेत गरी महंगो तथा क्राइटेरिया भन्दा बाहिरको र आयल निगमलाई अपायक तथा अनुपयुक्त जग्गा खरीद गराएको भन्ने सम्बन्धमा संलग्न प्रमाणहरुलाई हेर्दा टेण्डर आव्हान गर्दा जग्गा धनी तथा रजिष्टर्ड कम्पनी वा फर्मको तर्फबाट दिएको टेण्डर मात्र स्वीकारिने कुरा टेण्डर सूचनामा उल्लेख गर्दा गर्दै जग्गा धनीको मञ्जुरीनामाको आधारमा भीष्म बिमलीद्वारा टेण्डर राखिएको र सो राख्नमा बिष्णु भेटवालसंग आफ्नो संलग्नता भएको कुरा भीष्म बिमलीले आयोग समक्ष बयान गरेबाट र निजबाट क्राइटेरियामा नपरेको जग्गा टेण्डर हाली सो स्वीकृत गराउन शाखा इन्चार्ज तथा प्राविधिज्ञहरुको प्रतिवेदनमा त्यस्तो जग्गा पुनः टेण्डर गर्नु पर्ने राय दिंदा वेवास्ता गरी भाउ बृद्धि हुने कुरा पछि पुनश्च गरी थप्न लगाई दिलिप कुमार सिंहको प्रतिवेदनको आधारमा टेण्डर स्वीकृत गराई जग्गा खरीद गरिएको हो भन्ने कुरा र आफ्नो खातामा भएको रकम यस प्रकार आएको भन्ने कुराको श्रोत खोल्न नसक्नु र आयोगका तर्फबाट खुलाइएको श्रोत बमोजिम उक्त रकम जग्गा बिक्री मध्येकै रकम हो भन्ने कुरा ने.बैं.लि. समेतका विभिन्न पत्रबाट र जग्गा धनीहरु र श्री कटेल तथा भीष्म बिमली समेतबाट खुल्न आएको देखिंदा टेण्डरदाता भीष्म बिमली तथा निजका मामा बिष्णु भेटवालको प्रमुख सक्रियतामा टेण्डर स्वीकृत गर्ने र जग्गा खरीद गराउने कार्य भएको कुरा पुष्टि हुन आयो।

संयोजक तथा संचालक दिलिप कुमार सिंहका हकमा विचार गर्दा निजले आयोग समक्ष उपस्थित भई बयान गर्दा रकम लिनु खानु गरी राय दिएको होइन भने पनि मौकामा शिव प्रसाद भट्टराईले रकम लिनु खानु गरी गलत सिफारीश गरेको भनी आयोगसमक्ष बयान गरेका छन्। टेण्डरमा परेको जग्गा लिन हुने नहुने सम्बन्धमा राय सहितको सिफारिशको लागी निज समेतलाई तोकिएकोमा निजले मिति ०५२।१२।१० मा दिएको प्रतिवेदनमा मूल्य कम भएको अरुको जमिन भन्दा उपयुक्त र टेण्डरमा माग गरे अनुसार सुविधायुक्त र बढी आर्थिक भार नपर्ने भनी सिफारिश गरेको छ। तर आयोगमा उजुरी परी आयोगका तर्फबाट स्थलगत निरीक्षण एवं गा.वि.स.बाट भएको सर्जमिन मुचुल्का, जग्गा धनीको मञ्जुरीनामाको कागज तथा टेण्डर कमिटीका इन्जिनियर रुद्र बहादुर खड्का, बेनुविक्रम पन्त र बच्चु कुमार काफ्लेले दिएको प्रतिवेदनमा उक्त जग्गा टेण्डर विज्ञापनको क्राइटेरिया भित्र नपरेको र मूल्य पनि ज्यादै महंगो देखिएको भनी ०५३।१।४ मा पुनः टेण्डर गर्नु पर्ने राय दिएको र ने.आ.नि. का इन्जिनियर सुरेश कुमार अग्रवाल समेतले उक्त जग्गा खरीद गर्दा थप रु. २५ लाखको आर्थिक भार पर्ने भनी ०५२।१२।२७ मा राय दिएको देखिंदा दिलिप कुमार सिंहले सस्तो र उपयुक्त छ भनी जग्गा खरीद गर्न बदनियतपूर्वक गलत राय दिएको भन्ने कुरा पुष्टि हुन्छ। यसरी जग्गा खरीद गर्न राय परामर्श मात्र गर्ने व्यक्तिले हकदैया नभएको व्यक्तिले र जग्गा धनी स्वयंले पनि मञ्जुरीनामा दिई अरुको नाममा टेण्डर हाल्न दिन सक्ने अवस्था नभएकोमा मञ्जुरीनामाको आधारमा भीष्म बिमलीको नाउंमा दिएको टेण्डर बमोजिमको जग्गा खरीद गर्न हुन्छ भनी दिएको रायलाई आधार लिई बोलपत्र स्वीकृति उप समितिले भीष्म बिमलीले उल्लेख गरेको जग्गा खरीद गर्ने भनी ०५३।२।२५ मा निर्णय समेत गरेको देखिंदा निज दिलिप कुमार सिंह बदनियतपूर्वक अनियमित तरिकाले जग्गा खरीद गर्ने कार्यमा संलग्न रहेको कुरा पुष्टि हुन आयो।

ने.आ.नि. का कानूनी सल्लाहकार रमाप्रसाद सिंहले टेण्डर स्वीकार गर्न हुने भनी राय दिंदा कानूनी कुरामा मात्र राय परामर्श दिनु पर्नेमा सुरक्षाको दृष्टिकोण र अनुचित प्रभाव पार्न नखोजेको भए टेण्डर स्वीकार्न हुने भनी राय दिएको देखिन्छ। आयोगसमक्ष निज उपस्थित भई बयान गर्दा सम्पूर्ण कागज पत्र हेर्न नपाएको र निगमले सूचनामा प्रकाशित गरेको क्राइटेरिया नरहेको भनी बयान गरे पनि कानून बमोजिम स्वीकार गर्न नसकिने टेण्डर

स्वीकार गर्न हुने भनी राय दिनु नै कानून विपरित र निगमलाई नै हानी नोकसानी पुऱ्याउने बदनियतपूर्वक नेपाल कानून जानी जानी पालन नगरेको कुरा सिद्ध हुन्छ ।

टेण्डर स्वीकृत गरी जग्गा खरीद गर्न निर्णय गर्ने बोलपत्र निर्णय उप समितिका विश्वनाथ प्रसाद साह, मदनराज शर्मा, श्रीमती नीलम के.सी. र राजेन्द्र गुप्ताको हकमा गोरखापत्रमा प्रकाशित सूचनामा उल्लेखित शर्त विपरित परेको टेण्डरको सम्बन्धमा टेण्डर कमिटीका सदस्यहरु, प्राविधिक इन्जिनियर सुरेश कुमार अग्रवाल तथा संयोजक दिलिप कुमार सिंह समेतले टेण्डर शर्त विपरित हकदैया नभएको व्यक्तिले हालेको टेण्डर सूचनामा उल्लेखित क्राइटेरिया भन्दा बाहिर भएकोले रि-टेण्डर गर्नु पर्ने भनी किटानी उल्लेख गरेकोमा बोलपत्र स्वीकृति उप समितिले टेण्डर कमिटीका सदस्य वेनुविक्रम पन्त, बच्चु कुमार काफ्ले र इन्जिनियर रुद्र बहादुर खड्कालाई रि-टेण्डर गर्दा भाउ बढ्न सक्ने कुरालाई नकार्न नसकिने भनी टेण्डर स्वीकृत गर्दाका बखत पछि थप्न लगाई प्राविधिक रायलाई वेवास्ता गरी कानूनी सल्लाहकारले कानूनी रायभन्दा प्रशासनिक सल्लाह दिएकोलाई र दिलिप कुमार सिंहले एक महिनासम्म स्थलगत निरीक्षण गर्दा जग्गाको प्रचलित मूल्य सम्बन्धमा समेत मूल्यांकन समिति नबसाई स्थानीय स्तरमा नबुझी हचुवाको भरमा जग्गा महंगो समेत नभएकोले खरीद गर्न उपयुक्त भनी बदनियतपूर्वक दिएको रायलाई आधार लिई खरीद गर्ने निर्णय गरेबाट ने.आ.नि. लाई पर्न गएको नोक्सानीको पुष्टि हुन आएको छ ।

जग्गाधनी जगत बहादुर कार्की तथा श्रीमती लोकमाया कार्कीको सम्बन्धमा निजहरु आफैले आफ्नो हकभोगको जग्गा दिने भनी टेण्डर नहाली वा रीतपूर्वकको वारेसनामा पनि नदिई आफ्नो जग्गाको हक हस्तान्तरण गर्ने कार्यको लागि भीष्म विमलीलाई दुई किसिमको मञ्जुरीनामा दिई भीष्म बिमलीकै नाउंमा टेण्डर हाल्न गैर कानूनी मौका दिई निजले हालेको टेण्डरको माध्यमबाट जग्गा धनी आफू मालपोत कार्यालय, झापामा उपस्थित भई जग्गा राजीनामा गर्ने, अरुको नाउंमा राखिएको टेण्डरको जग्गा राजिनामा पास गरी जग्गा बिक्री वितरण गर्ने कानूनको अभावमा त्यस्तो बदनियतपूर्वकको कार्य गरी आफूले पारित गरी दिई मूल्य रु. ४६,३९,८६२।५० बैंकमा जम्मा गरी लिन चाहेको रु. ३०,००,०००।- आफूहरुले लिई अरु बढी रु. १६,३९,८६२।५० जग्गा खरीद बिक्री गरी दिए वापत बिष्णु भेटवाल समेतको व्यक्तिहरुलाई दिएको छु भनी आयोगसमक्ष बयान गरेको र सो कुरालाई निगमका कर्मचारी श्री कटेल समेतको बयानले पुष्टि गरेबाट यी दुवै जग्गा धनीहरुले ६ लाख भन्दा बढी नजाने जग्गालाई बढी मूल्यमा बेच्ने मनसायबाट जानी जानी आयल निगमलाई बदनियतपूर्वक हानी नोक्सानी पुऱ्याउने र बिचको व्यक्ति बिष्णु भेटवालसमेत लाई फाइदा पुऱ्याउने कार्य गरेको पुष्टि हुन्छ ।

तसर्थ दिलिप कुमार सिंह तथा बोलपत्र स्वीकृति उप समितिका विश्वनाथ प्रसाद साह, राजेन्द्र गुप्ता, नीलम के.सी. तथा मदनराज शर्माले अख्तियारको दुरुपयोग गरी नेपाल कानून जानी जानी पालन नगरेको र उक्त कार्य भ्र.नि.ऐन, २०१७ को दफा ३ तथा दफा ७(२) बमोजिम कसूर गरेको देखिंदा सोही दफामा लेखिए बमोजिम निजहरुलाई सजाय हुन तथा जग्गाधनी जगत बहादुर कार्की तथा निजकी श्रीमती लोकमाया कार्की, भीष्म बिमली र बिष्णु भेटवालले भ्र.नि.ऐन, २०१७ को दफा ५ तथा ८ बमोजिम कार्य गरेको देखिंदा सोही दफामा लेखिए बमोजिमको सजाय हुन र माथि उल्लेखित अभियुक्तहरुले गरेको बदनियतपूर्ण कार्यमा सहयोग पुऱ्याउने किसिमको गैर कानूनी राय सल्लाह दिई जग्गा खरीद गर्न परिपञ्च मिलाउने रमा प्रसाद सिंहको कार्य ऐ ऐनको दफा १६(क) बमोजिम देखिंदा सोही दफामा उल्लेख भए बमोजिमको सजाय हुन र प्रस्तुत मुद्दामा दफा २९ बमोजिम हदैसम्म जरिवाना तथा आयल निगमलाई हुन गएको हानी नोकसानी विगो रु. १६,३९,८६२।५० सबै प्रतिवादीहरुबाट दामासाहीका दरले असुल उपर हुन अ.दु.अ.आयोग ऐन, २०४८ को दफा १८ र ३० बमोजिम पुनरावेदन अदालतमा अभियोग पत्र दायर गरिएको ।

संयोजक दिलिप कुमार सिंहको संयोजकत्वमा गठित कमिटीका सदस्य भारतेन्द्र मल्लिकको हकमा हाल प्रमाणको अभाव र अर्का सदस्य जयदेव भट्टको मृत्यु भई सकेको हुंदा माग दावी नलिएको ।

५.१.१० आपूर्ति मंत्रालय अन्तरगतका संस्थानहरु मध्ये नेशनल ट्रेडिङ्ग लिमिटेडका सञ्चालकहरुले अनियमित एवं गैर कानूनी किसिमले होटलहरुको नक्कली विल बनाई वोर्ड वसेको वखत आफूले पाउनु पर्ने भन्दा वढी रकम लिई संस्थानलाई आर्थिक नोक्सानी एवं आफूहरुलाई गैह्र कानूनी लाभ पु-याएका भन्ने उजुरी निवेदनका सम्बन्धमा देहाय बमोजिम गरिएको:-

सञ्चालक रामजी प्रसाद रौनियारले होटल ताजको विलहरुवाट रु ३१,५००।-, होटल तिरुपतिको विलहरुवाट रु ८५,२४३।९८, होटल माउण्ट मक्रालुको विलहरुवाट रु २१,९८३।- तथा होटल भारतको विलवाट २,६४०।-समेत गरी जम्मा रु १,४१,३६६।९८ पाउनु पर्ने भन्दा वढी रकम नेशनल ट्रेडिङ्ग लिमिटेडवाट भुक्तानी लिएको संस्थानको रेकर्डवाट देखिन आयो ।

सञ्चालक अवधकिशोर प्रसाद सिंहले होटल माउण्ट मकालुको विलहरुवाट जम्मा रु १,२७,३२६।३६, होटल न्यू आनन्दको विलहरुवाट रु ४१,७००।- समेत जम्मा रु १,६९,०२६।३६ पाउनु पर्ने भन्दा वढी रकम संस्थानवाट भुक्तानी लिएको रहेछ ।

सञ्चालक विश्वनाथ प्रसाद सिंहले होटल ताजको विलवाट रु २७,०००।-,होटल तिरुपतिको विलहरुवाट रु ६५,१५२।१८, होटल माउण्ट मकालुको विल पेश गरी रु १६,९१५।- तथा होटल भारतको विलवाट रु ५,०७८।४० समेत गरी जम्मा रकम रु १,१४,१४५।५८ वढी भुक्तानी लिएको देखिन्छ ।

त्यस्तै, सञ्चालक डा.रविन्द्र सिंहले पनि न्यू होटेल आनन्दवाट रु ६,८२०।-, होटल तिरुपतिवाट रु १५,८२३।- तथा होटल ताजको विलहरु पेश गरी रु १२,०००।- समेत जम्मा रु ३४,६५३।-आफूले नियमानुसार पाउन पर्ने भन्दा वढी रकम भुक्तानी लिएको देखिन्छ ।

उपरोक्त भुक्तानी भएको रकमहरुको छानविनको सिलसिलामा नेशनल ट्रेडिङ्ग लिमिटेड तथा सम्बन्धीत होटलवाट खिचिएको विल भरपाईहरु चेक जांच गर्दा निम्न अनुसार सञ्चालक रामजी प्रसाद रौनियारले होटल ताजवाट लिएको विल नम्बर २२५९,२२५५,२२५१,२७९६ संस्थानमा पेश गरी संस्थानवाट क्रमश रु ९,०००।-, ४,५००।-, १०,५००।- र ७,५००।- समेत जम्मा रु ३१,५००।- भुक्तानी भएको संस्थानवाट प्राप्त सक्कल फायलमा समावेश विलहरुवाट देखिन आयो, जवकि उक्त रकमको विलहरुको अधकट्टि होटलमा पाइएन साथै संस्थानमा रहेको विलहरुमा कर कार्यालयको छाप नभएको हुंदा किर्ते विल वनाउन लगाई रकम भुक्तानी लिएको देखियो ।

सोही अनुसार निजले पेश गरेको नेशनल ट्रेडिङ्ग लिमिटेडवाट प्राप्त होटल तिरुपतिको विल नं. १२३,१९२,१५९,९८ र १०५ मा रकम क्रमशः रु.१९,९३७।३८, ४३,१७८।-,५३,७३८।-, ६,६८२।- र रु.१५,४२३।- भुक्तानी लिएको देखिन्छ भने सोही नम्बरको होटल तिरुपतिवाट प्राप्त अधकट्टी विलहरुमा नेशनल ट्रेडिङ्ग लिमिटेडमा पेश भएको विलको रकम भन्दा घटी क्रमश रु ४,७९६।-, ५,०८२।-, १३,२८८।-, ५,०८२।- तथा रु १२,७०५।- उल्लेख भएको अधकट्टी विल प्राप्त भएको छ । यसवाट संचालक रामजी प्रसाद रौनियारले तिरुपति होटलको सांठ गांठमा पाउनु पर्ने भन्दा वढी रकम लेख्न लगाई गैह कानूनी फाइदा लिएको कुरा पुष्टि हुन आउछ ।

त्यसै गरी निज रौनियारले नेशनल ट्रेडिङ्ग लिमिटेडवाट प्राप्त माउण्ट मकालु होटलको विल नं.३८६ वाट रु ४,५४३।-, विल नं. ३७३ वाट रु ५,५५०।-, विल नं.३६४ वाट रु ५,४४०।- र विल नं. ३७८ वाट रु ६,४५०।- समेत गरी जम्मा रु २१,९८३।- भुक्तानी लिएको छ , जवकि उक्त विलहरुमा कर कार्यालयको छाप नभएको, होटलमा रहेको विलसंग तुलना गर्दा साइज, कोठा नं., ग्राहकको नाम समेत फरक देखिन आई नक्कली भएको होटल मालिकले समेत वयानमा उल्लेख गरेवाट किर्ते भएको स्वतः सिद्ध हुन आयो । यस प्रकारवाट निजले होटलको कर्मचारीको सांठगांठमा विल वनाउन लगाई आफूलाई गैह कानूनी फाइदा तथा राजश्व समेत हानी र संस्थानलाई नोक्सानी पुऱ्याएको पुष्टि हुन आयो ।

सोही किसिमवाट निज सञ्चालकले नै होटल भारतवाट वनाउन लगाएको विल नं. ३४ वाट रु २,६४८।- भुक्तानी लिएको छ, जवकि होटलवाट प्राप्त सोही नम्बरको विल नं.३४ मा रु. ८।८० मात्र उल्लेख छ ।

यस प्रकारवाट सञ्चालक रामजी प्रसाद रौनियारको नियत नै वदनियत रहेको र शुरु देखिनै निजले विभिन्न होटलको कर्मचारी एवं मालिकसंगको मिलोमतोमा किर्ते काम गरी विल वनाउन लगाई रकम लिने खाने गरेको पुष्टि हुन आएको छ ।

सञ्चालक अवध किशोर प्रसाद सिंहले होटल माउण्ट मकालुवाट अर्कै ग्राहकको नाममा काटिएको,कोठा नम्बर फरक भएको र कर कार्यालयको छाप नभएको विल नम्बर ४१३, ३९८, ३९९, ३७४, ३८८, ३८९, ३९०, ३६९, ३७०, ३६८, ३७२, ३७१ (मिति २०५२।९।५ देखि २०५३।२।१० सम्म) समेत वाट विभिन्न मितिमा जम्मा रु १,२७,३२६।३६ नेशनल ट्रेडिङ्ग लिमिटेडवाट बुझेको साथै करको छाप नभएको,रंग फरक रहेको तर सम्बन्धित सञ्चालकको नाममा नकाटिएको अर्कै व्यक्तिको नामको होटल न्यू आनन्दको विल नं.२२८,२४९,२०५,२०६,२१७ वाट विभिन्न मितिमा रु ४१,७००।- संस्थानवाट भुक्तानी लिएको देखिएकोले निजले पनि होटल माउण्ट मकालु र न्यू आनन्दको कर्मचारी एवं मालिकसंगको मिलोमतोमा नक्कली विल वनाउन लगाई गैह कानूनी किसिमवाट जम्मा रु १,६९,०२६।३६ भुक्तानी लिई सस्थानलाई हानी पुऱ्याउने र सोको हुने होटल कर राजश्व छल्ने तथा आफूलाई लाभ लिने उद्देश्यवाट प्रेरित भै काम गरेको प्रमाणित हुन आएको छ ।

सञ्चालक विश्वनाथ सिंहले यसै अभियोग पत्रमा संलग्न भुक्तानी विल विवरण नं. ३ मा उल्लेखित करको छाप नभएको, ग्राहकको नाम फरक रहेको, होटलमा सञ्चालकको नाममा काटिएको विलको अधकट्टी नरहेको,विलको रंग र साइज फरक भएको, होटल ताजको विल नं.२२६४,२२६०,२२५४ वाट विभिन्न मितिमा रकम

रु २७,०००।-, होटल तिरुपतिको विभिन्न मितिमा काटिएको विल नम्बर १६०,१०४,१९५,१९७ र २०१ वाट जम्मा रकम रु ६५,१५२।१८ तथा होटल माउण्ट मकालुको मिति २०५२।११।१४, २०५२।११।२८ र २०५२।१०।२२ मा काटिएको विल नं.३७६,३९२ र ३६७ वाट रकम रु १६,९१५।- भुक्तानी लिएको देखिन्छ ।

पुनः होटल भारतवाट विभिन्न मितिमा काटिएको विल नं.३५, २२, १२६, ७७, ५४, २७१, ८६, ७६, ३९२, ९३, २०० र २०१ मध्ये नं .१२६ र ३५ वाट होटलको अधकट्टीमा रहेको रकम भन्दा वढी रकम रु ५,०७८।४० लेख्न लगाई गैह्र कानूनी किसिमवाट भुक्तानी लिएको प्राप्त विल भरपाईवाट देखिन आएको छ । यस प्रकारवाट निजले होटल ताज, तिरुपति र भारतवाट गैह्र कानूनी किसिमले जम्मा रु १,१४,१४५।५८ वढी लिई पदको दुरुपयोग गरी संस्थानलाई नोक्सानी पुऱ्याई वदनियतपूर्ण कार्य गरेको छ ।

त्यस्तै सञ्चालक डा. रविन्द्र सिंहले अर्कै ग्राहकको नाममा काटिएको, कर कार्यालयको छाप नलागेको, होटलको अधकट्टीमा उल्लेख भएको रकम भन्दा वढी रकम लेखिएको होटल ताजको त अधकट्टी समेत नभएको, विभिन्न मितिमा काटिएका विलहरु जस्तै होटल आनन्दको विल नं.२०८, तिरुपति होटलको विल नं.१९३, होटल ताजको विल नम्बर २२५८ र २२५६ संस्थानमा पेश गरी गैह्र कानूनी किसिमवाट किर्ते विलहरु पेश गरी लिन नहुने रकम जम्मा रु ३४,६५३।-ने.ट्रे.लि.वाट भुक्तानी लिएको देखिन आएको छ ।

यस प्रकारवाट सञ्चालक रामजी प्रसाद रौनियार, अवध किशोर प्रसाद सिंह, विश्वनाथ सिंह र डा. रविन्द्र सिंहले अर्को ग्राहकको नाममा काटिएको, कर कार्यालयको छाप नभएको, होटलमा रहेको अधकट्टीमा लेखिएको रकम भन्दा वढीको रकम लेखी संस्थानमा पेश गरेको र कतिपय विलहरुको रंग र साइज समेत फरक परेकोसम्बन्ध मा होटलहरुका मालिक एवं कर्मचारीलाई सोधपूछ गर्दा माउण्ट मकालुका मालिक भरत रत्न धाख्वाले "रामजी प्रसाद रौनियारले पेश गरेको उपरोक्त उल्लेखित नम्बरका विलहरु नक्कली हुन्, किनभने कर कार्यालयको छाप छैन, हाम्रो होटलको कर्मचारी कुमार नेउपानेले विलमा सही गरेको देखिएको छ । हाम्रो अफिसमा रहेको कर कार्यालय को छाप नभएको विल चोरी गरी इस्यु गरेको हुन सक्छ । त्यसैगरी संचालक विश्वनाथ सिंह र अवध किशोर प्रसादले निज कर्मचारी कुमार नेउपानेकै मिलोमतोवाट गैह्र कानूनी किसिमवाट संचालकलाई फाइदा हुने गरी राजश्व नोक्सानी गरी होटललाई समेत वेफाइदा पुग्ने गरी नक्कली विल वनाएको हो" भनी आयोगमा वयान गरेका छन् भने कर्मचारी कुमार नेउपाने आयोगमा उपस्थित नभै फरार रहेवाट समेत सञ्चालक रामजी प्रसाद रौनियार, अवध किशोर प्रसाद तथा विश्वनाथ प्रसाद सिंहलाई होटल कर्मचारी समेतकै मिलोमतोवाट गैह्र कानूनी किसिमवाट नक्कली विलहरु वनाई सञ्चालकहरु लाई दिएको पुष्टि हुन आउछ ।

पुनः होटल मालिक भरत रत्न धाख्वाले "रिसेप्सनिष्ट कुमार नेउपानेको हस्ताक्षरले लेखिदिएको हो, विलको बुक नै मेरो तर्फवाट छपाई भएको नभई नेउपानेले गोप्य रुपमा छपाई प्रयोगमा ल्याई गेष्टलाई दिएका रहेछन्" भनी २०५३।६।३० मा आयोगमा आई विलहरुमा नक्कली हो भनी सनाखत कागज गरेकोवाट निज प्रो.ले वयानमा "हाम्रो अफिसमा रहेको कर कार्यालयको छाप नभएको विल चोरी गरी इस्यू गरेको हुन सक्छ" भनी वयान गरेका छन् भने मिति ०५३।६।३० मा आयोगमा गरेको कागजमा "मेरो तर्फवाट छापेको नभै कुमार नेउपानेले गोप्य रुपमा छपाएको" भनी फरक फरकको वेहोरा उल्लेख गरेको र सम्बन्धित कर्मचारीलाई उपस्थित नगराएवाट यस किसिमको गैह्र कानूनी कृयाकलापमा निजको समेत संलग्नता रहेको देखिन्छ ।

होटल आनन्दका मैनेजर ध्रुव दहालले "ने.ट्रे.लि.मा पेश गरेको आनन्द होटलको नामको विल होटल आनन्दको जस्तै लाग्दछ, त्यो विल कस्ले कस्लाई तयार गरेको हो मेरो हस्ताक्षर नभएकोले केही थाहा छैन भनी मिति २०५३।६।३ मा गरेको वयानमा उल्लेख गरेको छ भने होटल तिरुपतिका मैनेजर काजी श्रेष्ठले "सञ्चालक विश्वनाथ प्र.सिंह , रामजी प्रसाद रौनियार, डा. रविन्द्र सिंह, हाम्रो तिरुपति होटलमा वस्ने र खाना खाने गर्नु हुन्थ्यो । निजहरुलाई ५० प्रतिशत डिस्काउण्ट गरेर कोठा भाडा प्रति कोठा ने.रु.१,१५५।२० मा दिइएको थियो उपरोक्त उल्लेखित नम्बरका विल नं. १९३, १९५, १०५, ९८, १२३, १९२, १५९,१६० र १०४ तिरुपति होटलवाटै सञ्चालकहरु र कर्मचारी टीका रानाको मिलोमतोमा काटिएको हो । हाम्रो अन्जानमा सञ्चालकहरुले आफूलाई फाइदा लिने गरी राजश्व छल्नका साथै ने.ट्रे.लि.लाई नोक्सानी पुऱ्याएको कारण नैतिकताको प्रश्नवाट पन्छिन नसक्ने भएकोले हामी पूर्ण रुपमा जिम्मेवार छौं,गल्ती भयो, आउने दिनहरुमा यस्तो गल्ती दोहराउने छैनौ ।" भनी मिति २०५३।८।९ मा गल्ती स्वीकारेको वयानवाट देखिन आएको छ भने होटल तिरुपतिका कर्मचारी टीका रानाले गेष्टले भने वमोजिम एमाउण्ट फरक पर्ने गरी उपरोक्त विलहरु वनाई दिएको हुं भनी स्वीकारेको छ ।

होटल ताजका मालिक याहाया मुस्लिमले "ताज होटलको नामको विलहरु सञ्चालक रामजी प्र.रौनियार, डा.रविन्द्र सिंह र विश्वनाथ सिंहले हाम्रो होटलवाट लगेको हो विलमा उल्लेख भएको रकम होटलले लिएको छैन ।

होटलका स्टाफ वृषा श्रेष्ठ र गीता श्रेष्ठको मिलोमतोमा नक्कली विलहरु वनाई सञ्चालकहरुलाई आर्थिक अनियमितता गर्न सहयोग पुऱ्याएको हो, संचालकहरुलाई हाम्रो होटलमा सक्दो सहूलियत दिएर प्रतिदिन रु ४००।- वा ५००।- मा कोठा दिइएको हो । मेरो होटलवाट बढी रकमको वेरीतका विलहरु काटिएकोमा जिम्मेवारी म हुनु पर्ने हो" भनी वयान गरेको ।

त्यस्तै सोही होटलका कर्मचारी गीता श्रेष्ठ र वृषा श्रेष्ठले आयोगमा गरेको वयानमा "होटल मालिक र ग्राहक विच के कस्तो कुरा हुन्थ्यो म लगायत अरु साथीहरुलाई थाहा हुँदैनथ्यो, गेष्टले हामीलाई फाइदा हुन्छ तपाईलाई केही हुँदैन भनी भनेकोले विल काटेको हूं । वारम्वार उनीहरुले भन्ने गर्थे । कुनै लिनु खानु गरेको छैन, गल्ती भएकोले क्षमा पाउं । मैले विलहरु वनाएको भए ता पनि होटलको मालिकले रुमको अधिकतम दर भित्र रहेर विल वनाई दिन माग गरेमा वनाई दिनू भनी भनेकोले वनाई दिएको हुं । मालिकले भने अनुसार वनाई दिएकोले म उपर कुनै कारवाही हुने कारण छैन" भनी कर्मचारी गीता श्रेष्ठले होटल मालिक समेतको जानकारीमा वनाएको भनी वयान गरेकी छिन् भने अर्का कर्मचारी वृषा श्रेष्ठले "विल नं.२२५९, २२५१, २७९६, २२५४, २२५६ र २२५८ मैले काटेको हो, सही मेरो हो, रकम मैले लिएको छैन कहिले काहीं मालिकको आदेशले पनि विलहरु वनाई दिने गरिन्थ्यो" भनी वयान गरेको हुंदा मालिक समेतले उक्त विलहरु बनाई दिनमा सहयोग गरेको देखिन आयो ।

होटल भारतका रिसेप्सनिष्ट वसन्त सापकोटाले "०५३ पौष ४ मा उल्लेखित ग्राहकहरु साधारण ग्राहकको रुपमा अधिपछि पनि आउने गर्थे त्यसै क्रममा वाहिर खाना खाएको रकमसमेत हाम्रो होटलको चिया खाएको विलमा थपी विल वनाई दिन भनेकोले वनाई दिएको हुं केही परेमा हामी आफै जिम्मेवार हुन्छौं भनी भनेकोले ३५,१२६,३४ नं.को विलमा वढी रकम लेखिदिएको" भनी वयानमा उल्लेख गरेवाट सञ्चालकहरुको भ्रष्टाचार गर्ने बदनियत रहेको पुष्टि हुन आउंछ ।

यस प्रकारवाट सञ्चालक रामजी प्रसाद रौनियार, अवध किशोर प्रसाद सिंह, डा. रविन्द्र सिंह तथा विश्वनाथ सिंहले गैह्र कानूनी किसिमवाट ने.ट्रे.लि.को वैठक वस्दाको वखत नियमानुसार पाउनु पर्ने रकम, होटलहरुवाट यकीन मूल्यको विलहरु पेश गरी भुक्तानी लिनु खानु पर्नेमा निजहरुले होटल तिरुपतिका कर्मचारी टीका राना, होटल ताजका कर्मचारी गीता श्रेष्ठ र वृषा श्रेष्ठ, माउण्ट मकालुको कर्मचारी कुमार नेउपाने, होटल भारतको रिसेप्सनिष्ट वसन्त सापकोटा तथा होटल आनन्दको कर्मचारीलाई मिलाई निजहरुको मिलोमतोमा गैह्र कानूनी किसिमवाट विलहरु वनाउन लगाई उक्त विलहरु ने.ट्रे.लि.मा पेश गरी आफ्नो संचालक पदको प्रभावमा अख्तियारको दुरुपयोग गरी पाउनु पर्ने भन्दा वढी रकम लिनु खानु गरी भ्रष्टाचार गरेको सप्रमाण प्रष्ट हुन आयो ।

होटल मालिक तथा कर्मचारीहरुको हकमा विचार गर्दा अनुसन्धानको सिलसिलामा आयोगसमक्ष प्राप्त हुन आएका होटल विलहरुमा छाप नलागेको, अधकट्टीमा उल्लेखित रकम भन्दा ने.ट्रे.लि.मा प्रस्तुत अधकट्टी विलको रकम फरक परेको तर विल काट्ने कर्मचारी एउटै भएको समेत देखिंदा त्यसरी होटलको विल जथाभावी रुपमा गलत कार्य गर्न दिइएको सम्बन्धमा होटल मालिक मैजेनर तथा कर्मचारीहरुसमेत प्रत्यक्ष संलग्न हुन आएको कुरा प्राप्त हुन आएका विल, आयोगसमक्ष भएको वयान समेतले होटलका कर्मचारी तथा मालिक समेत संलग्न भएको कुरा सिद्ध हुन आएको देखिन्छ ।

उपरोक्त उल्लेखित रकम लिनु खानु गरेको वारे अनुसन्धानको सिलसिलामा केही कुरा बुझ्न संचालक रामजी प्र.रौनियारलाई उपस्थित हुने सूचना वारम्वार पठाउंदा नबुझेकोले निजको घर दैलामा २०५३ पौष १८ गते रोज ५ मा सूचना तामेल गरेको तथा अन्य सञ्चालक अवध किशोर प्रसाद सिंह, डा. रविन्द्र प्रसाद सिंह तथा विश्वनाथ प्र.सिंहले मिति २०५३।८।४ मा आयोगको उपस्थिति हुने पत्र बुझेकोमा हाल सम्म पनि आयोगमा उपस्थित भै आफूलाई लागेको आरोप सम्बन्धमा खण्डन गर्न उपस्थित नभै फरार रहेवाट समेत निजहरुले गैह्र कानूनी किसिमवाट आफूलाई गैह्र कानूनी फाइदा तथा ने.ट्रे.लि.र राजश्वलाई हानी नोक्सानी गरेको कुरा निर्विवाद सत्य ठहरिन आएको छ ।

अव उपरोक्त सबै व्यहोराहरुलाई मनन गर्दा ने.ट्रे.लि.मा भुक्तानीको लागि पेश गरिएको विलहरुमा रकम वढाई भ्रष्टाचार गर्ने मनसायवाट होटलको मालिक एवं कर्मचारीहरुको सांठगांठमा वनाइएको विलहरु बदनियतपूर्वक वनाइएको कुरा प्रमाणित हुन आयो । तसर्थ सञ्चालकहरु रामजी प्र.रौनियार, डा. रविन्द्र सिंह, विश्वनाथ सिंह, तथा अवध किशोर प्र.सिंहले होटल माउण्ट मकालुको कर्मचारी कुमार नेउपाने, होटल ताजको कर्मचारी वृषा श्रेष्ठ र गीता श्रेष्ठ, होटल तिरुपतिको कर्मचारी टीका राना, होटल आनन्दको (कर्मचारीको नाम थाहा हुन नसकेको) र होटल भारतको रिसेप्सनिष्ट वसन्त सापकोटासमेत को मिलोमतोमा वढी रकम उल्लेख गरी,गर्न लगाई कर कार्यालयको छाप समेत नलगाई कर समेत छली विल वनाउन लगाई उक्त विलहरु सञ्चालकले ने.ट्रे.लि.मा पेश गरी

आफूलाई गैह कानूनी फाइदा र ने.ट्रे.लि.लाई रामजी प्रसाद रौनियारले रु. १,४१,३६६।९८, डा. रवीन्द्र सिंहले रु. ३४,६५३।-, अवधकिशोर प्रसाद सिंहले रु. १,६९,०२६।३६ र विश्वनाथ प्रसाद सिंहले रु. १,१४,१४५।५८ हानी नोक्सानी तथा सोको हुने होटल कर राजश्व समेत हानी नोक्सानी पुऱ्याई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सिद्ध हुन आएको हुंदा उपरोक्त उल्लेखित सञ्चालकहरु रामजी प्र.रौनियार, अवध किशोर प्र.सिंह, डा. रविन्द्र सिंह तथा विश्वनाथ सिंहलाई भ्र.नि.ऐन,२०१७ को ७(२) र २९ दफा वमोजिम विगो असुल गरी विगो वमोजिम हदै सम्म सजाय हुन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

साथै ने. ट्रे. लि. का तत्कालीन सञ्चालहरु विश्वनाथ सिंह, रामजी प्र.रौनियार, रविन्द्र सिंह, अवध किशोर सिंह समेलाई विलहरु उपलब्ध गराई श्री ५ को सरकारलाई प्राप्त हुने आयकरवाट विमुखसमेत गराई ने.ट्रे.लि.लाई आर्थिक हानी नोक्सानी पुऱ्याउने कार्य गर्नमा प्रत्यक्ष संलग्न भै होटलमा नतिरेको, होटलले असूल नगरेको, खर्च नभएको रकम होटलमा तिरेको, खर्च भएको देखाई र खर्च गरेको रकम भन्दा अत्यधिक वढीको विल काट्ने र काट्न लगाउनेमा होटल माउण्ट मकालु, होटल भारत, होटल आनन्द, होटल तिरुपति तथा होटल ताजका मालिक, मेनेजर तथा रिसेप्सनिष्ट कर्मचारीहरु प्रत्यक्ष संलग्न रहेको कुरा प्रतिवादीहरुले यस आयोगसमक्ष गरेको साविती वयान, आयोगमा प्राप्त हुन आएका विभिन्न विल र तिनमा उल्लेखित रकम तथा होटलमा रहेको अधकट्टी विल र सो विलमा भएका सही लगायत यस मुद्दामा बुझिएका ने.ट्रे.लि.का वरिष्ठ अफिसर राजेन्द्रमान श्रेष्ठसमेतको वयानले पुष्टि गरेको छ । प्रतिवादीहरुले आयोगसमक्ष उक्त विलहरु उपलब्ध गराइदिए वापत कुनै रकम लिनु खानु नगरेको भनी वयान गरेको भएतापनि आफ्नो होटलवाट दिइएका उपरोक्त विलहरुमा कर रकम नकाटिएको, छाप नराखिएको,कर्मचारीको मात्र सही गरिएको, त्यस्तो कार्य गर्नमा रिसेप्सनमा वस्ने कर्मचारी तथा ग्राहकको मिलोमतो भएको र त्यसरी विल दिनुमा आफूहरुसमेत नैतिक जिम्मेवार भएको भनी यस आयोगसमक्ष होटल मालिक तथा मैनेजरसमेतले वयान गरेको देखिंदा र यस्तो कार्य भ्र.नि.ऐन २०१७ को परिच्छेद २ विपरित देखिंदा कीर्ते विल लेखिदिई आयोगमा वयान दिन नआई फरार हुने होटल माउण्ट मकालुका रिसेस्सनका कर्मचारी कुमार न्यौपाने, तथा होटल मालिक भरत रत्न धाख्वा, त्यसैगरी होटल तिरुपतिका मेनेजर काजी श्रेष्ठ र सो का रिसेप्सनका कर्मचारी टीका राना, होटल ताजका मालिक याहाया मुसलमान तथा कर्मचारी गीता श्रेष्ठ र वृषा श्रेष्ठ, होटल भारतका प्रवन्ध निर्देशक सानु कुमार महर्जन र कर्मचारी बसन्त सापकोटा तथा न्यू होटल आनन्दका मैनेजर ध्रुव दहालले ने.ट्रे.लि.लाई प्रत्यक्ष घाटा र प्र. विश्वनाथ लगायतका प्रतिवादीहरुलाई फाइदा हुने गरी गरेको कार्य भ्र.नि.ऐन. २०१७ को दफा १६ (क) ले उपरोक्त विश्वनाथ लगायतका प्रतिवादीहरुलाई भ्रष्टाचार गर्नमा सहयोग पुऱ्याएको र त्यस्तो कार्य भ्र.नि.ऐन २०१७ को दफा १६(क) वमोजिमको अपराध देखिंदा सोही दफामा लेखिए वमोजिम हदै सम्मको सजाय हुन पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

५.१.११ शा.ने.वा.नि. हङ्गकङ्ग काठमाडौं उडानबाट आउँदै नआएका व्यक्तिको नामबाट सुनचांदी छुटाई भ्रष्टाचार गरे भन्ने उजुरी सम्बन्धमा निम्न बमोजिम गरिएको :-

शा.ने.वा.नि. ४१०।२४ डिसेम्बर १९९४ हङ्गकङ्ग–काठमाडौं उडानबाट आएको भनी भविन्द्र प्रसाद बुढाथोकीको नाममा त्रिभुवन विमानस्थल, भन्सार कार्यालयमा डिपोजिट भएको भनिएको सुन चांदी निजको पासपोर्टमा आगमनको छाप नलागेको कारणले रोकिन गएकोमा निज बुढाथोकी सोही दिन भन्सार क्षेत्रबाट अध्यागमन क्षेत्रमा पासपोर्टमा आगमनको छाप लगाईमाग्न गएकोमा सो उडानको यात्रु सूचीमा निजको नाम समावेश नभएको हुंदा निर्णयको लागि अध्यागमन विभागमा पेश हुंदा यात्रु सूचीमा निजको नाम समावेश नभएको हुंदा आगमन प्रमाणित गर्न नमिल्ने भनी श्री ५ को सरकार, गृहमन्त्री स्तरबाट ०५१।९।१७ मा निर्णय भै पासपोर्टमा आगमन छाप नलाग्ने भनी निजको पासपोर्ट र निजले पेश गरेको सुधीर गुरुङ्गको नामको टिकट अध्यागमन कार्यालयले फिर्ता गरेपछि ०५१।९।२२ मा भविन्द्र बुढाथोकीले सुधीर गुरुङ्गको वोर्डिङ पासबाट यात्रा गरेको प्रमाणित गरी पाउं भनी फ्याक्स मार्फत् शा.ने.वा.नि. हङ्गकङ्गमा निवेदन पठाई शा.ने.वा.नि. हङ्गकङ्गका यादव लामिछानेले भविन्द्र बुढाथोकीको नाममा टिकट नभए पनि सुधीर गुरुङ्गको वोर्डिङ पासबाट भविन्द्र बुढाथोकीले यात्रा गरेको हो भनि लेखी दिएको कागजको फोटोकपी राखी भन्सार कार्यालयमा ०५१।९।२८ मा निवेदन दिएकोमा हङ्गकङ्ग अध्यागमनले पासपोर्टमा प्रस्थानको छाप लगाएको, शा.ने.वा.नि.ले निज बुढाथोकी आएको हो भनि प्रमाणित गरेको, निजले सुनचांदी घोषणा गर्ने लामो फाराम भरेको, अध्यागमन कार्यालय प्रमुखसंग टेलिफोनमा कुरा हुंदा निज आएको यथार्थ हो अर्काको टिकट प्रयोग गरी आएको हुंदा निजको पासपोर्टमा छाप नलगाएको हो निज नेपाली नागरिक हुंदा कुनै कारवाई नभएको भन्ने जानकारी प्राप्त भएको भन्ने समेत व्यहोरा उल्लेख गरी भन्सार कार्यालयका प्रमुख भगवती कुमार काफ्लेले सुनचांदी

छुटाई लैजान दिनु पर्ने भनी भन्सार विभागमा पेश गरी डिपोजिट रहेको सुनचांदी भन्सार महसुल लिई छाडी दिने गरी भन्सार विभागका महानिर्देशकबाट मिति ०५१।१०।१० मा निर्णय भै मिति ०५१।१०।१२ मा ८४४.७५ तोला सुन, १२८५८ तोला चांदी छुटाई लगेको देखिन आएको छ ।

मिति ०५१।९।९ मा हङ्गकङ्ग–काठमाडौं उडानबाट आएको भनी भविन्द्र बुढाथोकीको नामबाट सुनचांदी घोषणा गरेको भनी निजको नामबाट लामो फाराम दर्ता गरी सुनचांदी डिपोजिट गरेको भन्सार कार्यालयबाट प्राप्त कागजातबाट देखिन्छ, तर निज भविन्द्र प्रसाद बुढाथोकीको नाममा ०५१।९।९ मा हङ्गकङ्ग–काठमाडौं उडानको हवाई टिकट नभएको, निज सो दिन सोही उडानबाट आएको भन्ने त्रि.वि. अध्यागमन कार्यालयको अभिलेख र शा.ने.वा.नि.को यात्रु सूचीबाट देखिदैन । निज भविन्द्र प्रसाद बुढाथोकीले १ अक्टोवरदेखि ३१ डिसेम्बरसम्म हङ्गकङ्ग–काठमाडौं ओहोर दोहोर गरेको अभिलेख हङ्गकङ्ग अध्यागमन कार्यालयमा नभएको भनी हङ्गकङ्ग इन्टरपोलले लेखी पठाएको व्यहोरा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान शाखाबाट मिति ०५२।३।१५ मा प्रमाणित भै आएको हुंदा निज भविन्द्र बुढाथोकी २४ डिसेम्बर १९९४ अर्थात् ०५१।९।९ को आर.ए.४१० को हङ्गकङ्ग–काठमाडौं उडानबाट नआएको प्रमाणित भएको छ ।

मिति ०५१।९।।९ मा भविन्द्र बुढाथोकी नामको राहदानीवाहक भन्सार क्षेत्रबाट अध्यागमन क्षेत्रमा पासपोर्टमा आगमनको छाप लगाईमाग्न आएको भन्ने अध्यागमन कार्यालयले अध्यागमन विभागलाई लेखेको पत्रमा उल्लेख छ जबकि अन्तरराष्ट्रिय उडानबाट आएका यात्रुले विमानस्थलबाट अध्यागमन पुगी नाम दर्ता गर्ने, पासपोर्टमा छाप लगाउने कार्य समाप्त गरी मात्र भन्सार क्षेत्रमा प्रवेश गर्नु पर्ने हुन्छ । त्रिभुवन विमानस्थलमा पनि विमान स्थलबाट अध्यागमनमा गई नाम दर्ता पासपोर्टमा छाप लगाएपछि मात्र भन्सार क्षेत्रमा प्रवेश गर्ने व्यवस्था छ । निज बुढाथोकी सो दिन विमानस्थलबाट अध्यागमन गएको नभई भन्सार क्षेत्रबाट अध्यागमनमा पासपोर्टमा छाप लगाईमाग्न गएको र निजसंग आफ्नो नामको यात्रु टिकट समेत नदेखिंदा सो दिनको सो उडानबाट निजको आगमन भएको थिएन भन्ने पुष्टी हुन्छ भने भविन्द्र बुढाथोकीको पासपोर्टमा छाप लगाउने कारवाईमा यात्रु सूचीमा नाम समावेश नभएको निज भविन्द्र प्रसाद बुढाथोकीको आगमन प्रमाणित गर्न नमिल्ने भनी गृह मन्त्रीज्यूबाट निर्णय भै सकेको हुंदा निजको सो दिनको सोही उडानबाट आगमन नभएको प्रमाणित भै रहेको छ ।

मा.गृहमन्त्रीबाट मिति ०५१।९।१७ मा भविन्द्र प्रसाद बुढाथोकीको आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भई निजको पासपोर्ट र सुधीर गुरुङको टिकट फिर्ता गरेपछि पासपोर्टमा आगमनको छाप विना सुनचांदी छुटाई लैजान नपाउने भएपछि भविन्द्र बुढाथोकीले ०५१।९।२२ मा फ्याक्स मार्फत् शा.ने.वा.नि. हङ्गकङ्गमा सुधीर गुरुङको वोर्डिङ पासबाट यात्रा गरेको प्रमाणित गरी पाउं भनी निवेदन पठाई शा.ने.वा.नि.का कार्यालय प्रवन्धक यादव लामिछानेले ०५१।९।९ को हङ्गकङ्ग–काठमाडौं आर. ए. ४१० को उडानबाट यात्रा गर्दै नगरेका भविन्द्र प्रसाद बुढाथोकीले सुधीर गुरुङको वोर्डिङ पासबाट यात्रा गरेको भनी गैर कानूनी रुपमा प्रमाणित गरेको छ ।

एउटाको वोर्डिङ पास, टिकटबाट अर्काले यात्रा गर्न नपाउने, अर्काको वोर्डिङ पासबाट यात्रा गर्नु गैर कानूनी हुने, एकको वोर्डिङ पासबाट अर्काले यात्रा गरेको प्रमाणित गर्न कुनै कानूनले पनि नमिल्ने र अध्यागमन कार्यालयले चलाएको कारवाईमा निजको आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भएपछि सुनचांदी छुटाउने गैर कानूनी कार्यमा प्रमाण जुटाउने दूषित परिपञ्च गरी सुधीर गुरुङको वोर्डिङ पासबाट भविन्द्र प्रसाद बुढाथोकीले यात्रा गरेको भनी यादव लामिछानेले जालसाजपूर्ण कागज खडा गरी बदनियतपूर्ण कार्य गरेको प्रमाणित भएको छ ।

हङ्गकङ्ग अध्यागमनले भविन्द्र बुढाथोकीको पासपोर्टमा प्रस्थानको छाप लगाएको पेश भएको पासपोर्टको फोटोकपीबाट देखिएको भन्ने र भविन्द्र प्रसाद बुढाथोकीको हङ्गकङ्ग अध्यागमनले उपलव्ध गराएको यात्रा अभिलेखबाट भविन्द्र बुढाथोकीले २४ डिसेम्बरमा यात्रा गरेको भन्ने प्रतिवादीबाट पेश भएको शंकास्पद कागजका सम्बन्धमा इन्टरपोलले उक्त मितिमा भविन्द्र प्रसाद बुढाथोकीले यात्रा नगरेको प्रमाणित गरी सकेको र गृहमन्त्री स्तरबाट निज भविन्द्र बुढाथोकीको आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भएपछि पेश भएको पासपोर्टको फोटोकपीमा लागेको भनिएको प्रस्थानको छाप र यात्रा अभिलेख गलत प्रमाणित भएको छ ।

भविन्द्र बुढाथोकीले शा.ने.वा.नि. हङ्गकङ्गमा पठाएको निवेदनमा श्रीमती बिरामी भएकोले नेपाल आउन चान्समा टिकट लिन हङ्गकङ्ग एयरपोर्टमा पुग्दा काउण्टर बन्द भै सकेकोले सुधीर गुरुङको वोर्डिङ पासबाट यात्रा गरेको भन्ने उल्लेख गरेका छन् । अचानक यात्रा गर्ने व्यक्तिले चान्समा टिकट पाएमा १० किलो सुन र १५० किलो चांदी साथमा ल्याएको होला भन्ने कल्पना गर्ने नसकिने हुंदा निजले उक्त सुनचांदी ल्याएको भन्ने कुरा बिलकुलै अविश्वसनीय छदैछ, त्यसमा पनि सुधीर गुरुङको वोर्डिङ पासबाट यात्रा गरेको निजको भनाई भएकोमा यात्रीको टिकट सामान जांच तौल गरी सामान बढी भएमा बढी सामानको महसूल लिई एयर पोर्ट कर बुझाएपछि मात्र

वोर्डिङ पास एयर लाइन्सले प्रदान गर्दछ । भविन्द्र बुढाथोकीकै भनाई अनुसार निज हङ्गकङ्ग विमानस्थल पुग्दा काउण्टर बन्द भै सकेको भएपछि निजले सामान जांच तौल नगराएको, निजले एयरलाइन्सलाई सामान नै नबुझाएको प्रष्ट हुंदा निजले भन्सार तिरी सामान छुटाउन दावी गरी छुटाएको सुनचांदी निजले ल्याएको निजैको हो भन्ने आधार प्रमाण छैन । साथै सुधीर गुरुङको नामको हङ्गकङ्ग–काठमाडौं उडानको सो दिनको टिकटमा ३ पीसको ३१ किलो सामान भएको भन्ने शा.ने.वा.नि.बाट प्राप्त टिकटमा उल्लेख भएको छ जबकि भन्सार कार्यालयमा जम्मा भएको सुनचांदी, टि.भी., क्यासेट प्लेयर समेत गरी १६० किलो भन्दा बढी छ । ३१ किलो सामान भएको टिकटबाट १६० किलो भन्दा बढी उपरोक्त सामान भविन्द्र बुढाथोकीले साथमा ल्याएको भन्न कुनै आधार प्रमाणले मिल्दैन । निजले हङ्गकङ्ग विमानस्थलमा सामान जम्मा नगरेको, निजको नामबाट सामान बुक पनि नभएको, निजको लगेज भन्ने पनि उल्लेख नभएको, निजको नाममा हवाई टिकट नभएको, सुनचांदी निजको हो भन्ने कुनै बिल प्रमाण पनि नभएको हुंदा भविन्द्र बुढाथोकीको नाममा जम्मा गरिएको सुनचांदी निजको होइन भन्ने प्रष्ट भइरहेको छ । यसमा पनि १६० किलो सामानहरु हातमा झुण्ड्याएर ल्याउन असम्भव मात्र हैन कि उक्त सामान बोक्न बलिया २ जना मानिसलाई हम्मे हम्मे नै पर्ने देखिंदा निज भविन्द्रको दावी बिलकुलै झुठ्ठा साबित हुन्छ ।

विदेशबाट फर्केका यात्रुले ल्याएको सामान भन्सार ऐन नियम बमोजिम महसूल लिई माल धनीलाई दिंदा निज विदेशबाट आएको हो होइन यकीन गर्न निजको पासपोर्टमा आगमनको छाप लागेको हुनु पर्दछ । पासपोर्टमा आगमनको छाप लागेपछि मात्र नियमानुसार गरी सामान जांच पास गरी दिने व्यवस्था रहेको छ । भविन्द्र प्रसाद बुढाथोकीको पासपोर्टमा आगमनको छाप नलागेको हुंदा निजले ल्याएको सामान भन्सारमा डिपोजिट रहन गएको हो भन्ने व्यहोरा भन्सार प्रमुख भगवती काफ्लेले निर्णय फाइलमा उल्लेख गर्नुका साथै सामान छाड्ने प्रयोजनको लागि पासपोर्टमा अध्यागमनको छाप लगाउन अध्यागमन कार्यालयमा पठाएको कुरा आयोगसमक्ष गरेको बयानमा उल्लेख गरेको छ भने भविन्द्र बुढाथोकीले आफ्नो पासपोर्टमा आगमनको छाप नलागेकोले सामान भन्सारबाट छुटाउन नसकिएकोले उक्त सामान छुटाउन पासपोर्टमा आगमनको छाप आवश्यक भएको भनी मिति ०५१।९।११ मा अध्यागमन विभागका अध्यागमन अधिकृतसमक्ष बयान गरेका छन् । सामान छुटाउने प्रयोजनको लागि पासपोर्टमा आगमनको छाप अनिवार्य हुनु पर्ने र सोको अभावमा सामान छाड्न नमिल्ने कुरा प्रचलित ऐन नियम र निजहरुको भनाईबाट समेत समर्थित भैरहेको छ । साथै भन्सार प्रमुख भगवती काफ्लेले भविन्द्र बुढाथोकी कानुन सम्मत तरीकाले आएको भए तत्काल भन्सार तिरी सामान छुटाई लैजान पाउने थिए भन्नें कुरा उल्लेख गरी आयोगसमक्ष बयान गरेकोले पनि निज भविन्द्र बुढाथोकी कानून सम्मत तरीकाले नआएको कुरा पुष्टी भएको छ ।

भविन्द्र बुढाथोकीको नाउंको हङ्गकङ्गबाट काठमाडौंसम्म यात्रा गर्ने हवाई टिकटको अभाव, काठमाडौं अध्यागमन कार्यालयमा निजको आगमन भएको अभिलेख नहुनु, निजको पासपोर्टमा आगमनको छाप नहुनु, निज भन्सार क्षेत्रबाट अध्यागमन क्षेत्रमा प्रवेश गर्नुलाई केवल संयोग भन्न मिल्दैन । सो दिनको उडानबाट निज आउँदै नआएकोमा नआएको व्यक्तिलाई नेपाल आएको भनी सुनचांदी छोड्ने छोडाउने षड्यन्त्रमूलक प्रपञ्च गरिएको हो भन्ने कुरा उपरोक्त तथ्यहरुबाट प्रष्ट रुपमा पुष्टि भएको छ ।

भन्सार प्रमुख भगवती कुमार काफ्लेले आयोगसमक्ष गरेको बयानमा भविन्द्र बुढाथोकीको पासपोर्टमा छाप लगाउने विषयमा अध्यागमन कार्यालयले विभागमा पेश गरेको बुझिंदा मैले पनि नीतिगत निर्णयको लागि विभागमा पेश गरेको हुं भन्ने उल्लेख गरेको छ । आफैले आगमन छाप लगाउन पठाएपछि सो पासपोर्टमा छाप नलागेसम्म सामान छोड्नै नमिल्ने, छाप लगाउने विषयमा अध्यागमन कार्यालयबाट के निर्णय भयो लिखित जानकारी लिनु पर्नेमा सो नगरी भविन्द्र बुढाथोकीबाट महसूल लिई सुनचांदी छाडी दिने भनी महानिर्देशकसमक्ष पेश गरेको फाइलमा अध्यागमन प्रमुखसंग टेलिफोनमा कुरा हुंदा निज बुढाथोकी आएको यथार्थ हो, अर्काको टिकट प्रयोग गरी आएको हुंदा पासपोर्टमा छाप नलगाएको हो, निज नेपाल नागरिक हुंदा कुनै कारवाई नगरिएको भन्ने जानकारी प्राप्त भएको भन्ने उल्लेख गरेको छ, जबकि अध्यागमन प्रमुख निरन्जन बरालले आयोगसमक्ष गरेको बयानमा आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भएको हुंदा पासपोर्टमा छाप लगाउन नमिल्ने जानकारी भविन्द्र बुढाथोकीलाई दिइएको थियो निज आएको यथार्थ हो भनी भनेको छैन भन्ने उल्लेख गरेबाट भन्सार प्रमुखको अध्यागमन प्रमुखसंग कुरा भएको भन्ने लेखाई कपोलकल्पित र सरासर गलत देखिन्छ । अध्यागमनबाट भविन्द्र बुढाथोकीको आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भएपछि सो निर्णयको लिखित जानकारी लिंदा सुनचांदी छुटाई लैजान दिन नमिल्ने अवस्था हुने देखेपछि छोड्न नमिल्ने सुनचांदी छोड्ने दूषित मनसायले प्रेरित भई अध्यागमन प्रमुखसंग नभएको कुरा भएको भनी उल्लेख गरेको सिद्ध हुन आएको छ ।

मिति ०५१।९।९ मा हङ्गकङ्ग–काठमाडौं उडानबाट भविन्द्र प्रसाद बुढाथोकीको आगमन नभएको माथि उल्लेखित

तथ्यबाट पुष्टी भएको र निजको सो दिन आगमन नभएपछि सो सुनचांदी निजले ल्याएको प्रमाणित नभई चोरी पैठारी गर्न आयात भएको वेवारिसे सुनचांदी भन्सार ऐन नियम बमोजिम जफत गर्ने कारवाई गर्नु पर्नेमा नगरी सो सुनचांदी छुटाई लैजान दिन अध्यागमनमा भएको कारवाई नदेखाई अध्यागमन प्रमुखसंग नभएको कुरा भएको भनी उल्लेख गरी महानिर्देशकसमक्ष फायल पेश गरेको भगवती कुमार काफ्लेको काम कारवाई बदनियतपूर्ण रहेको प्रमाणित भएको छ । निजले महानिर्देशकसमक्ष फायल पेश गर्नु पर्ने कारण र आधार खुलाएको छैन । आयोगसमक्ष बयान गर्दा अध्यागमनले पासपोर्टमा छाप लगाउने कारवाई विभागमा पेश गरेको बुझिंदा मैले पनि नीतिगत निर्णयको लागि पेश गरेको भन्ने उल्लेख गरेकोमा निजले निर्णयार्थ फाइल पेश गर्दा अध्यागमनको कारवाई विषयमा कुनै कुरा उल्लेख नगरेको र के कस्तो नीतिगत समस्या परी पेश गर्नु परेको हो सो समेत उल्लेख नभएकोले नीतिगत निर्णयको लागि पेश भएको भन्ने निजको भनाई सत्यतामा आधारित छैन भने महानिर्देशक लोकमान सिंह कार्कीले आयोगसमक्ष गरेको बयानमा नौलो केस भएकोले कार्यालयको काम कारवाईमा एकरुपता ल्याउन निर्देशन दिने महानिर्देशकको अधिकार हुंदा र प्रकृयागत निर्णयको लागि पेश भएको हुंदा नियमानुसार गर्ने गरी प्रकृयागत निर्णय गरेको हुं भन्ने उल्लेख भएको छ । निर्णय दिने र निर्देशन दिने फरक फरक कुरा हुन्, प्रस्तुत विषयमा भन्सार कार्यालय प्रमुखले पेश गरे बमोजिम महानिर्देशकले निर्णय गरेको छ । यस्तो अवस्थामा यस्तो निर्देशन दिने वा यस्तो अवस्थामा यस्तो प्रकृया अपनाउने भन्ने कुनै कुरा निर्णयमा उल्लेख नहुंदा निर्देशन र प्रकृयागत निर्णयको लागि पेश भएको विषयमा निर्णय गरेको भन्ने महानिर्देशकको जिकिर कानूनसम्मत छैन । महानिर्देशक जस्तो वरिष्ठ पदाधिकारीले निर्णय गर्दा आफूसमक्ष पेश भएको विषयमा आफूलाई निर्णय गर्ने अधिकार छ छैन, भए कुन ऐनको कुन दफाले अधिकार प्राप्त छ सो समेत उल्लेख गर्नु पर्नेमा सो नगरी जफत हुने सुनचांदी महसूल लिई छाडी दिने गरी महानिर्देशक लोकमान सिंह कार्कीले आफूलाई अधिकारै नभएको विषयमा गैर कानूनी निर्णय गरेको देखिंदा निजले गरेको निर्णय बदनियतपूर्ण भएको प्रष्ट छ ।

मिति ०५१।९।९ को हङ्गकङ्ग–काठमाडौं उडानबाट भविन्द्र प्रसाद बुढाथोकी नआएको प्रमाणित भएपछि निजले सुनचांदी घोषणा गर्न पाउने अवस्था नै नरहेको हुंदा हुंदै आउंदै नआएका व्यक्तिको नाममा सुनचांदी डिपोजित गराएकोमा गृह मन्त्रालयबाट भविन्द्र बुढाथोकीको आगमन प्रमाणित गर्न नमिल्ने मिति ०५१।९।१७ मा निर्णय भएपछि सुनचांदी छोड्न छुटाउन नसक्ने अवस्था भएपछि प्रतिवादीहरुले सुनचांदी छुटाई स्वार्थ सिद्ध गर्न नआएको व्यक्ति आएको भन्ने शा.ने.वा.नि. हङ्गकङ्गका यादव लामिछानेसमक्ष व्यक्तिगत रुपमा फ्याक्सबाट निवेदन पारी निज लामिछानेले गैर कानूनी रुपमा नआएको व्यक्तिलाई आएको भनी कागज बनाई जालसाजपूर्ण षड्यन्त्र गरी प्रपञ्च गरेको प्रष्ट भएको छ ।

गृह मन्त्रालयको मिति ०५१।९।१७ को निर्णयपछि शा.ने.वा.नि. हङ्गकङ्गमा भविन्द्र बुढाथोकी आएको सिफारिश गरी पाउं भनी निवेदन गर्नु, यादव लामिछानेले नआएको व्यक्तिलाई आएको भनि प्रमाणित गर्नु, भगवती कुमार काफ्लेले अध्यागमनमा भएको कारवाईलाई गुम गरी अध्यागमन प्रमुखसंग नभएको कुरा भएको भनी उल्लेख गर्नु, निजले आफूलाई कानूनले अधिकार भएको विषयमा कानून बमोजिम नगरी महानिर्देशक समक्ष गैर कानूनी रुपले पेश गर्नु, महानिर्देशकले आफूलाई अधिकारै नभएको जफत गर्ने कारवाई गर्नु पर्ने सुनचांदी विना अधिकार जांचपास गर्ने गैर कानूनी निर्णय गर्नुले नआएको भविन्द्र बुढाथोकीलाई आएको भनी जालसाजपूर्ण कागज तयार गर्ने गराउने कार्यमा भगवतीकुमार काफ्ले, लोकमान सिंह कार्की, यादव लामिछाने र भविन्द्र बुढाथोकीको पूर्ण संलग्नता रहेको प्रमाणित भएको छ ।

उपरोक्त तथ्यका आधारमा प्रतिवादीहरुले आपसी मिलोमतोमा प्रतिवादी मध्येका भन्सार कार्यालय प्रमुख भगवती कुमार काफ्लेले जफत गर्ने कारवाई गर्नु पर्ने सुनचांदी जफत गर्ने कारवाई नगरी आफ्नो स्पष्ट अधिकार भएको कुरा नगरी पन्छाई अधिकारको दुरुपयोग गरी लाग्ने भन्सार महसूल लिई जांचपास गरिदिन लोकमान सिंह कार्कीसमक्ष निर्णयार्थ फायल पठाएको र लोकमान सिंह कार्कीले पनि आफ्नो अधिकार नभएको अवस्थामा जफत गर्ने कारवाई गर्नु पर्ने सुनचांदी जांचपास गर्ने गैर कानूनी निर्णय गरी प्रतिवादीहरुलाई गैर कानूनी लाभ श्री ५ को सरकारलाई हानी हुने बदनियतपूर्ण कार्य गरी नेपाल कानूनको जानी जानी पालना नगरेको कुरा पुष्टि हुन आएकोले प्रमुख भन्सार अधिकृत भगवती कुमार काफले, भन्सार विभागका महानिर्देशक लोकमान सिंह कार्की, शा.ने.वा.नि., हङ्गकङ्गका कार्यालय व्यवस्थापक यादव लमिछानेले भ्र.नि.ऐन, २०१७ को परिच्छेद २ को दफा ७(१), ७(२) बमोजिम कसूर गरेको र भविन्द्र प्रसाद बुढाथोकी ऐ ऐनको दफा ८ बमोजिम कसूर गरेको हुंदा प्रतिवादी लोकमान सिंह कार्की, भगवती कुमार काफ्लेलाई भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम, प्रतिवादी यादव लामिछानेको हकमा ऐ ऐनको दफा ७(२) बमोजिम, भविन्द्र प्रसाद बुढाथोकीको हकमा ऐ ऐनको दफा ८ बमोजिम हदैसम्म सजाय हुन र लोकमान

सिंह कार्की, भगवती कुमार काफ्ले, यादव लामिछाने तथा भविन्द्र बुढाथोकीको मिलोमतोमा जफत गर्नु पर्ने ८४४.७५ तोला सुनको तत्कालको हुन आउने मूल्य रु. ६०,५३,८६६।- (साठी लाख त्रिपन्न हजार आठसय छैसठी), चांदी तोला १२८५८ को तत्कालको हुने मूल्य रु. १२,४७,२२६।- (बाह्र लाख सड्चालिस हजार दुई सय छब्बीस) समेत जम्मा रु. ७३,०१,०९२।- (त्रिहत्तर लाख एक हजार बयान्नब्बे) माथिका सबै प्रतिवादीहरुबाट भ्र.नि.ऐन, २०१७ को दफा २९ बमोजिम लिए खाएको विगो असुल उपर गरी विगो बमोजिम जरिवाना समेत गरी पाउन माग दावी लिई अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ४, ३० बमोजिम पुनरावेदन अदालत, ललितपुरमा अभियोग पत्र दायर गरिएको ।

उजूरीमा उल्लेख भएका ना.सु. मित्रराज शर्मा मिति ०५१।१।१५ देखि अर्थ मन्त्रालयमा, ख. प्रेमबाबु विष्ट ०४९ साल देखि विभागमा, ख. अच्युतप्रसाद त्रिपाठी घटनाको समयमा वीरगञ्जमा कार्यरत रहेको भन्सार कार्यालयको मिति ०५३।४।२६ को पत्रमा उल्लेख भएको, ख. भरतप्रसाद घिमिरे, ख. मधुसुधन पौडेल भन्सार काउण्टरमा नरही अन्य शाखामा कार्यरत रहेको देखिएको र निजहरुको यस विषयमा संलग्नता रहेको भन्ने कतैबाट देखिन आएन ।

मिति ०५१।९।२८ मा भविन्द्र प्रसाद बुढाथोकीले सुनचांदी छुटाई पाउं भनी निवेदन दिएपछि भन्सार कार्यालयका प्रमुखको आदेशानुसार कुलराज ज्ञवाली र ईश्वरप्रसाद पोखरेलले भविन्द्र बुढाथोकीले सुनचांदी घोषणा गरी निजका नाउंमा जम्मा भएको, हङ्कङ्ग अध्यागमनले पासपोर्टमा छाप लगाएको, शा.ने.वा.नि.ले निजले यात्रा गरेको हो भनी लेखी दिएको भनी तत्काल पेश भएको कागजको आधारमा राय साथ फाइल पेश गरेको, पासपोर्टमा छाप लगाउने कारवाईमा गृह मन्त्रालयबाट निर्णय भएको विषयमा निजहरुलाई जानकारी भएको ०५१।१०।१० को निर्णय फाइल तथा आयोगमा गरेको बयान समेतका कागजातबाट नदेखिएको । भन्सार विभागका टंककुमार साख, द्वारिका उपाध्यायले सो व्यहोराको साथै भन्सार प्रमुख भगवती कुमार काफ्लेले फाइलमा उल्लेख गरेको "अध्यागमन प्रमुखसंग बुझ्दा निज आएको यथार्थ हो, निजले अर्काको टिकट प्रयोग गरी आएको हुंदा पासपोर्टमा छाप नलगाएको हो, निज नेपाली नागरिक हुंदा कुनै अरु कारवाई नगरिएको" भन्ने व्यहोराको आधारमा रायसहित फाइल पेश गरेको, पासपोर्टमा छाप लगाउने विषयमा अध्यागमनमा कारवाई चली गृह मन्त्रालयबाट भएको निर्णयको विषयमा निजहरु अनभिज्ञ रहेको देखिंदा गृह मन्त्रालयबाट भएका उक्त निर्णयपछि भविन्द्र बुढाथोकी, सुधीर गुरुङको टिकटमा आएको हो भनी प्रमाण बनाउने काम कारवाईमा कुलराज, ईश्वर पोखरेल, टंक कुमार, द्वारिका उपाध्यायको संलग्नता रहेको नदेखिएकोले निजहरुको यस कार्यमा बदनियतपूर्ण संलग्नता रहेको देखिएन । तर निजहरुले पदीय दायित्व अनुसार आफूसमक्ष प्रस्तुत भएको विषयमा गम्भीरतापूर्वक अध्ययन मनन गरी कानूनी पक्ष समेत हेरी राय दिनु पर्नेमा गैर जिम्मेवारी ढंगले सतही रुपमा हल्का किसिमले रायसहित फायल पेश गरी पदीय दायित्व अनुसार कर्तव्यको निर्वाह गरेको नदेखिएको हुंदा तत्कालिन ना.सु. हाल अर्थ मन्त्रालयका शा.अ. कुलराज ज्ञवाली, अर्थ मन्त्रालयका उप सचिव ईश्वर प्रसाद पोखरेल, मूल्य अभिबृद्धि कर विभागका शा.अ. टंक कुमार साख, त्रि.वि. भन्सार कार्यालयका प्रमुख द्वारिका प्रसाद उपाध्यायमाथि विभागीय कारवाई गर्न मा.अर्थ मन्त्रीज्यूलाई लेखी पठाएको ।

५.२ सर्वोच्च अदालत समक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु :-

सम्बन्धित पुनरावेदन अदालतमा यस आयोगबाट मुद्दा दायर भई त्यस अदालतबाट भएको फैसलामा चित्त नबुझी प्रचलित ऐन कानूनले तोकेको म्याद अवधिभित्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु निम्न अनुसार छन् :-

क) वाग्मती सिंचाई योजनाका तत्कालीन प्रमुखले वीरगञ्जबाट सिमेन्ट खरीद गरी राजबिराजको बील बनाई भ्रष्टाचार गरेको भन्ने ।

ख) रोल्पा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीले जग्गा अधिग्रहण गर्दा जग्गा धनीलाई कम रकम दिई बढीको कागज बनाएको भन्ने ।

ग) कपिलवस्तु जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीले गैर नेपालीलाई नेपाली नागरिकता दिएको भन्ने ।

घ) तत्कालीन भूमिसुधार सचिवसमेत ले गुठीको जग्गामा आफन्तलाई मोही बनाई भ्रष्टाचार गरेको भन्ने ।

ङ) गुठी प्रशासकले गुठी जग्गालाई रैकर बनाई हक हस्तान्तरण गरेको भनने ।

च) तत्कालीन भूमिसुधार सचिवसमेत ले कम्प्यूटर तथा गाडी खरीदमा भ्रष्टाचार गरेको भन्ने ।

६. फछ्र्यौट भएका उजूरी निवेदनको विवरण :

६.१ प्रारम्भिक अनुसन्धानबाटै फछ्र्यौट :

६.१.१ आयोगको क्षेत्राधिकार भित्र नपरेको वा अख्तियारवालासमक्ष वा अन्य निकायबाटै कारवाई हुन लेखी पठाएको विवरण :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये आयोगको अधिकार क्षेत्र बाहिरको भएकोले वा अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकाले त्यस्तो निकायहरुमा पठाइएको निवेदनहरुको संख्यागत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २

अन्य निकायमा कारवाईको लागि पठाईएको विवरण

क्रम संख्या	सम्बन्धित निकाय	उजूरी संख्या
१.	अर्थ मन्त्रालय	२
२.	आपूर्ति मन्त्रालय	२
३.	आवास तथा भौतिक योजना मन्त्रालय	४
४.	कम्पनी रजिष्ट्रारको कार्यालय	१
५.	कर विभाग	४
६.	काठमाडौं महानगरपालिका	२
७.	कृषि अनुसन्धान परिषद्	२
८.	कृषि मन्त्रालय	२
९.	खानेपानी तथा ढल निकास विभाग	१
१०.	गुठी संस्थान	७
११.	ग्रामीण आवास कम्पनी	१
१२.	गृह मन्त्रालय	३५
१३.	जलस्रोत मन्त्रालय	२
१४.	जिल्ला अदालत, इलाम	१
१५.	जिल्ला प्रहरी कार्यालय, प्यूठान	१
१६.	जिल्ला प्रहरी कार्यालय, बांके	२
१७.	जिल्ला प्रहरी कार्यालय, हनुमान ढोका	१
१८.	जिल्ला वन कार्यालय	१
१९.	नापी विभाग	५
२०.	निर्माण तथा यातायात मन्त्रालय	४
२१.	नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालय	१
२२.	नेपाल खानेपानी संस्थान	२
२३.	नेपाल दूर सञ्चार संस्थान	१
२४.	नेपाल राष्ट्र बैंक	१
२५.	नेपाल विद्युत प्राधिकरण	२
२६.	न्याय परिषद्	४
२७.	पर्यटन मन्त्रालय	१
२८.	पूर्वाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय	१
२९.	प्रधान मन्त्रीको कार्यालय	१
३०.	भूमिसुधार कार्यालय, बारा	१
३१.	भूमिसुधार कार्यालय, सर्लाही	२
३२.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१९
३३.	मन्त्री परिषद् सचिवालय	७
३४.	महालेखा परीक्षकको विभाग	१
३५.	महिला तथा समाज कल्याण मन्त्रालय	१
३६.	मालपोत कार्यालय,काठमाडौं	१

३७.	मालपोत विभाग	३
३८.	यातायात व्यवस्था विभाग	१
३९.	रक्षा मन्त्रालय	७
४०.	राजस्व अनुसन्धान विभाग	११
४१.	लोक सेवा आयोग	२
४२.	वन तथा भू–संरक्षण मन्त्रालय	१
४३.	शिक्षा मन्त्रालय	४
४४.	श्रम कार्यालय, विराटनगर	१
४५.	सर्वोच्च अदालत	१
४६.	सुकुम्बासी समस्या समाधान आयोग	२
४७.	स्थानीय विकास मन्त्रालय	३
४८.	स्वास्थ्य मन्त्रालय	२
४९.	स्वास्थ्य सेवा विभाग	२
	जम्मा	१६६

(एकशय छैसाठी)

६.१.२. यस आ.व.को निवेदन लगत, फछ्यौंट र बांकी विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

६.२ अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट :

१) नेपालगन्ज भन्सार कार्यालयमा करोडौंको सामान थोरै मूल्यमा नक्कली एल.सी. बनाई जांचपास गरी भ्रष्टाचार भएको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा इन्भ्वाईसमा उल्लेखित सामानहरु भन्सार विभागबाट भन्सार ऐन बमोजिम २०५२।८।६ को श्री ५ को सरकारको निर्णय र तत्कालीन लागू मूल्य सूची तथा पूर्व अभिलेख बमोजिम मूल्य कायम गरी मूल्यांकन भएको देखिंदा थोरै मूल्यमा मूल्यांकन गरी सामान छोडी भ्रष्टाचार गरेको भन्न मिल्ने आधार देखिन आएन ।

जि. थापा इन्टर ट्रेड कन्सर्न, प्रो. राजिव सेढाईको नागरिकतामा उल्लेखित ठेगाना लगायत बसाई सरेको स्थानमा समेत उपस्थित हुन लेखी पठाउंदा निज उपस्थित हुन नआएकोले एल.सी. का कागजात तयार गरेको र विदेशी मुद्रा कहांबाट आयो भन्ने सम्बन्धमा हाल यस आयोगबाट कारवाई गर्नु पर्ने नभएकोले विदेशी मुद्राको श्रोत आदि सम्बन्धमा कानून बमोजिम गर्न र सो बमोजिम अनुसन्धान हुंदा भ्रष्टाचारमा कारवाई गर्नु पर्ने देखिएमा यस आयोगमा लेखी पठाउने गरी रा.वा.बैंक र भन्सारबाट प्राप्त कागजातहरु राजश्व अनुसन्धान विभागमा पठाइएको ।

२) का.म.न.पा., ठमेलको साझा चोक मिची नक्शा विपरित घर निर्माण गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा नियम विपरितको निर्माण कार्य रोक्का हुनु पर्ने विषयमा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिबाट अनियमित निर्माण कार्य भत्काउने र रु. २५,०००/- जरीवाना समेत गर्ने निर्णय भइसकेको र कित्ता नापी नक्शाको रजिष्टर उतारबाट विवादित कित्ताको जग्गा साझा चोक नभई साझा बाटोसम्म भएको देखिएको र सो साझा बाटोमा पर्ने गरी निर्माण कार्य भएको नदेखिएकोले केही गरिरहनु परेन । तथापि नगर योजनाको निर्णय कार्यान्वयनमा वडा अध्यक्षहरुबाट हुने गरेको असहयोग तथा श्रोत साधनको कमी आदि विषयलाई दृष्टिगत गर्दा नगर विकास समितिको निर्णय कार्यान्वयन गराउने सन्दर्भमा वडा अध्यक्षहरुले सहयोग गर्नु पर्ने व्यवस्था गर्न आवश्यक कारवाई गरी सोको जानकारी यस आयोगमा पठाउन काठमाडौं महानगरपालिकालाई लेखी अनियमित निर्माण कार्य भत्काउने र जरीवाना गर्ने निर्णय कार्यान्वयन भए नभएको जानकारी कार्यान्वयन नभएको भए कारण सहित खुलाई यस आयोगमा पठाउन काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई समेत लेखी पठाएको ।

३) हवाई यातायात विकास योजनाको योजना प्रमुख समेतले जग्गा अधिग्रहण गर्दा र मुआव्जा वितरण गर्दा समेत अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा मिति २०४५।२।९ मा प्र.जि.अ. डम्बरु बल्लभ भट्टराईको अध्यक्षतामा बसेको मुआव्जा निर्धारण समितिको बैठकले ०४४।१०।१६ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार घर जग्गा श्री ५ को सरकारले जग्गा प्राप्ती ऐन, २०३४ को दफा १३ अनुसार मूल्यांकन गर्ने समितिबाट ऐ ऐनको दफा १६ समेत अनुकूल घरहरुको मूल्यांकन तथा जग्गाको वर्गीकरण बमोजिम घर र जग्गाको मूल्यांकन गरेकोलाई नै प्र.जि.अ. डमरुबल्लभ भट्टराईको अध्यक्षतामा बसेको मुआव्जा निर्धारण समितिको २०४५।५।२० मा बसेको बैठकले जग्गाको मुआव्जाको दर रेट वा बर्गीकरणका आधार परिवर्तन गरेको नभई पहिले प्राप्त गरी सकेको जग्गामध्ये केही जग्गाको वर्गीकरण वास्तविकताको आधारमा नभएकोले पुनः विचार गरी पाउं भन्ने निवेदनका आधारमा पहिले आयोजनाबाटै स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश भएकोले पुनः अध्ययन गरी वास्तविक भिन्न देखिई प्रशासनिक त्रुटि भेटिन आएको । मिति ०४५।२।९ मा निर्णय भएको वर्गीकरणको सिद्धान्त प्रतिकूल नहुने गरी आयोजनाबाटै त्रुटि सच्याई दिन हवाई यातायात विकास आयोजनालाई निर्देशन दिएकोसम्म देखिएकोले निर्धारित बर्गीकरणको प्रमाणहरु हेरी फरक परेका कित्ताहरुको प्रमाणको आधारमा सच्याई मुआव्जा वितरण भै काम समेत सम्पन्न भएको र सोउपर चित्त नबुझ्नेले कानून बमोजिम दावीसमेत लिई कारवाई गरेको देखिन नआएकोबाट भ्रष्टाचार गरे गराएको भन्न मिल्ने देखिएन ।

४) ग्रामीण आवास कम्पनी, योजना कार्यालय, नवलपरासीका योजना प्रमुख समेतले जग्गा नामसारीगर्दा भ्रष्टाचारगरेको भन्नेसम्बन्धमा निम्नानुसार गरिएको :–

(क) कुन्जी कुमालको मरणोपरान्त नक्कली हकवाला बुद्धनाथ कुमालको नाममा जग्गा नामसारी गरेको भन्नेसम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाटै नाता प्रमाणित गरि दिएको आधारमा नामसारी हुन गएकोले केही गर्नु परेन । तथापि २०४२ मा मृत्यु भएको व्यक्तिको जग्गामा २०४९ मा मात्र दावी हुन आएकोले यस बिचको अवधिमा सो जग्गा कम्पनीले फिर्ता लिने तर्फ त्यस अवधिका कुनै पनि योजना प्रमुखहरुले कारवाई अगाडि बढाएको नदेखिएकोबाट २०४२ कार्तिक देखि २०४८ चैत्रसम्मका योजना प्रमुखहरुले आफ्नो पदीय दायित्व पूरा नगरेको हुंदा निजहरुलाई सचेत गराई सोको जानकारी पठाउन ग्रा.आ.कं.लाई लेखिएको ।

(ख) सावित्री भुजेलले पाउनु पर्ने जग्गा बिष्णु कुमारी शाही भन्ने उजेली भुजेलका नाममा नामसारी भएको सम्बन्धमा सम्बन्धित जिल्ला अदालतमा नामसारी बदर सम्बन्धी मुद्दा चली रहेकोले केही गरिरहनु परेन ।

(ग) प्रहरी प्रतिवेदन लिनु पर्ने कम्पनीकै नीति विपरित प्रहरी प्रतिवेदन विना नै टेक बहादुर थापा बेपत्ता भएको भनी निजका छोराको नाममा जग्गा नामसारी गरेकोबाट वाध्यात्मक रुपमा अपनाउनु पर्ने प्रकृयाको अवलम्बन नगरी अ.दु.अ. आयोग ऐन, २०४८ बमोजिमको अनुचित कार्य योजना प्रमुख गंगाराज राई तथा वरिष्ठ सहायक ऋषीराम शर्माबाट भएको देखिन आयो । यस विषयमा जिल्ला प्रशासन कार्यालयबाट विभागीय कारवाई गर्न विगतमा सो कम्पनीलाई लेख्दा नसिहतसम्म दिएको र सो कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, २०४९ अनुसार नसिहतलाई विभागीय कारवाई नमानिने हुंदा निजहरु उपर हालसम्म विभागीय कारवाई भएको देखिएन । तसर्थ निजहरु उपर अविलम्ब विभागीय कारवाई गरी सोको जानकारी ऐनले निर्धारित समयभित्र यस आयोगमा पठाउन ग्रामीण आवास कम्पनीलाई लेखिएको ।

(घ) उजूरीका नागरिकता तथा राइफल खोसेको आदि विषयको आरोपका सम्बन्धमा कारवाई भइसकेको भए निर्णय पठाउन अन्यथा आवश्यक कारवाई गरी सोको जानकारीसमेत यस आयोगमा पठाउन जिल्ला प्रशासन कार्यालय, नवलपरासीलाई लेखिएको ।

५) राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष समेतले चण्डी ढकालको मोमेन्टो एपरेल्स प्रा.लि. कृष्ण गार्मेण्ट र रेडियण्ट फन वयर तथा प्रभात टेक्स्टाइल मिल्सलाई कर्जा प्रवाह गर्दा र महेन्द्रपुल शाखा रहेको घर खरीद गर्दा अनियमित काम कारवाई गरी भ्रष्टाचार गरे भन्ने समेत विषयमा मोमेन्टो एपरेल्स प्रा.लि., कृष्ण गार्मेण्ट र रेडियण्ट फन वयर तथा प्रभात टेक्स्टाईल मिल्सलाई कर्जा प्रवाह भएकोमा कानून बमोजिम धितो राखी लगानी गरेको र आयात प्रतित पत्रको रकम बैंकले तोकें

बमोजिमको सहुलियतमा बुझ्काउदै गरेको देखिएको हुंदा बैंकको नियम कानून बमोजिम आफ्नो लेनाको असुली उपर तर्फ कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंकलाई लेखिएको ।

६) जनकपुर चुरोट कारखाना, जनकपुरबाट शाखा कार्यालय, कुश्मा, पर्वतको लागी आएको ३५० प्याक देउराली चुरोट शाखा कार्यालयको श्रेस्तामा आम्दानी नबांधी आ .व. ०५३।५४ को बजेट भाषणको अघिल्लो दिन मिति ०५३।३।२५ गते बिच बाटाको डिलरहरुको पसल घरमा ट्रकबाट झारेको र नियमानुसार श्रेस्तामा आम्दानी बांधी नियमानुसार बिक्री वितरण गर्नु पर्नेमा सो नगरी डिलरहरुबाट शाखा प्रवन्धक सुहिद कुमार दासले नाजायज मुनाफा लिई ज.चु.का.लि.लाई हानी नोक्सानी पुऱ्याउने नियत गरेको सम्बन्धमा का.प्र.लाई जिल्ला प्रशासनबाट कारवाई भइरहेको अवस्थामा "कारखानाको नीति नियम विपरित कुनै कार्य निज शाखा सुहिद कुमार दासले नगरेको " भनी ज.चु.का.लि.का संचालक समितिका तत्कालीन अध्यक्ष हरी गौतमले शाखा प्रवन्धकलाई रु.१,०००।- दिई पुरस्कृत गरेको देखिंदा अध्यक्ष समेतको संलग्नता भएको देखिएकोले अनुसन्धान कारवाई गर्न जिल्ला प्रशासन कार्यालय, पर्वत, कुस्माबाट मिति ०५३।१२।१७ आयोगमा फायल प्राप्त भई यस केससंग सम्बन्धित शाखा प्रवन्धक सुहिद कुमार दास, अध्यक्ष हरी गौतम तथा सम्बन्धित कार्यालयहरुसंग सोधिएको प्रश्नहरुको जवाफ सम्बन्धमा निम्नानुसार गरिएको :-

शाखा कार्यालयका का.प्र. सुहित कुमार दासको काम कारवाई सम्बन्धमा निजले बयानमा आफूले गरेको कुरा ठीकै हो, प्र.जि.अ.ले तत्काल कार्यालय नपुगदै पकडाउ गरी लगेकोले आम्दानी बांध्न नपाएको साथै अध्यक्ष हरी गौतमले निजले गरेको काम कारवाई ठीक छ भनी समर्थन गरेको र ज.चु.का. लि.को ०५४।२।१९ को पत्रबाट समेत चुरोटको मोल बैंकमा जम्मा गर्न लगाई वा बैंक ग्यारेन्टीको आधारमा उधारोमा समेत बिक्री गरिने र अवस्था हेरी श्रेस्तामा आम्दानी बांध्ने काम अधिपछि पनि हुन जाने भनी लेखि आएको देखिंदा तत्कालै आम्दानी नबांधेकोले मात्र नियम संगत नगरेको भन्न सकिने अवस्था देखिएन ।

जि.प्र.का.बाट आ.व. ०५२।५३ को दर भन्दा ०५३।५४ को बजेट भाषण पछि (०५३।२।२६) प्रति एम. देउराली चुरोटको डिलर दर रु. २६६०।- भएकोले फरक रु. ४७०।- प्रति एमको दरले हुने ३५० एमको रु. १,६४,५००।- नोक्सानी भएको भन्ने दावी सम्बन्धमा का.प्र.ले वितरण गरेको चुरोट ज.चु.का.लि.बाट ०५३।३।२३ र २४ मा नै निकालिएको र बृद्धि मूल्य पनि ०५३।४।१ बाट लागू हुने भई सावित दरमा नै बिक्री हुनु पर्ने हुंदा नोक्सान भएको भन्न मिलेन, लाग्ने राजश्व समेत कारखानाबाट चुरोट निकाल्दा खेरी नै शुरुमा नै दाखिला गरी मात्र चुरोट निकाल्न पाउने र का.प्र.ले डिलरलाई वितरण गर्नु भन्दा अगावै लाग्ने मोल बैंक दाखिला गराई मात्र दिएकोले जि.प्र.का.बाट दावी गरिएको नोक्सानी तर्क संगत नभएको ।

७) आफूलाई उप प्रशासक भन्ने गुठी संस्थानका कृष्ण मुरारी शर्माले गुठी तैनाथी जग्गामा मोही कायम गरे भन्ने सम्बन्धमा निम्न बमोजिम गरिएको :-

डा. कामेश्वर प्रसाद सिंहले जनकपुर नगरपालिका वडा नं. ८(ख) कि.नं. २५२ मध्ये ०-१०-१०, २५९ मध्ये ०-७-६, २६० मध्ये ०-४-० जग्गा मोही कायम गर्न सम्बन्धित कार्यालयको नाममा सिफारिश गरी पाउं भनी वशिष्ट शरणले गरी दिएको मिति २०४३।९।१४ को घरायसी मन्जुरनामा कागज वशिष्ट शरणको नाउंको उल्लेखित कित्ताको मोहीयानी हकको प्रमाण पत्र साथै राखी गुठी कार्यालय, जनकपुरमा मिति ०४५ चैत्र २० मा निवेदन दिएकोमा गुठी कार्यालयका तत्कालीन प्रमुख कृष्ण मुरारी शर्माले मिति २०४६।१।२५ मा कि.नं. २५९ को ०-७-६ जग्गा बराही कुटीको १५०० विगाहा भित्रको जग्गा भएकोले सो कित्ता जग्गाको सम्बन्धमा केही कारवाई गर्न मिलेन कि.नं. २६०, २५२ को जग्गा संलग्न कागज प्रमाणका आधारमा वशिष्ट शरणका नामबाट कामेश्वर सिंहका नाममा मोही नामसारी गर्ने सम्बन्धमा आवश्यक निर्देशनको लागि मिति ०४६।१।२५ मा गुठी संस्थान केन्द्रीय कार्यालयमा पठाएपछि गुठी संस्थान केन्द्रीय कार्यालयले मिति २०४६।२।२४ मा १५०० विगाहा भित्र पर्न आउने जग्गाको हकमा भने नापीको बखतमा मोही लेखिएको भए पनि मोही कटाई तैनाथी जग्गा कायम गर्ने निर्देशन दिएकोमा ज.पु. गुठीका प्रमुख कृष्ण मुरारी शर्माले कि.नं. २५९ को जग्गा १५०० विगाहा भित्रको गुठीले आफै खेती गर्ने जग्गा भनी १५०० विगाहाको लगतमा उल्लेख गरी राखेको देखिन्छ । सावित महन्तसंग सोधनी गर्दा कहिले पनि सो कित्ता जग्गा खेती गरेको छैन

भनी जवाफ दिएकोले सो कित्ता १५०० विगाहाबाट हटाई खुद कायम हुन आएको जग्गा मात्र तैनाथी कायम गरिएको हुंदा समर्थन हुन भनी गुठी संस्थानमा पेश गरेकोमा गुठी संस्थान के.का.ले मिति २०४७।६।७ मा कि.नं. २५९ को जग्गा १५०० विगाहा बाहिरको हो भन्ने लगत श्रेस्ताबाट यकीन रुपले देखिन आउंछ भने ०४५।१२।१५ को निर्देशन अनुसार तहांबाट निर्णय गर्न सकिने भएमा तहींबाट टुंगो लगाउने संस्थानमा पेश गर्नु पर्ने भएमा राय साथ पेश गर्ने निर्देशन पठाएकोमा उक्त जग्गा १५०० विगाहा भित्रको गुठी तैनाथी लगतमा दर्ता भएको गुठीले ठेक्का बन्दोवस्त गरी आएको जग्गा तैनाथीबाट लगत कट्टा गरी अधिनस्थमा कायम गरी गुठी संस्थानलाई समेत जानकारी दिने भनी मिति २०४७।७।१२ मा निर्णय गरेको देखियो ।

भूमिसुधार कार्यालय धनुषामा वशिष्ट शरण समेतले कि.नं. २५९ समेतको जग्गा समेतको मोही प्रमाण पत्र पाउं भनी निवेदन गरी कारवाई चलाएको मा भू.सु.का., धनुषाले कि.नं. २५९ मध्ये राम पुकार मण्डललाई ०-७-२ र वशिष्ट शरणलाई उक्त कित्ता मध्ये ०-७-२ को मोहीयानी प्रमाण दिने ठहर गरी फैसला गरेको भू.सु.का, धनुषाको मिति ०३८।१।९ को फैसलाको प्रतिलिपीबाट देखिंदा सो जग्गामा भू.सु.का ले मिति ०३८।१।९ मा मोही कायम गरेको भन्ने देखिन आयो ।

उक्त कि.नं. २५९ को ०-७-२ समेतको जग्गा कमाउन असमर्थ भएकोले तपाई कामेश्वर प्रसाद सिंहलाई ०४४ सालदेखि जोत्न दिएको भन्ने मिति २०४३।४।१४ मा वशिष्ट शरणले घरसारको मन्जुरनामा कागज गरी दिएको आधारमा कामेश्वर प्रसाद सिंहले आफ्नो नाममा मोही कायम गर्न निवेदन गरेपछि उल्लेखित कित्ता जग्गा १५०० विगाहा भित्रको हुंदा कारवाई गर्न नमिल्ने भनी कृष्ण मुरारी शर्मा आफैले मिति २०४६।१।२५ मा गुठी संस्थानमा लेखी पठाएको, गुठी संस्थानले १५०० विगाहा भित्रको जग्गा नापीको बखत मोही लेखिए पनि मोही कटाई तैनाथीमा दर्ता गर्ने भनी मिति २०४६।२।२४ मा र उक्त जग्गा १५०० विगाहा बाहिरको हो भन्ने लगत श्रेस्ताबाट यकीन रुपले देखिन आउंछ भने त्यहींबाट टुंगो लगाउने संस्थानमा पेश गर्नु पर्ने भए राय साथ पेश गर्ने मिति २०४७।६।७ मा निर्देशन दिंदा दिंदै र गुठीको लगतबाटै १५०० विगाहा भित्रको तैनाथी जग्गा भन्ने स्पष्ट देखिंदा देखिदै भू.सु.का. धनुषाले उक्त कित्तामा मोही प्रमाण पत्र दिने निर्णय गरी तैनाथी जग्गा अधिनस्थ कायम गराएकोमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम बदर गर्ने कारवाई चलाउनु पर्नेमा आफैले गुठी तैनाथी भनेको १५०० विगाहाको लगतमा दर्ता रहेको जग्गाको तैनाथी लगत कट्टा गर्ने भन्ने कृष्ण मुरारी शर्माको मिति ०४७।७।१२ को निर्णय कानून सम्मत छैन । निजले गरेको निर्णय अनुसार तैनाथीको दर्ता श्रेस्ताबाट लगत कट्टा भई नसकेको भन्ने गुठी संस्थान केन्द्रीय कार्यालयले उक्त कित्ता हजारी पीठ संस्कृत विद्यालयलाई उपलब्ध गराएको निर्णयबाट देखिएको र निज कामेश्वर प्रसाद सिंहको नाममा मोही कायम गर्ने कार्य बांकी नै रहेको भए पनि कृष्ण मुरारी शर्माको निर्णयबाट निज कामेश्वर प्रसाद सिंहसंग कुत असुल गरेको देखिंदा कृष्ण मुरारी शर्माले बिलकुलै अनुचित कार्य गरेको प्रमाणित भएको छ ।

तैनाथी जग्गाको लगत कट्टा गर्ने अधिकार कार्यालयलाई नभएको कुरा गुठी संस्थानका अध्यक्षले लेखेको मिति ०५३।१।२० को पत्र र स्वयं कृष्ण मुरारी शर्माले आयोगसमक्ष गरेको बयान तथा गुठी संस्थान ऐन विनियमले प्रष्ट गरेकोमा भू.सु.का.ले मोही कायम गरेको तर्फ दफा ३९ बमोजिम कारवाई नचलाई तैनाथीको लगत कट्टा गर्ने निर्णय गरेको देखिएको हुंदा केन्द्रीय कार्यालयको निर्देशन विपरित गरी अधिकार नभएको कुरामा निर्णय गरेको देखिंदा निजले गरेको निर्णय सर्वथा कानून विपरित भएको प्रष्ट छ ।

निज कृष्ण मुरारी शर्माले मिति ०५३।१०।२८ मा आयोगमा लेखेको पत्रमा अधिकृत स्तर नवम श्रेणी भनी आफ्नो दर्जा खुलाएकोमा आयोगसमक्ष बयान गर्दा उप प्रशासक पदमा कार्यरत छु भनी उल्लेख गरेको सम्बन्धमा गुठी संस्थान तथा भू.सु. मन्त्रालयबाट जानकारी गराए अनुसार कर्मचारी सम्बन्धी नियमले जुन तह वा श्रेणीलाई जुन नाम दिइएको छ सोही पदको नामबाट काम कारवाई गर्नु पर्दछ । नियम आदेश नभई आफ्खुशी आफ्नो पदको नामाकरण गरेको र आफ्नो कार्यालयको कर्मचारीले आफ्खुशी पदको नामाकरण गरेकोमा कुनै कारवाई नगरी तलव सुविधा फरक नपर्ने हुनाले सम्बन्धित कर्मचारीलाई जानकारी पत्र नदिएको भन्ने देखिंदा, गुठी संस्थानका प्रशासकीय प्रमुखले मौन सहमती दिने गरेको कार्यलाई उचित भन्न नमिल्ने ।

१५०० विगाहा भित्रको लगतमा कायम भएको गुठी कार्यालयले नै सो जग्गा ठेक्का बन्दोवस्त गरी रहेको हुंदा हुंदै केन्द्रीय कार्यालयको आदेश निर्देशन विपरित गरी मिति ०४७।७।१२ मा तैनाथीको लगतबाट कट्टा गर्ने निर्णय गरेको विषयमा तैनाथी जग्गाको लगत कट्टा गर्न कार्यालय प्रमुखलाई अधिकार नभएको व्यहोरा गुठी संस्थानका अध्यक्षले लेखेको र निज कृष्ण मुरारी शर्माले तैनाथी जग्गाको लगत कट्टा गर्ने अधिकार आफूलाई नभएको, आफूले निर्णय गरेको विषयमा कानूनी आधार नभएको भनी स्वीकार गरेको देखिंदा निजले जानी जानी लापरवाहीका साथ आफूलाई अधिकार नभएको विषयमा निर्णय गरेको प्रष्ट रुपमा अनुचित प्रमाणित भएको र निज कृष्ण मुरारी शर्माले मिति २०५२।४।२४ को सञ्चालक समितिको निर्णयको गलत अर्थ गरी गुठी विनियममा व्यवस्था नभएको कसैले आदेश निर्देशन नदिएको अवस्थामा मिति ०५३।१०।२८ पछि आफूखुसी आफ्नो पद नवौं तहलाई गुठी संस्थान कर्मचारी व्यवस्था विनियम विपरित आफूखुशी उप प्रशासक नामाकरण गरी नियम विपरित कार्य गरेको देखिंदा निजमाथि सख्त विभागीय कारवाई गर्न अध्यक्ष, गुठी संस्थानलाई र मातहतका कर्मचारीले आफूखुशी आफ्नो पदको नामाकरण गरी काम कारवाई गरेकोमा कार्यकारी प्रमुख जानी जानी मौन बसेको देखिंदा यस किसिमको नियम विपरित कार्य हुन गर्न नपाउने व्यवस्था गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

कि.नं. २५९ को जग्गा गुठी तैनाथीको लगतमा दर्ता रही गुठी संस्थानले हजारी जनक विद्यापीठलाई उपलब्ध गराएको देखिएकोले सो जग्गामा मोही कायम गरी तैनाथी जग्गालाई अधिनस्थ गर्ने काम कारवाई भएको देखिंदा प्रस्तुत विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम कारवाई गर्न प्रशासक गुठी संस्थानलाई लेखिएको ।

गुठी जग्गाको मोहियानी हक खरीद बिक्री हुने गुठी संस्थान ऐनमा व्यवस्था भएकोमा गुठी अधिनस्थ जग्गाको मोहियानी हक खरीद बिक्री हुने गुठी संस्थान ऐनमा व्यवस्था भएकोमा गुठी अधिनस्थ जग्गाको मोहियानी हक घरसारको कागजातबाट नामसारी गर्दा राजश्व चुहावट हुने देखिएकोले गुठी अधिनस्थ जग्गाको मोहियानी हक पारित लिखतको आधारमा मात्र दाखेल खारेज हुनु पर्ने हुंदा सो बमोजिम गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

८) एक प्रसाद थपलियाले मोहन प्रसाद थपलियाको नामबाट किर्ते नागरिकताको प्रमाण पत्र लिएको भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले कारवाई गरी गृह मन्त्रालयमा पेश गरेकोमा गृह मन्त्रालयबाट मोहन प्रसाद भन्ने एक प्रसाद थपलिया र निजका दाजुको एउटै नाम भएको देखिए पनि निज मोहन प्रसादले वाल्यकाल देखि नै स्कूलमा अध्ययन गर्दा र अमिन पदमा जागिर खांदा समेत एउटै नामबाट काम कारवाई गरेको हुनाले त्यही नाममा रहेको ना.प्र. पत्र अहिले आएर बदर गर्नु पर्ने यथेष्ट आधार भए मात्र प्रमाण पत्र बदर गर्ने ठोस राय साथ पुनः मन्त्रालयमा पठाउने भनी मिति २०५२।१२।२० मा जिल्ला प्रशासन कार्यालयलाई आदेश दिएको देखिएको र यस विषयमा जिल्ला प्रशासन कार्यालयले कारवाई गरी रहेको विषयमा आयोगले कारवाई गर्न नमिल्ने देखिंदा मोहन प्रसादका नाउंको नागरिकता प्रमाण पत्र बदर गर्ने सम्बन्धमा चलेको कारवाई फाइलमा कानून बमोजिम कारवाई गरी आयोगलाई जानकारी गराउन प्र.जि.अ., काठमाडौंलाई लेखि पठाएको ।

९) सुर्खेत– डुंगेश्वर जुम्ला सडक योजनाका प्रमुख समेतले ठेक्का स्वीकृतिमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा राष्ट्रिय स्तरको पत्रिकामा टेण्डर सूचना प्रकाशन भएकोले आफ्ना मानिसलाई ठेक्का दिलाएको भन्ने आरोप स्थापित गरी कारवाई अगाडी बढाउन सकिने स्थिति नरहेको र निर्णय प्रकृया समेतमा नियमानुसार एक तह माथिको सहमति लिएको देखिएकोले केही गरिरहनु नपरेको ।

१०) पशु प्रजनन तथा कृत्रिम गर्भाधान कार्यक्रम, खुमलटारका का.मु. प्रमुखसमेत ले विभिन्न शीर्षकमा अनियमितता र सिमेन हिनामिना गरेको भन्ने विषयमा निम्नानुसार गरिएको :–

पशु प्रजनन तथा कृत्रिम गर्भाधान कार्यक्रममा विदेशबाट सिमेन आउने र यस्तो सिमेनबाट गाईलाई कृत्रिम गर्भाधान गर्दा रु. २५।– राजश्व उठाई संकलन गर्ने व्यवस्था छ । २०४९ साल देखि स.प.वि.अ. बुद्धिमान श्रेष्ठ लगभग १ वर्ष निमित्त प्रमुख भएदेखि हालका नि. प्रमुख अरुण शंकर रञ्जीत मिली हजारौं डोज सिमेन हिनामिना गरी ५०।६० हजार राजश्व हिनामिना गरेका छन् । यो

सिमेन पि.एल.वि.पि., जी. टि. जेड, दोश्रो पशु विकास योजनाबाट आउने गरेको कतिपय आम्दानी दाखिला नै नगरी हिनामिना भएको छ । दोश्रो पशु विकास आयोजनाबाट आएको ४५० डोज सिमेन ए.आइ.गन ५० थान र पोलिथीन सिट ४५० पाकेट दाखिला नै नगरी रु. ५०,०००।- हिनामिना गरेको छ । मिति २०५०।१२।२३ मा १०४ नं. को जर्सी सांढे एक र नं. ५५०, १०५४, १११७ सहिवाल सांढे लिलाम गर्न टिप्पणी सदर भएकोमा १०४ नं. को जर्सी सांढे लिलाम हुनु अगावै मरेको र बांकी ८८०, १०५४, १११७ नं. का लिलाम गरेकोमा पछि बुद्धिमान श्रेष्ठले टिप्पणीमा मूल्य निर्धारण मुचुल्का लिलाम बढाबढ मुचुल्का समेतमा थपी सच्याई १२२ नं. को जर्सी सांढे लिलाममा देखाई अन्यत्र बेचेका छन् । अरुण शंकर रञ्जीत र बुद्धिमानले हिन्दू धर्म त्यागी विदेशी धर्म परिवर्तन गरी हिन्दू धर्म मान्नेलाई दु:ख दिने गरेको समेत हुंदा कारवाई गरी पाउं भन्ने उजुरी दावी ।

पशु प्रजनन् तथा कृत्रिम गर्भाधान कार्यक्रमका लागि विदेशबाट सांढेको सिमेन पशु विकास आयोजना र दोश्रो जी. टि. जेडबाट प्राप्त हुने गरेको र यसरी प्राप्त हुने सिमेनहरु ल्याव टेक्नीसियनहरुले आम्दानी बांधी खर्च भएको रेकर्ड राख्दै जाने व्यवस्था रहेको विदेशी सिमेन आम्दानी दाखिला नै नगरी हिनामिना गरेको सम्बन्धमा छानविन गर्दा पशु प्रजनन् तथा कृत्रिम गर्भाधान शाखा खुमलटारलाई निम्न अनुसार सिमेन प्राप्त भएको रेकर्डबाट देखिएको –

क्र.सं.	मिति	विवरण	जम्मा	रेफरेन्स
१.	२०५०।६।१८	जर्सी	५००० डोज	१– खाता पाना नं. ११/५०
२.	,,	होलिस्टिन	५००० डोज	,, ,, ५३ (०५०/५१)
३.	२०५१।१।३०	होलिस्टिन	१०००० डोज	,, ,, ५० (०५०/५१)
४.	,,	जर्सी	१०००० डोज	,, ,, ३५ (०५०/५१)
५.	,,	ब्राउन स्वीस	५००० डोज	,, ,, ५१ (०५०/५१)
			३५००० डोज	

उक्त सिमेन आम्दानी बांधिएको ठीक हो, होइन भन्ने सम्बन्धमा दोश्रो पशु विकास आयोजनाको प.सं. १२६ मिति ०५१।४।३२ को पत्रबाट ०५०।५१ मा होलेस्टीन सिमेन १५००० डोज, जर्सी सिमेन १५००० डोज र ब्राउन स्वीस सिमेन ५००० डोज पठाएको भन्ने जानकारी दिएकोबाट उपलब्ध सिमेत श्रेस्तामा आम्दानी बांधिएको परिमाणसंग मिल्न गएको ।

विदेशबाट आएको सांढेको सिमेन तथा लोकल सिमेन बिक्री वितरण सम्बन्धमा विदेशी सिमेन भए प्रति डोज २५।- तथा लोकल सिमेन भए प्रति डोज रु.५।- लिने गरी ०४८।११।१ मा विभागीय निर्णय भएको र सोही अनुसार ल्याव टेक्नीसियनबाट बिक्री भएको सिमेनको बिल तयार भै रकम राजश्वमा बुझाई लेखामा आम्दानी बांध्न पठाउने व्यवस्था भएको ।

सिमेनको आम्दानी खर्चको रेकर्ड हेर्दा ल्याव टेक्नीसियनले प्राप्त सिमेन स्टोर गर्दा समय समयमा नाइट्रोजन थप्नु पर्ने र यसरी तरल नाइट्रोजन थप्ने कामको सिलसिलामा सिमेन बिग्रन गै काम नलाग्ने हुन गएमा अथवा सिमेनको चाल नराम्रो भएमा सिमेन कृत्रिम गर्भाधान कार्यको लागि काम नलाग्ने हुंदा ल्यावमा कार्यरत प्राविधिकहरुले कैफियत लेखी यस्तो सिमेन डिस्कार्ड गर्ने प्रचलन रहेको । साथै सिमेन एक ठाउंबाट अर्को ठाउंमा ट्रान्सपोर्ट गर्दा ठक्कर खाई काम नलाग्ने हुन जाने र यस्तो सिमेन पनि कैफियत लेखी डिस्कार्ड गरिएको । तर प्राविधिकको रिपोर्टको आधारमा सिमेन डिस्कार्ड गरेको कागजात पेश हुन आएन । सिमेनको जिन्सी रजिष्टरमा कैफियत लेखी सिमेन डिस्कार्ड गरिएको व्यहोरा उल्लेख गरेकोबाट भ्रष्टाचार गरी हानी नोक्सानी पुऱ्याएको प्रमाणित हुन आउंदैन तर काम नलाग्ने भई डिस्कार्ड गर्नु पर्ने सिमेन मिनाहा गर्ने तर्फ नियम अनुसार गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको ।

गत ०५० चैत्र र ०५१ बैशाखतिर दोश्रो पशु विकास आयोजना हरिहर भवनबाट आएको भनिएको ४५० डोज सिमेन तथा उक्त सिमेनसाथ आएको कृत्रिम गर्भाधान उपकरणहरु ए.आई. गन ५० थान र पोलिथीन सिट ४५० पाकेट (४५०X ५०) समेत कार्यालयमा दाखिला नै नगरी लगभग ५० हजार रुपैया हिनामिना गरेको भन्ने सम्बन्धमा पशु विकास आयोजनाबाट जानकारी दिए अनुसार ०.२५ एम.एल. को ए.आई गन ४५० थान, ०.५ एम.एल. को ए.आइ. गन ४०० थान र पोलिथीन सिट १०२० सिट पठाएको भनिएकोमा कृत्रिम गर्भाधान शाखाको श्रेस्ता हेरिंदा ०.२५ एम.एल. को ए.आइ. गन ४०० थान, ०.५ एम.एल. को ए.आई. गन ४०० थान र पोलिथीन सिट १००० पाकेट

आम्दानी बांधिएको पाइयो । यसरी आम्दानी बांधिएको ०.२५ एम.एल.को ए.आई.गन ५० थान र पोलिथीन सिट २० पाकेट कम आम्दानी वारे पशु सेवा विभागले यसमा खुद पठाएको आम्दानी भएको रेकर्ड भिडाई हिनामिना भएको भए सोको रकम नियमानुसार सम्बन्धित कर्मचारीबाट असुल गर्न लेखिएको ।

१२२ नं. को जर्सी सांढे लिलाम गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा उक्त १२२ नं. को जर्सी सांढे पूर्व सूचनाको लिलाम गर्ने टिप्पणीमा नचढेको तर टिप्पणी पेश गर्ने अधिकारीले हस्तलिखित रुपमा थप गरी कार्यालय प्रमुखसमक्ष पेश गरेको रहेछ । उक्त १२२ नं. जर्सी सांढे धेरै बूढो भई वीर्य संकलनमा प्रयोग नभएको, कृत्रिम गर्भाधानको लागि अनुपयुक्त भनी कैफियत जनाएको हुंदा सम्बन्धित वीर्य संकलन रजिष्टर अनुसार उक्त सांढेबाट जम्मा १६६३ डोज सिमेन उत्पादन भएको रहेछ । मिति ०५०।७।२६ मा वीर्य संकलन गरी जांच गर्दा वीर्यको mobility कृत्रिम गर्भाधानको लागि उपयुक्त नभएको, वीर्य पहेंलो भएको र फ्रिजिङ्गपछि शुक्रकीटको चाल धेरै कम भएकोले डिस्कार्ड गरिएको रहेछ । पुनः ०५०।१०।५, १३।२४ ०५०।१२।३ र ०५०।१२।२४ मा वीर्य संकलन गरिए अनुसार उक्त वीर्य काम नलाग्ने भएको र यसरी कृत्रिम गर्भाधानको लागि वीर्य काम नलाग्ने भएपछि सांढे पालिराख्दा अनावश्यक खर्च हुने नै देखियो ।

मिति ०५०।१२।२६ मा उक्त सांढे लिलाम भएको र उक्त सांढे लगायत अन्य सांढेहरु तथा गाईहरुको लिलाम सकार गर्ने व्यक्तिबाट भएको आम्दानी रु. २४९५।- राजश्वमा दाखिलासमेत भएको, यसरी कृत्रिम गर्भाधानको लागि काम नलाग्ने सांढे लिलाम गर्दा पछिबाट थपिए तापनि प्राविधिकहरुबाट जांच भै काम नलाग्ने भनी उल्लेख भएको र यस प्रक्रियामा अन्य कुनै व्यवस्था नगरिएकोले भ्रष्टाचारकै उद्देश्यले काम भएको भनी भन्न मिल्ने देखिएन । सरकारी सम्पत्ति लिलाम बिक्री गर्नु पर्दा आर्थिक ऐन नियम अनुसार गर्नेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको ।

११) होमकुमारी कोइरालाको नाममा रैकरमा दर्ता रहेको ६ कि.नं. २१७ हाल नापीको का.म.न.पा. ९ कि.नं. ५२, ३४ को ४-५-१-३ जग्गा रैकर बदर गरी ज.ध. मा पशुपति बांदर गुठी र जोताहामा कृष्ण कुमार शाही कायम गर्न र रैकर दर्तावालालाई निर्णयमा चित्त नबुझे ३५ दिन भित्र पुनरावेदन अदालत ललितपुरमा पुनरावेदन दिने म्याद दिनू भनी मिति ०५३।४।१४ मा गुठी संस्थानका प्रशासक बिष्णु प्रसाद सिग्देलले निर्णय गरी निर्णय बमोजिम गर्न निर्णयको प्रतिलिपी राखी गुठी संस्थानले मिति ०५३।४।१५ मा गुठी तहसिल कार्यालय कालमोचनमा पठाएकोमा गुठी तहसिल कार्यालयका तत्कालीन प्रमुख पुण्डरी के.सी.ले निर्णय बमोजिम पुनरावेदनको म्याद नदिई २०५३।४।२४ मा रैकर लगत बदर गरी गुठी कायम गर्न मालपोत कार्यालय, डिल्लीबजारमा पठाएकोमा मालपोत कार्यालय, डिल्लीबजारले मिति ०५३।४।२४ मा रैकर दर्तावालालाई निर्णयको जानकारी गराई पुनरावेदनको म्याद भुक्तान भएपछि मिसिल पठाउन लेखी पठाएकोमा गुठी तहसिल कार्यालयका प्रमुख गिरीधारी भट्टले पुनरावेदनका म्याद बांकी छंदा छंदै पुनः रैकर बदर गरी गुठी कायम गर्न मिति ०५३।५।२७ मा मालपोत कार्यालयलाई लेखी पठाएको देखिंदा निजहरुले गुठी संस्थान २०३३ को दफा ३९ मा उल्लेखित पुनरावेदनको व्यवस्था र गुठी कार्य व्यवस्था विनियम २०४८ को नियम १९(३) को प्रतिकूल निर्णय कार्यान्वयन गर्न लेखी पठाएको कार्य अ.दु.अ. आयोग ऐन,२०४८ को दफा ३(ख) बमोजिम अनुचित कार्य भएकोले गुठी तहसिल कार्यालय तत्कालीन प्रमुख पुण्डरी के.सी. र गिरीधारी भट्टलाई अ.दु.अ.आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सचेत गराउन गुठी संस्थानका कार्यकारी प्रमुखलाई लेखिएको ।

१२) जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्रमुख जिल्ला अधिकारीको सुकुम्बासी समस्या समाधान आयोगका जिल्ला समितिका अध्यक्ष शान्तीमान कार्कीले रीतपूर्वकको निर्णय विना ११०९ जनालाई जग्गा वितरण गरेको, ऐन बमोजिम दर्ता गर्न नमिल्ने जग्गा दर्ता गरेको, जंगल क्षेत्रको जग्गा दर्ता गरेको, राजश्व दाखिला नगरेको २०५२।३।२० को निवेदनमा २०५२।४।५ र ०५२।५।११ को बिल संलग्न गरी भुक्तानी लिने जस्तो अनियमित काम गरेको भन्ने प्रतिवेदनका सम्बन्धमा निम्नानुसार गरिएको :-

सुकुम्बासी समस्या समाधान आयोगको काम कर्तव्य अधिकारसम्बन्धी निर्देशिका २०५१ र सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५१।१२।८ को निर्णयको परिधिभित्र रही जिल्ला

सुकुम्बासी आयोगले काम कारवाई गर्नु पर्ने र सुकुम्बासी आयोगबाट वितरण गरिने जग्गाको जिल्ला समितिबाट निर्णय सिफारिश गराई केन्द्रीय अध्यक्षबाट अनुमोदन स्वीकृत भएपछि जग्गा दर्ता गर्ने व्यवस्था रहेको पाइन्छ ।

सुकुम्बासी समस्या समाधान आयोग सिन्धुली जिल्ला समितिका अध्यक्ष शान्तीमान कार्कीले सुकुम्बासी तथा अव्यवस्थित बसोवास गरेका भनी १३६६ व्यक्तिहरुका नाममा जग्गा दर्ता गरेकोमा सुकुम्बासी आयोगको काम कर्तव्य अधिकार सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिम सुकुम्बासीको पहिचान गरी समितिबाट निर्णय गराएको देखिन आएन । जग्गा दर्ता गरिएका १३६६ व्यक्तिहरु मध्ये २०६ जनाको हकमा विधिवत् समितिबाट निर्णय गराई १८२ जनाको नाउंमा दर्ता गरेको तर ११८४ व्यक्तिहरुलाई जग्गा दर्ता गर्दा सुकुम्बासी समस्या समाधान आयोगको कार्यविधि नअपनाई जिल्ला समितिको निर्णय नै नगराई अनियमित तथा अनुचित तरिकाले दर्ता गरेको देखिन आएको छ भने कतिपय व्यक्तिलाई १-१०-० भन्दा बढी हुने गरी दर्ता गरेको एकै परिवारका एकभन्दा बढी सदस्यको नाममा दर्ता गरेको, केही सार्वजनिक जग्गा समेत दर्ता गरेको, साविकमा वन जंगल उल्लेख भएको जग्गा वनको सहमति नलिई नापजांच तथा दर्ता गरेको र साविक वन उल्लेख भएको जग्गा दर्ता गर्ने कार्य सुकुम्बासी समस्या समाधान आयोगको काम कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका २०५१ को दफा (झ)को प्रतिकूल काम कारवाई भएको देखियो ।

जिल्ला आयोगबाट सुकुम्बासी तथा अव्यवस्थित बसोवास गर्नेका नाउंमा दर्ता गर्दा केन्द्रीय आयोगले दिएको निर्देशन बमोजिम खास सुकुम्बासीहरुको पहिचान गरी आयोगले तोकेको कार्यविधि अपनाई जिल्ला समितिबाट स्वीकृत गराई मात्र जग्गा दर्ता गर्नु पर्नेमा २०६ जना व्यक्तिहरुको विधिवत् निर्णय गरेको तर ११८४ व्यक्तिहरुको हकमा समितिबाट निर्णय नगराई जग्गा दर्ता गरेको र निर्णय पुस्तिकाको पाना नं. २१३ मा २०५१।५।१४ गतेको बैठकको निर्णय उल्लेख भएपछि पाना नं. २१७ देखि २९३ सम्म ४३३ व्यक्तिहरुको नाम थपी मिति २०५२।४।२१ को मिति पारी जग्गा दर्ता गर्ने व्यहोरा उल्लेख गरेको देखिंदा शान्तीमान कार्कीको उक्त कार्य बिलकुलै अनुचित प्रमाणित भएको छ ।

जिल्ला आयोग सिन्धुलीले जग्गा दर्ता गर्ने प्रयोजनका लागि तयार गरेको नक्सा प्राविधिक रुपले त्रुटिपूर्ण हुनाको साथै यस्ता त्रुटिपूर्ण नक्साले विविध प्रशासनिक तथा कानूनी समस्या आउने गर्छ । जग्गा धनी दर्ता प्रमाण पुर्जा स्वामित्वको अभिलेख हो भने स्वामित्वमा रहेको जग्गाको सिमाना, ४ किल्ला यकीन गर्ने आधार नै नक्सा हो । मालपोत ऐन लागू भएको क्षेत्रमा जग्गाको प्रशासन नक्सामा आधारित हुने हुनाले त्रुटिपूर्ण नक्साको आधारमा गरेको दर्ताले सांध सिमाना तथा भोग तथा स्वामित्व सम्बन्धी विवादहरुको श्रृजना हुन्छ भने जटिल प्रशासनिक समस्याहरु उत्पन्न हुने गर्दछन् । साविक नक्सा भइसकेको जग्गा दर्ता गर्दा साविक नक्सामा नै कित्ता काट गर्नु पर्नेमा साविक नक्सा भइसकेको कित्ताको छुट्टै नक्सा तयार गर्दा साविकको श्रेस्तामा नयां नक्सा भएको व्यहोरा नजनाइएको कारणले श्रेस्तामा एउटै जग्गा एकातर्फ व्यक्तिका नाममा दर्ता हुने र अर्को तर्फ दर्ता बांकी देखिने र एउटै जग्गाको दोहोरो नक्सा भई सर्वसाधारण जनतालाई नक्साको ज्ञान नहुने तथा प्रशासनिक समस्या आउने हुनाले सिन्धुली सुकुम्बासी समस्या समाधान आयोगको तर्फबाट तयार गरिएका नक्साहरु विधिसम्मत छ भन्ने अवस्था देखिन आएन । जग्गा दर्ता गरी वितरण गरेपछि जग्गाबाट असुल भएको राजश्व सरकारी रकम असुल फछ्यौंट ऐन बमोजिम दाखिला हुनु पर्नेमा कर्मचारीहरुले रु. ७६,६२५।५४ बांकी राखेको देखिंदा राजश्व रकम मसौट गरेको प्रष्ट देखिन आयो ।

जिल्ला अध्यक्ष शान्तीमान कार्कीले विनियोजित बजेट रकमबाट भुक्तानी पाउं भनी २०५२।३।२० मा निवेदन गरी सो निवेदनका साथ मिति २०५२।४।६ र २०५२।५।११ को बिल समेत समावेश गरी रु. ३३,०७५।- भुक्तानी लिएको देखिएकोमा २०५२।३।२० को निवेदनसाथ सो मिति पछिको मितिमा काटिएको बिल समावेश हुनै नसक्नेमा अनुचित किसिमले भुक्तानी लिएको प्रमाणित हुन आएको छ ।

सिन्धुली आयोगका सामानहरु अध्यक्ष शान्तीमान र रामहरि खतिवडाले नबुझाएको भन्ने देखिंदा आयोग विघटन भई सकेपछि पनि सामान नबुझाई व्यक्तिगत प्रयोगमा राखेको देखिंदा

निजहरुले सरकारी सामानको दुरुपयोग गरेको प्रष्ट रुपमा देखिन आएको हुंदा प्रस्तुत विषयमा निम्न बमोजिम गर्न सम्बन्धित निकायमा लेखिएको :-

(१) जिल्ला सुकुम्बासी आयोग सिन्धुलीका अध्यक्ष शान्तीमान कार्कीले ११८४ व्यक्तिहरुको नाममा अनियमित तथा अनुचित तरिकाले जग्गा दर्ता गरेको देखिएकोले सो जग्गा दर्ता विषयमा पुनरावलोकन गरी कानून तथा नीति नियम बमोजिम कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सुकुम्बासी समस्या समाधान आयोगमा लेखिएको ।

(२) त्यस आयोगबाट भएको काम कारवाईहरुमा व्यापक अनियमितता हुने गरेको, सुकुम्बासी र अव्यवस्थित बसोवासको नाममा जग्गा दर्ता गर्ने कार्यले सरकारी सम्पत्तिको विनास हुनाको साथै सरकारी जग्गा अतिक्रमणमा बृद्धि भइरहेको र सुकुम्बासीका नाममा जग्गा दर्ता गर्ने नीतिले समस्याको ठोस समाधान हुन नसक्ने हुंदा सरकारी तथा सार्वजनिक जग्गा सम्बन्धमा आयोगको मिति २०५३।९।८ को निर्णय बमोजिम पठाएको सुझाव सम्बन्धमा ध्यानाकर्षण हुन मन्त्रीपरिषद् सचिवालयमा लेखिएको ।

(३) नापी नक्साको कार्य दक्ष प्राविधिकहरुको रेखदेख र नियन्त्रणमा मात्र गरिनु पर्ने हुंदा कुनै क्षेत्रमा नापी नक्सा गर्दा अधिकृत स्तरको प्राविधिकको प्रत्यक्ष नियन्त्रणमा नक्सा तयार गराउने र एक पटक नापी भै सकेको कुनै कित्ता जग्गाको एकभन्दा बढी कित्तामा विभाजित गर्नु पर्ने अवस्थामा प्राविधिक प्रशासनिक तथा हकहित सम्बन्धी कुरामा असर नपर्ने किसिमले सर्वसाधारण जनताले सजिलै जानकारी लिन सक्ने गरी कानून अनुरुप आवश्यक व्यवस्था मिलाउन, जग्गाको मोल वापत असुल भएको दाखिला हुन बांकी रकम मध्ये राजेन्द्र लावतीबाट रु. २३,२००।-, गुणदेव अधिकारी बाट रु. २३,००२।-, रामनारायण चौधरीबाट रु. ७,४५४।- दाखिला भइसकेको देखिंदा राजश्व रकम दाखिला नगर्ने ख.भरत प्रसाद दाहालबाट रु. ८,६३३।०५, ख. राजु ठकुरीबाट रु. ७६०।६४, ख. दिनेश अधिकारीबाट रु. २६१।७५, अमिन विन्देश्वर मण्डलबाट रु. १२,७०४।४४ समेत असुल उपर गर्नु पर्ने र अध्यक्ष शान्तीमान कार्की समेतले सरकारी सामान नबुझाई निजी प्रयोगमा राखेको देखिंदा कर्मचारीहरुबाट असुल गर्नु पर्ने रकम तत्कालीन अध्यक्ष शान्तीमान कार्की समेतले नबुझाएको सरकारी मालसामान निजबाट असुल उपर गर्नु पर्ने देखिंदा सरकारी रकम असुल फछ्र्यौंट ऐन बमोजिम कारवाई गर्न शान्तीमान कार्कीले मिति २०५२।३।२० को निवेदन साथ मिति २०५२।४।५ र २०५२।५।११ को बिलसमेत समावेश गरी अनुचित तथा अनियमित तरिकाले रु. ३३,०७५।- भुक्तानी लिएको देखिंदा त्यसरी अधिको मितिको निवेदन साथ पछिको बिल समावेश गरी अनुचित किसिमले भुक्तानी लिएकोले उक्त रकम रु. ३३,०७५।- प्रचलित कानून बमोजिम निजबाट असुल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

१३) नेपाल दूर सञ्चार संस्थानले सोलर पावर सिष्टम खरीद गर्दा ५० लाख रुपैया खाई मूल्यांकन समितिको प्रतिवेदन समेतलाई वेवास्ता गरी ४ करोड ५० लाख भन्दा बढी महंगो पर्ने कम्पनीलाई स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा विश्व बैंकको ऋण संझौता अन्तर्गत सामान खरीदको लागि आव्हान हुने विडहरु सञ्चालक समितिबाट स्वीकृत भई सकेर पनि विश्व बैंकको सहमति प्राप्त भएपछि मात्र स्वीकृत भएको मानिने, सबैभन्दा कम रकम उल्लेख गर्ने पेन्टाफोरको टेण्डर स्वीकृत गर्नलाई विड फर्म नभएकोले नमिल्ने भई अस्वीकृत गरेको र त्यस पछिको कमवाला टेण्डर स्वीकृत गर्ने गरी निर्णय भई सम्झौता गर्न विश्व बैंकबाट निकै सोधपूछ र छलफल गरी सहमति दिई सकेको देखिएकोले केही गरिरहन नपरेको ।

१४) सामान्य प्रशासन सचिवले विना कारण यस आयोगका कर्मचारीलाई काज सरुवा गरी अधिकारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा ०५३ आषाढमा यस आयोगमा पदस्थापन भएको कर्मचारीलाई भाद्र २८ मा अन्यत्र काज सरुवा गरेको र सो सरुवा गर्दा कुनै कारण पनि उल्लेख नगरेको र टिप्पणी उठेकोलाई केरमेट गरी नियमित प्रकृया विना नै सचिवले गरेको सो सरुवामा बदनियत थिएन भन्न सकिएन । तर सो सरुवा काजलाई बदर गरेको सामान्य प्रशासन मन्त्रालयको ०५३।११।२२ को पत्र प्राप्त हुन आएकोले निज कर्मचारी अनुसन्धानको काममा रहेको भन्ने नजानी गरेको भन्ने प्रष्टीकरण समेत दिएकोले हाललाई केही गर्न परेन ।

यसरी आयोगमा कार्यरत कर्मचारीलाई आयोगको परामर्श विना नै सरुवा वा पदस्थापन

गर्दा अनुसन्धानमा दक्ष कर्मचारीको छनौट हुन नसक्ने हुंदा आयोगसंग परामर्श गरी मात्र गर्न साविक नि.से.नी.को नियम ३.१(३) को व्यवस्था यथावत् कायम गरी कानूनमा नै व्यवस्था हुनु पर्ने र सो नभएसम्म सोही बमोजिम गर्न सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउन श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

१५) भारतमा निर्मित एक्सरे मेशीन प्रयोगमा ल्याउनका लागि भारत सरकारको भामा एटोमिक इनर्जी रेगुलेटरी वोर्डबाट चेक गराई सर्टिफिकेट लिएर मात्र प्रयोगमा ल्याउनु पर्नेमा वीरगन्जमा सञ्चालित जति पनि भारतमा निर्मित एक्सरे मेशीनहरु छन् ती सबै कम गुणस्तरका हुनका साथै ५० एम.ए. को मेशीनलाई १०० एम.ए को लेवल लगाई प्रयोगमा ल्याउने गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :-

एक्सरे जस्तो सम्वेदनशील उपकरण लापरवाहीपूर्ण तवरबाट सञ्चालन भई रहेको र त्यस सम्बन्धमा आवश्यक छानविन तथा कारवाई हुन सम्बन्धित मन्त्रालय र विभागमा आयोगबाट पटक पटक पत्राचार हुंदा समेत बेवास्ता गरिएको र वीरगञ्जमा संचालित नीजि क्षेत्रका एक्सरे मेशीनहरुका सम्बन्धमा स्वास्थ्य सेवा विभागले एक्सरे टेक्नीसियन डिल्ली वन्जाडेलाई छानविन गर्न खटाएको र निजले त्यहां भएका बिसंगतिहरु समेत औंल्याई पेश गरेको प्रतिवेदनउपर समेत हालसम्म मन्त्रालय र विभागले कुनै चासो नदेखाएकोले सम्बन्धित मन्त्रालय र विभागलाई सचेत गराई तत्सम्बन्धमा देहाय बमोजिमका कार्यहरु अविलम्ब थालनी गरी सोको जानकारी बेला बेलामा आयोगमा गराउँदै जान सम्बन्धित मन्त्रालयलाई लेखिएको :-

(१) एक्सरे सञ्चालन सम्बन्धी नीति अविलम्ब तयार गर्ने ।

(२) अधिराज्यभरका सरकारी तथा नीजि क्षेत्रका एक्सरे मेशीनहरु Ionization चेम्बरबाट वा अन्य उपयुक्त प्रविधिबाट चेक जांच गराउने र स्तरीय मेशीन मात्र प्रयोगमा ल्याउने । स्तरहीन मेशीनहरु संचालन गर्ने संचालकलाई कारवाई गरी ती संचालकहरुको नामावली आयोगलाई जानकारी गराउने ।

(३) एक्सरे मेशीन संचालन गर्नका लागि सम्बन्धित उद्योग विभाग र स्वास्थ्य सेवा विभागबाट संयुक्त रुपमा अनुमति दिनु पर्ने र त्यसको सुपरीवेक्षण तथा अनुगमन गर्ने नीति तय गर्ने र दक्ष प्राविधिकले मात्र प्रयोग तथा संचालन गर्ने नीति लागू गर्ने ।

१६) जिल्ला विकास समिति, पर्वतका सभापतिले सो समितिको अतिथ गृहमा बसी घर भाडा समेत लिने गरेको भन्ने विषयमा अनुसन्धान हुंदा घर भाडाको रकम प्रचलित कानून बमोजिम लिन खान पाउने सुविधा हुंदा यस विषयमा केही गरिरहनु परेन तथापि सुविधाको रकम लिई सकेपछि अतिथि गृहको उपभोग गर्दा नियमानुसार लाग्ने दसतुर बुझाउनु पर्नेमा नबुझाएकोले निज सभापति एम प्रसाद गुरुङले प्रयोग गरेको २ वटा कोठाको ६०५ दिनको हुने कूल रु. ३६,३००।- निजबाट सरकारी बांकी सरह असुल उपर गर्ने र यसरी लामो अवधिसम्म अतिथि गृहको कोठा एकै व्यक्तिलाई प्रयोग गर्न दिंदा अतिथिलाई हुन जाने असुविधालाई दृष्टिगत गरी नियमानुसार लाग्ने वस्तुर बुझाएरै पनि लामो अवधिसम्म कसैलाई कोठा उपयोग गर्न नदिने व्यवस्था गरी यस आयोगलाई कारवाईको जानकारी समेत दिन जिल्ला विकास समिति, पर्वतलाई लेखिएको ।

१७) अरुण शम्सेर, शुशिल शम्सेर समेतका नाउंमा दर्ता रहेको काठमाडौं भक्तपुरको २१२-६-३-१ धादिङमा २६८-४-०, बर्दिया, मकवानपुरको २८-०-० विगाहा जग्गा तथा घरहरु कर कार्यालयले मिति २०३२।४।९ मा रोक्का राखेकोमा फुकुवा नभई मिति मिति ०३३।७।९ मा १४-१-१ मिति २०३३।७।९ मा २५-१-१ मिति २०३३।४।२७ मा २३-११-२ जग्गाको लिखत पारित गरेको, पुनरावेदन अदालतबाट मिति २०४९।३।२१ को पत्रबाट रोक्का रहेकोमा फुकुवा नभई लिखत पारित गरेको भन्ने विषयमा हेर्दा २०२७।२८ सम्मको कर रु. २,०७,१५६।- बांकी रहे वापत शुशिल शम्सेर, अरुण शम्सेरको घर जग्गा रोक्का राखेको देखिन्छ भने फायल संलग्न राजश्व न्यायाधिकरणको मिति २०५२।३।२९ को फैसलामा बागदरवार हटी भवन कम्पाउण्डको ११७-३-१-२ जग्गा र सो जग्गामा बनेको घरहरु समेतको ०२७।२८ को कर निर्धारण भई सकेको सो वापत केही रकम दाखिला भई विभिन्न कारणले बांकी रहेको त्यसपछिका वर्षहरुको कर निर्धारण गरी पाउं भन्ने शुशिल शम्सेर समेतको निवेदनमा कर कार्यालयबाट कर निर्धारण गर्ने निर्णय उपर पुनरावेदन परी आ.व.

०२८।२९ देखि ०४८।४९ सम्मको कर निर्धारण गरेको कर कार्यालयको निर्णय बदर गरी कानून बमोजिम मूल्यांकन गरी पुनः कर निर्धारण गर्ने फैसला भएको र कर कार्यालयको मिति २०५०।१२।९ को पत्रबाट ०३२।३३ देखिको घर जग्गा कर वापत रु. १० लाख धरौट राखी पुनरावेदन गरेकोले निजहरुका नाममा दर्ता रहेको का.न.पा. ११ कि.नं. ३११, ३२० को जग्गाहरु रोक्का रहेको भन्ने उल्लेख भएबाट घर जग्गा कर वापत उक्त कि.नं. ३११, ३२० को जग्गा रोक्का रहेको र पछिबाट कि.नं. १६५२ को ३-३-०-० र कि.नं. १६५३ को ५-३-०-० जग्गा शुशील शम्सेर ज.ब.रा. को नाउंमा कायम भएको र कर कार्यालयको पत्रबाट रोक्का रहेको भन्ने ०५३।२।१४ को मा.पो.का., काठमाडौंको पत्रबाट देखिंदा रोक्का रहेको जग्गा बिक्री गरेको भन्ने तथ्य सत्य देखिदैन ।

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ८(२) मा कुनै व्यक्ति वा परिवारमा जग्गावालाको हैसियतको कुनै जग्गा भए सो समेत गरी तोकिएको हदमा नपुगसम्म जग्गा मोहीको हैसियतले कमाउन पाउनेछ भन्ने व्यवस्था रहेकोमा शुशील शम्सेर समेत ४ परिवारले नुवाकोट, धादिङमा २६८-४-४ काठमाडौं, भक्तपुरमा २१२-६-३ तराईमा २८ विगाहासम्म पाउने निर्णय भएकोमा निजहरुको आफ्नै जग्गा दफा ८ को हदभन्दा बढी रहेको र शुशील शम्सेरका नाउंमा शंकराचार्य मठ गुठीको ३६-२-० रोपनी जग्गा देखिएको सो जग्गा सम्बन्धमा भूमि सम्बन्धी ऐनको दफा ११ बमोजिम कारवाई हुनु पर्नेमा सो बमोजिम नभएको शुशील शम्सेरले सानु ढकाललाई उक्त जग्गा लिखत पारित गरी दिएको देखिएकोले सो कार्य भूमि सम्बन्धी ऐनको दफा ८, ११ अनुकूल भएको भन्न मिल्ने देखिएन ।

चार परिवार कायम गरी हदबन्दी सम्बन्धी भूमिसुधार कार्यालयले मिति २०३१।२।२९ मा निर्णय गरेपछि मिति २०३३।४।२७ मा अरुण शम्सेर, शुशील शम्सेरबाट विजया राणाले अंश बुझी भिन्न भएकी र ज्योति शम्सेरले अंश पाउने मिति २०४७।७।२७ मा फैसला भई निजले पाउने अंश वाहेक बांकी रहेको जग्गा शुशील शम्सेर, अरुण शम्सेर २ परिवारमा रही अरुण शम्सेर शुशील शम्सेर बिच अंश मुद्दामा मिति २०५०।८।६ मा मिलापत्र भई निजहरु भिन्न भएको देखिएपछि सो मिति पश्चात् निजहरुको अलग अलग परिवार हुने भई त्यसबखत कायम रहेको जग्गामा अलग अलग परिवार मानी हदबन्दी कायम हुनु पर्ने हुन्छ । शुशील शम्सेर, अरुण शम्सेरको नाममा के कति जग्गा बांकी छ भन्ने तर्फ मालपोत कार्यालयहरु बुझ्दा मा.पो.का., भक्तपुरले पठाएको शुशील शम्सेरका नाउंमा कायम रहेको जग्गा अदालतको मिलापत्र अनुसार आधा अरुण शम्सेरको आधा शुशील शम्सेरको र भा.पो.का., चावहिलबाट प्राप्त विवरणमा उल्लेखित ५३ रोपनी मध्ये २७-९-० जग्गा कहिले हस्तान्तरण भएको हो नखुलेको सो जग्गा २०५०।८।६ पछि हस्तान्तरण भएको भए शुशील शम्सेरकै साथमा रहेको मानिने र बागदरवार कम्पाउण्डको निजहरुको भिन्न भएको मितिसम्म कायम रहेको जग्गा शुशील शम्सेर, अरुण शम्सेरको छुट्टा छुट्टै कायम हुने र नुवाकोट धादिङ बर्दिया, मकवानपुरमा समेत जग्गा भए सो समेत जोडी हदबन्दी लागू हुने देखिंदा शंकराचार्य मठ गुठीको ३६-२-० जग्गामा शुशील शम्सेर मोही भएकोमा निजका नाउंमा जग्गावाला र मोहीको हैसियतले भएको जग्गा मिलाई गुठी संस्थान ऐनको दफा ३७ अनुसार भूमि सम्बन्धी ऐनको दफा ८ लागू भै दफा ११ बमोजिम कारवाई हुनु पर्नेमा सो बमोजिम नभई निजले मोहियानी भएको गुठीको जग्गा हक हस्तान्तरण गरेको देखिएको हुंदा निजले सो जग्गा हस्तान्तरण गरे पनि हदबन्दी प्रयोजनको लागि सो जग्गा निजको साथमा रहेको मानी कारवाई हुने हुंदा उक्त जग्गाको सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ८ र ११ बमोजिम कारवाई गर्न र हरि शम्सेरको ७ नं. फांटवारीको कारवाईमा भूमिसुधार कार्यालयले निर्णय गरेपछि विजया राणा, ज्योति शम्सेर, अरुण शम्सेर, शुशील शम्सेर बीच वण्डा अदालतको फैसला मिलापत्र बमोजिम भिन्न भिन्न भएको मितिमा अरुण शम्सेर, शुशील शम्सेरको नाउंमा कायम रहेको जग्गा सो मितिमा हदबन्दी भन्दा बढी भएमा भूमि सम्बन्धी ऐनको दफा १५, १६, १८ बमोजिम कारवाई हुने हुंदा निजहरु भिन्न भएको मितिमा निजहरुको नाम वा भागमा पर्ने जग्गा हदबन्दी भन्दा बढी हुन्छ हुदैन छानविन गरी कानून बमोजिम गर्न र आयोगलाई नतिजा जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

१८) महाकाली सिंचाई आयोजना कृषि शाखा कञ्चनपुरका कृषि विकास अधिकृतले भवन कुलो

बाटो निर्माण एवं मेशीनरी औजार खरीद जस्तो कार्यमा ठेकेदारसंग मिलोमतो गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वि.प्र.वि. बाट खटिएका प्राविधिकले गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट काम कुनैमा घटबढ भए पनि सम्पूर्ण काममा बढी भुक्तानी भएको देखिन नआएको ।

१९) शाही नेपाल वायुसेवा निगमका पदाधिकारीहरुले वोइङ्ग विमानको सि.चेक गर्दा, मर्मत गर्दा, सामान खरीद गर्दा, विभान भाडामा लिंदा समेत अनियमित गरी भ्रष्टाचार भयो गरे भन्ने सम्बन्धमा छानविन आयोगले पेश गरेको छानविन प्रतिवेदनका सम्बन्धमा निम्नानुसार गरिएको :–

७२७ ए.वी.एन.को सि चेक गराउंदा २८ करोडको घोटाला भएको भन्ने तथा छानविन आयोगले औल्याएका कुराहरुसमेत दृष्टिगत गर्दा वोइङ्ग ७२७ नाइन एन–ए.वि.एन. विभानको सि चेक र नाइन एन.एन.ए.वि.डि. को सि चेक नजिकै आएको हुंदा र लुफथान्साले आफ्नै ह्याङ्गरमा सि चेक गर्ने भन्ने भएकोबाट काठमाडौंमा नै सि चेक गर्नु पर्ने अवस्था श्रृजना भई एयर लिङ्कबाट नै सि चेक २३ जनवरी १९९२ मा काठमाडौंमा नै प्रारम्भ भई नेपाली प्राविधिकहरुलाई समावेश गरी एयर लिङ्कसको नेतृत्वमा काम सम्पन्न गराउंदा रु. १,६३,५७,०७२।– लागेको र नेपालीले प्राविधिक विकासमा अनुभव हासिल गरेको देखिंदा उजुरी दावी अनुसार हानी नोक्सानी घोटाला भएको भन्न मिल्ने देखिन नआएको ।

वोइङ्ग ७२७ ए.वि.एन. को सि चेक, ९ एन.ए.भी. विमान मर्मत, एम.एफ., २०३० उपकरण खरीद, ट्वीन अटरको विंग खरीद आदि विषयमा भ्रष्टाचार भयो भन्ने समेत कुराहरुलाई छानविन आयोगको प्रतिवेदनमा देखाइएका अनियमितता समेतलाई विचार गर्दा पहिलो नाइन एन.ए.भी. मर्मत गरे गराएको कृयाकलापहरु त्रुटिपूर्ण देखिए तापनि शा.ने.वा.नि. को सञ्चालक समितिले उक्त जहाज मर्मत गर्ने ठेक्का लिन बेलायतको वी.ए.एफ. कम्पनीलाई २ लाख यू.के. पाउण्ड तिरी मिलापत्र गरेको र सो अनुमोदन समेत सञ्चालक समितिले गरेको देखिंदा व्यापारिक दृष्टिले संझौतामा उल्लेख भए बमोजिम मुद्दा बेलायतको अदालतमा दायर हुने र बेलायतमा गई शा.ने.वा.नि.ले पार्टि विरुद्ध आफ्नो प्रमाणहरु जुटाई वकिल लगायतको महंगो खर्च व्यहोर्दा उक्त मुद्दा फिर्ता लिन २ लाख पाउण्ड तिरे जति खर्च हुने नै भएको र फैसलाको नतिजा अनिश्चित भएको समेत कारणले २ लाख यू.के. पाउण्ड तिरी मिलापत्र गरेकोलाई बदनियतपूर्ण तवरले काम गरेको भन्न मिलेन । तर यस्तो किसिमले सञ्चालक समितिले विषय वस्तुको राम्रो अध्ययन नै नगरी मौखिक प्रस्तावको भरमा निगमले व्यहोर्न पर्ने जस्तो आर्थिक दायित्वलाई अनुमोदन तथा निर्णय गर्न आइन्दा सावधान रहन लेखिएको ।

एम्रो नाइन एन.ए.ए.भी. जहाज मर्मत गराउन वि.ए.एफ. पार्टिसंग सम्झौता गर्दा ठेकेदार तथा आयकरको केही उल्लेख भएको नदेखिंदा ठेक्का कर तथा आयकरको सम्बन्धमा कानून बमोजिम लाग्ने कर असुल उपर गर्न र यस्तै ९ एन.ए.वि.डि.वोइङ्ग ७२७ को सि चेक एयरक्राफ्ट कम्पोनेण्ट लिजमा लिएको र ट्रान्स लिफ्ट एयर लि.संग डि.सि. र जहाज भाडामा लिएकोमा कानून बमोजिम लाग्ने कर कानून बमोजिम नै असूल उपर गर्न कर विभागलाई लेखिएको ।

नाइन एन.ए.वि.एन.सि. ४ चेकको निमित्त भएका कार्यविधिहरु हेर्दा त्रुटिपूर्ण तवरले काम कारवाई भए गरेको देखिए तापनि टिम एयर लिङ्कस र शाही नेपाल वायुसेवा निगमको बिच भएको सम्झौता अनुसार उक्त वोइङ्ग ७२७ वायुयानको सि ४ चेक तथा सि.पि.सि.पि. (corrosion protection and corrosion prevention) कोरोजन प्रोटेक्शन एण्ड कोरोजन प्रिभेन्सन कार्यक्रम अन्तर्गत गरिनु पर्ने मर्मत संभारको कार्य गर्न आयरल्याण्डको टिम एयर लिङ्कस संस्थासंग सञ्चालक समितिको निर्णयमा उल्लेखित अमेरिकी डलर १२,६६,३०० मा नबढ्ने गरी संझौता गरी भए गरेको काम सम्बन्धमा सम्बन्धित प्राविधिकबाट अध्ययन गराउंदा समेत सि.पि.सि.पि. अन्तर्गत ल्याब ज्वाइण्ट र स्क्रिन प्यानल पर्ने तथा टिम एयर लिङ्कसले सो वायुयानको स्थित प्यानलहरुमा थुप्रै तथा सबै ल्याव ज्वायन्टहरुमा मर्मत सम्भार गरेको र सो वापत अ.ड. १६,६२,६२५.४० को बिल पेश गरे पनि संझौता अनुसार नै अ.ड. १२,६६,३००.०० भुक्तानी भए गरेको देखिंदा बदनियत चिताई काम कारवाई गरी भ्रष्टाचार गरेको भन्ने देखिन आएन ।

इन्जिनीयरिङ्ग विभाग र अन्तर्गत खरीद भएका मालसामान सम्बन्धमा, वायुयान इन्जीन र पार्टपुर्जाको ओभर हल मर्मत सम्भार सम्बन्धमा ओभरहल र मर्मत सम्भारको वारेण्टी क्लेमको सम्बन्धमा, एयर क्राफ्ट कम्पोनेण्ट लिजमा लिएको सम्बन्धमा, एयर क्राफ्ट कम्पोनेण्ट सापट लिएको सम्बन्धमा समेतका काम कारवाईहरुमा भ्रष्टाचार भए गरेको आरोप लगाउन सबुत प्रमाणको अभाव देखिएको तथा प्रकृयागत त्रुटिपूर्ण काम कारवाई सम्बन्धमा शाही नेपाल वायुसेवा निगम, इन्जिनियरिङ्ग तथा तत्सम्बन्धी विभागहरुको काम कारवाई सम्बन्धी छानविन आयोग २०४९ द्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेखित त्रुटिहरु उपरका सुझावहरु लागू नभएको तर्फ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गरिएको ।

२०) खिम्ती जलविद्युत योजनाको प्रवेश मार्गको निमित्त जग्गा अधिग्रहण गर्दा किर्ते मञ्जुरीनामा बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा मुआव्जा रकम पाउनु पर्ने सम्बन्धित व्यक्तिले सो रकम पाई सकेको व्यहोराको बयान कागज गरेको हुंदा यस विषयमा केही गरिरहनु पर्ने नदेखिएको ।

२१) सूचना विभागले नेपाल मोटर कम्पनी लिमिटेडसंग बा.अ.ग १२७५ नम्बरका गाडी खरीद गर्दा उक्त कम्पनीले ८ लाखमा उपलब्ध गराउने गाडीलाई १२ लाख भन्दा बढी मूल्यमा खरीद गरेको र खरीद गरेको गाडी पुरानो समेत भएको भन्ने सम्बन्धमा निम्नानुसार गरिएको :-

क) सूचना विभागले खरीद गरेको गाडी मिति २०५२।९।२६ मा नेपाल भित्रिएको भन्ने कुरा मिसिल संलग्न रहेको आयात प्रतित पत्रबाट देखिन्छ भने नेपाल मोटर कम्पनी प्रा.लि., काठमाडौंका नाममा आयात भई मिति २०५२।९।२८ मा यातायात व्यवस्था कार्यालय, इटहरीमा दर्ता भएको को.अ.ख. ९५८ नं. बसको सीट क्षमता २६ भएको हुंदा सवारी ऐन, २०४९ बमोजिम भाडा बसमा दर्ता भएको र दर्ता भएकै मितिमा यातायात व्यवस्था कार्यालय, बागमतीमा सरुवा दर्ताको लागि सहमति लिएको भन्ने कुरा पनि मिसिलबाट देखिन्छ । साथै विभागले उक्त गाडी मिति २०५२।११।१८ देखि नै प्रयोग गरेको र मिति २०५२।१२।१२ मा लगबुकमा ०३१०८ किलो मिटर जनिएको (सरकारी प्लेटमा आउंदासम्ममा) देखिएको हुंदा समेत उक्त गाडी पुरानो भएको भन्न सकिने नदेखिंदा केही गरिरहनु परेन ।

ख) सूचना विभागले कोटेशनबाट गाडी खरीद गर्ने स्वीकृतिको लागि मन्त्रालयमा पेश भई मन्त्रालयले कोटेशनबाट गाडी खरीद गर्न स्वीकृति दिएको र सो अनुरुप विभागले विभिन्न कम्पनीबाट ५ वटा गाडी खरीद सम्बन्धी कोटेशन लिएको र गाडीको मूल्य प्रति इकाई मूल्यको मूल्यांकनको आधारमा सबैभन्दा घटी मूल्य कोट गर्ने नेपाल मोटर कम्पनी प्रा.लि.बाट २६ सीट भएको रु. १२,६८,५००।- मा मिनीबस खरीद गरेको देखिंदा गाडी बढी मूल्यमा खरीद गरेको भनी यकीन गर्न सकिने अवस्था नदेखिंदा केही गरिरहनु परेन ।

ग) तर नेपाल मोटर कम्पनी प्रा.लि.ले सूचना विभागलाई गाडी (मिनीबस) उपलब्ध गराउन पेश गरेको कोटेशनमा र क्याटलगमा (SWRAJ MAZDA MODEL WV 26) भनी मोडल पेश गरेको र टायरमा ७.५०–१६–१४ भनी पेश गरेकोमा पछि उक्त कम्पनीले भुक्तानीको लागि इन्भ्वाईस पेश गर्दा गाडीको मोडल WV – २६ D WEL 4 G र टायरमा ७.५०–१६–१२ भनी पेश गरेको देखियो । यसरी कोटेशन र क्याटलग र इन्भ्वाईसमा परेको फरकका सम्बन्धमा नेपाल मोटर कम्पनी लि. ले सूचना विभागलाई उपलब्ध गराउने भनिएको मिनीबस अर्डरको WV 26 D हुनु पर्नेमा WEL 4 G भएको सम्बन्धमा यी दुवै मोडल एकै भएको र टायरको प्लाई ७.५०–१६–१४ हुनु पर्नेमा ७.५०–१६–१२ भएकोमा मूल्यमा समेत कुनै अन्तर नभएको भनी पत्रद्वारा जानकारी पठाएको र सो सम्बन्धी प्रमाण पनि पेश गरेको देखियो । यसरी व्यापारिक कम्पनीले दिएको जानकारी र केन्द्रीय सेवा विभागबाट सूचना विभागको अनुरोधमा खटिई जाने प्राविधिक सिनियर मेकानिक तीर्थ बहादुर नापितले क्याटलग अनुसारको गाडी भएको भनी टिप्पणीमा दिएको रायको आधारमा सूचना विभागले गाडी खरीदको लागि नियमानुसारको भुक्तानी दिने भनी मिति २०५२।१२।२७ मा निर्णय गरेको देखियो । यस सम्बन्धमा सूचना विभागका महानिर्देशक समेतले प्राविधिकले दिएको राय र कम्पनीले दिएको जानकारीको भरमा विश्वास परी गाडी खरीद गरेको भनी बयानमा समेत उल्लेख गरेको देखिन्छ ।

माथि उल्लेख भएको व्यहोरा अनुसार कोटेशन र क्याटलग अनुसारको गाडी खरीद गरेको

भन्न मिलेन । कोटेशन र क्याटलग अनुसारको कुनै पनि माल वा वस्तु खरीद नगरिने परिपाटी भएमा कोटेशन र क्याटलग प्राप्त गर्नु पर्ने जस्ता कुराको कानूनी व्यवस्थाको कुनै प्रयोजन नरहने स्थिति हुन्छ । अतः सूचना विभागले माथि उल्लेख भएको गाडी खरीद गर्दा नेपाल मोटर कम्पनी प्रा.लि.ले पेश गरेको कोटेशन र क्याटलग अनुसारको गाडी खरीद गर्न प्रकृया अगाडि बढाएकोमा पछि गाडीको इन्भ्वाइस पेश हुंदा कोटेशन र क्याटलग अनुसारको गाडी नभएको भन्ने सम्बन्धमा जानकारी प्राप्त भएपछि उक्त गाडी लिन अस्वीकार गर्नु पर्नेमा तत्कालीन लेखा अधिकृतले राय दिए अनुसार पनि काम नगरी स्वीकार गरी गाडी खरीद गरेको कार्यलाई वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालन गरेको कार्य भन्न नसकिने हुंदा उक्त गाडी खरीदमा मुख्य रुपमा संलग्न रहेका सूचना विभागका महानिर्देशक मुकुन्द प्रसाद आचार्य (जसले गाडी खरीद गर्नमा अन्तिम निर्णय सदर गरेका छन्) र सूचना विभागका शाखा अधिकृत केदार बहादुर भट्टराई (जसले प्रशासन शाखा र प्रोक्योरमेण्ट तर्फ काम गर्दा गाडी खरीद सम्बन्धी कार्य गरी भुक्तानी दिन टिप्पणी पेश गरेका छन्) को काम सन्तोषजनक नदेखिंदा निजहरु दुवै जनालाई विभागीय कारवाईका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सम्बन्धित मन्त्रालयका मन्त्रीलाई लेखी पठाई सोको कार्यान्वयन गरी यथाशीघ्र आयोगलाई जानकारी दिन लेखिएको ।

२२) त्रिवेणी डिष्टीलरी प्रा.लि. र त्रिवेणी डिष्टीलरीले अनियमित तवरले रेक्टीफाइड स्प्रीट उत्पादन गरी राजश्व छलेको भन्ने समेत विषयमा निम्नानुसार गरिएको :-

क) त्रिवेणी डिष्टीलरी र त्रिवेणी डिष्टीलरी प्रा.लि. दुबैले प्लान्ट राखी स्प्रीट उत्पादन गर्न उद्योग विभागबाट इजाजत लिन पर्ने नपर्ने सम्बन्धमा उद्योग विभागलाई सोधिंदा विभागको मिति २०५२।९।२३ प.सं. ०५२।५३ उ.वि.इ.शा. २९१ को पत्रबाट औद्योगिक व्यवसायी ऐन, २०४९ को दफा ९ तथा अनुसूची २ अनुसार वियर तथा मदिरा उद्योगलाई उद्योग दर्ता गर्न अनुमती लिनु पर्नेमा परेको छ । त्रिवेणी डिष्टीलरी र त्रिवेणी डिष्टीलरी प्रा.लि. यस विभागमा दर्ता नभएको भन्ने समेत उल्लेख भएको र उद्योग विभागले अन्तःशुल्क तथा बिक्रीकर विभागलाई ०५२।११।२४ को पत्रमा औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार मदिरा (स्प्रीट समेत) उत्पादनमा अनुमती लिन पर्ने व्यवस्था भएको समेत उल्लेख भएको देखिंदा त्रिवेणी डिष्टीलरी र त्रिवेणी डिष्टीलरी प्रा.लि. ले औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार अनुमती लिन पर्ने सम्बन्धमा अनुमती नलिई स्प्रीट उत्पादन गरे गराएको तर्फ कानून बमोजिम कारवाई गर्न उद्योग मन्त्रालयलाई लेखिएको ।

ख) अर्थ मन्त्रालयको क.प्र. १।०५२।५३ च.नं. २२९६ मिति ०५३।३।१३ को पत्रमा कार्यदल गठन भई सो कार्यदलबाट सुझावसहितको प्रतिवेदन प्राप्त भई सकेको छ । आर्थिक वर्ष ०५२।५३ को बजेट वक्तव्यमा समेत निम्न कोटी मदिरा हाल उत्पादन तर्फ औद्योगीकरण गरी बिक्री वितरण व्यवस्था मात्र ठेक्काद्वारा राजश्व उठाउने व्यवस्थाको लागि चालु वर्षमा अध्ययन गरिने व्यहोरा उल्लेख भए अनुरुप सो विषयमा समेत अध्ययन भई प्रतिवेदन प्राप्त भई सकेको छ । रेक्टीफाइड स्प्रीट र मदिरा प्रशासन अन्तःशुल्क ऐन, नियम, मदिरा ऐन, नियम, औद्योगिक व्यवस्था ऐन, रकम र रकारी ठेक्का बन्दोवस्त ऐन तथा आर्थिक ऐन समेतसंग सम्बन्धित भएको हुंदा प्रचलित ऐन, कानूनमा सामञ्जस्य कायम गरी सुधार गरिदै लगिने समेत उल्लेख भई आएको देखिंदा प्रचलित ऐन, कानूनमा सामञ्जस्य कायम गरी गराई नीति तयार गरी कार्यान्वयन गराउन अर्थ मन्त्रालयलाई लेखिएको ।

२३) तेश्रो आंखाको तर्फबाट पशुपतिका मूल भट्ट , मालपोत कार्यालय समेतले एक प्रसाद थपलिया समेत थपलिया परिवारका नाममा गैर कानूनी रुपले जग्गा दर्ता गरेको एक प्रसादले मृतक दाजु मोहन प्रसादको नामबाट किर्ते नागरिकता लिएको, नक्सा पास स्वीकृति विना घर बनाएको हाइटेन्सन लाइन मुनी घर बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा कारवाई हुंदा एक प्रसादले मोहन प्रसादको नामबाट नागरिकता लिएको भन्ने सम्बन्धमा छुट्टै फाइलबाट कारवाई भइरहेकोले सो विषयमा वाहेक निवेदनमा उल्लेखित अन्य कुराहरुका हकमा निम्न बमोजिम गरिएको :-

एक प्रसाद, मुक्ति प्रसाद, यव प्रसाद, भूप कुमारी थपलिया, माधव प्रसाद अर्याल समेतले गोंगबु ४ (ग) कि.नं. २९१, २९२, २९३, २९८, २९९, २९६, २७१, २७२, २७३, २८९, ३०० का जग्गा पशुपति नाथका नाउमा दर्ता गरी पाउं भनी निवेदन गरी पशुपतिका मूल भट्ट रावल पदमनाथ

शास्त्रीबाट उक्त जग्गाको तिरो बुझी दर्ता गर्ने मिति ०३६।११।१७ मा निर्णय भई उल्लेखित कित्ता जग्गाहरु ज.ध. अमालकोट कचहरी मोही निवेदनकहरु कायम गरी मालपोत कार्यालय काठमाडौंबाट ०३८।११।१० मा कि.नं. ३०० र अरु बांकी कित्ता जग्गा ०४०।३।१७ मा दर्ता भएको देखियो । एक प्रसाद, मुक्ति प्रसाद, यव प्रसाद, भुप कुमारी, माधव प्रसादले जग्गा दर्ता गरी पाउं भनी दिएको निवेदन तथा अमालकोट कचहरीबाट प्राप्त फायल कागजातबाट उक्त जग्गाहरु साविक देखि गुठीको जग्गा हो भन्ने खुलेको देखिंदैन । जग्गा दर्ता गर्न निवेदन परेपछि गो.प. मा हक दावी सम्बन्धी सूचना प्रकाशन गर्दा कसैको दावी उजूरी नपरेको हुंदा गुठीमा दर्ता गर्ने भनी मूल भट्टबाट निर्णय भएको देखिन्छ । मूल भट्टबाट भएको निर्णय प्रतिलिपीबाट सो जग्गा साविक देखि गुठीको हो भन्ने आधार खुलाएको देखिन गो.प. मा सूचना प्रकाशन गर्दा कसैको दावी नपरेको भन्ने आधारमा सो जग्गा दर्ता गरेको देखिन्छ भन्ने निवेदकहरुले समेत गुठीकै जग्गा हो भनी प्रमाण प्रस्तुत गरेको देखिदैन । फायल साथ संलग्न भूमिसुधार कार्यालयको उपरोक्त जग्गाको मोही सम्बन्धी विवरणमा भएको निर्णयको फोटोकपीबाट समेत उक्त जग्गा गुठीको हो भन्ने उल्लेख भएको पाइंदैन । पशुपति मूल भट्टबाट भएको निर्णयमा समेत यस आधारमा सो जग्गा गुठीको भन्ने खुलाएको नदेखिएको, द्वारे बसु नारायणले गो.प.मा सूचना प्रकाशन गर्दा कसैको दावी विरोध नपरेकोले गुठीमा दर्ता गर्न मूल भट्ट समक्ष पेश भएकोमा मूल भट्टबाट दर्ता गर्ने गरेको देखिन्छ तर गुठी संस्थान ऐन, २०३३ प्रारम्भ भएपछि जग्गा दर्ता लगायत जग्गा प्रशासन सम्बन्धी कार्य मूल भट्टका मातहतका व्यक्तिहरुले गर्न सक्ने ऐन नियममा व्यवस्था भएको पाइदैन । मूलभट्टबाट उपरोक्त जग्गा दर्ता भएपछि केही कित्ता जग्गामा अदालतमा मुद्दा परेको र धेरै जसो जग्गाको मोहियानी हक हस्तान्तरण भएको अमालकोट कचहरीबाट प्राप्त फायलबाट देखिन्छ ।

पशुपति गुठीको जग्गाको बन्दोवस्त तथा जग्गा सम्बन्धी काम कारवाईहरु मूल भट्ट अन्तर्गत अमालकोट कचहरी भण्डार तहवीलबाट हुने गरेको देखिन्छ । जग्गा दर्ता गर्ने लगायत जग्गा प्रशासन सम्बन्धी कार्य मूल भट्ट वा मूल भट्ट मातहतका व्यक्तिहरुले गर्न सक्ने ऐन नियममा व्यवस्था भएको देखिंदैन ।जग्गा प्रशासन सम्बन्धी कार्य अर्ध न्यायिक अर्ध प्राविधिक कार्य भएको र जग्गा जमीन जस्तो अचल सम्पत्ति सम्बन्धी काम कारवाई जग्गा प्रशासन सम्बन्धी ज्ञान नभएका पशुपति गुठीका द्वारे लगायतका व्यक्तिहरुबाट हुंदा अनियमितता हुने प्रशस्त संभावना रहने मात्र होइन अवाञ्छित गतिविधि हुने र यस्तो कार्यबाट विभिन्न समस्या तथा विवाद आउने अवस्था विद्यमान रहेको देखिन्छ ।

पशुपति गुठीको जग्गाको व्यवस्थापन तथा प्रशासन गर्ने सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ को दफा २०(३) मा पशुपति अमालकोट कचहरीमा कुत बुझाउनु पर्ने वा पशुपति गुह्येश्वरीसंग सम्बन्धित सबै खालको गुठी जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिई बन्दोवस्त र संचालन गर्न सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ भने पशुपति विकास कोष ऐन, २०४४ को दफा १७(क) २ मा दफा १७(क) १ देखि वाहेक पशुपति मूल भट्ट तालुकका रहेको सबै काम कुरा परिषद् अन्तर्गत रहनेछ र त्यस्तो संचालन असूल तहसिलको रेखदेख र नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजा दक्षिणामा भेटी दस्तुर तथा पशुपति क्षेत्र भित्र गरिने विभिन्न कामको लागि खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ ।

ऐनमा भएको व्यवस्था सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय र युवा खेलकुद तथा संस्कृति मन्त्रालयसंग प्रतिक्रिया माग गर्दा पशुपति गुठी सम्बन्धी जग्गाको काम कारवाई तथा प्रशासन गुठी संस्थान तथा पशुपति विकास कोषबाट नभएको पशुपति विकास कोष कार्य व्यवस्था नियमावली स्वीकृतिको लागि मं.प. मा पेश भएको स्वीकृति भै नआएको भन्ने व्यहोरा उल्लेख भएको देखिंदा पशुपति गुठी सम्बन्धी कार्यहरु हालसम्म पशुपतिका मूल भट्टबाट हुने गरेको देखिएकोले प्रस्तुत विषयमा निम्न दफा १ बमोजिम गर्ने व्यवस्था हुन अ.दु.अ.आ.ऐन, २०४८ को दफा २८(१) बमोजिम श्री ५ को सरकार, मं.प. सचिवालयमा सुझाव पठाइएको :–

१) ऐन बनेको धेरै वर्ष बिती सक्दा पनि ऐनमा भएको व्यवस्था लागू नहुनुलाई उचित मान्न सकिदैन । यसर्थ पशुपति गुठीको जग्गाको बन्दोवस्त संचालन तथा प्रशासन सम्बन्धी कार्य गुठी संस्थान ऐन, २०३३ को दफा २०(३) र पशुपति विकास कोष ऐन, २०४४ को दफा १७(क) २ मा

व्यवस्था भई एउटै कार्य गर्न दुई ऐनले दुई निकाय तोकिएको भए पनि दुवै निकायबाट सो कार्य हालसम्म नभएको , पशुपतिको विकास सम्बर्द्धन संरक्षण गर्न पशुपति विकास कोष ऐन लागू रहेको हुंदा पशुपति गुठीको जग्गा सम्बन्धी कार्य समेत पशुपति विकास कोष ऐन बमोजिम गर्न उपयुक्त हुने हुंदा यथाशीघ्र सो बमोजिम गर्ने व्यवस्था हुनु पर्ने ।

२) गोंगबुंका उल्लेखित कित्ता जग्गाहरु अनियमित तरिकाले दर्ता गराएको सार्वजनिक सरकारी जग्गा दर्ता गरे गराएको भन्ने सम्बन्धमा साविक श्रेस्ता अभिलेख हेरी प्रचलित कानून बमोजिम कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

३) उल्लेखित कित्ता जग्गा मध्येको जग्गामा विना स्वीकृति, नक्सा पास नगरी घर बनाएको भन्ने सम्बन्धमा कानून बमोजिम कारवाई गर्न नगर विकास समिति, काठमाडौंलाई लेखिएको ।

४) हाइटेन्सन मुनी घर बनाएको भन्ने सम्बन्धमा कानून बमोजिम कारवाई गर्न विद्युत प्राधिकरणमा लेखिएको ।

२४) नेपाल खानेपानी संस्थानका तत्कालिन महाप्रवन्धकले जग्गा बिक्री लगायत विभिन्न कार्यमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

क) बालाजु स्थित पम्प हाउसको ५ आना २ पैसा जग्गा विक्री गरेको भन्ने सम्बन्धमा जग्गा प्राप्ती ऐनको दफा ४ को उपदफा १ बमोजिम सार्वजनिक हित हुने कार्यमा जग्गा प्रयोग गर्ने भएकोले संस्थानले सो जग्गा सोही ऐनको दफा ३४ अनुसार साविक जग्गावाला‌लाई फिर्ता गर्नु पर्ने वाध्यता नभएको र दफा ३५ ले प्राप्त जग्गा बिक्री गर्न सकिने समेत व्यवस्था गरेकोले वडा कार्यालय तथा मालपोत कार्यालय समेतले निर्धारण गरिदिएको दरमा जग्गाको हक छाडी दिनुलाई अन्यथा भन्न नसकिने तथा काठमाडौं उपत्यका नगर विकास योजना, मूल समितिको मिति २०४२।९।४ को निर्णयानुसार सो योजना कार्यक्रममा परेको समेत देखिएकोले यस विषयमा केही गरिरहनु नपरेको ।

ख) अष्ट्रियन पाईपको गुणस्तर प्रतिवेदनबाट सो पाइप ISO-2531 अनुसार भएको पाइएको र कन्सल्टेण्ट नियुक्तिमा पनि यसै आयोगको मिति २०५२।९।२६ मा निर्णय भई सकेको हुंदा केही गरिरहनु नपरेको ।

ग) टेण्डर नै नगरी कोटेशनबाट छपाई गराएको भन्ने सम्बन्धमा संलग्न पदाधिकारीहरु उपर विभागीय कारवाई गर्नु पर्नेमा हाल ती पदाधिकारीहरु सेवा निवृत्त भई सकेको हुंदा केही गरिरहनु नपरेको ।

घ) छपाईको कोटेशन माग गर्दा एउटै दर रेट कोट गर्ने दुई कम्पनी मध्ये कुनैसंग पनि घटाघट गराउने, पुनः कोटेशन माग गर्ने वा कारण खुलाई एक तह माथिबाट स्वीकृत गराउने लगायत कुनै कार्य नगरी विना कुनै टिप्पणी कोटेशन स्वीकृत गरी ठेक्का पाउने समान हक भएको दुई कम्पनी मध्ये अर्कोको हक हित असुरक्षित हुने गरी स्वेच्छाचारी रुपमा तजविजी अधिकारको प्रयोग गरेकोबाट अ.दु.अ.आयोग ऐन, २०४८ बमोजिमको अनुचित कार्य गरेको देखिन आएकोले नेपाल खानेपानी संस्थान, कर्मचारी सेवा शर्त नियमावली, २०४९ को विनियम ६४ बमोजिम सहायक प्रबन्धक भानुदेव जोशीलाई विभागीय कारवाई गरी अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १२(३) बमोजिम सोको जानकारी यस आयोगमा पठाउन ने.खा.पा. संस्थानको संचालक समितिलाई लेखिएको ।

२५) कृषि मन्त्रालयका तत्कालीन का.मु. सचिव रामकृष्ण तिवारीले चीन, सिंगापुरबाट आएको लसुनलाई नेपाली लसुन भनी प्रमाणित गरी गराई आर्थिक अनियमितता गरी भारत निकासी गरेर भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

सचिव विन्देश्वर सिन्हा ०५१ असोजमा विदेश जांदा सह सचिव रामकृष्ण तिवारीले का.मु. सचिव पाएको समयमा मिति ०५१।६।१६ मा यो भन्दा पूर्व योजना महाशाखाबाट नेपाली लसुनको सिफारिश गरेकोलाई अर्को आदेश नभएसम्म मन्त्रालय र विभागबाट समेत सिफारिश रोक्ने भनी निज रामकृष्ण तिवारीले आफैले तोक लगाई रोक्का राखेकोलाई निर्णय गर्न ०५१।६।२४ का दिन १ बजे वाणिज्य मन्त्रालय, आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालयका मन्त्रीज्यू समेतको बैठक बोलाई कृषि मन्त्रीज्यू तथा अरु सचिवहरुबाट नेपाली लसुनको निकासी गर्न कुनै पनि प्रतिबन्ध नलागेकोले सिफारीशको आवश्यकता नै नपर्ने निर्णय भएको देखिएको र यो निर्णय हुन अघिल्लो दिन अर्थात

०५१।६।२३ को मितिमा ३३ जना व्यापारीलाई लसुन निकासी गर्न अनुमती दिने निर्णय गरी अलग रजिष्टर खडा गरी पत्र दिए दिलाएको देखिंदा निज रामकृष्ण तिवारीले सचिव जस्तो गरिमामय पद सम्हालेका उच्चस्तरका कर्मचारीले आफैले रोक्का गरी निर्णय गर्न बैठक बोलाएकोमा निर्णयको प्रतिक्षासम्म नगरी नेपाली लसुन हो, होइन सो प्रमाण केही बुझ्दै नबुझी राम्रो ठेगाना समेत नखुलेका व्यक्तिको निवेदनबाट लसुन निकासीको सिफारीशसमेत गरेकोबाट अधिकारको अनुचित प्रयोग गरी पद अनुसारको आचरणमा रही सन्तोषजनक कार्य गरेको भन्न नसकिने हुंदा निज उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार विभागीय कारवाई गर्न लेखिएको ।

२६) श्री ५ को सरकार हवाई विभागले ०४९।५० र ०५०।५१ को आफ्ना कर्मचारीको का.स.मु. फाराममा अंक दिंदा अनुचित तरिकाले अंक दिएको र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल बनाउंदा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा देहाय बमोजिम गरिएको :-

१) टर्मिनल विल्डिङ्ग सम्बन्धमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल विल्डिङ्ग अस्थाई विस्तार कार्य गर्दा म्याद थप गरी २२ लाखको भ्रष्टाचार भएको भन्ने जिकिर भएकोमा ठेकेदारको निवेदन माग भएपछि प्राविधिक विश्लेषण गरेपछि मात्र २६८ दिन म्याद थप भएको र म्याद थप भएपछि ठेकेदारलाई जरिवाना गर्नु पर्ने आधार नभएको हुंदा यसमा भ्रष्टाचार भएको भन्न सकिने देखिएन साथै निर्माण सामाग्रीको नमूना हेरी साइट इन्चार्जको सिफारीश र योजना प्रमुखको स्वीकृतिमा प्रयोग भएको र निर्माण भएको ठाउंमा कुनै धांजा (मेजर क्रायक) भएको नदेखिंदा यसमा पनि उजुरीको दावी अनुसार कारवाईको आधार भेटिएन ।

२) थाई र पाकिस्तानी एयर बस दुर्घटना भएपछि जांच आयोगको सिफारीश अनुसार आफूसंग रहेको जनशक्तिबाट शाखा महाशाखाको व्यवस्था गरी कर्मचारीलाई जिम्मेवारी तोक्ने काम श्री ५ को सरकारको तोकिएको संगठनात्मक संरचना अन्तर्गत भएको हुंदा यसमा कारवाई गर्नु पर्ने आधार रहेन । नि.से.ऐन र नियम अनुसार एकै पदमा २ वर्षभन्दा बढी का.मु. दिएमा का.मु. दिने अधिकारीबाट खाएको तलव असुल गर्न पर्ने व्यवस्था छ । नयां संरचनामा २ वर्षभन्दा बढी का.मु. दिएको पाइएन त्यस अघि देखि का.मु. दिएको भए पनि म.ले.प. बाट बेरुजु असूल गर्ने व्यवस्था अनुसार नै गर्ने गरी यस आयोगबाट केही गर्नु पर्ने देखिएन ।

३) आयोगमा पर्न आएको उजुरी व्यहोरामा "बदनियतपूर्ण तरिकाले आफूलाई मर्का पर्ने किसिमले का.स.मु. फाराममा अंक थपघट गरिएको यसो गर्दा केरमेट गर्ने तथा टिपेक्स समेत प्रयोग गरेकोले उक्त कार्य अख्तियारको दुरुपयोग गरी भए गरेको हुंदा आवश्यक कारवाई गरी पाउं " भन्ने समेत उल्लेख भएकोमा का.स.मु. फारामहरु समेत झिकाई छानविन गर्दा अधिकांश फारामहरुमा सुपरीवेक्षक र पुनरावलोकन कर्ताहरुबाट दिएको अंक र सांकेतिक कोठामा लगाइएका चिन्हहरु केरमेट गरी टिपेक्स समेत प्रयोग गरी तात्विक भिन्नता देखिने गरी अंकलाई तलमाथि गरेको पाइएको ।

४) नि.से.नि., २०५० अनुसार कर्मचारीको मूल्यांकन गर्ने स्वविवेकीय अधिकार रहेको भए तापनि नि.से.नि. ले निर्दिष्ट गरेको सिद्धान्त (अंक र मूल्यांकनमा सामाञ्जस्य हुनु पर्ने, कर्मचारीले फाराममा भरेको कुरालाई आधार मान्नु पर्ने, सुपरीवेक्षक र पुनरावलोकन कर्ताको मूल्यांकन असाधारण प्रकारले अमिल्दो भई अनुपात (रेसियो) नमिल्ने आदि) प्रतिकूल अंक प्रदान गरेको पाइएको ।

५) मानवीय सामान्य त्रुटिलाई सच्याउने कार्य गर्दा सामान्य केरमेट वा थपघट हुनुलाई स्वाभाविकै मान्न सकिन्छ । तर सबै महलमा केरमेट गरी मूल्यांकनमा नै तात्विक भिन्नता हुने गरी पटक पटक लेखिएकोले (रि राईट गर्नु) दुराशयपूर्ण कार्य भएको भन्ने पुष्टि हुने देखियो ।

६) पुनरावलोकन समितिले पुनः विचारको लागि फिर्ता पठाउंदा मूल्यांकनको आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी अंक घटबढ गर्ने निर्देशन दिएको पुष्टि भएन तर महानिर्देशकले आफ्नै कोठामा सुपरीवेक्षकलाई बोलाई अंक घटबढ गर्न निर्देशन दिएको (प्रवन्धक यज्ञ प्रसाद गौतमको बयान) देखियो । साथै सच्याउनै पर्ने ठाउंमा सम्बन्धित व्यक्तिले प्रष्ट कुरा उल्लेख गरी बुझिने प्रकारले केरमेट र सही गरी सच्याउन पर्ने सो (प्रबन्धक पशुपति गौतमको बयान) नगरेको समेत पाइयो ।

७) उक्त आधारहरुमा उजुरी कर्ताहरु समेतको ०४९।५० र ०५०।५१ का का.स.मु. भर्ने सम्बन्धी

कारवाई गर्दा नि.से.नि. २०५० को नियम ७८(७), (८) र कार्य सम्पादन मूल्यांकन सम्बन्धी निर्देशिका २०५० ले निर्धारण गरेका निर्देशनहरु उल्लंघन गरी दुराशयपूर्ण तरिकाले अंक केरमेट गरी मूल्यांकन र अंक प्रदान बीच सामाञ्जस्य कायम नगरी अविवेकपूर्ण तरीकाले जानाजान पदीय दायित्वको प्रतिकूल अनुचित कार्य गर्ने देहायका कर्मचारीहरुलाई नि.से. ऐन, २०४९ को दफा ५९ को (क) बमोजिम विभागीय कारवाईको लागि अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १२ अनुसार मा.मन्त्रीज्यूलाई लेखिएको :-

(क) महानिर्देशक, विरेन्द्र बहादुर देउजा, हवाई विभाग :- नि.से.नि. २०५० को ७८(७) को प्रतिकूल पुनरावेदन कर्ताको रुपमा मूल्यांकन गरेको र मूल्यांकन गर्ने सुपरीवेक्षकलाई समेत दुरुत्साहन गरी नि.से. ऐन, २०४९ को ६० को जानाजान उपेक्षा गरी अनुचित कार्य गरेको ।

(ख) यज्ञ प्रसाद गौतम, प्रवन्धक, त्रि.अ.वि. :-सुपरीवेक्षकको रुपमा रही त्यसो गर्न सहयोग पुऱ्याएको ।

(ग) नगेन्द्र प्रसाद घिमिरे, उप महानिर्देशक, हवाई विभाग :- ऐ ऐ

(घ) मोहन चन्द्र सिंह :- हाल अवकास प्राप्त भएकोले केही गरिरहनु परेन ।

नि.से.नि., २०५० को भावना र मर्मको उपेक्षा गरी कार्य सम्पादन मूल्यांकन गर्ने सुपरीवेक्षक र पुनरावेदन कर्ताको उक्त नियमको ७८(८) को (घ) अनुसार पुनरावलोकन समितिले अभिलेख राख्ने व्यवस्था गर्न श्री ५ को सरकारको ध्यान जान पर्ने देखियो ।

कार्य सम्पादन मूल्यांकन र बढुवा प्रकृयाको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ८५ अनुसार बढुवा समितिले आवश्यक व्याख्या र व्यवस्था गर्न सक्ने हुंदा यसमा आयोगले केही गर्नु पर्ने देखिएन ।

२७) विश्व विद्यालय अनुदान आयोगले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र सो अन्तर्गतको केन्द्रीय क्याम्पसको लागि छुट्याइएको आ.व. ०५३।५४ को प्रथम चौमासिकको बांकी रकम त्रि.वि. मार्फत उपलव्ध नगराई गैर कानूनी एवं अनाधिकृत तवरले सो अध्ययन संस्थानका डीन मार्फत् उपलव्ध गराएको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

(क) प्रस्तुत सन्दर्भमा औचित्यका दृष्टिले माननीय शिक्षामन्त्री मार्फत् प्राप्त निवेदन समेतका आधारमा विश्वविद्यालय अनुदान आयोगले मिति २०५३।६।३ मा निर्णय गरी कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, डीन कार्यालय मार्फत सोझै निकासा पठाएको देखिन्छ तापनि त्रिभुवन विश्वविद्यालय आफै पनि "स्वायत्त संस्था" भएको सन्दर्भमा यसलाई कानून संगत र "स्वस्थ परम्परा" मान्न नसकिने हुंदा भविष्यमा यस्तो स्थिति पुनः दोहोरिन नदिन सम्बन्धित विश्वविद्यालयसंग समन्वय राखी काम कारवाई गर्न विश्वविद्यालय अनुदान आयोगको ध्यान आकृष्ट गराइएको ।

(ख) यसै गरी आर्थिक विवरण तथा मास्केवारी नपठाएको कारण देखाई दैनिक कार्य संचालनमा समेत वाधा पुग्ने गरी त्रिभुवन विश्वविद्यालयले कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको विनियोजित बजेटको निकासा रोक्का गर्ने कार्यलाई मनासिव ठान्न उपयुक्त नदेखिंदा भविष्यमा यस्तो अवस्था पुनः दोहरिन नदिन यस तर्फ त्रिभुवन विश्वविद्यालयको ध्यान आकृष्ट गराइएको ।

२८) शाही नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रवन्धक बलिराम सिंहले विभिन्न स्थानमा सेल्स एजेण्ट खडा गरी सो वापत कमिशन खाएको, अमेरिकाको एभरग्रीन कम्पनीसंग वोइङ्ग ७२७ विमान भाडामा ल्याउंदा कमिशन खाएको र आफ्नो श्रीमतीका नाउमा कार्गो एजेन्सी खोलेर सो मार्फत अनियमित गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर छानविन हुंदा सेल्स एजेण्ट नियुक्तिको निमित्त एउटा क्राइटेरिया निर्धारण गरी सो क्राइटेरिया भित्र परेका प्रस्तावहरु सिफारिश साथ प्राप्त भएपछि निगमको मार्केटिङ्ग विभाग प्रमुखले हेरी निज समेतको बैठकबाट निर्णय गरेपछि सेल्स एजेण्ट नियुक्ति गर्ने गरेको समेत देखिन आएको, एभरग्रीन कम्पनीसंग जहाज भाडामा लिंदा उच्चस्तरीय एयरक्राफ्ट सर्च कमिटीबाट जहाज खोजवीन गरी प्राप्त प्रस्ताव माथि सो कमिटीको सिफारिशसहित पेश भएको प्रस्ताव सञ्चालक समितिमा पेश हुंदा भएको ०४२।१२।१ को निर्णय र ०४२।१२।१५ को निर्णय समेतबाट विमान भाडामा लिएको देखिएको र ०४२।१२।१५ को निर्णयानुसार ९० हजार अमेरिकी डलर प्रति महिना भन्दा बढी तिर्नु परेको रकम वोइङ्ग कम्पनीसंग

हिसाव मिलान गरेको देखिएको तथा आफ्नो श्रीमतीको नाउंमा खोलेको कार्गो एजेन्सी कुनै कारोवारमा नआउँदै विघटन गरेको भन्ने भनाई रहेको र सो एजेन्सीसंग निगमको कुनै कारोवार नै नभएको देखिएको हुंदा यसमा अरु केही गरिरहनु नपरेको ।

२९) जनकपुर चुरोट कारखानाले ४ वर्ष अघि कमसल सिगरेट पेपर किनेको, बाली वर्ष १९९४ को सूर्ति प्राप्त हुन बांकी छंदै १९९५ को सूर्ति न्यून गुणस्तरको खरीद गरेको, प्राइमरी प्रोसेसिङ्ग मेशीन मर्मत गर्दा राम्ररी नचलेकोमा पनि भुक्तानी दिएको, देउराली र गैंडालाई २ वर्षको लागि पुग्ने सूर्ति छंदाछंदै कृत्रिम अभाव देखाई ७०० टन खरीद गरेको, चुरोट बिक्री वितरणको लागि नियम विपरित डिष्ट्रीव्यूटरहरु नियुक्त गरेको भन्ने समेतका व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुंदा यसमा खरीद गरेको सिगरेट पेपर प्रयोग गर्ने गराउने सम्बन्धमा कारखानाको व्यवस्थापन र सञ्चालक समिति समेतबाट जांचबुझ र छानविन गरे गराएको भन्ने देखिन आएकोछ तापनि उपयुक्त गुणस्तरको कागज प्राप्त भएकोमा त्यसको उचित रेखदेख तथा यथासमय प्रयोग गर्नु गराउनु पर्नेमा सो भए गरेको नदेखिएको हुंदा यसमा के कस्तो कारणले कसको गफलत वा लापरवाहीबाट सो कागज प्रयोग हुन गर्न नसकेको हो सो वारे आवश्यक छानविन गरी कसैले भ्रष्टाचार गरेको देखिन आएमा यस आयोगमा पठाउन र त्यस्तो नदेखिएमा त्यहींबाट जो जे गर्नु पर्ने गर्न कारखानाको महाप्रवन्धकलाई लेखिएको ।

३०) प्रदर्शनी स्थल, भृकुटी मण्डपमा मेला संचालन गर्न मेला संचालन कार्यालयबाट मिति ०५३।४।१७ गतेको गोरखापत्रमा शिलबन्दी बोलपत्र आव्हान गरेकोमा सबभन्दा बढी रोशनी श्रेष्ठको रु. ५५,५५,५५५।- , दोश्रो रु. २३,००,०००।- ठे. अनिल श्रेष्ठको, तेश्रो ठे. हरिगोपाल अमात्यको रु. १९,९९,९९९।९९ र चौथो रु. १८,००,०००।- ठे. पदम बहादुर शाक्यको बोलपत्र पर्न आएकोमा जालसाजी किर्ते गरि ठे. रोशनी श्रेष्ठको ठेक्का अंक रु. ५५,५५,५५५।- लाई घटाई रु. ३१,००,०००।- कायम गरी ठेक्का दिएको र उक्त कार्य गर्न गराउनेमा समाज कल्याण मन्त्रालयका तत्कालीन सचिव प्रभा बस्नेत, मेला संचालन कार्यालयका उप निर्देशक भुपेन्द्र गुरुङ्ग, अफिसर श्रीराम शर्मा तथा ठे. रोशनी श्रेष्ठको प्रतिनिधि निजको श्रीमान विजय श्रेष्ठले रु. २०,००,०००।- लिनु दिनु गरी मेला संचालन कार्यालयलाई रु. २,४४,४४०।- घाटा पारी भ्रष्टाचार गरेको भन्ने निवेदनउपर छानविन हुंदा निम्नानुसार गरिएको :-

भृकुटी मण्डप सन्चालन कार्यालयले प्रत्येक वर्ष भृकुटी मण्डपमा मेला संचालन गर्न दिने कार्यक्रम अनुरुप ०५३।६।९ देखि ०५४।६।८ सम्म मेला संचालन गर्न दिने भनी समाज कल्याण परिषद्को मिति ०५३।४।११ को निर्णय अनुसार ०५३।४।१७ मा गो.प.मा सूचना प्रकाशित भई पर्न आएको ४ टेण्डरहरु मध्ये सबभन्दा घटी अंक कबोल गर्ने ठे. रोशनी श्रेष्ठको कबोल अंक रु. ३१,११,१११।- लाई स्वीकृत गरि मिति ०५३।६।९ मा रोशनी श्रेष्ठसंग सदस्य सचिव प्रभा बस्नेतले संझौता गरेको जो गत सालमा कायम भएको ठेक्का अंक (हाल संचालन गर्न दिएको मेला क्षेत्रमा नै) रु. २२ लाख २२ हजार भन्दा रु.९ लाख बढीको ठेक्का सदर गरेको देखिन्छ ।

उजुरीमा उल्लेखित रोशनी श्रेष्ठले रु. ५५,५५,५५५।- को ठेक्का कबोल गरी धरौटी समेत ५% ले राखेकोमा पछि थपघट गरी रु. ३१,११,१११।- गरी रु. २४,२४,४४४।- संस्थालाई घाटा पुऱ्याएको सम्बन्धमा छानविन गर्दा प्रतिनिधि एवं ठेकेदारहरुको बयानबाट निम्न कुरा देखिन आएको छ :-

१) प्रतिनिधिहरु हरिभक्त श्रेष्ठ र प्रचण्डमान बज्राचार्यले टेण्डर फारामहरु धेरै पाना भएकोले बाहिरी पाना मात्र हेरेको, भित्री पाना नहेरेको ।

२) प्रतिनिधिहरुले टेण्डर फारामहरु सबै हेरी के कस्को कति रकमको छ भनी हेरी मुचुल्कामा सही गर्नु पर्ने थियो, सो नगरेको ।

३) ठे. रोशनी श्रेष्ठले मेरो टेण्डरहरु साविक र हाल थप क्षेत्र भनी शर्त राखेको हुं । नं. ६७ र ६९ को स्टल र चौर पाएमा रु. ५५,५५,५५५।-, नभएमा साविक मेला क्षेत्र मात्र भएमा रु. ३१,११,१११।- भन्ने उल्लेख गरेको, स्टल ६७ र ६९ अरुलाई पहिले नै दिई सकेको भन्ने कुराथाहा नभएको भन्ने जिकिर लिएको ।

४) ठे. पदम बहादुर शाक्यले थप क्षेत्र ६ भनी रोशनी श्रेष्ठको पति विनय श्रेष्ठले भनेको सुनेको

हो भनी बयानमा उल्लेख गरेको ।

५) ठे. हरिगोपाल अमात्यले रोशनी श्रेष्ठको कबोल अंकमा थप क्षेत्र भएमा ५५,५५,५५५।- र सार्विक क्षेत्रमा मात्र भएमा रु. ३१,११,१११।- भन्ने शर्तसहित कोटेशन हालेका थियौ , ठे. अनिल श्रेष्ठ भिड भएको कारणबाट बाहिर बसेकोले थाहा नभएको हुन सक्छ । रु. ३१,११,१११।- मुचुल्कामा थपिएको हामी ठेकेदारहरु कै रोहवरमा थपिएको हो, पछि थपिएको होइन । नं. ६७ र ६९ स्टल गत साल पनि नदिएको हाल पनि नभएकोले नै मैले पनि सार्विक क्षेत्रमा नै टेण्डर हालेको हो भनी बयान गरेको ।

६) विदेश भ्रमण र कार्य व्यवस्ततालै गर्दा ०५३।५।६ गते खोलिएको टेण्डर ०५३।५।२५ मा सदर गरेको हो । ठे. रोशनी श्रेष्ठले गत सालभन्दा र हाल परेका अन्य ठेकेदारले कबोल गरेका अंकभन्दा धेरै बढी रु. ३१,११,१११।- सार्विक क्षेत्रको लागि कबोल गरेकोले नै स्वीकृत गरिएको हो भनी डा.प्रभा बस्नेले आफ्नो प्रतिकृयामा उल्लेख गरेको ।

७) ठे. रोशनी श्रेष्ठले पेश गरेको टेण्डरमा थपघट गर्नु पर्ने भए, गत साल कायम भएको कबोल अंक २२ लाख २२ हजार र यसपालीको दोश्रो कबोल अंक राख्ने टेण्डरदाता ठे. अनिल श्रेष्ठको कबोल अंक रु. २३,१९,११९।- मा यसभन्दा थोरै मात्र बढाएर थपघट गर्न नसकिने थिएन जब कि गत सालभन्दा ९ लाख बढीको ठेक्का स्वीकृत भएको छ ।

८) नं. ६७ र ६९ को स्टल पहिले नै ठे. नीर कुमार शर्मालाई र हरिगोपाल अमात्यलाई क्रमशः मिति ०५२।१२।४ र २०५३।१।१० मा समाज कल्याण परिषद्को निर्णयानुसार उपलब्ध गराउने भन्ने पहिले नै निर्णय भै सकेको ।

९) भृकुटी मण्डप संचालन कार्यालयले मेला संचालन गर्न ठेक्का स्वीकृत गर्दा भ्रष्टाचार भयो भन्ने उजुरी कर्ताहरुले आफूले गरेको उजूरीको व्यहोरालाई सत्य साबित गर्न नसकेको ।

यस प्रकारबाट मिति ०५३।५।२५ मा सदर भै ठे. रोशनी श्रेष्ठलाई रु. ३१,११,१११।- सदर गरी रु. २०,००,०००।- डा. प्रभा बस्नेत, भुपेन्द्र गुरुङ्ग, श्रीराम शर्मा र ठेकेदारहरु समेत मिली लिने दिने गरी मेला संचालन कार्यालयलाई नोक्सानी गराई भ्रष्टाचार गरेको भन्ने कुरा उपरोक्त प्रकरणमा उल्लेख गरिएको व्यहोरा तथा ठेकेदार एवं प्रतिनिधिको बयानमा उल्लेख भएको व्यहोराहरुबाट पुष्टि हुन आउँदैन । प्रस्तुत केशमा भुकुटी मण्डप संचालन कार्यालयलाई मेला संचालन गर्न दिएकोमा, घुस लिनु दिनु ,खानु गरी भ्रष्टाचार गरेको नदेखिए तापनि केही प्रकृयागत त्रुटि भने देखिन आयो । शर्त विनाको सूचना प्रकाशित भएकोमा, शर्त सहित परेको टेण्डरलाई स्वीकृत नगरी रि-टेण्डर गर्नु पर्ने थियो सो नगरी गत आ.व. भन्दा बढी रकमको कबोल भएको र सार्विक क्षेत्रमा नै रही टेण्डर स्वीकृत गरेको र विभिन्न पर्न आएको ४ टेण्डरदाताहरु टेण्डर फर्मको सबै पानाहरुमा ठेकेदार र प्रतिनिधिहरुको सही गराउनु पर्नेमा पहिलो पेजमा मात्र सही गराई बांकी अरु पेजमा का.प्र. स्वयम आफैले सही गरेबाट प्रकृयागत त्रुटि भएको देखिन आएकोले निजलाई अब आइन्दा यस प्रकारको त्रुटि हुन नदिन सचेत गर्नको लागि सम्बन्धित निकायमा लेखिएको ।

३१) भारत विहार पूर्वी चम्पारन, अंचल अरेराज थाना गोविन्दगन्ज ग्राम संग्रामपुर बस्ने द्वारिका साहको नाती रामदत्त प्रसादको छोरा रघुनाथ प्रसाल कलवारले झूठा वतन र झूठा विवरण देखाई ०४७।६।२२ मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट वंशजको नागरिकता लिएको भन्ने सम्बन्धमा रघुनाथ प्रसाद कलवारले झुठा विवरण देखाई नागरिकता लिएको भनी जिल्ला प्रशासन कार्यालय समेतबाट छानविन भइरहेको देखिएको र यति नै रकम लिनु खानु गरी गैह कानूनी किसिमबाट नागरिकता उपलब्ध गराएको भन्ने हाल पुष्टि हुन नआएको हुंदा आवश्यक कारवाई गरी टुंगो लगाई भ्रष्टाचारजन्य कुनै कार्य भए गरेको रहेछ भने आयोगमा पठाउने गरी सम्बन्धित नागरिकता सम्बन्धी सम्पूर्ण फाइल गृह मन्त्रालयमा पठाईएको ।

३२) जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले कम्पनीलाई प्राप्त हुन आएको यार्सा गुम्बा हचुवा तरिकाबाट मूल्य कायम गरी एउटै व्यक्तिलाई ठाडो आदेशको भरमा एकमुष्ट बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषयमा निम्नानुसार गरिएको :-

१) जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले श्री ५ को सरकारबाट प्राप्त १५ किलो यार्सा गुम्बा बिक्री गर्दा ग्रेडिङ्ग र प्रशोधन गरी कायम हुन आएको १३ किलोको मुल्य कायम गर्दा प्राइमरी

प्रोसेसिङ्ग गरेर राम्रो भए १२,०००।-अलि सानो र पातलो भए ९,०००।- देखि १०,०००।- सम्ममा बजारमा बिक्री हुने गरेको बजार भाउको आधारमा ११,४८६।९३ प्रति किलो कायम गरी बिक्री गरेको देखिन्छ । यस आयोगबाट यार्सा गुम्बाको २०५० साल फागुन महिनाको बजार मूल्य के कति भनी वनस्पति विभागलाई लेखी पठाएकोमा वनस्पति विभागबाट मूल्य किटान गर्न नसकिने र ०४७।४।१ देखि २०५१ सालसम्म मूल्य रु. २६३।५३ पैसा प्रति के.जी. (सरकारी मूल्य) रहेको भनी जानकारी प्राप्त भएको देखिन्छ ।साथै सोसम्बन्धमा वन विभागको पत्रबाट श्री ५ को सरकार(मं.प.) को मिति २०४७।९।१६ को निर्णयले मिति २०४७।४।१ देखि कायम हुने गरी यार्सा गुम्बाको मूल्य दर प्रति के.जी. रु.२६३।५३ पैसा कायम भएको र नयां वन नियमावली, २०५१ अनुसार २०५१ साल चैत्र २० गते देखि यार्सा गुम्बाको सरकारी मूल्य प्रति गोटा रु. ५००।- कायम हुनुका साथै संकलन उपयोग बिक्री वितरण, ओसार पसार र विदेश निकासीमा समेत प्रतिबन्ध भएको भन्ने जानकारी पनि प्राप्त भएको देखिंदा उक्त समयमा कम्पनीले बिक्री गर्दा बिक्री वितरण गर्न प्रतिबन्ध नलागेको नै देखिन्छ । साथै कम्पनीले बिक्री गर्दा बजार मूल्यको आधारमा नै बिक्री गरेको भन्ने व्यहोरा रहेकोले प्रचलित मूल्य कै आधारमा बिक्री पनि भएको देखियो ।

तर यार्सा गुम्बा जस्तो महत्वपूर्ण जडिबुटीको मूल्य कायम गर्ने सम्बन्धमा र समय समयमा बिक्री वितरण, संकलन र उपयोग गर्न पनि निषेध हुने गरेको अवस्थाका सम्बन्धमा भने मूल्य कायम गरेको र बिक्री गरेको प्रकृया अव्यवहारिक नै मान्नु पर्ने हुन्छ । तसर्थ यस सम्बन्धमा कम्पनीले आफ्नो उत्पादनको जडिबुटी आदिको मूल्य कायम गर्दा अन्तरराष्ट्रिय स्तरमा त्यसको मूल्य समेत विचार गरी गर्नु पर्ने र मूल्य कायम गर्ने सम्बन्धमा कम्पनीको कर्मचारीले आफैले मात्र नगरी सम्बन्धित निकायहरु वनस्पति विभाग, वन विभाग र गुणस्तर विभाग समेतको एक समिति तयार गरी मूल्य कायम गर्ने व्यवस्था हुन र खरीद गर्ने व्यक्तिको स्पष्ट व्यक्तिगत विवरण र के प्रयोजनको लागि खरीद गर्न लागेको हो सोसमेत कम्पनीले यथेष्ट प्रमाण जुटाई बिक्री गर्ने व्यवस्था मिलाउन श्री ५ को सरकार, वन तथा भू संरक्षण मन्त्रालयलाई सुझाव दिएको ।

३३) श्री ५ को सरकारले आ.व. ०५१।५२ मा विद्यालयहरुलाई वितरण गर्न उपलब्ध गराएको पूंजीगत अनुदान रकम उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरले वितरण नगरी कार्यक्रम संचालनमा बाधा पुऱ्याएकोले आवश्यक कारवाईको लागि शिक्षा मन्त्रालयले यस आयोगमा पठाइएको उजुरी सम्बन्धमा श्री ५ को सरकारले उच्च माध्यमिक शिक्षा परिषद्लाई उपलब्ध गराएको पूंजीगत अनुदान रकम समेत वितरण नगरी परिषद्को कार्यक्रम संचालनमा बाधा पुऱ्याएको र उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा १०(क) अनुसार श्री ५ को सरकारको पूर्व स्वीकृत लिनु पर्नेमा नलिई संझना फाइनान्स कम्पनीमा २० लाख ६ महिने, २४ लाख एक वर्षे र ७ लाख पांच वर्षे गरी जम्मा ५१ लाख रुपैया मुद्दती खाता खोली रकम जम्मा गर्ने भनी मिति २०५२।४।२४ मा निर्णय गर्ने उक्त परिषद्का सदस्य सचिव बालकृष्ण भट्टराई र रायसहित टिप्पणी पेश गर्ने प्रशासन प्रमुख राम बहादुर गौतम समेतले अनुचित कार्य गरेको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ को (१) अनुसार विभागीय कारवाईको लागि शिक्षा मन्त्रालयलाई लेखिएको ।

३४) तत्कालीन इन्धन संस्थान उपशाखा कार्यालय, भद्रपुर अन्तरगत इलाम चिलिमकोटमा वन फडानी गरी चट्टा निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा निम्नानुसार गरिएको :-

आयोगबाट बुझिएका व्यक्तिहरु सबैले चिलिमकोटमा दाउरा कटानी चट्टा निर्माण वापत दिइएको भुक्तानीमा कुनै किसिमको अनियमितता गरेको भन्ने कुरालाई स्वीकार नगरेको, तत्कालीन महाप्रवन्धक सेमन्त रेग्मीको बयानबाट समेत चट्टा निर्माण वापत दिइने भुक्तानीमा कार्यालयगत बजेटबाट नै कार्यालय स्वयंले नै कहां कति भुक्तानी दिने भन्ने निर्णय गरी भुक्तानी दिने गरेको थियो । त्यसमा मैले यसलाई यति भुक्तानी दिनू भन्ने मौखिक निर्देशन दिएको छैन । बढी दर रेट राखी पहिले बनेका चट्टाको समेत भुक्तानी भएको कुरा मलाई थाहा छैन दर रेट परिवर्तन गर्ने अधिकार स्थानीय अंचलाधीश र सि.डि.ओ. को बैठकबाट निर्णय गरिएको कुरा हो त्यसमा म संलग्न छैन भन्ने व्यहोरा खोली आफ्नो निर्दोषिता देखाएको र तत्कालीन अंचलाधीशहरुबाट दर रेट निर्णय भएको हो भन्ने फायल रेकर्डबाट देखिन आयो ।

वि.प्र.वि.को च.नं. ०५३।५४।२ मिति ०५३।४।१६ को पत्रबाट चिलिमकोटमा दाउरा चट्टा निर्माणमा चट्टा निर्माण गरेको भन्दा बढी चट्टा संख्या देखाई रकम भुक्तानी दिई रकम हिनामिना गरेको भन्ने सम्बन्धमा वि.प्र.वि. बाट प्राप्त रेकर्ड फायल अधययन गर्दा गो.भौ.नं. २२४ बाट रु. १,३३,९०६।२३, २३० बाट रु. १,०४,६२५।-, २२६ बाट रु.८,३०९।३८, २२८ बाट रु. २१,८५०।-, २२२ बाट रु. १६,१५६।२५ गरी जम्मा रु. २,८४,८४६।४८ भुक्तानी दिएकोमा भुक्तानी दिंदा नियमानुसार चाहिने मुचुल्का आदि सबै रीत पुऱ्याएको देखिएको तर मुचुल्कामा साक्षीको नाम मात्र उल्लेख गरी साक्षीको सहिछाप भने नगराएको र कतिमा वि.प्र.वि. ले आयोगमा पठाएको पत्रमा उल्लेख भए झैं केरमेट गरेको समेत देखिन आयो । यसबाट त्यसबेला कार्यरत उक्त उप शाखाका कर्मचारीहरु का.प्र. रोहित कुमार मास्के, ले.पा. बिष्णु कुमार सुवेदी, फिल्ड इन्चार्ज मनोहर मास्के तथा मनिकुमार रुम्बा, अन्य कर्मचारीहरु सुरेश रिजाल, बसन्त रेग्मी समेतको गैर जिम्मेवारीपूर्ण कार्यबाट उक्त असावधानीपूर्ण कार्य भएको हो भन्न आपत्तिजनक देखिंदैन । साथै मनोहर मास्केले आफू इन्चार्ज हुंदाका बखत पुरानो १३२ चट्टासमेत बुझी कार्य गर्न भन्ने उपशाखा कार्यालय भद्रपुरको मिति २०४३।४।२ को पत्रबाट कार्यादेश पाएको देखिएको । सो अनुसार पूर्व इन्चार्ज मणिकुमार रुम्बाले समयमा उक्त पुरानो १३२ चट्टा मनोहर मास्केलाई नबुझाएको कारणले उपशाखा भद्रपुरको मिति २०४३।४।१४ को पत्रबाट मणिकुमार रुम्बालाई उक्त पुरानो १३२ चट्टा बुझाई काम तोकिएको स्थानमा हाजिर हुन जान भनी जानकारी दिएको समेत देखियो । तत्पश्चात निज इन्चार्ज मनोहर मास्केले आफू इन्चार्ज भई १ महिना १२ दिन जति कार्य गर्दा पनि उक्त १३२ चट्टा कहां थियो वा थिएन भन्ने लेखा जोखा र रेखदेख समेत गरेको पाइंदैन र बयानको क्रममा समेत स्पष्ट छुट्याउन सकेको देखिएन । तसर्थ निजले उक्त १३२ चट्टा दाउरा समेत निजको कार्यकालमा निर्माण भएका नयां चट्टा संख्या ५५० मा जोडी गणना नगरेको भन्न सकिने स्थिति प्रस्तुत फायलबाट देखिंदैन ।

चिलिमकोटमा इन्धन संस्थानबाट दाउरा कटान गरी चट्टा निर्माण गर्ने कार्यमा सरकारी रकमको दुरुपयोग भएको भनी मिति २०४६।८।४ मा नै वि.प्र.वि. का प्रमुख अधिकृतलाई सम्बोधन गरी दिइएको उजुरी निवेदनउपर वि.प्र.वि. ले ९।९ वर्षसम्म अनुसन्धान गरी केही कारवाई नगरेको साथै सही नभएको मुचुल्काहरुबाट भुक्तानी दिएको रकमहरु सबै सम्बन्धित ठेकेदारहरुले नै बुझेको फायलबाट देखिन्छ । अमूक बिल वा अमूक ठेकेदारहरुबाट यति रकम हिनामिना गरी खाएको भन्ने यकीन प्रमाणका साथ प्रमाणित गर्न सकिने स्थिति नभएको ।

सरकारी सम्पत्तिको हिनामिना सम्बन्धमा तत्कालीन महाप्रबन्धक सेवन्तराम रेग्मीकै पालामा रोहित कुमार मास्के का.प्र. हुनुभन्दा पूर्वदेखि गोलमाल भएको देखिन आएको म.ले.प. प्रतिवेदनमा समेत बेरुजु देखाइएको १६७५.५ चट्टा र इन्चार्ज मणिकुमार रुम्बाले नबुझाएको पुरानो १३२ चट्टा पनि समावेश रहेको हुन सक्ने सम्भावना रहेको साथै उक्त १६७५ चट्टाको सन्दर्भमा सम्बन्धित कर्मचारीहरुलाई आवश्यक कारवाई चलाएको तथा दरभाउ आफूले निर्णय गरेको नभई अंचलाधीशको अध्यक्षतामा बसेको समितिले निर्णय गरेको भन्ने तत्कालीन महाप्रवन्धक सेवन्तराम रेग्मीको भनाइ रहेको ।

अब उपरोक्त तथ्य बमोजिम चिलिमकोटमा दाउरा कटानी गरी चट्टा निर्माण गर्ने सन्दर्भमा भएको आर्थिक अनियमितता सम्बन्धमा विचार गर्दा संलग्न कर्मचारीहरुले आफूले अनियमित किसिमले कुनै रकम लिनु खानु नगरेको, तत्काल निर्माण भएका चट्टाहरुको नियमानुसार रीतपूर्वक मुचुल्का तयार गरी पेश गरेको र सोही अनुसार भुक्तानी दिने गरिएको तर गो.भौ.नं. २२४, २३०, २२६, २२८ र २२२ मा संलग्न रहेका मुचुल्का र उक्त जम्मा ५ थान भौचरहरुबाट जम्मा रु. २,८४,८४६।४८ भुक्तानी भएको देखिए पनि उक्त गो.भौ.हरुबाट भुक्तानी भएको रकम सम्बन्धित ठेकेदारले नै बुझेको देखिन आउंछ । यसबाट तत्कालीन इन्धन संसाथनका महाप्रवन्धकसहित चिलिमकोटमा दाउरा कटान कार्यसंग सम्बन्धित कुनै कर्मचारीहरुबाट चट्टा निर्माणमा सरकारी रकमको दुरुपयोग भए गरेको भन्ने स्थिति नहोस् भन्न सकिने फायलबाट देखिएन । जहांसम्म मुचुल्कामा रीतपूर्वकका साक्षी सहिछाप समेत उल्लेख भएको हुनु पर्ने भन्ने सन्दर्भ छ ,त्यस उपर वि.प्र.वि. ले नै तत्कालै अनुसन्धान कार्य गरी कसूरदार कर्मचारीहरु उपर कारवाई गर्नु पर्नेमा हाल

आएर १०।१० वर्षपछि वि.प्र.वि. ले लगाएको कसूरमा कर्मचारीहरुउपर कारवाई गर्नु हद म्यादको दृष्टिकोणबाट समेत युक्तिसंगत नहुने ।

३५) उद्योगमन्त्री ढुण्डीराज शास्त्रीले सार्क राष्ट्रहरुमा निषेधित पोलिथिन व्यागको व्यापार नेपालमा खोल्न एक उद्योगपतिलाई इजाजत पत्र दिएको र उक्त इजाजत पत्र दिलाउने कार्यमा मध्यस्थता गर्नेमा रा.प्र.पा.का दीपक वोहरा र ने.का.का दीपक कुमार उपाध्यायको भूमिका रहेको, वातावरणमा प्रभाव पार्ने यो उद्योगको शेयर मन्त्रीकी श्रीमतीको नाउंमा मिलाइएको, उद्योग स्वीकृति दिएकोमा स्वीकृति प्राप्त उद्योगले लाखौंको नजराना मन्त्री शास्त्रीलाई दिएको, श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाले अन्य उद्योगमा लगानी गर्दा अर्थ मन्त्रालयको स्वीकृति नलिएको भन्ने समेतका विषयमा अनुसन्धान हुंदा यसमा प्रथमतः पोलिथिन व्याग उत्पादन तथा बेच विखन गर्नमा प्रतिबन्ध रहे नरहेको र सरकारी स्वामित्वका संस्थाहरुले त्यस्तो उद्योगमा लगानी गर्ने सम्बन्धमा सरकारी स्वीकृति लिनु पर्ने नपर्ने के हो भन्ने सम्बन्धमा नै विचार गर्नु पर्ने भई त्यस तर्फ हेर्दा पोलिथिन झोला उत्पादन वा बेच विखन गर्नमा नेपालमा कानूनी प्रतिबन्ध रहेको नदेखिएको, औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार उद्योग स्थापना गर्न अनुमति लिनु पर्ने वर्गमा परेको, यो उद्योगको स्थापना गर्न इजाजत दिने भनी औद्योगिक प्रवर्द्धन वोर्डले निर्णय गरी इजाजत दिएको र त्यस्तो इजाजत दिंदा वातावरणीय पक्षमा समेत कुनै प्रतिकूल असर नपर्ने शर्त पूरा भएपछि मात्र दिएको देखिन आयो । त्यसप्रकार इजाजत प्राप्त उद्योगमा श्री ५ को सरकारको स्वामित्वमा सिमेण्ट र चिनी कारखाना समेतले शेयर लगानी गरेकोमा सरकारी स्वीकृति लिएको नदेखिएको र अखाद्य वस्तु मात्र प्याकिङ्ग गर्ने कार्यमा प्रयोग गर्ने शर्तमा व्याग उत्पादनको इजाजत प्राप्त भएको उद्योगमा चिनी कारखानाको पनि संलग्नता रहेको देखिन आएकोले संस्था सम्बन्धी ऐन, नियमले स्वशासित संगठित संस्था नै भए पनि श्री ५ को सरकारले निर्देशन दिन सक्ने र श्री ५ को सरकारको निर्देशन पालन गर्नु पर्ने व्यवस्था भइरहेको हुंदा अखाद्य वस्तु प्याकिङ्ग गर्ने व्याग उत्पादन गर्ने उद्योगमा चिनी कारखानाले लगानी गरेको र आफै घाटामा रहेको सिमेण्ट उद्योगले अर्को उद्योगमा लगानी गरेकोमा श्री ५ को सरकारको पूर्व स्वीकृति नहुनु उचित नदेखिएको हुंदा प्रस्तावित उद्योगमा शेयर लगानी गरी त्यस्ता उद्योगको शेयर होल्डर हुने विषयमा उचित व्यवस्था मिलाउन श्री ५ को सरकार, उद्योग मन्त्रालयलाई लेखिएको ।

३६) राष्ट्रिय दुग्ध विकास वोर्डका सचिवले संस्थाको हित विपरित आफूलाई लाभ पुग्ने गरी आफ्नो पाकेटको संस्थालाई खुसुक्क परियोजना दिएको, सदस्य सचिव डा. दुर्गादत्त जोशीले आफ्नै बुहारीको नाउंको संस्था नेपाल एग्रोलाई र रा.दु.वि. वोर्डका सदस्य डा. शतिशचन्द्र प्रवासीले वोर्डबाट ठेक्का लिई भ्रष्टाचार गरेको भन्ने विषयमा निम्नानुसार गरिएको :–

०५०।१०।२९ मा कृषिमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय दुग्ध विकास वोर्डले Strengthening of M.P.A / M.P.C. विषयमा १।१ वर्षको समयावधि तोकी अध्ययन गराउनेसम्बन्धी सैद्धान्तिक स्वीकृति गरेको रहेछ । सोही सन्दर्भमा नेपा एग्रो र डान भन्ने संस्थाले प्रपोजलहरु तयार गरेर डानिडा एवं यू.एस.एडमा पेश गरी ती संस्थाहरु मार्फत् दुग्ध विकास वोर्डको को-अर्डिनेशन कमिटीमा राखी छलफल गरी गराई ८।९ फेब्रुअरी १९९४ मा पास गराई सोही अनुरुप नेपा एग्रो र डानसंग राष्ट्रिय दुग्ध विकास वोर्डले संझौता गरेको रहेछ । उक्त संस्थाहरुमध्ये नेपा एग्रो श्रीमती धरा नेपाल, जो वोर्डको सदस्य सचिवको एकाघरको बुहारी नाता पर्ने र अर्को संझौता गर्ने व्यक्ति स्वयं नै वोर्ड सदस्य रहेछ । उपरोक्त दुवै संस्थाहरुसंग संझौता भएपछि पहिलो चरणको कार्य सम्पन्न भएपछि उक्त संझौता अनियमित भएको भनी (कृषि मन्त्रालयबाट छानविन टोली गठन भई) उक्त अध्ययन कार्य रोक्ने र सदस्य सचिवको अनियमित संलग्नता जांच्न भनी कृषि मन्त्रालयबाट मिति ०५१।५।२७ मा छानविन टोली गठन भएको रहेछ । सोभन्दा अघि १७ जुलाई १९९४ मा नेपा एग्रोलाई रु. ४ लाख भुक्तानी भएको र डानलाई आधारभूत सर्भेक्षणको लागि रु. ४ लाख र तालीम संचालन गर्न रु. ११ लाख ४७ हजार २५० रुपैया अग्रिम भुक्तानी समेत दिइएको रहेछ । साथै उक्त ठेक्का रोक्ने वोर्डको निर्णय पछि मिति ०५३।९।१३ को वोर्डको कार्यकारी समितिको २८ औं बैठकले डानलाई रु. १,६४,५९४।– रुपैया क्षतिपूर्ति भुक्तानी दिने भन्ने समेतको निर्णय गरेको देखिन आएको छ ।

उपरोक्त तथ्यको आधारमा उक्त वोर्डका कार्यकारी निर्देशकले वोर्डको ऐन नियम बमोजिम काम कारवाई नगरी आफ्नो बुहारी धरा नेपालको नेपा एग्रो संस्था र डानको डा. प्रवासीले आफै वोर्डको सदस्य भईकन वोर्डसंग लिएको ठेक्का नै भ्रष्टाचार हो कि भन्ने परिप्रेक्षमा विचार गर्दा परामर्श दातृ आयोजना सम्बन्धी काम लगाउने सम्बन्धमा दुग्ध विकास वोर्डको कार्यविधि सम्बन्धी कुनै कुरा विनियमपा स्पष्ट लेखेको देखिदैन खाली वोर्डको रकम खर्च गर्ने कार्य गर्दा वोर्डको स्वीकृतिमा गर्नु पर्ने भन्नेसम्म देखिन्छ । राष्ट्रिय दुग्ध विकास वोर्ड ऐन, २०४८ मा वोर्डको काम कर्तव्य र अधिकार उल्लेख भएको तथा उप समितिहरुको काम कर्तव्य तोकिए बमोजिम हुनेछ भन्ने भए पनि उप समितिहरुले गरेको निर्णयको कार्यान्वयन कसरी गर्ने भनी निर्धारण गरेको पाइएन । अतः उप समितिहरुको निर्णय कार्यान्वयन गर्दा प्रचलन अनुसार नै हुने भनी मान्नु पर्ने देखिन आयो । यसै अनुसार डानिडा र यू.एस.एडले दुग्ध उत्पादन सहकारी संस्थाहरुको व्यवस्थापन विभाग सुदृढ. पार्न तालिम र अध्ययन गराउन प्रस्ताव माग गरे अनुसार डानको तर्फबाट डा. शतिशचन्द्र प्रवासी र नेपा एग्रोको तर्फबाट धरा नेपालले प्रस्ताव पेश गरेको उक्त प्रस्तावहरु सम्बन्धित दातृ संस्थाहरुले को-अर्डिनेशन कमिटीमा पेश गराई स्वीकृत भएपछि सम्झौता भएको भन्ने दातृ संस्थाहरु यू.एस.एड र डानिडाबाट आयोगलाई लेखेको देखिन आएकोले को-अर्डिनेशन कमिटी स्वयंले नै प्रपोजलहरु पारित गरी सकेपछि वोर्डमा लगेर पारित गर्नु पर्ने भन्ने कार्यविधि नदेखिंदा डोनर एजेन्सीबाटै प्रपोजलहरु स्वीकृति भई सो प्रपोजल श्री ५ को सरकारको प्रतिनिधि समेत रहेको को-अर्डिनेशन समितिबाट समेत स्वीकृति भई कार्यकारी निर्देशकले को-अर्डिनेशन कमिटीको निर्णय कार्यान्वयन गरेको कार्यबाट भ्रष्टाचार गरेको नदेखिएको ।

विदेशी मुलुक र अन्तरराष्ट्रिय संस्थाबाट प्राप्त अनुदान एवं ऋणका रकमहरु नेपाल र नेपालीको हितको निमित्त खर्च गर्दा त्यस्तो रकमको आर्थिक अनुशासन भित्र उद्देश्यपूर्ण परिचालन हुनु पर्ने र अनियमित हुन गए त्यसको कडा निगरानी, नियन्त्रण हुनु पर्नेमा मुलुकमा त्यसको निगरानी गर्ने कुनै निकाय भएको नदेखिएको हुंदा टाठाबाठा एवं प्रबुद्ध वर्गले आफ्नो स्वार्थको खातिर विदेशी दातृ संस्थाहरुको प्रतिनिधिहरुको चाकडी चाप्लुसी गरी आन्तरिक ऐन कानूनको कमी कमजोरीको फाइदा उठाई मुलुकमा उच्च पदमा पदासिन पदाधिकारीहरुले कानूनले प्राप्त गर्ने भन्दा बढी तलव सुविधा पारिश्रमिक लिएर त्यस्तो अनुदान रकमको ठूलो भाग दुरुपयोग हुने देखिंदा यस परिप्रेक्ष्यमा दुग्ध विकास वोर्डको निम्न अनुसार ध्यानाकर्षण गर्ने र यसको कार्यान्वयनको लागि निर्णयको प्रतिलिपि श्री ५ को सरकार, मन्त्रीपरिषद् एवं कृषि मन्त्रालयमा पठाइएको :-

(१) वोर्डबाट कुनै विषयमा अध्ययन गर्ने सैद्धान्तिक स्वीकृति प्राप्त गरेपछि सो विषयमा अध्ययन गर्ने सम्बन्धमा दातृ संस्थाको स्वीकृति दिएपछि सो सम्बन्धमा पारदशी रुपमा प्रतिस्पर्धा गराउने व्यवस्था मिलाउने ।

(२) वोर्डको सदस्य एवं कर्मचारी जस्ता वोर्डसंग प्रत्यक्ष सम्बन्ध भएको व्यक्तिलाई वोर्डबाट आर्थिक लाभ हुने ठेक्का पट्टा गर्न नपाउने व्यवस्था गर्ने ।

(३) परामर्श दातृ कार्य गर्ने गराउने सम्बन्धी जस्तो सुकै कार्य भए पनि आर्थिक लगानी हुने कुरामा पारदर्शी रुपमा प्रतिस्पर्धा गराउने व्यवस्था गर्ने ।

३७) परासी बजारको नाथुराम तेलीको पक्की घर कर्जा चुक्ता गर्ने भनी बैंकले सकार गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा ऋण लिंदा गरेको तमसुकमा भएको समयभित्र सांवा व्याजसहित तिर्न नसकेमा घर घरानाबाट असूल उपर गरिलिनू भन्ने व्यवस्था भएको र लगानी रकम असूल उपर गरी बैंकको आवश्यकतासमेत पूरा गरेको देखिएको ।

३८) नेपाल टोबाको कम्पनी, हेटौडाको म्यानेजिङ्ग डाइरेक्टर भारतीय नागरिक प्रकाश चन्द्र सक्सेना समेतलाई वंशजको नाताले नेपालको नागरिकताको प्रमाण पत्र दिए लिएको भन्ने सम्बन्धमा छानविन हुंदा विदेशीलाई वंशजको नाताले नेपालको नागरिकताको प्रमाण पत्र दिएको देखिएकोले त्यस्तो नागरिकताको प्रमाण पत्र रद्द गर्ने सम्बन्धमा आयोगको मिति ०५०।११।१९ को निर्णयानुसार गृह मन्त्रालयमा पठाइएकोमा मन्त्रालयबाट ती नागरिकताका प्रमाणपत्रहरु मिति २०५३।५।५ को निर्णयानुसार रद्द गरी अरु आवश्यक कारवाईको लागि फाइलहरु यस आयोगमा प्राप्त भै पेश हुंदा यस आयोगबाट विदेशीले नागरिकता लिएको सम्बन्धमा परेका उजुरीहरुमा भएका निर्णयहरु र

तत्कालीन सम्माननीय प्रमुख आयुक्तज्यूबाट मिति २०५०।११।१९ मा भएको निर्णयमा उल्लेख भएका कुराहरुमा केही फरक देखिएकोले एकरुपता कायम गरी निर्णय हुन उपयुक्त देखिंदा यसमा आयोगमा छलफल भई नीति कायम हुन पेश हुंदा यस सम्बन्धमा गैर नेपाली नागरिकले वंशजको नाताले नेपालको नागरिकताको प्रमाण पत्र लिएको सम्बन्धमा त्यस्तो प्रमाण पत्र रद्द गर्न सकिने कानूनी प्रावधान अनुरुप गृह मन्त्रालयबाट रद्द गरी सकेको देखिएको र त्यस्तो प्रमाण पत्र दिने सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानूनी रीत प्रक्रिया पुगेपछि मात्र दिएकोले कारवाई गरिरहनु पर्ने नदेखिएको ।

३९) चौपाया निकासी ठेक्कामा अनियमित तरिकाले टेण्डर स्वीकृत गरी जि.वि.स.लाई रु. ८१,६०१/– हानी पुऱ्याएको भन्ने विषयको उजुरी र जिल्ला प्रशासन कार्यालय, बर्दियाको पत्रको सम्बन्धमा अनुसन्धान हुंदा यसमा १५ दिनको पहिलो र दोश्रो टेण्डरमा दश प्रतिशतभन्दा बढी फरक परेकोले दोश्रो टेण्डर स्वीकृत नगर्नु आ.प्र. नियम ३५(३) प्रतिकूल भन्न मिलेन । जि.वि.स. बैठकले २०५३।२।१० मा गरेको निर्णय नै क्षेत्रीय निर्देशकबाट स्वीकृत भएको देखिंदा जि.वि.स.का. सचिवको हैसियतले स्थानीय विकास अधिकृतले गरेको कार्यान्वयन प्रकृयालाई बदनियत र भ्रष्टाचार भएको भन्न सकिने नदेखिएको ।

४०) नेपाली भूमिको भाग वण्डा गर्ने र अर्को देशलाई सुम्पने अधिकार अख्तियारी कसैलाई पनि छैन, साथै महाकाली सन्धी नेपाल–भारत बिचमा लागू हुने गरी अनुमोदन गर्ने नाममा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४४ बमोजिम श्री ५ समेत समावेश भइबक्सेको सार्वभौम संसदको गरिमा र संविधानको संरचनासमेत लाई अमान्य गरी संविधानको धारा १२६(२) बमोजिम असंवैधानिक प्रक्रृयाद्वारा अनुमोदन भएको गैर कानूनी भई नेपाल अधिराज्यमा लागू नहुने हुंदा यस वारेमा यथार्थ जानकारी संविधानको धारा १६ बमोजिम सुसूचित गर्न यस आयोगमा ह्यूम्यान राइट्स प्रोटेक्सन काउन्सीलका अध्यक्षले दिएको उजुरीको व्यहोरा हेर्दा संसदीय कारवाईको कुरा यस आयोगको क्षेत्राधिकार भित्र पर्न आएको देखिएन ।

४१) तत्कालीन इन्धन संस्थानको महाप्रवन्धक समेतले आ.व. ०४४।४५ र ०४५।४६ मा विभिन्न विद्यालयहरुलाई दाउरा उपलव्ध गराउंदा वेहिसाव गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा छानविन गर्दा महाप्रवन्धक सेमन्त प्रसाद रेग्मीले दाउरा दिने तोक आदेश दिंदा सामान्य विवेक सम्मको पनि प्रयोग गरेको नदेखिंदा आवश्यक कारवाईको लागि विशेष प्रहरी विभागबाट प्राप्त भएको फाइल कागजात पेश हुंदा विद्यालयका नाउंमा तोक आदेश लगाउंदा गलत ठाउंमा नपरोस् भन्ने तर्फ नियन्त्रणात्मक दृष्टिकोण राखिएको भए पनि कुनैमा सो तर्फ त्यति सतर्कता रहेको देखिएन । तापनि विद्यालयहरुका नाउंमा तोक आदेशबाट उपलव्ध गराइएको दाउराको मूल्य उद्योग सरह लाग्ने मूल्यको हिसावले नै लिने गरी दाउरा दिने आदेश दिएको देखिएको र दाउराको नाउंमा काठ निकासा गरे, भएको थियो कि भन्नलाई ७।८ वर्ष अघिको कुरा भएकोले हाल छानविनबाट पत्ता लाग्न सक्ने नदेखिएको ।

४२) स्वास्थ्य मन्त्रालयमा प्राप्त रु. ८० लाख अनुदान रकम हिनामिना गरी स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के.सी. र अर्थमन्त्री रामशरण महतले भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा आगामी आ.व.हरुको लागि वितरण गरिने अनुदान रकम सम्बन्धमा मिति ०५३।५।५।२ को मन्त्रीस्तरीय निर्णय अनुसार अनुगमन हुने नै हुंदा त्यसतर्फ केही गरिरहनु नपर्ने र गत सालमा वितरण भै सकेको अनुदान रकमको सम्बन्धमा सो रकम दुरुपयोग हुन नपाउने गरी वितरण गरिएका संस्थाहरुबाट स्वास्थ्य मन्त्रालयले प्रगति विवरण लिई नियमित तवरले अनुगमन गर्ने तर्फ ध्यानाकर्षण गराउने गरी स्वास्थ्य मन्त्रालयमा लेखिएको ।

४३) भारतीय नागरिकहरुबाट रुपैया लिई वंशजको नाताले नागरिकता प्रदान गरेकोले नागरिकता बदर गरी कारवाई होस् भन्ने विषयको उजुरी सम्बन्धमा छानविन हुंदा यसमा विदेशीलाई दिएका नागरिकताहरु गृह मन्त्रालयबाट ०५३।६।२८ मा रद्द भई सकेका छन् र अरु वारे कानून बमोजिम कारवाई गर्न गृह मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालयमा आदेश भई सकेको देखिएको र निवेदकहरुलाई अधिकार प्राप्त व्यक्ति (गा.वि.स. अध्यक्ष, उपाध्यक्ष) को सिफारिश, सर्जमिन मुचुल्का (प्रहरी समेतबाट) समेतको आधारमा प्र.जि.अ. आनन्दराज पोखरेलले र सोही आधारमा

प्र.अ. काशीनाथ मरासिनीले नागरिकता प्रदान गरेको पाइएको हुंदा प्र.जि.अ. र प्र.अधिकृतले रकम लिएको, बदनियतपूर्वक विदेशीलाई नागरिकता प्रदान गरेको भन्ने आधार देखिएन ।

४४) द टिम्बर कर्पोरेशन अफ नेपालका निमित्त महाप्रवन्धक समेतले ५० लाखको ६ वटा जीप पिकअप विना टेण्डर सोझै वार्ताद्वारा खरीद गरी रु. ४ लाखको कमिशन बांडफांड गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :–

आपूर्ति मन्त्रालय अन्तर्गत विभिन्न संस्थानहरुको आ–आफ्नै छुट्टै विनियम रहेको र खरीद सम्बन्धमा आयल निगमले "विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व प्राप्त संस्थान वा स्वदेशी वा विदेशी मेशीन औजार उपकरण तथा अन्य मालसामानहरुको उत्पादनमा ख्याती प्राप्त उत्पादनहरुबाट सोझै वा निजको अधिकृत एजेण्ट मार्फत् निर्धारित मोलमा दर भाउ पत्र लिई खरीद गर्न सकिने छ" भनी गरेको व्यवस्थालाई अपनाई खरीद गरेको छ भने खाद्य संस्थानले चाहिं "विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्था वा सोको एजेण्टहरुद्वारा निर्धारित मूल्यमा विना टेण्डर खरीद गर्न सकिने" भन्ने उल्लेख व्यवस्थालाई गाडी खरीद गर्न सकिने किसिमबाट व्याख्या गरी गाडीहरु खरीद गर्दै आएको छ जब कि टि.सि.एन.ले प्रोप्राइटरी सामान भनी व्याख्या गरी साविक देखि नै गाडीहरु खरीद गरेको देखिन आएको छ । यस प्रकारबाट एकै मन्त्रालय अन्तर्गतका संस्थानहरुले विभिन्न किसिमले ऐन नियमको व्याख्या गरी सञ्चालक समितिको पूर्व स्वीकृति लिई गाडी खरीद गरेको पाइएको छ ।

महालेखा नियन्त्रक कार्यालयको मिति २०५३।२।३० को पत्रानुसार गाडीहरु प्रोप्राइटरी सामान होइन भनी आर्थिक प्रशासन नियमावली, २०४२ को दफा १९ मा भएको व्यवस्थालाई व्याख्या गरी पत्र प्राप्त गरेको हुंदा टि.सि.एन.ले विना टेण्डर गाडी खरीद गरेको नियमसंगत भन्न मिल्दैन तर प्रस्तुत गाडी खरीदमा सञ्चालक समितिबाट पूर्व निर्णय गराएको साविक देखिनै विना टेण्डर गाडी खरीद गर्ने प्रचलन रहेको तथा महालेखाहरुबाट लेखा परीक्षण हुंदा बेरुजु नऔल्याएको कारणहरु नै मुख्यतया विना टेण्डरहरु गाडीहरु खरीद गरिएको देखिन आएकोले संस्थानका महाप्रवन्धक लगायतका कर्मचारीहरुलाई मात्र दोषी ठहऱ्याउन न्यायसंगत देखिएन साथै प्रस्तुत ६ थान गाडी खरीदमा लिनु खानु गरी बदनियतपूर्ण तरिकाबाट गाडीहरु किनेको भन्ने कतैबाट पुष्टि हुन आएन ।

४५) नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल आयल निगमले विभिन्न आ.व.हरुमा विना टेण्डर मारुती भारतीय गाडी ८००, १००० कोरियन हुण्डाई र महेन्द्र मोटर गाडी खरीद गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :–

आपूर्ति मन्त्रालय अन्तर्गत विभिन्न संस्थानहरुको आ–आफ्नै छुट्टै विनियम रहेको र खरीद सम्बन्धमा आयल निगम, खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडको विनियमहरुमा भएको व्यवस्था अनुरुप नेपाल आयल निगमको "विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व प्राप्त संस्थान वा स्वदेशी वा विदेशी मेशीनरी औजार उपकरण तथा अन्य माल सामानहरुको उत्पादनमा ख्याती प्राप्त उत्पादनहरुबाट सोझै वा निजको अधिकृत एजेण्ट मार्फत् निर्धारित मोलमा दर भाउ पत्र लिई खरीद गर्न सकिने छ भनी निगमको विनियमावली, परिच्छेद ४ को दफा ४(३)(१) मा उल्लेख भएको व्यवस्थालाई अपनाई गाडी खरीद गर्न सकिने किसिमबाट व्याख्या गरी गाडी खरीद गर्दै आएको छ भने नेपाल खाद्य संस्थानले विनियमावलीको परिच्छेद ५ को दफा ५.२ को उपदफा (क) बमोजिम "विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्था वा सोको एजेन्सीहरुद्वारा निर्धारित मूल्यमा खरीद गर्दा बोलपत्र आवश्यक नपर्ने "भनी गरेको व्यवस्थालाई आधार लिई विना टेण्डर गाडी खरीद गरेको देखियो । जबकि नेशनल ट्रेडिङ्ग लि.ले आफ्नो विनियमावली, २०४७ को परिच्छेद ३ को दफा ३.२ को उपदफा ३(ङ) अनुसार प्रोप्राइटरी सामान भनी व्याख्या गरी गाडीहरु खरीद गरेको छ ।

उपरोक्त सबै संस्थानहरुले गाडी खरीद गर्दा सञ्चालक समितिबाट पूर्व स्वीकृति तथा अनुमोदन गराई मात्र ऐन नियममा भएको व्यवस्थालाई आफ्नो आफ्नो किसिमबाट व्याख्या गरी टेण्डर आव्हान गरी खरीद गर्न नपर्ने नियममा रहेको व्यवस्था अन्तर्गत गाडी खरीद गरेको देखिन आए तापनि एकरुपता भएको चाहिं देखिन आएन ।

महालेखा नियन्त्रक कार्यालयको मिति २०५३।२।३० को पत्रानुसार गाडीहरु प्रोप्राइटरी सामान होइन भनी श्री ५ को सरकारको आर्थिक प्रशासन नियमावली, २०४२ को दफा १९२(घ) मा भएको व्यवस्थालाई व्याख्या गरी पत्र प्राप्त भएको हुंदा उपरोक्त संस्थान श्री ५ का सरकारको अन्तर्गतका संस्थान भएका र विनियमावलीहरु पनि आ.प्र. नियमावलीको अधिनमा रही बनाएको हुंदा विना टेण्डर गाडी खरीद भएको नियम संगत खरीद भएको भन्न मिल्दैन ।

तर संस्थानहरुको आ.व. ०५०।५१ देखि ०५२।५३ सम्मको फायल अध्ययन गर्दा प्रत्येक वर्ष संचालक समितिका अधयक्ष सदस्यहरु तथा महाप्रवन्धकहरु फेरबदल भै रहेको हुंदा र एक संचालक समितिले गरेको निर्णय अर्को सञ्चालक समिति र महाप्रवन्धकलाई निर्णय गर्न आधार हुने र हालसम्म महालेखाबाट बेरुजु समेत नऔल्याएको हुंदा प्रस्तुत गाडी खरीदहरुमा कर्मचारीहरुलाई मात्र दोषी ठहऱ्याई कारवाई गर्न उपयुक्त नहुने साथै प्रस्तुत गाडी खरीद सम्बन्धमा सञ्चालक समितिको पूर्व स्वीकृति रहेको तथा खरीदमा लिनु खानु गरी बदनियतपूर्ण तरिकाबाट खरीद गरेको भन्न मिल्ने नदेखिएको ।

४६) नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. लामोसांघु, सिन्धुपाल्चोकले ढुङ्गा खानीदेखि कारखानासम्म ढुवानीको लागि रोप वे निर्माण गर्न दामोदर रोप वे एण्ड कन्स्ट्रक्शन प्रा.लि. कलकत्तालाई ठेक्का दिएकोमा ठेक्का अंक भन्दा बढी भुक्तानी दिएको तर रोप वे निर्माणको कार्य पूरा नभएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :–

सो सम्बन्धमा रु. ८,३८,९९,७२०।१० को ठेक्का दिएकोमा रु. ८,९०,५५,४२६।६७ भुक्तानी गरेबाट रु. साढे एकाउन्न लाखभन्दा बढी भुक्तानी दिएको तर रोप वे निर्माणको कार्य भने पूरा भएको पनि देखिएन, निर्माण कार्य चालु रहेको पनि देखिएन । निर्माण कार्य चांडै सम्पन्न गर्ने सम्बन्धमा लेखापढी हुंदा ठेकेदार र उद्योगका बिचमा विवाद खडा भई सोको निप्टाराको लागि मध्यस्थकर्ता (आर्विट्रेटर) कहां पुगी सकेको देखिएकोले यस सम्बन्धमा यहांबाट कारवाई अगाडी बढाई रहनु उपयुक्त देखिएन ।

श्री ५ को सरकारको लगानी एवं सरकारी जमानत समेत रहेको यो उद्योग प्राइभेट कम्पनीको रुपमा स्थापना हुनु नै गैह संवैधानिक एवं गैह कानूनी भएको परिप्रेक्ष्यमा लामो समयसम्म विवादमा रही सरकारी छानविनबाट देखिन आएका त्रुटिहरु नै पनि यथासमयमा सच्याउने कार्य भए गरेको नदेखिएको यस विषयमा कम्पनीको जायजेथा र अधूरो एवं अपूर्ण कार्यको जिम्मेवारी पनि श्री ५ को सरकारले नै लिई रहनु परेको परिप्रेक्ष्यमा जे जस्तो हालतमा अहिले उद्योगको स्थिति रहेको छ, सोउपर श्री ५ को सरकारकै रेखदेख र नियन्त्रण निर्देशनको निरन्तरता रही रहनु वाञ्छनीय भएकोले राष्ट्रिय सम्पत्तिको संरक्षण हुनु गर्नु पर्ने स्थिति विद्यमान हुंदा त्यस तर्फ समेत जे जस्तो प्रकृया अवलम्बन गर्नु पर्ने हो यथाशीघ्र गर्न सम्बन्धित उद्योग मन्त्रालयलाई लेखिएको ।

४७) १०,००० मेट्रिक टन डि.ए.पी. मल खरीद सम्बन्धी अनियमिततामा कृषिमन्त्री राधाकृष्ण मैनाली र शंकर केडियाद्वारा आयातित ५० करोड मूल्य बराबरको पाम आयल तथा क्रुड रेप्सीड तेल हानिकारक ठहरिएको र उक्त हानीकारक तेलमा अर्थमन्त्री भरतमोहन अधिकारीले भन्सार र बिक्रीकर छुट दिने निर्णय गरेर नेपाली जनताको स्वास्थ्यमा खेलवाड गरेको भन्ने विषय नेपालीपत्र साप्ताहिकको वर्ष ५ अंक २९ मा प्रकाशित समाचार उजूरी सम्बन्धमा देहाय अनुसार गरिएको :–

१) नेपाल आयात निर्यातलाई नियन्त्रण र व्यवस्थित गर्ने काम निकाशी पैठारी ऐन, २०१३ अनुसार हुन्छ , जसको कार्यान्वयन वाणिज्य मन्त्रालयले गर्दछ । यही ऐनले दिएको अधिकार प्रयोग गरी तत्कालीन सरकारले ०४९।८।१५ मा राजपत्रमा सूचना प्रकाशित गरी पाम आयल, रेप्सीड आयल पैठारी गर्दा आयात वा इजाजत पत्र लिनु नपर्ने प्रतित पत्र (एल.सी.) खोली खुला रुपमा आयात गर्न सकिने व्यवस्था भयो । ओ.जि.एल. अन्तर्गत केही वस्तु वाहेक अरु सबै वस्तु विना इजाजत पत्र आयात गर्न सकिने भए अनुसार पाम र रेप्सीड आयलका आयात भएको देखिन्छ ।

पाम र रेप्सीड आयल अखाद्य वस्तु हुन् भन्ने कुरा सत्य होइन भन्ने उद्योग मन्त्रालयको ०५२।१।२७ को पत्र साथ प्राप्त अर्थ मन्त्रालयको ०५१।१२।२२ को विवरणबाट थाहा हुन आएको छ । प्रशोधित र शुद्ध रुपमा उत्पादन भएको खण्डमा यी वस्तु खान योग्य नै हुन्छ । यदि यी वस्तुहरु अप्रशोधित तेल (crude oil) को रुपमा आयात भयो भने प्रशोधन गरी खान योग्यको रुपमा प्रयोग

गरिन्छ र यदि क्रुड आयल र प्रशोधित तेलको रुपमा पैठारी हुंदा निर्यात कर्ताले खाद्य वा अखाद्य उल्लेख गरी (INVOICE) दिने गर्दछ । श्री ५ को सरकार, खाद्य अनुसन्धान शाखाले उक्त वस्तु खाद्य हो भनी प्रमाणित गरी पठाएमा भन्सारले त्यसलाई भित्र ल्याउने अनुमती दिने प्रचलन रहेछ र यदि उक्त अनुसन्धान शाखाले अखाद्य भनी प्रमाणित गरेमा सो वस्तु वितरण हुन दिन नहुने भनी सम्बन्धित जिल्लाको प्र.जि.अ. लाई लेखी पठाउने व्यवस्था रहेको देखियो ।

हालको व्यापार नीति अनुसार गैर उद्योग अर्थात् व्यापारीहरुले पनि यस्ता तेल आयात गर्न पाउंछन् । त्यसरी व्यापारीहरुले आयात गर्ने तेल खान योग्य भनी प्रमाणित भएमा माथि उल्लेख भए बमोजिम बिक्री वितरण हुने र खान अयोग्य भनी प्रमाणित भएमा माथी उल्लेख भए बमोजिम बिक्री वितरण नहुने र अयोग्य भनी प्रमाणित भएमा नियन्त्रणको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराइन्छ ।

यी तैलीय कच्चा पदार्थहरु भन्सार दरबन्दी भाग १५ अन्तर्गत पर्ने र यसमा आ.व. ०४९।५० देखि दश प्रतिशत भन्सार महसूल लाग्ने भनी अर्थ मन्त्रालयको मिति ०५१।१२।६ को पत्रबाट जानकारी हुन आएको हुंदा अर्थमन्त्री भरतमोहन अधिकारीले भन्सार बिक्रीकर छुट दिएको भन्ने तथ्य साबित हुन आउदैन ।

यस प्रकार नेपाली पत्रमा उल्लेख भएको विवरण र मिति ०५३।३।१६ र १७ मा उठेको टिप्पणीमा उल्लेख भएको शंकर केडियाद्वारा र अन्य घ्यू तेल उद्योगीहरुबाट अप्रशोधित (crude) तेल मगाई खाद्यको रुपमा बिक्री वितरण गरी जनताको जीउज्यानसंग खेलवाड गरेको भन्ने कुरा उपरोक्त उल्लेखित विवरणहरुबाट प्रमाणित हुन नआएको ।

४८) मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र आयोजना सम्बन्धी लगायतका विषयमा अमेरिकाको द माउण्टेन इन्स्टिच्यूटबाट प्राप्त निमन्त्रण अनुरुप माननीय वन तथा भू संरक्षण मन्त्रीज्यूको नेतृत्वको अध्ययन भ्रमण दल अमेरिकामा जांदा सम्पूर्ण खर्च सो संस्थाले नै व्यहोरेकोमा सरकारी निकासाको रकमसमेत लिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अमेरिका अध्ययन भ्रमणमा जांदा माननीय मन्त्रीज्यूको स्वास्थ्य उपचारको कार्यक्रमसमेत रहेकोले कुरुवा एक जनाको निमित्त खानेबस्ने खर्च वापत रु. ५०,०००।- श्री ५ को सरकारबाट निकासा भएको रकमसमेत भुक्तानी भएको तर कुरुवा भनी गएको व्यक्तिको लागि समेत सम्पूर्ण खर्च सोही संस्थाले व्यहोरेको हुंदा उक्त रकम दोहोरो परेको देखिएकोमा निज कुरुवाबाट नै सो रकम संचित कोषमा फिर्ता दाखिला भई सकेको भन्ने देखिएकोले यसमा अरु केही गरिरहनु नपरेको ।

४९) राष्ट्रिय समाचार समितिले कम्प्यूटर नेटवर्क स्थापनाको निमित्त टेण्डर आव्हान गरेकोमा सबभन्दा कम अंकको इलाइट इन्टरनेशनलको टेण्डर स्वीकृत गर्नु पर्नेमा सबैभन्दा बढी अंकको सिग्मा रिसोर्सेज ट्रेड लिंकको टेण्डर स्वीकृत गरेको भन्ने सम्बन्धमा इलाइट इन्टरनेशनलको टेण्डर प्राविधिक मूल्यांकनबाट नै अस्वीकृत भइसकेको, फाष्टइटले अधिकृत बिक्रेता वा एजेन्सीको प्रष्ट प्रमाण र वारेन्टी पेपर पेश गर्न नसकेकोले ड्युटी पेड मूल्य उल्लेख गर्ने सिग्मा रिसोर्सेज ट्रेड लिङ्कको बोल अंक ड्युटी घटाई हुन आउने मूल्य न्यूनतम मूल्य कायम हुन आएको भनी निजको टेण्डर स्वीकृत गरेको देखिंदा यसमा केही गरिरहनु नपरेको ।

५०) वीरगन्ज चिनी कारखानाको पूर्व महाप्रवन्धकले आफू महाप्रवन्धक हुंदा आफ्नो क्वार्टरमा भएका कारखानाबाट उपलव्ध गराइएका सामानहरु बुझ् बुझारथ नगरी आफैले लगेको र पटक पटक भारतमा आफू र आफ्ना मानिससमेत जाने पठाउने गरी काज भत्ता खाएको भन्ने सम्बन्धमा क्वाटरका सामानहरुको बुझ् बुझारथ फरफारकको लागि कारखाना र निज पूर्व महाप्रवन्धकबीच कारवाई भई रहेको देखिएको र वर्षमा एक दुई पटक भारतको पटना कलकत्ता पठाएको गएको सम्म देखिएकोले केही गरिरहन नपरेको ।

५१) सुन काण्डमा मन्त्रीका पि.ए. संलग्न भई १० किलो सुन लिएर आउने क्याप्टेन मानकाजी गुरुङ्गलाई राजनैतिक संरक्षण दिई जोगाउन खोजिएको भन्नेसमेत विषयको निवेदन आवश्यक कारवाई गर्न विशेष प्रहरी विभागलाई पठाएको ।

५२) नेपाल खानेपानी संस्थानले विभिन्न साइजको पाइप र फिटिंगहरु खरीद गर्दा गुणस्तरहीन सामान लिएको भन्ने विषयमा यसमा ठेकेदारले पाइप उपलव्ध नगराएकोले ठेक्का संझौता अनुसार

ठेक्का तोड्नु पर्नेमा नतोडेको भन्ने आरोपका सम्बन्धमा २०५२।११।१ मा नै महाप्रवन्धकले ठेक्का तोड्ने निर्णय गरिसकेको, बृटिश कन्सल्टेण्टको कार्य सन्तोषजनक नभएको भन्ने सम्बन्धमा ठेकेदारले नै शर्त अनुसार उपलब्ध गराउनु पर्ने श्रम तथा श्रोत साधन उपलब्ध गराएको नदेखिएको र संकेत नम्बर नमिलेको समेत कारणले ठेकेदारलाई कालो सूची (Black list) मा समावेश गरी बांकी रकम भुक्तानी नदिने निर्णय समेत भई सकेको देखियो । त्यस्तै, संझौता हुनु अगाडी लेखेको पत्रलाई संझौताको अंग मान्न नमिल्ने हुंदा सो पत्रमा उल्लेखित सिमेण्ट लाइनिङ्ग नभएको मात्र कारणले संझौताको शर्त उल्लंघन भएको भन्न नमिल्ने भई गुणस्तरयुक्त सामान प्राप्त नभएको भन्न सकिने आधार समेत नदेखिएको ।

५३) वन तथा भू संरक्षण मन्त्रालय र अन्तर्गत विभाग कर्यालयहरुमा २ वर्ष अघि देखि पदस्थापन नगरी दोहोरो पर्ने गरी तलव खुवाएको, विभागमा विना कामले रा.प.द्वि.श्रेणीका कर्मचारीहरुलाई पद स्थापना विना हाजिर गराई जिल्लामा दुई वर्षभन्दा बढी अवधिसम्म का.मु. मुकर्रर गरेको र निमित्तबाट काम चलाएको, कर्मचारीको सरुवा गर्दा नि.से.नि. को पालना नगरेको भन्ने समेतको विषयमा वन तथा भू संरक्षण मन्त्रालय र विभागमा लेखी पठाउंदा मन्त्रीस्तरीय श्री ५ को सरकारको निर्णय मिति ०५३।६।४ र ०५३।६।८ (यस आयोगबाट लेखिए पछि) को निर्णयानुसार पद स्थापना गरेको भन्ने व्यहोराको जानकारी दुवै ठाउंबाट प्राप्त हुन आएको कारवाई फाइलमा आयोगमा उजुरी परी प्रारम्भिक अनुसन्धानको प्रकृयाको थालनी भई पत्राचार भएपछि विभिन्न पदका कर्मचारीलाई पद स्थापना गरिएको सो भन्दा पूर्व विना कारण काजमा राखी पद रिक्त देखाई का.मु. गरी काम लगाएको तथ्य स्थापित हुन आएको परिप्रेक्ष्यमा यस प्रकारको कार्य पुनः दोहरिन नपाउने उचित प्रबन्ध मिलाउन वन तथा भू संरक्षण मन्त्रालयलाई लेखिएको ।

५४) शाही औषधि लिमिटेडका महाप्रवन्धक समेतले स्वीकृत भइसकेको विदालाई अर्को विदामा परिणत गरी गराई अख्तियार दुरुपयोग गरेको भन्ने सम्बन्धमा निम्नानुसार गरिएको :–

(१) शाही औषधी लिमिटेडको सञ्चालक समितिको मिति ०५२।१०।१८ को बैठकबाट मेनका बज्राचार्यले मिति २०५०।२।४ देखि ०५१ असोजसम्म लिएको घर बिदा, बिरामी विदा र विशेष विदालाई असाधारण विदामा परिवर्तन गरेको तर निज मेनका बज्राचार्यले मिति २०५०।५।७ देखि आश्विन मसान्तसम्मको विदा परिवर्तन गर्न निवेदन दिएको देखिंदा सञ्चालक समितिमा मिति गल्ती भई पेश भएको कारणबाट निवेदिकाले मागेको मिति भन्दा अगावैबाट विदा परिवर्तन भएकोमा उक्त गल्ती मिति सम्बन्धमा पुनः सञ्चालक समितिमा पेश हुंदा मिति २०५३।२।३१ को बैठकबाट विदा अवधि मिलाउने सम्बन्धमा महाप्रवन्धकले नै हेरी गर्ने निर्णय भएकोमा महाप्रवन्धकबाट निज मेनका बज्राचार्यको मिति २०५०।५।७ देखि ०५१ आश्विन मसान्तसम्मको विदा मात्र असाधारण विदामा मिलाउने गरी मिति ०५३।३।१० मा टिप्पणी सदर गरेको देखियो । विदा परिवर्तनका सम्बन्धमा शाही औषधी लिमिटेडको सेवा शर्त सम्बन्धी नियमावली, २०३५ हेर्दा उक्त नियमावलीमा कहीं कतै पनि विदा परिवर्तन गर्ने सम्बन्धी व्यवस्था रहेको देखिदैन ।अर्थात् घर विदा, बिरामी विदा र विशेष विदालाई असाधारण विदामा परिवर्तन गर्ने भन्ने कुरा उक्त नियमावलीमा परेको देखिदैन । "नियमावलीमा नपरेको कुराहरुमा समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ र ती नियमहरुलाई सम्बन्धित मन्त्रालयमार्फत लोक सेवा आयोगको परामर्शको लागि पठाउनु पर्ने छ र त्यस्तो लोकसेवा आयोगको सहमति प्राप्त भएपछि मात्र ती नियमहरुलाई लागू गर्न सकिने छ" भनी नियमावलीको नियम १०.१४(२) ले व्यवस्था गरेको प्रावधानसमेत हेर्दा सञ्चालक समितिले गरेको माथी उल्लेखित विदा परिवर्तन सम्बन्धी निर्णय नियमसंगत नभएकोले यस सम्बन्धमा शाही औषधी लिमिटेडको सञ्चालक समितिका अध्यक्षलाई लिमिटेडको सेवा शर्त सम्वन्धी नियमावली बमोजिम नै कर्मचारीको विदा हुने कुरा ध्यानाकर्षणको लागि लेखी पठाएको ।

(२) मेनका बज्राचार्यको संचित विदा कम हुंदा हुंदै बढी दिनको विदाको रकम भुक्तानी दिएको सम्बन्धमा प्रशासन शाखाबाट एक पटक निजको विदा ११३ दिन भएको भनी सदर टिप्पणीको प्रतिलिपी सहित लेखा शाखालाई जानकारी गए अनुसार उपभोग गरेको विदा दिन ६३ भनी कटाई दिन ४९ को भुक्तानी दिएको तर पछि प्रशासन शाखा प्रमुख सुश्री रत्ना जोशीले नै प्रमाणित गरी १८ दिन मात्र भएको हाजिरी रेकर्ड उपलब्ध गराएको कुरा कागजात बयानको क्रममा पेश भएको

हुंदा प्रशासन शाखाले कर्मचारीको विदाको रेकर्ड अध्यावधिक नराखेको भन्ने प्रष्ट देखिन आयो । अतः यस सम्बन्धमा शाही औषधी लिमिटेडमा कार्यरत कर्मचारीहरुको प्रशासन हेर्ने प्रशासन शाखाबाट विदाको रेकर्ड अध्यावधिक नराखेको कारणबाट नै बढी दिनको विदाको रकम भुक्तानी गएको हुंदा बढी भुक्तानी गएको रकम निज मेनका बज्राचार्यबाट असूलउपर गर्ने सम्बन्धी कारवाई गर्न र आइन्दा शाही औषधी लिमिटेडमा कार्यरत कुनै पनि कर्मचारीको हाजिरी विदाको रेकर्ड यथार्थ रुपमा राख्नु पर्ने व्यवस्था मिलाउन समेत लिमिटेडकै सञ्चालक समितिका अध्यक्षलाई लेखी पठाएको ।

५५) कृषि सामाग्री संस्थानबाट के.पी. १४१ नं. को ठेक्का अन्तर्गत विदेशबाट मल झिकाउन टेण्डर आव्हान गर्दा एउटै टेण्डरमा दुईवटा कम्पनीलाई ठेक्का दिएको भन्ने सम्बन्धमा निम्नानुसार गरिएको :–

यसमा न्यूनतम अंक कबोल गर्ने श्रद्धा श्री ट्रेडिङ्गले मिल्टन मेनेजमेण्ट कम्पनी, लण्डनको तर्फबाट दिएको टेण्डरमा अख्तियारी समेतका आवश्यक कागजहरु पेश गर्न नसकेकोले दोश्रो घटीवाला किन यू.एन. कम्पनीको ठेक्का अमेरिकी डलर २५७.७६ प्रति मे.टनका दरमा स्वीकृत गरेको पहिलो निर्णय र दोश्रो निर्णयमा संस्थानमा आर्थिक हित हुने कुरा उल्लेख गरी न्यूनतम घटीवालाबाट आवश्यक कागजात प्राप्त गरी ठेक्काको परिमाणभन्दा बेग्लै १० हजार मेट्रिक टन खरीद गर्न प्रस्तावित अमेरिकी डलर २३५ प्रति मे.टनको दर रेटसम्म स्वीकृत गरेको देखिन आएको छ । परन्तु श्रद्धा श्री ट्रेडिङ्गलाई टेण्डर दाखिला (submit) गर्नसम्म कम्पनीले अधिकार दिएकोले निज श्रद्धा श्री ट्रेडिङ्गले कुनै संझौता Negotiation गर्न नपाइने, सप्लायरले दिएको Letter of Authorization बाट प्रष्ट उल्लेख भएको हुंदा थप १० हजार मे.टन दिन नसक्ने प्रष्ट छ ।

यसरी विवादित टेण्डरमा सबैभन्दा घटीवाला मिल्टन मेनेजमेण्टलाई नदिई सोभन्दा माथिल्लो किन यू.एन. कम्पनीलाई दिएकोमा सो कम्पनीले पनि सप्लाई नगरी निजबाट मनोनित गरेको फर्टिकेमबाट सोही दर भाउमा लिने निर्णय गरेकोमा निजले पनि सप्लाई नगरेकोले निजले राखेको (Performance Bond) जफत गरी विवादित टेण्डर नै रद्द गरेको देखिएकोले मिल्टन मेनेजमेण्टको टेण्डरको शर्त पूरा नभएकोले त्यस्तो टेण्डर नै रद्द गर्नु पर्नेमा नगरी दुवैलाई एकै पटक दिने गरेको प्रकृयागत त्रुटिसम्म देखिन आएको ।

५६) जिल्ला प्रशासन कार्यालय, मोरङ्गका तत्कालीन प्र.जि.अ.ले भारतीय नागरिकलाई नेपाली नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा भारतीय भनिएका इन्द्रचन्दका बाबु फत्तेचन्दका नाममा विराटनगर र धरानमा घरजग्गा भएको, सो घर जग्गा इन्द्रचन्दबाट आमा मनोहरी र निजबाट इन्द्रचन्द वोथराका नाममा नामसारी गर्न मालपोत कार्यालयमा निज इन्द्रचन्द वोथराको निवेदन र सो साथै निज इन्द्रचन्द वोथरा भारतीय नागरिक हुंदा अदलको ३ नं. बमोजिम श्री ५ को सरकारको कायम गरी कमिशन पाउं भन्ने विश्वनाथ दाहालको निवेदनमा मालपोत कार्यालयले कारवाई गरी रहेको र सो कारवाईको सिलसिलामा नेपाली नागरिकता पाई नसकेको अवस्थामा नेपाली नागरिक भन्न मिल्छ मिल्दैन किटानी राय पठाई दिन मालपोत विभागको पत्र अनुसार मालपोत कार्यालय मोरङ्गले मिसिलै साथ राखी ०४९।५।३१ मा पत्र लेखेकोलाई प्र.जि.अ. निज खेमराज रेग्मीले ०४९।७।४ मा नागरिकता प्रमाण पत्र दिई ०४९।७।२० मा नागरिकता दिएको भनी मालपोत कार्यालयलाई पत्र लेखिएको देखिएबाट विदेशी नागरिकको जग्गा भन्ने सम्बन्धमा मालपोत कार्यालयले कारवाई गरेको प्र.जि.अ. लाई जानकारी नभएको भन्न मिलेन ।

यसरी नै निज इन्द्रचन्द वोथरालाई नागरिकता दिएकोमा नागरिकता दिने सम्बन्धमा ०४८।७।२७ मा वरिष्ठ प्रशासकीय अधिकृत नरेन्द्र दाहाललाई अधिकार प्रत्यायोजन गरेको, निज इन्द्रचन्द वोथराले ०४८।१२।१३ मा निवेदन दिएकोलाई ०४९।७।२० मा प्रशासकीय अधिकृत कार्यालयमा उपस्थित हुंदा हुंदै नागरिकता प्रमाण पत्र दिने तोक लगाएको र सो दिन प्र.जि.अ. नरेन्द्र दाहालले प्रमाण पत्र नदिएपछि भोलीपल्ट ४ गते दिन १ मात्र प्रशासकीय अधिकृत ले विदा लिएको र प्र.जि.अ.ले नागरिकता दिएको देखिएबाट समेत निज तत्कालीन प्र.जि.अ. खेमराज रेग्मीको बदनियत थिएन भन्न सकिएन ।

अतः कागज प्रमाणहरुबाट अदलको ३ नं. बमोजिम श्री ५ को सरकारमा प्राप्त हुने जग्गालाई कारवाई चलिरहेकै अवस्थामा निज प्र.जि.अ. ले नागरिकता दिएकोले सोही कारणबाट मिसिल तामेलीमा रहन गएको देखिएकोले सो कारवाईलाई अवरोध हुने गरी बदनियतपूर्वक जानी जानी अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ३(ङ) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिन आएकोले निज तत्कालीन प्र.जि.अ., हाल शिक्षा सचिव खेमराज नेपालीलाई विभागीय कारवाईको लागि गृह मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालयलाई लेखिएकोमा हालसम्म कारवाई भएको नदेखिएकोले तुरुन्त कारवाई गरी त्यसरी कारवाई नगर्नेउपर समेत कानून बमोजिम कारवाई गरी गराई यस आयोगलाई जानकारी दिनसमेत गृह मन्त्रालयलाई लेखी पठाएको ।

५७) दाङ्ग जिल्लाको चामे सोता बांध निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा गोभियन जाली समेत ठेकेदारलाई उपलब्ध गराएको र ठेकेदारले बुझेको तारमध्ये योजनामा प्रयोग भई बढी हुन आएको तार ठेकेदारले फिर्ता नगरेको हुंदा नपुग सामान ठेकेदारबाट असूल उपर गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने कार्य भई सकेकोले बांकी कार्य पूरा गर्न तत्कालीन अञ्चलाधीश कार्यालयको जिम्मेवारी सरेको सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई लेखी कारवाईको जानकारी यस आयोगलाई दिने भनी ०४९।३।८ मा नै निर्णय भइसकेकोले यसमा कानून बमोजिम असूल उपर गर्ने गराउने लगायतको सम्पूर्ण कार्य पूरा गरी सो को जानकारी यस आयोगलाई दिनसमेत जिल्ला प्रशासन कार्यालय, दाङ्गलाई लेखिएको ।

५८) "संयुक्त सरकार कमिशनको जालोमा: यसको ज्वलन्त उदाहरण" शीर्षकमा गृहमन्त्री खुम बहादुर खड्काले हालै गृह मन्त्रालयबाट आव्हान गरिएको ५० वटा मोटर खरीद सम्बन्धी टेण्डरमा टेण्डरदाताहरु मध्ये सबैभन्दा बढी रकम उल्लेख गर्ने युनाइटेड ट्रेडर्स सिण्डीकेटको टेण्डर सबैभन्दा कम मूल्यवाला टेण्डर भन्दा २ लाख ३५ हजार रुपैयाले बढी भए पनि युनाइटेड ट्रेडर्स सिण्डीकेटलाई नै टेण्डर दिने निर्णय गरेर १ करोड भन्दा बढी रकम कमिशन वापत प्राप्त गर्नु भएको छ भन्ने सम्बन्धमा निम्नानुसार गरिएको :–

२०५२।६।२२ मा गाडीको माग बढी र आपूर्ति कम रहेको कारण सवारी सुविधा उपलब्ध गराउनु पर्ने हुंदा विभाग मन्त्रीज्यूबाट मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्न अनुमति भएकोले निम्न बमोजिमको गाडी खरीद गर्न प्रस्ताव गएको :

१)	मन्त्रीस्तरीय गाडी थान	२५
२)	सचिवस्तरीय गाडी थान	१५
३)	सह सचिवस्तरीय गाडी थान	२०
४)	जिल्ला प्रशासन कार्यालय का लागि डबल क्याप पिकअप थान	१०
		७०

२०५२।६।२६ मा मन्त्रीपरिषद्बाट स्वीकृत प्राप्त भएको,
२०५२।६।३१ मा गृह मन्त्रालयबाट गाडी खरीदको बोलपत्र आव्हान गरिएको ।
२०५२।७।१।४ मा बोलपत्र आव्हानको शर्त नं. १ मा संशोधन गरिएको देखियो ।
श्री ५ को सरकारको विभिन्न निकायहरुमा उपलब्ध गराउन निम्नानुसारको सवारी साधनहरु बोलपत्रद्वारा खरीद गर्नु पर्ने भएकोले ख्याती प्राप्त गाडी कम्पनी वा निर्माता कम्पनीका अधिकृत प्रतिनिधि विक्रेताबाट १५ दिन भित्र सिलबन्दी बोलपत्र आव्हान गरिएको देखिन्छ ।

१)	मन्त्रीस्तरीय (१६०० सी.सी. को) गाडी थान	२५
२)	सचिवस्तरको (१३०० सी.सी. को) गाडी थान	१५
३)	सह सचिव स्तरको (८०० सी.सी.को) गाडी थान	२०
४)	डबल क्याप पिकअप थान	१०

मिति २०५२।७।१५ मा गृह मन्त्रालयका पदाधिकारीहरु र प्रतिनिधिहरुको उपस्थितिमा टेण्डर बोलपत्रहरु खोलिएको र टेण्डर खोल्दा निम्न लिखित कम्पनीहरुले निम्न लिखित मूल्य उल्लेख गरेको देखिन्छ ।

१६०० सी.सी. को कार		१३०० सी.सी. को कार		८०० सी.सी.को कार	
१)माज्दा	१,७५,०७,५८०।-	माज्दा	८७,६६,८२८।-		
२) मित्सु	२,०७,१२,४२०।-	मित्सु	१,४९,३४,३६०।-		
३) निसान	२,११,१४,०००।-	निसान	९१,४९,४००।-		
	१,६९,०५,०००।-				
४) फियत	१,६३,११,७१८।-	फियट	८७,९५,६२५।-	फियट	८०,१८,५००।-
	१,६३,६७,९६८।-				
	१,८९,०६,२५०।-				
५) डाइ	२,१२,२४,४००।-	डाइ	१,०७,२२,६००।-	डाइ	९६,०४,८००।-
६) डाययु	१,८८,९१,५६२।-	डाययु	९३,४७,९०६।-		
७) टोयोटा	१,९९,८२,४००।-	टोयोटा	१,०३,४१,२७०।-		
	१,७८,९८,६००।-		९०,९१,४४०।-		
			९९,५२,५६०।-		
			८७,०२,२८०।-		
८) सुजुकी	१,९१,८७,६००।-	सुजुकी	९६,७४,४००।-		
९) मारुती	१,१३,५१,५६२।-	मारुती	६८,१०,९३७।-	मारुती	४८,३४,३७५।-

क्याप पिकअप	सी.सी.
निसान	९१,६३,२००।-
मित्सुविसी	८८,२९,२४०।-
टोयोटा	९०,८५,९२०।-
	९०,८५,९२०।-

उक्त विभिन्न सी.सी.का ७० थान गाडी खरीद गर्ने गरी बोलपत्र स्वीकृत गर्दा भारतीय गाडीहरु कम मूल्यमा पाइने भए पनि गुणस्तर राम्रो नहुने भएकोले जापानी गाडीहरु खरीद गर्ने भनिएको तर फलानो कम्पनीको नै खरीद गर्ने भनी किटानी नभएको सम्बन्धमा, टेण्डरदाताहरु मध्ये अन्यको कम मूल्य देखिए तापनि उनीहरुभन्दा बढी मूल्य तोकिएको टेण्डरदाता युनाइटेड ट्रेडर्सको प्रति गोटा रु. ७,९९,२९६।- को बोलपत्र स्वीकृत भएको कारण भने नखुलेको लगायत प्रष्ट नभएका अन्य प्रश्नहरुको स्पष्टीकरण खुलाई पठाउन गृह मन्त्रालयलाई पत्र लेखिएको ।

जापानी (जापानमा निर्मित) गाडीहरुको गुणस्तर राम्रो भएको, बलियो र टिकाउ हुनुका साथै देख्नमा पनि सुन्दर हुने, देशका मन्त्री एवं विशिष्ट व्यक्तित्वको लागि यस्ता गाडीहरु आवश्यक हुने त्यस कारणले गाडीहरु सस्तो हुनुभन्दा पनि स्तरीय हुन अत्यावश्यक देखिएकोले केही बढी मोलै दिएर भए पनि स्तरीय एवं बलियो गाडी खरीद गर्ने उद्देश्यले प्राविधिकहरुसंग बसी छलफल गरी टोयोटा कोरोला, जि.एल. ग्रेडको पनि सबैभन्दा उत्कृष्ट गाडीको छनौट गरी खरीद गर्ने निर्णय भएको हो, युनाइटेड ट्रेडर्स कम्पनीले दिएको २ वटा जि.एल. गाडीको छूटसमेत हेर्ने हो भने सबैभन्दा सस्तो भई श्री ५ को सरकारलाई किफायत पर्न जाने देखिन्छ । सस्तोपनालाई हेर्नु भन्दा त्यसको स्तर र विशिष्टतालाई हेर्नु बढी उपयुक्त देखिन्छ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको स्पष्टिकरण पत्र ।

युनाइटेड ट्रेडर्स सिण्डीकेटले टेण्डर खुली सकेपछि २ वटा गाडी छूटको रुपमा दिन्छु भनी पत्र लेखेको हो तर बोलपत्रमा छूट सम्बन्धी शर्तहरु केही थिएन । धुव महर्जन प्राविधिकसंग राय लिई भारतीय भन्दा जापानी गाडी नै किन्न उपयुक्त हुने भन्ने निर्णय भएको हो प्राविधिकको लिखित प्रतिवेदन भने गाडी बुझी लिंदाको समयमा मात्र लिने प्रचलन छ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयका उप सचिव केशवराज घिमिरेले आयोगमा गरेको बयान ।

युनाइटेड ट्रेडर्स सिण्डीकेटको २ वटा गाडी छूटसम्बन्धी पत्र टेण्डर साथ पेश भएको होइन टेण्डर खोली सकेपछि उक्त पत्र प्राप्त भई सोही कुरा उल्लेख गरी विवरण सहित निर्णयार्थ पेश गरेको हुं । अन्य गाडीभन्दा जापानी गाडीहरु नै बलिया र टिकाउ हुन्छन् भन्ने कुरा केन्द्रीय सेवा विभागका प्राविधिक समेत बसी छलफल गरी निर्णय भएकोले उक्त गाडीको उपयुक्तता देखाई पेश

गरेको हुं भन्ने समेत व्यहोराको गृह मन्त्रालयका शाखा अधिकृत त्रिलोक प्रसाद श्रेष्ठले आयोगसमक्ष दिएको बयान ।

सस्तो किसिमको गाडी खरीद गर्दा बढी मर्मत हुने बढी रकमको गाडी स्वभावतः बढी स्तरीय तथा मर्मत खर्च समेत कम लाग्ने हुन्छ भन्ने दृष्टिकोणले मन्त्रालयमा सरसल्लाह हुंदा यो वर्ष बढी रकम पर्न गए पनि राम्रो जापानीज गाडीहरुमध्ये पनि टोयोटा नै खरीद गर्ने भन्ने भएकोले प्राविधिकहरुसंग मौखिक छलफल गरी टोयोटा गाडी नै किन्ने निर्णय भएको हो । त्यसमा पनि टोयोटा कम्पनीले उच्च स्तरकै २ वटा थप गाडी सोही मूल्यमा दिन स्वीकार गरेकोले सरकारलाई फाइदा हुने गरी गाडी खरीद गर्ने निर्णय भएको हो । त्यसमा पनि टोयोटा कम्पनीले उच्चस्तरकै २ वटा थप गाडी सोही मूल्यमा दिन स्वीकार गरेकोले सरकारलाई फाइदा हुने गरी गाडी खरीद गर्ने निर्णय भएको हो । टिप्पणी उठाउंदा सबै कुरा विश्लेषण गरी आउनु पर्ने तर गृह मन्त्रालयको ठाडो कार्य गर्ने प्रवृत्तिको कारणबाट प्राविधिकसंगको लिखित राय लिन नसकिएको तथा अन्य पुष्ट्याईं दिन नसकिएको अहिले महसूस भएको छ भन्नेसमेत व्यहोराको मिति गृह मन्त्रालयका सह सचिव पुरुषोत्तम ढकालले यस आयोगमा गरेको बयान ।

पहिले खरीद भएका र प्रयोगमा ल्याइएका गाडीको स्तरीयतालाई हेर्दा टोयोटा गाडीको रिसेल भ्यालु बढी हुने मर्मत सामान पनि सर्वसुलभ हुने, बढी टिकाउ समेत हुने भएकोले आफूभन्दा मुनि र माथिका सबैको मनसाय बुझी सरकारलाई विभिन्न तवरले फाइदा हुने देखी खरीद गर्ने भन्ने सहमतिमा मेरो पनि सहभागिता छ । यसकुरामा म आफै कन्भीन्स भएकोले टिप्पणीमा कारण खुलाइएन । कारण खुलाएको भए कारण दर्शाइ रहनु पर्ने अवस्थै आउने थिएन । सह सचिवले प्राविधिकसंग छलफल भएको भनेकोले आफू सन्तुष्ट भई निर्णयको लागि सही मात्र गरेको हुं । गृह मन्त्रालयले गाडी खरीद गर्दा डिष्काउण्ट गर्नु पर्छ भन्ने आम धारणा भएकोले मात्र टोयोटाले २ वटा गाडी थप दिएको हो । कमिशन टोयोटाले दिएको कारणले मात्र टोयोटा कम्पनीको गाडी किनिएको होइन भन्नेसमेत व्यहोराको गृह मन्त्रालयका सचिव पदम प्रसाद पोखरेलले यस आयोगमा गरेको बयान ।

गृह मन्त्रालयले बोलपत्र आव्हान गर्दा कुनै किसिमको विशेष सुविधा, विशेष छूट दिने दिलाउने सम्बन्धमा टेण्डरमा कुनै शर्त राखेको थिएन । साधारणतया एक पटक बोलपत्र खोली सकेपछि आवश्यक भएमा सबै बोलपत्रदाताहरुलाई जानकारी गराई टेण्डर मूल्यमा घटाघट गराउन सकिन्छ, टेण्डर बोलपत्रसंग कुनै कम्पनीले विशेष सहूलियत र सुविधा उपलब्ध गराउने कुराको प्रस्ताव गरेमा उक्त प्रस्ताव खुला रुपमा सबैको समक्ष जानकारी सूचना दिनु पर्ने र अरु टेण्डरवालाले समेत सहुलियत वा सुविधा दिने अवसर पाएमा मात्र टेण्डरको औचित्य हुन्छ भनी टेण्डरदाताहरु दुगड ब्रदर्श एण्ड सन्स, भुदेव ट्रेडिङ्ग, अरुण इन्टर कन्टिनेन्टल ट्रेडर्स, भाजुरत्न एजेन्सी प्रा.लि., अमात्य इन्टरप्राइजेज, पदमश्री प्रा.लि. का प्रतिनिधिहरुले आयोगसमक्ष गरेको बयान ।

टेण्डर शर्तमा गाडी छूट दिने कुरा उल्लेख थिएन । टेण्डर खोले पनि २ थान टोयोटा गाडी विना मूल्य कमिशन दिन सकिने पत्र मिति २०५२।८।५ मा गृह मन्त्रालयलाई अफरसहित पत्र पठाइएको हो भन्ने युनाइटेड सिण्टीकेटको प्रतिनिधिले आयोगसमक्ष गरेको बयान ।

उपरोक्त बमोजिम गाडी किन्ने सम्बन्धमा वास्तविकतावारे लिखित जानकारी दिन माननीय गृहमन्त्रीज्यूलाई लेखिएकोमा मन्त्रीपरिषद्को निर्णयले मन्त्रीस्तरसमेत को सवारी साधन खरीद गर्नु पर्ने भएकोले भारतीय गाडीहरुको गुणास्तर राम्रो नभएको भनी तह तहबाट टिप्पणी राय प्रस्तुत भए अनुसार असल नियतसाथ नै निर्णय भएको हो र जापानी गाडी विभिन्न कम्पनीको भएको, मूल्य दर समान नभएको तथा टोयोटाको मूल्य समेतमा दर रेट फरक भएबाट मन्त्रीस्तर र सचिवस्तरसमेत को प्रयोजनको लागि १६०० सी.सी. र १३०० सी.सी. जापानी ७।८ किसिमको गाडीमध्ये मूल्यको आधारमा पर्न आएको टेण्डरमध्ये सबैभन्दा उच्चतम मूल्यको डाइहात्सु स्वीकृत नगरी टोयोटा कोरोला नेपालमा चलन चल्तीमा रहेकोले स्वीकृत गरेको हो । प्राप्त हुन आएको टेण्डरमध्ये सबैभन्दा उच्च मूल्यको गाडी खरीद गर्ने निर्णय नगरी सोभन्दा तल्लो मोलको गाडी खरीद गर्ने निर्णयकर्ताको तजविजले राय मनासिव ठहर गरी निर्णयमा पुगेकोबाट आर्थिक नियम विपरित

गरेको भन्न मिल्दैन भन्नेसमेत को माननीय गृहमन्त्री खुमबहादुर खड्काको लिखित जवाफ प्राप्त भएको देखिन्छ ।

गृह मन्त्रालयबाट टेण्डर स्वीकृत गर्दा पेश भएको टिप्पणी हेर्दा मिति २०५२।६।२९ मा बोलपत्र आव्हान गर्ने निर्णय भई १५ दिने म्याद दिई २०५२।६।३ मा बोलपत्र आव्हान भई २०५२।७।१५ मा टेण्डर खोलिएको र २०५२।७।२२ मा उप सचिव समेतबाट पेश भएको टिप्पणीमा सह सचिव पुरुषोत्तम ढकालले उपयुक्त पर्न आएको बोलपत्र अनुसारको सवारी साधनहरु स्पेशिफिकेशन र अन्य प्राविधिक दृष्टिकोणबाट के कस्तो उपयुक्तता र गुणस्तरका हुन् राय लिई पेश गर्न भनी २०५२।८।१ मा आदेश भएकोमा २०५२।८।६ मा बोलपत्रको आधारमा तुलनात्मक विवरण र सम्बन्धित विषयको प्राविधिकको रायलाई समेत मध्यनजर राखी भारतमा निर्मित गाडीहरु कम दरमा पाइए पनि गुणस्तर राम्रो नहुने भएकोले जापानमा निर्मित गाडीहरु नै उपयुक्त एवं स्तरीय हुने देखिन्छ । जापानी गाडीहरुमध्ये टोयोटा गाडी खरीदमा विशेष छूटको रुपमा रु. १५,९८,५९२।- पर्ने टोयोटा कोरोला जी.एल. ग्रेडको २ थान गाडीसमेत उपलब्ध गराउने भनी लिखित पत्रसमेत पेश गरेकोले सोसमेत संलग्न गरेको र अन्य कम्पनीबाट त्यस्तो कुनै पत्र प्राप्त नभएकोले ८०० सी.सी. को हकमा अरुण कन्टिनेण्टल ट्रेडर्सले पेशगरेको मारुती गाडी खरीद गर्न उपयुक्त हुन भनी उप सचिव समेतबाट निर्णय पेश भएकोमा बोलपत्र आव्हान गर्दा पर्न आएको बोलपत्र मध्ये पेश भए बमोजिम देहाय अनुसार हुन उपयुक्त हुने देखी पेश गरेको हुं भनी युनाइटेड ट्रेडर्स सिण्डीकेटको कोरोला १६०० सी.सी. एम, १३०० सि.सी.एम र डबल क्याप पिकअप जम्मा थान ५० खरीद गर्ने भनी सह सचिवको टिप्पणीमा २०५२।८।६ मा सचिवको दस्तखत भई मन्त्री समेतबाट सदर भएको टिप्पणी व्यहोरा ।

प्रस्तुत विवादमा निम्न लिखित विषयमा विचार गरी निर्णयमा पुग्न पर्ने देखियो :-

१. बोलपत्र अनुसारको सवारी साधनहरु स्पेसिफिकेशन र अन्य प्राविधिक दृष्टिकोण वा के कस्तो उपयुक्तता र गुणस्तरका हुन् राय लिने भन्ने आदेश भएपछि त्यस्तो राय प्राविधिकसंग के कस्तो रुपमा लिनु पर्ने हो र मौखिक छलफल गरेका भरले स्तर कायम गर्न र त्यस्को आधारमा निर्णयमा पुग्न मिल्ने नमिल्ने के हो?

२. कुनै टेण्डरदाताले थप सुविधा दिने कुरा टेण्डरमा उल्लेख नगरी पछि मात्र लेखेर उल्लेखगरेको कुरालाई आधार लिई टेण्डर स्वीकृत गर्न हुन्छ हुदैन ?

३. आर्थिक प्रशासन नियमावलीले बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? बोलपत्र आव्हान गरेपछि सबैभन्दा घटी दरकै बोलपत्र स्वीकृत गर्नु पर्ने हुन्छ वा स्तरीयता तथा अन्य कुरालाई विचार गरी सोभन्दा बढी मूल्यको पनि खरीद गर्न मिल्छ ? बढी मूल्यको वा खास स्तरीय सामान खरीद गर्दा के कस्तो प्रकृया अपनाउनु पर्दछ ?

४. प्रकृयागत त्रुटि भएकोमा कुन तहको पदाधिकारी जिम्मेवार हुन्छ ?

सर्वप्रथम प्राविधिकको रायका सन्दर्भमा विचार गर्दा २०५२।८।१ मा सह सचिव पुरुषोत्तम ढकालले "बोलपत्र अनुसारका सवारी साधनहरु स्पेसिफिकेशन अनुसार र अन्य प्राविधिक दृष्टिकोणबाट के कस्तो उपयुक्तता र गुणस्तरका हुन राय लिई पेश गर्ने " भन्ने आदेश भएको देखिन्छ । फायल हेर्दा प्राविधिकको राय संलग्न देखिदैन । यस सम्बन्धमा निज सह सचिव र अन्य अधिकारीसंग बयानमा सोधपूछ गर्दा सबै अधिकारी संगै बसी छलफल र मौखिक राय लिएको भनी भनेको देखिन्छ । कुनै पनि मालवस्तु स्तरीय छ छैन भन्ने कुरा पूर्णतः प्राविधिक कुरा हो । प्राविधिक राय भन्नासाथ के कुन कारण र कुन आधारमा स्तरीयता कायम गरेको हो प्रष्ट र पारदर्शी प्राविधिक कारणहरु उल्लेख हुन अनिवार्य हुन्छ । मनोगत आधारमा स्तरीयता कायम हुन सक्दैन र त्यस्तो मनोगत विचारलाई प्राविधिक रायको रुपमा स्वीकार गरी स्तरीयता कायम गर्न मिल्दैन । स्तरीयता भन्ने कुरा समय प्रयोजन र प्राविधिक डिटेलसंग सापेक्षिक भएकोले संधै सबै प्रयोजनको लागि सबैलाई स्तरीय हुन पनि सक्दैन । यस अघि गृह मन्त्रालयले गाडी खरीद गर्दा लिखित रुपमा प्राविधिक राय लिएको र प्राविधिक डिटेलका साथ प्राविधिकले लिखित राय दिएको देखिन्छ । अतः पहिलेको प्रचलन र आफैले प्राविधिक राय लिने भनी आदेश गरेपछि सो नलिई छलफलमा प्राविधिकलाई राखी वा मौखिक विचार बुझी बोलपत्र स्वीकार गर्न उपयुक्त हुन्छ भनी

राय प्रस्तुत गरेको कार्यलाई उचित मान्न सकिएन । यस्तो कार्यबाट प्रष्ट रुपमा प्रकृयागत त्रुटि हुन गएको देखियो ।

अब माथि उल्लेखित दोश्रो विषयमा विचार गर्दा गाडी खरीद गर्ने सम्बन्धमा परेका बोलपत्रहरु हेर्दा कुनै पनि बोलपत्रदाताले कुनै छूट वा थप सुविधा वा थप गाडी दिने उल्लेख गरेको देखिंदैन । २०५२।८।५ मा युनाइटेड ट्रेडर्स सिन्डीकेटले निजको बोलपत्र स्वीकार गरेमा दुइवटा टोयोटा गाडी थप दिन्छु भनी पत्र लेखेको देखिन्छ । अन्य बोलपत्रदाताले यस्तो अफर नदिएको भन्ने समेतको आधारमा युनाइटेड ट्रेडर्स सिन्डीकेटको बोलपत्र स्वीकार गरेको देखिन्छ । अन्य बोलपत्रदातालाई यस्तो अफर दिने मौका र सूचना दिएको देखिदैन । यस्तो सूचना नै नदिई "अफर नगरेको" भनी भन्न र सोही आधारमा बोलपत्र अस्वीकार गर्न र कसैले अफर दिएको भएमा त्यस्तो बोलपत्र स्वीकार गर्न कानूनतः मिल्दैन । यो प्रकृया नियमसंगत छैन र स्वस्थ परम्परा पनि होइन । तर गृह मन्त्रालयले यसभन्दा अघि गाडी खरीद गरेका फायल मगाई हेर्दा यसरी नै छुट दिने, थप अफर स्वीकार गर्ने र कमिशन अंक समेत किटान गरी राजश्वमा दाखिल गर्ने समेतको प्रचलन रहेको देखिएकोले सोही प्रचलन अनुसार भएको हालको कारवाईलाई अनुचित बदनियतपूर्वक गरिएको ठहर गर्न मिलेन ।

तर उक्त कार्य नियमसंगत नहुनुका साथै स्वस्थ परम्परा पनि नभएकोले आवश्यक सुधार गर्न भनी गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउन पर्ने देखियो ।

अब आर्थिक प्रशासन नियमावली सम्बन्धी तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ को नियम २९ को उपनियम (२) को (ख) ले साधारणतः सबैभन्दा घटी दरवालाको बोलपत्र स्वीकार गर्नु पर्ने छ । तर बोलपत्रहरुको स्वीकृतिको लागि विचार हुंदा बोलपत्र दिने व्यक्ति संस्थाको क्षमता, अनुभव भरपर्दो भए नभएको आदि कुराको अतिरिक्त आर्थिक हैसियतको पनि ख्याल राख्नु पर्छ र घटीवालाको बोलपत्र स्वीकार गर्न मनासिव नदेखिएको कारण स्पष्ट खोली सोभन्दा बढीवालाको बोलपत्र पनि स्वीकार गर्न सकिने छ । यसरी सबैभन्दा घटी दर भएको बोलपत्रभन्दा बढीवाला बोलपत्र स्वीकृत गर्नु पर्दा एक तह माथिल्लो अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । साधारणतः कुनै बोलपत्र घटी भए त्यो लिनु पर्दछ तर घटी दर कै बोलपत्र स्वीकृत गर्नु पर्ने वाध्यात्मक कानून व्यवस्था छैन । त्यसैले घटी दरको बोलपत्र स्वीकृत नगरिएकै कारणले वा बढी दरको बोलपत्र स्वीकृत गरिएको कारणले मात्र अनुचित कार्य वा भ्रष्टाचार भयो भनी अनुमान गर्न मिल्दैन । बढी दरको बोलपत्र स्वीकृत गर्नु पर्ने औचित्य र कारण प्रष्ट र मनासिव भए सो कुरा उल्लेख गरी पारदर्शी बनाई उक्त आर्थिक प्रशासन नियमावलीको नियम २९ को उपनियम २ को (ख) को प्रकृया पालन गरी स्वीकृत गरेमा कानून अनुरुप नै हुन्छ । प्रस्तुत सन्दर्भमा हेर्दा उच्च दरको टेण्डर स्वीकृत गरिएको छ । सोको कारणमा भारतमा निर्मित गाडीहरु कम दरमा पाइने भए पनि गुणस्तर राम्रो नहुने नेपालको सडकको अवस्था हेर्दा जापानी गाडीहरु मध्ये टोयोटा गाडी खरीद गरेमा जापानी यन २८९६००० अर्थात् ने.रु. १५,९८,५९२।– दिने भन्ने उल्लेख छ । दुई वटा गाडी थप दिने अफरका सम्बन्धमा यो स्वस्थ नियम संगत परम्परा होइन भन्ने कुरा माथि उल्लेख भइसकेको छ । अन्य उल्लेखित कारण अर्थात् जापानी गाडीको स्तर राम्रो हुने भन्ने कारण र औचित्यलाई अन्यथा भन्न सकिने अवस्था देखिएन । तर जापानी मध्ये टोयोटा नै खरीद गर्नु पर्ने कारण र औचित्य भने टिप्पणीमा प्रष्ट छैन । टोयोटा खरीद गर्नु पर्ने औचित्य र कारण सचिव र सह सचिवले बयानबाट खुलाएको देखिन्छ । तर टिप्पणीमा उल्लेख नभएको कारणले गर्दा आर्थिक नियमावलीको मनसाय अनुरुप पारदर्शी हुन सकेको देखिएन । उक्त नियम २९ को उपनियम (२) को (ख) ले बढी दरको स्वीकृत गर्नु पर्ने कारण भएमा पूर्व स्वीकृत लिनु पर्ने व्यवस्था गरेको छ तर सो बमोजिमको प्रकृया सम्बन्धित पदाधिकारीले पूरा गरेको देखिएन ।

साथै आर्थिक प्रशासन नियमावलीको नियम २९ को उपनियम (१) ले बोलपत्र स्वीकृत गर्दा ५ करोडसम्मको बोलपत्र विभागीय प्रमुखले गर्न सक्ने र १० करोडसम्मको बोलपत्र सम्बन्धित सचिवले स्वीकृत गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत बोलपत्र ५ करोडभन्दा कमको देखिएकोले नियमानुसार सचिवकै तहबाट स्वीकृत गर्नु पर्ने देखिन्छ । सचिवले आफूले सदर गरी माननीय

मन्त्रीज्यू कहां पेश गरेको र मन्त्रीज्यूले सदर गरेको देखिन्छ । यसभन्दा पहिले गृह मन्त्रालयबाट गाडी खरीद गरेका फाइल हेर्दा मन्त्रालयबाट गाडी खरीद गर्दा जतिसुकै रकमको भए पनि मन्त्रीस्तरसम्म पुऱ्याई निर्णय गराउने प्रचलन भएको र कुनैमा पनि पूर्व स्वीकृति लिने तर्फ कारवाई चलाई स्वीकृति लिएको देखिन नआएकोले यसमा अन्यथा शंका लिनु पर्ने देखिन आएन । प्रकृयागत त्रुटिलाई सुधार गरी नियमसंगत बनाउन श्री ५ को सरकार गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउन लेखी पठाउनु पर्नेसम्म देखियो ।

अब गृह मन्त्रालयले युनाइटेड ट्रेडर्स सिन्डीकेटको बोलपत्र स्वीकार गरी टोयोटा गाडी खरीद गर्दा भएको उक्त प्रकृयागत त्रुटिका लागि के कस्को कुन हदसम्मको जिम्मेवारी हुन्छ भन्ने सन्दर्भमा विचार गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

प्राविधिज्ञको रायसम्बन्धी प्रकृयागत त्रुटिका सन्दर्भमा विचार गर्दा गाडी खरीद गर्दा प्राविधिज्ञको राय लिने प्रचलन छ छैन, भए कस्तो किसिमको रायको आवश्यकता पर्दछ भन्ने कुराको जानकारी यस कार्यमा पहिलेदेखि संलग्न भएका सम्बन्धित कर्मचारीलाई हुन्छ । प्राविधिज्ञको राय लिने भन्ने आदेश सह सचिव पुरुषोत्तम ढकालले गरेको देखिन्छ । मौखिक छलफलको आधारमा निर्णयमा पुग्न सक्ने भए प्राविधिज्ञको पहिलेको प्रचलन समेत थाहा भएका सह सचिवले प्राविधिज्ञको राय लिने भन्ने आदेश गर्नुको अर्थ नै लिखित रुपमा डिटेल सहितको प्राविधिक राय माग गरिएको हो भन्ने कुरा प्रष्ट हुंदा हुंदै सो कुरालाई वास्ता नगरी मौखिक छलफल गरेको भनी निज सह सचिवले टिप्पणी उठाएको देखिएको र यो प्रचलन यो जानकारी हुंदा हुंदै र सह सचिवको आदेशानुसारको प्राविधिज्ञको राय फायल संलग्न छैन भन्ने जानकारी भएर पनि त्यसलाई नियमित गराउने तर्फ सचिवले कुनै प्रयास नगरी आफूसमेत बसी छलफल गरी टिप्पणी उठाउन लगाएको देखिनाले यो प्रकृयागत त्रुटिमा सह सचिव र सचिवको जिम्मेवारी रहेको प्रष्ट देखिनआयो ।

यस सन्दर्भमा टिप्पणी उठाउने अन्य कर्मचारी र माननीय मन्त्रीज्यूको संलग्नताका सन्दर्भमा विचार गर्दा गृह मन्त्रालयको पहिलेको प्रचलन के थियो, प्राविधिक राय कस्तो हुनु पर्छ प्राविधिज्ञको राय मिसिल संलग्न छ छैन भनी हेर्ने र नभए नियमित गराउने जिम्मेवारी माननीय मन्त्रीज्यूको होइन, यो जिम्मेवारी यस कार्यमा पहिलेदेखि संलग्न रहेको कर्मचारीको हो । त्यसैले माननीय मन्त्रीज्यूबाट स्तरीय किन्ने भनी टिप्पणी सदर भएको कारणले मात्र जिम्मेवारी ठहर गर्न मिलेन । त्यस्तै सह सचिव भन्दा तलका उप सचिव र शाखा अधिकृतले प्राविधिक रायका सम्बन्धमा कुनै राय प्रकट गरेको नदेखिनाले निजहरुको संलग्नता नै देखिएन ।

अब उक्त उल्लेखित आर्थिक नियमानुसार पूरा गर्नु पर्ने प्रकृया पूरा नगरेका सम्बन्धमा विचार गर्दा बढी दरको बोलपत्र स्वीकृत गर्दा आर्थिक नियमानुसारको प्रकृया पुऱ्याउने र सो अनुसारको औचित्य र कारण खुलाउने दायित्व र जिम्मेवारी त्यस्तो राय प्रकट गर्ने पदाधिकारीको हो । प्रस्तुत बोलपत्रका सन्दर्भमा शा.अ. र उप सचिवले त्यस्तो कुनै राय प्रकट गरेको नदेखिंदा निजहरुको जिम्मेवारी ठहर गर्न मिलेन । सह सचिवले बढी दरको बोलपत्र स्वीकृत गर्ने राय प्रकट गरी पेश गरेको र आर्थिक नियमानुसार सदर गर्ने आफ्नो अधिकार हुंदा हुंदै सोलाई ख्याल नगरी प्रकृयालाई समेत ध्यान नदिई सचिवले मन्त्रीसमक्ष टिप्पणी पेश गरेको देखिनाले यस कार्यका लागि पनि निजहरु नै जिम्मेवार रहेको देखिएको । अतः उक्त उल्लेखित कारणहरुले गर्दा यस कार्यमा प्रत्यक्ष जिम्मेवारी सह सचिव पुरुषोत्तम ढकाल र सचिव पदम प्रसाद पोखरेलले निर्णय गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधि पालन नगरी अख्तियारको दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) को विपरितको कार्य गरेको देखिनाले सोही ऐनको दफा १२ बमोजिम सचेत गराउन सम्बन्धित मन्त्रालयलाई लेखिएको ।

५९) प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाबाट दैलेख जिल्लाको लागि आव्हान भएको पौष्टिक आहार सामाग्री ठेक्का बन्दोवस्त सम्बन्धी कार्यमा अनियमितता भएको भन्ने सम्बन्धमा पौष्टिक आहार सामाग्री ढुवानी सम्बन्धी ठेक्का प्राप्त गर्ने दरवार निर्माण सेवाले बोलकबोल गरेको रकम अन्य सबै बोलपत्रदाताहरुले बोल कबोल गरेको अंकभन्दा कम रहेको र रीतपूर्वकको नभएको भनी बदर गरिएको ,गणेश निर्माण सेवा वाहेक दोश्रो स्थानमा रहेको कन्ट्राक्ट कुरियर्स प्रा.लि.को तुलनामा रु. ८,०४,४५०।- रकम फरक पर्न गई सो ढुवानी सम्बन्धी कार्यको

ठेक्का दरवार निर्माण सेवालाई दिने भनी गरिएको निर्णय आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०४२ को नियम २९.२(ख) को अधीनमा रही संस्थाको आर्थिक हित अनुकूल भएको देखिंदा उजुरीमा औल्याइए अनुसार अनुचित कार्य भए गरेको देखिएन ।

६०) चावहिल मालपोत कार्यालयले धोवीखोलाको सार्वजनिक जग्गा दर्ता गरे गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :–

धोवीखोलाको जग्गा अतिक्रमण भएको भन्ने सम्बन्धमा २०२१।२२ सालको नापीमा धोवीखोला जनिएको जग्गा मध्ये साविक चावहिल ८ कि.नं. १४० वडा नं. ९ कि.नं. ३ को जग्गा ०४४ सालको नापीमा विभिन्न कित्तामा नापी भई केही कित्ता नापी गोश्वाराले, केही कित्ता मालपोत कार्यालयले व्यक्ति विशेषको नाममा दर्ता गरेको देखियो । २०२१।२२ सालमा कायम रहेको ०४४ सालको नापीमा कायम रहेको र हाल कायम रहेको धोवी खोलाको तयार गरिएको नक्सा हेर्दा समय समयमा खोलाले धार बदलेको देखिन्छ भने गोपीकृष्ण सिनेमा हल बनेको पश्चिम तर्फको हालको धोवीखोला पहिले नम्बरी जग्गा भै ०४४ सालपछि खोला बगेको नक्साबाट देखिन आउंछ । धोवीखोला पश्चिम साविक का.न.पा. ४ मा परेको तर हाल सो हल धोवीखोला पूर्व भै हाल का.न.पा. वडा नं. ७ मा पर्न आएको देखिन्छ । ०४४ सालमा नापी हुंदा गोपीकृष्ण सिनेमा हल सहितको जग्गा ४ वडामा पर्ने भनी नापी गोश्वाराले नक्सामा कित्ता काट नगरेको ३ नं. नापी गोश्वाराले पठाएको नक्साबाट देखिन्छ । नाप जांच ऐन, २०१९ बमोजिम नापी नक्सा भई खोला जनिएको, ऐनले खोला जनिएको जग्गा श्री ५ को सरकारको हुने व्यवस्था गरेकोमा सो खोला जनिएको जग्गा ०४४ सालको नापीमा व्यक्ति विशेषका नाउंमा नापी भै दर्ता भएको कार्य कानून सम्मत भएको देखिएन ।

नापजांच ऐन, बमोजिम पुनः नापजांच गर्दा सरकारी सार्वजनिक जग्गाको सांध यकीन गर्नु पर्ने व्यवस्था, ०४९ सालको संशोधनमा परेको यो जग्गा ०४४ सालमा नै नापी भएको । त्यसबखत भू.सु.मन्त्रालय तथा नापी विभागले सरकारी सार्वजनिक जग्गा छुट्याई दर्ता गर्ने विषयमा स्पष्ट निर्देशन नदिएको हुंदा नापी गोश्वाराले साविक नक्सा श्रेस्ता नभिडाई व्यक्तिले देखाएको भरमा नापी गरेको कारणले नै सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता भएको देखिंदा नाप जांच गर्ने दर्ता गर्ने कर्मचारीहरुको लापरवाही तथा मन्त्रालय तथा नापी विभागको उदासीनताको कारणले सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको र भविष्यमा पनि यस्ता समस्याहरु श्रृजना हुने देखिन्छ ।

अनुसन्धानको सिलसिलामा सरकारी सार्वजनिक जग्गा सम्बन्धमा नापी विभाग र मालपोत विभागबाट निम्न बमोजिम प्रतिक्रिया प्राप्त भएको देखियो :–

<u>मालपोत विभागको प्रतिक्रिया</u> :

• पुनः नापी गर्दा व्यक्तिले देखाए बमोजिम वा साविक नक्सा श्रेस्ता भिडाई नापी गर्ने भन्ने विषय नापी विभागसंग सम्बन्धित देखियो ।

• पुनः नापी हुंदा नापी गोश्वाराले साविकमा दर्ता रहेको जग्गा समेत दर्ता नगरेको श्री ५ को सरकारको नाममा दर्ता रहेको जग्गासमेत व्यक्तिका नाममा दर्ता गरेको ।

• साविकमा खोला जनाई श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा व्यक्तिका नाममा दर्ता गर्न नमिल्ने ।

• सरकारी सार्वजनिक जग्गा सम्बन्धमा विविध कानूनी व्यवस्थाले व्यवहारमा कार्य गर्न कठिनाई भएको ,यस विषयमा ठोस नीति तय नभएको ।

• सरकारी सार्वजनिक जग्गा दर्ता गरी पुर्जा जिल्ला प्रशासन कार्यालयमा रहने गरेको छ ।

• श्री ५ को सरकारका नाउंमा दर्ता रहेको जग्गामध्ये सबैमा कुन सार्वजनिक हो कुन सरकारी हो अनिवार्य रुपमा व्यहोरा जनाउने नगरिएको ।

• कतिपय जिल्लामा नापी गोश्वाराले सरकारी सार्वजनिक जग्गा मिन्हा वा श्री ५ को सरकारमा श्रेस्ता प्रमाणित गरेको ,कतिपयमा नगरेको ।

• श्री ५ को सरकारका नाममा दर्ता भएको कतिपय जग्गा श्री ५ को सरकारको निर्णय बमोजिम गठित समितिहरुले व्यक्तिका नाममा दर्ता गरेको बुझिएको त्यस्ता दर्ता भएको जग्गाको अनिवार्य रुपमा लगत कट्टा गर्ने गरेको पाइंदैन ।

• श्री ५ को सरकारको नाममा दर्ता रहेको जग्गा विगाहा २,६०,३२१ रोपनी, ८१,०१,५७९ मध्ये कति जग्गा व्यक्तिका नाममा दर्ता भएको यकीन नभएको, त्यस्तो दर्ता भएको जग्गाको लगत कट्टा गरी श्रेस्ता अध्यावधिक गर्न नसकिने संभावना रहेको ।

<u>नापी विभागको प्रतिक्रिया</u> :

• पुनः नापी हुंदा श्रेस्ताहरु मालपोत कार्यालयबाट उपलव्ध नहुने हुंदा कसैले दावी विरोध नगरेमा पुरानो कित्ताको सांधसंग जोडिएको नदी उकास जग्गाहरु व्यक्ति विशेषका नाउंमा दर्ता हुन सक्ने ।

• साविकमा दर्ता नभएको जग्गा समेत पुनः नापी हुंदा दर्ता हुन सक्ने ।

• साविकमा दर्ता भएको जग्गा पुनः नापीमा जग्गा धनी उपस्थित नभएमा दर्ता गर्ने नगरेको । नापीले ७ दिने सूचना प्रकाशित गर्दा दावी विरोध नभएमा सांधमा जोडिएकोसमेत दर्ता हुन सक्ने ।

• साविकमा खोला जनिई खोलाले धार बदलेकोमा मार्गको आधारमा दर्ता हुन सक्ने ।

• शुरु नापी हुंदा सरकारी सार्वजनिक जग्गा दर्ता गर्ने नगरेको, फिल्ड बुकमा जनाउने गरेको नाप नक्सा भएपछि यस्ता दर्ता गर्न बांकी जग्गाको लूज सिट मालपोत कार्यालयमा दिने गरेको ।

• नापी समाप्त भएपछि सरकारी सार्वजनिक जग्गा कति थिए, श्रेस्ता मालपोत कार्यालयमा बुझाउने हुंदा सरकारी सार्वजनिक जग्गाको लगत मालपोत कार्यालयमा हुने ।

नापजांच ऐन बमोजिम नापजांच गर्ने र नाप जांच ऐन तथा मालपोत ऐन बमोजिम जग्गा प्रशासन गर्ने नापी विभाग र मालपोत विभागको एकै विषयमा विरोधाभासपूर्ण दृष्टिकोण प्रस्तुत हुनुले ऐन नियमको पालना जिम्मेवारी प्रतिको उदासिनता र लापरवाहीलाई प्रष्ट रुपमा उजागर गरेको देखिन्छ । नापजांच ऐनले साविक दर्ता श्रेस्ता अनुसार दर्ता गर्नु पर्ने सरकारी सार्वजनिक जग्गा छुट्याएपछि मात्र अरु जग्गा नापी नक्सा तथा दर्ता गर्नु पर्ने कानूनी व्यवस्था मौजूद हुंदा हुंदै साविक दर्ता श्रेस्ता नक्सा बमोजिम सरकारी सार्वजनिक जग्गा समेत दर्ता गरिदिनु पर्ने र व्यक्तिको जग्गासमेत दर्ता गरी दिनु पर्नेमा सो बमोजिम नगरी मालपोत कार्यालयबाट श्रेस्ता प्राप्त नहुने प्रकाशित सूचनामा दावी विरोध नपरे सरकारी सार्वजनिक जग्गा पनि दर्ता हुन सक्ने भन्ने नापी विभागको भनाई गैर कानूनी मात्र होइन गैर जिम्मेवारी र लापरवाहीको नमूना हो भने सरकारी, सार्वजनिक, व्यक्तिगत तथा गुठी सम्पत्तिको व्यवस्थित अभिलेख राख्ने जिम्मेवारी बोकेको मालपोत विभागले व्यक्तिगत सरकारी सार्वजनिक गुठी जग्गाको यकीन र व्यवस्थित अभिलेख राख्नु पर्नेमा स्पष्ट तथा व्यवस्थित अभिलेख नराखेको, श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा मध्ये के कति जग्गा विभिन्न आयोग कमिशनबाट दर्ता भएको छ सरकारी सार्वजनिक जग्गा कति हो लगत व्यवस्थित गर्ने कार्य नगरी श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गामध्ये कति जग्गा व्यक्तिहरुको नाममा दर्ता भएको छ लगत यकीन गरी श्रेस्ता अध्यावधिक गर्न नसकिने भन्ने मालपोत विभागको प्रतिक्रियालाई उचित मान्न सकिदैन । यस्तो सम्वेदनशील विषयमा मन्त्रालयको भूमिका उदासिन रहेको देखिन्छ ।

औलो नियन्त्रण र तराईमा पूर्व पश्चिम राजमार्ग निर्माण शुरु भएपछि तराई जिल्लाहरुका जंगल तथा सरकारी जग्गामा अतिक्रमण शुरु भयो । वन फडानी गरी आवाद गर्ने व्यक्तिहरुको आंकडा फाराम लिई ४ विगाहासम्म जग्गा दर्ता गरी दिने नीतिले वन जंगल, पर्ती, सरकारी जग्गा र सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढ्दै गएपछि सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने व्यक्तिहरुलाई जग्गा दर्ता गरी दिने तत्कालीन बसोवास नीतिले सरकारी जग्गा बसोवास गरी कब्जा गरेमा आफ्नो नाममा दर्ता हुन्छ भन्ने व्यापक जनधारणा बनी अतिक्रमण तीव्र रुपले बृद्धि भयो ।

समय समयमा सुकुम्बासी, अव्यवस्थित बसोवास गर्ने व्यक्तिको नाममा जग्गा दर्ता गर्न आयोगहरु गठन भएपछि जंगल सुरक्षित गर्ने भनी सिमाना सोझो पार्ने नाममा हजारौं हेक्टर जग्गा व्यक्तिगत रुपमा दर्ता भए । ढालफांड गरी बसोवास गरेको भनी ठूलो परिमाणमा जंगल तथा सरकारी जग्गा दर्ता भए, सरकारी जग्गामा ढाल फांड बसोवास गरेमा जग्गा दर्ता हुन्छ भन्ने व्यापक धारणा तथा तत्कालीन राजनैतिक व्यक्तित्वहरुको संरक्षण तथा कृयाकलापबाट र सरकारी जग्गाको अनियमित व्यापार गर्ने व्यक्तिहरुको प्रयास र प्रभावबाट समेत सरकारी जग्गामा अतिक्रमणमा तीव्र बृद्धि भई ठूलो परिमाणमा सार्वजनिक तथा सरकारी जग्गाहरु व्यक्तिगत दर्ता

भए । सुकुम्बासीको नाममा उनाउ व्यक्तिहरुको नाउंमा जग्गा दर्ता हुन पुग्यो । आंकडा फाराम सट्टा भर्ना भू.पू. सैनिकलाई जंगल फडानी गरी बसोवास गराई दर्ता गर्ने झोरा जग्गा दर्ता गर्ने अव्यवस्थित बसोवासलाई व्यवस्थित बसोवास गराउने नाममा जंगल वन बुट्यानका साथै सार्वजनिक जग्गाहरु समेत दर्ता भए । तत्कालीन वन ऐनले वन फंडानी गरे वापत सफाई पाएको व्यक्तिले जग्गा ढालफांड गरी आवाद गरेको प्रमाण स्वरुप आफूले सजाय पाएको फैसला पेश गरी जग्गा दर्ता गर्न पाएको विडम्बना समेत रह्यो । वन जंगल फडानी गर्न नपाइने, स्वीकृति विना जग्गा आवाद गर्न नपाउने कानूनी व्यवस्था मौजूद रहंदा रहदै सो कानूनको बर्खिलाप गर्ने तथा उनाउ व्यक्तिहरुलाई जग्गा दर्ता गरी दिने कार्यले कानून मिच्ने प्रबृत्तिलाई प्रोत्साहित गऱ्यो ।

उपरोक्त सन्दर्भमा श्री ५ को सरकारको नाममा दर्ता भएको वा दर्ता हुन बांकी सरकारी सार्वजनिक जग्गाहरु पुनः नापजांच नभएको ठाउंमा छूट दर्ताको माध्यमबाट वा गैर कानूनी बसोवास अतिक्रमणबाट समेत यस्ता सरकारी सार्वजनिक जग्गा हिनामिना दर्ता हुन सक्ने देखिन्छ । जनसंख्याको बढदो चाप, जग्गाको मूल्य बृद्धि आदि कारणले शहरी क्षेत्र तराई तथा यातायात पुगेको पहाडी भेगका मूल्यवान जग्गाहरु अतिक्रमण भइरहेको र सो क्रम जारी रहने प्रबल संभावना टड्कारो रुपमा रहेको छ भने जनजीवन तथा सरकारी विकास निर्माणको कार्यको लागि सरकारी जग्गाको खांचो बढ्दै गएको छ । एकातिर सरकारी सार्वजनिक जग्गा अतिक्रमण भई व्यक्ति विशेषको कब्जामा गई रहेका छन् भने सरकारले विकास निर्माणको लागि जग्गा अधिग्रहण गर्नु पर्ने भई सरकारी जग्गाको उपभोग स्वयम् सरकारले गर्न सकिरहेको छैन । यस परिस्थितिमा बांकी बचेका सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण तथा सुरक्षा गर्नु नितान्त जरुरी भएकोले शीघ्र ठोस उपायहरुको अवलम्बन गर्नु पर्ने देखिएको हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) बमोजिम निम्न बमोजिमको सुझाव श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयमा पठाइएको :–

(१) मालपोत कार्यालय मूलतः जग्गा प्रशासन गर्ने कार्यालय भएको हुंदा मालपोत कार्यालयले व्यक्तिगत ,सरकारी, सार्वजनिक गुठी जग्गा र दर्ता गर्न बांकी रहेका लगतको यकीन तथा व्यवस्थित लगत राख्नु पर्ने हुन्छ । तर प्राप्त विवरणबाट श्री ५ को सरकारको मिति ०५१।१०।२३ को निर्णय बमोजिम सबै सरकारी तथा सार्वजनिक जग्गा श्री ५ को सरकारको नाममा दर्ता भई सकेको छ ,छैन यकीन नगरेको हुंदा सर्वप्रथम मालपोत ऐन लागू भई सकेका जिल्लाहरुमा श्री ५ को सरकारको नाममा दर्ता गर्न बांकी सरकारी सार्वजनिक जग्गाहरु ६ महिना भित्रमा दर्ता गरी सक्ने व्यवस्था गर्ने र यसरी दर्ता गर्दा सरकारी जग्गाको हकमा श्री ५ को सरकार र सार्वजनिक जग्गाको हकमा सार्वजनिक जनाई दर्ता गर्ने र यसरी दर्ता भएपछि सरकारी जग्गामध्ये सार्वजनिक र भीर जंगल खोला नदी बाटो सडक आदि कृषि तथा बसोवासको लागि उपयुक्त नहुने जग्गा तथा उपयुक्त हुने जग्गाको यकीन तथा यथार्थ अभिलेख तयार गर्ने ।

मालपोत ऐन लागू नभएको जिल्लामा नापी गोश्वाराले मालपोत कार्यालयलाई श्रेस्ता हस्तान्तरण गर्दा दफा १ बमोजिम गरी हस्तान्तरण गर्ने ।

(२) श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गामध्ये श्री ५ को सरकारको नीति बमोजिम बसोवास पुनर्वास समिति आयोगहरुबाट वितरण भई दर्ता भएका जग्गाहरुमध्ये श्री ५ को सरकारको नाममा समेत श्रेस्ता कट्टा नभई दोहोरो दर्ता भई रहेको कतिपय सार्वजनिक जग्गा व्यक्तिका नाउंमा समेत दर्ता भई एउटै जग्गाको दोहोरो लगतले विभिन्न समस्याको श्रृजना गर्ने हुंदा त्यसरी वितरण गरिएको जग्गाको लगत श्रेस्ता भिडाई सार्वजनिक जग्गा दर्ता भएको जग्गाको मालपोत ऐन बमोजिम दोहोरो लगत कट्टा गर्ने कार्य निश्चित अवधि भित्र समाप्त गर्ने ।

(३) पुनः नापी भएको क्षेत्रमा नाप नक्सा तथा दर्ता गर्दा साविक नक्सा तथा दर्ता श्रेस्ता बमोजिम दर्ता गर्नु पर्ने र नापी गर्दा पहिले सरकारी सार्वजनिक जग्गा छुट्याई मात्र अरु जग्गा नाप जांच गर्नु पर्ने नाप जांच ऐनमा व्यवस्था भएकोमा पुनः नापी भएका क्षेत्रमा नापी गोश्वाराले सरकारी सार्वजनिक जग्गा श्री ५ को सरकारको नाममा दर्ता नगरेको, साविकमा श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गासमेत व्यक्ति विशेषको नाममा दर्ता गरेको देखिएको र नापी विभागको प्रतिक्रियाबाट भविष्यमा समेत सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउंमा दर्ता

हुन सक्ने देखिएको हुंदा यो प्रवृत्तिलाई नियन्त्रण गर्न नापजांच ऐन बमोजिम सरकारी सार्वजनिक जग्गाको पहिले नापी गरी पुनः नाप जांच भएको क्षेत्रको सरकारी तथा सार्वजनिक सम्पूर्ण जग्गा श्री ५ को सरकारका नाममा दर्ता गरी श्रेस्ता हस्तान्तरण गर्नु पर्ने बाध्यात्मक व्यवस्था गर्ने ।

पुनः नाप जांच भएको क्षेत्रमा साविक दर्ता बमोजिमको जग्गा दर्ता नगरी नापी गोश्वारालेश्रेस्ता हस्तान्तरण गर्दा पुनः नापी बमोजिम दर्ता गर्न जनताले ठूलो कठिनाईको सामना गर्नु परेको तथ्य काठमाडौं महानगरपालिकाका वडा नम्बर ७, ३४, १०, ९ र जनकपुर नगर क्षेत्रमा देखिएको र यस्तो कार्यले श्री ५ को सरकारप्रति नै जनताको नकारात्मक धारणा बन्न जाने हुनाले नाप जांच ऐनमा भएको व्यवस्था बमोजिम व्यक्ति नापीमा उपस्थित नभए पनि साविक बमोजिम दर्ता गरेपछि मात्र श्रेस्ता हस्तान्तरण गर्ने कार्यलाई कडाईका साथ लागू गर्ने ।

(४) जग्गा दर्ता सम्बन्धमा नाप जांच ऐनले हद म्यादको व्यवस्था गरेको छ तर नाप जांच ऐन बमोजिम नापी गरी मालपोत कार्यालयलाई श्रेस्ता हस्तान्तरण गरेपछि नापीमा दर्ता हुन छूट भएको जग्गा दर्ता गर्न निवेदन गर्न मालपोत ऐनमा कुनै हद म्यादको व्यवस्था छैन । हद म्याद नभएको कारणले जहिलेसुकै निवेदन गर्न पाउने र जालझेल तथा कृत्रिम तरिकाले पहिले दर्ता भई सकेको लगत देखाई सरकारी सार्वजनिक जग्गामा पनि दावी गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

श्री ५ को सरकारले समय समयमा छूट दर्ता गर्ने अवधि तोकेको पाइन्छ । यसरी अवधि तोक्दा सो अवधि नाघेपछि दर्ताको काम बन्द हुने पुनः म्याद थपेपछि कारवाई शुरु हुने प्रचलनले गर्दा अनेकौं विकृति हुन आउने गर्दछ । ऐनमा हद म्यादको व्यवस्था नभएपछि श्री ५ को सरकारले समय समयमा जग्गा दर्ता गर्ने म्याद तोक्नु कानून सम्मत हुदैन । २०२१।२२ सालमा नापी समाप्त भएका जिल्लाहरुमा हाल पनि जग्गा दर्ता गर्न निवेदन पर्ने गरेको देखिन्छ । तीसौं वर्ष पछि पनि निवेदन गर्न पाउने कारणले सरकारी सार्वजनिक जग्गामा नै चाप पर्ने कुरा निश्चित हुंदा छूट जग्गा दर्ता गर्न निवेदन गर्न पाउने कार्यको लागि मालपोत ऐनमा हद म्यादको व्यवस्था गरिनु पर्दछ ।

(५) मालपोत ऐनको दफा ६ मा मालपोत कार्यालयले जग्गाको दर्ता किताव खडा गर्नु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । तर मालपोत ऐन लागू भएको १७ वर्ष बिती सक्दा पनि सो कार्यको थालनीसम्म भएको छैन । भू व्यवस्थापन र प्रशासनको लागि जग्गा दर्ता किताव अत्यावश्यक हुंदा हुंदै त्यसलाई ध्यानै नदिई व्यक्तिको नाममा दर्ता गर्ने कार्यलाई मात्र प्राथमिकता दिएको ,मन्त्रालय विभागले कानूनले गर्नु पर्ने काम प्रति वेवास्ता गरी उदासीन रहेको हुंदा ऐनमा व्यवस्था भए बमोजिम सम्पूर्ण जग्गाको दर्ता किताव तयार नभएसम्म जग्गा प्रशासनमा अनेकौं जटिल विविध समस्या आउने गरेका छन् । सो किताबबाट धेरै हदसम्म समस्याको निराकरण हुने हुंदा ऐनमा भएको व्यवस्था मुताविक निश्चित अवधि भित्र सो कार्य अनिवार्य रुपमा सम्पन्न गर्ने व्यवस्था गरिनु पर्दछ ।

(६) मुलुकी ऐन , प्रारम्भिक कथनको ४ नं.ले छुट्टा छुट्टै बनेका कानूनमा लेखिएको कुराहरुमा सोही कानून बमोजिम र सो कानूनमा नलेखिएका कुरामा मुलुकी ऐन बमोजिम हुने व्यवस्था गरेको छ । नापजांच ऐन बमोजिम नाप जांच भई खोला उल्लेख भएका जग्गामा नाप जांचमा चित्त नबुझ्नेले सोही ऐनको म्यादभित्र उजूर गर्नु पर्दछ । ऐन बमोजिम सरकारी उल्लेख भई सकेको जग्गामा मुलुकी ऐनको प्रावधान नलाग्नेमा कतिपय यस्ता खोला जनिएका जग्गाहरु मुलुकी ऐन जग्गा मिच्नेको २ नं. बमोजिम भनी दर्ता भएको गरेकोसम्म देखिंदा यस्तो कारवाईलाई कडाईका साथ नियन्त्रण गरिनु पर्दछ ।

(७) सरकारी जग्गाको परिभाषाको नाप जांच ऐनमा र सार्वजनिक जग्गाको परिभाषा नाप जांच ऐन मालपोत ऐन, स्थानीय प्रशासन ऐनमा गरिएको छ । स्थानीय प्रशासन ऐनले सार्वजनिक जग्गाको लगत राख्ने व्यवस्था गरेको र सार्वजनिक जग्गा दर्ता भएकोमा मालपोत ऐनको दफा २४ र स्थानीय प्रशासन ऐन, २०२८ ले त्यस्तो दर्ता बदर हुने व्यवस्था गरेको, स्थानीय प्रशासन ऐनले सरकारी जग्गामा घर बनाएकोमा हटाउन सक्ने व्यवस्था गरेको तर सरकारी जग्गा दर्ता भएकोमा दर्ता गर्न सकिने व्यवस्था छैन । श्री ५ को सरकारको म.प. को मिति २०५१।१०।२३ को निर्णयको दफा ६(२) मा सरकारी सार्वजनिक जग्गा घुसाई व्यक्तिका नाममा दर्ता भएकोमा त्यस्तो घुसेको जग्गाको हकमा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम कारवाई गर्ने उल्लेख भए पनि दफा

२४ मा सार्वजनिक जग्गा र वन क्षेत्रको जग्गा दर्ता भएमा मात्र दर्ता बदर गर्न सकिने अन्य सरकारी जग्गा दर्ता भएकोमा बदर गर्न सकिने व्यवस्था नहुंदा सरकारी जग्गा दर्ता भएकोमा सो निर्णय प्रभावकारी नहुने र प्रशासकीय कार्यालयले दर्ता बदर गरे तापनि त्यस्तो निर्णय अदालतबाट खम्बीर हुन सक्ने देखिदैन । यसर्थ सरकारी जग्गामध्ये श्री ५ को सरकारको बसोवास नीति अनुरुप वितरण भई दर्ता भए बाहेकको जग्गा दर्ता गरेमा सार्वजनिक जग्गा दर्ता बदर गर्ने सक्ने व्यवस्था अनुरुप सरकारी जग्गा दर्ता भएकोमा समेत बदर गर्न सक्ने गरी कानूनमा व्यवस्था गरिनु पर्दछ । श्रेस्ता अभिलेखबाट सरकारी सार्वजनिक देखिएको जग्गाको विषयमा व्यक्ति व्यक्तिबिच मुद्दा परी फैसला मिलापत्र गराएकोमा त्यस्तो फैसला मिलापत्र बदर गराउने वा सरकारी जग्गा सम्बन्धमा अदालतमा परेको उजूरीहरुमा प्रतिरक्षा गर्ने कार्य जिल्ला प्रशासन कार्यालय वा मालपोत कार्यालय कस्को हुने हो ऐन नियममा प्रष्ट व्यवस्था नभएको र स्पष्ट नीति समेत नभएकोले सरकारी सार्वजनिक जग्गाको विषयमा प्रतिरक्षा हुन नसकेको हुंदा यस्ता सरकारी सार्वजनिक जग्गाको अभिलेख मालपोत कार्यालयमा रहने हुंदा अदालतमा परेका वा पर्ने विषयमा कारवाई गर्ने जिम्मेवारी र दायित्व मालपोत कार्यालयहरुलाई तोकिनु उपयुक्त हुन्छ ।

सार्वजनिक जग्गा दर्ता भएकोमा बदर गर्ने स्थानीय प्रशासन ऐन तथा मालपोत ऐनमा र वन जंगल दर्ता भएकोमा त्यस्तो दर्ता बदर गर्ने मालपोत ऐन तथा वन ऐनमा व्यवस्था भएको हुंदा एउटै कार्य दुई निकायबाट गरिने व्यवस्थाले जिम्मेवारी पन्छाउने प्रवृत्ति बढ्ने हुंदा दोहोरो व्यवस्था हटाई एउटै निकायबाट कारवाई किनारा गर्ने व्यवस्था गर्नु उपयुक्त र वाञ्छनीय देखिन्छ ।

(८) मुलुकी ऐन जग्गा आवाद गर्नेको महल र मालपोत ऐनले दर्ता नभएको जग्गा आवाद गर्न नहुने, गर्नलाई पहिले स्वीकृति लिनु पर्ने, स्वीकृति नलिई आवाद गरेमा सजाय गर्ने प्रावधान छ । सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हुन नदिने र अतिक्रमण भएमा कारवाई तथा सजाय हुने उक्त ऐनमा व्यवस्था भएको ।

जनसंख्याको बढ्दो चाप, जग्गाको चर्को मूल्य बृद्धिले जग्गा प्रति आकर्षण बढी रहेको र जसरी भए पनि जग्गा हातपार्ने प्रवृत्ति रहेको छ । अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने र सुकुम्बासीलाई जग्गा दिने कार्यले सुकुम्बासीको नाममा जग्गा लिई जग्गाको कारोवार तथा व्यापार गर्ने ठूलो गिरोह लाभान्वित भएको छ । सुकुम्बासी बसोवास वा सट्टा भर्नाको नाममा दिएका जग्गाहरु धेरै जसो बिक्री हक हस्तान्तरण भई सकेका छन् । दश वर्षसम्म हक हस्तान्तरण गर्न नपाउने प्रतिबन्ध भएका जग्गा समेत घरसारमा हस्तान्तरण भई रहेका छन् ।

विद्यमान ऐन कानूनले दर्ता नभएको जग्गा आवाद गर्न नहुने आवाद गर्न स्वीकृत लिनु पर्ने नलिएमा सजाय हुने प्रावधान मौजूद हुंदा हुंदै कानूनको बर्खिलाप गरी सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरी कानून तोड्ने व्यक्तिहरुलाई नै जग्गा दर्ता गरी पुरस्कृत गरिए पछि अरुमा पनि जग्गा कब्जा गरेमा ढीलो छिटो दर्ता हुने भन्ने मानसिकतामा बृद्धि भएको छ ।

सरकारी कृषि तथा बसोवास योग्य जमिन थोरै मात्र बांकी छ । देशको कुनै भागमा दैवी प्रकोप परेको अवस्थामा पुनर्वास गराउन सरकारी जमिन प्राप्त हुन नसक्ने स्थिति भै सकेको अवस्थामा बांकी रहेका सरकारी सार्वजनिक जग्गाको सुरक्षा र सदुपयोग गर्न कठोर नीतिको अवलम्बन गर्नु पर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ ।

सुकुम्बासीको नाममा जग्गा दर्ता गर्ने नीति कायम रहेसम्म अतिक्रमणको क्रम रोकिने संभावना नरहेको मात्र हैन हाल बांकी रहेका सार्वजनिक जग्गा तराई क्षेत्रका खोला बगर जंगल जग्गा तथा पहाडी क्षेत्रका वन जंगलको विनाशले भूस्खलन तथा बाढी पैरोमा बृद्धि हुने र वातावरणीय सन्तुलन बिग्रदै गई थप समस्या श्रृजना हुने निश्चित छ ।

तसर्थ सुकुम्बासीसम्बन्ध मा निम्न बमोजिम गर्नु उपयुक्त देखिन्छ :-

(क) सुकुम्बासीको नाममा जग्गा दर्ता गर्ने कार्य रोकी भविष्यमा समेत सुकुम्बासीको नाममा दर्ता नगर्ने नीति अवलम्बन गर्ने ।

(ख) अन्यत्र घर बसोवास नभएका कृषि पेशा वाहेक अन्य रोजगार नभएका सरकारी जग्गामा बसोवास गरेका सुकुम्बासीलाई निजहरुले बसोवास गरी जोत भोग गरेको जग्गामध्ये तोकिएको हदसम्म भू वहालमा उपलब्ध गराउने ।

(ग) घर बसोवास गरेको जग्गा भू बहालमा दिंदा श्री ५ को सरकारले उचित ठानेको रकम तोक्ने ।

(घ) भू बहालमा दिंदा छुट्टै निस्सा दिने र यस्ता व्यक्तिबाट असुल हुने भू बहालको रकम स्थानीय गा.वि.स., न.पा.ले असुल उपर गर्न पाउने व्यवस्था गर्नु पर्ने ।

(ङ) यसरी भू वहालमा दिएको जग्गा कुनै व्यहोराले कसैलाई दिन नपाउने दिए लिए सजाय हुने प्रावधान हुनु पर्ने ।

(च) सार्वजनिक जग्गा हाल हिंडिरहेको खोलासंग जोडिएको जग्गा वन सिमानासंग जोडिएको जग्गा र खोला उकास जग्गा भू वहाल दिन नपाउने र आवाद गर्नसमेत नपाउने व्यवस्था गर्ने ।

(छ) तोकिएको रकम प्रत्येक साल नबुझाउनेलाई भू वहालको जग्गाबाट हटाउने प्रावधान राख्नु पर्ने ।

(ज) भू वहालमा दिएको जग्गा श्री ५ को सरकारलाई आवश्यक परेमा जुनसुकै बखत लिन सक्ने प्रावधान रहनु पर्ने ।

(झ) श्री ५ को सरकारले भू बहालमा उपलब्ध गराएको व्यक्तिको नाम जग्गाको विवरण सहितको लगत एक प्रति सम्बन्धित गा.वि.स., न.पा. एक प्रति जिल्ला प्रशासन कार्यालयमा राख्ने व्यवस्था हुनु पर्ने ।

(९) स्थानीय प्रशासन ऐनले सार्वजनिक सम्पत्तिको अभिलेख जिल्ला प्रशासन कार्यालयमा राख्नु पर्ने प्रावधान भए पनि सो बमोजिम लगत राख्ने कार्य सम्पन्न नभएको हुंदा प्रत्येक जिल्लामा सरकारी सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख जिल्ला प्रशासन कार्यालयहरुमा राख्ने कार्यलाई प्राथमिकता दिई निश्चित अवधि भित्र सो कार्य सम्पादन गर्नु पर्दछ ।

(१०) सरकारी सार्वजनिक जग्गाको संरक्षण सरकारी निकायबाट मात्र सम्भव नहुने, सार्वजनिक सम्पत्तिको संरक्षणमा जनचासो तथा जन सहभागिताको आवश्यक छ । कुन जग्गा सार्वजनिक सरकारी हो होइन स्थानीय गा.वि.स., न.पा. तथा जनतालाई जानकारी छैन । यो जग्गा सरकारी सार्वजनिक हो भन्ने जनतालाई जानकारी भएमा सो जग्गाको संरक्षण गर्न जनता नै अग्रसर हुन सक्ने हुनाले जनतालाई सुसूचित गरी सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्न प्रत्येक न.पा., गा.वि.स. मा रहेका सरकारी सार्वजनिक जग्गाको कित्ता क्षेत्रफल सहितको सरकारी सार्वजनिक छुटिएको लगत न.पा., तथा गा.वि.स.लाई उपलब्ध गराइनु पर्दछ ।

कुन कित्ता जग्गा कहां पर्छ भन्ने जानकारीसमेत आवश्यक पर्ने हुनाले सरकारी सार्वजनिक जग्गाको नक्सा समेत जिल्ला स्थित मालपोत कार्यालय अन्तर्गत नापी शाखाहरुले निःशुल्क उपलब्ध गराउने र नक्सा उपलब्ध गराउंदा सरकारी सार्वजनिक जग्गा हो भन्ने स्पष्ट हुन सरकारी सार्वजनिक जग्गाको नक्साको कित्तामा छुट्टै रंगले देखाई उपलब्ध गराइनु पर्दछ । यस व्यवस्थाले स्थानीय इकाई तथा सर्वसाधारण जनतामा सरकारी सार्वजनिक जग्गाको जानकारी भई संरक्षण गर्ने कार्यमा जनता स्वयं संलग्न हुने छन् ।

यसरी उपलब्ध गराइएको लगतको जग्गामा गा.वि.स., न.पा. ले श्री ५ को सरकारको स्वीकृत बेगर कसैलाई दिन वा निर्माण गर्न नपाउने प्रतिबन्ध समेत लगाउन आवश्यक छ ।

(११) श्री ५ को सरकारले विभिन्न संघ संस्थालाई जग्गा उपलब्ध गराउंदा सम्बन्धित संस्थाको नाममा दर्ता नगरी तोकिएको अवधिभर उपभोग गर्न पाउने गरी तोकिए बमोजिम भू बहाल असूल गर्ने गरी उपलब्ध गराउने र विना शुल्क वा भू बहाल जग्गा उपलब्ध नगराउने नीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

६१) कृषि सामाग्री संस्थानले मल खरीद गर्दा अनियमित क्रियाकलाप अपनाई कमिशन खाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा निम्न बमोजिम गरिएको :-

<u>(क) साङ्गसी मेशनरी एण्ड इकयुपमेण्ट इम्पोर्ट एण्ड एक्सपोर्ट कर्पोरेशन, चीनसंग डि.ए.पी. खरीद सम्बन्धमा</u> :

संझौता नं. के.पी. १९४ अन्तर्गत खरीद भएको डि.ए.पी. मल खरीद सम्बन्धमा दि राइजिङ्ग नेपालको मिति १३ सेप्टेम्बर १९९५ मा प्रकाशित सूचना टेण्डर नम्बर १५२ बाट डि.ए.पी. मल खरीद गर्न १५ दिनको म्याद दिई टेण्डर आव्हान गर्दा मिति ०५२।६।११ का दिन खोलिएको टेण्डरहरु थान

८ मध्ये सबैभन्दा कम दर रेटको ग्लोबल एसोसिएट्स प्रा.लि. सिंगापुरको २३७.६० यू.एस. डलर प्रति मे.टनको दर भएकोमा विड वण्ड नराखेको त्यसपछिको २९९.५० को दर श्री साङ्गसी मेशनरीको विड वण्ड सहित दाखिला भएको । टेण्डरदाताहरुलाई निजको टेण्डर प्राइस भ्यालिडिटी २२ अक्टोवर १९९५ अर्थात् २०५२।७।५ सम्म थप गरी १३ अक्टोवर अर्थात् ०५२।६।२७ भित्र जानकारी दिन निजहरुलाई अवगत गराउने निर्णय भए अनुसार सप्लायर्सहरुलाई जानकारी दिएको । उक्त टेण्डरको भ्यालिडिटी २५ नोभेम्बर १९९५ अर्थात् ०५२।८।९ तक बढाई पेश गरेको । मिति ०५२।७।२७ को संचालक समितिको ६१६ औं बैठकले सबैभन्दा कम दर रेट कोट गर्ने साङ्गसी मेशीनरी एण्ड इकयुपमेण्ट इम्पोर्ट कर्पोरेशन चाइनाको सि.आई.एफ. कलकत्ता लाइनर टर्म वेसिसमा प्रति मे.टन अमेरिकी डलर २९९.५० को दरको टेण्डर स्वकृत गर्ने निर्णय गरेको । उक्त कम्पनीले अमेरिकी डलर १,५०,०००।०० को पि.वण्ड नेपाल ग्रिण्डलैज बैंक लि.बाट मिति १७ नोभेम्बर १९९५ अर्थात ०५२।८।१ को पेश हुन आएको जस्को भ्यालिडिटी मिति १६ फेब्रुवरी १९९६ अर्थात ०५२।११।४ सम्म रहेको ।

मिति ५ डिसेम्बर १९९५ अर्थात् ०५२।८।१९ का दिन १०,००० मे.टन डि.ए.पी. मल प्रति मे.टन २९९.५० का दरले सि.आई.एफ. कलकत्ता पोर्ट सप्लाई गर्ने गरी संझौता सम्पन्न भएको । यो संझौता नं. १९४ रहेको । ५००० मे.टन २७।१२।१९९५ अर्थात् ०५२।९।१२ मा चलान भएको ।

सिपमेन्ट भ्यालिडिटी मिति १५ मार्च १९९६ अर्थात् ०५२।११।२ तथा डेलिभरी म्याद अप्रिल १५, १९९६ अर्थात् ०५३।१।३ सम्म थप गरी दिन सप्लायरले अनुरोध गरेको । व्यवस्थापनले मिति ०५२।१०।१८ का दिन सिपमेण्ट भ्यालिडिटी मिति १५ मार्च १९९६ अर्थात २०५२।१२।२ सम्म र डेलिभरी म्याद ०५३।४।३१ का दिन १५ अप्रिल १९९६ अर्थात् २०५३।१।३ सम्मका लागि थप गरेको । दोश्रो सिपमेण्ट ५ हजार मे.टन मिति १५ मार्च १९९६ अर्थात् ०५२।१२।२ मा चलान भएको ।

उक्त कम्पनीले संझौता अनुसार सप्लाई गर्नु पर्ने मलको सिपमेन्ट मिति थप भएको म्याद भित्रै गरेको देखिन्छ ।यसमा डि.ए.पी. मल खरीद गर्न टेण्डर प्रक्रिया अपनाई सबैभन्दा कम दर उल्लेख गर्ने पार्टीसंग संझौता भै संझौता अनुरुप काम समेत भै सकेको हुंदा केही गरिरहनु नपर्ने ।

ख) <u>ब्रीज लाइन कर्पोरेशनसंग युरिया मल खरीद सम्बन्धमा</u> :-

संझौता के.पी. १९५ अन्तर्गत खरीद भएको युरिया मल सम्बन्धमा मिति १३ सेप्टेम्बर १९९५ अर्थात् २०५२।५।२८ का दिन टेण्डर सूचना २५ हजार मे.टन युरिया सप्लाई गर्न राइजिंग नेपालमा प्रकाशित भएको । उक्त टेण्डर सूचना १५१ मा पर्न आएका ७ वटा टेण्डरहरु मध्ये २७ सेप्टेम्बर १९९५ अर्थात् ०५२।६।११ मा खोलिएको मुचुल्काबाट कम दर रेटको २१२ अमेरिकी डलर प्रति मे.टन सि.आई.एफ. कलकत्तामा डेलिभरी दिने गरी ब्रिज लाईनको टेण्डर संचालक समितिले मिति २०५२।७।२७ को ६१६ औं बैठकले स्वीकृत गरेको पि.वण्ड ५ प्र.श. (जम्मा मूल्यको) र अन्य सक्कल कागजात पेश गर्न ७ दिनको म्याद दिएको ।

मिति १५ नोभेम्बर, १९९५ अर्थात् ०५२।७।२९ मा लेटर अफ एसेप्टेन्स दिएकोमा अमर राणाले सप्लायर भनी सही गरेको तर तेश्रो पार्टीले सही गरेकोलाई पूर्ण नमानिने भनी ब्रिज लाइनले २० र २३ नोभेम्बर १९९५ मा फ्याक्स पठाएको र सक्कल एक्सेप्टेन्स लेटर पठाउन भनेको तथा पि.वण्ड पठाउन समय माग गरेकोमा २३ नोभेम्बर १९९५ अर्थात् ०५२।८।७ देखि १० दिनको म्याद थप भएको ।

१८ नोभेम्बर १९९५ अर्थात् २०५२।८।२ मा कम्पनीले अनुप राणालाई पावर अफ एटर्नि दिएको । पि.वण्डको लागि पुनः १२ डिसेम्बर १९९५ अर्थात् ०५२।८।२६ देखि १० दिनको म्याद थप भएको ।

मिति ०५२।९।४ को प.सं. के.पी. ३४७।०५२।५३ को पत्रबाट विड वण्ड जफत गर्न अधिवक्ता अनुपराज शर्मासंग कानूनी राय माग गरेकोमा निज अधिवक्ताले ०५२।९।६ मा विड वण्ड जफत गर्न कानूनन बाधा नभएको जानकारी दिएको ।

मिति २१।१२।१९९५ अर्थात् ०५२।९।६ मा ने.रु. १,४९,०७,०००।०० को पि वण्ड राखेको जसको म्याद २१ मार्च १९९६ अर्थात् ०५२।१२।८ सम्म रहेको ।

मिति ०५२।७।२७ को ६१६ औं बैठकले २५,००० मे.टन युरिया खरीद गर्ने सबैभन्दा कम दर

कोट गर्ने ब्रिज लाइनको सि.आई.एफ. कलकत्ता लाईनर टर्म वेसिसको प्रति मे.टन अमेरिकी डलर २१२ को दरले टेण्डर स्वीकृत गर्ने निर्णय गरेको ।

सो निर्णय अनुसार मिति २ जनवरी १९९६ अर्थात् ०५२।९।१८ का दिन संझौता सम्पन्न भएको । यो संझौताको नं. १९५ रहेको । उक्त कामको लागि ७ जनवरी १९९६ अर्थात् ०५२।९।२३ मा यू.एस.डलर ५३ लाखको एल.सी. ब्रिज लाईनको पक्षमा खोलिएको । एल.सी.का. टर्महरुमा संशोधन गर्न निकै पटक पत्राचार भै संशोधन समेत भएको । मिति ०५३।१।७ को ६३६ औं बैठकले हालसम्म मल चलाउने वारे केही आधारभूत कागजातहरु पेश गरी नसकेको हुंदा उक्त सप्लायरसंग भएको संझौता रद्द गरी निजको पि. वण्ड जफत गर्ने र एल.सी. बन्द गर्ने निर्णय भएको ।

यसमा टेण्डर प्रक्रियाबाट युरिया मल खरीद गर्न संझौता भएको र संझौता अनुरुप पार्टीले काम नगरेको हुंदा पि.वण्ड जफत गरेको देखिंदा केही गरी रहनु नपर्ने ।

ग) <u>पि.पि.सि.एलसंग डि.ए.पी. मल खरीद सम्बन्धमा</u> :-

मिति २०५२।१०।२४ को उजुरीमा मिति २४/११/१९९५ का दिन भारत सरकारको स्वामित्वमा रहेको पि.पि.सि.एल. भन्ने सरकारी संस्थाबाट कृषि मन्त्रालयले १०,००० मे.टन डि.ए.पी. मल ३२५ यू.एस.डलर प्रति मे.टन कृषि सामाग्री संस्थानको गोदामसम्म डेलिभरी गरिदिने संझौता गऱ्यो । तर सो संझौता भएको ४ महिना बितीसक्दा पनि एल.सि. खोल्ने तर्फ कुनै कारवाई भएन । कारण थियो कमिशन नपाउने । यो संझौताले १९४ अन्तर्गत भएको सरकार र सरकार बिचको संझौता थियो । यसमा कुनै कमिशन थिएन भनी उल्लेख भएको । पि.पि.सि.एल. भन्ने भारतको कम्पनीले १३ अक्टोवर १९९५ मा ३५,००० देखि ४०,००० मे.टन डि.ए.पी. यू.एस. डलर ३२५ प्रति मे.टनमा विराटनगरमा डेलिभरी दिने गरी जि.एस. कृषि सामाग्री संस्थानलाई सम्बोधन गरी उजुर दिएको र सो उजूरीको बोधार्थ माननीय कृषिमन्त्रीलाई पनि दिएको सो बोधार्थको आधारबाटै २ नोभेम्बर १९९५ मा कृषि मन्त्रालयका सहायक कृषि अर्थ विज्ञ नरेश प्रधानले लेटर अफ इन्टेण्ड पी.पि.सि.एल. लाई दिएको । संचालक मितिको ६१६ औं बैठकले मिति २०५२।७।२७ अर्थात १३ नोभेम्बर १९९५ मा पि.पि.सि.एल. संग डि.ए.पी. मल अमेरिकी डलर ३२५ प्रति मे.टनमा दिने उजुरी वारे जानकारी गऱ्यो र संस्थानलाई मल आवश्यक भएको कारणले श्री ५ को सरकार कृषि मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गऱ्यो । मिति २४ नोभेम्बर १९९५ मा १० हजार मे.टन डि.ए.पी. अमेरिकी डलर ३२५ मे.टनको दरमा नेपाल डेष्टीनेशनमा सप्लाई गर्न जि.एम.ले पि.पि.सि.एल. संग संझौता गरेको र संझौतामा निम्न कुरा उल्लेख गरेको रहेछ ।

" This agreement is subject to the final approval of appropriate authority of HMG/N and PPCL "

यो संझौता नम्बर १९३ रहेको भारतीय कम्पनी पि.पि.सि.एल. सरकारी कम्पनी भनी उक्त कम्पनीको लेटर हेडमा उल्लेख भएको वाहेक अन्य प्रमाण भेटिन्न । उक्त कम्पनीसंग १०,००० मे.टन डि.ए.पी. खरीद गर्न कम्पनीको अफ अनुसार ३२५ अमेरिकी डलर प्रति मे.टनको दरले मिति २४ नोभेम्बर १९९५ मा संझौता गरेको देखिन्छ । उपरोक्त संझौता अनुसार स्वीकृतिको लागि कृषि मन्त्रालयमा लेखी पठाउंदा स्वीकृति प्राप्त हुन नआएको र संझौता त्यसै निष्कृय भएको रहेछ । जबकि लेटर अफ इन्टेण्ट कृषि मन्त्रालयबाटै दिएको हुंदा उक्त डि.ए.पी. मल खरीद गर्ने मानसिकता मन्त्रालयको पनि रहेकै देखिन्छ । तर मिति १४ डिसेम्बर १९९५ को पि.पि.सि.एल. को पत्रमा पि.के. अवस्थीले दस्तखत गरी पठाएको पत्रबाट उक्त मल सप्लाई गर्न नसक्ने जानकारी दिएको आधारमा संझौता कार्यान्वयन तर्फ कुनै कदम चालिएको भने पाइन्न । तर १५ डिसेम्बर, १८ डिसेम्बर, २७ डिसेम्बर १९९५ तथा २ जनवरी १९९६ मा कृषि सचिवलाई पत्र लेखी कृषिमन्त्री तथा महाप्रवन्धकलाई बोधार्थ दिई सप्लाई गर्न उत्सुक भएको हुंदा एल.सी. खोल्न माग गरेको पि.के. अवस्थी भनि १४ डिसेम्बर १९९५ को पत्र पि.पि.सि.एल.बाट पठाइएको होइन भनी जानकारी दिएको पि.पी.सि.एल. बाट संझौता भएपछि बराबर विरोधाभाषपूर्ण सूचनाहरु मन्त्रालयमा प्राप्त भई आशंकाको स्थिति उत्पन्न भएकोले संझौतालाई मन्त्रालयबाट स्वीकृति प्रदान हुन नसकेको भनी हालै मिति ०५२।१२।८ मा आयोगलाई जानकारी गराएको देखियो । संझौतामा " This agreement is subject to the final approval of appropriate authority of HMG/N and PPCL " भनी उल्लेख गर्नुको

कुनै अर्थ छैन । यसरी ठाडो अफरले मल खरीद गर्ने नियममा व्यवस्था नभएको तर उक्त शर्त सहितको संझौता हाल निष्कृय नै भई सकेको हुंदा यसमा केही गरिरहनु नपर्ने ।

घ) पियरलेस डेभलपर्स कम्पनीसंग युरिया मल खरीद सम्बन्धमा :–

"गत अप्रिल २ तारिखमा २५,००० मे.टनको युरिया मलको टेण्डर कृषि सामाग्री संस्थानले आव्हान गरेको र उक्त टेण्डर पनि पियरलेस डेभलपर्स इण्डियाले नै न्यूनतम रेट कोट गरेको थियो । बोलपत्रमा स्पष्ट रुपमा कम्पनीले म्यानुफ्याक्चरिंग सर्टिफिकेट सक्कलै पेश गर्नु पर्ने प्रावधान छ । तर उक्त कम्पनीले केरमेट गरिएको स्पष्ट नभएको फोटो कपी प्रस्तुत गरेको छ जुन नियम सम्मत छैन र अन्य बोलपत्रदाताले समय मै उक्त कुराको विरोध गर्दा गर्दै पनि व्यवस्थापनले उक्त कम्पनीको बोलपत्र स्वीकृत गर्नुको पछाडि के रहस्य छ ? यो पनि अनुसन्धानको विषय हो ।" भन्ने उजूरीमा उल्लेख छ ।

मिति ०५३।१।२४ छलफल साप्ताहिक २०५३।१।२३ मा प्रकाशित समाचारमा "के.पी. १५६ टेण्डर नं. फेब्रुअरी १४, १९९६ मा २५ हजार मे.टन युरिया मल ढुवानी एजेण्टको आव्हान गरिएको थियो जब कि कृषि सामाग्री संस्थानले यसरी टेण्डर आव्हान गर्दा १० हजार देखि १५ हजार मे.टन मात्र टेण्डर आव्हान गर्न पाउंछ । उक्त टेण्डरको म्याद मार्च १२, १९९६ सम्म राखिएको थियो । टेण्डर आव्हान अनुसार कृषि सामाग्री संस्थानले भारतको प्र.ले.स.कम्पनीलाई मल ढुवानी गर्ने एजेन्सी दियो । बुल्गेरियाबाट मगाउने उक्त मल कम्पनीले भारतको प्र.ले.स.कम्पनीलाई विश्वास नगरी अर्को कम्पनीलाई टेण्डरमा समावेश गर्न अनुरोध गऱ्यो । बुल्गेरियाले उक्त कंपनीलाई अस्वीकार गरेपछि पुनः टेण्डर गरियो । जसको म्याद मार्च २३ देखि अप्रिल २, १९९६ सम्म राखियो । पुनः टेण्डर गर्दा पहिले यू.एस.डलर २२८ मा नै टेण्डर लिने भारतको प्र.ले.स. कम्पनी पुनः २२९.४२ प्रति मे.टन यू.एस.डलरमा मल ढुवानी गर्ने एजेन्सी नियुक्त गरियो । बुल्गेरियाको मल उत्पादन कम्पनीले पुनः कृषि सामाग्री संस्थानलाई पत्र लेखेर त्यस्तो एजेन्सीलाई समर्थन नगर्ने बताएपछि हालै मात्र कृषि सामाग्री संस्थानले प्र.ले.स.लाई पत्र लेखी कम्पनीको प्रमाण पत्रको माग गरेको छ । जुन टेण्डर हाल्दा नै ओरिजनल प्रमाण पत्र हेरेर मात्र एजेन्ट नियुक्त गर्ने प्रावधान छ ।" भन्ने उल्लेख छ ।

पहिलो टेण्डर नं. के.पी. १५६ अनुसार २५,००० मे.टन युरिया ४६ एन. खरीद गर्न १४ फे. १९९६ अर्थात २०५२।११।२ का दिन सूचना प्रकाशित भै जम्मा ७ वटा टेण्डर पर्न आएको र उक्त टेण्डरहरु ०५२।११।२९ का दिन खोलिएकोमा सबैभन्दा कम दर पियरलेस डेभलपर्सको २२८.०० अमेरिकी डलर प्रति मे.टन भएको तर उक्त कम्पनीले म्यानुफ्याक्चर सर्टिफिकेट, एनालाइसिस सर्टिफिकेट र कन्टामिनेशन सर्टिफिकेट पेश नगरेको । विड वण्डको हकमा अमेरिकी डलर १,४२,५०० के.पी. १५३ मा राखेकोलाई मान्यता दिन लेखेको । दोश्रो घटी दरवाला नोवल एग्रीचेम लिमिटेडको प्रति मे.टन २६८.५ अमेरिकी डलर उल्लेख भएको र उक्त दर १० हजार मे.टनको लागि मात्र भएको । यस कामको लागि उक्त कम्पनीले अमेरिकी डलर १७८, ३७५ को विड वण्ड राखेको । तेश्रो घटी दरवाला सुमित प्रकाशले प्रति मे.टन २६९.८९ अमेरिकी डलर उल्लेख गरेको र ने.रु. ९९,७५,००० को विड वण्ड राखेको । दोश्रो र तेश्रो दरवाला टेण्डरदाताहरुले सम्पूर्ण कागजात पेश गरेको । उक्त टेण्डरउपर संचालक समितिको मिति ०५२।१२।७ को ६३३ सौं बैठकले गरेको निर्णय निम्न अनुसार रहेको ।

" उपरोक्त बमोजिम प्राप्त टेण्डरहरु संस्थानको मुख्य टेण्डर शर्त अनुसार नभई आ–आफ्नो शर्तहरु राखी पेश गरेकोले १० दिनको म्याद दिई पुनः टेण्डर आव्हान गर्ने ।"

उपरोक्त निर्णय अनुसार रि टेण्डर के.पी. १५६ बाट २५,००० मे.टन युरिया सप्लाई गर्न टेण्डर आव्हान गरी टेण्डर दाखिला गर्ने अन्तिम म्याद २ अप्रेल १९९६ अर्थात् २०५२।१२।२० राखिएकोमा जम्मा ७ वटा टेण्डरहरु पर्न आएका थिए । मिति ०५२।१२।२० मा उक्त टेण्डरहरु खोलिएकोमा सबैभन्दा कम दर प्रति मे.टन २२९.४६ अमेरिकी डलर पियरलेस डेभलपर्सको रहेकोमा उक्त कम्पनीले कन्ट्री अफ ओरिजीन बुल्गेरिया सि.आइ.एस. तथा रसिया उल्लेख गरेको तर बुल्गेरियाको मात्र म्यानुफ्याक्चर सर्टिफिकेट पेश गरी अन्य सर्टिफिकेट जस्तै एनालाइसिस, ननकन्टामिनेशन पेश नगरेको र विड वण्ड बापत यू.एस.डलर १,४३,७५०.०० को ग्यारेण्टी राखी

पछि वीड वण्ड No. G/801/96/GTEE/02 को Amendment पेश गरेको । दोश्रो घटीवाला नियमित टेण्डर निचीमेन कर्पोरेशनको प्रति मे.टन २५८.८० अमेरिकी डलर भएको र उक्त कम्पनीले सबै सर्टिफिकेटहरु पेश गरेको तथा विड वण्डको हकमा ने.रु.१०,८०,०००/०० बैंक ग्यारेण्टी राखेको । तेश्रो घटीवाला नियमित टेण्डर सुमित प्रकासाको प्रति मे.टन २६२.०० अमेरिकी डलर रहेको र विड वण्ड वापत ने.रु. ९९,७५,०००।०० को बैंक ग्यारेण्टी राखेको । तर पियरलेसले राखेको बुल्गेरियाको चिम्को कम्पनीले पेश गरेको म्यानुफ्याचर सपोर्ट पत्र अवैध तथा जालसाजीपूर्ण भनी ४ अप्रिल १९९६ मा फ्याक्स पठाएको । कृषि सामाग्री संस्थानले ५ अप्रिल १९९६ मा चिम्कोलाई पत्र लेखी म्यानुफ्याक्चरल सर्टिफिकेटलाई मान्यता दिने वारे जानकारी गराउन पत्र लेखेको । चिम्कोले ९ अप्रिल १९९६ मा ४ अप्रिलको फ्याक्सको सत्यता र पियरलेसको पक्षमा कुनै प्रकारको ग्यारेण्टी सर्टिफिकेट जारी नगरेको जानकारी पठाएको रहेछ ।

उक्त टेण्डरहरु उपर संचालक समितिको ६३५ औं बैठकले मिति ०५२।१२।२७ मा गरेको निर्णय यस प्रकार छ ।

"उक्त अनुसार प्राप्त टेण्डरहरु मध्ये पियरलेस डेभलपर्स कलकत्ताको सि.आई.एफ.मूल्य प्रति मे.टन अमेरिकी डलर २२९.४६ सबैभन्दा कम भएकोले उक्त कम्पनीबाट हाम्रो उल्लेखित टेण्डर अनुसारको Manufacturing certificate, Non contamination certificate, Analysis certificate, P. Bond संगै ७ दिन भित्र लिई संझौता गर्ने गरी कलकत्ता सि.आई. एफ. प्रति मे.टन २२९.४६ अमेरिकी डलर स्वीकृति र एल.सी. खोलेको ३० दिन भित्र पहिलो सिपमेन्ट गर्ने अन्यथा सम्पूर्ण पि.वण्ड जफत गर्ने व्यवस्था गर्ने गरी संझौतामा समावेश गर्ने ।"

कृषि सामाग्री संस्थानले अप्रिल १०, १९९६ अर्थात ०५२।१२।२८ का दिन एक पत्र लेखी टेण्डर स्वीकृत गरेको र पि.वण्ड लगायत म्यानुफ्याक्चरिङ्ग, एनालाइसिस तथा ननकन्टामिनेशन सर्टिफिकेट ७ दिन भित्र पेश गर्न पियरलेस डेभलपर्सलाई पत्र लेखेकोमा १५।४।१९९६ अर्थात् ०५३।१।३ मितिको पि.वण्ड भा.रु.९८,९०,०००।– को पेश गरेको र १९ अप्रिल १९९६ अर्थात् ०५३।१।७ मा पियरलेस डेभलपर्सको तर्फबाट ओमरन इन्टरप्राइजेजले आवश्यक सर्टिफिकेटहरु पेश गर्न केही थप दिनहरुको माग गरेकोमा संचालक समितिमा पेश हुंदा मिति ०५३।१।७ मा बसेको ६३६ औं बैठकले निजको टेण्डर निकै सस्तो भएको र पि.वण्ड समेत पेश गरी सकेकोले पूर्व निर्णय अनुसार म्यानुफ्याक्चरिङ्ग ग्यारेण्टी, एनालाइसिस तथा ननकन्टामिनेशन सर्टिफिकेट पेश गर्न ७ दिनको थप म्याद दिने निर्णय गरेको । कृषि सामाग्री संस्थानले मिति २२ अप्रिल १९९६ अर्थात् ०५३।१।१० का दिन ओरिजीनल म्यानुफ्याक्चर सर्टिफिकेट, एनालाइसीस सर्टिफिकेट र ननकन्टामिनेशन सर्टिफिकेट पत्र पाएको ७ दिन भित्र पेश गर्ने अन्यथा टेण्डर डकुमेण्टको सर्त अनुसार हुन प्रक्रिया अघि बढ्ने जानकारी गराएको र २३ अप्रिल १९९६ अर्थात २०५३।१।११ का दिन पियरलेस डेभलपर्सका तर्फबाट ओमरान इन्टरप्राइजेजले बुझेको रहेछ । पियरलेस डेभलपर्सले फ्याक्सद्वारा २३।४।१९९६ मा २२।४।१९९६ को पत्र प्राप्त भएको र ओरिजीनल सर्टिफिकेट, स्पेसिफिकेशन, ननकन्टामिनेशन (म्यानुफ्याक्चर वैध प्रतिनिधिबाट) ३०।४।१९९६ अर्थात् ०५२।१।१८ सम्म पेश गर्ने जानकारी दिएको । ३०।४।१९९६ अर्थात् ०५३।१।१८ का दिन पियरलेसले सर्टिफिकेट अफ सप्लाई र ननकन्टामिनेशन पेश गरेको । (जि.ए.इन्टरनेशनल/वुलसिगमा लि. कानूनन प्रतिनिधी निर्माता) ।

संचालक समितिले मिति ०५३।१।२१ को ६३७ औं बैठकमा यस वारे गरेको निर्णय यस प्रकार छ :

"रि टेण्डर सूचना नं. के.पी. १५६ को २५,००० मे.टन युरियाको टेण्डर सम्बन्धमा सप्लायरले जि.ए. इन्टरनेशनल सिंगापुर र एस.एस. बुलसिगमा लिमिटेड सोफिया, बुल्गेरिया ज्वाइन्ट पार्टनर भएको उल्लेख गरी पियरलेस डेभलपर्सलाई बुलसिगमाद्वारा ५०,००० मे.टन युरिया सप्लाईको संझौता गरिएको व्यहोराको फ्याक्स प्राप्त भएको र जि.ए.इन्टरनेशनलको बुलसिगमा लिमिटेड, सिम्को बुल्गेरियाको उत्पादन युरियाको विक्रेता भएको उल्लेख गरेको सिम्कोको फ्याक्स पत्र पेश हुन आएको, सिम्कोलाई श्री जि.ए.इन्टरनेशनल सिंगापुरको पार्टनर बुलसिगमा लिमिटेड सोफिया, बुल्गेरिया, सिम्कोको अधिकृत विक्रेता हो होइन आगामी २४ गते सोमवार भित्र जवाफ पठाउन सिम्कोलाई लेखी पठाउने र सोको जवाफ प्राप्त भएपछि टेण्डर निर्णयको लागि पेश गर्ने ।"

उपरोक्त निर्णय अनुसार ५ मे. १९९६ अर्थात् ०५३।१।२३ मा कृषि सामाग्री संस्थानले सिम्कोलाई पत्र लेखी बुलसिगमाको क्षमता तथा जि.ए. इन्टरनेशनल बुलसिगमाको ज्वाईन्ट पार्टनर हो होइन जानकारी दिन पत्र लेखेको । सो पत्रको जवाफमा यी दुवै कम्पनीहरु कानूनी रुपमा नियुक्त प्रतिनिधि हुन् र हाम्रो उनीहरुसंग राम्रो व्यापारिक सम्बन्ध भएको जानकारी प्राप्त हुन आएको छ ।

मिति ०५३।१।३१ मा बसेको संचालक समितिको ६४० औं बैठकले रि टेण्डर के.पी. १५६ अन्तर्गत टेण्डरदाता पियरलेस डेभलपर्सले मल सप्लाई सम्बन्धमा पेश गरेको म्यानुफ्याक्चर सर्टिफिकेट प्रभावकारी किसिमको नदेखिएको हुंदा स्पष्ट र प्रभावकारी म्यानुफ्याक्चर सर्टिफिकेट पेश गर्न १० दिनको म्याद दिई टेण्डरदातालाई ०५३।२।१ भित्र कागज गराउने र निजले सो अवधि भित्र कागज गरे अनुसार आवश्यक कागजात म्याद भित्र पेश नगरे निजको विड वोण्ड जफत गरी टेण्डर खारेज गर्ने निर्णय गरेको हुंदा सो निर्णय अनुसार कृषि सामाग्री संस्थानले उक्त पार्टीलाई १४ मे १९९६ अर्थात् ०५३।२।१ का दिन १० दिन भित्र सक्कल म्यानुफ्याक्चर सर्टिफिकेट ल्याउन पत्र लेखेको र उक्त पार्टीका तर्फबाट सिनेट श्रेष्ठ (लोकल एजेन्ट ओमरोन इन्टरप्राइजेजको प्रतिनिधि) ले सोही दिन बुझिलिएको । पियरलेस डेभलपर्सको स्थानीए एजेन्ट ओमरोन इन्टरप्राइजेजले १४ मे १९९६ अर्थात् ०५३।२।१ मा लेखेको पत्रमा २३ मे १९९६ अर्थात् ०५३।२।१० सम्म नन्कन्टामिनेशन सर्टिफिकेट, म्यानुफ्याक्चर सर्टिफिकेट आदि पेश नगरेमा अमेरिकी डलर १४३,७५०.०० को धरौटी जफत गरेमा आपत्ति नहुने जानकारी दिएको । २१ मे १९९६ अर्थात् ०५३।२।८ मा पियरलेसले रसियाको म्यानुफ्याक्चर सर्टिफिकेट, स्पेसिफिकेशन एनालाइसिस र नन् कन्टामिनेशनको हार्ड कपी सर्टिफिकेट पेश गरेको ।

संचालक समितिको ०५३।२।२२ को ६४३ औं बैठकले निम्न अनुसार निर्णय गरेको छः

रि टेण्डर नं. १५६ अन्तर्गत २५ हजार मे.टन युरिया मल श्री पियरलेस डेभलपर्स कलकत्तासंग खरीद गर्न लेटर अफ् एक्सटेन्सन दिएकोमा उक्त कम्पनीबाट मिति २२ मे १९९६ अर्थात् ०५३।२।९ मा रसियाको KEME POBO HOBOKEHE POBO को ग्यारेन्टी सर्टिफिकेट पेश गरी पहिलेको बुल्गेरिया ओरिजीनबाट रसिया ओरिजीन माग गरे अनुरुप रसियाको ओरिजन स्वीकृत गरी संझौता गर्ने निर्णय भयो ।

उक्त निर्णय अनुसार ११ जून, १९९६ अर्थात् ०५३।२।२९ का दिन अमेरिकी डलर २२९.४६ कादरले २५,००० मे.टनको लागि संझौता भएको ।

के.पी. १५६ मा पर्न आएका टेण्डरहरु मध्ये सबैभन्दा घटी दरवाला पियरलेस डेभलपर्सले युरिया प्रति मे.टन अमेरिकी डलर २२८ सि.आई .एफ. कलकत्ताको दर उल्लेख गरेको तर पेश गर्नु पर्ने कागजातहरु पेश नगरी कन्ट्री अफ ओरिजीन मात्र उल्लेख गरी विड वण्ड वापत अमेरिकी डलर १,४२,५०० के.पी. १५३ मा राखेकोलाई मान्यता दिन लेखेको हुंदा यहां दुईवटा कुरा स्पष्ट हुनु जरुरी देखिन्छ । प्रथमतः के.पी. १५३ को लागि राखेको विड वण्ड के.पी. १५६ मा प्रयोग गर्न मिल्ने स्थिति छ छैन र दोश्रो म्यानुफ्याक्चर, ननकन्टामिनेशन, एनालाइसिस सर्टिफिकेट पेश नगरेकोमा टेण्डरै रद्द हुन्छ वा हुदैन । विड वण्डको हकमा के.पी. १५३ को लागि राखिएको विड वण्ड अन्य काममा प्रयोग गर्न मिल्ने गरी सम्बन्धित बैंकबाट लेखी नआएमा प्राविधिक त्रुटि हुन जाने हुंदा सो विड वण्डलाई मान्यता नदिएको ठीकै देखिन्छ । संचालक समितिको निर्णयमा मुख्य शर्तहरु भन्नाले के कस्तो शर्त पूरा नगरेको कुरा स्पष्ट छैन ।

रि–टेण्डर के.पी. १५६ को सबैभन्दा कम दर पियरलेस डेभलपर्सको यू.एस. डलर २२९.४६ प्रति मे.टन भएको र उक्त कम्पनीले यस टेण्डर साथ एनालाइसिस सर्टिफिकेट र कन्टामिनेशन सर्टिफिकेट पेश नगरेको, कन्ट्री अफ ओरिजीन, बुल्गेरिया, सि.आई.एस., रसिया उल्लेख गरेतापनि बुल्गेरियाको मात्र फोटोकपी, म्यानुफ्याक्चरिङ सर्टिफिकेट टेण्डर साथ पेश गरेको तर उक्त म्यानुफ्याक्चरिङ सर्टिफिकेट विवादास्पद भई उक्त कम्पनीलाई संचालक समितिले पटक पटक म्याद थप गर्दै आएको हुंदा कागजातहरु पेश गर्न यसरी म्याद थप गर्दै जाने गरेको पाइयो । तर पूर्व टेण्डर बदर गरी अर्को टेण्डर आव्हान गरी सबैभन्दा कम दरको टेण्डर स्वीकृति गरेको हुंदा यस सम्बन्धमा केही गरिरहनु नपर्ने ।

ङ) निचिमेन कर्पोरेशनसंग युरिया मल खरीद सम्बन्धमा :-

मिति ०५३।१।२४ छलफल साप्ताहिक २०५३।१।२३ गते प्रकाशित समाचारमा "कृषि सामाग्री संस्थानले यही बैशाख १९ (मे १) का दिन के.पी. १५७ को विज्ञापन मार्फत् प्र.ले.स. कम्पनीले आफ्नो प्रमाण पत्र पेश गर्न नसकेकोमा भनेर शर्त सहितको टेण्डर आव्हान गरियो । तर भारतको प्र.ले.स. कम्पनीले ५ दिनपछि मात्र आफ्नो प्रमाण पत्र प्रस्तुत गरेको छ । यसरी टेण्डर आव्हानमा कृषि सामाग्री संस्थानले अहिलेसम्म ७२ दिन लगाई सकेको छ । अन्य प्रशस्त कम्पनीहरु हुंदा हुंदै बद्नाम भै सकेको कम्पनीलाई नै एजेण्ट नियुक्ति गरिनुमा पहिला अंचलाधीश समेत भई सकेका वर्तमान कृषि सचिव दान बहादुर शाहीका छोरा भारतको प्रलेस कम्पनीमा कार्यरत हुनुलाई मानिएको छ । यसरी कृषि सचिव दान बहादुर शाहीका छोरा मार्फत् आएको मोटो कमिशन लिएर दिल बहादुर श्रेष्ठ, महाप्रवन्धक एस.टि .शेर्पाको मिलोमतोमा यस्तो कार्य भएको । यसमा कृषिमन्त्री लावती समेत मुछिएको" भन्ने उल्लेख छ ।

टेण्डर नं. के.पी. १५७ बाट २५ हजार मे.टन युरिया मल खरीद गर्न १६।४।१९९६ अर्थात् २०५३।१।४ मा सूचना प्रकाशित गरेकोमा उक्त सूचना अनुसार जम्मा ७ वटा टेण्डर पर्न आएको । उक्त टेण्डरहरु मिति ०५३।१।२६ मा खोलिंदा सबैभन्दा कम दर वि वेष्ट बंगाल स्टेट कर्पोरेशनको दर यू.एस.डलर २२५.११ प्रति मे.टन उल्लेख भएको र म्यानुफ्याक्चरिंङ सर्टिफिकेट, एनालाइसिस सर्टिफिकेट, कन्टामिनेशन सर्टिफिकेट पेश नगरेको तर स्थानीय एजेन्टले ७ दिन भित्र पेश गर्ने उल्लेख गरेको कन्ट्री अफ ओरिजन, पोल्याण्ड,रोमानिया, सि.आई.एस., रसिया, तथा विक्रेताको अप्सन भनी उल्लेख गरेको । विड वण्डको हकमा रु.८५ लाख ११ हजार १११ को बैंक ग्यारेण्टी राखेको । त्यसपछिको कम दर के.एण्ड एस. ट्रेडिंगको यू.एस. डलर २२९.०० प्रति मे.टन उल्लेख भएकोमा पनि म्यानुफ्याक्चरिङ सर्टिफिकेट, एनालाइसिस सर्टिफिकेट, कन्टामिनेशन सर्टिफिकेट पेश नगरी कन्ट्री अफ ओरिजिन, सि.आई.एस. रोमानिया र रसिया उल्लेख गरेको तथा यू.एस.डलर १, ५६, २५०.०० को विड वण्ड राखेको । साथै टेण्डरमा एल.सी. खोलेको ३० दिन भित्र पहिलो सिपमेन्ट हुनु पर्ने उल्लेख भएकोमा निजले ६० दिन भित्र पहिलो सिपमेन्ट र ९० दिन भित्र सम्पूर्ण सामान कलकत्तामा डिई सक्नु पर्ने टेण्डरमा प्रावधान रहेकोमा १२० दिन भित्र दिने उल्लेख भएको । तेश्रो घटी दरवाला पियरलेस डेभलपर्सले यू.एस.डलर २३० प्रति मे.टन दर उल्लेख गरेको र कन्ट्री अफ ओरिजिन मात्र उल्लेख गरी अरु सर्टिफिकेटहरु पेश नगरेको र विड वण्ड पनि नराखेको । चौथो घटी दर उल्लेख गर्ने निचीमेन कर्पोरेशनको दर यू.एस. डलर २३५.४४ प्रति मे.टन भएकोमा उक्त कम्पनीले शत प्रतिशत विराटनगर डेलिभरी भए यू.एस. डलर २५९.८२ र शत प्रतिशत विरगन्ज डेलिभरी भए यू.एस. डलर २६१.८६ तथा ५० प्रतिशत विराटनगर र ५० प्रतिशत विरगन्ज डेलीभरी हुने भए यू.एस.डलर २५९.८२ र यू.एस. डलर २६१.८६ उल्लेख गरेको । विड वण्डको हकमा रु. ९४ लाख २५ हजारको बैंक ग्यारेन्टी रोखेको र म्यानुफ्याक्चर सर्टिफिकेट, एनालाइसिस तथा कन्टामिनेशन सर्टिफिकेट पेश गरी कन्ट्री आफ ओरिजनको हकमा रोमानिया, इण्डोनेशिया, बंगलादेश, सि.आई.एस. बुल्गेरिया, कुवेत, साउदी अरब तथा विक्रेताको अप्सन भनी उल्लेख गरी रोमानियाको मात्र सर्टिफिकेट संलग्न गरेको । त्यसपछिको दरवाला सुमित प्रकाश एशिया प्रा.लि.ले निम्न अनुसारको दर उल्लेख गरेको ।

क) यू.एस. डलर २४५.४५ सि.आई.एफ. कलकत्ता तर इन्स्योरेन्स ए.आई.सी. वायर हाउससम्म ।

ख) यू.एस.डलर २४३.९७ सि.आई.एफ. कलकत्ता तर Insurance upto calcutta मात्र ।

ग) यू.एस. डलर २४३.४७ C.I.F. Calcutta र Insurance पनि कलकत्तासम्म तर पेमेन्ट ३० दिन भित्र क्रेडिट Bill of Lading मितिले १००% ।

घ) यू.एस. डलर २६५.३९ सि.आई.एफ.A.I.C. warehouse ५०% विराटनगर र ५०% बिरगन्ज ।

ङ) यू.एस. डलर २६४.३९सि.आई.एफ.A.I.C. warehouse ५०% विराटनगर र ५० % विरगन्ज पेमेन्ट ३० दिनको क्रेडिट Bill of lading ले १०० % ।

विड वोण्ड वापत रु.९९ लाख ७५ हजारको बैंक ग्यारेन्टी राखेको ।

सबैभन्दा बढी दर उल्लेख गर्ने साम्सुङ्ग कर्पोरेशनले २६४.८० अमेरिकी डलर प्रति मे.टन उल्लेख गरेको र विड वण्ड अमेरिकी डलर १, ६८,७५० राखेको । म्यानुफ्याक्चरिङ सर्टिफिकेट, ननकन्टामिनेशन र एनालाइसिस सर्टिफिकेट संलग्न गरी कन्ट्री अफ ओरिजन इण्डोनेशिया, मध्यपूर्व, सि.आई.एस. तथा रोमानिया उल्लेख गरी इण्डोनेशियाको मात्र सर्टिफिकेट पेश गरेको ।

सातौं टेण्डर ए.एस. ओभरसिजले कुनै दर उल्लेख नगरेको ।

कृषि सामाग्री संस्थानको सन्चालक समितिको मिति ०५३।२।१ को ६४१ औं बैठकले टेण्डर शर्त अनुसार दाखिला भएको टेण्डरहरु मध्ये गोदाम डेलिभरीको आधारमा सबैभन्दा कम मूल्य उल्लेख गर्ने निचिमेन कर्पोरेशन जापानको सि.आई.एफ. कलकत्ताको अमेरिकी डलर २३५.४४ तथा वीरगन्ज गोदाम डेलिभरी मूल्य प्रति मे.टन अमेरिकी डलर २६१.८६ गरी दुवै मूल्यमा सबैभन्दा सस्तो पर्न आउने देखिएकोले टेण्डर शर्त अनुसार ३० दिन भित्र पहिलो लट सिपमेन्ट गरी सक्नु पर्ने र निजले पेश गरेको म्यानुफ्याक्चर सर्टिफिकेट, एनालाइसिस सर्टिफिकेट र ननकन्टामिनेशन सर्टिफिकेट रोमानियाको मात्र भएकोले कन्ट्री अफ ओरिजीन रोमानिया मात्र दिने गरी निजको टेण्डर सि.आई.एफ. वीरगन्ज डेलिभरी प्रति मे.टन अमेरिकी डलर २६१.८६ स्वीकृत गर्ने निर्णय गऱ्यो ।

पार्टीले मिति मे २६, १९९६ अर्थात् ०५३।२।१३ का दिन नेपाल इण्डोस्वेज बैंक लि. को पत्र अनुसार ने.रु. १,९०,००,०००.०० को पि.वण्ड राखेको जानकारी प्राप्त ।

निचीमेनको ५ जून १९९६ अर्थात् ०५३।२।२३ को पत्रबाट ५०।५० वीरगन्ज र विराटनगरमा एउटै दरमा मल सप्लाई गर्न अनुरोध गरेको यो पत्रको जवाफमा कृषि सामाग्री संस्थानले ५०% विराटनगरमा बुझाउने सम्बन्धमा व्यवस्था गर्न कोशिश गरिने कुरा उल्लेख गरिएको, सन्चालक समितिको ६४२ औं बैठकले शत प्रतिशत वीरगन्ज डेलिभरीको आधारमा स्वीकृत गरिएकोमा सप्लायरले विराटनगर डेलिभरी माग गरेको सम्बन्धमा विराटनगरमा के कति मल आवश्यक पर्दछ व्यवस्थापनले हेरी पछि पेश गरेपछि विचार गर्ने र कन्ट्री अफ् ओरिजीन रुमानियाको साथै बंगला देश समेत थप गरी पूर्व निर्णय अनुसार संझौता गर्न निर्णय गरेको । त्यसपछि मिति ०५३।२।३२ को ६४४ औं बैठकले २५,००० मे.टन युरिया सप्लाई गर्न विरगन्ज डेलिभरीको आधारमा निचिमेन कर्पोरेशनको टेण्डर स्वीकृत गरिएकोमा सप्लायरले सो सबै परिमाण विराटनगरमा डेलिभरी दिन अनुरोध गरेको वारे विराटनगर डेलिभरीको दर विरगन्जको भन्दा प्रति मे.टन अमेरिकी डलर २.०४ कम रहेको र उक्त परिमाणको ५० % विराटनगरमा नै परिचालन हुने हुंदा उपरोक्त टेण्डरको २५,००० मे.टन युरिया मध्ये ५०% परिमाण सि.आई.एफ. विराटनगर मूल्य प्रति मे.टन २५९.८२ र ५० % सि.आई.एफ. विरगन्ज मूल्य प्रति मे.टन अमेरिकी डलर २६१.८६ मा खरीद गर्ने निर्णय गरेको । त्यसपछि मिति २० जून १९९६ अर्थात् ०५३।३।६ मा संझौता सम्पन्न भएको । यो संझौता नंबर २०३ रहेको ।

तर टेण्डर सूचनामा सि.आई.एफ. कलकत्ताको दर माग भएकोमा सो कुरा संचालक समितिले विर्सेको बुझिन्छ । सि.आई.एफ. संस्थानको गोदाम भनी टेण्डर सूचनामा मागिएको नभै टेण्डरदाताहरुले Alternate दरको रुपमा उल्लेख गरेको मात्र देखिन आउंछ । यदि टेण्डर सूचनामा सि.आई.एफ. कलकत्ता नगरी संस्थानको गोदाम विराटनगर वा विरगन्ज उल्लेख गरी दर माग भएको भए अन्य टेण्डरदाताहरुले पनि टेण्डर दिने मौका पाउने र निकै स्वस्थ प्रतिस्पर्धा हुने कुरा निश्चित छ । अर्को तर्फ सि.आई.एफ. विरगन्ज र विराटनगरको रेट सबैभन्दा कम निचिमेनको छ छैन भनी विचार गरिंदा यस्तो दर सुमित प्रकाशको मात्र भएको र विरगन्ज ५०% भनी उल्लेख गरेको यू.एस.डलर २६५.३९ भने निचीमेनको भन्दा बढी भएको देखिन आउंछ । उक्त दरमा कलकत्ता देखि बिरगन्ज र विराटनगर संस्थानको गोदामसम्मको ढुवानी तथा लोड अनलोड खर्च र समय समेतलाई विचार गरी विड वण्ड र अन्य पेश हुन आएका कागजातहरुको आधारमा संचालक समितिले दुई टेण्डर मध्ये सस्तो दरको टेण्डर निचीमेन कर्पोरेशनको स्वीकृति गरेको हुंदा यसमा केही गरिरहनु नपर्ने ।

६२) राष्ट्रिय वाणिज्य बैंक, विशालबजार शाखाबाट मिति ०४३।६।१४ देखि ०४३।८।२५ सम्म लक्ष्मी एक्सपोर्ट हाउसका प्रो.द्वारिका प्रसाद नेपाललाई लगानी गर्दा अनियमितता भयो भन्ने

सम्बन्धमा ०४३।६।१४ देखि ०४३।८।२५ सम्म लक्ष्मी एक्सपोर्ट हाउसका द्वारिका प्रसाद नेपाललाई रु. ९,५०,०००।- (नौलाख पचास हजार) लगानी गर्दा रु. १६ लाख भ्रष्टाचार भयो भन्ने आधार भेटिएन । राष्ट्रिय वाणिज्य बैंकले कानून अनुसार धितो वा घर घरानाबाट असुल गर्न सक्ने र धितो आफैले पनि सकार गर्न सक्ने व्यवस्था भएको देखिंदा बैंकबाट नै आवश्यक कार्य गर्न लेखिएको ।

६३) नेपाल दूर सञ्चार संस्थानमा बजेटको व्यवस्था नै नभएकोमा बजारमा रु. ४ लाख ७७ हजार पर्ने महेन्द्रा एण्ड महेन्द्रा पिक अप गाडीलाई रु. ४ लाख ९८ हजार ७ सय पचासको दरले दुगड ब्रदर्श संग १८ वटा पिक अप गाडी खरीद गराई सञ्चार मन्त्री प्रदिप नेपालले बढाइएको मूल्य र १० प्रतिशत कमिशन समेत गरी रु. १२ लाख ८९ हजार २५०।- लिए खाएको भन्ने मिति ०५२।४।९।३को साप्ताहिक पुनर्जागरणको प्रकाशित सामाग्रीका सम्बन्धमा विश्व बैंकको ऋण सहयोगबाट प्राप्त हुने रकमबाट किन्ने गरी निर्धारित भएको संख्याबाट घट्ने गरी संस्थानको निर्धारित लक्ष्यलाई तोकिएको अवधि अगावै सम्पन्न गर्ने उद्देश्यले आवश्यक हुन आएको सवारी साधनहरु आफ्नै श्रोतबाट खरीद गर्न सञ्चालक समितिबाट निर्णय भई आव्हान गरिएको टेण्डहरु मध्ये सबैभन्दा कम मूल्यको टेण्डरदाताहरुबाट गाडीहरु खरीद भएको देखिंदा यसमा केही गरिरहनु नपरेको ।

६४) दोश्रो मत्स्य विकाश आयोजनालाई प्राप्त रकम अनियमित र अख्तियार दुरुपयोग गरी लाखौंको भ्रष्टाचार गरेको भन्नेसम्वन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :-

(१) हृदय नारायण मानन्धर उल्लेखित आयोजनामा जानु पूर्व नै आयोजना भवन निर्माण गर्नको लागि ठेक्कपट्टा को काम भइसकेको देखिन्छ । संझौता अनुसार मिति २०५०।२।२० भित्र भवन निर्माण कार्य सम्पन्न हुनुपर्नेमा ए.डि.वि. मनिलावाट वजेट निकासा हुनुपर्ने र सो ठाउंवाट १ वर्ष थप १९९३ डिसेम्वर ३१ अर्थात २०५०।९।१५ सम्मको म्याद थप भै आएको र सो समाप्त म्याद पछि शुरुमा मनासिव देखिंदा ३ महिनाको आयोजनावाट र दोश्रो पटक कृषि विभागवाट र तेश्रोपटक कृषि विभागको मिति २०५०।१०।१५ को निर्णयले वांकी कामको ०.०१ प्रतिशत हर्जाना तिर्ने गरी म्याद थप भएको भन्ने हृदय नारायणको वयानमा उल्लेख भएको र तेश्रो पटकको ३ महिना १० दिनको हर्जाना १३ हजार ४ सय असूल भएको उजूरीमै स्वीकार गरेको देखिन्छ । म.ले.प.ले औंल्याएको वेरुजुको सम्वन्धमा कानून बमोजिम असूल गर्न सकिने हुंदा यसलाई भ्रष्टाचार भन्न मिल्ने देखिदैन ।

(२) झ्यालढोका चौकोस सालको राख्नुपर्ने कुरामा एकैमत रहेको तर सो भवनमा के कस्तो काठ प्रयोग भएको भन्ने सम्बन्धमा अनुसन्धान गर्ने प्रयास गर्दा यकीन रिपोर्ट प्राप्त गर्न नसकिएको र हृदय नारायण मानन्धरलाइ सोद्धा NEPCON को प्रत्यक्ष रेखदेख निर्देशन र नियन्त्रण मा सो भवन बनेको हुंदा काठको परिणाम तथा गुणस्तर सम्बन्धी सम्पूर्ण व्यहोरा NEPCON कन्सलटेण्टवाट जानकारी पाउन सकिने भनी लेखाएको हुंदा नेपकोनका प्रतिनिधि प्राविधिक सुनिल कंसाकार तथा सुमन तुलाधरलाई आयोगमा झिकाई वयान गराउदा ल.ई. अनुसार हाम्रो रेखदेखमा कार्यहरु भएको काठ Hard wood राख्नुपर्ने इस्टिमेट अनुसारकै काठ राखेको भनी काठहरुमा कमी कमजोरी नदेखाएको र ठे. लक्ष्मी प्रसाद श्रेष्ठले समेत यस आयोगमा आई वयान गर्दा झ्यालढोकामा सालकै काठ प्रयोग गरेको र नपुग केहि मलेशियन साल प्रयोग गरेको कुरा स्वीकार गरी समानस्तरको काठ हो (साल र मलेसियन साल) भनी वयान गरेको देखिन्छ । आयोजना प्रमुखसंग मिलोमतो गरी कुनै अनियमितता गरेको छैन, नियमानुसार म्याद थप गराइ कार्य सम्पन्न गरेको हुंदा हर्जाना १३ हजार ४ सय समेत कटाउनु नपर्ने हो भनी वयान गरेको र काठको नमूना जांचको लागि वनस्पती विभाग, वन अनुसन्धान तथा सर्भेक्षण केन्द्र विधि विज्ञान प्रयोग शाला समेतमा पठाउंदा ठोस निष्कर्ष अर्थात कुकाठ भनि लेखिआएको नपाईंदा आयोजना प्रमुखलाई यस बुंदामा दोष लगाउन सकिने आधार देखिएन ।

(३) १३ औं बिललाई भुक्तानी दिंदा अन्तिम बिल उल्लेख गरी फाइनल बिलको आधारमा भुक्तानी दिएको र कन्सल्टेण्टबाट देखाइएको त्रुटीहरु ठेकेदारले आलटाल गरी सच्याउनु पर्ने त्रुटि नसच्याई ठेकेदारलाई आधा रकम धरौटी फिर्ता गरिएको सम्बन्धमा निजको बयानमा "यो धरौटी रकमहरु म आयोजना प्रमुख छंदासम्म धरौटी फिर्ता दिइएको होइन ,०५१।४।११ देखि म सरुवा भएको र सो पदमा रहंदासम्म ठेकेदारबाट कट्टा भएको कुनै पनि धरौटी रकमहरु फिर्ता वा

फुकुवा गरेको छैन " भनी बयान गरेको र २०५१।९।८ मा रु. ४,६७,५३४।३९ धरौटी फुकुवा भइसकेको मत्स्य विकास महाशाखाको च .नं. १ १२८४ को मिति ०५३।७।१ को पत्रबाट देखिएको हुंदा र उपरोक्त भवनमा भएका कमी कमजोरीहरुलाई संभार गर्न बांकी धरौटी फिर्ता गरेको नदेखिएको । अतः हाल रहेको धरौटी रकमबाट उक्त त्रुटिहरु सुधार गरी आयोजनाको जांचपास गराई बांकी धरौट फिर्ता हुन सक्ने अवस्था हालसम्म विद्यमान भएकोले रनिङ्ग बिलको फाइनल बिल भन्ने गरेकोसम्म निर्णयको लापरवाही देखिन आएको छ ।

(४) कन्सल्टेन्सीको सिफारीश वेवास्ता गरिएको भन्ने सम्बन्धमा सिफारीश अनुसार आयोजनाको इन्जिनियरलाई जांचपास गराई मात्र भुक्तानी दिने गरेको भन्ने हृदय नारायणको बयानमा उल्लेख भएको र अन्तिम धरौट फिर्ता हुन बांकी नै हुंदा र जांचपास पनि भई नसकेको र धरौट फिर्ता पनि नभएको आधारबाट र पछि आयोजना प्रमुख हृदयनारायण सरुवा भई अन्यत्र गएको भन्ने बयानमा उल्लेख हुंदा कन्सल्टेन्सीको सिफारीशलाई वेवास्ता गरेको भन्ने आधार तथा जांचपास नगराएकै आधारमा भ्रष्टाचार गरेको भनी आधार लिन सकिने देखिंदैन ।

(५) अफिसको जिन्सी सामान कार्पेट खरीद सम्बन्धी काम कुराहरुमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा यी जिन्सी श्रेस्तामा जनिने कुराहरु भएका र स्टोर किपरको जिम्मासमेत रहने हुंदा र स्टोर किपरको समेत दायित्वभित्र पर्ने र आयोजना प्रमुखले अफिसका जिन्सी सामान भ्रष्टाचार गरेको भन्ने कुरामा आ.ले.प., म.ले.प. जांच समेत हुने हुंदा यसमा भ्रष्टाचारको मूल आधार मान्न नसकिने ।

(६) अक्सिजन रोटर मिटर ,लाइफ फिस ट्रान्सपोर्ट ट्यांक तथा जिटेक्स खरीदमा भ्रष्टाचार भएको भन्ने उजुरी सम्बन्धमा लाइफ फिस ट्रान्सपोर्ट टैंक ,जिन्टेक्स बोलपत्र आर्थिक ऐन नियमको प्रकृयाबाट खरीद भएको भन्ने देखिंदा यसमा भ्रष्टाचार भएको भन्न सकिने देखिदैन ।

(७) Agro fisher Concern श्रीमती सरस्वती मानन्धरको नाममा खोली बढी मोलमा आयोजनाको नाममा केमिकल्स समेत खरीद गरेको भन्ने सम्बन्धमा श्रीमती सरस्वती मानन्धरको नाममा साझेदारी एग्रो फिसर कन्सर्न खोलेको तर आयोजनाको लागि बढी मूल्यमा कुनै सामान खरीद गरेको छैन सानोतिनो औषधी वाहेक अरु किसिमको व्यापार गरेको छैन भनी हृदय नारायणले बयानमा लेखाएको देखिंदा र उजूरीमै यो यति रकमको औषधी खरीदमा भ्रष्टाचार गरेको भन्ने नदेखिंदा तथ्यगत बुंदा नभएको ।

(८) जिन्सी श्रेस्ता सरुवा हुंदा नभएको, नबुझाएको आफू सरुवा हुंदा गायव गरेको भन्ने सम्बन्धमा आयोजना सम्पन्न भएपछि सबै श्रेस्ता आयोजनाका सुब्बालाई बुझाएको भनी हृदय नारायणले बयान गरेको देखिन्छ र यसरी जिन्सी श्रेस्ता फांटवारी च्यातेको भए आर्थिक हिसाव किताव बेरुजु हुने देखिन्छ । अतः यस बुंदामा भ्रष्टाचारको दोष लगाइएका बुंदालाई आधार लिन नसकिने देखिन्छ ।

(९) जाल खरीदमा भ्रष्टाचार, स्पेसिफिकेशन अनुसार टेबुल कुर्सी खरीद नगरेको भनि लगाइएका दोषहरु पनि आयोजना प्रमुख करोडौंको आयोजना संचालन गर्ने व्यक्ति भएको हुंदा सातोतिनो काम कुरामा भ्रष्टाचार र दोष लगाएको समेत देखिंदा मुख्य बुंदाहरुमा नै बढी केन्द्रित भई हेरिएको र यी खरीदमा सामान्यतः आर्थिक नियम पालन गरेको देखिंदा यसमा बोलिरहनु परेन ।

यस प्रकार उपरोक्त तथ्य र कारणको आधारमा निजले रिसवत लिई खाई भ्रष्टाचार गरेको देखिंदैन तर निजको काम कारवाईमा हुन गएको विभिन्न बेरुजुसम्म को त्रुटिहरु हेर्दा बेरुजु फछ्यौंट गर्ने नियम अन्तर्गत गर्न सकिने र निजले गरेको प्रशासनिक कारवाईको त्रुटि सम्बन्धमा मन्त्रालयबाट विभिन्न मितिमा छानविन समिति गठन भई महानिर्देशक रामबदन प्रधानको प्रतिवेदनको प्रतिलिपीसमेत यस आयोगमा प्राप्त भएको देखिंदा यस आयोगबाट उपरोक्त उजूरीको आधारमा तथ्यगत छानविन गर्दा भ्रष्टाचार गरेको भन्ने तथ्य प्राप्त नभएकोले अन्य अनियमितता सम्बन्धमा विभागीय छानविन भइरहेको र केहीमा विभागीय कारवाई हुनु पर्ने भन्ने समेत प्रतिवेदनमा देखिंदा मन्त्रालयबाटै जो जे गर्नु पर्ने हो गर्न लेखिएको ।

६५) आपूर्ति मन्त्रालयमा भएको विभिन्न भ्रष्टाचार सम्बन्धी बुंदा राखी उजुरी परेकोमा अनुसन्धान हुंदा

निम्न बमोजिम गरिएको :–

तथ्य व्यहोरा – श्री ५ को सरकार, आपूर्ति मन्त्रालय अन्तर्गत नेपाल आयल निगम लगायत ५ वटा संस्थानहरुमा २०५२।८।२८ मा संस्थानहरुमा व्यक्तिगत क्षमताको आधारमा संचालक समितिको सदस्यमा मनोनित गर्नमा मन्त्रीज्यूको आदेश अनुसार निम्न नामहरु समावेश गरेको भनी ने.ट्रे.लि.मा ४ जना, ने.आ.नि.मा ४, ने.खा.सं.मा ४, टिम्बर कर्पोरेशनमा ४, ने.कोल लि.मा ४ जना मानिसको नाउं लेखी कस कसलाई समावेश गर्न उपयुक्त हुन्छ भनि टिप्पणी पेश भएकोमा सचिव शम्भुशरण प्रसादले "माननीय मन्त्रीज्यू, आजै केही संस्थानहरुको अध्यक्षको नियुक्ति भएकोले श्री ५ को सरकारबाट गठन भएको संचालक समितिको सदस्यहरुलाई हेरफेर गर्नु पर्ने भएकोले सकभर माननीय मन्त्रीज्यूबाट प्रस्तुत भएको नामावलीमध्ये पनि कार्य संचालन एवं लागतको दृष्टिकोणबाट व्यवहारिक हुने गरी निर्णय हुन पेश गरेको छु "भनी पेश गर्नु भएको रायमा प्रस्तावित नामावली सदर भनी मा.मन्त्री गजेन्द्रनारायण २०५२।८२९ मा तोक लगाउनु भएको रहेछ ।

उपरोक्त तथ्यको आधारमा नेपाल आयल निगमका संचालकद्वय वीरेन्द्र कुमार दास र राजेन्द्र गुप्ता नेपाल आयल निगम नियमावलीको २१ (१) (ङ) विपरित योग्यता नभएको व्यक्ति देखिंदा निजहरुलाई के कति आधारमा नियुक्ति दिइएको हो, आर्थिक स्वार्थ रहेको व्यक्तिले निगमको संचालन गर्ने हुंदा निगमको कारोवारमा अहित हुन सक्छ कि सक्दैन भन्ने प्रश्न राखी माननीय आपूर्ति मन्त्री, आपूर्ति सचिव लगायत महाप्रवन्धक समेतलाई स्पष्टीकरण सहितको जानकारी माग गरिएकोमा विभिन्न मितिमा उपरोक्त पदाधिकारीले निम्न बमोजिम जानकारी पेश गरेको देखिन्छ :–

<u>मा.मन्त्री गजेन्द्रनारायण सिंहको लिखित जवाफ</u> :– कम्पनी ऐन, २०२१ को दफा ७३ अन्तर्गत संचालक परिवर्तनको सूचना कम्पनी रजिष्ट्रारमा नियमित रुपमा पठाइने र वार्षिक साधारण सभा भएपछि ऐ दफा ६० अन्तर्गत साधारण सभाको निर्णय समेत रजिष्ट्रार कार्यालयमा जांदा सम्पूर्ण विवरण कम्पनी रजिष्ट्रारसमक्ष प्रस्तुत भएको हुन्छ । कम्पनी रजिष्ट्रारले अनियमित देखिन आएमा कैफियत तलव गरी ऐ दफा ६६ को उपदफा ३ (ग) र दफा ११०(३) अन्तर्गत निर्देशन दिई संचालकको नियुक्तिलाई बदर गर्न वा निर्देशन दिन सक्ने कानूनी व्यवस्था छ ।

नेपाल आयल निगम वा अरु जुनसुकै पब्लिक लिमिटेड कम्पनीको पनि नियमावली कम्पनी ऐन, २०२१ को दफा ११।१२ अन्तर्गत कम्पनी ऐन, २०२१ को व्यवस्थासंग नबाझिने गरी स्वीकृत गराउनु पर्ने कानूनी व्यवस्था छ । नियमावलीमा कुनै कुरा उल्लेख नगरिएको भए वा ऐ ऐनको परिधि बाहिर गई लेखिएकै भए पनि त्यसमा ऐनको व्यवस्था निष्कृय नहुने, अतः कम्पनी ऐन, २०२१ को दफा ६६(३) (क) बमोजिम साधारण सभाको निर्णय र सम्बन्धित विभागको स्वीकृति प्राप्त भएमा उदफा (१) (ङ) बमोजिम लेखिएको व्यक्ति संचालक पदमा नियुक्त हुन सक्ने र निज २ जनाको नियुक्ति सोही कानूनको व्यवस्था अन्तर्गत रीत पुऱ्याई भए गरिएको हुनाले निजहरु संचालक पदमा नियुक्त हुन अयोग्य नभएको कुरा जानकारीको लागि अनुरोध गरेको ।

निगमसंग निजी स्वार्थ रहेको व्यक्तिलाई नियुक्ति गर्दा निगमको कारोवारमा अहित हुने कुराको सन्दर्भमा ने.आ.निगमको संचालक ११ जना रहेको र कम्पनी ऐन, २०२१ को दफा ७०(४) ले संचालक समितिको निर्णय बहुमतद्वारा हुने हुंदा ११ जना संचालक समितिका २ जनाको राय अन्यथा हुने भएको हुंदा संचालक समितिको बहुमतको राय नभएसम्म कुनैपनि कार्यले पदीय कारणबाट निजहरुको फाइदा निगमको नोक्सानी हुन नसक्ने कुरामा दुईमत हुने ठाउं छैन । कम्पनी ऐन, २०२१ को दफा ७२ ले संचालकहरु आफ्नो कार्य र परिमाणको निमित्त जवाफदेही हुने हुनाले निगमलाई आर्थिक हानी नोक्सानी हुने कुरा अनुरोध गरेको ।

<u>सचिव शम्भुशरण प्रसादको लिखित जवाफ</u> :– कम्पनी ऐन, २०२१ को दफा ६६(३) (क) अनुसार कम्पनीसंग सम्बन्धित व्यक्ति संचालक पदमा नियुक्ति हुने र कम्पनी ऐन, २०२१ कम्पनी सम्बन्धमा मूल कानून रहेकोले नियमावलीको व्यवस्था स्वतः निष्प्रभावित हुने भएकोले टिप्पणी पेश गरेको हुं ।

प्रशासकीय कार्यविधि बमोजिम टिप्पणी उठाइएको हो । कुनै दवाव वा आर्थिक लाभको आधारमा टिप्पणी पेश भएको होइन । निजी स्वार्थ भएको व्यक्तिलाई नियुक्ति गर्दा निगमको

कारोवारमा अहित हुने कुराको सम्बन्धमा कम्पनी ऐन २०२१ को दफा ७०(४) बमोजिम बहुमतको निर्णय मान्य हुने र श्री ५ को सरकार आपूर्ति मन्त्रालय लगायत अर्थ, वाणिज्य मन्त्रालय शेयर होल्डरको तर्फबाट ने.बैं.लि.का महाप्रवन्धक तथा प्रतिपक्षी दलका कार्यकर्ता समेतको संचालक समितिबाट कसैको हितमा मात्र निर्णय हुन्छ भन्ने धारणा निराधार छ र निजहरुको नियुक्तिबाट मलाई जानकारी भएसम्म निगमको कुनै किसिमको हानी नोक्सानी नभएको र निर्णय प्रकृयामा कुनै प्रभाव परेको छैन ।

रामाज्ञा चतुर्वेदी :– नेपाल आयल निगमको नियमावली, २१ (ङ) मा संचालक नियुक्ति गर्दा ने.आ.नि.संग ठेक्का पट्टा वा करार भएको व्यक्तिलाई संचालकमा नियुक्ति नगरिने भनी व्यवस्था भएको भए पनी कम्पनी ऐन, २०२१ को दफा ६६(१) (ङ) मा गरिएको प्रतिरोधात्मक व्यवस्थालाई ऐ दफा ६६(३)(क) ले सम्बन्धित विभाग र साधारण सभाको स्वीकृतिले दफा ६९(३) (क) को रीत पुऱ्याई नियुक्त संचालकलाई कम्पनी ऐन, २०२१ को परिप्रेक्ष्यमा योग्य संचालक भन्न नमिल्ने अवस्था नभएको अनुरोध ।

निजहरु अयोग्य नभएकोले नियुक्ति सम्बन्धको कारवाई चलाउने प्रश्न नभएको र आफू त्यस्तो नियुक्तिको औचित्य र वैधता सम्बन्धी प्रश्नमा कारवाई गर्ने अधिकारी नभएको ।

दफा ७(४) अन्तर्गत संचालक समितिको निर्णय बहुमतद्वारा हुने भएकोले निजहरुको संचालक समितिमा उपस्थितिको कारणबाट निगमको अहित हुने काम हालसम्म भए गरेको नदेखिएको व्यहोरा अनुरोध ।

२०५३।७।२८ मा आपूर्ति मन्त्रालयले पठाएको ने.आ.नि. को १९ औं वार्षिक सभाको माइन्यूट र निर्णयको प्रतिलिपी हेर्दा निज संचालकहरु वीरेन्द्र कुमार दास र राजेन्द्र गुप्ता समेतको उपस्थिति भएकोसम्म देखिन्छ ।

उक्त सभाको विशेष प्रस्तावमा संचालकहरुको संख्या संशोधन गर्ने र सोही अनुसार नियमावली संशोधन गर्ने उल्लेख भएको कुरा देखिएको छ । तर दफा ६६(३) (क) बमोजिम उपरोक्त संचालकद्वयको सम्बन्धमा कुनै स्वीकृति लिएको देखिन नआएको ।

आपूर्ति सचिव शम्भुशरण कायस्थको बयान :– विभागीय मन्त्रीज्यूबाट संचालकको नियुक्ति भएपछि एउटा प्रकृया पुरा भएकै छ । साधारण सभाबाट अनुमोदन गराउने जहांसम्म प्रश्न छ यो अघिपछि पनि हुन सक्नेछ । यस सम्बन्धमा साधारण सभामा निजहरुको उपस्थिति एवं विभागीय निर्णय भएको र यसभन्दा पहिले पनि यस प्रकारका संचालक नियुक्त भइरहेकोले यो एउटा प्रचलन नै भएकोले यो ठूलो विवादको विषय नबनाईन मेरो आग्रह छ । निजहरुले आफ्नो पदबाट राजीनामा समेत गरी सक्नु भएकोले विभागीय कारवाई भएको ठानी यसलाई टुंग्याउन अनुरोध ।

कानूनको सर्वमान्य सिद्धान्त अनुसार कम्पनीको अग्राधिकार रहेको कम्पनी कानूनसंग बाझिएको कुरा स्वतः निष्प्रभावित भएको ।

त्यसो भए ने.आ.नि.नियमावली समेतसंग बाझिएको भए त्यसलाई कानूनसंगत कसरी बनाउने भन्ने प्रश्नमा निगमको नियमावली, २७ वर्ष पुरानो भएको र यसमा परिवर्तनको आवश्यकता भएको र यसमा आवश्यक संशोधन गराउन पनि सकिने व्यहोरा अनुरोध छ ।

कम्पनी ऐनको दफा ६६(१) (ङ) बमोजिम जांचबुझ गर्ने कुरामा विभागीय मन्त्रीज्यूको स्वीकृति भएमा र यसभन्दा पहिले पनि पेट्रोलियम पदार्थसंग सम्बद्ध व्यक्तिहरु नियुक्ति हुने गरेको व्यक्ति उपर कुनै किसिमको गाह्रो साह्रो नभएको र निगमको हितमा भएकोले मैले आफ्नो प्रशासनिक दायित्व निर्वाह नै गरेको हुं ।

यदि तपाईले उक्त संचालकद्वयको निगमसंग भएको आर्थिक कारोवार विषयमा विवरण लेखी पेश गरेको भए नियुक्ति पूर्व साधारण सभाले स्वीकृत गर्थ्यो त ? भन्ने प्रश्नमा उक्त कुरा साधारण सभाको स्वविवेकको हो, स्वीकृत प्रदान गर्न पनि सक्दथ्यो । विभागीय स्वीकृति भएपछि साधारण सभामा अघि पछि विशेष प्रस्ताव लगी अनुमोदन गराउन पनि सकिन्थ्यो । शेयर होल्डरबाट पारित नभएको खण्डमा स्वतः निजहरु आफ्नो पदबाट हट्ने थिए । तपाईले पेश गर्नु भई मन्त्रीद्वारा नियुक्त गरिएको संचालक वीरेन्द्र कुमार दासले कलंकी स्थित पम्पमा डिजेल मिसावट गरी आयल निगमबाट रु. ३६,०००।– जरिवाना गरेको समेत देखिएपछि त्यस सम्बन्धमा के कारवाई

गर्नु भयो ? भन्ने प्रश्नमा निगममा गुणस्तर सम्बन्धी भएको व्यवस्था कारवाई भएको आयोग अन्तर्गत निजको नियुक्ति सम्बन्धी कारवाई भई नै रहेकोले मैले छुट्टै कारवाई गर्न मनासिव संझेको हो ।

नेपाल आयल निगमको कर्मचारीको कार्य सम्पादन मूल्यांकनमा के एक व्यापारी ठेकेदार संचालकलाई अध्यक्ष नियुक्ति गर्न कर्मचारीको मनोबलमा ह्रास ल्याउनु होइन ? तपाईको अध्यक्षतामा बसेको समितिले गरेको उक्त निर्णय कहांसम्म न्यायसंगत छ ? भन्ने प्रश्नको सम्बन्धमा निगमको कर्मचारी नियमावली अनुसार अधिकृत स्तरमा कर्मचारीको लागि कार्य सम्पादनको उप समितिको अध्यक्षता संचालक समितिको अध्यक्ष वा निजले तोकेको संचालकले अध्यक्षता हुने व्यवस्था छ । बढुवा सम्बन्धी कानूनी व्यवस्था बमोजिम विभागीय प्रमुखले कार्य सम्पादन गर्ने हुंदा कुनै संचालक वा सदस्यले परिवर्तन गर्न सक्दैन । त्यसको लागि संचालक समितिले फेर्ने निर्णय गरि सकेपछि मन्त्रालयको स्वीकृति समेत लिनु पर्ने वाध्यता रहेकोले कुनै एक व्यक्तिबाट प्रभावित हुने कुरा आउंदैन ।

उपरोक्त तथ्यको आधारमा नेपाल आयल निगमको सञ्चालक द्वय वीरेन्द्र कुमार दास र राजेन्द्र गुप्ता नेपाल आयल निगम नियमावलीको २१ (ङ) विपरित अयोग्य हुंदा हुंदै पनि निजहरुलाई के कति आधारमा नियुक्ति दिएको भन्ने सम्बन्धमा लिखित जानकारी लिंदा माननीय मन्त्री गजेन्द्र नारायण सिंहले – "नेपाल आयल निगम वा अरु जुनसुकै पब्लिक लिमिटेड कम्पनीको नियमावली, कम्पनी ऐन, २०२१ को दफा ११।१२ अन्तर्गत कम्पनी ऐन, २०२१ को व्यवस्थासंग नबाझिने गरी स्वीकृति गराउनु पर्ने कानूनी व्यवस्था भएकोमा नियमावलीमा कुनै कुरा उल्लेख नगरिएको भए वा ऐ ऐनको परिधि बाहिर गई लेखिएकै भए पनि त्यस्तोमा ऐनको व्यवस्था निष्कृय नहुने । अतः कम्पनी ऐन २०२१ को दफा ६६(३) (क) बमोजिम साधारण सभाको निर्णय र सम्बन्धित विभागको स्वीकृति प्राप्त भएमा उपदफा १ (ङ) बमोजिम लेखिएको व्यक्ति संचालक पदमा नियुक्त हुन सक्ने हुंदा निज दुई जनाको नियुक्ति सोही कानूनी व्यवस्था अन्तर्गत रीत पुऱ्याई भएको हुनाले निजहरु संचालक पदमा नियुक्ति हुन अयोग्य नभएको कुरा जानकारीको लागि अनुरोध " भनी लिखित जवाफ दिनु भएको र सचिव श्री शम्भु प्रसादले कम्पनी ऐन, २०२१ को दफा ६६(३) (क) अनुसार कम्पनीसंग सम्बन्धित व्यक्तिलाई संचालक पदमा नियुक्ति गर्न सकिने र कम्पनी ऐन,२०२१ कम्पनी सम्बन्धमा मूल कानून रहेकोले नियमावलीको व्यवस्था स्वतः निष्प्रभावित हुने भएकोले टिप्पणी पेश गरेको हो । साधारण सभाबाट अनुमोदन गराउने कुरा अघि पछि पनि हुन सक्ने हुंदा निजहरु साधारण सभामा उपस्थित रहेको र निजहरुको नियुक्ति विभागीय निर्णयबाट भएको र निजहरुले पदबाट राजिनामा समेत गरी सक्नु भएकोले यसैलाई विभागीय कारवाई मानी यसलाई टुंग्याउन अनुरोध छ भनि लिखित स्पष्टिकरण एवं बयान समेत दिनु भएको छ ।

उपरोक्त लिखित जवाफको परिप्रेक्ष्यमा नेपाल आयल निगमको संचालक पदमा नियुक्ति हुने व्यवस्था के रहेछ भनि हेर्दा सर्वप्रथम जुनसुकै संस्था, कम्पनी विभाग मनत्रालयले आफ्नो काम कर्तव्य र अधिकार संगठन आर्थिक एवं प्रशासनिक कार्यविधि सम्पन्न गर्न आफूलाइ श्रृजना गर्ने ऐन अनुसार बनाएको नियमावली दृष्टिगत गर्नु पर्ने हुन्छ । नेपाल आयल निगमले पनि कम्पनी ऐन, २०२१ ले प्रदान गरेकै अख्तियार भित्र रही नेपाल आयल निगम नियमावली बनाएको देखिन्छ ।

नेपाल आयल निगमको संगठन काम कर्तव्य र अधिकार संचालक समितिको पदाधिकारीहरुको नियुक्ति, योग्यता आदि सोहि नियमावलीले व्यवस्था गरेको पाइन्छ तर माननीय मन्त्रीज्यू एवं सचिवले नियमावलीले नै संचालकहरुको नियुक्ति गर्ने सम्बन्धमा नियम २१(ङ) मा "अयोग्य" शीर्षकमा कस्तो व्यक्तिहरु संचालक हुन सक्दैनन् भनि व्यवस्था गरे अनुरुप सो नियमावलीले व्यवस्था गरेको कानूनी प्रावधानलाई अवलम्बन नगरी प्रचलित नियम नै मान्न नपर्ने तर्क अगाडी सार्नु भएकोबाट आफ्नै मन्त्रालयले ऐन अनुरुप बनाएको नियमको परिपालना गर्नु पर्ने कर्तव्य अवलम्बन गरेको देखिन आएन ।

वास्तवमा उक्त नियमावलीको नियम २१ (ङ) को संचालक नियुक्ति गर्दा ने.आ.नि.संग ठेक्का पट्टा वा करार भएको व्यक्तिलाई संचालकमा नियुक्ति गरिने छैन भन्ने व्यवस्था नेपाल आयल निगमलाई स्वच्छ एवं शुद्ध बनाउने उद्देश्यले उक्त निगमसंग आर्थिक स्वार्थ रहेको व्यक्तिलाई त्यसमा

संलग्न हुन दिन नहुने महसूस गरी बनाएको देखिन्छ र उक्त व्यवस्था कम्पनी ऐनसंग बाझिएको भन्न मिल्ने अवस्था नभएको साथै कम्पनी ऐनको विशेष व्यवस्थाले पनि उक्त नियमावलीलाई खण्डित गर्ने मनसाय गरेको भनी अर्थ गर्न मिल्ने देखिदैन ।

त्यसमा पनि कम्पनी ऐन कै व्यवस्था अवलम्बन गर्ने हो भने पनि "अयोग्य" भनी तोकिएको संचालकलाई नै नियुक्ति गर्नु पर्ने भए सम्बन्धित विभाग एवं साधारण सभाले स्वीकृत गरेपछि मात्र त्यस्तो "अयोग्य" भनि तोकिएको व्यक्ति नियुक्त हुन सक्नेमा विवादित उपरोक्त संचालकद्वयलाई साधारण सभाको १९ औं बैठकले स्वीकृत गरेको कुरा माइन्यूटमा नदेखिएको हुंदा साधारण सभाबाट स्वीकृत नगरेको अवस्थामा टिप्पणी पेश गर्न लगाई सो सदर गरी नियुक्ति भएको कार्य ने.आ.नि. नियमावली २१(ङ) र कम्पनी ऐन, २०२१ कै दफा ६६(३)(क) विपरित कार्य भएको देखिन्छ । यस प्रकार आफ्नो मन्त्रालयले ऐन बमोजिम बनाएको नियमावली एवं नियमको व्यवस्था कानून विपरित भनी आफ्नो मन्त्रालयले स्वीकृत गरेको कानूनको मर्यादा नराखी कानून बमोजिम नभए ऐन बमोजिम नियमावली संशोधन गरी नियम बमोजिम कारवाई गरी संचालकहरु नियुक्ति गर्नु पर्नेमा माननीय आपूर्ति मन्त्रीले नियम मुताविक नगरी आफूखुशी संचालक नियुक्ति गर्न नामावली दिई अनुचित कार्य गरेको तथा आपूर्ति सचिव शम्भु शरण प्रसादले श्री ५ को सरकारको सचिव भएर पनि श्री ५ को सरकारले ऐन बमोजिम बनाएको सम्बन्धित संस्थाको नियमावलीलाई अवलम्बन नगरी कुनै युक्तियुक्त आधार विना नियमावली ऐनसंग बाझेको भनी दावी लिएको तर सो नियम बाझेको कुरा देखाउन नसकेको, त्यसमा पनि सम्बन्धित संस्थाको नियम बमोजिम योग्य संचालक नियुक्ति गर्न मन्त्री समेतलाई कानूनी वाध्यता देखाउनु पर्नेमा त्यस्तो अयोग्य संचालकलाई नियुक्ति दिने टिप्पणी पेश गरेकोबाट उक्त नियमावलीको २१(ङ) को प्रतिकूल अनुचित कार्य गरेको देखिन आएको ।

मिति ०५२।११।२० मा संस्थानको राष्ट्र सेवकको नाउंबाट आपूर्ति मन्त्रालयमा भएको विभिन्न भ्रष्टाचारसम्बन्धी उजुरी परी यो अनुसन्धान गरिएकोमा उपरोक्त महानुभावहरुले अनुचित कार्य गरेर अख्तियारको दुरुपयोग गरेको पाइए पनि अ.दु.अ.आ.ऐन, २०४८ को दफा ८(१) अन्तर्गत अनुचित कार्यबाट प्रतिकूल असर परेको व्यक्तिले उजुरी गरे मात्र यस बमोजिम अनुसन्धान गरी ऐ ऐनको दफा १२ बमोजिम कारवाई गर्न सकिने कानूनी प्रावधान भएकोमा प्रस्तुत सन्दर्भमा भ्रष्टाचारको सिलसिलामा उजुरी परी अनुसन्धान हुंदा यस प्रकार कानूनले अयोग्य भनी तोकेको व्यक्तिहरुलाई मनपरी नियुक्ति दिई नेपाल आयल निगम नियमावलीको नियम २१(ङ) विपरित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिन आएकोले आयोगले नै केही गरि रहनु पर्ने स्थिति नभए पनि भविष्यमा यस्तो नहोस् भन्ने उद्देश्यले सम्माननीय प्रधानमन्त्रीज्यूलाई यस निर्णयको जानकारी दिइएको ।

७. प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव/ध्यानाकर्षणको संक्षिप्त विवरण :–

७.१. राष्ट्रिय वाणिज्य बैङ्कबाट खोलिने आयात प्रतीत पत्रमा बैङ्कको सम्पत्ति हानी नोक्सानी हुन नसक्ने गरी नीति निर्देशन तथा प्रभावकारी सुपरीवेक्षण र नियन्त्रण गर्नु पर्ने देखिन आएकोले यस सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल राष्ट्र बैङ्कलाई लेखिएको ।

७.२ खाद्य वस्तुहरु ग्राण्ट लिने सम्झौता गर्दा ग्राण्टमा तोकिएको रकमबाट खाद्य वस्तु किनेर खाद्य सहयोग लिंदा खाद्य सामाग्री दिलाउने कम्पनीसंग मुलुकको प्रशासकीय निकायमा रहेका पदाधिकारीहरुले एकातिर प्रशासनिक शुद्धताको लागि उक्त तोकिएको रकमबाट बढी सामाग्री पाउन

बढी बार्गेनिंग गर्नु पर्ने बाध्यता रहेको र अर्कोतिर कम्पनीको रेटभन्दा प्रचलित अन्तरराष्ट्रिय बजार मूल्य घटी देखिएमा ग्राण्ट स्वीकार गर्न पनि अप्ठेरो पर्ने स्थिति भएकोले यस्तो स्थिति आउन नदिन सम्झौता गर्ने प्रविधिमै सुधार गर्नेतर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

७.३ नेपाल अधिराज्य विश्वको सूचीमा अति कम विकसित राष्ट्र अन्तरगत पर्ने भएकोले संयुक्त राष्ट्र संघको साधारण सभामा भाग लिन जाने प्रतिनिधि मण्डलमा ५ जना सदस्यसम्म को खर्च संयुक्त राष्ट्र संघले व्यहोर्ने र प्रतिनिधि मण्डलमा ५ जना प्रतिनिधि र ५ जना वैकल्पिक प्रतिनिधि गरी जम्मा १० जनासम्म रहने र निजहरुले मात्र साधारण सभामा भागलिन पाउनेमा ५१ औं साधारण सभामा भाग लिन जाने प्रतिनिधि मण्डलमा परराष्ट्र मन्त्रालयबाट विभिन्न क्षेत्र र ओहोदाका २३ जनाको मनोनयन प्रस्ताव पेश गरी श्री ५ को सरकार, मन्त्री परिषद्बाट २३ जनाको प्रतिनिधि मण्डल पठाउने निर्णय गरेको देखिन आएकोले श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले प्रतिनिधि मण्डलको चयन गर्दा राष्ट्रले व्यहोर्नु पर्ने आर्थिक दायित्व र उपादेयतासमेत लाई दृष्टिगत गर्नु पर्ने कुरामा परराष्ट्र मन्त्रालयमार्फत श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

७.४ शाही औषधी लिमिटेडको सञ्चालक समितिको बैठकबाट घर, विरामी र विशेष बिदालाई असाधारण बिदामा परिवर्तन गरेको तर सो कम्पनीको सेवा शर्तसम्बन्धी नियमावली, २०३५मा त्यस्तो कुनै व्यवस्था नभएकोले नियमावलीमा नपरेका विषयहरुमा समितिले आवश्यक नियम बनाई सम्बन्धित मन्त्रालयमार्फत लोक सेवा आयोगबाट सहमति लिएपछि मात्र लागू हुनु पर्नेमा त्यसो भई नसकेको स्थितिमा सो बिदा प्रचलित नियमावली बमोजिम नै हुनुपर्ने भनी शाही औषधी लिमिटेडको ध्यानाकर्षण गराइएको ।

७.५ स्वास्थ्य मन्त्रालयमा प्राप्त अनुदान रकम मध्ये गत सालमा वितरण भइसकेको अनुदान रकमका सम्बन्धमा वितरण गरिएको संस्थाहरुबाट सो रकमको दुरुपयोग हुन नपाउने गरी स्वास्थ्य मन्त्रालयले प्रगति विवरण लिई नियमित तवरले अनुगमन गर्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

७.६ विदेशी मुलुक र अन्तरराष्ट्रिय संस्थाबाट प्राप्त अनुदान एवं ऋणका रकमहरु नेपाल र नेपालीको हीतको निमित्त खर्च गर्दा त्यस्तो रकमको आर्थिक नियम कानून बमोजिम उद्देश्यपूर्ण परिचालन हुनु पर्ने र अनियमित हुन गए त्यसको कडा नियन्त्रण निगरानी हुनु पर्नेमा मुलुकमा त्यस्तो निगरानी गर्ने कुनै निकाय भएको नदेखिएको हुंदा टाठाबाठा एवं प्रबुद्ध वर्गले आफ्नो स्वार्थको खातिर विदेशी दातृ संस्थाको प्रतिनिधीहरुको चाकडी गरी आन्तरिक ऐन कानूनको कमजोरीको फाइदा उठाई कानूनले प्राप्त गर्ने भन्दा बढी तलब, सुविधा र पारिश्रमिक लिएर त्यस्तो अनुदान रकमको ठूलो भाग दुरुपयोग हुने देखिंदा निम्नानुसार दुग्ध विकास बोर्डको ध्यानाकर्षण गरी यसको कार्यान्वयनको लागि निर्णयको प्रतिलिपी श्री ५ को सरकार, मन्त्री परिषद् एवं कृषि मन्त्रालयमा पठाएको :-

क) बोर्डबाट कुनै विषयमा अध्ययन गर्ने सैद्धान्तिक स्वीकृति प्राप्त गरी पछि सो विषयमा अध्ययन गर्ने सम्बन्धमा दातृ संस्थाले स्वीकृति दिएपछि पारदर्शी रुपमा प्रतिस्पर्धा हुने व्यवस्था गर्ने ।

ख) बोर्डका कर्मचारी तथा सदस्य जस्ता बार्डसंग प्रत्यक्ष्य सम्बन्ध भएको व्यक्तिले बोर्डबाट आर्थिक लाभ हुने ठेक्का पट्टा गर्न नपाउने व्यवस्था गर्ने ।

ग) परामर्श दातृ कार्य गराउने सम्बन्धी जस्तोसुकै कार्य भएपनि आर्थिक लगानी हुने कुरामा पारदर्शी रुपमा प्रतिस्पर्धा गराउने व्यवस्था गर्ने ।

७.७ बांकी बचेका सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण तथा सुरक्षा गर्नु नितान्त जरुरी भएकोले शीघ्र ठोस उपायहरुको अवलम्बन गर्नु पर्ने देखिएको हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) बमोजिम निम्न बमोजिमको सुझाव श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयमा पठाइएको :-

(१) मालपोत कार्यालय मूलतः जग्गा प्रशासन गर्ने कार्यालय भएको हुंदा मालपोत कार्यालयले व्यक्तिगत सरकारी सार्वजनिक गुठी जग्गा र दर्ता गर्न बांकी रहेका लगतको यकीन तथा व्यवस्थित लगत राख्नु पर्ने हुन्छ । तर प्राप्त विवरणबाट श्री ५ को सरकारको मिति ०५१।१०।२३ को निर्णय

बमोजिम सबै सरकारी तथा सार्वजनिक जग्गा श्री ५ को सरकारको नाममा दर्ता भई सकेको छ छैन यकीन नगरेको हुंदा सर्वप्रथम मालपोत ऐन लागू भई सकेका जिल्लाहरुमा श्री ५ को सरकारको नाममा दर्ता गर्न बांकी सरकारी सार्वजनिक जग्गाहरु ६ महिना भित्रमा दर्ता गरि सक्ने व्यवस्था गर्ने र यसरी दर्ता गर्दा सरकारी जग्गाको हकमा श्री ५ को सरकार र सार्वजनिक जग्गाको हकमा सार्वजनिक जनाई दर्ता गर्ने र यसरी दर्ता भएपछि सरकारी जग्गा मध्ये सार्वजनिक र भिर जंगल खोला नदी बाटो सडक आदि कृषि तथा बसोवासको लागि उपयुक्त नहुने जग्गा तथा उपयुक्त हुने जग्गाको यकीन तथा यथार्थ अभिलेख तयार गर्ने ।

मालपोत ऐन लागू नभएको जिल्लामा नापी गोश्वाराले मालपोत कार्यालयलाई श्रेस्ता हस्तान्तरण गर्दा दफा १ बमोजिम गरी हस्तान्तरण गर्ने ।

(२) श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा मध्ये श्री ५ को सरकारको नीति बमोजिम बसोवास पुनर्वास समिति आयोगहरुबाट वितरण भई दर्ता भएका जग्गाहरुमध्ये श्री ५ को सरकारको नाममा समेत श्रेस्ता कट्टा नभई दोहोरो दर्ता भई रहेका कतिपय सार्वजनिक जग्गा व्यक्तिका नाउंमा समेत दर्ता भई एउटै जग्गाको दोहोरो लगतले विभिन्न समस्याको श्रृजना गर्ने हुंदा त्यसरी वितरण गरिएको जग्गाको लगत श्रेस्ता भिडाई सार्वजनिक जग्गा दर्ता भएको जग्गाको मालपोत ऐन बमोजिम दोहोरो लगत कट्टा गर्ने कार्य निश्चित अवधि भित्र समाप्त गर्ने ।

(३) पुनः नापी भएको क्षेत्रमा नाप नक्सा तथा दर्ता गर्दा साविक नक्सा तथा दर्ता श्रेस्ता बमोजिम दर्ता गर्नु पर्ने र नापी गर्दा पहिले सरकारी सार्वजनिक जग्गा छुट्याई मात्र अरु जग्गा नाप जांच गर्नु पर्ने नाप जांच ऐनमा व्यवस्था भएकोमा पुनः नापी भएका क्षेत्रमा नापी गोश्वाराले सरकारी सार्वजनिक जग्गा श्री ५ को सरकारको नाममा दर्ता नगरेको, साविकमा श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गासमेत व्यक्ति विशेषको नाममा दर्ता गरेको देखिएको र नापी विभागको प्रतिक्रियाबाट भविष्यमा समेत सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउंमा दर्ता हुन सक्ने देखिएको हुंदा यो प्रवृत्तिलाई नियन्त्रण गर्न नापजांच ऐन बमोजिम सरकारी सार्वजनिक जग्गाको पहिले नापी गरी पुनः नाप जांच भएको क्षेत्रको सरकारी तथा सार्वजनिक सम्पूर्ण जग्गा श्री ५ को सरकारका नाममा दर्ता गरी श्रेस्ता हस्तान्तरण गर्नु पर्ने वाध्यात्मक व्यवस्था गर्ने ।

पुनः नाप जांच भएको क्षेत्रमा साविक दर्ता बमोजिमको जग्गा दर्ता नगरी नापी गोश्वाराले श्रेस्ता हस्तान्तरण गर्दा पुनः नापी बमोजिम दर्ता गर्न जनताले ठूलो कठिनाईको सामना गर्नु परेको तथ्य काठमाडौं महानगरपालिकाका वडा नम्बर ७, ३४, १०, ९ र जनकपुर नगर क्षेत्रमा देखिएको र यस्तो कार्यले श्री ५ को सरकारप्रति नै जनताको नकारात्मक धारणा बन्न जाने हुनाले नाप जांच ऐनमा भएको व्यवस्था बमोजिम व्यक्ति नापीमा उपस्थित नभए पनि साविक बमोजिम दर्ता गरेपछि मात्र श्रेस्ता हस्तान्तरण गर्ने कार्यलाई कडाईका साथ लागू गर्ने ।

(४) जग्गा दर्ता सम्बन्धमा नाप जांच ऐनले हद म्यादको व्यवस्था गरेको छ तर नाप जांच ऐन बमोजिम नापी गरी मालपोत कार्यालयलाई श्रेस्ता हस्तान्तरण गरेपछि नापीमा दर्ता हुन छूट भएको जग्गा दर्ता गर्न निवेदन गर्न मालपोत ऐनमा कुनै हद म्यादको व्यवस्था छैन । हद म्याद नभएको कारणले जहिलेसुकै निवेदन गर्न पाउने र जालझेल तथा कृत्रिम तरिकाले पहिले दर्ता भई सकेको लगत देखाई सरकारी सार्वजनिक जग्गामा पनि दावी गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

श्री ५ को सरकारले समय समयमा छूट दर्ता गर्ने अवधि तोकेको पाइन्छ । यसरी अवधि तोक्दा सो अवधि नाघेपछि दर्ताको काम बन्द हुने, पुनः म्याद थपेपछि कारवाई शुरु हुने प्रचलनले गर्दा अनेकौं विकृति आउने गर्दछ । ऐनमा हद म्यादको व्यवस्था नभएपछि श्री ५ को सरकारले समय समयमा जग्गा दर्ता गर्ने म्याद तोक्नु कानूनसम्मत हुदैन । २०२१।२२ सालमा नापी समाप्त भएका जिल्लाहरुमा हाल पनि जग्गा दर्ता गर्न निवेदन पर्ने गरेको देखिन्छ । तीसौं वर्ष पछि पनि निवेदन गर्न पाउने कारणले सरकारी सार्वजनिक जग्गामा नै चाप पर्ने कुरा निश्चित हुंदा छूट जग्गा दर्ता गर्न निवेदन गर्न पाउने कार्यको लागि मालपोत ऐनमा हद म्यादको व्यवस्था गरिनु पर्दछ ।

(५) मालपोत ऐनको दफा ६ मा मालपोत कार्यालयले जग्गाको दर्ता किताव खडा गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरेको छ । तर मालपोत ऐन लागू भएको १७ वर्ष बिती सक्दा पनि सो कार्यको थालनीसम्म भएको छैन । भू व्यवस्थापन र प्रशासनको लागि जग्गा दर्ता किताव अत्यावश्यक हुंदा

हुँदै त्यसलाई ध्यानै नदिई व्यक्तिको नामा दर्ता गर्ने कार्यलाई मात्र प्राथमिकता दिएको, मन्त्रालय विभागले कानूनले गर्नु पर्ने काम प्रति वेवास्ता गरी उदासीन रहेको हुंदा ऐनमा व्यवस्था भए बमोजिम सम्पूर्ण जग्गाको दर्ता किताव तयार नभएसम्म जग्गा प्रशासनमा अनेकौं जटिल विविध समस्या आउने गरेका छन् । सो किताबबाट धेरै हदसम्म समस्याको निराकरण हुने हुंदा ऐनमा भएको व्यवस्था मुताविक निश्चित अवधिभित्र सो कार्य अनिवार्य रुपमा सम्पन्न गर्ने व्यवस्था गरिनु पर्दछ ।

(६) मुलुकी ऐन, प्रारम्भिक कथनको ४ नं.ले छुट्टा छुट्टै बनेका कानूनमा लेखिएको कुराहरुमा सोही कानून बमोजिम र सो कानूनमा नलेखिएका कुरामा मुलुकी ऐन बमोजिम हुने व्यवस्था गरेको छ । नापजांच ऐन बमोजिम नाप जांच भई खोला उल्लेख भएका जग्गामा नाप जांचमा चित्त नबुझ्नेले सोही ऐनको म्यादभित्र उजूर गर्नु पर्दछ । ऐन बमोजिम सरकारी उल्लेख भई सकेको जग्गामा मुलुकी ऐनको प्रावधान नलाग्नेमा कतिपय यस्ता खोला जनिएका जग्गाहरु मुलुकी ऐन जग्गा मिच्नेको २ नं. बमोजिम भनी दर्ता भएको गरेको सम्म देखिंदा यस्तो कारवाईलाई कडाईका साथ नियन्त्रण गरिनु पर्दछ ।

(७) सरकारी जग्गाको परिभाषाको नाप जांच ऐनमा र सार्वजनिक जग्गाको परिभाषा नाप जांच ऐन मालपोत ऐन, स्थानीय प्रशासन ऐनमा गरिएको छ । स्थानीय प्रशासन ऐनले सार्वजनिक जग्गाको लगत राख्ने व्यवस्था गरेको र सार्वजनिक जग्गा दर्ता भएकोमा मालपोत ऐनको दफा २४ र स्थानीय प्रशासन ऐन, २०२८ ले त्यस्तो दर्ता बदर हुने व्यवस्था गरेको, स्थानीय प्रशासन ऐनले सरकारी जग्गामा घर बनाएकोमा हटाउन सक्ने व्यवस्था गरेको, तर सरकारी जग्गा दर्ता भएकोमा दर्ता गर्न सकिने व्यवस्था छैन । श्री ५ को सरकारको म.प. को मिति २०५१।१०।२३ को निर्णयको दफा ६(२) मा सरकारी सार्वजनिक जग्गा घुसाई व्यक्तिका नाममा दर्ता भएकोमा त्यस्तो घुसेको जग्गाको हकमा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम कारवाई गर्ने उल्लेख भए पनि दफा २४ मा सार्वजनिक जग्गा र वन क्षेत्रको जग्गा दर्ता भएमा मात्र दर्ता बदर गर्न सकिने, अन्य सरकारी जग्गा दर्ता भएकोमा बदर गर्न सकिने व्यवस्था नहुंदा सरकारी जग्गा दर्ता भएकोमा सो निर्णय प्रभावकारी नहुने र प्रशासकीय कार्यालयले दर्ता बदर गरे तापनि त्यस्तो निर्णय अदालतबाट खम्बीर हुन सक्ने देखिंदैन । यसर्थ सरकारी जग्गामध्ये श्री ५ को सरकारको बसोवास नीति अनुरुप वितरण भई दर्ता भए वाहेकको जग्गा दर्ता गरेमा सार्वजनिक जग्गा दर्ता बदर गर्ने सक्ने व्यवस्था अनुरुप सरकारी जग्गा दर्ता भएकोमा समेत बदर गर्न सक्ने गरी कानूनमा व्यवस्था गरिनु पर्दछ । श्रेस्ता अभिलेखबाट सरकारी, सार्वजनिक देखिएको जग्गाको विषयमा व्यक्ति व्यक्तिबिच मुद्दा परि फैसला मिलापत्र गराएकोमा त्यस्तो फैसला मिलापत्र बदर गराउने वा सरकारी जग्गा सम्बन्धमा अदालतमा परेको उजूरीहरुमा प्रतिरक्षा गर्ने कार्य जिल्ला प्रशासन कार्यालय वा मालपोत कार्यालय कस्को हुने हो ऐन नियममा प्रष्ट व्यवस्था नभएको र स्पष्ट नीति समेत नभएकोले सरकारी सार्वजनिक जग्गाको विषयमा प्रतिरक्षा हुन नसकेको हुंदा यस्ता सरकारी सार्वजनिक जग्गाको अभिलेख मालपोत कार्यालयमा रहने हुंदा अदालतमा परेका वा पर्ने विषयमा कारवाई गर्ने जिम्मेवारी र दायित्व मालपोत कार्यालयहरुलाई तोकिनु उपयुक्त हुन्छ ।

सार्वजनिक जग्गा दर्ता भएकोमा बदर गर्ने स्थानीय प्रशासन ऐन तथा मालपोत ऐनमा र वन जंगल दर्ता भएकोमा त्यस्तो दर्ता बदर गर्ने मालपोत ऐन तथा वन ऐनमा व्यवस्था भएको हुंदा एउटै कार्य दुई निकायबाट गरिने व्यवस्थाले जिम्मेवारी पन्छाउने प्रवृत्ति बढ्ने हुंदा दोहोरो व्यवस्था हटाई एउटै निकायबाट कारवाई किनारा गर्ने व्यवस्था गर्नु उपयुक्त र वाञ्छनीय देखिन्छ ।

(८) मुलुकी ऐन ,जग्गा आवाद गर्नेको महल र मालपोत ऐनले दर्ता नभएको जग्गा आवाद गर्न नहुने, गर्नलाई पहिले स्वीकृत लिनु पर्ने ,स्वीकृत नलिई आवाद गरेमा सजाय गर्ने प्रावधान छ । सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हुन नदिने र अतिक्रमण भएमा कारवाई तथा सजाय हुने उक्त ऐनमा व्यवस्था भएको ।

जनसंख्याको बढ्दो चाप, जग्गाको चर्को मूल्य बृद्धिले जग्गा प्रति आकर्षण बढी रहेको र जसरी भए पनि जग्गा हात पार्ने प्रवृत्ति रहेको छ । अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने र सुकुम्बासीलाई जग्गा दिने कार्यले सुकुम्बासीको नाममा जग्गा लिई जग्गाको कारोवार तथा व्यापार

गर्ने ठूलो गिरोह लाभान्वित भएको छ । सुकुम्बासी बसोवास वा सट्टा भर्नाको नाममा दिएका जग्गाहरु धेरै जसो बिक्री हक हस्तान्तरण भई सकेका छन् । दश वर्षसम्म हक हस्तान्तरण गर्न नपाउने प्रतिबन्ध भएका जग्गा समेत घरसारमा हस्तान्तरण भई रहेका छन् ।

विद्यमान ऐन कानूनले दर्ता नभएको जग्गा आवाद गर्न नहुने आवाद गर्न स्वीकृत लिनु पर्ने नलिएमा सजाय हुने प्रावधान मौजूद हुंदा हुंदै कानूनको बर्खिलाप गरी सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरी कानूनले तोड्ने व्यक्तिहरुलाई नै जग्गा दर्ता गरी पुरस्कृत गरिए पछि अरुमा पनि जग्गा कब्जा गरेमा ढीलो छिटो दर्ता हुने भन्ने मानसिकतामा बृद्धि भएको छ ।

सरकारी कृषि तथा बसोवास योग्य जमिन थोरै मात्र बांकी छ । देशको कुनै भागमा दैवी प्रकोप परेको अवस्थामा पुनर्वास गराउन सरकारी जमिन प्राप्त हुन नसक्ने स्थिति भै सकेको अवस्थामा बांकी रहेका सरकारी सार्वजनिक जग्गाको सुरक्षा र सदुपयोग गर्न कठोर नीतिको अवलम्बन गर्नु पर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ ।

सुकुम्बासीको नाममा जग्गा दर्ता गर्ने नीति कायम रहेसम्म अतिक्रमणको क्रम रोकिने संभावना नरहेको मात्र हैन हाल बांकी रहेका सार्वजनिक जग्गा तराई क्षेत्रका खोला बगर जंगल जग्गा तथा पहाडी क्षेत्रका वन जंगलको विनाशले भूस्खलन तथा बाढी पैरोमा बृद्धि हुने र वातावरणीय सन्तुलन बिग्रदै गई थप समस्या श्रृजना हुने निश्चित छ ।

तसर्थ सुकुम्बासीसम्बन्धमा निम्न बमोजिम गर्नु उपयुक्त देखिन्छ :-

(क) सुकुम्बासीको नाममा जग्गा दर्ता गर्ने कार्य रोकी भविष्यमा समेत सुकुम्बासीको नाममा दर्ता नगर्ने नीति अवलम्बन गर्ने ।

(ख) अन्यत्र घर बसोवास नभएका कृषि पेशा वाहेक अन्य रोजगार नभएका सरकारी जग्गामा बसोवास गरेका सुकुम्बासीलाई निजहरुले बसोवास गरी जोत भोग गरेको जग्गामध्ये तोकिएको हदसम्म भू वहालमा उपलब्ध गराउने ।

(ग) घर बसोवास गरेको जग्गा भू बहालमा दिंदा श्री ५ को सरकारले उचित ठानेको रकम तोक्ने ।

(घ) भू बहालमा दिंदा छुट्टै निस्सा दिने र यस्ता व्यक्तिबाट असुल हुने भू बहालको रकम स्थानीय गा.वि.स., न.पा.ले असुल उपर गर्न पाउने व्यवस्था गर्नु पर्ने ।

(ङ) यसरी भू वहालमा दिएको जग्गा कुनै व्यहोराले कसैलाई दिन नपाउने, दिए लिए सजाय हुने प्रावधान हुनु पर्ने ।

(च) सार्वजनिक जग्गा हाल हिंडिरहेको खोलासंग जोडिएको जग्गा वन सिमानासंग जोडिएको जग्गा र खोला उकास जग्गा भू वहाल दिन नपाउने र आवाद गर्न समेत नपाउने व्यवस्था गर्ने ।

(छ) तोकिएको रकम प्रत्येक साल नबुझाउनेलाई भू वहालको जग्गाबाट हटाउने प्रावधान राख्नु पर्ने ।

(ज) भू वहालमा दिएको जग्गा श्री ५ को सरकारलाई आवश्यक परेमा जुनसुकै बखत लिन सक्ने प्रावधान रहनु पर्ने ।

(झ) श्री ५ को सरकारले भू बहालमा उपलब्ध गराएको व्यक्तिको नाम जग्गाको विवरण सहितको लगत एक प्रति सम्बन्धित गा.वि.स., न.पा. एक प्रति जिल्ला प्रशासन कार्यालयमा राख्ने व्यवस्था हुनु पर्ने ।

(९) स्थानीय प्रशासन ऐनले सार्वजनिक सम्पत्तिको अभिलेख जिल्ला प्रशासन कार्यालयमा राख्नु पर्ने प्रावधान भए पनि सो बमोजिम लगत राख्ने कार्य सम्पन्न नभएको हुंदा प्रत्येक जिल्लामा सरकारी सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख जिल्ला प्रशासन कार्यालयहरुमा राख्ने कार्यलाई प्राथमिकता दिई निश्चित अवधिभित्र सो कार्य सम्पादन गर्नु पर्दछ ।

(१०) सरकारी सार्वजनिक जग्गाको संरक्षण सरकारी निकायबाट मात्र सम्भव नहुने, सार्वजनिक सम्पत्तिको संरक्षणमा जनचासो तथा जन सहभागिताको आवश्यक छ । कुन जग्गा सार्वजनिक सरकारी हो होइन स्थानीय गा.वि.स., न.पा. तथा जनतालाई जानकारी छैन । यो जग्गा सरकारी सार्वजनिक हो भन्ने जनतालाई जानकारी भएमा सो जग्गाको संरक्षण गर्न जनता नै अग्रसर हुन सक्ने हुनाले जनतालाई सुसूचित गरी सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्न प्रत्येक न.पा.,

गा.वि.स. मा रहेका सरकारी सार्वजनिक जग्गाको कित्ता क्षेत्रफल सहितको सरकारी सार्वजनिक छुटिएको लगत न.पा., तथा गा.वि.स.लाई उपलब्ध गराइनु पर्दछ ।

कुन कित्ता जग्गा कहां पर्छ भन्ने जानकारीसमेत आवश्यक पर्ने हुनाले सरकारी सार्वजनिक जग्गाको नक्सा समेत जिल्ला स्थित मालपोत कार्यालय अन्तर्गत नापी शाखाहरुले नि:शुल्क उपलब्ध गराउने र नक्सा उपलब्ध गराउंदा सरकारी सार्वजनिक जग्गा हो भन्ने स्पष्ट हुन सरकारी सार्वजनिक जग्गाको नक्साको कित्तामा छुट्टै रंगले देखाई उपलब्ध गराइनु पर्दछ । यस व्यवस्थाले स्थानीय इकाई तथा सर्वसाधारण जनतामा सरकारी सार्वजनिक जग्गाको जानकारी भई संरक्षण गर्ने कार्यमा जनता स्वयं संलग्न हुने छन् ।

यसरी उपलब्ध गराइएको लगतको जग्गामा गा.वि.स., न.पा. ले श्री ५ को सरकारको स्वीकृत बेगर कसैलाई दिन वा निर्माण गर्न नपाउने प्रतिबन्ध समेत लगाउन आवश्यक छ ।

(११) श्री ५ को सरकारले विभिन्न संघ संस्थालाई जग्गा उपलब्ध गराउंदा सम्बन्धित संस्थाको नाममा दर्ता नगरी तोकिएको अवधि भर उपभोग गर्न पाउने गरी तोकिए बमोजिम भू बहाल असूल गर्ने गरी उपलब्ध गराउने र बिना शुल्क वा भू बहाल जग्गा उपलब्ध नगराउने नीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

७.८ पशुपति गुठी सम्बन्धी कार्यहरु हालसम्म पशुपतिका मूल भट्टबाट हुने गरेको र पशुपति गुठीको जग्गाको बन्दोबस्त, संचालन तथा प्रशासन सम्बन्धी कार्य गर्नु गुठी संस्थान ऐन, २०३३ र पशुपति विकास कोष ऐन, २०४४ समेत गरी दुई ऐनले दुई निकाय तोकेको भए पनि ऐन बनेको धेरै वर्ष बिति सक्दा पनि दुवै निकायबाट सो कार्य हालसम्म नभएको हुंदा पशुपति गुठीको जग्गा सम्बन्धी कार्य समेत पशुपति विकास कोष ऐन बमोजिम गर्न उपयुक्त हुने हुंदा यथाशीघ्र सो बमोजिम गर्ने व्यवस्था हुन श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयमा सुझाव पठाइएको ।

७.९ माननीय शिक्षामन्त्री मार्फत् प्राप्त निवेदन समेतका आधारमा विश्वविद्यालय अनुदान आयोगले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, डीन कार्यालय मार्फत सोझै आ.व. ०५३।५४ को प्रथम चौमासिकको बांकी रकम निकासा पठाएकोमा त्रिभुवन विश्वविद्यालय आफै स्वायत्त संस्था भएको सन्दर्भमा यस्तो प्रकृयालाई कानुन सम्मत र स्वस्थ परम्परा मान्न नसकिने हुंदा भविष्यमा यस्तो स्थिति दोहरिन नदिन सम्बन्धित विश्व विद्यालयसंग समन्वय राखी काम कारवाई गर्न विश्वविद्यालय अनुदान आयोगको ध्यानाकर्षण गराइएको ।

यसै सन्दर्भमा आर्थिक विवरण तथा मास्केवारी नपठाएको कारण देखाई दैनिक कार्य संचालनमा समेत बाधा पुग्ने गरी त्रिभुवन विश्वविद्यालयले कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको विनियोजित बजेटको निकासा रोक्का गरेको कार्यलाई मनासिव ठान्न उपयुक्त नदेखिंदा भविष्यमा यस्तो अवस्था दोहरिन नदिन त्रिभुवन विश्वविद्यालयको ध्यानाकर्षण गरिएको ।

७.१० शाही नेपाल वायुसेवा निगम (इन्जिनीयरिङ्ग तथा तत्सम्बन्धी विभागहरुको) को काम कारवाई सम्बन्धी छानविन आयोग, २०४९ द्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेखित त्रुटिहरु उपरका सुझावहरु लागू नभएको तर्फ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गरिएको ।

७.११ वीरगन्जमा एक्स-रे जस्तो सम्वेदनशील उपकरण लापरवाहीपूर्वक संचालन भइरहेको सम्बन्धमा स्वास्थ्य सेवा विभागले छानविन गराउंदा प्राप्त प्रतिवेदनउपर हालसम्म मन्त्रालय र विभागले कुनै चासो नदेखाएकोले सम्बन्धित मन्त्रालय र विभागलाई सचेत गराई देहाय बमोजिमका कार्य अविलम्ब थालनी गरी सोको जानकारी आयोगमा गराउँदै जान स्वास्थ्य मन्त्रालयलाई लेखिएको :-

(क) एक्स-रे संचालन सम्बन्धी नीति अविलम्ब तयार गर्ने ।

(ख) अधिराज्य भरिका सरकारी तथा निजी क्षेत्रका एक्स-रे मेशीनहरु Ionization Chamber बाट वा अन्य उपयुक्त प्रविधिबाट चेक जांच गराउने र स्तरीय मेशीन मात्र प्रयोगमा ल्याउने । स्तरहीन मेशीनहरु संचालन गर्ने संचालकहरुलाई कारवाई गरी ती संचालकहरुको नामावलीको आयोगलाई जानकारी गराउने ।

(ग) एक्स-रे मेशीन संचालन गर्नको लागि सम्बन्धित उद्योग विभाग र स्वास्थ्य सेवा विभागबाट संयुक्त रुपमा अनुमति दिनु पर्ने र त्यसको सुपरीवेक्षण तथा अनुगमन गर्ने नीति तय गर्ने र दक्ष प्राविधिकहरुले मात्र प्रयोग तथा संचालन गर्ने नीति लागू गर्ने ।

७.१२ यस आयोगमा कार्यरत कर्मचारीलाई आयोगको परामर्श विना नै सरुवा वा पदस्थापना गर्दा अनुसन्धानमा दक्ष कर्मचारीको छनौट हुन नसक्ने हुंदा आयोगसंग परामर्श गरी मात्र गर्न सार्विक नि.से.नि. को नियम ३.१(३) को व्यवस्था यथावत कायम गरी कानूनमा नै व्यवस्था हुनु पर्ने र सो नभएसम्म सोही बमोजिम गर्न सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउन श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयलाई लेखी पठाउने ।

७.१३ सुकुम्बासी समस्या समाधान आयोगबाट भएको काम कारवाईहरुमा व्यापक अनियमितता हुने गरेको र सुकुम्बासी र अव्यवस्थित बसोवासको नाममा जग्गा दर्ता गर्ने कार्यले सरकारी सम्पत्तिको विनास हुनुका साथै सरकारी जग्गा अतिक्रमणमा बृद्धि भइरहेको र सुकुम्बासीका नाममा जग्गा दर्ता गर्ने नीतिले समस्याको ठोस समाधान हुन नसक्ने हुंदा सरकारी तथा सार्वजनिक जग्गा सम्बन्धमा आयोगले पठाएको सुझाव सम्बन्धमा मन्त्रीपरिषद् सचिवालयको ध्यानाकर्षण गराइएको ।

७.१४ कृत्रिम गर्भाधानको लागि प्रयोगमा ल्याइएका सांढेहरु सो प्रयोजनको लागि काम नलाग्ने भई सकेपछि लिलाम गर्दा आर्थिक ऐन नियमको प्रकृया अनुसार गर्ने तथा काम नलाग्ने भई डिस्कार्ड गर्नु पर्ने सिमेन नियमानुसार सिनाहा गर्ने तर्फ समेत सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको ।

७.१५ नगर योजनाको निर्णय कार्यान्वयनमा वडा अध्यक्षहरुबाट हुने गरेको असहयोगको विषयलाई दृष्टिगत गर्दा नगर विकास समितिको निर्णय कार्यान्वयन गराउने सन्दर्भमा वडा अध्यक्षहरुले सहयोग गर्नै पर्ने व्यवस्थाको निमित्त आवश्यक कारवाई गर्न काठमाडौं महानगरपालिकालाई लेखिएको ।

७.१६ गुठी जग्गाको मोहियानी हक खरीद बिक्री हुने गुठी संस्थान ऐनमा व्यवस्था भएकोमा गुठी अधिनस्थ जग्गाको मोहियानी हक घरसारको कागजातबाट नामसारी गर्दा राजस्व चुहावट हुने देखिएकोले गुठी अधिनस्थ जग्गाको मोहियानी हक पारित लिखतको आधारमा मात्र दाखेल खारेज हुनु पर्ने हुंदा सो बमोजिम गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

८. विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण :

८.१ विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय :

क्र.सं.	नाम, थर	पद	कार्यालय
१.	रामकृष्ण तिवारी	तत्कालीन का.मु. सचिव	कृषि मन्त्रालय
२.	मुकुन्द प्रसाद आचार्य	महानिर्देशक	सूचना विभाग
३.	वीरेन्द्र बहादुर देउजा	महानिर्देशक	हवाई विभाग
४.	नगेन्द्र प्रसाद घिमिरे	उप महानिर्देशक	हवाई विभाग
५.	खेम राज रेग्मी	तत्कालीन प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय, मोरङ्ग
६.	रामप्रसाद खतिवडा	तत्कालीन प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय, मोरङ्ग
७.	बालकृष्ण भट्टराई	सदस्य सचिव	उच्च माध्यमिक शिक्षा परिषद्
८.	गङ्गाराज राई	योजना प्रमुख	ग्रामीण आवास कम्पनी, योजना कार्यालय, नवल परासी
९.	यज्ञ प्रसाद गौतम	प्रवन्धक	हवाई विभाग अन्तरगत
१०.	द्वारिका प्रसाद उपाध्याय	प्रमुख	त्रिभुवनविमानस्थल भंसार कार्यालय
११.	ईश्वर प्रसाद पोखरेल	उप सचिव	अर्थ मन्त्रालय
१२.	रामबहादुर गौतम	प्रशासन प्रमुख	उच्च माध्यमिक शिक्षा परिषद्
१३.	सीता पोखरेल	प्रमुख	पूर्वाञ्चल अनाथाश्रम, विराटनगर

१४.	भानु देव जोशी	सहायक प्रवन्धक	नेपाल खानेपानी संस्थान
१५.	कृष्ण मुरारी शर्मा	अधिकृत नवम	गुठी संस्थान
१६.	केदार बहादुर भट्टराई	शाखा अधिकृत	सूचना विभाग
१७.	खगेन्द्र चुडाल	शाखा अधिकृत	वाणिज्य विभाग
१८.	जीवराज कोइराला	शाखा अधिकृत	वाणिज्य विभाग
१९.	टङ्कप्रसाद साख	शाखा अधिकृत	मूल्य अभिवृद्धि कर विभाग
२०.	निर्मला बस्नेत	लेखा अधिकृत	राष्ट्रिय वाणिज्य बैङ्क
२१.	उर्मिला प्रधान	स.ले.अ.	राष्ट्रिय वाणिज्य बैङ्क
२२.	श्रद्धा पन्थी	स.ले.अ.	राष्ट्रिय वाणिज्य बैङ्क
२३.	नन्द किशोर श्रेष्ठ	वरिष्ठ सहायक	राष्ट्रिय वाणिज्य बैङ्क
२४.	महेन्द्र प्रधानाङ्ग	सहायक	राष्ट्रिय वाणिज्य बैङ्क
२५.	मोहन राज महत	सहायक ख.	राष्ट्रिय वाणिज्य बैङ्क
२६.	ऋषिराम शर्मा	वरिष्ठ सहायक	ग्रामीण आवास कम्पनी, योजना कार्यालय, नवल परासी
२७.	कुलराज ज्ञवाली	तत्कालीन ना.सु.	अर्थ मन्त्रालय

८.२ सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय :

क्र.सं.	नाम,थर	पद	कार्यालय
१.	पदम प्रसाद पोखरेल	सचिव	गृह मन्त्रालय
२.	पुरुषोत्तम ढकाल	सह सचिव	गृह मन्त्रालय
३.	पुण्डरी के.सी.	तत्कालीन प्रमुख	गुठी तहसिल कार्यालय
४.	गिरिधारी भट्ट	तत्कालीन प्रमुख	गुठी तहसिल कार्यालय
५.	भुपेन्द्र कुमार गुरुङ्ग	कार्यालय प्रमुख	भृकुटी मण्डप मेला सञ्चालन कार्यालय
६.	(२०४२ कार्तिकदेखि २०४८ चैत्र सम्म कार्यरत सबै)	योजना प्रमुखहरु	ग्रामीण आवास कम्पनी, योजना कार्यालय, नवल परासी

९. उपसंहार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्नु पर्ने संवैधानिक दायित्व भएको हुंदा यस आयोगद्वारा आ. व. २०५३/०५४ को अवधिमा अनुसन्धान तहकिकात गरी सम्पन्न गरेका र अनुसन्धान कार्य चालू रहेका कारवाईहरुको विवरण यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार वा अनुचित कार्य गरी अख्तियारीको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने लगायतको संवैधानिक कर्तव्य पालनाको क्रममा त्यस्तो विषयको जानकारी संकलन नै प्रमुख आधार हुने भए ता पनि सर्वसाधारणबाट प्राप्त हुने जानकारीलाई नै मात्रै प्रमुख सूचना स्रोतको रुपमा ग्रहण गर्नु पर्ने आयोगको बाध्यता पूर्ववत् नै रहेको छ । यस प्रयोजनको निमित्त आवश्यक अन्य वैकल्पिक स्रोतहरुसमेत को परिचालन तथा आधुनिक संयन्त्र एवं उपकरणको स्थापना तथा सूचना प्रवाहमा आधुनिक प्रविधीहरुको प्रयोगको अभावका कारण आयोगले पुरातन कार्यशैलीकै अनुसरण गर्नु परिरहेको छ । तथापि सर्वसाधारणबाट प्राप्त हुने सूचनाहरुको परिमाणात्मक न्यूनताको अतिरिक्त त्यसमा वस्तुनिष्ठ आरोप एवं सान्दर्भिक प्रमाणहरुको स्रोत नखुल्ने कारणले कतिपय उजूरीहरुमा अनुसन्धान नै असाध्य हुने गरेको विगतको अनुभवमा भने आशातीत प्रगतिका स्पष्ट लक्षणहरु देखा पर्न थालेका छन् । विगत वर्षहरुमा मासिक रुपमा उजूरीको औसत दर

करीब ६० थान उजूरी प्रति महिना रहेकोमा यस आर्थिक वर्षको पहिलो तीन महिनामै यस दरमा वृद्धि भई करीब ११० उजूरी प्रति महिनाको औसत दर कायम हुन पुग्यो । यसै अवधिमा नेपाल अधिराज्यको उच्चतम न्यायिक निकाय सर्वोच्च अदालतबाट यस आयोगको क्षेत्राधिकारलाई परिभाषित गर्ने अत्यन्त महत्वपूर्ण निर्णय भएको लगत्तै कार्तिक महिनामा यो क्रम अझ बढेर अधिकतम २२४ सम्म पुग्यो । तत्पश्चात् पनि उजूरीको यो क्रम उत्साहबर्धक नै रह्यो र यस आर्थिक वर्षको औसत उजूरी दर गत वर्षको तुलनामा २.२९ गुणाले बढी अर्थात् १३९.०८ थान उजूरी प्रति महिना कायम भयो । गत आर्थिक वर्षमा कूल ७१८ थान मात्र उजूरी परेको तुलनामा यस आर्थिक वर्षमा यो संख्या बढेर १६४५ पुगेको छ । यसबाट आयोगप्रतिको जनविश्वास तथा जनअपेक्षामा स्पष्ट बृद्धि भएको देखिएको छ । उजूरीको क्रममा भएको यस परिमाणात्मक बढोत्तरीबाट जनचेतनाको स्तरमा अभिबृद्धि भएको तथ्य एकातिर छदैछ भने अर्कोतिर उजूरीको प्रकृति एवं स्तरमा समेत विगतको तुलनामा सार्थक परिवर्तन तथा सुधार देखिनुलाई उत्साहप्रद नै मान्नु पर्छ । तथापि सर्वोच्च अदालतको फैसलापश्चात् यस आयोगप्रति सर्वसाधारणको अपेक्षामा भएको वृद्धिको फलस्वरुप आयोगको क्षेत्राधिकारका बारेमा समुचित जानकारीको अभाव भए ता पनि व्यक्तिगत सम्पत्तिको विवाददेखि लिएर राष्ट्रिय अखण्डता एवं देशको सांध सीमाना जस्ता विषयहरुमा पनि उजूरी परेको देखियो । यस अतिरिक्त सम्बन्धित विभाग, मन्त्रालय आदिले आन्तरिक रुपमा समय समयमा गर्नु पर्ने निरीक्षण, अनुगमन आदि नभएको कारणले मात्र उजूर गर्ने प्रवृत्ति पनि देखा पऱ्यो । विद्यमान ऐन , कानूनले परिभाषित गरेको भ्रष्टाचार वा अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको विषयमा अनुसन्धान, तहकिकात गर्नेसम्मको दायित्व मात्र नेपाल अधिराज्यको संविधान, २०४७ ले यस आयोगलाई सुम्पेको हुंदा उल्लेखित यावत् विषयहरु यस आयोगको क्षेत्राधिकारभित्र पर्ने भएनन् । आयोगको क्षेत्राधिकारभित्रैका विषयहरुमा पनि अनुसन्धान, तहकिकात गर्दा अन्य अपराधको आरोपमा किटानी जाहेरी परेका व्यक्तिहरुलाई जस्तो थुनछेक गरी अदालतसमक्ष प्रस्तुत गर्ने प्रहरीलाई निर्दिष्ट दायित्वको निर्वाह यस आयोगबाट हुने गरेको छैन । भ्रष्टाचार जस्तो सम्वेदनशील आरोपमा व्यक्ति विशेषको चरित्र हत्या हुने यस प्रकारको कार्य गर्नु वाञ्छनीय पनि हुदैन । शारीरिक यातना भन्दा चरित्र हत्याबाट उत्पन्न हुने मानसिक यातनाको प्रभाव दीर्घकालिक हुन्छ भन्ने तथ्यलाई मनन गर्दा आरोपित व्यक्तिउपर भ्रष्टाचार वा अनुचित कार्य गरेको पुष्टि गर्न सकिने ठोस एवं पर्याप्त प्रमाणहरु प्राप्त नभएसम्म पूर्वाग्रहमुक्त हुदै उजुरीका आरोप तथा आरोपित व्यक्तिलाई समदूरीमा राखी अनुसन्धान गर्नु पर्ने हुन्छ । अनुसन्धानको निमित्त व्यक्तिको उपस्थिति भन्दा भ्रष्टाचार वा अनुचित कार्य गरेको प्रमाण बढी महत्वपूर्ण हुन्छ । आयोगमा उपस्थित गराउन नसकिएका व्यक्तिउपर पनि प्रमाणको आधारमा यथोचित दावी लिई सम्बन्धित अदालतसमक्ष मुद्दा दायर यसै आ.व.मा पनि गरिएकै छ । तर उजुरीकर्ताबाट भने उजुरी पर्ने बित्तिकै आरोपित व्यक्तिलाई हिरासतमा लिई अनुसन्धान कारवाई अगाडि बढाउनु पर्ने र निजबाट भएको विवादित निर्णयको कार्यान्वयन नगर्नू भन्ने आदेश समेत जारी गरियोस् भन्ने माग विविध निवेदनहरुमा व्यक्त हुने गरेको छ । यस प्रकार निर्णय कार्यान्वयन नगर्नू वा गर्नू भन्ने आदेश जारी गर्ने अदालतलाई मात्र प्राप्त हुने अधिकार यस आयोगलाई प्राप्त छैन । एक संवैधानिक निकाय तथा प्रहरी वा अदालतको कार्यशैलीमा देखा पर्ने यस प्रकारको स्वाभाविक पृथकता एकातिर छ भने अर्कोतिर सर्वसाधारणमा व्याप्त उच्चाकांक्षाको कारण अपेक्षाकृत रुपमा तत्काल कुनै परिणाम प्राप्त नभएकोले उत्पन्न हुने नैराश्यका कारण आयोग उपर निष्कृय भएको वा नतिजामूलक नभएको भन्ने धारणा यदाकदा व्यक्त हुने गरेको पाइएको छ । यसो भन्दैमा आयोगको सक्रियतालाई तत्काल प्रभावित पार्ने केही व्यवधानहरु अस्तित्वमा नरहेका भने होइनन् । यस विषयमा क्रमिक रुपमा यथा स्थान उल्लेख हुने नै छ । तथापि प्राप्त तथ्यगत सूचनाहरुमा कारबाईको सुनिश्चितताको प्रत्याभूति दिदै वर्तमान सूचना प्रवाहमा आएको सकारात्मक परिवर्तनलाई भने अझ बढी प्रोत्साहित गर्न आयोग सदैव प्रयत्नशील रहने छ ।

भ्रष्टाचार वा अनुचित कार्य सम्बन्धी उजुरीको रुपमा आयोगले लिखित उजुरी निवेदन, टेलिफोन सन्देश तथा विभिन्न पत्र पत्रिकामा प्रकाशित हुने सामाग्री समेतलाई ग्रहण गर्ने गरेको छ । यसै सन्दर्भमा विगतका जिम्मेवारी समेत गरी यस आ.व. मा कूल १५१ वटा पत्रिकाको सामाग्री तथा ११ वटा टेलिफोन सूचनालाई उजुरीको रुपमा दर्ता गरी अनुसन्धान कार्य भएको थियो । त्यसमध्ये कूल ६३ वटा पत्रिका सामाग्री तथा ८ वटा टेलिफोन सन्देशहरुको प्रारम्भिक अनुसन्धानकै क्रममा अरु अनुसन्धान गरिरहन नपर्ने भई लगत कट्टा गरियो भने क्रमशः ५६ र २ वटा उजुरीहरु प्रारमिभक अनुसन्धानको क्रममा बांकी रहेका छन् । प्रारम्भिक अनुसन्धानबाट उजुरीमा केही तथ्य सन्निहित भएको देखिन आएकोले विस्तृत अनुसन्धानको लागि अनुसन्धान अधिकृत तोकिएको मध्ये १९ वटा पत्रिका सामाग्री तथा १ वटा टेलिफोन उजुरीहरु अनुसन्धानकै क्रममा छन् भने अनुसन्धान अधिकृतको प्रतिवेदनबाट १३ वटा पत्रिका सामग्रीको विषयहरु तामेलीमा गएका छन् । कूल पत्रिका सामाग्री मध्ये २ वटा उजुरीमा मुद्दा दायर भएको, १ वटा उजुरीमा विभागीय कारवाईको निमित्त लेखिएको तथा ४ वटा विषयहरुमा श्री ५ को सरकारको ध्यानाकर्षण वा

सुझाव प्रेषित भएको छ ।

प्रस्तुत सातौं वार्षिक प्रतिवेदनले सर्वोच्च अदालतको पूर्व उल्लेखित महत्वपूर्ण निर्णय भएको समयावधिमा सम्पादित कार्य विवरणलाई समेटेको छ । सो निर्णय पूर्वको स्थिति तथा तदुपरान्त भएका परिवर्तनहरुसमेत लाई दृष्टिगत गरी विद्यमान ऐन नियमहरुमा अपरिहार्य देखिएका संशोधन तथा अन्य प्रकृयागत सुधारका उपायहरुको बारेमा समेत सदा झैं यस आयोगले श्री ५को सरकारलाई यस समयावधिमा पनि जानकारी दिइसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार वा अनुचित कार्यको सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने काम, कर्तव्य र अधिकारप्राप्त एक मात्र संवैधानिक निकाय भएकोले वर्तमान स्थितिमा भ्रष्टाचार निवारण ऐन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलाई पृथक रुपमा राखिरहनु आवश्यक नभएको हुंदा यी दुबै ऐनहरुलाई एकीकृत ऐनको रुपमा तर्जुमा गरी लागू गराउने उद्देश्यले आयोगले ऐनको प्रस्तावित मस्यौदा मिति २०५३।१०।२७ मा श्री ५ को सरकारमा प्रस्तुत गरेको थियो । सो मस्यौदा ऐन अद्यापि विधेयकको रुपमा श्री ५ को सरकारले प्रस्तुत गर्न सकेको छैन । सो मस्यौदाको प्रारुप अनुसूची ६ मा समावेश गरिएको छ । यस अतिरिक्त सर्वोच्च अदालतको उल्लेखित निर्णयबाट आयोगको क्षेत्राधिकारमा आएको व्यापकताको कारण बढेको कार्यभारलाई तत्कालको निमित्त विशेष प्रहरी विभाग तथा प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार सौंपने कार्य गरी समायोजन गरिएको भए ता पनि यो विकल्पले दीर्घकालीन रुप लिन नसक्ने हुंदा आयोगको सांगठनिक विस्तारको आवश्यकता महसूस गरी पुनरावेदन अदालतहरु कृयाशील रहेका क्षेत्रहरुमा यस आयोगको प्रादेशिक कार्यालयहरु स्थापना गर्न तथा आयोगको केन्द्रीय संगठनमा समेत सामान्य सुधार गर्न वाञ्छनीय भएकोले यसको प्रस्ताव पनि श्री ५ को सरकारमा आयोगले मिति २०५३।१०।२७ मा प्रस्तुत गरिसकेको छ । प्रस्तावित सांगठनिक विस्तारको नमूना अनुसूची २ मा समावेश गरिएको छ ।

भ्रष्टाचार वा अनुचित कार्यका सम्बन्धमा विस्तृत अनुसन्धान गर्न उप सचिव सरहको कर्मचारीलाई सम्म अनुसन्धान अधिकृत तोक्ने गरेको सन्दर्भमा कूल १८ जना अनुसन्धान अधिकृत हुन सक्ने कर्मचारीको भरमा अधिराज्यभरका भ्रष्टाचार वा अनुचित कार्य सम्बन्धी उजुरीको विस्तृत अनुसन्धान सीमित श्रोत साधनको उपयोगबाट हुन सक्छ भनी सोच्न सकिदैन । एक अनुसन्धान अधिकृतको जिम्मामा हाल सरदर ९.७५ वटा विषयहरु पर्ने गरेको छ । त्यस्तै, अनुसन्धानको क्रममा संकलित नमूनाहरु तथा अन्य सूचनाको विश्लेषण गर्न आजको वैज्ञानिक युगमा आयोगसंग एकवटा सानो विश्लेषण प्रयोगशाला पनि छैन । अरु संस्था वा निकायहरु अन्तरगत रहेका प्रयोगशालाहरु पनि आवश्यक पूर्वाधारको कमीका कारण नतीजामूलक हुन नसकेको हुंदा मुलुकमा विद्यमान प्रयोगशालाहरुको तत्काल क्षमता वृद्धि गर्न पनि आवश्यक भइसकेको छ ।

आयोगको निर्णयले विभागीय कारवाई वा सचेत वा सतर्क गराउन सिफारिश गरिएका व्यक्ति उपर भएको कारवाईको जानकारी प्राप्त हुन नसकेको तथ्य त छदैछ, उल्टै त्यस्ता व्यक्तिलाई श्री ५ को सरकारबाट पुरस्कृत गर्ने गरेको विडम्बनापूर्ण यथार्थ कटु सत्य हो । अनुचित कार्य र भ्रष्टाचार निवारणको लक्ष्य प्राप्तिको निमित्त यस आयोगबाट दिइने गरेको सुझाव तथा ध्यानाकर्षण गरिएका विषयहरुको कार्यान्वयनको बारेमा यस आयोगलाई अद्यापि कुनै जानकारी प्राप्त नभएबाट श्री ५ को सरकार यस उद्देश्य प्राप्तिको दिशामा सक्रीय र गम्भीर हुन नसकेको बोध हुन्छ ।

भ्रष्टाचार भइसकेपछि त्यसको निवारणको लागि उपचारात्मक उपायको अवलम्वन गर्नु भन्दा भ्रष्टाचारको अवसरलाई नै न्यून वा सम्भव भएमा उन्मूलन नै गर्ने प्रतिरोधात्मक उपायको प्रभावकारी परिचालन बढी वाञ्छनीय हुन्छ । यस प्रयोजनको निमित्त श्री ५ को सरकारले आन्तरिक रुपमै नियन्त्रण गर्ने प्रवृत्तिलाई प्रोत्साहित गर्न कतिपय ऐन नियमहरुको तर्जुमा पनि भएको छ । त्यस्ता नियमहरुको कडाईका साथ पालना गर्न गराउन मात्र सके पनि भ्रष्टाचार सम्बन्धी सर्वसाधारणको गुनासोमा उल्लेख्य कमी आउन सक्ने देखिन्छ । सम्वन्धित विभाग वा मन्त्रालयले मातहतका कार्यालयहरुमा नियमित रुपमा जिन्सी निरीक्षण, आन्तरिक लेखा परीक्षण तथा पारदर्शी प्रशासन संयन्त्रको परिचालन मात्र गर्न सके पनि त्यसको सकारात्मक परिणाम तत्काल देखिन सक्छ ।

भ्रष्टाचारका अवसरहरुमा कमी ल्याउने तथा यसप्रति सबैमा सजगता जगाउने सन्दर्भमा आन्तरिक नियन्त्रणको उपाय तथा माध्यमको रुपमा निर्वाचित पदाधिकारी, राजनैतिक नियुक्ति हुने पदमा बहाल हुने पदाधिकारी तथा अन्य कर्मचारी एवं राष्ट्र सेवकहरुले पालना गर्नु पर्ने विविध आचार संहिताको तर्जुमा गरी लागू समेत गर्नु पर्ने समय बित्न लागिसकेको महसूस गरिएको छ ।

त्यस्तै, भ्रष्टाचार पनि व्यापक अर्थमा सार्वजनिक महत्वको नै विषय भएको हुंदा के कस्तो प्रकृया पूरा भएपछि कुन काम कुन कार्यालयबाट सम्पन्न गरिदिनै पर्ने हुन्छ, त्यस्तो काम गर्न के कति समय लाग्न सक्छ तथा सो काम आवश्यक प्रकृया पूरा भइसकेर पनि सम्पन्न गरिदिएन भने कुन निकाय वा पदाधिकारी समक्ष के कसरी शिकायत

गर्नु पर्छ भन्ने जस्ता सन्देशहरु सबै कार्यालयमा राख्ने र यस्ता सन्देशमूलक कार्यक्रमहरु तयार गरी सञ्चार माध्यमहरुद्वारा प्रसारित गरी सर्वसाधारणलाई सुसूचित गर्न पनि आवश्यक देखिन्छ । तर यस्ता उपायहरुको अवलम्बनतर्फ श्री ५ को सरकार उदासीन रहंदा सर्वसाधारणले आफ्नो सानोतिनो काम गराउन पनि अनावश्यक झंझट तथा झमेला झेल्नु परिरहेको छ ।

आयोगले आफ्नो संवैधानिक दायित्व निर्बाह गर्ने क्रममा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धि विषयमा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाईको निमित्त सिफारीश गर्न वा मुद्दा दायर गर्नु पर्ने हुंदा यस निमित्त अपरिहार्य भौतिक तथा अन्य पूर्वाधारहरुको आवश्यकता आयोगलाई सदैव रहेको छ । यसै सन्दर्भमा वस्तुनिष्ठ सूचना संकलनको प्रभावकारी संयन्त्रको स्थापना, त्यसको समुचित विश्लेषणको निमित्त आवश्यक उपकरणहरुको उपलब्धी, विशेषज्ञ सेवाको निर्बाध उपभोगको प्रत्याभूति तथा विद्यमान जनशक्तिको स्तरोन्नतिको लागि तालीम, अध्ययन आदिको अवसर जस्ता विषयहरुलाई प्राथमिकताको क्रममा राखी आयोगको सम्बलको सुदृढीकरण गर्न श्री ५ को सरकारको प्रतिबद्धता तथा सहयोग आयोगको लागि अत्यावश्यक भइसकेको छ । आयोगमा दक्ष जनशक्तिको विकास गरी विशेषज्ञबाट अनुसन्धान गराउनको निमित्त वैदेशिक प्रणालीहरुको अध्ययन तथा विविध विषयहरुमा आवश्यक तालीम हासिल गरी उपयुक्त प्रणालीको खोज तथा पहिचान गरी त्यस्तो प्रणालीको स्थापनासमेत गर्नु पर्ने हुंदा त्यसका लागि अध्ययन तथा तालीमका अवसरहरु यस आयोगलाई उपलब्ध गराउन अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको सहयोग अपरिहार्य भएको छ ।

यस आयोगको कार्य प्रणाली अन्य सरकारी निकायहरुको भन्दा पृथक रहेको तर आयोगको दरबन्दीमा भने सरकारी निकायहरुबाटै सरुवा भई पदपूर्ति हुने हुंदा आयोगमा आफ्नै बेग्लै सेवा समूहीकृत जनशक्ति छैन । आयोगको आफ्नै सेवा समूह गठन गर्नेतर्फ पनि अभ्यासको थालनी गर्ने समय आइसकेको छ । हालको व्यवस्था अनुरुप यस आयोगमा पदस्थापना भई कार्यरत कर्मचारीहरुले आफ्ना व्यक्तिगत सम्बन्धीहरु तथा आफ्नै सेवा समूहका प्रभावशाली एवं उच्च पदस्थ अधिकारी (जो आफ्नै कार्य सम्पादन मूल्यांकन पुनरावलोकन समितिको सदस्य भइरहेको हुन सक्छ) का बिरुद्ध पनि छानवीन गरी कारबाईको सिफारीश गर्नु पर्ने हुंदा यस्तो संवेदनशील तथा जोखिमपूर्ण र यदाकदा तनावपूर्णसमेत हुने वातावरणमा काम गर्नु पर्ने कर्मचारीहरुलाई कुनै निश्चित कार्य सम्पन्न गरे बापत पुरस्कृत गर्न तथा डोरमा खटिंदा निस्पक्षता कायम गर्नको लागि कसैको आतिथ्य ग्रहण नगरी खान बस्न आफ्नै खर्च गर्दा अपर्याप्त हुने भ्रमण भत्ताहरुका सम्बन्धमा पनि आयोगले आफ्नो तजवीजमा निर्णय गरी खर्च गर्न सक्ने विशेष कोषको व्यवस्था गर्नेतर्फ आवश्यक पहल गर्न पनि आवश्यक भएको देखिन्छ ।

वर्तमान सन्दर्भमा भ्रष्टाचारले विश्वव्यापी समस्याको स्वरुप ग्रहण गरिसकेको हुंदा यस बिरुद्ध प्रभावकारी रणनीतिको तर्जुमाको निमित्त विश्वव्यापी नै सक्रियता तथा सहयोगको आवश्यकता रहेको तथ्य स्पष्ट छ । यसै परिप्रेक्ष्यमा अन्तरराष्ट्रिय स्तरको साझा मञ्चको रुपमा समय समयमा आयोजना हुने विभिन्न सम्मेलनहरुमा नेपालको सहभागितालाई निरन्तरता दिने क्रममा २० देखि २४ अक्टोबर, १९९६ को अवधिमा अर्जेन्टिनाको राजधानी ब्यूनस आयर्समा आयोजित " भ्रष्टाचार निवारक संस्था तथा नागरिक अधिकारको सुदृढीकरण : एक्काइसौं शताब्दीको चुनौती " मूल विषय रहेको अन्तरराष्ट्रिय भ्रष्टाचार निवारण अध्ययन संस्थान (International Ombudsman Institute) को छैटौं अन्तरराष्ट्रिय सम्मेलनमा यस आयोगको उच्चतम तहबाट प्रतिनिधित्व भएको थियो । यसै क्रममा संयुक्त अधिराज्यको Parliamentary Commission को गतिविधीहरुको अध्ययन तथा दक्षिण कोरियाको भ्रष्टाचार विरोधी अभियान सम्बन्धी अध्ययन पनि सो प्रतिनिधि मण्डलले गरेको थियो ।

त्यसै गरी अन्तरराष्ट्रिय अनुभवको अध्ययन तथा उपयोग गर्ने उद्देश्यले गत जेष्ठ ३१ गते यस आयोग तथा संयुक्त राज्य अमेरिकी सूचना नियोगको संयुक्त आयोजनामा राजधानीमा एक कार्यशाला गोष्ठीको संचालन भएको थियो । अख्तियारीको दुरुपयोग सम्बन्धी विषयको अनुसन्धान तहकिकात कार्यमा संलग्न विभिन्न सरकारी निकायहरुमा कार्यरत ३२ जना पदाधिकारीहरुको सो गोष्ठीमा सहभागिता रहेको थियो । " सरकारी निकायहरुमा उत्तरदायित्वको प्रत्याभूति तथा नियन्त्रणमा अमेरिकी अनुभव " विषयको सो गोष्ठीमा आफ्ना अनुभवहरुको बारेमा प्रकाश पार्न सम्बन्धित क्षेत्रका विशिष्ट अमेरिकी विशेषज्ञ रोनाल्ड गोल्डस्टकलाई विशेष रुपमा आमन्त्रण गरिएको थियो । यस अतिरिक्त संयुक्त राज्य अमेरिकी सूचना नियोगकै आयोजनामा American studies lecture series अन्तरगत आयोजित अन्तरक्रिया कार्यक्रम तथा Transparancy International, Nepal ले आयोजना गरेको " नेपालमा भ्रष्टाचार " विषयको एक दिने सेमिनारलाई समेत यस आयोगका प्रमुख आयुक्तज्यूबाट प्रमुख वक्ताको रुपमा संबोधन भएको थियो । यसका साथै वैभव परामर्श सेवा, नेपाल ल सोसाइटी तथा अन्य संस्थाहरुद्वारा आयोजित विभिन्न कार्यक्रमहरुमा पनि यस आयोगका प्रमुख आयुक्तज्यूबाट संबोधन भएको थियो । यी कार्यक्रमहरुमा मुख्यत: सामाजिक

संस्थाहरुविच समन्वय कायम गरी भ्रष्टाचार विरुद्धको कारबाहीमा एकीकृत प्रणाली (Integrity Network) को विकास गर्ने एवं राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुलाई परिचालन गर्ने सम्बन्धमा प्रवचनहरु दिइएका थिए । देश विदेशका प्रवुद्ध एवं सचेत नागरिकहरुको उपस्थितिमा हुने गरेका यस्ता अन्तरक्रिया कार्यक्रमहरुमा यस आयोगको सहभागितालाई निरन्तरता दिन पनि आवश्यक भएको देखिन्छ ।राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका यस्ता कार्यक्रमहरुबाट परस्परमा अनुभवको आदान प्रदान तथा सम्बन्धित विषयमा गहन चिन्तन एवम् अध्ययन समेत हुने हुंदा भ्रष्टाचार नियन्त्रणमा यी कार्यक्रमहरु नि:सन्देह सहायक सिद्ध हुने विश्वास लिन सकिन्छ ।

अन्त्यमा, संवैधानिक कर्तव्य निर्वाहको क्रममा अख्तियारको दुरुपयोग हुन नदिई मुलुकमा स्वच्छ प्रशासनिक एवं अन्य संयन्त्र स्थापनाबाट सार्वजनिक जीवन सरल एवं सहज बनाउने राष्ट्रिय दायित्वको कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदा प्रयत्नशील रही भविष्यमा अझ बढी सक्षम हुनेछ भन्ने दृढ आशा एवं विश्वास प्रकट गर्न चाहन्छ ।

अनुसूचीहरू


श्री ५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
मन्त्री परिषद
संसद
प्रमुख आयुक्त
मन्त्री परिषद सचिवालय
आयुक्तहरु
सचिव
मन्त्रालयहरु
विभागहरु
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
प्रशासन शाखा
राजस्व अनुसन्धान विभाग
विशेष प्रहरी विभाग
प्रमुख जिल्ला अधिकारीहरु
पुनरावेदन सरकारी वकील
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सम्पर्क प्रकया
सचना सम्पर्क प्रकया
कार्य सम्पर्क प्रकया

अनुसूची– १(ख)

दरबन्दी तेरीज

दरवन्दी तेरिज		केन्द्रको लागि दरबन्दी		प्रादेशीक कार्यालयको लागि
क्र.सं.	तह । श्रेणी	जम्मा स्वीकृत पद संख्या	थप माग भएको	
१.	विशिष्ट	१	१	
२.	सह सचिव (प्र.१, ले.१, प्रा.१, न्या.१)	४	१	१५
३.	उप सचिव (प्र.४, ले.२, प्रा.१, न्या.४)	११	२	१५
४.	शा.अ. (प्र.६, न्या.४, प्रा.२, ले.१)	१३	५	४५
५.	ना.सु. (प्र.१३, ले.१, न्या.२, प्रा.१)	१७	६	६०
६.	सहलेखापाल	१		१५
७.	टेलिफोन अप्रेटर, रा.प.अनं.ब्वि.	१		
८.	टाईपिष्ट	४		१५
९.	हलुका सवारी चालक	२		१५
१०.	तागेल्दार, रा.प.अनं.च.	१		
११.	पियन पाले	११	३	६०
१२.	माली	२		
१३.	मेहत्तर	२		
	- जम्मा :	७०	१८	२४०
	प्रहरी तर्फ :	२०		
	विभिन्न काज समूह :	४		
	कूल जम्मा :	९४+ १८+ २४०= ३५२		

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठन तालिका

आयोग

सचिव पुरुषोत्तम भट्टराई

कानून महाशाखा	
सह सचिव	दिवाकर पन्त
सह सचिव	लीला बहादुर बस्नेत (काज)
उप सचिव	केवार पौडेल
उप सचिव	वासुदेव उप्रेती
शा.अ.	राधाकृष्ण चापागाई (काज)
ना.सु.	इन्दिरेश दाहाल
ना.सु.	तलिसी भक्त श्रेष्ठ

प्रशासन महाशाखा	
सह सचिव	नरेन्द्र कुमार श्रेष्ठ (काज(
उप सचिव	मधुसूदन भट्टराई
का.मु.उ.स.	धर्म प्रसाद गौतम
शा.अ.	हरिश्चन्द्र घिमिरे
शा.अ.	उद्धव भट्टराई
ना.सु.	भक्त प्रसाद जंगम
ना.सु.	पुष्कल कुमार थापा

लेखा महाशाखा	
का.मु.सहसचिव	सोम नारायण प्रधान
उप सचिव	महेन्द्र राज पाण्डे
उप सचिव	प्रकाश राज पाण्डे
शा.अ.	तुलसी प्रसाद खरेल
ना.सु.	शिवराज खरेल
ना.सु.	ऋषिराम भट्टराई

प्राविधिक महाशाखा	
सह सचिव	शान्ति मल्ल
उप सचिव	ढकल ध्वज थापा
सि.डि.ई.	ओम्धरानन्द राजोपाध्याय
शा.अ.	मैयां नेउपाने
इञ्जिनीयर	गोविन्द बहादुर श्रेष्ठ
ना.सु.	सच्युत राज उप्रेती
ओ.सी.	जीत बहादुर सापकोटा

जन सम्पर्क महाशाखा	
का.बा.प्र.ब.उ.	ज्ञान कुमार श्रेष्ठ
प्र.ना.उ.	राम कुमार क्षेत्री
ना.उ.	सत्य नारायण सुवेदी
शा.अ.	नव राज बाहाल (काज)
प्र.नि.	टिपेन्द्र राज कुंवर
प्र.नि.	सन्तोष कुमार चुंडाल
निरीक्षक	प्रकाश बहादुर खड्का
निरीक्षक	किवाङ् हाङ् राई
निरीक्षक	मधुसूदन प्रसाद अधिकारी
निरीक्षक	राजेन्द्र बहादुर जि.सी.
प्र.ना.नि.	बाबुराम बुढाथोकी
प्र.ना.नि.	माधव खत्री
प्र.ना.नि.	मोहन सिटौला
प्र.स.नि.	सुन्दर बहादुर थापा
प्र.ह.	विल्सी चन्द्र गुरुङ
प्र.ज.	डम्बर बहादुर के.सी.
प्र.ज.	प्रभु कार्की
प्र.ज.	दीपक कार्की
प्र.ज.	घनश्याम मकवानी

अनुसन्धान महाशाखा नं. ६	
सह सचिव	पुष्पराज कोइराला (काज)
का.मु.उ.स.	कुमार बहादुर अड्का
शा.अ.	राजन बहादुर घिमिरे
ना.सु.	भगवान लाल श्रेष्ठ

आन्तरिक तथा आर्थिक प्रशासन शाखा			
का.मु.उ.स.	माधव प्रसाद न्यौपाने	ह.स.चा.	ईश्वर दास श्रेष्ट
ले.अ.	जनक के.सी.	ह.स.चा.	शरण लामा
ना.सु.	लक्ष्मण प्रसाद बन	पियन	राम बहादुर बनुवार
ना.सु.	मुकुन्द प्रसाद ढकाल	पियन	सोम बहादुर तामांग
ना.सु.	हरि प्रसाद आचार्य	पियन	देउ बहादुर क्षेत्री
ना.सु.	राजेन्द्र राउत	पियन	अर्जुन राज पाण्डे
ना.सु.	अनन्त प्रसाद आचार्य	पियन	सम्शेर बहादुर तामांग
ना.सु.	ध्रुव बहादुर खड्का	पियन	छवि लाल ओलिया
ना.सु.	अशोक कुमार थापा	पियन	वीर कहादुर लामा
लेखापाल	मधुसूदन पराजुली	पियन	अर्जुन घिमिरे
टा.ना.सु.	राम गोपाल श्रेष्ठ	पियन	डम्बर बहादुर गिरी
टा.ना.सु.	राम बहादुर पुरी	पाले	लक्ष्मण प्रसाद शर्मा
टा.ना.सु.	नवीन मैयां श्रेष्ठ	पाले	विष्णु वाइबा
टा.ना.सु.	राम गोविन्द ध्वोंजु	माली	राम महर्जन
स.ले.पा.	कुल प्रसाद बाहाल	माली	रामकृष्ण महर्जन
टे.अ.	शान्ता खनाल	मेहतर	तीर्थ बहादुर हरिजन
तामेलबार	लोक नाथ उपाध्याय	मेहतर	छोरी पोडिनी

दरबन्दी तेरीज		
क्र.सं.	तह । श्रेणी	जम्मा स्वीकृत पद संख्या
१	विशिष्ट	१
२	सह सचिव (प्र.१, ले.१, प्रा.१, न्या.१)	४
३	उप सचिव (प्र.४, ले.२, प्रा.१, न्या.४)	११
४	शाखा अधिकृत(प्र.६, न्या.४, प्रा.२, ले.१)	१३
५	नायब सुब्बा (प्र.१३, ले.१, न्या.२, प्रा.१)	१७
६	सह लेखापाल	१
७	टेलिफोन अपरेटर, रा.प.अनं.द्वि.	१
८	टाइपिष्ट	४
९	हतुका सवारी चालक	२
१०	तामेलबार, रा.प.अनं.तृ.	१
११	पियन, पाले	११
१२	माली	२
१३	मेहतर	२
	जम्माः	७०
	प्रहरी तर्फः	२०
	विभिन्न काज समूहः	४
	कूल जम्माः	९४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

प्रस्तावित संगठन तालिका



अनुसुची ३

आ.व. २०५३ ।०५४ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बांकी			कैफियत
	निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारण : ५५,५०,०००।– अर्थ बजेट : १५,४२,७८९।५३ जम्मा : ७०,९२,७८९।५३	६७,२२,८२५।२०	६७,२२,७०२।५०	१२२।७०	३,६९,९६४।३३	३,७०,०८७।०३	प्रभावकारी मितव्ययिता अपनाई वचत हुन गएको ।

आ.व. २०५३ । ०५४को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तुर बापत जम्मा रु. २१,७२२।– राजस्व आम्दानी भएको छ ।

आ.व. २०५३।०५४ को धरौटीतर्फ

गत आ.व. २०५२।०५३ को धरौटी बांकी रु. १३,५०,५१७।७३ र आ.व. २०५३।०५४ मा अनुसन्धानको सिलसिलामा विभिन्न मितिमा रु. ७२,९५०।– धरौटी प्राप्त भई सो मध्येबाट विभिन्न मितिमा रु. १,०५,४७१।४८ सम्बन्धित व्यक्तिलाई तथा विभिन्न कार्यालयमा फिर्ता पठाई कुल रु. १३,१७,९९६।२५ धरौटी बांकी रहेको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची –४

आ.व. २०५३ । ०५४ को निवेदन लगत, फछ्यौंट तथा बांकी विवरण

क्र.सं	सम्बन्धित मन्त्रालय	विगत वर्षहरुको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजूरी संख्या		जम्मा उजूरी मध्ये						आयोगमा फछ्यौंट		बांकी आयोगमा		आयोगबाट फछ्यौंटमध्ये		
								आयोगमा		वि.प्र.वि.मा		जि.प्र.का.हरुमा						आयोगबाटै तामेलीमा रहेको	अदालतमा मुद्दा दायर भएको	सम्बन्धित निकायमा पठाएको
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			
१	अर्थ मन्त्रालय	४८		११८	१०	१६६	१०	१३०	९	२१		१५	१	६१	२	६९	७	४५	३	१५
२	आपूर्ति मन्त्रालय	२१		४३		६४		५५		२		७		४		५४			२	२
३	आवास तथा भौतिक योजना मन्त्रालय	२०	१	८०		१००	१	७३	१	६		२१		४२	१	३१		३६		७
४	उद्योग मन्त्रालय	१६		७४	१४	९०	१४	८१	१४	५		४		३३	८	४८	६	४०		१
५	कानून तथा न्याय मन्त्रालय	१		१६	७	१७	७	१३	६	२		२	१	११	५	२	१	१०		६
६	कृषि मन्त्रालय	३२		८८	७	१२०	७	१००	५	६		१४	२	३३	४	६४	१	३२	१	४
७	गृह मन्त्रालय	२५		१६०		१८५		१६१		४		२०		८१		८०		३३	१	४७
८	जनसंख्या तथा वातावरण मन्त्रालय																			
९	जलस्रोत मन्त्रालय	१२		६०		७२		५०		१		२१		२२		२८		१८		४
१०	निर्माण तथा यातायात मन्त्रालय	६		६४	२	७०	२	५७	२	३		१०		३१	२	२६		२६		७
११	पर्यटन' तथा नागरिक उड्डयन मन्त्रालय	१३	१	६९	४	८२	५	७९	५	३				४३	५	३६		४८		
१२	परराष्ट्र मन्त्रालय			१	१	१	१	१	१					१			१	१		
१३	वन तथा भू-संरक्षण मन्त्रालय	१७		६१	३	७८	३	५५	३	५		१८		४०	२	१५	१	४०		२
१४	वाणिज्य मन्त्रालय	३	१	७	५	१०	६	९	६	१				७	५	२	१	११		१

१५	विज्ञान तथा प्रविधि मन्त्रालय				१		१		१								१		
१६	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३६		१७४		२१०		१४६		१२		५२		७१		७५		२४	४	४३
१७	मन्त्री परिषद् सचिवालय			९	१	९	१	८	१			१		४	१	४		५		
१८	महिला तथा समाज कल्याण मन्त्रालय		१	१७		१७	१	१३	१			४		५	१	८		४		२
१९	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय			१	५	१	५		३			१	२				३			
२०	रक्षा मन्त्रालय			६	३	६	३	५	३	१				४	३	१				७
२१	शिक्षा मन्त्रालय	१२	२०	२८	१०८	४०	१२८	२२	७३	४	९	१४	४६	१८	५०	४	२३	६२		६
२२	श्रम मन्त्रालय			१५		१५		१४				१		२		१२		१		१
२३	संसदीय व्यवस्था मन्त्रालय			५	१	५	१	५	१					२		३	१	२		
२४	सामान्य प्रशासन मन्त्रालय	१		८		९		९						३		६		२		१
२५	सूचना तथा संचार मन्त्रालय	२७	१	४२	१०	६९	११	५५	११	५		९		२५	७	३०	४	३०		२
२६	स्थानीय विकास मन्त्रालय	३१		२३४		२६५		१३९		१६		११०		७४		६५		७०		४
२७	स्वास्थ्य मन्त्रालय	१३	१५	४२	४१	५५	५६	४०	३५	३	१	१२	२०	१२	२५	२८	१०	३३		४
		३३४	४०	१४२२	२२३	१७५६	२६३	१३२०	१८१	१००	१०	३३६	७२	६२९	१२१	६९१	६०	५७३	११	१६६
		३७४		१६४५		२०१९		१५०१		११०		४०८		७५०		७५१		७५०		

आयोगको अधिकार प्रत्यायोजनको विवरण

क) नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्राप्त अधिकारहरुको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी, सार्वजनिक पद धारण गरेका व्यक्ति मध्ये देहायका सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा आयोगलाई प्राप्त मुद्दा चलाउने अधिकार आयोगले तोकेको शर्तको अधिनमा रही काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्र प्रयोग गर्न पाउने गरी विशेष प्रहरी विभागका मुख्य अधिकृतलाइ अर्को व्यवस्था नभएसम्मका लागि नेपाल अधिराज्यको संविधानको धारा ९८ को उपधारा (५) बमोजिम सुम्पिएको छ ।

१) जिल्ला स्थित कार्यालयमा कार्यरत श्री ५ को सरकारको कुनै सेवामा राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा तल्लो दर्जामा बहाल रहेका कर्मचारीहरु ।
२) जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु वाहेक जिल्ला स्थित स्थानीय निकायका पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरु तथा सो निकायको कुनै लाभको पद धारण गर्ने व्यक्तिहरु ।
३) जिल्ला स्थित शैक्षिक संस्थाहरुमा कार्यरत विश्वविद्यालयको रिडर वा सो सरहको पदभन्दा तल्लो पदमा बहाल रहेका पदाधिकारीहरु, शिक्षकहरु र कर्मचारीहरु ।
४) जिल्ला स्थित रहेको बैंक, संस्थान वा निगममा बहाल रहेको १० सौं तहभन्दा तल्लो तहमा कार्यरत पदाधिकारीहरु र कर्मचारीहरु ।
५) जिल्ला स्थित प्रचलित कानून बमोजिम संगठित उपरोक्त निकाय वाहेक अन्य निकाय, कार्यालय वा संस्थाका पदाधिकारीहरु, सदस्यहरु र कर्मचारीहरु ।
६) उपरोक्त उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियार दुरुपयोगको अपराधमा संलग्न अन्य व्यक्तिहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुम्पिएको अधिकार प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरु :–

अनुचित कार्यका सम्बन्धमा :–

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को सबै व्यवस्थाहरु पालन गर्नु पर्नेछ ।
२. अनुचित कार्य सम्बन्धी मुद्दाको छुट्टै दायरी लगत राख्नु पर्नेछ ।
३. उजूरी परेपछि प्रारम्भिक छानविन तुरुन्त प्रारम्भ गरी उजूरी दर्ता भएको मितिले सामान्यतया ६ महिना भित्र कारवाई समाप्त गर्नु पर्नेछ ।
४. अनुसन्धान अधिकृत नियुक्त गरी कारवाई भएको भ्रष्टाचार सम्बन्धी मुद्दामा श्री ५ को सरकारका राजपत्रांकित कर्मचारीलाई सो अभियोगमा सफाई दिनु पर्ने देखिएमा सोही राय खोली अनुसन्धान अधिकृतको प्रतिवेदन, आफ्नो राय र फाइल समेत राखी आयोगमा निर्णयका लागि पठाउनु पर्नेछ । अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिका हकमा त्यहींबाटै ऐन बमोजिमको निर्णय गरी कारवाई गर्नु पर्नेछ । यस्तो निर्णय गर्दा जिल्ला सरकारी वकिलसंग आवश्यक परामर्श लिनु पर्नेछ ।
५. अनुचित कार्यको सिलसिलामा कारवाई गर्दै जांदा भ्रष्टाचार गरेको देखिएमा अनुचित कार्यको लगत कट्टा गरी भ्रष्टाचारको लगतमा चढाई कारवाई गर्नु पर्नेछ ।
६. अनुचितमा कारवाई गर्दै जांदा आफ्नो अधिकार क्षेत्र भित्र नपर्ने व्यक्ति पनि संलग्न भएको देखिएमा सोही व्यहोरा प्रष्ट खोली आयोगमा मिसिल पठाउनु पर्नेछ ।
७. सम्पूर्ण काम कारवाई देखिने गरी मासिक प्रतिवेदन पठाउनु पर्नेछ ।

भ्रष्टाचारका सम्बन्धमा :–

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र नियमावलीको सबै व्यवस्था पालन गर्नु पर्नेछ ।
२. भ्रष्टाचार सम्बन्धी उजूरी कारवाईको छुट्टै दायरी लगत राख्नु पर्नेछ ।
३. उजूरी दर्ता गरेपछि सम्बन्धित अधिकृतले बढीमा १ महिना भित्र सकेसम्म छिटो प्रारम्भिक छानविन गोप्य रुपमा गरिसक्नु पर्नेछ । प्रारंभिक छानविनबाट भ्रष्टाचारको अपराध देखिन आएकोमा ३ महिना भित्र अनुसन्धान तहकिकात गरिसक्नु पर्नेछ । अनुसन्धानको समय ३ महिनाभन्दा बढी लाग्ने भएमा कारवाई र औचित्य खोली अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सूचना दिनु पर्नेछ ।
४. भ्रष्टाचारमा मुद्दा चलाउनु पर्ने देखिएमा सो राय लेखी अनुसन्धान अधिकृतको प्रतिवेदन र आफ्नो राय सहितको फाइल सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ता समक्ष पठाउनु पर्नेछ । सोको जानकारी आयोगमा यथाशीघ्र दिनु पर्नेछ ।
५. सरकारी अधिवक्ताले प्रमाण बुझ्ने सन्दर्भमा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।
६. अनुसन्धान अधिकृत नियुक्त गरी कारवाई भएको भ्रष्टाचार सम्बन्धी मुद्दामा श्री ५ को सरकारका राजपत्रांकित कर्मचारीलाई सो अभियोगमा सफाई दिनु पर्ने देखिएमा सोही राय खोली अनुसन्धान अधिकृतको प्रतिवेदन, आफ्नो राय र फाइल समेत राखी आयोगमा निर्णयका लागि पठाउनु पर्नेछ ।
७. आफ्नो क्षेत्राधिकार बाहिरको उजूरी पर्न आएमा आयोगमा पठाउनु पर्नेछ ।
८. हालसम्म दायर रहेका सबै मुद्दाहरु यथावत् कारवाई गर्नु पर्नेछ ।
९. कुनै उजुरी सार्वजनिक महत्वको वा सार्वजनिक विषय भएकोले त्यसको अनुसन्धान आयोगबाट हुन उपयुक्त हुन्छ भन्ने देखिन आएमा वा कुनै मुद्दा विशेषमा कुनै खास क्षेत्रको प्रभावशाली व्यक्तिहरुबाट अनुचित प्रभाव पर्ने अवस्था पर्न आएमा सम्बन्धित मुख्य विशेष प्रहरी अधिकृतले अनुसन्धानको लागि आयोग समक्ष पठाउन सक्नेछ ।
१०. सम्पूर्ण काम कारवाई देखिने गरी मासिक प्रतिवेदन पठाउनु पर्नेछ ।

ख) नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्राप्त अधिकारहरुको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी, सार्वजनिक पद धारण गरेका व्यक्ति मध्ये देहायका सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा आयोगलाई प्राप्त मुद्दा चलाउने अधिकार आयोगले तोकेको शर्तको अधिनमा रही आफ्नो आफ्नो क्षेत्र भित्र प्रयोग गर्न पाउने गरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वाहेक सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अर्को व्यवस्था नभएसम्मका लागि नेपाल अधिराज्यको संविधानको धारा ९८ को उपधारा (५) बमोजिम सुम्पिएको छ ।

१) जिल्ला स्थित कार्यालयमा कार्यरत श्री ५ को सरकारको कुनै सेवामा राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा तल्लो दर्जामा बहाल रहेका कर्मचारीहरु ।
२) जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु वाहेक जिल्ला स्थित स्थानीय निकायका पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरु तथा सो निकायको कुनै लाभको पद धारण गर्ने व्यक्तिहरु ।
३) जिल्ला स्थित शैक्षिक संस्थाहरुमा कार्यरत विश्वविद्यालयको रिडर वा सो सरहको पदभन्दा तल्लो पदमा बहाल रहेका पदाधिकारीहरु, शिक्षकहरु र कर्मचारीहरु ।
४) जिल्ला स्थित रहेको बैंक, संस्थान वा निगममा बहाल रहेको १० सौं तहभन्दा तल्लो तहमा कार्यरत पदाधिकारीहरु र कर्मचारीहरु ।
५) जिल्ला स्थित प्रचलित कानून बमोजिम संगठित उपरोक्त निकाय वाहेक अन्य निकाय, कार्यालय वा संस्थाका पदाधिकारीहरु, सदस्यहरु र कर्मचारीहरु ।
६) उपरोक्त उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियार दुरुपयोगको अपराधमा संलग्न अन्य व्यक्तिहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुम्पिएको अधिकार प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरु :–

अनुचित कार्यका सम्बन्धमा :–

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को सबै व्यवस्थाहरु पालन गर्नु पर्नेछ ।
२. अनुचित कार्य सम्बन्धी मुद्दाको छुट्टै दायरी लगत राख्नु पर्नेछ ।
३. उजूरी परेपछि प्रारम्भिक छानविन तुरुन्त प्रारम्भ गरी उजूरी दर्ता भएको मितिले सामान्यतया ६ महिना भित्र कारवाई समाप्त गर्नु पर्नेछ ।
४. अनुसन्धान अधिकृत नियुक्त गरी कारवाई भएको भ्रष्टाचार सम्बन्धी मुद्दामा श्री ५ कोसरकारका राजपत्रांकित कर्मचारीलाईसो अभियोगमा सफाई दिनु पर्ने देखिएमा सोही राय खोली अनुसन्धान अधिकृतको प्रतिवेदन, आफ्नो राय र फाइल समेत राखी आयोगमा निर्णयका लागि पठाउनु पर्नेछ । अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिका हकमा त्यहींबाटै ऐन बमोजिमको निर्णय गरी कारवाई गर्नु पर्नेछ । यस्तो निर्णय गर्दा जिल्ला सरकारी वकिलसंग आवश्यक परामर्श लिनु पर्नेछ ।
५. अनुचित कार्यको सिलसिलामा कारवाई गर्दै जांदा भ्रष्टाचार गरेको देखिएमा अनुचित कार्यको लगत कट्टा गरी भ्रष्टाचारको लगतमा चढाई कारवाई गर्नु पर्नेछ ।
६. अनुचितमा कारवाई गर्दै जांदा आफ्नो अधिकार क्षेत्र भित्र नपर्ने व्यक्ति पनि संलग्न भएको देखिएमा सोही व्यहोरा प्रष्ट खोली आयोगमा मिसिल पठाउनु पर्नेछ
७. सम्पूर्ण काम कारवाई देखिने गरी मासिक प्रतिवेदन पठाउनु पर्नेछ ।

भ्रष्टाचारका सम्बन्धमा :–

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र नियमावलीको सबै व्यवस्था पालनु गर्नु पर्नेछ ।
२. भ्रष्टाचार सम्बन्धी उजूरी कारवाईको छुट्टै दायरी लगत राख्नु पर्नेछ ।
३. उजूरी दर्ता गरेपछि सम्बन्धित अधिकृतले बढीमा १ महिना भित्र सकेसम्म छिटो प्रारम्भिक छानविन गोप्य रुपमा गरिसक्नु पर्नेछ । प्रारंभिक छानविनबाट भ्रष्टाचारको अपराध देखिन आएकोमा ३ महिना भित्र अनुसन्धान तहकिकात गरिसक्नु पर्नेछ । अनुसन्धानको समय ३ महिनाभन्दा बढी लाग्ने भएमा कारवाई र औचित्य खोली अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सूचना दिनु पर्नेछ ।
४. भ्रष्टाचारमा मुद्दा चलाउनु पर्ने देखिएमा सो राय लेखी अनुसन्धान अधिकृतकोप्रतिवेदन र आफ्नो राय सहितकोफाइल सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ता समक्ष पठाउनु पर्नेछ । सोको जानकारी आयोगमा यथाशीघ्र दिनु पर्नेछ ।
५. सरकारी अधिवक्ताले प्रमाण बुझ्ने सन्दर्भमा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।
६. अनुसन्धान अधिकृत नियुक्त गरी कारवाई भएको भ्रष्टाचार सम्बन्धी मुद्दामा श्री ५ कोसरकारका राजपत्रांकित कर्मचारीलाईसो अभियोगमा सफाई दिनु पर्ने देखिएमा सोही राय खोली अनुसन्धान अधिकृतको प्रतिवेदन, आफ्नो राय र फाइल समेत राखी आयोगमा निर्णयका लागि पठाउनु पर्नेछ
७. आफ्नो क्षेत्राधिकार बाहिरको उजूरी पर्न आएमा आयोगमा पठाउनु पर्नेछ ।
८. हालसम्म दायर रहेका सबै मुद्दाहरु यथावत् कारवाई गर्ने ।
९. कुनै उजुरी सार्वजनिक महत्वको वा सार्वजनिक विषय भएकोले त्यसको अनुसन्धान आयोगबाट हुन उपयुक्त हुन्छ भन्ने देखिन आएमा वा कुनै मुद्दा विशेषमा कुनै खास क्षेत्रकोप्रभावशाली व्यक्तिहरुबाट अनुचित प्रभाव पर्ने अवस्था पर्न आएमा सम्बन्धित मुख्य विशेष प्रहरी अधिकृतले अनुसन्धानको लागि आयोग समक्ष पठाउन सक्नेछ ।
१०. सम्पूर्ण काम कारवाई देखिने गरी मासिक प्रतिवेदन पठाउनु पर्नेछ ।

ग) नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्राप्त अधिकारहरुको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी, सार्वजनिक पद धारण गरेका व्यक्ति मध्ये देहायका सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा आयोगलाई प्राप्त मुद्दा चलाउने अधिकार आयोगले तोकेको शर्तको अधिनमा रही आफ्नो आफ्नो क्षेत्र भित्र प्रयोग गर्न पाउने गरी सबै पुनरावेदन सरकारी अधिवक्ताहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि नेपाल अधिराज्यको संविधानको धारा ९८ को उपधारा (५) बमोजिम सुम्पिएको छ ।

१) जिल्ला स्थित कार्यालयमा कार्यरत श्री ५ को सरकारको कुनै सेवामा राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा तल्लो दर्जामा बहाल रहेका कर्मचारीहरु ।
२) जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु वाहेक जिल्ला स्थित स्थानीय निकायका पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरु तथा सो निकायको कुनै लाभको पद धारण गर्ने व्यक्तिहरु ।
३) जिल्ला स्थित शैक्षिक संस्थाहरुमा कार्यरत विश्वविद्यालयको रिडर वा सो सरहको पदभन्दा तल्लो पदमा बहाल रहेका पदाधिकारीहरु, शिक्षकहरु र कर्मचारीहरु ।
४) जिल्ला स्थित रहेको बैंक, संस्थान वा निगममा बहाल रहेको १० सौं तहभन्दा तल्लो तहमा कार्यरत पदाधिकारीहरु र कर्मचारीहरु ।
५) जिल्ला स्थित प्रचलित कानून बमोजिम संगठित उपरोक्त निकाय वाहेक अन्य निकाय, कार्यालय वा संस्थाका पदाधिकारीहरु, सदस्यहरु र कर्मचारीहरु ।
६) उपरोक्त उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियार दुरुपयोगको अपराधमा संलग्न अन्य व्यक्तिहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुम्पिएको अधिकार प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरु :–

१. सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा प्र.जि.अ. वा विशेष प्रहरी अधिकृतले अनुसन्धान तहकिकात गरी मुद्दा चलाउने राय प्रकट गरी आफू समक्ष पठाएको प्रतिवेदन सहितको मिसिल जांचबुझ गर्दा निजको राय मिल्न आएमा सोही बमोजिम ठहर गरी सम्बन्धित पुनरावेदन अदालतमा सरकारी अधिवक्ताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट मुद्दा चलाउने छ । त्यसरी मुद्दा चलाएपछि अभियोग पत्रको १ प्रति नक्कल आयोगमा जानकारीको लागि पठाउनु पर्नेछ ।
२. प्र.जि.अ. वा विशेष प्रहरीका मुख्य अधिकृतले मुद्दा चलाउने राय प्रकट गरी पठाएको मिसिल हेर्दा अनिवार्य रुपले बुझ्नु पर्ने प्रमाण नबुझिएको देखिएमा हद म्याद समेतलाई दृष्टिगत गरी सरकारी अधिवक्ताले आफैले बुझ्न वा सम्बन्धित अधिकारीलाई बुझी पठाउन निर्देशन दिन सक्नेछ ।
३. प्र.जि.अ. वा मुख्य अधिकृतले मुद्दा चलाउनु पर्ने गरी राय दिएको व्यक्ति वाहेक मिसिलमा संलग्न अन्य व्यक्तिलाई समेत मुद्दा चलाउन पर्ने भए मुद्दा चलाउन सक्नेछ ।
४. प्र.जि.अ. वा मुख्य अधिकृतले मुद्दा चलाउन राय दिएको व्यक्तिलाई कानून अनुसार अभियोग थप घट गर्न पर्ने भए सो गर्न सक्नेछ ।
५. प्र.जि.अ. वा मुख्य अधिकृतले मुद्दा चलाउन पर्ने भनिएको व्यक्ति उपर मुद्दा नचल्ने देखिएमा सरकारी अधिवक्ताले आफ्नो राय छुट्टै लेखी मिसिल आयोग समक्ष पठाई आयोगबाट निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

अनुसूची –६

अख्तियार दुरुपयोग निवारण सम्बन्धी ऐन, ...

भ्रष्टाचार निवारण सम्बन्धी नेपाल कानूनलाई
संशोधन र एकिकरण गर्न, र
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार
र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताका सदाचार, सुविधा र नैतिकता कायम राख्नको लागि अख्तियार दुरुपयोग निवारण गर्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धीको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :– (१) यस ऐनको नाम "अख्तियार दुरुपयोग निवारण सम्बन्धी ऐन, ..." रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –
(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ।
(ख) "आयोग" भन्नाले संविधानको धारा ९७ बमोजिम गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोग संझनु पर्छ।
(ग) "प्रमुख आयुक्त" भन्नाले आयोगको प्रमुख आयुक्तलाई सम्झनु पर्छ।
(घ) "आयुक्त" भन्नाले आयोगको आयुक्तलाई संझनु पर्छ र सो शब्दले प्रमुख आयुक्त समेतलाई जनाउंछ।
(ङ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले देहाय बमोजिमको व्यक्ति संझनु पर्छ –
(१) संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नु पर्ने पदमा रहेको व्यक्ति,
(२) श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्था प्रति लिएको शपथ वा श्री ५ तथा श्री ५ को सरकार वा कुनै संगठित संस्थासंग गरेको शर्त वा कबूलियत वा संझौताबाट प्राप्त भएको नियुक्ति हुने, मनोनयन हुने वा निर्वाचन हुने कुनै लाभको पद धारण गरेको व्यक्ति, वा
(३) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्ति

स्पष्टिकरण :– यस खण्डको प्रयोजनको लागि –

(क) "लाभको पद" भन्नाले श्री ५ तथा श्री ५ को सरकारको वा कुनैसंगठित संस्थाको तर्फबाट ठेकिएको कुनै तलव वा भत्ता वा पारिश्रमिक वा अन्य आर्थिक सुविधा पूरा वा आंशिक रुपले पाउने गरी नियमितरुपले पाउने गरी नियमित रुपले वा कहिले काहीं मात्र गरे हुने काम कर्तव्य तोकिएको पद र श्री ५ तथा श्री ५ को सरकारको वा कुनै संगठित संस्थाको तर्फबाट कुनै आर्थिक सुविधा नलिई काम गरे पनि सरकारी वा त्यस्तो संस्थाको अन्य सुविधा वा अधिकार प्राप्त भएको पदसंझनु पर्छ।

(ख) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रुपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद संझनु पर्छ ।

(च) "संस्था" भन्नाले श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रणमा रहेको संगठित संस्था संझनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको नियन्त्रणमा रहेको वा सार्वजनिक उपयोग वा सेवाको उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएको अन्य संस्था समेतलाई जनाउंछ ।

(छ) "अनुसन्धान अधिकृत" भन्नाले अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात गर्न यस ऐन बमोजिम तोकिएको वा नियुक्त गरिएको व्यक्ति संझनु पर्छ ।

(ज) "अनुचित कार्य" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ३१ मा उल्लेख भए बमोजिम गरेको कुनै कार्य संझनु पर्छ ।

(झ) "भ्रष्टाचार" भन्नाले परिच्छेद २ बमोजिम सजाय हुने आपराधिक कार्य संझनु पर्छ ।

(ञ) "अख्तियार दुरुपयोग" भन्नाले खण्ड (छ) वा (ज) बमोजिमको अनुचित कार्य वा भ्रष्टाचार संझनु पर्छ ।

(ट) "कसूरको मात्रा" भन्नाले यो ऐन अन्तर्गत सजाय हुने कसूर गरी वा गर्ने प्रयत्न गरी कुनै व्यक्तिलाई अनुचित लाभ पुऱ्याएको वा पुऱ्याउने नियत गरेको वा राष्ट्रलाई वा श्री ५ को सरकारलाई वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई अनुचित हानी पुऱ्याएको वा पुऱ्याउने नियत गरेको अवस्था परिस्थिति र यसप्रकार कसूर गर्ने व्यक्तिको योग्यता र ओहदा समेतको आधारमा निर्धारित गरिने कसूरको मात्रा सम्झनु पर्छ ।

(ठ) "हानी" भन्नाले कसैको शरीरमा, मनमा, ख्यातिमा वा सम्पत्तिमा गैर कानूनी तवरले गरेको हानी नोक्सानी संझनु पर्छ ।

(ड) "रिसवत" भन्नाले रकम, कलम, दैदस्तुर, सलामी, इनाम, बकस वा नगदी वा जिन्सी उपहार जुनसुकै आर्थिक लाभ संझनु पर्छ ।

परिच्छेद – २

भ्रष्टाचार सम्बन्धी कसूर र दण्ड सजाय

३. सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो ओहदाको काम वापत कानूनी पारिश्रमिक वाहेक अरु रिसवत लिएमा हुने दण्ड सजाय :– सार्वजनिक पद धारण गरेको वा धारण गर्ने भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरी दिए वापत वा आफ्नो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए वापत वा नगर्न वा नगरी दिए वापत आफ्नै वा अरु कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिक वाहेक अरु रिसवत कसैबाट लिएमा वा लिन मन्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ३ वर्ष देखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुने छ । रिसवत लिई सकेको भए सो रिसवत समेत जफत भै सर्व संचित कोषमा दाखिल गरिने छ ।

स्पष्टीकरण :– (क) "कानूनले लिन पाउने पारिश्रमिक" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून बमोजिम माग गर्न पाउने तलव भत्ता मात्र नभई सो वाहेक कुनै कामको निमित्त लिन हुन्छ भन्ने भइरहेको अरु पारिश्रमिकलाईसमेत जनाउंछ ।

(ख) गर्ने मनसाय नभएपनि गरिदिन्छु भनी केही रिसवत लिने वा नगरीकन पनि केही काम गरिदिएं भनी इनामको रुपमा रिसवत लिने सार्वजनिक पद धारण गरेको व्यक्ति पनि यो दफा अन्तर्गत पर्दछ ।

४. सार्वजनिक पद धारण गरेको व्यक्ति उपर प्रभाव पार्न रिसवत लिएमा दण्ड सजाय :– कुनै व्यक्तिले देहायको किसिमसंग कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निजको ओहदाको वा सो सम्बन्धी कुनै काम गराउन वा नगराउन मनाउन वा निजबाट गराउन वा नगराउन मनाई दिए वापत वा सो ओहदाको वा सो सम्बन्धी कुनै काम गर्दा सो सार्वजनिक पद धारण गरेको व्यक्तिलाई कुनै व्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउन वा मोलाहिजा वा अनिष्ट गर्न वा

नगर्न मनाई दिए वापत कुनै व्यक्तिबाट आफ्नै वा अरु कसैको निमित्त कुनै रिसवत लिएमा वा लिन मन्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई देहाय बमोजिम सजाय हुने छ र रिसवत लिई सकेको भए सो रिसवत समेत जफत भै सर्व सञ्चित कोषमा दाखिल गरिने छ ।

(क) भ्रष्ट वा गैर कानूनी तरीकाबाट सार्वजनिक पद धारण गरेको व्यक्तिलाई प्रभावमा पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार ३ वर्ष देखि ६ वर्ष सम्म कैद वा जरिवाना वा दुवै सजाय ।

(ख) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई व्यक्तिगत प्रभाव पार्ने सम्बन्धमा भए कसूरको मात्रा अनुसार १ वर्ष देखि २ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय ।

५. दुरुत्साहन गर्नेलाई दण्ड सजाय :– दफा ३ वा ४ अन्तर्गत सजाय हुने कुनै कसूर गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो दुरुत्साहन दिएबाट कसूर भएको वा नभएको जे भए तापनि कसूरको मात्रा अनुसार निज सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोही कसूरको निमित्त तोकिएको सजाय र सार्वजनिक पद धारण गरेको व्यक्ति नभए त्यसको आधा सजाय हुनेछ ।

६. कामकाजसंग सम्बन्ध भएको व्यक्तिसंग विना मोल वा कम्ती मोलमा कुनै माल वस्तु लिने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई दण्ड सजाय : – कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी आफूले गरेको वा गर्न लागेको कुनै काम कारवाईमा सरोकार भएको वा हुने सम्भावना भएको वा आफ्नो कार्यालयको कामसंग सम्बन्ध भएको व्यक्ति भन्ने जानी जानी त्यस्तो व्यक्तिबाट आफ्नै निमित्त वा अरु कसैको निमित्त श्री ५ को सरकारको अनुमति नलिई विना मोलमा कुनै मालवस्तु, पुरस्कार, वा भेटी वा बकस, दान दातव्य, कोसेली उपहार वा सहायताको रुपमा वा जानी जानी कम मोलमा लिएमा वा लिन मनजुर गरेमा वा लिनेप्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिना देखि ३ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो मालवस्तु लिई सकेको भए सो जफत भै सर्वसञ्चित कोषमा दाखिल गरिने छ ।

तर, त्यसरी विना मोलमा पुरस्कार वा भेटी वा बकस वा सहायताको रुपमा कुनै माल वस्तु पाउने व्यक्तिले सकभर चांडै त्यसको सूचना श्री ५ को सरकारमा दिएमा निजले यस दफा अन्तर्गत कसूर गरेको मानिने छैन ।

७. गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले सार्वजनिक पद धारण गरेको व्यक्तिले काम गरेमा दण्ड सजाय :– (१) सरकारी सेवामा रहेको कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले वा राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले नेपाल कानून जानी जानी पालन नगरेमा वा श्री ५ तथा श्री ५ को सरकारसंग गरेको शपथ वा शर्त वा कबुलियत, संझौता जानी जानी पालन नगरेमा वा सरकारी सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिए मध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) सरकारी सेवामा रहेको वाहेक अरु कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले वा राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले नेपाल कानून जानी जानी पालन नगरेमा वा श्री ५ तथा श्री ५ को सरकार वा त्यस्तो कुनै संस्था वा कुनै व्यक्तिसंग गरेको शपथ, शर्त वा कबुलियत वा संझौता जानी जानी पालन नगरेमा वा सार्वजनिक पद धारण गरेको व्यक्तिको कैसियतबाट आफूले पाएको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिए मध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिना देखि २ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ ।

८. गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै व्यक्तिले काम गरेमा दण्ड सजाय :– सार्वजनिक पद धारण गरेको व्यक्ति वाहेक अरु कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले वा राष्ट्र वा श्री ५, श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको कुनै संगठित संस्था वा त्यस्तो संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संगठित संस्थासंग गरेको शपथ, कबुलियत, संझौता, ठेक्का, लाइसेन्स, पर्मिट, प्रतिज्ञापत्र वा डिलरसिपको शपथ जानी जानी पालन नगरेमा वा श्री ५ को सरकार वा त्यस्तो संगठित संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त जानी जानी उल्लंघन हुने गरी अन्य प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संगठित संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो कुनै कार्य गर्न प्रयत्न गरेमा वा मद्दत गरेमा तीन महिना देखि तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

९. गलत लिखत तयार गर्ने वा गलत अनुवाद गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई दण्ड सजाय :– (१) लिखतहरु तयार गर्ने वा अनुवाद गर्ने काम भएको कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने खास बदनियतले वा हानी पुग्छ भन्ने जानी जानी कुने लिखत तयार गर्दा वा अनुवाद गर्दा गलतसंग वा गलत छ भन्ने जानी जानी तयार गरेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्ष देखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) प्रचलित नेपाल कानून बमोजिम सरकारी, सरकारी स्वामित्वको संस्था वा सार्वजनिक संस्थाको अचल सम्पत्तिको अभिलेख राख्ने वा सोसंग सम्बन्धित कागज प्रमाण, विवरण वा नक्सा आदि प्रमाणहरुको जिम्म लिने राष्ट्र सेवकले यस्तो अभिलेख श्रेस्ता प्रमाण कागज वा नक्सा वा त्यसै प्रकारका कागजात कुनै व्यहोराले सच्याई गायव गरी वा गलत विवरण तयार गरी गराई त्यस्तो अचल सम्पत्तिको हकमा असर पर्ने काम गरेमा त्यस्तो राष्ट्र सेवकलाई तीन वर्ष सम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

१०. प्रश्न पत्रको गोपनियता भंग गरेमा दण्ड सजाय :– श्री ५ को सरकार, लोकसेवा आयोग वा अन्य संगठित संस्थाद्वारा सञ्चालन गरिने परीक्षाको गोप्य प्रश्न पत्र निर्धारित समय भन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको मनासिव कारण जनाई खोलेमा वा खोल्न लगाएमा वाहेक कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्न पत्रको गोपनियता भंग गरेमा वा सो गर्न लगाएमा सो गर्ने गराउने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई एक महिना देखि १ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

११. परीक्षा सम्बन्धी अनियमितता र दण्ड सजाय :– (१) श्री ५ को सरकार, लोकसेवा आयोग वा सरकारी स्वामित्वको संगठित संस्थाद्वारा लिइएको परीक्षाको उत्तर पुस्तिका जिम्मा लिने सार्वजनिक पद कारण गरेको व्यक्तिले वा अरु कुनै व्यक्तिले सो परीक्षाको परीक्षाफल प्रकाशित हुनु पूर्व जानी जानी वा लापरवाही गरी वा हेलचेक्राई पूर्वक कुनै किसिमबाट उत्तर पुस्तिका गायब गरेमा वा वेपत्ता पारेमा वा अनाधिकृत व्यक्तिलाई दिएमा एक महिना देखि एक वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम निकायबाट सञ्चालित परीक्षामा सम्मिलित परीक्षार्थीलाई त्यस्तो परीक्षाको शिलशिलामा गैरकानूनी तवरबाट फाइदा पुऱ्याउने उद्देश्यले अनियमित तरीकाबाट सहयोग गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पन्ध्र दिन देखि एक महिनासम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिम निकायबाट सञ्चालित परीक्षामा सम्मिलित हुने परीक्षार्थीको सट्टामा अरु कुनै व्यक्ति वा सार्वजनिक पद धारण गरेको व्यक्ति सम्मिलित भएमा वा दिएमा त्यस्तो व्यक्ति वा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई एक महिनादेखि ६ महिनासम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

१२. गैर कानूनी खरीद बिक्री व्यापार गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई दण्ड साजय :– कानूनले गर्न नपाउनेमा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नै वा अरुको नामबाट वा साझेदानरीमा व्यापार गरेको वा लिलाममा बढाबढ गरेमा वा कुनै फर्म वा कम्पनीको हिस्सेदार भएमा वा सरकारी सेवामा रहेकाले श्री ५ को सरकारलाई र सरकारी मान्यता प्राप्त संस्थाको सेवामा रहेकाले सो संस्थालाई पूर्व सूचना नदिई आफ्नो वा आफ्नो आश्रितको भोग वा बसोवासका निमित्त चाहिने भन्दा बढी कुनै अचल सम्पत्ति खरीद गरेमा निजलाई कसूरको मात्रा अनुसार १ वर्ष देखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने छ र त्यसरी गैर कानूनी किसिमसंग आर्जन गरेको सम्पत्ति पनि जफत भै सर्वसञ्चित कोषमा दाखिल हुनेछ ।

१३. नपाएको ओहदा वा सुविधा वा अधिकार पाएं भन्ने व्यक्तिलाई सजाय :– आफूले नपाएको कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिको ओहदा वा अधिकार पाएं भनी झुक्याई सो ओहदा वा सुविधा वा अधिकारको प्रयोग गर्ने वा गर्न प्रयत्न गर्ने वा नपाएको कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा लगाई वा देखाई हिंड्ने वा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने कपटी भावनाले त्यस्तो चिन्ह, पोशाक वा निस्सा जस्तो देखिने कुनै कुरा लगाई वा देखाई हिंड्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार २ वर्ष देखि ४ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ ।

१४. कुनै सावैजनिक पद धारण गर्ने व्यक्तिको ओहदाको निमित्त योग्यता, नाम इतयादि ढांट्ने व्यक्तिलाई दण्ड सजाय :– (१) कुनै व्यक्तिले कुनै सार्वजनिक पद धारण गर्ने व्यक्तिको ओहदा पाउने वा सो ओहदामा वहाल रहने उद्देश्यले शिक्षा

सम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढांटेमा निजलाई कसूरको मात्रा अनुसार २ वर्ष देखि ६ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यक्तिले शिक्षण वा तालीम सम्बन्धी संस्थाबाट कृत्रिम वा नक्कली वा कीर्ते प्रमाण लिएको ठहरेमा निजलाई ६ महिनादेखि १ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ । त्यसरी लिएको प्रमाण पत्र रद्द समेत हुनेछ ।

१५. राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मामा रहेको सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्ने वा मास्नेलाई दण्ड सजाय :– कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो ओहदाको वा सो सम्बन्धी काम कुरा गर्दा राष्ट्रिय वा सार्वजनिक सम्पत्ति वा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको राष्ट्रको वा श्री ५ वा श्री ५ को सरकारको वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको चल अचल सम्पत्ति लापरवाही वा बदनियत वा जालसाजी गरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार एक वर्ष देखि पांच वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ । हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरेमा वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ ।

१६. गैर कानूनी दवाव दिने व्यक्तिलाई दण्ड सजाय :– ज्यान मार्ने, वा सम्पत्ति हरण गर्ने वा इज्जतमा धक्का पुऱ्याउने डर, वा त्रास वा अरु किसिमको गैर कानूनी दवावबाट कुनै व्यक्तिले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिलाई यो ऐन अन्तर्गत सजाय हुने कसूर गर्न लगाएमा ,लगाउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार ४ वर्ष देखि ८ वर्षसम्म कैदै वा जरिवाना वा दुवै सजाय हुनेछ ।

१७. थप सजाय हुने :– संवैधानिक अंगका पदाधिकारी, श्री ५ बाट नियुक्त वा मनोनयन हुने पदाधिकारी, श्री ५ को सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाका प्रमुख, अध्यक्ष, महाप्रवन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गत सजाय हुने कसूर गरेको ठहरिएमा निजलाई यसै परिच्छेदमा तोकिएको कैदको सजायमा थप पांच वर्षको कैद सजाय हुनेछ ।

१८. अनुमानित कसूर :– (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा निजको परिवारसंग निज र निजका परिवारको सदस्यहरुको कुनै निकाय समक्ष घोषित वा वैध आम्दानीको श्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा चल अचल सम्पत्ति वा कारोवार देखिएमा वा कसैलाई दान दातव्य बकस दिएको फेला परेमा निजका सम्बन्धमा अनुमानको आधारमा अनुसन्धान गर्न वाधा पर्ने छैन ।

(२) यस परिच्छेद अन्तर्गतको कसूरमा अनुसन्धान गर्ने निकाय वा अधिकारीले प्रारम्भिक छानविन गरी कारवाई गर्नु पर्ने वा नपर्ने भनी किटान राय सहितको प्रतिवेदन श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको समिति समक्ष पेश गर्नेछ ।

(३) उप दफा (२) बमोजिम तयार भएको प्रारम्भिक प्रतिवेदन त्यसका आधार प्रमाण र समितिले आवश्यक सम्झी बुझेका तथ्य र प्रमाणको आधारबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले यस दफा बमोजिमको कसूर गरेको देखिन आए सो समितिले आवश्यक कारवाई गर्न र कसूर गरेको नदेखिए मिसिल तामेलीमा राख्न लेखी पठाउने छ । त्यसरी लेखि आएमा अनुसन्धान गर्न अधिकार प्राप्त निकायले पनि सोही बमोजिम गर्नु पर्ने छ ।

(४) यो दफाको प्रयोजनको लागि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू र आफ्नो परिवार वाहेक तेश्रो व्यक्तिको नाउमा कुनै सम्पत्ति राखेको भन्ने प्रमाणित हुन आए सो समेत निजकै सम्पत्ति मानिने छ ।

(५) यो दफा बमोजिम अनुसन्धान भएकोमा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले वैध आम्दानी र खर्चको अनुपातमा बढी सम्पत्ति आफू वा आफ्नो परिवार वा अरु कुनै व्यक्तिका साथमा राखेको प्रमाणित भएमा सा् सम्पत्ति निजले घुस रिसवत खाई आर्जन गरेको मानिने छ । त्यस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिलाई ३ वर्ष देखि ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय गरी सो सम्पत्ति जफत गरिनेछ ।

(६) प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा अन्तर्गतको कसूरमा मुद्दा हेर्ने अदालतले समेत अनुमानका आधारमा कसूरदार ठहर गर्न वाधा परेको मानिने छैन ।

१९. वाधा विरोध गर्ने व्यक्तिलाई दण्ड सजाय :– कुनै व्यक्तिले यो ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी तहकीकात वा अनुसन्धान वा कारवाईमा गैर कानूनी वाधा विरोध गरेमा निजलाई कसूरको मात्रा अनुसार ६ महिना देखि दुई वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुन सक्छ ।

२०. मतियारलाई सजाय :– यस परिच्छेद अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

तर कसूर गर्ने व्यक्तिलाई त्यस्तो कसूर गर्न वा गरे वापत नगदी जिन्सी वा अन्य कुनै सुविधा उपलब्ध गराई दिने वा लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ ।

२१. सम्पत्ति जफत हुने :– यस परिच्छेद अन्तर्गत सजाय हुने कसूरसंग सम्बन्धित ठहरिएको चल तथा अचल सम्पत्ति यस ऐन अन्तर्गत कसूरदार ठहरिएको कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा अरु कुनै व्यक्तिले आफ्नो वा आफ्नो परिवार वा अरु कसैको नाममा राखेको भए तापनि सो सबै सम्पत्ति जफत हुने छ ।

२२. दूषित कार्य स्वत: बदर हुने :– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि गैर कानूनी, तरिकाबाट गलत लिखत तयार वा पारित गरी गराई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वको संस्था वा सार्वजनिक प्रकृतिको कुनै अचल सम्पत्तिको हक भेट्ने काम भएको रहेछ भने त्यसतो लिखत र दर्ता बदर भई त्यसमा स्वत: पूर्ववत् हक कायम हुनेछ । त्यसमा छुट्टै कारवाई चलाई रहनु पर्ने छैन । त्यस्तो अचल सम्पत्तिको अभिलेख राख्ने कार्यालयले फैसलाको आधारमा श्रेस्ता सच्याई पूर्ववत् कायम गर्न वाधा पर्ने छैन ।

परिच्छेद – ३

भ्रष्टाचार सम्बन्धी कसूरको तहकिकात

२३. भ्रष्टाचार सम्बन्धी उजूरी र तहकिकात :– भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाई चलाउन सक्नेछ ।

२४. भ्रष्टाचार सम्बन्धी प्रारम्भिक छानविन :– (१) कुनै उजुरी वा प्रतिवेदन परी वा अन्य कुनै श्रोतबाट आयोगलाई कुनै जानकारी प्राप्त भै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचारको अपराध गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानविन गोप्य रुपमा गर्ने छ ।

(२) उपदफा (१) बमोजिम भ्रष्टाचारको अपराधको प्रारम्भिक छानविन गर्दा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।

२५. जानकारी तथ्यपूर्ण देखिएमा सम्बन्धित व्यक्तिसंग स्पष्टीकरण माग्ने :– दफा २४ को उपदफा (१) बमोजिम भ्रष्टाचारको कुनै अपराधको प्रारम्भिक छानविन गर्दा उजूरी प्रतिवेदन वा आयोगलाई प्राप्त जानकारी तथ्यपूर्ण देखिएमा आयोगले आरोपको संक्षिप्त विवरण उल्लेख गरी त्यसतो अपराध गर्ने व्यक्ति र सो अपराधमा मुछिएमा अन्य व्यक्तिहरुसंग सोधपुछ गर्न वा बयान लिन सक्ने छ ।

२६. अभियुक्तलाई थुनामा राख्ने :– (१) आयोगले भ्रष्टाचारको आरोपमा कारवाई चलाएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा आयोगको कारवाईमा वाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यामान भएमा आयोगले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले कुनै व्यक्तिलाई थुनामा राख्दा सम्बन्धित पुनरावेदन अदालतको अनुमति लिई एकपटकमा दुई महिनामा नबढ्ने गरी बढीमा ६ महिनासम्म थुनामा राख्न सक्नेछ ।

२७. स्वत: निलम्बित हुने :– सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिलाई आयोगले दफा २६ को उपदफा (१) वा दफा ३९ बमोजिम थुनामा राखेकोमा त्यसरी थुनामा रहेको अवधिभर र दफा ३० बमोजिम अदालतमा मुद्दा चलेकोमा सो मुद्दा किनारा नभएसम्मको अवधिभर त्यस्तो व्यक्ति आफ्नो पदबाट स्वत: निलम्बित भएको मानिने छ ।

२८. बैंकबाट विवरण लिन सक्ने :– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गतको कसूरमा अनुसन्धान गर्दै जांदा अनुसन्धान गर्ने अधिकृतले कुनै बैंक वा वित्तिय कारोवार गर्ने संस्थासंग कुनै कागजपत्र वा विवरण माग गरेमा त्यस्तो बैंक वा निकायले त्यस्तो कागजपत्र वा विवरण उपलब्ध गराउनु पर्ने छ ।

तर त्यसरी प्राप्त कागजपत्र वा विवरणलाई मुद्दामा प्रमाणको रुपमा पेश गर्नु पूर्व गोप्य राख्नु पर्नेछ ।

२९. अनुसन्धानबाट कसूर गरेको नदेखिए गर्ने वारे :– (१) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गर्दै जांदा संकलन भएका प्रमाणका आधारमा आरोपित कसूर कायम नभएमा त्यस्तो उजूरी कारण सहितको पर्चा खडा गरी तामेलीमा राख्न सकिने छ । यसरी उजुरी तामेलीमा राख्ने निर्णय भएकोमा सोको सूचना सम्बन्धित सार्वजनिक पद धारण गरेको व्यक्ति वा व्यक्तिलाई दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गर्दै जांदा आरोपित सार्वजनिक पद धारण गरेको व्यक्ति मध्ये कसैले यो ऐनको परिच्छेद २ को कसूर गरेको प्रमाणित नभएको तर आफ्नो वा काममा लापरवाही वा हेलचक्राई गरी समुचित ध्यान नपुऱ्याएको देखिए आफ्नो राय साथ विभागीय कारवाई गर्न सम्बन्धित अख्तियारवाला कहां लेखि पठाउन सक्नेछ । त्यस्तो लेखि आएमा अख्तियारवालाले विभागीय कारवाई गर्नु पर्नेछ ।

३०. मुद्दा चलाउने :– सार्वजनिक पद धारण गरेको व्यक्ति वा अन्य कुनै व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा यस ऐन बमोजिम चलेको कारवाई र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा आफैले मुद्दा चलाउने वा अनुसन्धान अधिकृतलाई वा श्री ५ को सरकारको कर्मचारीलाई मुद्दा चलाउन आदेश दिन सक्नेछ ।

परिच्छेद – ४

अनुचित कार्य तथा तत्सम्बन्धी व्यवस्थाहरु

३१. अनुचित कार्य :– सार्वजनिक पद धारण गरेको व्यक्तिले जानी जानी वा लापरवाही साथ देहायको कुनै कार्य गरेमा अनुचित कार्य गरेको मानिने छ :–

(क) आफ्नो अधिकार भित्रको कुनै काम गर्न इनकार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,

(ख) कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालन नगरेको,

(ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरित अर्कै उद्देश्यले वा कार्यमा प्रयोग गरेको,

(घ) आफ्नो तजविजी अधिकार बदनियत साथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,

(ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार वाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाव दिई कुनै अनधिकृत कार्य गराएको,

(च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहां पठाई आफ्नो उत्तरदायित्व पन्छाएको, वा

(छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

(ज) सम्बन्धित सेवा, वा संस्थाको लागि बनेका आचरण सम्बन्धी नियम पालना गरेको ।

३२. अनुचित कार्य सम्बन्धी उजूरी :– (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले श्री ५ कोसरकारको वा सार्वजनिक हक हितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य गरेकोमा जो कोहीले पनि र व्यक्तिगत हक हितमा प्रतिकूल असर परेकोमा सम्बन्धित व्यक्तिले आयोग समक्ष उजूर दिन सक्नेछ ।

तर, प्रतिकूल असर परेको व्यक्तिको मृत्यु भई सकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक अस्वस्थताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएको प्रमाणित भएमा आयोगले निजको हकवाला संरक्षकको उजूरीबाट पनि त्यस सम्बन्धमा कारवाई चलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी उपर आयोगले प्रारम्भिक छानविन गरी अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धी के कस्तो उजूरी हो सोको निर्णय गरी यो ऐन र प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकातको कार्य शुरु गर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजूरी नपरे तापनि सार्वजनिक पद धारण गरेको व्यक्तिबाट सार्वजनिक वा सरकारी हक हितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य गरेको छ भन्ने आयोगलाई अन्य श्रोतबाट जानकारी भएमा आयोगले उपदफा (२) बमोजिम कारवाई चलाउन सक्नेछ।

(४) माथिका उपदफाहरु बमोजिम कारवाई गर्दा सार्वजनिक वा सरकारी हक हितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य भए गरेकोमा जहिलेसुकै पनि उजुर गर्न सकिन्छ र सो वाहेक अन्यमा त्यस्तो कार्य भएको एक वर्ष भित्र उजूरवालाले थाहा पाएको मितिले पैंतीस दिन भित्र आयोग समक्ष उजूरी नपरेमा त्यस सम्बन्धमा आयोगले कुनै कारवाई गर्ने छैन।

(५) अनुचित कार्यको उजूरी परी अनुसन्धान गर्दै जांदा भ्रष्टाचार भए गरेको देखिएमा र भ्रष्टाचारमा अनुसन्धान तहकिकात गर्दै जांदा अनुचित कार्य गरेको देखिएमा उपदफा (२) बमोजिम निर्णय भएको कारणले वा अनुचित कार्यमा उजूरी दिने हद म्यादको कारणले मात्र अनुसन्धान तहकिकात गर्न वा मुद्दा चलाउन वाधा पर्ने छैन।

३३. सम्बन्धित मिसिल र प्रमाणका लिखतहरु झिकाउने :- उजूरी वा अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको संझनु पर्ने मनासिव कारण भएमा आयोगले तत्सम्बन्धी मिसिल वा प्रमाणका लिखतहरु सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिबाट दाखिल गराउन सक्नेछ र त्यस सम्बन्धमा महत्वपूर्ण जानकारी दिन सक्ने कुनै व्यक्ति भए आयोगले त्यस्तो व्यक्तिसंग सोधपुछ गर्न सक्नेछ।

३४. स्पष्टीकरण लिने :- प्राप्त उजूरी र अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई निज उपर परेको उजूरीको विवरण उल्लेख गरी तत्सम्बन्धमा स्पष्टीकरण पेश गर्न आवश्यकतानुसार आयोगमा झिकाई बयान गराउन मनासिव म्याद तोकी सूचना दिनु पर्नेछ।

३५. कारवाई गर्न लेखी पठाउने :- (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ३४ को म्याद भित्र बयान दिन उपस्थित नभएमा वा कुनै स्पष्टीकरण आयोगमा पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा वा प्राप्त प्रमाणबाट निजले अनुचित कार्य गरेको देखिएमा निजलाई सचेत गराउन वा विभागीय कारवाई वा अन्य आवश्यक कारवाई गर्ने ठहर निर्णय गरी आयोगले त्यस्तो व्यक्ति उपर कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ। त्यसरी लेखी पठाउंदा आयोगले आफ्नो ठहर निर्णयको प्रतिलिपि समेत पठाउनु पर्नेछ।

तर मन्त्री उपरको उजूरिका हकमा उचित कारवाईका लागि आयोगले प्रधानमन्त्रीलाई, संसद सदस्यको हकमा सम्बन्धित सदनका सभामुख वा अध्यक्षलाई लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएकोमा तीन महिना भित्र कार्यान्वयन गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएकोमा सम्बन्धित अख्तियारवालाले कार्यान्वयन नगरेमा आयोगले अख्तियारवाला उपर नै आवश्यक कारवाई गर्न मन्त्रीपरिषद्मा लेखी पठाउने र सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्न सक्नेछ।

परिच्छेद – ५

आयोगको अधिकार क्षेत्र सम्बन्धी व्यवस्थाहरु

३६. आयोगको अधिकार क्षेत्र :- (१) संविधानको धारा ९८ को उपधारा (१) को खण्ड (क)(ख) मा उल्लेखित पदाधिकारी वाहेक कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले यस ऐन बमोजिम अनुसन्धान तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्न आयोगले नेपाल अधिराज्य भित्र आवश्यकता अनुसार कार्यालयहरुको स्थापना गर्न सक्नेछ।

(३) आयोगले उपदफा (१) को अधिकार श्री ५ को सरकारको कुनै कार्यालयमा कार्यरत श्री ५ को सरकारका कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ।

(४) उपदफा (३) बमोजिम भएको अनुसन्धान, तहकिकात कानून वा आयोगले तोकेको शर्त बमोजिम भइरहेको छैन भन्ने आयोगलाई जुनसकै श्रोतबाट जानकारी प्राप्त भएमा आयोगले मिसिल झिकाई अनुसन्धान तहकिकात गर्ने वा आवश्यक निर्देशन दिई पठाउने अधिकार आयोगलाई हुनेछ ।

३७. अन्य उपचार प्राप्त भएमा आयोगले कारवाई नगर्ने :– सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको अनुचित कार्यको सम्बन्धमा प्रचलित कानूनमा अन्य कुनै उपचारको व्यवस्था गरिएको रहेछ भने त्यस्तो उपचारको उपाय अवलम्बन नगरी आयोगमा उजूरी लाग्ने वा त्यस सम्बन्धमा आयोगले कुनै कारवाई चलाउने छैन ।

तर सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत संवैधानिक उपचार प्राप्त गर्ने व्यवस्था भएको कारणले मात्र आयोगमा उजूरी दिन र आयोगले त्यस सम्बन्धमा कारवाई चलाउन यस दफामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

३८. संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले कारवाई गर्ने :– दफा ३६ को अधिनमा रही कुनै संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले आफू समक्ष प्रतिवेदन पेश गर्नु पर्ने गरी आयोगमा परेको उजूरीमा कारवाई गर्नका लागि अवस्था अनुसार सम्बन्धित संस्था वा सो सित सम्बन्धित माथिल्लो निकायमा पठाउन सक्नेछ र त्यस सम्बन्धमा भएको कारवाई र निर्णयको जानकारी त्यस्तो निकायले आयोग र उजूरवालालाई दिनु पर्नेछ ।

तर आयोगले आवश्यक देखेमा त्यस्तो उजूरीको सम्बन्धमा पुनः छानविन गराउन वा आफैले कारवाईगर्न सक्ने छ ।

परिच्छेद – ६

अनुसन्धान तथा तहकिकात सम्बन्धी अधिकार

३९. अनुसन्धान र तकफिकात सम्बन्धी आयोगको अधिकार :– (१) यस ऐन बमोजिम आयोगले अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात गर्दा देहायका अधिकार प्रयोग गर्न सक्नेछ :

(क) कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत वा अन्य कुनै कुरा आयोगमा पठाउन वा निश्चित समयभित्र आयोगमा पेश गर्न आदेश दिने, वा

(ख) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरुको जानकारी भएको भन्ने आयोगले सम्झेको व्यक्तिलाई आयोगमा उपस्थित गराई निजलाई सोधपुछ गर्ने र निजको बयान लिने वा आवश्यकतानुसार निजका नाउंमा बन्द सवाल जारी गर्ने ।

(२) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगले स्पष्टीकरण वा बयान लिई सकेपछि खोजेका बखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(३) भ्रष्टाचारको आरोपमा कारवाई चलाइएको व्यक्ति पदमा वहाल रहिरहंदा आफ्नो विरुद्धको प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा वाधा व्यवधान पुऱ्याउन सक्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न आयोगले अवस्थानुसार श्री ५ को सरकार वा सम्बन्धित संस्थालाईलेखी पठाउन सक्नेछ ।

(४) भ्रष्टाचारको आरोपमा कारवाई चलाइएको व्यक्ति फरार भै वेपत्ता हुन सक्तछ भनी संभनु पर्ने कुनै मनासिव कारण भएमा वा विगो हानी नोक्सानी भएको देखिएमा आयोगले निजसंग प्रचलित कानून बमोजिम धरौटी वा जेथा जमानत मागन र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ।

(५) आयोगले कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै प्रकारको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पटाएको वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित हुन आदेश दिएकोमा ––

(क) सो बमोजिम मनासिव समय भित्र सो कार्यालयले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा आयोगले सम्बन्धित कार्यालयका प्रमुख पदाधिकारी उपर विभागीय कारवाई चलाउन सम्बन्धित मन्त्री वा संस्थालाई निर्देशन दिन सक्नेछ ।

(ख) सो बमोजिम मनासिव समय भित्र त्यस्तो व्यक्तिले लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा त्यसतो व्यक्ति आयोगमा उपस्थित नभएमा निजलाई आयोगले एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विभागीय कारवाई वा जरिवाना भएपछि पनि कुनै कार्यालय वा व्यक्तिले आयोगको आदेशको पालना नगरेमा सो कार्यालयको प्रमुख पदाधिकारी वा त्यस्तो व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन आयोगले पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेश गर्न गराउन वा आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको पदाधिकारी वा व्यक्तिले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वाजानकारी नदिएमा निजलाई आयोगले बढीमा तीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम आयोगले विभागीय कारवार्य गर्न निर्देशन दिएको वा जरिवाना गर्ने निर्णय गरेकोमा सम्बन्धित कार्यालयको प्रमुख पदाधिकारी वा सम्बन्धित व्यक्तिले आयोगको आदेश पालन गर्न नसकेको मनासिव कारण उल्लेख गरी त्यस्तो कारवाई वा जरिवाना हुनु नपर्ने भनी निवेदन दिएमा कारण सन्तोषजनक देखिएमा आयोगले उक्त निर्देशन वा जरिवानाको आदेश रद्द गर्न सक्नेछ ।

(८) आवश्यकतानुसार प्रचलित कानून बमोजिम कुनै ठाउंको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिंदा आवश्यक देखिएको कुनै वस्तु, कागज वा मिसिल प्रचलित कानून बमोजिम आफ्नो कब्जामा लिन वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने आयोगलाई अधिकार हुनेछ ।

(९) यस ऐन बमोजिम कारवाई चलाउन आयोगलाई अधिकार नभएको अवस्थामा वाहेक आयोग समक्ष चलेको कारवाईमा गोप्यताको आधारमा कुनै जानकारी प्रकट गर्नबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले छुट पाउने छैन ।

(१०) अख्तियार दुरुपयोग सम्बन्धी अनुसन्धानको कारवाई गर्ने कुनै पनि निकाय वा पदाधिकारीले अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिले गरे विराएको सामान्य प्रमाण नभै सार्वजनिक प्रचारमा आउने गरी खुला कारवाई नगरी गोप्य राख्नु पर्नेछ ।

(११) सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियार दुरुपयोग गरेको कुरा तथ्यमा आधारित छ भन्ने आयोगलाई लागेमा त्यस्तो आरोपित व्यक्ति मन्त्री भए प्रधानमन्त्रीलाई र संसद सदस्य भए सम्बन्धित सदनको सभामुख वा अध्यक्षलाई जानकारी दिई कारवाई गरिनेछ ।

४०. अनुसन्धान अधिकृत तोक्ने वा नियुक्त गर्ने :– (१) यस ऐन बमोजिम अख्तियार दुरुपयोगको अपराधको प्रारम्भिक छानविन वा अनुसन्धान र तहकिकात गर्न आयोगले आवश्यकतानुसार कुनै आयुक्त वा आयोगको कुनै कर्मचारी वा श्री ५ को सरकारको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न वा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट नियुक्त भएको अनुसन्धान अधिकृतले आयोगबाट तोकिएको शर्तको अधिनमा रही यस ऐन बमोजिम अनुसन्धान र तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।

परिच्छेद – ७

विविध

४१. विगो कायम गर्ने वारे :– यो ऐनमा उल्लिखित कसूर गर्दा सरकारी, सरकारी स्वामित्वको संस्था वा सार्वजनिक प्रकृतिको अचल सम्पत्तिको हक मेट्ने कार्य भएको देखिए सो अचल सम्पत्तिको सांध सिमानामा खरीद बिक्री भएको वा प्रचलित दर भाउबाट विगे कायम गरी सो विगोमा समेत दावी गरिनेछ ।

४२. बिगो र जरिवानाको हद वारे :– परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरका सम्बन्धमा जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रु. ५०००।– (पांच हजार) हुनेछ ।

तर बिगो रु. ५०००।– (पांच हजार) भन्दा बढी भएमा सो बिगो बमोजिम जरिवाना हुनेछ ।

४३. अयोग्य ठहरिने :– यो ऐनको परिच्छेद २ को कसूरमा कसुरदार ठहर भएको मानिस भविष्यमा सरकारी सेवा र सरकारी स्वामित्वको संगठित संस्थाको सेवाको निमित्त अयोग्य भएको मानिने छ ।

४४.विशेषज्ञ वा कर्मचारीलाई काममा लगाउन सकिने :– अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकातको कुनै कामको सम्बन्धमा आयोगले विशेषज्ञको राय लिन वा कुनै विशेषज्ञ कर्मचारीलाई काजमा लिई काममा लगाउन सक्नेछ ।

४५.प्रमुख आयुक्तले काम तोक्ने :– आयोगमा प्रमुख आयुक्तको अतिरिक्त अन्य आयुक्तहरु पनि नियुक्त भएकोमा कामको बांडफांड गर्ने र प्रत्येक आयुक्तले गर्ने काम तोक्ने अधिकार प्रमुख आयुक्तलाई हुनेछ ।

४६.परामर्श लिनु पर्ने :– आयोगमा कार्यरत कर्मचारीको सरुवा गर्दा वा अन्य कार्यालयबाट आयोगमा कर्मचारी सरुवा गर्दा आयोगसंग परामर्श लिनु पर्नेछ ।

४७.सूचनाको गोप्यता :– (१) यस ऐन बमोजिम अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकातको सिलसिलामा आयोगलाई प्राप्त भएको सूचना वा जानकारी र आयोगले बुझेको वा संकलन गरेको प्रमाणहरु जनसाधारण वा प्रचार प्रसारका माध्यमलाई प्रकट गर्न हुदैन ।

तर अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकात गर्न वा तत्सम्बन्धी प्रतिवेदन पेश गर्न वा कारवाई चलाउन आवश्यक भएको सूचना वा विवरण प्रकाशित गर्न आयोगलाई वाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त संझेको सार्वजनिक महत्वको कुनै कुराको छानविन, अनुसन्धान र तहकिकात खुला रुपमा पनि गर्न सक्नेछ ।

४८.वाधा विरोध गर्नेलाई सजाय :– यस ऐन अन्तर्गतको अनुसन्धान र तहकिकात सम्बन्धी काम कारवाईमा कसैले जानी जानी वाधा उपस्थित गरेमा निजलाई आयोगको प्रतिवेदनको आधारमा सम्बन्धित पुनरावेदन अदालतले पांच हजार रुपैयासम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

४९.आयोग, आयुक्त वा आयोगका कर्मचारीका विरुद्ध मुद्दा नचल्ने :– आयोगले वा आयोगको कुनै आयुक्त वा कर्मचारीले वा आयोगद्वारा खटाइएको वा अधिकार प्रत्यायोजन गरेको कुनै कर्मचारी वा कार्यालयले यस ऐन अन्तर्गत असल नियतले गरेको कुनै काम कारवाईको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलाइने छैन ।

५०.आयोगले अन्य कार्यालय वा कर्मचारीको सहयोग लिन सक्ने :– (१) अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकातको निमित्त आयोगले प्रहरी प्रधान कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग वा त्यस अन्तर्गतका कार्यालय लगायत श्री ५ को सरकारको कुनै विभाग, कार्यालय वा कुनै संस्थाको सहयोग लिन र त्यस्तो विभाग, कार्यालय वा संस्थाको कुनै कर्मचारीको सेवा उपयोग गर्न सक्नेछ ।

(२) आयोगले अनुसन्धान र तहकिकात गर्न लागेको अख्तियारको दुरुपयोगको प्रकृतिबाट कुनै विभाग, कार्यालय वा संस्थामा कार्यरत कुनै विशेषज्ञसंग परामर्श गर्नु पर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धान र तहकिकातमा संलग्न गराउनु पर्ने देखिएमा आयोगले निजलाई केही अवधिको लागि आयोगमा काजमा पठाई दिनसम्बन्धित विभाग, कार्यालय वा संस्थासंग माग गर्न सक्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिम कुनै विभाग, कार्यालय, संस्था वा त्यहां कार्यरत कुनै कर्मचारीको सहयोग मागेकोमा आयोगलाई सहयोग दिनु त्यस्तो विभाग, कार्यालय, संस्था वा कर्मचारीको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम आयोगलाई आवश्यक भएको विशेषज्ञ माग गर्दा सम्बन्धित विभाग, कार्यालय वा संस्थाले उपलब्ध गराउन नसकेको कारण सहित जवाफ पठाएमा आयोगले निश्चित अवधिको लागि करारमा नियुक्त गर्न सक्नेछ ।

५१.आयोगको आदेश तालुकवालाको आदेश सरह हुने :– यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सन्दर्भमा आयोगले दिएको आदेश श्री ५ को सरकारको सेवामा वहाल रहेको प्रहरी कर्मचारी र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका कर्मचारीका लागि तालुकवाला अधिकृतको आदेश सरह हुनेछ ।

५२. आयोगले सुझाव दिन सक्ने :– (१) आयोगले आफ्नो काम कारवाईको सिलसिलामा जानकारीमा आएको तथ्यहरुको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा संस्थालाई देहाय बमोजिम कुनै सुझाव दिन सक्नेछ :–

(क) कुनै कानून, निर्णय, आदेश वा कारवाई अव्यवहारिक, अवाञ्छनीय वा असंगत भएकोले त्यसमा संशोधन हुनु पर्दछ भन्ने आयोगलाई लागेमा कारण सहित संशोधनको सुझाव दिने,

(ख) कुनै विषयमा आयोगले श्री ५ को सरकार वा कुनै संस्थाबाट वा श्री ५ को सरकार वा संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनु पर्ने वा कुनै कदम उठाउनु पर्ने देखेमा के कस्ता सतर्कता अपनाउनु पर्ने वा कदम उठाउन उपयुक्त हुन्छ भनी सुझाव दिने, वा

(ग) श्री ५ को सरकार वा कुनै संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोग लाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिने ।

(२) उपदफा (१) अन्तर्गत दिएको सुझावको विवरण आयोगले संविधानको धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा पनि समावेश गर्नु पर्छ ।

५३. अवकाश प्राप्त व्यक्ति उपर पनि मुद्दा लाउन सकिने :– कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले पदमा वहाल रहेको अवस्थामा गरेको भ्रष्टाचारको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निज उपर अनुसन्धान तहकिकात गर्न मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुऱ्याएको मानिने छैन ।

तर त्यस्तो मुद्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा बाहेक अन्य कुरामा त्यस्तो व्यक्तिले पदबाट अवकाश प्राप्त गरेको एक वर्ष भित्र मुद्दा चलाई सक्नु पर्नेछ ।

५४. पुरस्कार दिने : – परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको सुराक लगाई जाहेर गरी तत्सम्बन्धी अनुसन्धान, मौका तहकिकात वा अन्य सबुद प्रमाणको संकलनमा सहयोग पुऱ्याउने व्यक्तिलाई त्यस्तो जाहेरी विगो सम्बन्धी रहेछ भने उजूरिको अन्तिम किनारा भएपछि असुल भएको विगोको १० प्रतिशतले हुने रकम पुरस्कार स्वरुप दिइने छ ।

५५. वादी पक्षका गवाह कायम गर्न सकिने :– (१) दफा ३ वा ४ अन्तर्गत सजाय हुने कुनै कसूर गर्न दुरुत्साहन दिने दफा ५ बमोजिमको व्यक्ति वा दफा २० अन्तर्गतको मतियारले आयोग समक्ष उपस्थित भै सो अपराधको जाहेरी वा सुराक दिएमा वा अनुसन्धान तहकिकात वा प्रमाण संकलनको कार्यमा सघाउ पुऱ्याएमा आयोगले निजलाई वादी पक्षको गवाहको रुपमा अदालतमा प्रस्तुत गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित त्यस्तो व्यक्तिले अदालतमा उपस्थित भै आफूले अनुसन्धान तहकिकातको क्रममा भने गरे अनुरुप बकपत्र गरेमा त्यस्तो व्यक्तिलाई कसूरमा सावित भए वा प्रमाणबाट कसूरदार देखिए पनि निजलाई हुन सक्ने कैद वा जरिवाना हुने छैन ।

(३) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिए भए तापनि उपदफा (१) मा उल्लेखित व्यक्ति वा मतियारले आफूले जाहेरी वा सुराकी दिएको वा अनुसन्धान तहकिकात वा प्रमाण संकलन कार्यमा सघाउ पुऱ्याएको मुद्दामा नगद वा जिन्सीको रुपमा आफूले समेत धनमाल लिए खाएको रहेछ भने त्यस्तो व्यक्ति वा मतियारलाई वादी पक्षको गवाहको रुपमा अदालत समक्ष प्रस्तुत गरिने छैन र निजलाई उपदफा (२) बमोजिमको सुविधा समेत प्राप्त हुने छैन ।

५६. अन्य व्यक्ति उपर पनि कारवाई गर्न सक्ने :– सार्वजनिक पद धारण गरेको वहालवाला वा अवकाश प्राप्त कुनै व्यक्ति उपर भ्रष्टाचारको आरोपमा यस ऐन बमोजिम अनुसन्धान र तहकिकात भएको वा मुद्दा चलेकोमा सो अपराधमा संलग्न देखिएको अन्य व्यक्ति उपर समेत आयोगले कारवाई चलाउन सक्नेछ ।

५७. आयोगले कार्यविधि व्यवस्थित गर्न सक्ने :–आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

५८. वार्षिक प्रतिवेदन : – आयोगले आफूले ग रेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ समक्ष पेश गर्नु पर्नेछ ।

५९. मुद्दा हेर्ने अधिकार क्षेत्र र कार्यविधि :– (१) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरेको मुद्दा आयोगको कार्यालय रहेको जिल्लाको पुनरावेदन सुन्ने अदालत वा अपराध भएको जिल्लाको पुनरावेदन सुन्ने अदालत मध्ये जुन पुनरावेदन अदालतमा दायर हुन्छ सो पुनरावेदन अदालतको संयुक्त इजलासले हेरी कारवाई किनारा गर्नेछ ।

(२) भ्रष्टाचारको आरोपमा यस ऐन अन्तर्गत चलेको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ ।

(३) यस ऐन अन्तर्गतको मुद्दा अनुसन्धान अधिकृतको वा आयोगले मुद्दा चलाउन अधिकार सुम्पेको अन्य कुनै निकाय वा कार्यालयको प्रतिवेदनबाट चल्नेछ ।

(४) यस ऐन बमोजिम भ्रष्टाचारको कसूरमा चलेको मुद्दा फिर्ता लिन हुदैन ।

(५) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरेको भ्रष्टाचार सम्बन्धी मुद्दाको पुनरावेदनको म्याद आयोगलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको पुनरावेदन म्याद दिंदा ७० दिनको म्याद दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिव माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानूनले थमाउन पाउने म्यादमा अदालतले बढीमा तीस दिनसम्म म्याद थामी दिन सक्नेछ।

(८) यस ऐन बमोजिम चलेको मुद्दामा पुनरावेदन गर्ने वा नगर्ने अधिकार आयोगलाई हुनेछ।

६०. थुनछेक सम्बन्धी व्यवस्था :– (१) तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अदालतले देहायको अवस्थामा अभियुक्तलार्य थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ।

यस ऐन बमोजिम चलेको तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराध।

(२) उपदफा (१) मा लेखिए देखि वाहेक अन्य अवस्थामा मनासिव कारण भएमा भ्रष्टाचारको अभियोग लागेको अभियुक्तसंग अदालतले धरौटी वा जमानत माग गर्न सक्नेछ।

६१. हद म्याद :– (१) सरकारी वा सार्वजनिक वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानी नोक्सानी वा हक जाने काम गरी भ्रष्टाचार गरेको मुद्दामा कुनै हद म्याद लाग्ने छैन।

(२) उपदफा (१) मा उल्लेखित वाहेक अन्य भ्रष्टाचारको कसूरमा सो कार्य भएको पांच वर्ष भित्र मुद्दा दायर नगरे लाग्न सक्दैन।

६२. सवामा पुनः स्थापित हुने :– कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति उपर यस ऐन बमोजिम मुद्दा चलाइएकोमा निजले आफूलाई लागेको अभियोगमा सम्बन्धित अदालतबाट सफाई पाएमा निज आफ्नो सेवामा पुनः स्थापित हुनेछ।

तर निजले सम्बन्धित अदालतबाट सफाई पाउने गरी फैसला भएको सुचना पाएको मितिले तीन महिना भित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन वाध्य हुने छैन।

६३. अन्य कानून बमोजिम अनुसन्धान गर्न, विभागीय कारवाई गर्नवा मुद्दा चलाउन सक्ने :– यस ऐनमा लेखिएको कुनै कुराले पनि श्री ५ को सरकारको कुनै निकायले अन्य कुनै व्यक्ति वा पदाधिकारी उपर अन्य प्रचलित कानून बमोजिम अनुसन्धान गर्न, विभागीय कारवाई गर्न वा मुद्दा चलाउन पाउने अधिकारमा वाधा पुऱ्याएको मानिने छैन।

६४. बाझिएमा गर्ने :– प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ।

६५. नियम बनाउने :– यो ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्नेछ।

६६. सरोकारवालालाई पक्ष कायम गर्ने :– यस ऐन बमोजिम दायर भएको कुनै मुद्दा यस ऐन अन्तर्गत नपर्ने देखिएमा अदालतले सम्बन्धित निकायलाई सो कुराको जनाउ दिनेछ। सम्बन्धित निकायले पनि सो जनाउ पाएपछि कानून बमोजिम मुद्दा दायर गर्नेछ। त्यसरी जनाउ पाएपछि मुद्दा दायर गर्नलाई सो जनाउ प्राप्त भएका मितिले प्रचलित कानून बमोजिमको हदम्याद शुरु भएको मानिनेछ।

६७. खारेजी र बचाउ : – (१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (संशोधन सहित) २०४८ खारेज गरिएको छ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (संशोधन सहित) बमोजिम अनुसन्धान तहकिकात भएका र यस आयोगले अदालतमा दायर गरेका सबै मुद्दाहरु यसै ऐन बमोजिम अनुसन्धान तहकिकात गरी दायर गरेको मानिनेछ।

(३) भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज गरिएको छ।

(४) भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम विशेष प्रहरी विभाग वा प्रमुख जिल्ला अधिकारीले जिल्ला अदालतमा दायर गरेका मुद्दाहरु तत् तत् अदालतबाट कारवाई र किनारा गर्न सकिनेछ।

विशेष इजलास

सम्माननीय प्रधान न्यायाधीश	श्री सुरेन्द्र प्रसाद सिंह
माननीय न्यायाधीश	श्री केशव प्रसाद उपाध्याय
माननीय न्यायाधीश	श्री लक्ष्मण प्रसाद अर्याल
माननीय न्यायाधीश	श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश	श्री उदयराज उपाध्याय

२०५१ सालको रिट नं २५५०

आदेश मिति २०५३।६।८।३

विषय :– संविधानको धारा ८८ (१) बमोजिम ऐन अमान्य घोषित गरी धारा ८८ (२) बमोजिम परमादेश समेतको आदेश जारी गरी पाउं ।

का.जि.का.न.पा. वडा नं. ३२ बस्ने अधिवक्ता बालकृष्ण न्यौपाने ।

विरुद्ध

श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय ।
कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।
शाही नेपाल वायु सेवा निगम ।

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८ अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार छ :–

२. संविधानको भाग १२ मा राखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा उक्त ऐनको पहिलो संशोधनद्वारा थपिएको वाक्यांश दफा ४ को उपदफा (१)(३)(४)(५) दफा १२ को प्रतिबन्धात्मक वाक्यांश र दफा १९ को उपदफा (१२) का प्रावधानहरुले निस्कृय र निरर्थक पारेको हुनाले यो संविधान प्रारम्भ भएपछि सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट भएका र भइरहेका अनुचित कार्य र भ्रष्टाचारमा अनेकौं गम्भीर प्रकृतिको अधिकार दुरुपयोगका कामहरु व्यापक तवरले सार्वजनिक जानकारीमा आई रहेका छन् यसले गर्दा जनताका रोष र क्षोभहरुले उग्र अशान्तिको रुप धारण गरी राष्ट्रिय धन जन र अवसरहरुको अपार हानी नोक्सानी भइरहे पनि संविधानले अधिकार सम्पन्न त्यो आयोग उपयुक्त कारवाई को लागि निस्कृय रही आएको अनेकौं घटनाहरु मध्ये शाही नेपाल वायुसेवा निगमको युरोपको लागि टिकट बिक्री गर्ने जि.एस.ए. (जनरल सेल्स एजेण्ट) नियुक्ति गर्ने कार्य जुन धमिजा काण्डको नाउंमा सार्वजनिक तवरमा प्रख्यात छ । त्यस काण्ड सम्बन्धी अनियमितता संसद का समक्ष पनि विवादको विषय बनी त्यसकै परोक्ष प्रतिक्रिया स्वरुप संसदमा सरकारको पराजय र प्रतिनिधि सभाको विघटन समेतको स्थित उत्पन्न हुंदासम्म यस देशको कुनै नागरिकले संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग भन्ने कुनै निकाय ले संविधानको धारा ९८(१)

बमोजिम कुनै प्रकारको अनुसन्धान वा तहकिकात गरेको वा संविधानको धारा ९८ को उपधारा (६) बमोजिम त्यस निकायको त्यस संबन्धमा कुनै प्रतिवेदन संसदका समक्ष प्रस्तुत गरिएको कुनै जानकारी पाउन सकेको छैन ।

३. पूर्ण प्रजातन्त्र प्रतिको प्रतिबद्धताका साथ निर्मित यस संविधानमा राज्यको कुनै पनि अंगलाई निरंकुश र स्वेच्छाचारी बन्न नदिने सतर्कता कार्यकारिणी अधिकारको प्रति बढी राखिएको र नियन्त्रण र सन्तुलनको समुचित उद्देश्य पुरा गर्न एउटा सक्षम र शक्ति सम्पन्न निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा राखिउको शुरु "परिभाषामा दफा ४ को उपदफा (१) मा उल्लेखित" भन्ने वाक्यांश २०४९।२।२ को पहिलो संशोधनद्वारा थप गरी यस आयोगको अधिकार क्षेत्रलाई अनुचित तवरले सीमित पारेको छ ।

४. ऐनको दफा ४ को उपदफा (१)(३)(४) र (५) को प्रावधानहरुले धारा ९८ को उपधारा (१)(२) र (३) समेतसंग स्पष्ट तवरले बाझिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिका अनुचित कार्य र भ्रष्टाचारको वारेमा अनुसंधान तहकिकात गर्न सचेत गराउन वा कारवाई गर्नका साथै मुद्दा दायर गर्न गराउनमा अनुचित बन्देज लगाई उन्मुक्ति दिएको छ ।

५. उक्त ऐनको दफा १२ को प्रतिबन्धात्मक वाक्यांशले दफा १९ को उपदफा (१२) को व्यवस्थाले सार्वजकि पद धारण गरेका व्यक्तिहरु र खास गरेर कार्यकारिणी अधिकारको दुरुपयोग गर्ने प्रधानमन्त्री र मन्त्रीहरुलाई अपराधिक दायित्वबाट उन्मुक्ति दिने किसिमको कपटपूर्ण व्यवस्था राखी संविधानको सम्बन्धित उद्देश्यलाई निस्कृय र निरर्थक पारेको छ र संविधानको धारा ९८ को उपधारा (१) (२) र (३) समेतसंग स्पष्टतः बाझिएको छ ।

६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(१) मा उपदफा ३,४,५ का सार्वजनिक पद धारण गरेको व्यक्ति मध्ये देहायका व्यक्तिबाट भएको अख्तियार दुरुपयोग अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई आयोगले गर्नेछ भनी दफा ३, ४ र ५ मा उल्लेखित व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्र बाहिर पारेको छ । संविधानको धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांशमा त्यस्तो कारवाईको सम्बन्धमा यस संविधानद्वारा छुट्टै व्यवस्था गरिएको पदाधिकारी सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारीलाई मात्र आयोगको अधिकार क्षेत्र बाहिर पारेकोमा त्यो भन्दा वाहेकका सार्वजनिक पदमा बसेका व्यक्तिलाई आयोगको अधिकार क्षेत्र बाहिर पारी ऐन जारी गर्न मिल्दैन । संविधानले नै आयोगको काम कर्तव्य र अधिकार प्रष्ट रुपले व्याख्या गरी सकेपछि त्यसको विपरीत हुने गरी आयोगको अधिकार क्षेत्र तोक्न मिल्दैन । आयोगको अधिकार घटाउने, वा बढाउने अधिकार विधायिका लाई छैन । ऐनको दफा १२ को प्रतिबन्धात्मक वाक्यांशले प्रधानमन्त्रीलाई आयोगले कुनै कारवाई गर्न नपाउने र मन्त्री उपर पनि आफूले कारवाई नगरी प्रधानमन्त्रीलाई लेखी पठाउने मात्र कानूनी व्यवस्थाले प्रधानमन्त्री र मन्त्रीलाई आयोगको अधिकार क्षेत्र बाहिर राखेको छ । प्रधानमन्त्री र मन्त्री सार्वजनिक पदमा रहेका व्यक्ति हुन यिनीहरुलाई आयोगले अधिकार क्षेत्र बाहिर राख्ने मनसाय संविधानको धारा ९८ को होइन । ऐनको दफा १२ को प्रतिबन्धात्मक वाक्याश संविधानको धारा ९८ विपरीत छ ।

७. अतः माथिका प्रकरणहरुमा उल्लेखित तथ्य र कानूनको आधारमा संविधानको धारा ९८ को उपधारा (१)(२) र (३) समेतसंग बाझिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा ऐनको पहिलो संशोधनद्वारा थपिएको वाक्यांश दफा ४ को उपदफा (१)(३)(४) र (५) दफा १२ र दफा १९ को उपदफा (१२) समेत संविधानको धारा १(१) बमोजिम प्रारम्भ देखि नै बदर घोषित गरी अमान्य गरी शाही नेपाल वायुसेवा निगमको युरोपको लागि टिकट बिक्री गर्ने समेतको एजेण्ट नियुक्तिको सम्बन्धमा सार्वजनिक जानकारीमा आएको अनुचित कार्य र भ्रष्टाचार सम्बन्धी विषयमा संविधानको धारा ९८ को उपधारा (१) (२) र (३) समेत अन्तर्गतको अनुसन्धान तहकिकात र कारवाई गर्ने कर्तव्य गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाउमा संविधानको धारा ८८ को उपधारा (२) बमोजिम परमादेश लगायतको उपयुक्त आज्ञा आदेश जारी गारी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

८. यसमा के कसो भएको हो निवेदकको माग बमोजिम किन आदेश जारी हुन नपर्ने हो ? १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुको नाउमा म्याद जारी गर्नु भन्ने यस अदालत विशेष इजलासको मिति २०५१।८।८ को आदेश ।

९. निवेदकले यस मन्त्रालयको के कस्तो कारवाईबाट संविधान प्रतिकुल काम भएको सो खुलाउन सक्नु भएको छैन । श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को अनुसुची २ बमोजिम यस मन्त्रालयले ऐन, नियम निर्माण गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई परामर्श दिने, मस्यौदा जांच्नेसम्म हो ऐन निर्माण गर्ने होइन । उक्त ऐन यस मन्त्रालयले बनाएको होइन । ऐनले धारा ९८ द्वारा प्रदत्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारलाई सीमित र संकुचित पारेको भन्ने रिट निवेदकको रिट निवेदन जिकिर यस मन्त्रालयको काम कारवाईसंग असम्बन्धित हुंदा बदर भागी छ भन्ने समेत व्यहोराको कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

१०. शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ अनुसार गठित एवं सञ्चालित शाही नेपाल वायुसेवा निगम आफ्नो कारोवार संचालन गर्न सक्षम छ । निगमले युरोपको लागि आफ्नो सेल्स एजेण्ट फस्ट एयरलाइन्स रेप्रिन्जेटिभ युरोप लि.लाई नियुक्ति गरेको कुरा निगमको ऐन नियम अनुसार रहेकोलाई अन्यथा भन्न मिल्दैन । निगमको ऐन नियम अनुसार नियुक्ति हुने जि.एस.ए.लाई भएको नियुक्तिमा कुनै अनियमितता भउको छैन । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८(१) ले सबै सार्वजनिक पदमा रहेको पदाधिकारीको हकमा अनुसन्धान तहकिकात गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नदिएको कुरा धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको व्यवस्थाले प्रष्ट गरेको छ । सबै सार्वजनिक पदाधिकारी उपर कारवाई गर्न सक्ने अख्तियार संविधानको धारा ९८(१) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिएको हो भन्ने रिट निवेदकको अभिकथन धारा ९८(१) कै रोहमा मिलेको छैन र मिल्ने पनि होइन । साथै राज्यको अंगको बीचको नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई धारा ९८(१) ले औल्याएको पनि छैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको शाही नेपाल वायुसेवा निगमको लिखित जवाफ ।

११. विपक्षीले रिट निवेदनमा उठाएको विषय श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ बमोजिम यस सचिवलायको कार्य क्षेत्र भित्र पर्ने होइन । रिट निवेदकले उठाएको विवादको ऐन, संससदबाट नै बनाएको कुरा उक्त ऐनबाट नै अवगत भएकै कुरामा विना आधार यस सचिवालयलाई विपक्षी बनाउनु भएको रिट निवेदन खारेज भागी हुंदा खारेज गरी पाउं भन्ने समेत व्यहोराको श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ ।

१२. नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूलाई सुम्पिएको संवैधानिक एवं कानूनी कर्तव्य संविधान एवं कानूनमा भएका व्यवस्थाको अधिनमा रही निर्वाह गर्नु पर्ने हुंदा निवेदकले हचुवा एवं काल्पनिक आधारमा आयोग निष्कृय भएको भनी दोषारोपण गर्न कुनै औचित्यपूर्ण कुरा हैन । ऐनमा भएको प्रावधान बमोजिम आयोगले कार्य सम्पादन गर्दा आयोगलाई पर्न आएका उजुरी वा आयोगलाई स्वत: जानकारी भएका विषयमा तथ्यको पहिचान गरी अनुसन्धानको कारवाई शुरु गरिने हुंदा त्यसतो तथ्यको पहिचान गर्दा कै अवस्थामा आयोगको कारवाईलाई सार्वजनिक गराउनु कानूनत: नमिल्ने विषय भएकोले निवेदकले सोही कुरामा आयोग निष्कृय भएको भनी दोषारोपण गर्नु न्यायोचित पनि होइन ।

१३. जहांसम्म आयोगको प्रश्न छ कानूनको सर्वमान्य सिद्धान्त एवं कानून व्याख्या ऐन बमोजिम वर्तमान ऐन कायम रहेसम्म त्यस वारे अन्यथा भन्न वा सो कुरा गर्न वा इनकार गर्न नमिल्ने हुंदा त्यस वारे आयोगका तर्फबाट कुनै जिकिर लिई रहन परेन । कुन कुन तहसम्मको के कस्ता कामहरु आयोगको अधिकार क्षेत्र भित्र पर्ने वा नपर्ने के हो ? अधिकार क्षेत्र वर्णन वा व्याख्या कसरी गर्ने भन्ने संविधान र ऐन कानूनमा वर्णित व्यवस्था अनुसार गर्नु पर्ने हुंदा त्यस वारे आयोगले कुनै लिखित जवाफ दिई रहनु आवश्यक छैन । शाही नेपाल वायुसेवा निगमको दिनेश धमिजा सम्बन्धी विषयमा आयोगबाट कानून बमोजिम कारवाई भई नै रहेको हुंदा त्यसवारे आयोगबाट निर्णय नभएसम्म कुनै कुरा पनि सार्वजनिक गर्न नमिल्ने कानूनी व्यवस्था रहेको व्यहोरा उल्लेख गर्दै रिट निवेदन खारेज हुन अनुरोध छ भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

१४. प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा तथा निवेदक अधिवक्ता श्री बालकृष्ण न्यौपानेले प्रस्तुत गर्नु भएको वहस तथा वहस नोटमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ ले अख्तियार दुरुपयोगअनुसन्धान आयोगलाई सार्वजनिक पद धारण गरेको व्यक्तिहरुको अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्न गराउन र मुद्दा चलाउन समेतको अधिकार दिई राखेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा उक्त ऐनको पहिलो संशोधनद्वारा थपिएको वाक्यांश दफा ४ को उपदफा (१)(३)(४)(५) दफा १२ को प्रतिबन्धात्मक वाक्यांश र दफा १९ को उपदफा १२ का प्रावधानहरुले सो आयोगको संवैधानिक अधिकारलाई निष्कृय पारेको छ । सोही कारणले शाही नेपाल वायुसेवा

निगमको युरोपका लागि एजेण्ट नियुक्तिको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिबाट अख्तियारको दुरुपयोग भएको भन्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारवाई गर्न सकेको छैन । संविधानको धारा ९८ को उपधारा (१) ले प्रतिबन्ध लगाएका पदाधिकारी वाहेक सार्वजनिक पद धारण गरेको अन्य पदाधिकारीले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेकोमा अनुसन्धान तहकिकात गर्न वा गराउन सक्ने अधिकार संविधानको धारा ९८ ले आयोगलाई प्रदान गरेको हुंदा संविधानले प्रदान गरेको उक्त सारवान अधिकारलाई ऐनले संकुचित र निष्कृय पार्न सक्देन । तर अख्तियार दुरुपयोग अनुसन्धान ओग ऐनले आयोगले कारवाई गर्नु पर्ने महत्वपूर्ण ओहदाधारीहरुलाई नै उन्मुक्ति दिएको छ । ऐनको दफा २ को खण्ड (घ) को मिति २०४९।२।२ मा पहिलो संशोधन हुनुभन्दा अघिको मूल स्वरुप संविधान बमोजिम थियो तर पहिलो संशोधनले त्यसलाई संकुचित पारी संविधानद्वारा परिलक्षित ओहदाधारीहरुलाई अप्रत्यक्ष तवरले उन्मुक्ति दिएको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरुमा संविधानले उन्मुक्ति दिएका पदाधिकारीहरुमा ऐनको दफा ४ को उपदफा (३) को खण्ड (क) देखि (ङ) सम्मका व्यक्तिहरु पनि पर्ने कुनै युक्तिसंगत आधार छैन । ती पदाधिकारीहरु पदमुक्त हुने कुरा एउटा हो र ती व्यक्तिहरुको सम्बन्धमा अनुसन्धान र तहकिकात हुने अर्को कुरा हो । संविधानमा ती पदाधिकारीहरुको विरुद्धमा अनुसन्धान र तहकिकात गर्न नमिल्ने कुनै बचाउ वा उन्मुक्तिको परिकल्पना गरेको देखिन्न । अतः निवेदकको माग बमोजिमका अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफाहरु अमान्य घोषित गरी शाही नेपाल वायुसेवा निगमको युरोपको लागि एजेण्ट नियुक्त गरिएको विषयमा अनुसन्धान र तहकिकात समेतका कारवाईहरु गर्नु भन्ने उत्प्रेषणयुक्त परमादेशको आदेश जारी होस भनी उल्लेख गर्नु भएको छ ।

१५. त्यस्तै प्रत्यर्थी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ सरकारी अधिवक्ता श्री बलराम के.सी.ले संविधानको धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांश (क) र (ख) मा लेखिउका पदाधिकारीको सम्बन्धमा संविधानमै कारवाई गर्ने छुट्टै व्यवस्था गरिएको पदाधिकारीको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिधि भित्र पर्दैन । सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा संविधानले नगरेको भए पनि त्यस्तो परिभाषाको आवश्यकता परेकोले नै ऐनमा समावेश गरिएको हो । विधायिकी बुद्धिमता (Legisletive Wisdom)) मा अदालतले प्रवेश गर्न मिल्दैन भन्ने समेत वहस प्रस्तुत गर्नु भयो ।

१६. उपरोक्त सम्पूर्ण विवादको कुरालाई संक्षेपमा राख्दा प्रस्तुत रिट निवेदनमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्न गराउन र मुद्दा चलाउन समेतको अधिकार दिई राखेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र त्यस ऐनको पहिलो संशोधनद्वारा सो आयोगको संवैधानिक अधिकारलाई निष्कृय पारेको हुंदा संविधानको उद्देश्य र धारा ९८ संग बाझिएकोले उक्त ऐनमा सम्बन्धित दफाहरु प्रारम्भ देखि नै अमान्य घोषित गरी पाउं भन्ने निवेदकको पहिलो जिकिर रहेको देखिन्छ । सोही जिकिरमा आधारित निवेदकको दोश्रो जिकिर चाहिं उक्त संविधानसंग बाझिउको ऐनहरुको कारणबाट शाही नेपाल वायुसेवा निगमको युरोपका लागि एजेण्ट नियुक्तिको सिलसिलामा सार्वजनिक पद धारण गरेका व्यक्तिबाट अख्तियारको दुरुपयोग भएको भन्ने सम्बन्धमा कारवाई नगरी निष्कउय हुन पुगेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाउमा कारवाई गर्नु भनी परमादेश समेत जारी गरी पाउं भन्ने रहेको पाइन्छ । रिट निवेदनमा लिइएका जिकिरहरुलाई विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्माले दुई तीन पटकको वहस क्रममा स्पष्ट गर्नुको अतिरिक्त वहस नोट समेत पेश गर्नु भएको छ । निवेदन जिकिर र विद्वान वरिष्ठ अधिवक्ता र रिट निवेदक रहनु भएका विद्वान अधिवक्ता श्री बालकृष्ण न्यौपानेको वहसमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) अन्तर्गत संविधानसंग बाझिएको भनी जिकिर लिइएका कानूनहरु यस प्रकार रहेका छन् :

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ को दफा २ ।
(२) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(१)(३), (४)(५) दफा १२ को प्रतिबन्धात्मक वाक्यांश र दफा
१९(१२) ।

१७. विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लिखित जवाफमा कानूनको सर्वमान्य सिद्धान्त एवं वर्तमान ऐन कायम रहेसम्म अन्यथा भन्न वा गर्न वा इनकार गर्न नमिल्ने र शाही नेपाल वायुसेवा निगमको दिनेश धमिजा सम्बन्धी विषयमा आयोगबाट कारवाई भई राखेको व्यहोरा उल्लेख गरिएको देखिन्छ । विपक्षी मन्त्रिपरिषद् सचिवालय र कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतको लिखित जवाफमा कानून बनाउने निकाय सो मन्त्रालयहरु

नभएको भनी उल्लेख भएको देखिन्छ । विपक्षी शाही नेपाल वायुसेवा निगमबाट सो निगमको युरोपको लागि आफ्नो सेल्स एजेण्ट नियुक्त गरेको कार्य निगमको ऐन नियम अनुसार नै गरिउको र प्रधानमन्त्री वा अन्य मन्त्रीबाट गरिउको होइन भनी लिखित जवाफ पेश भउको देखिन्छ । विद्वान वरिष्ठ सरकारी अधिवक्ता श्री बलराम के.सी. ले कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतको लिखित ज़वाफको प्रतिरक्षार्थ आफ्नो वहस प्रस्तुत गर्नु हुदै सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा संविधानले नगरेको भए पनि त्यस्तो परिभाषाको आवश्यकता परेकोले ऐनमा समावेश गरिएको र कुनै पनि कानून सम्बनधमा विधायिकी नीतिको उपयुक्तता वा अभावका सम्बन्धमा अदालतबाट विचार गर्न मिल्दैन भन्ने समेत वहस प्रस्तुत गर्नु भएको देखिन्छ ।

१८. निवेदन जिकिर र लिखित जवाफ समेतमा दृष्टिगत गर्दा प्रस्तुत रिट निवेदनमा उक्त ऐनको उल्लेखित दफाहरु नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ (१)(२) र (३) को व्यवस्थासंग बाझिएको छ छैन र बाझिएको भएमा निवेदकको माग बमोजिम बाझिएका दफाहरु अमान्य घोषित गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका नाउमा शाही नेपाल वायुसेवा निगमको युरोपमा एजेण्ट नियुक्तिको विषयका कारवाई गर्नु भन्ने परमादेश समेत जारी गर्नु पर्ने स्थिति छ छैन भन्ने मूलतः २ प्रश्नमा निर्णय दिनु पर्ने हुन आएको छ ।

१९. विवादको विषय वस्तुको यथार्थताको समझ र निराकरणका लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (१) (२) र (३) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई के कस्तो अधिकार दिउको छ ? सो अधिकारको प्रकृति एवं सो अधिकारमा नेपाल अधिराज्यको संविधान, २०४७ ले नै कुनै सीमा तोकेको वा नियन्त्रण राखेको अथवा कुनै व्यक्ति वा पदाधिकारीलाई सो आयोगको क्षेत्राधिकार बाहिर राखेको छ, छैन ? यस विषयमा विचार गर्नु पर्ने आवश्यक हुन्छ ।

२०. माथिल्लो तहका सार्वजनिक पद धारण गरेको व्यक्तिहरुबाट नै राज्यको व्यवस्था संचालन हुने हुंदा त्यस्ता व्यक्तिहरुमा पदीय आचरण र निष्ठाको उच्चतम स्तर कायम राख्ने संस्थाको रुपमा अन्य मुलुकमा जस्तै हामीकहां पनि स्वतन्त्र, निष्पक्ष र सशक्त संस्थाको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२१. अन्य मुलुकमा भएको यस किसिमको संस्थाको विकासक्रम हेर्दा फ्रान्समा नेपोलियनको समयदेखि नै प्रशासकीय अदालत (Conseil d'Edat) द्वारा व्यक्ति विशेषको हक हित संरक्षण गर्न त्यस सम्बन्धी उजुरी हेर्नुको साथै सार्वजनिक सेवाको आदर्श दिगो राख्ने व्यवस्था रहेको र पछि सन् १९७३ मा Mediateur नामक अतिरिक्त पदाधिकारीको व्यवस्था रहेको पाइन्छ भने स्वडेनमा १८०९ देखि, फिनलैण्डमा सन् १९१९ देखि, यस किसिमको संस्था रहेको र त्यसमा समयानुकूल विकास हुदै आएको देखिन्छ । त्यस्तै सन् १९५४ देखि डेनमार्कमा, सन् १९६२ देखि नर्वेमा, अम्बुडसम्यान (Ombudsman) नामक संस्था स्थापना भएको, सन् १९६२ मा न्यूजीलैण्डमा र सन् १९६७ मा संयुक्त अधिराज्यमा पार्लियामेन्टरी कमिस्नर (Parliamentary Commissioner) नामक संस्थाको स्थापना भएको देखिन्छ । त्यस्तै पूर्व साम्यवादी मुलुक सोभियत युनियन र पूर्वी युरोपका देशहरुमा प्रोक्यूरेटर जेनरल (Procurator General) को व्यवस्था रहेको बुझिन्छ । यसप्रकार विभिन्न मुलुकमा विभिन्न नामाकरण गरी रहेको यस किसिमको संस्थाको स्वरुप र कार्यक्षेत्र सबै ठाउंमा बेग्ला बेग्लै रहेको समेत देखिन आउंछ । क्यानाडाको केही प्रान्तहरुमा अन्य केही मुलुकमा रहे जस्तै मानव अधिकारको हनन् सम्बन्धी जस्तो खास खास विषयमा कारवाईको लागि अम्बुडसम्यान (Ombudsman) रहने गरेको देखिन आउंछ । छिमेकी भारतमा संघीय स्तरमा यस किसिमको संस्था स्थापना गर्नको लागि विगत ३० वर्ष देखि क्रमिक प्रयास भै राखेको देखिन्छ । कतिपय राज्यमा लोकपालको व्यवस्था भए पनि संघीय स्तरमा ५ पटकसम्म यस विषयमा लोकपाल विधेयक भारतीय संसदमा ल्याइएको भए तापनि आजसम्म त्यस्तो विधेयक कुनै कारणवस पारित हुन सकेको पाइदैन । संयुक्त राज्य अमेरिकामा सैनिक अनुशासनमा केही सीमित मात्रामा वाहेक अरु क्षेत्रमा यस किसिमको संस्थाको आवश्यकता अद्यापि अनुभव गरिएको पाइदैन ।

२२. हामीकहां वर्तमान संविधान भन्दा अघि पनि नेपालको संविधान, २०१९ को सम्वत् २०३२ सालमा भएको संशोधनले अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था गरेको पाइन्छ । तत्कालिन संविधान अन्तर्गतको आयोगद्वारा अख्तियारको दुरुपयोग सम्बन्धमा अनुसन्धान तहकिकातको साथै आफैले मुद्दा हेर्ने समेत व्यवस्था रहेकोमा एउटै निकायबाट सो दुवै कार्य हुंदा विवादास्पद हुने भनी मुद्दा हेर्ने कामलाई छुट्याई अनुसन्धान तहकिकात गरी सचेत गराउने वा मुद्दा चलाउने वा चलाउन लगाउने कारवाई गर्ने गरी नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्था गरिएको पाइन्छ ।

२३. अन्य मुलुकमा रहेको व्यवस्थालाई समग्रमा हेर्दा यस किसिमको संस्थाको काम, कर्तव्य र अधिकारको प्रकृति विभागीय अनुशासन सम्बन्धी सजायको आदेश गर्नु वा भ्रष्टाचार इत्यादिको लागि स्वयंले मुद्दा हेरी सजाय ठहर गर्ने नभई विभागीय सजायको लागि सिफारिश गर्ने वा अदालतमा मुद्दा चलाउने वा चलाउन लगाउनेसम्म काम, कर्तव्य रहेको देखिन्छ । यस संस्थाको काम कारवाई मा यस संस्थाद्वारा प्रयोग गरिने ठूलो हतियारको रुपमा अख्तियारको दुरुपयोग सम्बन्धमा कहि स्वयंले मुद्दा चलाउने, कहिं मुद्दा चलाउन निर्देश गर्ने र सो भन्दा बढी प्रभावकारी उपायको रुपमा संसदमा प्रतिवेदन पेश गरी उच्चतम ओहदामा बस्नेहरुले ओहदाको आडमा गर्ने अनुचित कार्य र भ्रष्टाचारको जानकारी गराउनु रहेको बुझिन आउंछ ।

२४. वर्तमान समयमा प्रजातान्त्रिक संविधान र त्यस्तो संविधानमा अभिव्यक्त लोक कल्याणकारी शासन व्यवस्था एवं निर्देशक सिद्धान्तलाई उच्च ओहदाका पदाधिकारीहरुद्वारा व्यवहारमा उतार्नका लागि त्यस्ता पदाधिकारीहरुको पदीय आचरण र निष्ठालार्य कायम राख्न अख्तियार दुरुपयोगमा कारवाई गर्ने स्वतन्त्र र प्रभावकारी संस्थाको आवश्यकता नकार्न सकिदैन । खास गरेर हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विकासको लागि सीमित आर्थिक साधनको दुरुपयोग हुन नदिनको लागि समेत उपयुक्त व्यवस्था हुनु पर्ने हुंदा यस्तो संस्थाको संवैधानिक संस्थाको रुपमा विकास हुन गएको देखिन आउंछ । तसर्थ पहिले देखि नै यस्ता संस्था रही आएका मुलुकहरुमा सामान्यतया यस्तो संस्था प्रतिनिधि सभा प्रति उत्तरदायी हुने गरी व्यवस्था भएको देखिनुको अतिरिक्त संवैधानिक निकायको रुपमा नभई प्रायः संसदद्वारा पारित कानुनी निकायको रुपमा खडा हुने गरेको भए पनि सो भन्दा केही भिन्न स्थितिको हाम्रो संवैधानिक व्यवस्थामा यस्तो संस्थाको स्थान रहनु स्वभाविक देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको काम कारवाईको वार्षिक प्रतिवेदन श्री ५ मा चढाउने र मौसूफबाट संसद समक्ष राख्न लगाई बक्सने व्यवस्था हामीकहां संविधानको धारा ९८ (६) मा रहेकै कारणले आयोगलाई संसद अधिनस्थ निकाय हो भन्ने स्थिति पनि देखिदैन । यस किसिमको संस्थाको अदालत र न्यायिक कार्य प्रतिको क्षेत्राधिकार पनि सबै मुलुकमा एकनासको रहेको देखिदैन । सन् १९५४ को डेनमार्कको कानून अन्तर्गत अम्बुडसम्यान (Ombudsman) ले न्यायाधीश लगायत न्याय प्रशासनमा संलग्न पदाधिकारी उपर कारवाई गर्न पाउने व्यवस्था रहेको पाइदैन भने फिनलैण्डमा अदालती कारवाई र अन्य अधिकारीद्वारा कानूनको पालना भए नभएको जांचबुझ गर्नु पर्ने कर्तव्य समेत प्रतिनिधि सभाको निर्देशन बमोजिम निर्वाह गर्ने गरेको बुझिन्छ ।

२५. अन्य मुलुकमा रहेको यस्तो संस्थाको स्वरुप काम कर्तव्य र अधिकारहरु सो मुलुकको संवैधानिक प्रावधान वा कानूनद्वारा हाम्रो भन्दा पृथकरुपमा रहेकोले अन्ततः हाम्रो वर्तमान संवैधानिक संरचना भित्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य अधिकार सम्बन्धमा संविधानको भाषा र शब्दमा नै निर्भर हुनु पर्ने देखिन आउंछ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (१) ले संविधानद्वारा नै छुट्टै कारवाईको व्यवस्था गरिएको पदाधिकारी र सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारी वाहेक कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिहरुले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको विषयमा कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न र गराउन सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको देखिन्छ । उपधारा (२) ले आयोगले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गर्ने व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाईको लागि अख्तियारवालालार्य लेखी पठाउन सक्ने र उपधारा (३) ले भ्रष्टाचारको अपराध नै गरेको देखेमा सो अपराधमा संलग्न व्यक्तिहरु उपर स्वयंले मुद्दा दायर गर्न सक्ने अथवा अरुद्वारा मुद्दा दायर गराउन सक्ने अधिकार दिएको देखिन्छ । यस व्यवस्था अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा अनुसन्धान र तहकिकात गर्ने गराउने विषयमा कानून बमोजिमको कार्यविधि अपनाउनु पर्ने र आयोगको थप अन्य काम, कर्तव्य अधिकार एवं कार्यविधि सम्बन्धमा समेत व्यवस्थित गर्न सकिने कुरा उपधारा (४) बाट देखिन आउंछ । तसर्थ आयोगको काम, कर्तव्य र अधिकार तथा आयोगद्वारा अपनाइने कार्यविधि सम्बन्धमा संविधानमा भएको व्यवस्था नै पूर्ण छ र कानूनद्वारा थप व्यवस्था गर्न मिल्दैन भन्ने देखिदैन । तर उपधारा (४) ले कानूनद्वारा यस किसिमको व्यवस्था गर्दा संविधानको अधिनमा रही गरिनु पर्ने शर्त राखेकोले संविधानको उद्देश्य र व्यवस्था खास गरी धारा ९८ को व्यवस्था अनुकूल हुने गरी कानूनको निर्माण हुन सक्ने परिकल्पना गरिउको पाइन्छ । अर्थात धारा ९८ को व्यवस्था अनुकूल रहेसम्म त्यस्तो कानूनको सम्बन्धमा अमान्यताको विवादलाई युक्तियुक्त वा औचित्यपूर्ण मान्न सकिने स्थिति रहदैन । यसको अतिरिक्त संविधानले नै कानूनद्वारा थप काम, कर्तव्य र अधिकार प्रदान गर्न सकिने व्यवस्था गरेकोले सो व्यवस्था अन्तर्गत सारवान वा कार्यविधिगत दुवै किसिमको कानून निर्माण हुन सक्ने नै देखिन्छ । यसरी धारा ९८ को उपधारा (४) को प्रयोजनको लागि बनाइने कानूनले आयोगको काम, कर्तव्यहरु सम्बन्धमा संविधानमा भैराखेको व्यवस्था र सो संवैधानिक व्यवस्थाको उद्देश्य परिपूर्तिको लागि थपन सक्ने भए पनि संविधानद्वारा व्यवस्थित काम,

कर्तव्य र अधिकारलाई कटौती गर्न अथवा सीमित गर्न वा कुनै किसिमको नियन्त्रण गर्न चाहिं मिल्ने देखिदैन । संविधानको धारा ९८ को व्यवस्था सम्बन्धमा निवेदन जिकिर मा विवाद उठाइएका उल्लेखित कानूनहरुको सन्दर्भमा पुनः विश्लेषण गरिने हुंदा अब निवेदन जिकिरका कुराहरुमा प्रवेश गर्नु उपयुक्त देखिन्छ ।

२६. रिट निवेदकको पहिलो जिकिर नेपाल अधिराज्यको संविधानको भाग १२ मा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा सो ऐनको पहिलो सशोधनद्वारा थपिएको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति भन्ने वाक्यांशले अनुचित तवरले सीमित पारेको छ भन्ने रहेको छ ।

२७. निवेदक पक्षका विद्वान वरिष्ठ अधिवक्ताले मिति २०४९।२।२ मा भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधनले संविधानद्वारा परिलक्षित सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा मूल ऐनको दफा ४(१) संग आवद्ध गरी संविधानको अभिप्राय भन्दा संकुचित पारेको छ भन्ने वहस जिकिर प्रस्तुत गर्नु भएको छ । साथै यस्तो परिभाषा गर्नु पर्ने आवश्यकता रहेको भए नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३२ मा नै सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा दिइने थियो, अन्यथा सार्वजनिक पद धारण गरेको व्यक्तिको अर्थ र अवधारणा स्पष्ट गर्ने धारा ९८ मा नै स्पष्टीकरण समेत राख्न सकिने थियो भन्ने पनि विद्वान वरिष्ठ अधिवक्ताको जिकिर रहेको छ । निवेदक पक्षको यस वहस जिकिर सम्बन्धमा विचार गर्दा यद्यपि संविधानमा सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा दिइएको छैन तापनि ऐनद्वारा परिभाषा गरिएकै कारणले मात्र असंधानिक हुन्छ भन्ने देखिन आउदैन । उपरोक्त संशोधन अघिको मूल ऐनको दफा २ (घ) मा रहेको सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नु पर्ने पदमा रहेको व्यक्ति सम्झनु पर्छ भन्ने परिभाषालाई विद्वान वरिष्ठ अधिवक्ताले समेत संविधान अनुकूल रहेको थियो भन्ने कुरा मान्नु भएकै देखिन्छ । माथि उल्लेख गरिए बमोजिम नेपाल अधिराज्यको संविधानको धारा ९८(४) अन्तर्गत आयोगको काम, कर्तव्य र अधिकार एवं कार्यविधि सम्बन्धी कानूनी व्यवस्था नै पनि गर्न सकिनेमा संविधानमा परेको शव्दको संविधान अनुकूल ऐनमा परिभाषा गर्न मिल्ने नै हुन्छ । तर पहिलो संशोधन ऐनद्वारा मूल ऐनको दफा ४ को उपदफा (१) संग सापेक्ष गरी सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्बन्धमा मूल ऐनद्वारा गरिएको परिभाषाको अर्थ र अवधारणा सीमित गर्न खोजिएको हो भन्ने निवेदन जिकिरलाई गम्भीरता साथ मनन गर्नु पर्ने अवस्था देखिन आउंछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को मिति २०४९।२।२ मा लागू भएको प्रथम संशोधनले एकातिर दफा २(घ) मा सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा गर्दा दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति भन्ने थप गरेको र अर्को तिर दफा ४(२) लाई झिकेको पाइन्छ । उक्त खारेज भएको दफा ४ को उपदफा (२) मा उपदफा (१) मा उल्लेख भएका व्यक्ति वाहेक अन्य सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकात आयोगले श्री ५ धको सरकारको कुनै सम्बन्धित निकाय वा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्थागरेको थियो । यसरी मूल ऐनको दफा २ (घ) मा संशोधनद्वारा थपेको र मूल ऐनको दफा ४(२) लाई झिकेकोले सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले ऐनको दफा ४(१) मा उल्लेख भएका पदाधिकारीहरुलाई मात्र सीमित पारी सार्वजनिक पद धारण गरेको पदाधिकारीको अर्थ संकुचित पारी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (१) को खण्ड (क) र (ख) मा अपवादित गरे वाहेकका कुनै सार्वजनिक पद धारण गर्ने व्यक्ति भनी सार्वजनिक पद धारण गर्ने व्यक्तिको व्यापक दायरालाई सीमित गरेको प्रष्ट हुन आउंदछ ।

संविधानले सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई अनुचित कार्य वा भ्रष्टाचार जस्तो अपराधका सम्बन्धमा कारवाई गर्ने व्यापक व्यवस्था गरेकोमा त्यस्तो दायरा संकुचित गरी अपराध गर्ने व्यक्तिहरुको छुटको दायरा फराकिलो पारी सार्वजनिक अधिकारको प्रयोगमा शुद्धता र नियमितता ल्याउने संविधानको उद्देश्य नै बिफल हुने स्थिति सृजना भएको देखिन्छ । दफा ४ को उपदफा (१) ले सार्वजनिक पद धारण गरेका व्यक्तिहरु मध्ये भनी सो उपदफाको देहायमा लेखिउका व्यक्तिको सम्बन्धमा मात्र अख्तियार दुरुपयोग अनुसन्धान तहकिकात तथा तत्सम्बन्धी कारवाई सम्बन्धमा आयोग उपर कर्तव्य निरोपित गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ । सो उपदफाले नै सार्वजनिक पद धारण गरेका व्यक्तिहरु मध्ये सो उपदफाको देहायको व्यक्तिहरुका सम्बन्धमा मात्र व्यवस्था गरेकोबाट सार्वजनिक पद धारण गरेको व्यक्ति सबैलाई समाहित गरी व्यवस्था नगरेको स्वतः स्पष्ट छ । यस्तो संकुचित व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को आयोगको काम, कर्तव्य र अधिकारको संवैधानिक व्यवस्था प्रतिकूल हुने देखिन्छ । यसको अतिरिक्त दफा ४ को उपदफा (१) खण्ड (क) मा राजनैतिक नियुक्त हुने पदमा वहाल रहने पदाधिकारीको उल्लेख भएको र त्यसपछि खण्ड (ख) (ग) र (घ) मा उल्लेख भएका पदाधिकारी समेत अख्तियार दुरुपयोगअ नुसन्धान आयोगको क्षेत्राधिकार भित्रकै देखिन्छन् । आयोगद्वारा त्यस्ता सार्वजनिक पद धारण गरेको व्यक्तिहरु उपर अनुचित

कार्य गरी अख्तियारको दुरुपयोगगरेकोमा कारवाइएको लागि अख्तियारवाला समक्ष लेखी पठाउने र भ्रष्टाचारको अपराध गरेकोमा अदालतमा मुद्दा दायर गर्न वा गराउन कुनै बन्देज रहितको अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ ले आयोगलाई दिई राखेकोमा सोही दफाको उपदफा (५) को बन्देज राख्ने गरेको र दफा १९ को उपदफा (१२) ले राजनीतिक नियुक्ति हुने पदमा वहालमा रहेको व्यक्ति उपरको कारवाईको हकमा राखेको बन्देज समेत संविधान अनुकूल नरहेको कुरा निम्न प्रकरणमा स्पष्ट गरिएकोले कारवाई गर्न पाउने अन्यथा नपाउने हो भने सो बन्देज सहित त्यसतो व्यक्ति सम्बन्धी उल्लेखन परिभाषामा रहेको मान्नु पर्ने र त्यस्तो अभिप्रायले परिभाषा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ को अनुकूल नहुने कुरामा कुनै शंका देखिदैन । तसर्थ उपरोक्त पहिलो संशोधनद्वारा मूल ऐनको दफा २ को खण्ड (घ) मा सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा थप गरिएको वाक्यांशले संविधानद्वारा परिलक्षित सार्वजनिक पद धारण गरेको व्यक्तिको अवधारणालाई संकुचित अर्थ हुने गरी परिभाषित गरेकोबाट संविधान प्रदत्त आयोगको अधिकार सीमित हुन गएको देखिन आएकोले सोही कारणबाट त्यस्तो परिभाषा उक्त संशोधनद्वारा समावेश गरेको शब्दहरु संविधान अनुकूल भएको देखिएन । सारांशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ को दफा २ द्वारा गरिएको संशोधन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ संग बाझिएकोले धारा १ को उपधारा (१) बमोजिम अमान्य र बदर हुने भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) सो संशोधन पूर्वको स्थितिमा संशोधन नभए सरह पूर्ववत् कायम रहने ठहर्छ ।

२८. निवेदकको दोश्रो जिकिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (१) (३) (४) र (५) समेतका प्रावधानहरु नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (१) (२) र (३) समेतसंग बाझिउको छ भन्ने रहेको छ । विद्वान वरिष्ठ अधिवक्ताको वहसमा दफा ४ को उपदफा (१) लाई उपदफा (३) ले अत्यन्त सीमित र संकुचित पारेको छ भनी तर्क प्रस्तुत गरिएको छ । यस सम्बन्धमा विचार गर्दा दफा ४ को उपदफा (३) (४) र (५) मा लेखिएको शर्त बन्देजको अधिनस्थ उपदफा (१) लाई एकातिर राखेको देखिन्छ भने अर्कोतिर यो उपदफामा सार्वजनिक पद धारण गरेको व्यक्तिहरु मध्ये खण्ड (क) देखि (घ) सम्मका व्यक्तिबाट भएको अख्तियार दुरुपयोग सम्बन्धमा अनुसन्धान तहकिकात इतयादि आयोगले गर्न सक्ने व्यवस्था यस उपदफाले गरेको देखियो । यस उपदफामा राखिएको दफा ५ को अन्य उपदफाको बन्देज मध्ये उपदफा (५) संविधानसंग बाझिएको कुरा निम्न प्रकरणमा उल्लेख गरिएकोले त्यसरी बाझिएको उपदफालाई उपदफा (१) संग आवद्ध गरिनाले संविधानको व्यवस्थासंग त्यस्तो वाक्यांश वा शब्दहरु स्वतः बाझिन जान्छन् । साथै सार्वजनिक पद धारण गरेको व्यक्तिहरु मध्ये खण्ड (क) देखि (घ) सम्मका उल्लेखित व्यक्तिहरुको सम्बन्धमा मात्र यस उपदफामा व्यवस्था गरिएकोले यस उपदफाले सार्वजनिक पद धारण गरेको संविधानमा नै छुट्टै व्यवस्था भएका व्यक्तिहरु वाहेक अरु जुनसुकै व्यक्तिका सम्बन्धमा अख्तियार दुरुपयोगको विषयमा अनुसन्धान र तहकिकात गर्न पाउने संविधान को धारा ९८ द्वारा व्यवस्थित आयोगको अधिकारलाई नियन्त्रित वा संकुचित गर्न नसक्ने हुंदा यस उपदफालाई त्यस्तो अर्थ र अभिप्राय दिई प्रयोग गर्न समेत मिल्ने स्थिति रहदैन ।

२९. ऐनको दफा ४(१) मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरु मध्ये भनी उल्लेख गरी उक्त ४(१) को देहायमा उल्लेख भएका सार्वजनिक पद धारण गर्ने व्यक्तिहरु उपर आयोग स्वयंले नै कारवाई गर्नु पर्ने र सो उल्लेखित सार्वजनिक पद धारण गर्ने व्यक्ति वाहेक अरु सार्वजनिक पद धारण गर्ने उपर कारवाई गर्ने अधिकार अन्य निकाय वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्ने तात्पर्यको लागि सार्वजनिक पद धारण गर्ने व्यक्तिको २ भागमा बर्गीकरण गरेकोमा ऐनको दफा ४(२) खारेज भएपछि सो वर्गीकरण कायम नरही दफा ४(१) मा उल्लेखित मध्ये भन्ने शब्दमा कुनै सार्थकता नरही मूल ऐनको दफा २(घ) को परिभाषा कायम रहन आएपछि सार्वजनिक पद धारण गर्ने सबैधानले अपवादित गरे वाहेकका जुनसुकै सार्वजनिक पद धारण गर्ने व्यक्ति पनि आयोगको क्षेत्राधिकार भित्र पर्न आउने भै अनुचित कार्य तथा भ्रष्टाचार विषयमा अनुसन्धान तहकिकात गर्ने सम्बन्धमा आयोगको अधिकार कायम नै रहने हुंदा निवेदकको उक्त दफा ४(१) संविधानको धारा ९८(१) समेतसंग बाझिएकोले बदर घोषित गरी पाउं भन्ने रिट निवेदनको माग अनुसार बदर घोषित गरी रहन परेन ।

३०. निवेदक पक्षबाट दफा ४ को उपदफा (३) लाई समेत संविधानसंग बाझिएको भनिएको पाइन्छ । सो उपदफाको अवलोकन गर्दा खण्ड (क) मा न्यायाधीशहरुको उल्लेख भएकोमा संविधानको व्यवस्था हेर्दा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीशका सम्बन्धमा धारा ८७ ले कार्य क्षमताको अभाव वा खराव आचरण वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधारमा निजहरु उपर महाअभियोगको कारवाई हुन सक्ने छुट्टै व्यवस्था रहेको देखिन्छ । त्यसतै धारा ९१(३) मा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरु उपर समेत कारवाई

सम्बन्धमा संविधानमा पृथक पृथक व्यवस्था रहेको छ । न्यायाधीशहरु उपरको कारवाईलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार बाहिर राख्ने गरी भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (३) को अन्य खण्डहरुले क्रमशः खण्ड (ख) मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त एवं अन्य आयुक्तहरु, खण्ड (ग) मा महालेखा परीक्षक खण्ड (घ) मा लोक सेवा आयोगका अधयक्ष एवं सदस्यहरु खण्ड (ङ) मा प्रमुख निर्वाचन आयुक्त वा अन्य निर्वाचन आयुक्तहरु र खण्ड (च) मा सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारीहरु उपरको कारवाईलाई पनि सोही अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार भन्दा बाहिर राखेको देखिन्छ । खण्ड (क) देखि (ङ) सम्मका पदाधिकारीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट उन्मुक्ति दिनुको कारण संविधानको धारा ९८ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को व्यवस्था अन्तर्गत संविधानमा नै कारवाईको छुट्टै व्यवस्था गरिएको कारणले रहेको भन्ने विपक्षी तर्फको कथन छ । न्यायाधीशको सम्बन्धमा संविधान को व्यवस्था माथि उल्लेख गरि सकिएको ले त्यसको पुनरोक्ति गर्नु आवश्यक देखिदैन । संविधानको धारा ९७ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (ख) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तका सम्बन्धमा धारा ९९ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले महालेखा परीक्षकको सम्बन्धमा धारा १०१ को उपधारा (४) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले लोक सेवा आयोगको अध्यक्ष र सदस्यका सम्बन्धमा र धारा १०३ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तकमो सम्बन्धमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउने गरी नेपाल अधिराज्यको संविधान, २०४७ ले छुट्टै व्यवस्था गरेको देखिन आयो । निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ताको वहस जिकिरमा दफा ४ को उपदफा (३) को खण्ड (क) देखि (ङ) सम्म कुनै पनि पदाधिकारीको अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धमा संविधानको धारा ९८ को उपधारा (२) वा (३) जस्तो कारवाई गर्ने माथि उल्लेख भएको संवैधानिक व्यवस्था होइन भन्ने छ । यस सम्बन्धमा विचार गर्दा उपरोक्त पदाधिकारीका सम्बन्धमा कारवाईको लागि रहेको संविधानको व्यवस्था निवेदक पक्षका विद्वानको जिकिर बमोजिम संविधानको धरा ९८ को उपधारा (१) र (२) मा भए जस्तै हुनु पर्ने भन्ने कुरा सो उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को अवलोकनबाट नदेखिएको र ती पदाधिकारी हरुबाट भएको धारा ९८(३) मा उल्लेखित प्रकृतिको कार्यका लागि कारवाईको छुट्टै व्यवस्था संविधानमा हुनु पर्ने सम्म कुराको उल्लेख भएको पाइन्छ । संविधानमा स्पष्टत कार्य क्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरिएको अभियोगमा आरोप लागेका उपरोक्त पदाधिकारीहरुको बयान लिन, प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन गर्न प्रतिनिधि सभाका सदस्य तथा कानूनविद् समावेश भएको जांचबुझ समिति गठन हुन सक्ने व्यवस्था रहेका र त्यस्तो समितिबाट लिइएको बयान र संकलित सबूद प्रमाणको आधारमा अभियोगको कारवाईबाट प्रतिनिधि सभाको दुई तिहाई बहुमतले पारित प्रस्ताव श्री ५ बाट स्वीकृत गरी बक्सी अभियोग लगाइएका पदाधिकारीलाई हटाउने गरी संविधानमा रहेको संविधानको छुट्टै व्यवस्थालाईसंविधानको धारा ९८ मा रहेको प्रतिबन्धात्मक वाक्यांशद्वारा इंगित गरिएको होइन र यी पदाधिकारीहरु उपर अख्तियार दुरुपयोग गरेकोमा अनुसन्धान र कारवाईको व्यवस्था नै छैन भन्ने विद्वान वरिष्ठ अधिवक्ताको जिकिर ग्रहणयोग्य देखिएन ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा त्यस्तो कारवाईको सम्बन्धमा यस संविधानद्वारा छुट्टै व्यवस्था गरिएको पदाधिकारी भन्ने उल्लेख भएको पाइन्छ । त्यस्तो कारवाई भन्नाले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा भन्ने धारा ९८(१) मा प्रयुक्त वाक्यांशलाई जनाउंदछ । तसर्थ अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको भन्ने विषय भित्र धारा ८७, धारा ९१(३), धारा ९७(३) को खण्ड (ख), धारा ९९ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख), धारा १०१ को उपधारा (४) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र धारा १०३ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश को खण्ड (ख) मा समेत उही कुराको व्यवस्था भएको हुंदा उही विषयमा दोहोरो कारवाई नहुनेसम्म व्यवस्था भएको हुंदा उही विषयमा दोहोरो कारवाई नहुनेसम्म व्यवस्था गरेको हो । नेपाल अधिराज्यको संविधान, २०४७ मा उपरोक्त पदाधिकारीहरु उपर कारवाई गर्ने व्यवस्था भए पनि सो व्यवस्थामा कार्यविधिगत अपर्याप्तता छ भन्दैमा ती पदाधिकारीहरुलाई आयोगको अधिकार क्षेत्र बाहिर राखेको असंवैधानिक भयो भन्न मिल्ने देखिएन ।

३१. निवेदन जिकिरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (४) लाई पनि संविधानसंग बाझिएको छ भनी प्रस्तुत विवादमा ल्याइएको छ । यस उपदफाले संसदको काम कारवाई निर्णय वा संसदमा कुनै सदस्यले बोलेको वा गरेको कुराको सम्बन्धमा एवं मन्त्रिपरिषद् वा त्यसको कुनै सदस्यले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको क्षेत्राधिकार बाहिर राखेको देखिन्छ । यस उपदफाले तीन विषयलाई आयोगको अधिकार बाहिर राखेको मध्ये एक संसदको काम कारवाई निर्णय वा संसदमा कुनै सदस्यले

बोलेको वा गरेको कुराको सम्बन्धमा दुई मन्त्रिपरिषद् वा त्यसको कुनै सदस्यले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा र तीन अदालतको न्यायिक कारवाईको विषय देखिन आउंछन् । पहिलो विषय संविधानको धारा ६२ अन्तर्गतको संसदको विशेषधिकारको विषय भएको र संविधानको अधिनमा रही संसद सदस्यले सदनमा व्यक्त गरेको कुनै कुरा समेतको सम्बन्धमा सांसदलाई कारवाई चलाउन नसकिने भनी प्रदानगरेको उन्मुक्तिलाई यस उपदफाले समाहित गरेको देखिन्छ । अब दोश्रो विषय तर्फ विचार गर्दा हाम्रो जस्तो बहुदलीय प्रजातान्त्रिक संवैधानिक व्यवस्थामा विभिन्न राजनैतिक दलले कुनै खास नीति वा राजनैतिक कार्यक्रम सहित सत्ताका लागि चुनावी प्रतिष्पर्धामा जनता समक्ष जानु पर्ने हुन्छ । निर्वाचनको परिणामबाट सरकार बनाउने स्थितिमा पुगेपछि सो दलले सोही नीति वा कार्यक्रमलाई लागू गर्नु पर्ने नैतिक कर्तव्य हुन्छ । त्यस्तो नीति वा कार्यक्रमलाई लागू गर्ने क्रममा मन्त्रिपरिषद्बाट नीतिगत निर्णयहरु गर्नु पर्ने सहज सामान्य प्रकृया भएको र नीतिगत निर्णयको औचित्य वा उपयुक्तता सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत सार्वभौम जनताद्वारा सिद्धान्ततः सो दललाई बहुमत दिनुबाट नै मान्यता दिएको मान्नु पर्ने स्वभाविक देखिन्छ । तसर्थ मन्त्रिपरिषद्को नीतको औचित्य वा उपयुक्तता सम्बन्धमा राजनैतिक दलहरुले आलोचना वा टिका टिप्पणी गरी जनताको विश्वासबाट सत्तामा रहेको दललाई सरकारबाट हटाउनु सिवा अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायद्वारा त्यस्को जांचबुझ गराउने विकल्प रहेको देखिदैन । अतः यस्तो राजनैतिक कार्यक्रम जनसमक्ष ल्याई चुनाव लड्दा नै बदनियत थियो भनी चुनावी घोषणा पत्र भन्दा पहिलेको कुरामा त्यस प्रकारको अनुमान गरी त्यस्तो अनुमानको आधारमा मन्त्रिरिषद्को नीतिगत निर्णयको जांचबुझ हुन सक्ने सम्भावना नै रहन्छ । राजनैतिक प्रकृयाबाट निरोपण हुनु पर्ने कुरा राजनैतिक प्रकृयाबाटै हुनु पर्ने हुंदा मन्त्रिपरिषद् वा मन्त्रिपरिषदको समितिमा सामूहिक रुपले गरिएको नीतिगत निर्णय हाम्रो प्रजातान्त्रिक संवैधानिक संरचनाको परिप्रेक्षमा स्वतः आयोगले जांचबुझ तहकिकात गर्ने विषयमा नपर्ने प्रकृतिको हुंदा विवादित कानूनमा उल्लेख भए वा नभएको जे भए पनि स्वतः आयोगको क्षेत्राधिकार बाहिर रहने हुंदा असंवैधानिक भन्न मिलेन । मन्त्रिपरिषद वा त्यस्को कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय वाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रकृयामा अथवा सामूहिक रुपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को नीतिगत निर्णय नभएको वा मन्त्रिपरिषद्को अन्य प्रकारको निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारिता, वेवास्ता, ढिलासुस्ती, अक्षमता इतयादि अख्तियार दुरुपयोगको विषयमा चाहिं अख्तियार दुरुपयोग अनुसन्धान आयोग मन्त्रिपरिषद्को सदस्य उपर कारवाई चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले वाधा नदिने हुंदा अरु विवेचना गर्नु परेन । तेश्रो विषय अदालतको न्यायिक काम कारवाई स्वतन्त्र न्यायपालिकाको हाम्रो संवैधानिक व्यवस्था र अवधारणा अनुरुप निर्विध्न र स्वतन्त्र रुपले हुनु पर्ने हुंदा न्यायिक काम कारवाईलाई समेत आयोगको क्षेत्राधिकार बाहिर राख्नु असंवैधानिक भन्नु पर्ने देखिएन ।

३२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (५) को सम्बन्धमा पनि विद्वान वरिष्ठ अधिवक्ताले सो उपदफाको व्यवस्था संविधान प्रतिकूल छ भनी वहस प्रस्तुत गर्नु भएको छ । उपदफा (५) अन्तर्गत आयोगले अनुसन्धान वा तहकिकात गर्न नपाउने वा कुनै कारवाई चलाउन समेत नपाउने गरी बन्देज लगाइएको विषयमा खण्ड (क) मा श्री ५ को सरकार र कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय वा प्रादेशिक संगठन वा संस्थाको बीचको सम्बन्धमा वा नेपाल अधिराज्यको सुरक्षामा प्रतिकुल असर पर्न सक्छ भनी श्री ५ को सरकारको मुख्य सचिवले आफ्नो हस्ताक्षरले प्रमाणित गरेको विषयलाई समावेश गरेको देखिन्छ । त्यस्तै खण्ड (ख) मा अख्तियार दुरुपयोगको अपराध वाहेक अरु विषयको तहकिकातलाई असर गर्ने विषय खण्ड (ग) मा जांचबुझ आयोग ऐन, २०२६ अन्तर्गत न्यायिक जांचबुझ गर्न सुम्पिएको विषय र खण्ड (घ) मा मान पदवी पदक वा पुरस्कार प्रदान गरिने विषयको उल्लेख गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को व्यवस्था हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कर्तव्य र अधिकारको परिधि बाहिर नत यी विषयहरुलाई पारेको देखिन्छ न यी विषयहरुमा आयोगलाई बन्जेद लगाउनु पर्ने कुनै आधार वा औचित्य संविधानको भाग १२ को अध्ययनबाट नै देखिन आउंछ । बरु यस किसिमको आयोगको काम कर्तव्य र अधिकारमा नियन्त्रण वा बन्देज रहेको परिकल्पना गर्ने हो भने कतिपय स्थितिमा आयोगले उक्त खण्ड (क) देखि (घ) सम्मको विषयसंग सम्बद्ध रहेको कारणले संविधानद्वारा निरोपित आफ्नो काम कर्तव्य परित्याग गर्नु पर्ने हुन जान्छ । तसर्थ यस किसिमको नियन्त्रण वा बन्देज प्रत्यक्ष वा अप्रत्यक्ष दुवै किसिमले संविधानको धारा ९८ को व्यवस्थाको प्रतिकूल देखिन आउंछ ।

३३. निवेदन जिकिरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को प्रतिबन्धात्मक वाक्यांश र दफा १९ को उपदफा (१२) को प्रतिबन्धात्मक वाक्यांश र दफा १९ को उपदफा (१२) लाई समेत संविधानसंग बाझिएको छ भन्ने दावी लिइएको छ । दफा १२ को प्रतिबन्धात्मक वाक्यांशले आयोग स्वयंले कारवाई गर्न नपाउने र प्रधानमन्त्रीलाई उचित कारवाईको लागि लेखी पठाउनु पर्ने सम्मको व्यवस्था गरेको देखिन्छ । त्यस्तोमा

प्रधानमन्त्रीले के कारवाई गर्ने वा कारवाई नै नगर्ने के कसो हो सो ऐनले कुनै व्यवस्था गरेको पाइदैन । फलस्वरुप प्रधानमन्त्री लगायत मन्त्रीपरिषद्का सदस्यहरु कसैले अनुचित कार्य गरेको विषयमा कुनै कारवाई नै नहुने जस्तो स्थिति समेत उत्पन्न हुन जाने देखिन्छ । तसर्थ सार्वजनिक पद धारण गरेको अन्य व्यक्ति वा अधिकारीहरुद्वारा गरिएको अख्तियारको दुरुपयोग विषयमा अनुसन्धान तहकिकात र अरु कारवाईसंग गरिएको कुनै मन्त्रिपरिषद्का सदस्यको सम्बन्धमा आयोगले कुनै निर्णयसम्म पनि गर्न नपाउने जस्तो कुरा संविधानद्वारा व्यवस्थित आयोगको काम कर्तव्य र अधिकारमा बन्देज लगाउने प्रकृतिको देखिन आउंछ । ऐनको दफा १९ को उपदफा (१२) को व्यवस्थाको त्यस्तो बन्देज सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ ले मूल ऐनको दफा २(घ) मा गरेको परिभाषाको संशोधनको चर्चा गदाए राजनीतिक नियुक्ति हुने पदका व्यक्तिको विषयमा राखिएको व्यवस्था सम्बन्धमा उल्लेख गरी सकेको हुंदा पुनरोक्ति गरिरहनु परेन । संक्षेपमा राजनीतिक-नियुक्ति हुने पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीबाट र सांसदको हकमा सभामुख वा अध्यक्षबाट कारवाई गर्न लेखी पठाएकोमा मात्र अख्तियार दुरुपयोग सम्बन्धी कारवाई हुने अन्यथा नहुने गरी भएको सो उपदफाको व्यवस्थाले राजनीतिक नियुक्ति पाउनेको हकमा प्रधानमन्त्रीको र सांसदको हकमा सभामुख वा अध्यक्षको स्वेच्छामा अख्तियार दुरुपयोग गरे नगरेको निर्णय निरोपण हुने देखिन्छ । कुनै पदाधिकारी विशेषको स्वेच्छामा कारवाई हुने नहुने गरी सार्वजनिक पद धारण गरेको व्यक्तिको विषयलाई फितलो र कानूनी तवरले अनिश्चितताको स्थितिमा राख्नु संविधानको धारा ९८ को व्यवस्था अनुकूल देखिदैन ।

३४. उपरोक्त प्रकरणहरुबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को व्यवस्थासंग बाझिउको छ भनी धारा ८८(१) अन्तर्गत निवेदकद्वारा दावी जिकिर लिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ को दफा २ लाई अमान्य भनी माथी नै घोषित गरिसकेको र सो साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (५), दफा १२ को प्रतिबन्धात्मक वाक्यांश एवं दफा १९ को उपदफा (१२) समेत नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ को उपधारा (१)(२)(३) संग स्पष्टत बाझिएको र समग्रमा सार्वजनिक पद धारण गरेको व्यक्तिबाट ओहदाको आडमा गरिने अख्तियारको दुरुपयोग सम्बन्धमा अनुसन्धान तहकिकात र अन्य कारवाई गर्नेगरी अख्तियारदुरुपयोग अनुसन्धान आयोगर्ला संविधानको भाग १२ द्वारा जुन प्रयोजनको लागि प्रभावकारी संस्था स्थापनागर्ने उद्देश्य सहित सो संस्थाको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको हो, सोको सामान्यतया प्रतिकूल समेत हुने गरी उपरोक्त दफाहरुको व्यवस्था हुंदा सो दफाहरु प्रारम्भदेखि नै बदर गरी पाउं भन्ने निवेदकको माग भएकोमा प्रारम्भदेखि बदर नगरिएमा आयोगद्वारा संवैधानिक काम कर्तव्य पालनमा बाधा अवरोध पर्ने अवस्था रित निवेदन एवं निवेदक पक्षका विद्वानहरुको वहस जिकिरमा उल्लेख गरिएको नदेखिंदा आजका मितिदेखि सो दफाहरुद्वारा गरिएका उपरोक्त व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ को उपधारा (१) बमोजिम अमान्य र बदर हुने ठहर्छ ।

३५. अन्त्यमा निवेदकद्वारा शाही नेपाल वायुसेवा निगमको युरोपको लागि एजेण्ट नियुक्तिको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिबाट अख्तियारको दुरुपयोग भएको भन्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका नाममा कारवाई गर्न भनी परमादेशको माग गरिएकोमा आयोगको लिखित जवाफबाट सो विषयमा कारवाई चलाई राखेको भन्ने देखिएकोले सो सम्बन्धमा रिट निवेदनको माग बमोजिम परमादेश जारी गरिरहनु परेन । प्रत्यर्थीहरुको जानकारीको लागि यो आदेशको एक प्रति प्रतिलिपी श्री महान्यायाधिवक्ता को कार्यालयमा पठाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

केदारनाथ उपाध्याय
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

प्र.न्या.सुरेन्द्र प्रसाद सिंह
न्या. केशव प्रसाद उपाध्याय
न्या. उदयराज उपाध्याय

माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्यालको राय :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को मिति २०४९।२।२ को प्रथम संशोधनको ऐनको दफा २ ऐ मूल ऐनको दफा (४)(५) दफा १२ को प्रतिबन्धात्मक वाक्यांश र दफा १०(१२) संविधानको धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांशसंग बाझिउको भन्ने कुरामा बुअमतको रायसंग समहत छु । ऐनको दफा ४(४) को मन्त्रिपरिषद् वा मन्त्रिपरिषद्को समितिको सामुहिक नीतिगत निर्णय सम्बन्धमा आयोगको क्षेत्राधिकार नहुने भन्ने र फैसला मितिबाट असंवैधानिक घोषित गर्ने भन्ने दुई कुरामा मेरो निम्न अनुसार अलग राय छ ।

प्रस्तुत विवादमा संविधानले तोकेको अपवादको घेरालाई ऐनद्वारा फराकिलो पार्न सकिन्छ, सकिदेन भन्ने कुरामा विचार गर्नु पर्ने हुन आएको छ । संविधानको धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांशले दुई कुरामा आयोगको क्षेत्राधिकार नहुने उल्लेख गरेको छ । ती अपवादित पदाधिकारीमा यस संविधानमा अन्यत्र कारवाईको व्यवस्था भएको पदाधिकारी र सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारी

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को दोश्रो विषय मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा भन्ने विषयमा अनुसन्धान र तहकिकात गर्ने वा अन्य कुनै कारवाई चलाउने अधिकार आयोगलाई हुने छैन भन्ने उल्लेख भइरहेको देखिन्छ । यो विषय उपरोक्त उल्लेखित आयोगको क्षेत्राधिकार नरहने विषयमा परेको देखिदैन । किनकि मन्त्रिपरिषद् वा यसको समितिको सामूहिक निर्णयको सम्बन्धमा संविधानमा छुट्टै कारवाईको व्यवस्था देखिदैन । संविधानले अपवाद नगरेको कुरालाई कानूनले अपवाद गर्न मिल्दैन । अन्यथा संवैधानिक सर्वोच्चताको सिद्धान्त जुन हाम्रो संविधानले अंगिकार गरेको छ कायम रहन आउदैन । तसर्थ उक्त विषय संविधानले तोकेको अपवादको घेरा भित्र नपरेकोले संवैधानिक भन्न मिलेन ।

आयोगको क्षेत्राधिकार न्यायिक नियन्त्रणको क्षेत्राधिकार जस्तो कुनै निर्णयको औचित्यमा प्रवेश गरी ठीक वेठिक छुट्याउन नमिल्ने होइन । तसर्थ नीतिगत निर्णयमा कानूनी प्रश्न समावेश हुनै पर्ने अनिवार्यता नरही ठीक बेठिक उचित अनुचित ठहर गर्ने र सचेत गराउने लगायतका उपयुक्त कानूनी कारवाई गर्ने, गर्न लगाउने आयोगको अधिकार हुन्छ ।

सरकार एक कानूनी व्यक्ति भएकाले यसका कार्यहरु कानूनद्वारा तोकिएका अधिकारीको निर्णयद्वारा अभिव्यक्त हुन्छ । त्यस्ता निर्णय लगायतका कार्य कानून अनुरुप हुनु पर्दछ । कानून अनुरुप नभएमा न्यायपालिकाद्वारा औचित्य वा शुद्धता नभएमा वा कानूनी अख्तियारको आडमा अनुचित वा भ्रष्टाचार भएमा आयोगको क्षेत्राधिकार आकर्षित हुन्छ । यस्तो अख्तियार दुरुपयोग रोक्ने उद्देश्यले भएका संवैधानिक वा कानूनी निकायको व्यवस्था कायकारी अधिकारीको खास गरेर अविकसित देशहरुमा बढी मात्रामा हुने अधिकारको दुरुपयोग लाई रोक्नु हो । न्यायपालिका वा विधायिका उपर परिलक्षित व्यवस्था होइन । तसर्थ कार्यकारी शक्तिको स्वभावबाट उत्पन्न दोष निवारण को लागि आयोगको व्यवस्था भएको मन्त्रिपरिषद् प्रमुख कार्यकारी अंश भएको मन्त्रिपरिषद्बाट हुने काम निर्णय रुपमा हुने ती निर्णय कुनै न कुनै प्रकारको नीतिसंग सम्बन्ध रहने हुंदा मन्त्रिपरिषद् वा यसको समितिको सामूहिक नीतिगत निर्णय भन्ने आधारमा संविधानले नदिएको छुट कानूनले वा कानूनको व्याख्याद्वारा दिन मिल्ने हुदैन । यसरी छुट दिएमा आयोगको कार्य क्षेत्रमा सारवान रुपले कटौती हुन गई आयोगको प्रभावकारितामा प्रतिकूल असर पर्न जान्छ र छुटको दायरा फराकिलो भै आयोगको अधिकार क्षेत्र सांगुरिन जान्छ । तसर्थ उपरोक्त अनुसार ऐनको दफा ४(४) को दोश्रो विषय मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक वा त्यसको कुनै नीतिगत निर्णय भन्ने अंश संविधानको धारा ९८(१) को प्रतिबन्धात्मक वाक्यांश बाहिरको हुंदा उक्त वाक्यांशसंग बाझिएको हुंदा ऐन प्रारम्भ भएकै मितिदेखि लागू हुने गरी अमान्य घोषित हुने ठहर्छ ।

इति सम्वत् २०५३ साल असोज ८ गते रोज ३ शुभम् ..... ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबर महल, काठमाडौं ।

"सरकारी निकायहरुमा उत्तरदायित्वको प्रत्याभूति तथा नियन्त्रणमा अमेरिकी अनुभव"
विषयको एक दिने कार्यशाला गोष्ठी

सहभागीहरुको नामावली

क्र.सं.	नाम, थर	पद	कार्यालय
१	पुरुषोत्तम भट्टराई	सचिव	अ.दु.अ.आयोग
२	नरेन्द्र कुमार श्रेष्ठ	सह सचिव	,,
३	लीला बहादुर बस्नेत	सह सचिव	,,
४	शान्ति मल्ल	सह सचिव	,,
५	पुष्प राज कोइराला	सह सचिव	,,
६	ज्ञान कुमार श्रेष्ठ	का.बा.प्र.ब.उ.	,,
७	सोम नारायण प्रधान	का.मु.सह सचिव	,,
८	ढकल ध्वज थापा	उप सचिव	,,
९	मधुसूदन भट्टराई	उप सचिव	,,
१०	वासुदेव उप्रेती	उप सचिव	,,
११	महेन्द्र राज पाण्डे	उप सचिव	,,
१२	प्रकाश राज पाण्डे	उप सचिव	,,
१३	ओम्धरानन्द राजोपाध्याय	सि.डि.इ.	,,
१४	सत्य नारायण सुवेदी	नायब उपरीक्षक	,,
१५	राम कुमार क्षेत्री	प्र. ना. उ.	,,
१६	धर्म प्रसाद गौतम	का.मु.उप सचिव	,,
१७	कुमार बहादुर खड्का	का.मु.उप सचिव	,,
१८	गोविन्द बहादुर श्रेष्ठ	इञ्जिनीयर	,,
१९	टीका दत्त निरौला	महा निर्देशक	राजस्व अनुसन्धान विभाग
२०	प्रकाश मान श्रेष्ठ	उप सचिव	,,
२१	सच्चिदानन्द सिटौला	प्र.ब.उ.	विशेष प्रहरी विभाग
२२	आनन्द प्रसाद पोखरेल	उप सचिव	,,
२३	शङ्कर कुमार श्रेष्ठ	सरकारी अधिवक्ता	पुनरावेदन सरकारी अधिवक्ताको कार्यालय
२४	राज नारायण पाठक	का.मु. स. अधिवक्ता	जिल्ला सरकारी अधिवक्ताको कार्यालय
२५	महेन्द्र बहादुर कार्की	उप ,, ,,	,,
२६	दोलख बहादुर गुरुङ्ग	प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
२७	बद्री प्रसाद फुंयाल	प्र.जि.अ.	,, , नुवाकोट
२८	पशुपति कर्माचार्य	सहायक प्र.जि.अ.	,, , काठमाडौं
२९	अमर सिंह शाह	प्र.ब.उ.	प्रहरी प्रधान कार्यालय
३०	ओम् बी. राणा	,,	,,
३१	धन राज राना	नायब प्र.ब.उ.	विशेष प्रहरी विभाग
३२	बलराम के.सी.	वरिष्ठ अधिवक्ता	महान्यायाधिवक्ताको कार्यालय